# ख्वपदेश

## ( ऐतिहासिक तथा सांस्कृतिक उपन्यास )

**भरत जङ्गम**




# ख्वपदेश

## ( ऐतिहासिक तथा सांस्कृतिक उपन्यास )



लेखक

**भरत जङ्गम**



प्रकाशक

**नेपाली आवाज प्रकाशन प्रा.लि.**

**बिजुलीबजार, काठमाडौं**

सम्पर्क: ४७८१४८८


**सर्वाधिकार** : उपन्यासकार भरत जङ्गममा सुरक्षित


**मूल्यः** : साधागाता रु. २००।-
बाक्लोगाता रु. २५०।-

**संस्करणः** बिक्रम सम्वत २०६६, असार
नेपाल सम्वत ११२९, तछला

प्रथम प्रकाशन प्रति : २२००

(गीता मञ्जुश्रीद्वारा अक्षराङ्कित तथा सगरमाथा अफसेट प्रेसमा मुद्रित)

**ISBN : 978-9937-2-1375-2**

# लेखकीय

मेरो जन्म भक्तपुर टौमढीटोलमा भएको हुँदा भक्तपुर मेरो जन्मभूमि हो । जन्मभूमि कसका लागि प्यारो हुँदैन र ! भनिन्छ – **जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी** । भक्तपुरलाई ख्वप र यस नगरलाई स्वपदेश भन्ने चलन छ । ख्वपदेशलाई हेर्ने दृष्टिकोण मानिसैपिच्छे अलग-अलग छन् । विक्रमको १९ औं र २० औं शताब्दीमा ख्वपदेशले 'भादगाउँ' भन्ने नाउँ धारण गरेको हुँदा पनि त्यस बखत उपत्यकामा यो नगर उपेक्षित भयो । यहाँका बासिन्दाहरूले आफूलाई 'भादगाउँले' भनाउनुभन्दा अन्य ठाउँको भन्न रुचाउँथे । जानिफकार र बाठाटाठाहरू ख्वपदेशबाट काठमाडौँका अतिरिक्त अन्य स्थानमा बसाइँसराइ गर्न रुचाउँथे । त्यसरी जमातका जमात बसाइँसराइ भएपछि 'ख्वपदेश' साँच्चै 'भादगाउँ' मा परिवर्तन भयो, अर्थात् एउटा असक्षम, कमजोर र हिम्मतहाराको बस्तीका रूपमा चिनिन थाल्यो । 'भादगाउँले' भनेपछि उपत्यकाका कान्तिपुर र ललितपुर नगरमा बसोबास गर्ने नागरिकभन्दा तल्लो दर्जाको नागरिक भन्ने प्रतीत हुन थाल्यो । म त्यही तल्लो दर्जाको असभ्य र गाउँले नागरिकमा गनिन थालेपछि मेरो जन्मभूमिका बारेमा मलाई गहिरिएर अध्ययन गर्ने प्रेरणा मिल्यो । त्यसैको फलस्वरूप 'ख्वपदेश' उपन्यास तपाईं पाठकको हातमा पुग्न समर्थ भएको हो ।

इतिहास, संस्कृति र सामाजिक व्यवहारलाई समावेश गर्दै रचिएको यस उपन्यासले 'ज्यापू' जातिको गौरवमय इतिहासको झलक दिनुका साथै त्यस जातिको वर्चश्व, वैभव, सभ्यता र गरिमालाई अनन्तकालसम्म कायम राख्न सकियोस् भन्ने भावना पनि यस उपन्यासमा अन्तर्निहित भएको हुँदा कुनै वर्ग वा जातिलाई उँचनिच हुन गएको छ भने कथ्य र घटनाको उपज मात्र सम्झन पनि म पाठकहरूमा निवेदन गर्दछु ।

आफ्नो जीवनकालमा मैले नेपाल राष्ट्रका लागि धेरै प्रकारले सेवा पुऱ्याएँ, तर जन्मस्थल भक्तपुरका लागि खासै केही गर्न सकेको छैन भन्ने भाव मेरो अन्तर्मनमा खट्किरहेको थियो । वास्तवमा यो 'ख्वपदेश' लेखिसकेपछि भने मैले जन्मभूमिको केही ऋण तिर्न सकेँ कि भन्नेजस्तो कताकता सन्तोषको अनुभूति हुन थालेको छ । यो मेरो अन्तर्हृदयको उद्गार मात्र हो ।

**२०६६ साल असार** **भरत जङ्गम**



# प्रारम्भिक शब्दावली

**उपन्यासका पात्रहरू**

| | |
|---|---|
| आशामरु | किसी/किस |
| कोमल | चकना/चकु |
| जोगमाया | तरिभाइ |
| तरिमा | तिमिला |
| द्योमा | बखुनाराँ |
| भुइ/भुइचा/भुइपाजु | भाजुलाल |
| मङ्गलाल | मसिला निनी |
| लाखेचा | वीरसुन्दर |
| सिद्धिलाल | सुकुमान |

**शब्दार्थ :**

| | |
|---|---|
| अजिमा – बज्यै, बाकी आमा | आचाजु – कर्माचार्यजाति |
| अजःफोएगु – गाजल बनाउने | अजी – आमासरहकी बृद्धा |
| अल – खुट्टामा रङ्ग लगाउने | इकुचा प्याखँ – नवदुर्गानाच |
| इतछें – स्थानविशेष | इनरे गनेद्योः – सूर्यविनायक गणेश |
| इहिपाः – विवाह | ऐला – रक्सी |
| ऐलाया पासा मेयाला – रक्सीको साथी राँगाको मासु | |
| ऐसामारी – टौमढीमा भएको रेस्टुराँघर | कचिला – काँचो मासु |
| कटामारी – कपडाले बनाएको पुतली | कता – सालनाल काट्ने जात |
| कतिपुन्ही – कोजाग्रतपूर्णिमा | कल्ला – दही बनाउने माटोको भाँडो |
| कवाँ – कङ्काल (मासुविनाको मानवशरीर) | काय्चा – भतिजो |
| कायँबाजा – नवदुर्गागणको बाजा | किजापूजा – भाइटीका |
| किजाभत – देवर | किसिली – पूजाका लागि अक्षता राख्ने पात्र |
| किसी – हात्ती | कुछी भोय / कुछली भोय – कुलभोज |
| कुटुव – पाँचतले मन्दिरमा रहेको पहलमानको नाम | |
| कुमारी लुइकेगु – कुमारी नचाउने | केता बेगु – उपनयन |
| कोँने – तल्लो टोल | क्वँ विज्याइगु – तल आउने |
| क्वाखँ – स्थानविशेष | क्वाछेँ – स्थानविशेष |
| क्वाँती – नौथरी गेडा मिलाएको वस्तु | ख – ठीक हो |
| खः – रथ अथवा खट | खःप्याखँ –बाह्रवर्षे जात्राको नाम |
| खःमेय्ब्वाकेगु – राँगो दौडाउने जात्रा | खःमे – विशेष किसिमले पालेको राँगो |
| खासाखुसी – खासाङखुसुङनदीको नाम | खिँबाजा – नवदुर्गानाचमा बजाइने बाजा |

खुँ – चोर
खेलुइत – विशेष प्रकारको बत्ती
खोपृङ – ख्वपको लिच्छविकालीन नाम
खोला – बटुको
खोलाचा खुँ लायगु – बटुको चोर समात्ने
खोहे – त्रिवेणी
ख्याक – नेवारहरूको रक्षक देवता
ख्यालः – व्यङ्ग्य
ख्वप – भक्तपुर
ख्वपे – भक्तपुरका वासिन्दा
ख्वःपाः – मुकुन्डो
गःछें – स्थानविशेष
गथामुगचह्रे – गठेमङ्गल चतुर्दशी
गात-गात – पुग्यो-पुग्यो
गाथा – नवदुर्गागण बन्ने जात
गुन्हीपुन्ही – जनैपूर्णिमा
ग्वङ्गः – भाले
गोजा – भातको लड्डु (गणेशजीलाई)
गोमारी – स्थानविशेष
गोय – सुपारी
गोय्कायगु – सुपारी लिने
ग्वार्चा – पानीरोटी
घिनताल्ल – नवदुर्गाको बाजाको स्वर
घिन्ताङ घिसी – गाईजात्रा
घ्याम्पो – माटोको ठूलो भाँडो
घ्योचाकु सन्हु – माघेसङ्क्रान्ति
ङातापोल – पाँचतले मन्दिर
ङालाकेगु – माछा मार्ने
चटामारी – चामलको पीठोको रोटी
चपले – भैरवनाथ राख्ने स्थान
चँपुखू – स्थानविशेष
चाप्याखँ – चापूजा (नवरात्रिको रात्रिपूजा)
चालँचा – मुर्दा लाँदा बाटो देखाउने मान्छे
चिवः – बुद्धको सानो स्तुप
चुपिङ्गाल – स्थानविशेष
चोभाछा – स्थानविशेष
च्यामाखलः – अछुत जात
च्यामासिँ – स्थानविशेष
च्यो – मुर्दा जलाउने जात
छिँडी – घरको तल्लो तल्ला
छुचुमारी – गहुँको रोटी
छुमा गन्चो – छुमागणेश
छोगना – गहुँको पिठो
छोमना – गहुँको बीउ
छोय्ला – पोलेको मासु
जजङ्गा – पवित्र धागो
जिताभाजु – ज्वाइँ
जीस्वाँचोक – स्थानविशेष (तलेजु)
जुजुधौ – विशेष प्रकारको मिठो दही
जुसी – जोशी (जात)
जोशी – ज्योतिषी जाति
ज्वालान्हेकँ – विवाहमा प्रयोग हुने ऐना
टेपः – माटोको भाँडो
डबुली – डबली
तःक्वला – मासुको परिकार
तक्वः मेलाः – राँगाको मासु
तचपाल – स्थानविशेष (दत्तात्रय)
तःसि – बिमिरो
तहामचा – गाईजात्रामा निस्कने गाई
तहूँ डबुया लोहँ – डबलीको ठूलो ढुङ्गो
तःचोक – ठूलो चोक
तःजामठ – ताजामठ
तःडबली – ठूलो डबली
तःबाजा – नवदुर्गानाचमा बजाइने बाजा
तःमाह्री – स्थानविशेष (टौमढी)
ताथली – स्थानविशेष
तालुको – स्थानविशेष
तालो दम्फो – स्थानविशेष (तालुको)
तुकँ – तोरीको साग
तुकँमा – तोरीको सागको माला
तेखा – स्थानविशेष
त्व मुकेगु – मान्छे जम्मा गर्ने
थः – स्व (आफैँ)
थँने – माथिल्लो टोल
थायभुनकेगु – ठूलो थालमा भोज ख्वाउने
थालाछेँ – स्थानविशेष



थ्वँ – जाँड
थ्वँ खोला – जाँड दिने कचौरा
दथुमथ – माझको मठ
दिगगणेश – गणेशको नाम
दीप – मसान
दुइँ – तल्लो जातको
दुच्याकेगु – दुल्हन फर्काउने
दुमाजुचोक – स्थानविशेष (तलेजु)
दुरुप्वःद्यः – धूमावतीदेवी
दोचाछेँ – घरको नाम
द्यगुपूजा – कुलदेवताको पूजा
द्यो – देवता
द्योछेँ – देवताको घर
द्योभाजु – ब्राह्मण
द्योँमा – मान्यवर आमा
द्योव्वाएकेगु – नवदुर्गाको विशेष नृत्य
द्वापुचा – रक्सी बनाउन प्रयोग हुने भाँडो
धार्थें हे माकुसे च्वँ – साँच्चै नै स्वादिलो छ
धौबजी – दही-चिउरा
ध्वँखोला – जाँड पिउने कचौरा
नकीँ – नैकिनी
नकीँ खः – भद्रकालीको रथ
ननती – स्थान विशेष
नलु – काँचो पराल
नलुला – काँचो मासु
नायो – नाइके
नासलचोक – स्थानविशेष
नासुमना – स्थानविशेष
नेपा – नेपाल
नेपा स्वनगल – नेपाल उपत्यका
न्हुदया भिन्तुना – नववर्षको शुभकामना
पकुचा – खेतमा बाली कुर्ने घर
पलिखेल – स्थानविशेष
पाचला – पातला
पायो न्ह्याकेगु – तलेजुजात्रा
पारपाचुके – सम्बन्धविच्छेद
पालुङ्गाल – अदुवा भण्डारण गर्ने ठाउँ
पासाचह्रे – पिशाच चतुर्दशी
पासुका – पवित्र धागो
पिँकालुखु – कुमारदेवता
पुतुग्वयेँ – ठूलो सुपारी
पुबहाल – स्थानविशेष
पुलुकिसी – मान्द्राको हात्ती
पुसा – बीउ
फलिचा भजन – सत्तलको भजन
फल्चा – सार्वजनिक ठाउँ
फोसा – निःशुल्क प्राप्त हुने वस्तु
बतले – स्थानविशेष
बः – चोयाले बनाएको भाँडो (जाँड फिक्ने काममा प्रयोग हुने)
बाटः – बाटा
बापाअल – आधा रङ्ग राख्ने (खुट्टामा)
बारा – गुफा राख्ने
बेकोचोक – स्थानविशेष (तलेजु)
बेतसिँ – बेताल बस्ने काठ
बेतालोहँ – बेताल राख्ने ढुङ्गो
बैँकेगु – न्वारन
बो – विशेष खानेकुरा
भतिचा थ्वँ – अलिकति जाँड
भिन्तुना – शुभकामना
भिसिँखेल – स्थानविशेष
भिसिँद्यो – भीमसेनदेवता
भुच्छेँननी – भैरवनाथमन्दिर पस्ने चोक
भुजीकोखा – स्थानविशेष
भुसाखाय – छेवर
भेन्चा – भान्जा
भैलखः – भैरवको रथ
भैल दाफा – भैरवको भजन
भोलाछेँ – स्थानविशेष
मटान – खुला रूपको कोठा
मनापू – मर्चा
मला – खुला स्थान
महाद्योचोक – स्थानविशेष (तलेजु)
मल्तामा – खोर्सानीको बोट
माक प्याखँ – बाँदरनाच
मामपाख ज्यापू – गाली गर्ने शब्द

मिमिचा – चाल्नोजस्तो भाँडो
मोल-मोल – पर्दैन-पर्दैन
यैं – कान्तिपुर
योमाह्री – विशेष रोटी
रकमी – गुठीमा काम गर्ने मान्छे
लाकुलाछैं – स्थानविशेष
लायकूली – दरबारक्षेत्र
लुहिटी – सुनको धारा
लोसा – सितन
वाकुपति – नारायणदेवताको नाम
सगाल – मल बनाउने खाल्डो
सम्ब – स्थानविशेष
साकोटा – स्थानविशेष
सागेचा – गान्टेमुलाको साग
सिठी नख – ज्येष्ठ शुक्ल षष्ठी, कुलपूजा
सिफद्यो – नवदुर्गाका मूल देवता
सीलचाः – माटोको सानो भाँडो
स्वँगः – सगुन
स्वयगु – खाना तयार गर्ने काम
हकुवा – रातो चामल
हलिपत – लिङ्गोमा फहराइने ध्वजा
हाकुपटासी – कालो फरिया
हाप – खट सञ्चालन गर्दा बोल्ने बोल
हिलेपुले – केटी साटासाट गर्ने
होस्से – हाप गर्नेले बोल्ने स्वर
ह्याउँबाला – रातो तोरण

मुबाहाँ – नवदुर्गाको मुख्य वाहन (सुँगुर)
मोहनी – दसैं
यँले – ललितपुर
योमह्रीपुन्ही – धान्यपूर्णिमा
लसकुस – स्वागत-कार्यक्रम
लायकू – दरबार
लुसी प्याखँ – लुसीनाच
लेसीँद्यो – लिङ्गो
लोहँ देग – ढुङ्गाको देवल
वाकासे – धान भित्र्याउँदा बोल्ने बोल
समेबजी – चिउरासहितको मिश्रण
सँला गनेद्यो – सँलागणेश
साकाट्याको – दसैंको मुख्य पर्व
सापारु – परेवा तिथि
सिनमु – सिन्दूर हाल्ने विशेष भाँडो
सियाला – मासुको परिकार
सोङ्ग लोहँ – तीन ढुङ्गा
स्वन्ती नख – तिहारपर्व
स्वाँमला – स्थानविशेष
हरपत – शिवध्वजा
हाकु तप्ली – कालो टोपी
हाँसी – पिँधमा प्वाल भएको माटोको भाँडो
हैस्से – तान्नेले बोल्ने स्वर
हौंकेगु – वरबधू वरण गर्नु
ह्याउँ थ्वँ – रातो जाँड

**पोखरीको नाम**

अचापुखु
च्यामासिँपुखु
द्विमाजुपुखु
नागपुखु
भिन्द्योपुखु
रानीपुखु
चँपुखु
टेखापुखु
नःपुखु
भाज्यापुखु
महालक्ष्मीपुखु
सिद्धपुखु



**ढोकाहरूको नाम**

मूलध्वाका
गोलमाडीध्वाका
भारभाचोध्वाका
सूर्जेमाह्रीध्वाका
खौमाध्वाका

**गणेशदेवताको नाम**

यातुगन्द्यो
गोमाह्रीगन्द्यो
मुलाखुगन्द्यो
इनरेगन्द्यो
छुमागन्द्यो
बालाखुगन्द्यो
चलाखुगन्द्यो
च्वँगागन्द्यो

**हाप बोल**

थोथे च्वंगु रसरङ्ग चोलताओ राम हाड......

**मृदङ्गबाजाको बोल**

घि निक ताङ्ग घि निक ताङ्ग
घिन ताङ्ग घि सी ताङ्ग

**सहनाईको सङ्गीतमा बोल्ने बोल**

ताहमचा गना तय, ग्वाखुँ प्वाले तये
ग्वाखुँ प्वाले मन्ध्यसा खुसीं चुक छोयें

**योमह्रीपूर्णिमामा बोल्ने बोल**

योमाह्री चाकु, उकी दुन्हे हाकु
व्युम्ह ल्यासे, मव्युम्ह बुढी सुढी

**फागुगीत**

जुजुया होली रे तँचायाला ल्यासे
विसेवन म्वायकेन सो झायाला

**भजनगीत**

व किं थ्वँ भि भैरव दरशन याय फकीं भिं

**धिमेबाजाको बोल**

धुँ धुँ नाधुँ ताझेमता झे ता
धुँता ताधुँ धुताता ताखता नाखताता खतताके

# चिल्ला

होलीपुन्हि नववर्षको प्रारम्भ हो । ऋतुराज वसन्तको आगमनसँगै एक-अर्कामा सद्भाव कायम राख्न र आपसी मेलमिलाप बढाउन फागुपर्व मनाउने दिन आज फागुपूर्णिमा हो । बिहान ६ बजे नै निद्रा खुल्यो । झ्यालबाट हेरेँ । अन्धकारलाई मेट्तै उज्यालो ओर्लन थालेको मिरमिरेको अनुपम रङ्गमा आफूलाई रङ्गाएर शरीरलाई हल्का बनाउने इच्छा राख्तै कौसीमा गएँ । मन्द गतिको हावामा सम्मिश्रित शीतलताले एकैपटक शिरदेखि सबै ज्ञानेन्द्रियका माध्यमद्वारा पूर्ण शरीर ढपक्क ढाक्यो । आँखा चिम्लिएर वसन्तऋतुराजलाई सम्झेँ । अहा ! कस्तो आनन्दको अनुभूति मनभित्र र शरीरबाहिर बराबरी !

सम्झेँ, आज होलीको दिन हो । आज नगरभरि फागु खेल्छन् । बालक-वृद्ध, युवा-युवती जोकोही पनि यसमा संलग्न हुन्छन् । द्वापरयुगदेखि चलिआएको फागुपर्वले स्थान र समयअनुसार तौरतरिका र रूप बदलेको देखिएको छ । युवा र युवतीबीच खुला सम्पर्क हुन सक्ने दिन, वैरी र मन भाँचिएका व्यक्तिहरूका बीच पुनः मित्रता सुरु हुने दिन, एक्लिएर बसेकाहरूले अर्कासँग सम्मिलित हुने दिन, दिल खोलेर स्वतन्त्र महसुस गर्दै नाचगान गर्ने दिन, भाउजू र देवरका बीचमा छेडखानी सुरु हुने दिन, फुपू र मामाका चेलाचेलीबीच अन्तर्सम्बन्ध खुल्ने दिन, मन रङ्गाउने दिन, जीउ रङ्गाउने दिन र आनन्दित भएर आफैँभित्र हराउने दिन ।

रङ्गी-विरङ्गी फागु एक-अर्काका शरीरमा हाल्दा वातावरण नै रङ्गमय भएर युवा-युवतीलाई फागुरूपी बादलले छोपेपछि ती जोडी भौतिक र मानसिक रूपमा एक-अर्कामा हराएका हुन्छन्, राधामा कृष्ण हराएजस्तो र कृष्णमा राधा बिलाएजस्तो अनुभूत गर्छन् । त्यसैले पनि फागुमा उमेरले बन्देज गर्दैन, लिङ्गले विभेद गर्दैन, नाता र सम्बन्धले बाधा-अड्चन गर्दैन र गर्दैन नियन्त्रण पनि । मानवीय भावविभोरताले कुनै पनि किसिमको सीमा कायम गर्दैन । सबै एकै हुन्छन्, सबैको इच्छा एकै हुन्छ, चाहना एउटै हुन्छ, मनोदशा पनि एउटै हुन्छ । त्यसैले रमाउने, खुसी हुने र आनन्दित हुने उद्देश्य राखेर नै यो राम्रो मौसम र वातावरण चुनिएको हुनुपर्छ फागुका लागि ।

आज धेरै देवीदेवताहरूको पूजाआजा पनि हुन्छ । टोलटोलका र गुठी-समुदायका मान्छेहरूको समूह देवताका मन्दिरमा बाजागाजासहित पूजासामग्री लिएर जाने गर्छन् र मन्दिरबाट फागु खेल्दै आफ्नो वासस्थानमा फर्कन्छन् । आज हाम्रो चोच्छेटोलको एक समुदाय टोलैमा भएको छुमागणेशमा मात्र पूजा गर्छन् भने अर्को समुदाय सूर्यविनायक गणेशस्थानसमेत अन्य गणेशमन्दिरमा



जान्छन् । मेरा बा र आमा पनि टोलमा रहेको छुमागणेशका अतिरिक्त सूर्यविनायक जाने समूहसँग जाने र फागुपर्वका अवसरमा अन्य मन्दिरमा समेत जाने तरखरमा रहेको मैले बुझेकी छु । तर मलाई भने जान मन छैन ।

आज युवतीहरूका लागि खुसीको दिन थियो, तर परिस्थितिले गर्दा मुस्किलको दिन सावित भयो । पहिले यस्तो थिएन । अझ मेरा बाआमाको पालामा त आजको जस्तो विकृतिले छोएको र छोपिसकेको थिएन । शुद्ध अबिरकै प्रयोग हुन्थ्यो । आजकल त रबरको बेलुनमा पानी भरेर लोला बनाउने र बाटोमा हिँडेका युवतीहरूलाई लक्षित गर्दै हान्ने गर्छन् । त्यति मात्र कहाँ हो र, झ्याल र कौसीबाट बाल्टिनका बाल्टिन पानी खन्याइदिन्छन् बाटोमा हिँड्ने अपरिचित बटुवाहरूलाई । काममा गइरहेका जोकोहीलाई त्यसरी पानीले भिजाउनु र लोलाले हानेर शरीरका अङ्गलाई बेदखल गर्नु बेठीक काम हो । तर त्यस्तै नराम्रा कामहरू हालका दिनहरूमा सर्वस्वीकार्य भएका छन् । होलीपर्वको अन्य अर्थ लगाइएकाले होलीजस्तो पवित्र र महत्त्वपूर्ण पर्वले हाम्रो समाजमा अर्कै मोड लिँदैछ । त्यसैले आज मैले कतै जाने निधो गरेकी छैन, घरमै बस्ने भएकी छु ।

मैले चिनेजानेको एउटा केटो थियो क्वाछेटोलको । उसको बठ्याइँ र चलाकीपन मलाई मन पर्थ्यो । उसको लुगालगाइ र साथीहरूसँगको कुराकानीले मलाई केही हदसम्म खिचेको पनि थियो । तर मेरो आफ्नै साथीको दाइ भएको हुँदा ऊसँग फेरि मित्रता गाँस्नु जरुरी थिएन । मान्छे मलाई राम्रै लागेको थियो । कुनै राम्रो र सुन्दर वस्तु ग्रहण नै गर्नुपर्छ भन्ने आवश्यकता छैन । त्यस्ता राम्रा र असल वस्तुसँग सम्पर्क बढ्दै गएमा एक दिन सम्बन्ध विकसित हुन पनि सक्थ्यो । जीवन बाँच्ने र चल्ने बाटोको कुनै मोडमा मिलन हुन पनि सक्थ्यो । युवामनको कुनामा लुकेको सुवास कुनै पनि समयमा बाहिरिएर छरिन सक्थ्यो । तर पोहोर सालको होलीमा म कामविशेषले बिहान आठ बजे नै मामाघर गोमारी जाँदै थिएँ, त्यो केटोले कालो इनामेल रङ्गले मेरो अनुहार रङ्गाइदियो । नबोलीकन पछाडिबाट आएर त्यस्तो नचाहिने हर्कत गरी उसले मलाई तर्साइदियो । म आत्तिएँ । मैले केही बोल्न खोजेकी थिएँ, फेरि गोजीमा रहेको ट्युब निकालेर टाउकोदेखि रङ्ग खन्याइदियो । म रिसाएँ मात्र, केही गर्न सकिनँ । पोहोर सालको होली मेरा लागि साह्रै नराम्रो साबित भयो र मबाट यो पर्व नै तिरष्कृत हुने अवस्था आयो । त्यस दिन लागेको रङ्गलाई कपाल र अनुहारबाट छुटाउन मलाई दुई हप्ताभन्दा बढी समय लाग्यो । कपडा त काम नलाग्ने भयो । मेरा धेरै कपाल झरे । मलाई त्यस युवकप्रति कति घृणा पैदा भयो भने अहिले पनि सम्झँदा त्यसको अनुहार चिथोरूँजस्तो लाग्छ ।

होलीपर्वले मानिसलाई जुटाउँछ, प्रेम र सद्भाव बढाउँछ । तर वर्तमानमा होलीको नाउँबाट चलेको विकृत व्यवहारको अभ्यासले मान्छे-मान्छेभित्रको सम्बन्धलाई नै छुटाउँछ भन्ने मलाई लागेको छ । पोहोर सालकै होलीपर्वको अघिल्लो दिन यही टोलका बदमास केटाहरूले पानी भरिएको लोलाले हिर्काउँदा व्यासीटोलकी हेरामायाको आँखाको नानीमा दखल परेर आँखा बिग्रिएको छ । यसरी चाडपर्वलाई नचाहिने किसिमबाट प्रयोग गर्दै चल्न खोजेको चलनलाई व्यवस्थित र मर्यादित बनाउन समाजका अगुवाहरू जुट्नुपर्ने हो । यस उत्सवलाई व्यवस्थित रूपले सञ्चालन गर्न अगुवाहरू शिथिल देखिन्छन् । त्यसको ठीक उल्टो युवाहरू भने उच्छृङ्खल हुन पुगेका छन् ।

मैले सुनेकी छु, फागुपूर्णिमाका बारेमा लेखिएको पौराणिक आख्यानमा भनिएको छ रे – हिरण्यकश्यपु नाउँको राक्षसले होलिकालाई प्रयोग गरी विष्णुका भक्त प्रह्लादलाई अग्निमा पठाएका थिए । जल्नुनपर्ने होलिका जलेकी र भक्त प्रह्लादलाई अग्निले दहन गर्न नसकेका हुँदा भगवान् विष्णुको स्तुति गर्दै उत्सव मनाउने पर्वलाई होली भनिएको हो । यो होली फागुन शुक्लपक्षको पूर्णिमाका दिन पर्ने भएकाले यसलाई फागुपूर्णिमा भनिएको हो ।

वसन्तऋतु नयाँ वर्षको सुरुवात हो । यसै समयदेखि ऋतुविचार अन्तर्गतको नयाँ वर्ष सुरु हुन्छ । पतझडपछि बोट-बिरुवा र वनस्पतिमा अङ्कुर फुट्न सुरु हुन्छ भने चराचर जगत् र मानवसमाजमा समेत नयाँ उत्साह र उमङ्गका साथ हृदयभित्र प्रेमाभाव प्रस्फुटित हुन्छ । यस्तो समय भएकाले पनि फागुपूर्णिमाको महत्त्व बढेको हो ।

राग वसन्तीको सङ्गीतले कसको मन छुँदैन ! यो बिहानको शीतल हावाको झोक्काले कसको मन रमाउँदैन ! हो, यतिखेर चराचुरुङ्गीको मन्द चिरबिर ध्वनिले सुस्त गतिमा मलाई लठ्याइरहेको छ, अनि म र मभित्रको हृदयलाई स्पर्श गर्दै बढिरहेको उज्यालोले वसन्ती रागमय सङ्गीतलाई मन्द गतिमा गुन्जाइरहेको मैले महसुस गरेकी छु ।

आज मलाई पूरै नगर घुम्ने रहर छ । सबै देवमन्दिर, पाटी-पौवा, चोक र डबलीहरूको नजिक गएर आफूलाई हराउने रहर जागेको छ । तर म नारी, त्यसमा पनि युवती, सबैका आँखाको लक्षित केन्द्र ! यस्तो अप्ठ्यारो महसुस भए पनि मेरो आँखाभरि ख्वपदेश सलबलाइरहेको छ । टौमढीचोकलाई केन्द्र बनाई तलदेखि माथिसम्म मेरो मनयात्रा सुरु भएको छ । म उडेर पूरा नगरको भ्रमण गरिरहेकी छु जस्तो लागेको छ । विचरण मनको र उडान सम्झनाको । मलाई हुत्तिँदै र सुस्ताउँदै भ्रमण जारी राख्न मन लागेको छ ।

यतिले मात्रै मेरो मन भरिँदैन । भोलि बिहानै ख्वपदेश घुम्ने निश्चय गरी म कोठामा ओर्लन्छु । बा र आमा दुवैजना गणेशमन्दिर जाने तरखरमा



रहेछन् । टोलका गुठियारसाथ दाफा-भजनसमेत जाने रहेछ । वास्तवमा भजनसाथ देवमन्दिर जाँदा रमाइलो हुन्छ । म पाइन्ट लगाउन थालेकी युवतीलाई पटासी र चोलो लगाई भजनको लहरमा सम्मिलित भएर जान अप्ठेरो छ । भजनका साथ देवालय जाँदा अनुशासित र मर्यादित भई समूहसँग एकरूपता कायम गरी हिँड्न सक्नुपर्छ । आमाले कालो पटासी र सेतो ओढ्ने झिकिसकेकी छिन् र बाका लागि नयाँ टोपी झिक्तैछिन् । पूजासामग्रीमा आवश्यक गोजा र किसली पनि तयार भइसकेका रहेछन् ।

***जान त मलाई पनि मन थियो, तर पटासी लगाउन झर्को लाग्छ । आज फागुपूर्णिमा पनि हो । कसैले आक्रमण गरिहाले भने ..... !*** – मैले दिनभरि घरमै बस्ने निश्चय गरेको कुरो आमालाई सुनाएँ । आमाले कुनै प्रतिक्रिया दिइनन् । कारण उनलाई थाहा छ – म आधुनिक युवती, त्यसमा पनि पढेलेखेकी । अनुशासित र मर्यादित जीवन मलाई मन पर्छ, तर बुझ्नेहरूको समूह भएमा ! रमाउन र साथ दिन म पनि सक्छु आफ्नो विचारसँग तालमेल खानेहरूका बीचमा ! दौँतरीका साथमा !

बिहान छिप्पिँदैछ । कोठामा राम्ररी नै उज्यालो छरिइसकेको छ । बाले कोठाको ढोकाबाट च्याउँदै मलाई सोधे – ***चकु ! तिमी घरै बस्ने हो ? साथीहरूकहाँ जान्नौ ?***

मैले आज कतै नजाने उत्तर दिएँ । बा फर्किए । मलाई बाले 'चकु' भनेर सम्बोधन गर्छन् । मलाई पनि बाले सम्बोधन गर्ने 'चकु' कानमा गुन्जँदा स्नेहभाव पैदा भएको अनुभव हुन्छ ।

मेरो नाउँ चकनासिंह सुवाल हो । म चकना शब्दजत्तिकै उज्यालो मुहारकी छु भन्ने कुरा धेरै साथीहरूले मलाई भनेका छन् । मलाई मन पराउने र मेरो तारिफ गर्नेले मेरो नाउँको पहिले शब्दार्थ गर्ने गर्छन् । चकना अर्थात् उज्यालो अनुहार । म कस्ती छु, राम्री छु वा नराम्री छु, मैले यकिन गरेकी छैन । ऐनामा हेर्दा कहिले आफूलाई राम्री देख्छु त कहिले ज्यादै नराम्री । अनुहारसँग सम्बन्धित अंशहरूलाई एक-एक गरी केलाउँदा बेग्लाबेग्लै अङ्गमा आँखा पर्ने हुँदा साधारणतया अरू मान्छेभन्दा फरक लाग्दैन । त्यसैले कसरी राम्री भनौँ ? आमा भन्ने गर्छिन् – ***तिमीभन्दा राम्री त यो संसारमै छैन । फोरि कति खुलेको अनुहार !***

होला, उनको आँखामा मेरो अनुहार खुलेको होला, उज्यालो होला । त्यसैले त उनलाई म राम्री लागेकी हुँला । आमालाई राम्री लाग्दैमा म सबैका लागि राम्री नलाग्न पनि त सक्छु !

चकनादेवी सुवाल भनेर बाले स्कुलमा नाउँ लेखाइदिएका हुँदा मेरो बाल्यकालको नाउँ चकनादेवी हो । मलाई चकना किन भनियो भन्नेबारेमा मभित्र उब्जिएको जिज्ञासाले अहिलेसम्म समाधान पाएको छैन । मेरो जन्मतिथि

र जन्मसमयअनुसार मेरो नाउँ 'किसीमाया' रहेछ अर्थात् मिथुन राशी । 'किसीमाया' पनि नराम्रो नाउँ होइन । नाउँले मान्छे चिनाउँछ, त्यस मान्छेको आकारप्रकार र अनुहार सम्झाउँछ, अनि विचार र कार्य पनि नाउँमै जोडिन्छ । नाउँ मान्छेको हुन्छ र मान्छेलाई नाउँले चिनाउँछ । त्यसैले नाउँले मान्छे उभ्याउँछ र मान्छेले नाउँ आफ्नै शरीरमा गाँसेको हुन्छ ।

बाले स्कुलको कक्षा एकमा भर्ना गराउँदादेखि सात कक्षामा पढ्दासम्म मेरो नाउँ चकनादेवी रहे पनि प्रवेशिका परीक्षाका लागि सम्मिलित हुने फर्ममा भने मैले आफ्नो नाउँको बीचको र अन्तको शब्द 'देवी सुवाल' का बदलामा 'सिंह' राखेँ । मलाई देवी र सुवाल दुवै शब्दले अप्ठेरो पारेका हुँदा ती दुवै शब्दलाई हटाएर मात्र दुई अक्षर 'सिंह' राख्ने निर्णय गरेकी हुँ । यसमा कसैको बाधाविरोध आएन । बाले पनि कुनै गुनासो गरेनन् । आमाले त नाउँका बारेमा टिप्पणी गर्ने कुरै भएन । बा र आमाको म प्यारी 'चकु' थिएँ नै । यसरी मैले आफ्नो नाउँ 'चकना सिंह' राखेँ ।

नेपाल उपत्यकाको पुरानो नगर ख्वप अर्थात् भादगाउँ, अर्को नाउँ भक्तपुर । हो, यहींको च्वछेँटोलमा म जन्मिएकी हुँ । यस नगरमाथि समय-समयमा अनेकानेक शासकहरूले शासन गरे । त्यस बखत तिनीहरूले तिनीहरूलाई मन पर्ने नाउँ दिए यो नगरलाई । जे-जे नाउँ दिइएको भए पनि हाल भक्तपुर, भादगाउँ र ख्वप प्रचलनमा आएको छ । मलाई भने 'ख्वप' भनेको नै मन पर्छ र आफूलाई ख्वपे । अझ पुरानो नाउँमा जानुपर्दा यस नगरलाई 'ख्वपृङ' भनिन्थ्यो । कालान्तरमा त्यो 'ख्वपृङ' बाट 'ख्वप' भएको हो भन्ने बुझिन्छ र हाल ख्वपदेश भन्ने नाउँले यो नगर चिनिएको छ ।

म जन्मनुभन्दा धेरै अगाडि जातीय विभेदको कानुन बनेको भए पनि यस नगरमा लागू हुन सकेको छैन । जातअनुसारको काम र कामअनुसारको सामाजिक स्तर कायम भएको यस समाजमा जातिपाती, छुवाछुत र जातीय संस्कृतिका आधारमा हुने विभेदबाट वाक्क र दिक्क भएर सुवाल थरलाई आफ्नो नाउँबाट हटाउने प्रयत्न गरेकी हुँ मैले । मैले 'देवी सुवाल' को साटो 'सिंह' राखेकोमा मलाई कसैले किन यसो गरिस् भनेर सोध्न सकेका छैनन् । मेरा अग्रजहरूले पनि नामको पछाडि 'सिंह' राख्ने गरेका रहेछन् । उनीहरूले त्यस बखत नाउँको पछाडि सिंह लेखेकोमा शासकहरूबाट खप्की खानुपरे पनि वा त्यस बखतका शक्तिवान्हरूलाई कोसेली र चाकडी पुऱ्याउनुपरे पनि समाजमा हालीमुहाली गर्ने ती शक्तिवान् मान्छेहरूका आडमा नाउँको पछाडि सिंह राखेको मैले बुझेकी थिएँ । यतिखेर त्यो अवस्था छैन, जुन हाम्रा अग्रजहरूले भोग्दै आए । नाउँको पछाडि के लेख्नुपर्छ वा के लेख्ता सामाजिक मर्यादा कायम हुन्छ भनेर सोध्ने र निर्देश गर्ने निकाय नभएको यस अवस्थामा जसले जे लेखे पनि हुने भएकाले नै मैले निर्धक्क भएर आफूलाई चकना सिंह



भनेर चिनाउन सकेकी हुँ । अब चकना सिंह नै म भएकी छु र म नै चकना सिंह भएकी छु ।

नेपालको जातिपातीगत विभेदको मूल थलो नै ख्वप हो भन्दा मलाई कुनै हिचकिचाहट लाग्दैन । अन्य गाउँ वा नगरमा यहाँको जस्तो बहुजाति, बहुव्यवहार र बहुसंस्कृति स्वीकार भएको छैन । धेरै जातीय विभेद भएको पनि देखिँदैन । यो एउटा मात्र यस्तो नगर हो, जहाँ सानो घेराभित्र साँघुरिएर बसे पनि भित्र रहेको विविधता र विभेदलाई हेर्न, देख्न र बुझ्न अत्यन्तै कठिन हुन्छ ।

नेपालमण्डलको प्रथम राजधानीनगर हुने मौका पाएकाले पनि यस ख्वपदेशमा विभिन्न मत, धर्म र संस्कृति बोकेका मान्छेहरूको बसोबास भएको हो । पूर्वकालमा सभ्य तथा सुसंस्कृत नगर ठहरिएको यस ख्वपमा नेवारहरूको घना बस्ती छ । नेवारसमुदायको बसोबास भएको थलो भनिए पनि नेवारहरू सयौं किसिम र प्रकारका थरहरूमा विभक्त भएका छन् र दर्जनौं जातीय तह र भिन्नाभिन्नै धर्म-संस्कृतिमा विभाजित भएर बाँडिएका छन् । अण्डाकारमा फैलिएको यस नगरको बस्तीको पूर्व, पश्चिम, उत्तर र दक्षिणका किनारामा ज्यापूहरूको बस्ती छ भने बीच भागमा श्रेष्ठ, प्रधान, हाडा, प्रधानाङ्ग, राय र कायस्थहरूका साथै हिन्दूधर्मका अधिकारी कर्माचार्य, जोशी र राजोपाध्यायहरूको बसोवास छ । ब्राह्मणमा पनि भट्ट, मिश्रजस्ता मैथिली ब्राह्मणहरूका अतिरिक्त कर्णाटकीय लिङ्गी ब्राह्मणहरूको पनि अस्तित्व कायम रहेको देखिन्छ । यसका साथै हिन्दू-बौद्धमार्गी मानन्धरदेखि बौद्धमार्गी शाक्य र वज्राचार्यको पनि बाहुल्य छ यहाँ । शिवका अनुयायीहरूको मठ र गुठीले भरिएको यस नगरमा शैवमतका विभिन्न अवशेष बोकेका जातहरूको पनि टन्नै बसोवास छ ।

मैले पढ्ने स्कुलमा विभिन्न थर भएका र अनेक जातका विद्यार्थीहरू अध्ययन गर्दथे । अनुपातका हिसाबले मैले हेर्नु हुँदैन, तापनि मलाई मेरो स्कुलमा अध्ययन गर्ने विद्यार्थीहरूलाई अनुपातको हिसाबले हेर्न र बोल्न बाध्य गराउँछ मैले त्यतिखेर भोग्नुपरेको अवस्थाले । जब म स्कुलमा जान्थेँ, त्यस बखत मेरो कक्षामा अध्ययन गर्नेमध्ये पाँचजना मात्र ज्यापूजातिका विद्यार्थीहरू थियौं । त्यसमा पनि चारजना छात्र थिए भने छात्रामा म एक्ली थिएँ ।

'ज्यापुनी' भन्ने शब्दले मलाई पहिल्यै हीनताको बोध गरायो । कक्षा एकमा भर्ना भएको केही दिनमा नै 'ज्यापुनी' शब्द सुनेपछि मैले घरमा आएर बालाई सोधेकी थिएँ । ***हो, हामी ज्यापू नै हौं ।*** – बाले सहज रूपमा भने पनि कुनै व्याख्या वा समाधानका उपाय भने सिकाएनन् । शब्द स्वयम्मा नराम्रो हुँदैन, तर त्यो शब्द प्रयोग गर्ने तरिका नराम्रो हुने हुँदा 'ज्यापुनी' शब्द मलाई पनि पीडादायक हुँदै राम्रो लाग्न छाडेको थियो । कक्षामा आउने शिक्षकहरू

पनि सुवाल भन्नेबित्तिकै ज्यापू हो भन्ने बुझ्थे । त्यसै कारणले मलाई सुरुदेखि नै आफ्नो थरप्रति घृणा लाग्न सुरु भएको थियो ।

कक्षा एकदेखि नै हामी केटीहरू थोरै हुने हुँदा केटीहरूको एकै समूह भएर बस्नुपर्ने हो, तापनि मसँग बस्ने केटीहरू मलाई त्यति रुचाउँदैनथे र हामीबीच स्नेह पनि जुट्न सक्तैनथ्यो । बरू केटाहरूले मलाई सघाउँथे र नजिक हुन खोज्थे । सानैदेखि केटीभन्दा केटा मेरा धेरै साथी हुन गएको कारण पनि त्यही हो ।

यो जातीय विभेदको बोध मैले तीन कक्षा पुग्दासम्ममा राम्ररी बुझिसकेकी थिएँ । त्यतिखेरदेखि नै एक्लिएकी म केटीहरूबीच जाने वा साथी बनाएर आफ्नो दुःखसुखको कुरा पोख्ने वा साथै खेल्ने वा खुसीमा साथ दिएर हाँस्ने वा दुःखमा दुःखित हुँदै रोएर साथ दिने वातावरण कहिल्यै पैदा भएन । दुइटी राजोपाध्याय शर्मा केटीहरू थिए तीन कक्षामा । ती दुइटी मिल्ने साथी देखेर मसँग पनि कुनै ज्यापुनी साथी पढ्न आए हुन्थ्यो भन्ने झिनो आशा सधैं मनमा रह्यो । कक्षा सातसम्म पनि कुनै केटी साथी नभएपछि मैले ज्यापुनीको आवरणका रूपमा बोकिएको मेरो नाउँभन्दा पछाडिको 'सुवाल' लाई पन्छाउने मनस्थिति बनाएँ । मेरो विद्रोह त्यसै समयदेखि सुरु भएको थियो ।

मलाई के थाहा श्रेष्ठ, प्रधान र प्रधानाङ्ग थर भएका जातिलाई हामीले 'बाज्या' भन्ने मान्य शब्द उच्चारण गरेर सम्बोधन गर्नुपर्छ । बाका बालाई 'बाज्या' भनेजस्तो ज्यापूले नेवारका अन्य थरधारीहरूलाई पनि बाज्या भन्नुपर्ने रहेछ । 'बाज्या' शब्दले बाबुको पनि बाबु भन्ने बुझाउँछ । त्यस्तो दुई तहमाथिको आदरसूचक शब्द नेवारजातिका अन्य व्यक्तिलाई सम्बोधन गर्नुपर्ने कस्तो व्यवस्था हो यो ? यति मात्र हो र ! राजोपाध्यायलाई त 'जुजु' नै भन्नुपर्ने, अर्थात् 'राजा' । यो विभेद कहिलेदेखि सुरु भयो ? कसरी यो आजसम्म हाम्रो समाजमा रहिरह्यो ? यसको विरोधमा किन कसैबाट पनि बोलिएन ? किन यसलाई शदियौंदेखि कायम राखियो ? क-कसका चाखमा यी प्रचलन मासिन सकेनन् ? यी कुराहरू मैले त्यतिखेर बुझ्न सकेकी थिइनँ । मलाई त 'ज्यापुनी' शब्दसँग नै टाढा हुन मन लाग्थ्यो । यसबाट छुट्कारा पाउन मन लाग्थ्यो । त्यो मभित्र पलाएको नजानिँदो घृणाको अङ्कुर थियो, जसलाई चाहेर पनि म निर्मूल गर्न सक्तैनथेँ । मभित्र झाङ्गिनु उसको गुण थियो भने त्यसबाट त्रसित भएर अलग्गिने मेरो भित्री चाहना थियो । बालककालमा नै यस्तो द्वन्दको भुमरीमा म फस्न पुगेकी थिएँ ।

यही अन्तर्द्वन्द्वको मझधारमा रुमल्लिरहेकी मलाई शिवानन्दले केही नजिकिएर राहत प्रदान गरेका थिए । कक्षा सातको सुरुदेखि नै उनीसँग म आकर्षित हुन थालेकी थिएँ । राजोपाध्याय थर भएको शिवानन्दको कक्षाको नाउँ 'शिवानन्द शर्मा' भए पनि सबैले 'जुजु' भनेर सम्बोधन गर्थे । कक्षाका



विद्यार्थीहरूमध्ये केहीले नामै काढे पनि केहीले भने 'शिवजुजु' भन्थे । शिक्षकहरू पनि त्यसै गरी 'शिवजुजु' भनेर आदरसूचक शब्द नै प्रयोग गर्थे ।

गोरा, ठूलाठूला आँखा भएका, केही लजाउने भाव अनुहारमा बोके पनि शिष्ट भाषामा बोल्ने, हँसिलो अनुहार भएका शिवजुजु मसँग किन नजिक हुन थाले भन्ने कुराले मेरो मनमा रत्तिभर पनि कुनै किसिमको शङ्का उत्पन्न भएन र भएन डर, त्रास र घृणा पनि । म एक्लिएकीले साथ पाएँ, एउटा मित्र पाएँ भनेजस्तो लाग्यो । सद्भाव पैदा भयो ।

त्यतिखेर म एघार वर्षकी थिएँ र शिव मभन्दा एक वर्ष जेठा थिए । हामी कक्षामा एकै ठाउँमा त बस्तैनथ्यौं, तर कसरी हामी कक्षामा सिट मिलाएर बस्थ्यौं भने एक-अर्कालाई देख्न सक्थ्यौं । हाम्रो बीचमा कक्षामा रहेको मेचको रखाइ र हाम्रो बसाइले अझ महत्त्वपूर्ण काम गरेको थियो । हामी एक-आपसमा आँखाका भाषामा रमाउँदा विद्यार्थीहरूको समूहबाट र शिक्षककक्षबाट कसैले देख्न र बुझ्न सक्तैनथे । कक्षामा हाम्रो बसाइको तालमेल कसरी मिलेको थियो भने निश्चित दूरीमा बसे पनि सहज किसिमबाट हामी नजिकिएका थियौं ।

मलाई शिवका आँखा राम्रा लाग्थे । गोरो अनुहारमा चम्केका ती आँखा हेरेर म कहिल्यै थाक्तिनथेँ । त्यसमा पनि उनले नजानिँदो मुस्कानका साथ शिर निहुऱ्याएपछि त मभित्रको धैर्य नै हराउन खोज्थ्यो । उनीसँगै गएर बसूँ भन्ने भाव पैदा हुन पुग्थ्यो । भित्रभित्रै नजानिँदो छटपटी सुरु हुन्थ्यो ।

कमिज-सुरुवालको पहिरनमा ढाकाको टोपी लगाउने 'शिवजुजु' लाई देख्न म आतुर हुन्थेँ र कक्षामा चाँडो पुगेर उनलाई हेर्न रुचाउँथे । तर उनी जहिले पनि मभन्दा ढिलो नै कक्षामा प्रवेश गर्दथे । हामीबीच त्यसताका कुरा हुँदैनथ्यो । मात्र आँखाका भित्र र बाहिर हामीबीचको सम्बन्ध कायम भएको थियो र नजानिँदो हिसाबले हाम्रो सम्बन्ध बस्न थालिसकेको थियो । म हेर्थें उनलाई, उनको आँखा पन्छिन्थ्यो । उनी हेर्थे मलाई, मेरो आँखा घोप्टिन्थ्यो । फेरि हेर्दा दुवैका आँखा एकै केन्द्रमा केन्द्रित हुन्थे । कक्षाभरि नै हाम्रा आँखाहरू लुकामारी खेलिरहन्थे । म रमाउँथेँ र त्यसैमा हराउँथे । त्यसैमा म आनन्दित हुन्थेँ ।

उसका सुकुमार हात डेस्कको माथि सलबलाउँदा मेरा हातका औँलाहरूमा कम्पन छुट्थे । उसको आँखाबाट पसेर म उसको शरीरका सबै अङ्गहरूमा स्पर्श गर्न खोज्थेँ । त्यस बेला मेरो शरीरका प्रत्येक अङ्गहरू एकपछि अर्कोलाई बेदखल गर्दै छटपटीको लहरमा लहरिन पुग्थे । सलबलाएर मन रोमाञ्चित हुन्थ्यो ।

कक्षा पाँचदेखिको सहपाठी शिवजुजुसँग मेरो कहिल्यै बोलचाल भएको थिएन । पाँच र छ कक्षाका समयहरूमा म एकै कक्षामा बस्ता त्यस्तो कुनै

घटना भएको थिएन, मभित्र कुनै अनुभूतिका लहरहरू उर्लिन सकेका थिएनन् र मभित्र कुनै किसिमका रहरहरू जागरण भएका पनि थिएनन् । जब कक्षा सातको सुरुको दिनमा म बस्न खोजेको मेचमा शिव आएर बस्न खोजेका थिए, त्यति बेला नै म अगाडि बढेर मेचमा बस्न तम्सिएँ । उनी हच्किएर मलाई बस्न दिए । वास्तवमा जुन मेचमा उनी बस्न चाहन्थे, त्यो मेच केटाहरू बस्ने मेच थिएन । त्यसैले पनि अप्ठेरो भाव पैदा भएर उनी हच्किएका थिए । भूल भएकोमा मसँग सतर्क हुन पुगेका थिए ।

संयोग थियो त्यो आकर्षणको, सुरुवात थियो एउटा यात्राको र प्रवेशविन्दु थियो आनन्दमय अनुभूतिको । एकै क्षणबाट सुरु भएको त्यस यात्राले दिन बिताउँदै हप्ता छोयो । हप्ता समाप्त गर्दै महिनामा प्रवेश गऱ्यो । तर हामीबीच बोलीले पछ्याउन खोजेर पनि मौनतामा नै यात्रा जारी रह्यो । सम्झँदा अनौठो लाग्छ अहिले ।

बा र आमा दुवै मन्दिर जान तयार भइसकेछन् । मसँग बिदा हुन मेरो कोठाको ढोकासम्म आएर आमाले भनिन् – ***ल, हामी मन्दिर गएर आउँछौँ ।***

उनीहरूलाई बिदा दिने सङ्केत गर्दै आफू दिनभर घरै बस्ने निर्णय मैले सुनाएँ ।

तल बाटोमा मान्छेहरूको ओहोरदोहोर बढ्दैछ । चोकको डबलीमा मन्दिर जाने अगुवा बाजाहरू बज्न सुरु भइसकेका छन् । बाजाले मन्दिर जाने गुठीका सबै मान्छेहरूलाई बोलाइरहेको छ, साङ्केतिक ध्वनि टाढाबाट आएको छ । यतिखेर बाजा छिटो-छिटो र बढी आवाज आउने गरी बजाइन्छ ताकि सबैले सुन्न सकून् र चाँडै यात्रामा सम्मिलित हुन सकून् ।

फागुपूर्णिमाको दिन कहिले आउँछ जस्तो लाग्दथ्यो पहिले मलाई । तर अहिले फागुको नाउँमा हुने हुलहुज्जतबाट म तर्सिएकी छु । म मात्र होइन, मजस्ता अन्य युवतीहरू पनि यसै भन्छन् । फागुलाई धर्मशास्त्रको कथनका आधारमा धर्मसँग गाँसेर हाम्रा पूर्वजहरूले मनाउने फागुचाडमा देवमन्दिरमा गएर पूजाआजा गरिन्छ, तिनै देवतालाई फागुको अबिर चढाई त्यही अबिरलाई प्रसादका रूपमा ग्रहण गर्दै सबैको टाउको, कुम र शरीरका अन्य भागमा छर्किएर खुसी मनाइन्छ । यो चलन हाम्रो टोल-गुठी र दाफा भजनका सदस्यहरूले तान्दै र खिच्दै चलाइरहेका हुँदा अहिलेसम्म पनि त्यही चलन चलिआएकै छ । बा र आमा त्यही चाड मनाउन गणेशस्थान गएका हुन् । तर यो रीतिस्थितिलाई आधुनिक युवायुवतीले बुझ्न नसकेकामा म दुःखित छु, फागुपर्वको व्यवस्था बिग्रिएकोमा चिन्तित छु ।

अनुशासित र व्यवस्थित समाजका सदस्यहरू अधिकतम रूपमा सभ्य ठहरिन्छन् । सभ्यता भनेको मानवीय गुण विकसित हुन सक्ने वातावरणको तयारी गर्न सक्ने संस्कृति हो भने संस्कृति भनेको सरल र सहज ढङ्गले



मानवीय जीवन यापन हुन सक्ने जीवनशैली हो, जसलाई सभ्यता पनि भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा कला, साहित्य, इतिहास, भाषा, धर्म आदि विभिन्न विषयको समष्टिगत नाउँ संस्कृति हो । त्यसैले परम्परादेखि चल्दै आएको रीतिस्थिति र मान्यतालाई जगेर्ना गर्न जान्नुपर्छ । आधुनिकताका नाउँमा परिवर्तन गर्न खोज्दा विकृति भित्रिन्छ र जीवन दुःखमय हुन सक्छ भन्नेतर्फ पनि सजग हुनुपर्छ ।

यस चिन्तनले मलाई सजग त तुल्याएको छ, तर समाजका अन्य सदस्यहरूलाई भने सूचनासम्म पनि म दिन सक्तिनँ । मलाई राम्रो लागेको व्यवहार अरूलाई पनि मन पर्छ भन्ने छैन । मलाई नराम्रो लागेको प्रचलन अर्कोलाई पनि नराम्रै लाग्नुपर्छ भन्ने पनि छैन । त्यसमा पनि म समाजको अग्रज होइन र सुधारका कार्यमा संलग्न र समाजको सञ्चालन गर्ने जिम्मेवार तहमा आफू पुगेकी पनि छैन । केवल म सोच्न र गल्ती खुट्याउन सक्छु, सुधारको बाटो तयार गर्न सक्तिनँ ।

समाजसुधारकले स्थिति बाँध्दा राम्रो हुँदो रहेछ भन्ने प्रमाण त यही नगरले प्रमाणित गरेको छ । ने० सं० ५०० मा यो नगर नै नेपालमण्डलको राजधानी हुँदाका बखत राजा जयस्थिति मल्लले सामाजिक सुधारअन्तर्गत समाजलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नका लागि सामाजिक स्थिति निश्चित गरी नीति-नियम बाँध्न समर्थ भएकै कारण उनको नाउँ नै 'स्थिति मल्ल' रहन गएको थियो । स्थिति बसाल्न खोज्दा केही उचनिच भयो होला, कुनै वर्गको हित वा अहित पनि भयो होला, तर समष्टिमा विचार गर्दा त्यो स्थितिबन्देजले गर्दा समाज व्यवस्थित रूपले चल्न सकेको थियो, चलेको थियो र अझै चल्दैछ ।

स्थिति मल्लको राजधानी ख्वप हो । मल्लकालका राजा स्थिति मल्लको नाउँ समाजसुधारकको कोटिमा इतिहासमा अङ्कित गरिएको छ । उनले नै राज्यव्यवस्था सञ्चालन गर्न विधान बनाएका थिए । यो विश्वमा रहेका साना वा ठूला मुलुकमा लिखित विधान थिएनन् त्यस बखत । तर नेपालमण्डलले भने आजभन्दा ६ सय वर्षअघि नै लिखित विधान पाएको थियो । उनले जातीय विभेद र सङ्घर्षको अन्त गर्दै समन्वयवादी नीतिअन्तर्गत जातजातिका बीचको दूरी अन्त गर्न सामाजिक नीति-नियमलाई राजकीय सम्मान प्रदान गरेका थिए । जातअनुसारको काम र कामअनुसारको सम्मान व्यवस्थित गरी आर्थिक नीतिलाई पनि विस्तृत व्याख्या गराएर विधिको शासन लागू गराएका थिए । व्यक्तिको योग्यता, काम, कर्तव्य र अधिकारको सुनिश्चितता हुने गरी गरिएको सुधारकै कारण सामाजिक गठबन्धन बलियो भएको थियो । हुन त त्यस स्थितिबन्देजलाई आलोचनात्मक दृष्टिले विरोध गर्ने व्यक्ति वा समूहको कमी छैन, तथापि पन्ध्रौँ शताब्दीको समय र त्यस बखतको समाजगठनको समष्टि रूप हेर्दा, विचार गर्दा र सामाजिक न्यायको सिद्धान्तको कसीमा राखेर जाँच्दा

पनि त्यस स्थितिबन्देजलाई सभ्य तथा सुसंस्कृत समाजको विकासका लागि चाल्नुपर्ने अनिवार्य पाइला हो भनी स्वीकार्नुपर्छ ।

लिखित नीति, नियम तथा बन्देजलाई राजकीय रूपमा प्रकाशित गराई लागू हुनु भनेको कानुनी राज्यस्थापनाको अवधारणालाई स्वीकार गरी राज्यसञ्चालन भएको हो भन्नुपर्छ । त्यस्ता लिखित नीति, नियम तथा बन्देज सामाजिक, आर्थिक र राजनीतिक रूपमा अस्वीकार्य भएका भए तत्कालै त्यसका विरुद्ध विद्रोह छेडिन्थ्यो र लिखित दस्तावेजमा तुरुन्तै परिवर्तन हुन्थ्यो । तर तत्कालीन समाज-विकासका क्रममा आएका त्यस्ता सुधारात्मक नीति-नियम तथा बन्देजले समाजको हित नै हुने ठहर भएकोले नै लागू हुन सकेको थियो ।

समाजमा मानिसले बाँच्न पाउनुपर्छ । त्यति मात्र होइन, मानिसको सामाजिक र आर्थिक विकासको सुनिश्चितताका लागि पनि राज्यले ग्यारेन्टी प्रदान गर्नुपर्छ । त्यसका लागि लिखित नीति-नियमको व्यवस्था हुनुपर्छ । यो आधुनिक राज्यव्यवस्थाले स्वीकार गरेको सूत्र हो । पश्चिमी सिद्धान्तको सूत्र आउनुभन्दा अगावै हाम्रो समाजमा कानुनी राज्यको व्यवस्था थियो भन्न सक्ने अवस्था स्थिति मल्लको लिखित नीति-नियम र बन्देजले प्रमाणित गरेको छ । यस दृष्टिले यसलाई विचार गर्दा त्यस समयको राज्यव्यवस्था सभ्य, सुसंस्कृत र असल शासनको परिचायक थियो भन्न सकिन्छ ।

आज एक्काइसौँ शताब्दीको आधुनिक राज्यव्यवस्था सञ्चालन गर्ने जिम्मा लिएका समाजका अगुवाहरूमा फागुपर्व कसरी मनाउनुपर्छ भन्नेसम्मको ज्ञान पनि छैन । राज्यले फागुपर्वलाई राजकीय सम्मान दिएर राष्ट्रिय रूपमा मान्यता दिँदै कामकाज बन्द गराई बिदासमेत दिएको छ । त्यसरी दिएको बिदाको कसरी सदुपयोग गराउने भन्नेतर्फ राज्य मौन रहँदा आज फागुपर्वको नाउँमा भाँडभैलो सुरु भएको छ । भाङ र अन्य लागुपदार्थको खुला सेवन गरी निस्कने छाडा समूहले रमाइलो गर्ने नाउँमा मनपर्दो गरिरहेका छन् । प्रत्येक वर्ष यस पर्वमा हुने ज्यादतीका कारण मान्छेहरू अपाङ्ग भएका छन् र मृत्युवरण गरेका छन् । सामाजिक मान्यता पाएर परम्परादेखि चलिआएको फागुपर्वले कसरी व्यवस्थापन पाउन सक्छ भन्ने जिज्ञासा मस्तिष्कमा बोकेर म यतिखेर छटपटिएकी छु । उपायशून्यता र नतिजाशून्यताको अवस्थामा म यतिखेर आफैँभित्र चिन्तित भएकी छु ।

हो, यतिखेर म कैदमा छु । मजस्ता कयौँ युवा-युवतीहरू यस्तै कुण्ठा बोकेर कोठाभित्र थुनिएका होलान् । कति बृद्ध-बृद्धा र वयस्कहरूलाई आजको दिनले पिरोलेको होला । अझ विगत वर्षका पर्वहरूमा अपाङ्ग भएका र ज्यानै गुमाएका परिवारजनहरू कति दुःखित भइरहेका होलान् ! यी कुराहरू एकपछि अर्को गर्दै मनमा आउँदै जाँदा मलाई अत्यास लागेको छ ।



मन मिल्ने मान्छेसँग शिष्ट तरिकाले फागु खेल्न पाए रमाइलो हुन्छ । केटीकेटीका बीचमा वा पुरुष दौँतरीसँग फागु खेल्दा उनीहरूको अबिरले रङ्गिएको अनुहार देखेर हाँसो फुट्छ र हाँसो गहिरिएर जाँदा मनै रसाउँछ । यसरी हाँसो र रसिलो खुसी मस्तिष्कमा पस्ता घटनाको सम्झनाले लामो समय लिने सामर्थ्य राख्छ । त्यही लामो अवधिको सम्झना बटुल्नका लागि नै रमाइलो घटनामा सम्मिलित हुन मान्छेहरूले रहर बोकेका हुन्छन् र रमाउँदै फुर्किएका हुन्छन् ।

बाल्यकालदेखि नै शिवजुजुसँग फागु खेल्ने रहर थियो मेरो । तर त्यस रहरले मूर्तरूप कहिल्यै पाउन सकेन । म जुन बेला स्कुलमा पढ्थेँ, शिवजुजु मेरो आकर्षणका केन्द्र थिए । म उनीसँग कसरी समाहित भइसकेकी थिएँ भने उनीबाहेक मेरो सम्झनाको फाँटमा कसैले चियाउनसम्म सकेको थिएन ।

भर्खर युवा अवस्था लागेजस्तो मेरो उमेर थियो । मेरो मध्यछातीका दायाँ-बायाँ दुर्वतर्फ गोलाकार स्तन टुसाइसकेका थिए । शिवजुजुलाई सम्झँदा वा देख्ता छातीमा हल्का दुखाइसँगै नजानिँदो कम्पन सुरु हुन्थ्यो । आफ्नै हात बिस्तारै टुसाएका ती स्थानमा पुगेर रोकिन खोज्थ्यो । मनभित्र एउटा चाहना उब्जिन्थ्यो – भर्खर अङ्कुर फुटेका बिरुवालाई बचाउन मालीले यत्न गरेजस्तै शिवजुजुका कोमल हातले मेरो यौवनको अङ्कुरित बिरुवालाई बिस्तारै स्पर्श गरिदेओस् । तातो हातको हत्केलाबाट मलजल प्रदान गर्दै हुर्काओस् र वयस्क बनाओस् । त्यस बखत म छटपटिएर एकान्तको खोजी गर्दै भौँतारिन्थेँ र एकान्त स्थानमा गएर आफ्नै हातले राम्रै दुखाइ महसुस नभएसम्म दबाउँथेँ । चिलचिलाहट मेटाउन आफ्नै हत्केलाले माड्थेँ र हल्का हुन औँलाले दबाउँथेँ । त्यस समयमा भर्खर अङ्कुरित फूलको सुगन्धलाई महसुस गर्न कुनै मालीका हात अघि सरेनन् ।

घरको कोठामा एक्लै घोप्टिएर सुत्दा पूर्ण शरीरको केन्द्र बनेर छाती नै दबिन्थ्यो भने उत्तानो परेर सुत्दा पनि दुवै हातले छातीलाई नै केन्द्र बनाउन पुग्थ्यो । शिवजुजुको सम्झना मेरो मस्तिष्कको उपज थिएन, मेरो मनभित्रको चाहना थिएन र मेरो आवश्यकता पनि थिएन । मेरो अङ्गको कमजोरी थियो उसको अङ्गको माग र उसको शारीरिक अङ्गको स्पर्शको चाहना । न म केही भन्न सक्थेँ, न म केही बोल्न सक्थेँ, न आफ्नो वेदना सुनाउन नै सक्थेँ । त्यतिखेरसम्म शिवजुजु मसँग बोलेका थिएनन् र म पनि उनीसँग बोलेकी थिइनँ ।

उनी एक दिन आएका थिए मसँग मेरै कोठामा । हामी दुवै अनेक गफ गर्दै, रमाउँदै नजिकै जोडिएर बसेका थियौँ । मैले उनको हात सुमसुम्याएँ । उनी निहुरिएर नै बसे । मैले उनका हत्केला कोट्याएँ, औँला केलाएँ र आफ्नो छातीमा पुऱ्याइदिएँ । तर पनि मेरो छातीमा कुनै स्पर्श भएन, मात्र बिटुलिएको

महसुस गरेँ । झल्याँस्स बिउँझिएँ । त्यो त मेरो तर्कना पो रहेछ । सपना हो वा तर्कना, जे भए पनि मेरो मस्तिष्कमा भने घटित घटनाजस्तै ताजै छ अहिले पनि । सम्झना, तर्कना र सपना सायद उस्तै-उस्तै हुन् कि ?

घरबाहिरको बाजागाजाको ध्वनि मन्द गतिले कोठाभित्र छिरे पनि एक्ली भएकी हुँदा मलाई आज शिवजुजुको बाल्यकाल सम्झना आइरहेको छ । उनका बारेमा पहिलेका एक-एक छायाङ्कन दोहोरिइरहेका छन् ।

एक दिन शिक्षकसँग सोधेर उनी कक्षाबाट बाहिर निस्किएका थिए । एकै छिनपछि कक्षामा प्रवेश गरेर उनी आफ्नो सिटमा बसे । मैले उनको दाहिने कानमा धागो बाँधिएको देखेँ । मैले सोचेँ उनको कानमा कुनै धागो अल्झिएछ, त्यो उनलाई थाहा भएन । कुनै सङ्केत गरेर उनलाई बुझाउन सक्छु कि भन्ने लागेर मैले पनि आफ्नो दाहिने कान समाएर उनलाई बुझाउन खोजेँ । त्यसै बखत शिक्षकले पनि देखेछन् र उनलाई सम्बोधन गर्दै भनेका थिए – *ए शिवजुजु ! किन हुस्सु भएको ? कानको जनै फुकाउनुपर्दैन पिसाब गरेर आएपछि ?*

आत्तिँदै शिवजुजु निहुरिए र कानमा बाँधिएको धागो फुकाएर कमिजको कलरबाट शरीरभित्र कोचे । त्यस बखत मैले बुझिनँ कानमा बेरिएको धागो फुकालेर नफ्याँकी किन शरीरभित्र लुकाइयो ! त्यस दिन दिनभरि नै शिवजुजुको शिर लाजले निहुरिएको थियो । मलाई पछि थाहा भयो उनी त व्रतबन्ध गरी कर्म चलिसकेका बाहुन रहेछन् । बाहुनले जनै लगाउनुपर्दो रहेछ र त्यो पवित्र धागोको सधैँ सम्मान गर्नुपर्ने रहेछ । त्यो तथ्य मलाई पछि मात्र थाहा भयो ।

एक दिन फेरि टाउको कन्याउँदा-कन्याउँदै टोपीबाट उनको टुप्पी निस्किएपछि निस्किएको त्यस टुप्पीलाई फेरि सम्हालेर टोपीभित्र हाल्ने क्रममा टोपी फुकालेर टुप्पी सम्हालेको मैले देखेकी थिएँ । केटीहरूको कपालजत्तिकै लामो थियो उनको टुप्पी । त्यति सानो मान्छेको त्यति लामो टुप्पी मैले देखेकी थिइनँ । उनको टुप्पी देखेको दिनमा चाहिँ मलाई सरम लाग्यो, मैले उनको टुप्पी देखेको उनलाई थाहा भयो कि भन्ने डरले ।

दिन छिप्पिँदै गयो । मन्दिर गएका गुठीका समुदाय पनि टोलटोलमा फर्कन थालिसकेका छन् । आमा-बा पनि घर फर्कने बेला भएको छ । बाजे भाजुलाल बिस्तारै फागुको गीत गुनगुनाउँदै रमाइलो मानी घरभित्र प्रवेश गर्दैछन् ।

*जुजु या होली रे, तन्वाएला ल्यासे .......... !* – वसन्ती रागको सङ्गीतमा आधारित यो गीत शताब्दियौँ अघिदेखि जनजिब्रोमा बसेको छ । बालक, युवक र बृद्ध भनेर यसले पन्छाउँदैन । सबैको कण्ठमा एकै स्वरले यो हरेक वर्ष आजको दिनमा गुन्जिएको हुन्छ । यही गीतको तालमा नाचेर फागु खेलिएको हुन्छ ।



सेतो भोटो र सुरुवाल लगाएर कम्मरमा पटुका बाँधेका बाजे भाजुलाल आज विशेष फुर्किएको देखिएका छन् । उनको निधारमा रातो टीका छ । कालो टोपीमा घुसारिएको गुलाफको रातो फूल कानको छेउमा दाहिने कन्चटतिर झुलेको छ । अबिरको हल्का रङ्गका औँलाका डोबहरू दुवै गालामा देखिएका छन् । अलिकति जाँड पनि पिएजस्तो लाग्छ बाजेले । अलि बढी रोमाञ्चित हुँदै मेरो कोठाको ढोकामा आएर बाजे उभिन्छन् र मलाई सोध्छन् – *तिमी एक्लै ?*

मैले जवाफ दिन नपाउँदै उनी फेरि थप्छन् – ***आज त होलीपूर्णिमा हो । तिमीलाई थाहा छैन ?***

मैले जवाफ नै फर्काउन भ्याएकी थिइनँ, बाजे आफ्ना कुरालाई निरन्तरता दिँदै भन्छन् – ***हेर चकना ! चाडपर्वमा बाहिर साथीभाइ, इष्टमित्र र गुठियारहरूसँग गएर खुसी मनाउनुपर्छ । यही त हो बाँच्नुको सार ! समय-समयमा रमाइलो गर्नुपर्छ ।***

उनी रमाइरहेको जीवन र मैले बिताइरहेको जीवनमा आकाश र जमिनको अन्तर रहेको कुरा बाजेलाई के थाहा ! उनी त सतहत्तर वर्षको उमेरमा पनि मस्तीमा छन् । उनको जङ्को गर्ने समय आइसकेको छ । जङ्को गरेपछि उनी देवतातुल्य हुन्छन् । यो उनलाई थाहा नभएको कुरो होइन । उनी बेलाबेलामा आजकल भन्ने गर्छन् – ***हेर है, मेरो जङ्कोको समय आयो ।***

अर्थात् उनी सबैलाई के सजग गराउन चाहन्छन् भने जङ्को भनिने सामाजिक कृत्यलाई पर्वका रूपमा मनाउनुपर्छ । 'खर्च धेरै लाग्छ, खर्चको जोहो गर है' भन्ने उनको सन्देश बारम्बार आइरहेको छ । बा र आमाले पनि बाजेको जङ्को राम्रो गरी मनाउनुपर्छ भन्ने निश्चय गरेका छन् ।

आजभन्दा ५४ वर्षअघि ने० सं० १०७५ सालमा भीषण वर्षा भएको थियो यो ख्वपदेशमा । त्यही वर्षाका कारणले हाम्रो नगरमा झाडाबान्ताजस्तो सरुवा रोगले अतिक्रमण गरेको थियो र झाडाबान्ताबाट हजारौँको सङ्ख्यामा मानिसहरू प्रभावित भएका थिए । हाम्रा बाजेकी श्रीमती अर्थात् मेरी बज्यै धोमाँको निधन झाडाबान्ताकै कारणबाट भएको थियो । त्यतिखेर मेरा बा मङ्गलाल एक वर्षका थिए रे । मेरा बालाई बाजे भाजुलालले अनेक कष्ट सहेर हुर्काएका रहेछन् । यो कुरो बेलाबेलामा बाजेले नै भनेको मैले सुनेकी हुँ ।

युवा अवस्थामा नै श्रीमतीको मृत्यु भए पनि बाजेले अर्की स्वास्नी विवाह गरेनछन् । उनले विवाह गरेका भए मेरा बा मङ्गलालले दुःख पाउँथे । मेरा बालाई राम्ररी हुर्काउनकै लागि उनी आफ्नो युवा अवस्थामा पनि अविवाहित रहे । तर त्यसो भन्दैमा उनी कुनै अन्य आइमाईलाई हेर्दै हेर्दैनन् भनेकी चाहिँ होइन । बाजे भाजुलाल अहिले त यति रसिक देखिन्छन् भने उनको समयमा कस्ता होलान्, यतिखेर अनुमान गर्न गाह्रो छ । हँसिलो अनुहार, बोलीमा मिठास र व्यङ्ग्यात्मक अभिव्यक्ति भएका बाजेले जोसुकैलाई

पनि चाहेका समयमा नजिक्याउन र फसाउन सक्छन् । बाजेका प्रशंसकहरू धेरै छन् । तिनमा बढी सङ्ख्या त आइमाईकै देखेकी छु । उनको उमेरबराबरका आइमाईदेखि वयस्क आइमाईहरू पनि बाजे भाजुलाल भनेपछि भुतुक्क हुन्छन् भन्ने मैले सुनेकी छु ।

बाजे भाजुलाल खेतमा बाली कुर्न जाँदा खेतमा निर्मित 'पकुचा' मा बस्न रमाउँछन् । बाजेलाई त्यहाँ दोहोरो फाइदा छ । एक त आफ्नो खेतको बाली कसैले चोर्न र नष्ट गर्न सक्तैन, अर्कोतर्फ खेतमा काम गर्दा थाकेका आइमाई थकाइ मार्न बाजे बसेको पकुचामा पुगे भने बाजेले अनेक रमाइला-रमाइला कुरा गरी नजिक्याइहाल्छन् र मनोरञ्जन गर्दै फसाइहाल्छन् । अझ बिहानको समयमा खोलातर्फ जाने उनको बानीले उनलाई युवा जोसका साथ बाँच्ने आधार तयार पारिदिएको छ भन्ने लाग्छ । यी सबै बाजेका रमाइला हर्कतहरू हाम्रो परिवारका सबैजसो सदस्यलाई जानकारी छ । तर बाजेलाई त्यसतर्फबाट मोड्न नसकिने र मोड्न खोजेर पनि सफल नहुने भएकाले हामी त्यस्ता हर्कतलाई देखे पनि नदेखेजस्तो र थाहा पाए पनि थाहा नै नभएको जस्तो बहाना गर्न मजबुर भएका छौँ । एउटै कुरा के हो भने त्यस्तो रसिक जीवन यापन गरे पनि बाजेले घरमा कुनै आइमाईलाई भित्र्याएका छैनन् । त्यसैले उनी महान् छन् ।

बाजेले आज फागुमा आफ्ना इष्टमित्रदेखि मन परेका साथीभाइहरू सबैलाई भेट गरेर आएको म अनुमान गर्न सक्छु । उनी फागुगीत गाउँदै घरभित्र पसेका हुन् । उनको मन रमाएको छ, शरीर पनि फुर्तिलो छ र फागुपर्व आनन्दपूर्वक मनाएजस्तो छ । म युवा अवस्थाकी मान्छे घरमा कोचिएकी छु, तर बाजे बृद्ध अवस्थाका मान्छे बाहिर गएर हर्षोल्लासका साथ फागु खेलेर आएका छन् । यस हिसाबले विचार गर्दा म आफूलाई लाछी ठान्छु ।

म किन बाहिर गइनँ ? साथीहरू थिए, तिनीहरूलाई बोलाएर किन रमाइलो गरिनँ ? लोग्नेमान्छे साथी थिए, तिनीहरूसँग पनि त भेट गर्न सक्थेँ नि ! तर किन तिनीहरूलाई सम्झिनँ ? फेरि आफ्नै शिवजुजु थिए । उनलाई यहीँ बोलाएर वा कतै भेटेर फागुपर्वको फाइदा लिँदै आफूलाई मनोरञ्जन गराउन पनि त सक्ने थिएँ !

पोहोरको दुःखपूर्ण घटनाले मलाई रोकेको हो त ? यस प्रश्नको पनि मसँग जवाफ छैन । मेरो दिन आज यत्तिकै बित्यो । न म देवस्थल गएँ, न कुनै रमाइलो स्थलमा नै पुगेँ । दिनभरि कोठाबाहिर र कोठाभित्र गरी गुजारेँ । नचाहिने कुराको सम्झना गरी दिन कटाएँ । शिवजुजुको सम्झना मसँग सधैँ रहने मनोरोग हो । म त्यसलाई पन्छाउन पनि सक्तिनँ र स्वीकार गरेर हृदयको सिंहासनमा राख्न पनि सक्तिनँ । केवल सम्झना, अनि पछुतो या पश्चात्तापको भुमरीमा रुमलिँदै व्यतित भइरहेका छन् मेरो जीवनका मूल्यवान्



क्षणहरू । किनारा पहिल्याउन बहिरहेको डुङ्गा भनूँ वा अवतरणको खोजीमा कावा खाइरहेको चील भनूँ, म त्यस्तै अन्धवेगमा भौँतारिइरहेकी छु । साथै, निकासको खोजीमा मैले आफूलाई व्यस्त राखेकी छु ।

मजस्तै बाजे पनि एक्लै छन् । बाजे सबैभन्दा माथि बुइँगलको एउटा कोठामा बस्छन्, जहाँबाट कौसी जोडिएको छ । कौसी सानो छ, तर खुला र पर्याप्त छ । आधा शताब्दीअघिदेखि बाजे एक्लै छन् र एक्लै रमाएका छन् । म आफैँलाई प्रश्न गर्छु – एक्लै बाँच्न मलाई किन गाह्रो भएको छ ?

म बाजेको जीवनको अनुकरण गर्न सक्तिनँ । सक्तिनँ म बाजेजस्तै हुन पनि । लिङ्ग, उमेर र समय, यी मेरा बाधक भएर खडा भएका छन्, जीवनयात्राको अवरोधक भएर उभिएका छन् मेरा सामु । म पन्छाउन सक्तिनँ र स्वीकार्न पनि सक्तिनँ । आफैँभित्र हराएर म भुल्न पनि सक्तिनँ आफूलाई । मेरो जीवनयात्राको थालनी मबाट नै हुन्छ र अन्त पनि मबाट नै हुन्छ । हो, मैले बुझेको यथार्थ पनि यही हो ।

# चौला

*उन्मादले नौजनाको मृत्यु, दर्जनौँ घाइते* – फागुपर्व मनाउँदा उपत्यकाका विभिन्न स्थानमा नौजनाको मृत्यु भएछ । ख्वपदेशमा मात्र तीनजनाको मृत्यु भएको खबर फैलियो । मृत्यु भएकाको त सतगत गरियो, तर मर्नु न बाँच्नुको दोसाँधमा परेका घाइतेहरूलाई अस्पतालमा उपचार गरिँदैछ । उपचारमा संलग्न दर्जनौँ घाइतेहरूको के-कस्तो अवस्था रहने हो वा कुन अङ्गभङ्ग हुने हो र तिनले बाँकी जीवन चलाउन के-कति कष्ट उठाउनुपर्ने हो भन्ने कुरा सम्झँदा मन नै नरमाइलो हुन पुग्छ ।

मनमनै सम्झेँ – जो सुन्नु हुँदैनथ्यो, त्यो सुनियो । यो कुनै नौलो घटना होइन । हरेक वर्ष केही न केही अप्रिय घटना घट्ने भएकाले नै मैले फागुपर्वमा घरमै बसेर समय बिताएँ । मलाई पछुतो लागेको थियो फागु खेल्न बाहिर नगएकोमा, साथीहरूसँग रमाइलो गर्न नपाएकोमा र स्वीकृत तथा सर्वमान्य संस्कृतिले प्रदान गर्ने मनोरञ्जनको कार्यक्रममा सम्मिलित हुन नपाएकोमा । फागुको दिन यो वर्ष मात्र नौलो घटना घटेको होइन, विगतका केही वर्षयता यस पर्वले मान्छेलाई मनोरञ्जन प्रदान गर्नुभन्दा बढी दुःखित तुल्याएको छ। त्यसैले म फागुको दिन कैदीजस्तै भएर घरमा नै बसेकी थिएँ ।

आज मलाई नगरको दृश्यावलोकन गर्ने रहर जागेको छ मनमा । बाहिर निस्कने तरखरमा छु । पहिले-पहिले विभिन्न किसिमका साथीहरूसँग घुम्ने-रम्ने गर्दथेँ र धेरै जानकारी पाए पनि सहयात्रीको चाखअनुसार बुझ्ने-बुझाउने गर्दथेँ । तर आज म एक्लै गएर जानकारी हासिल गर्ने निधो गरेकी छु । मैले पढेको इतिहास, देखेको, भोगेको र जीवनयापनमा अपनाइएको संस्कृतिको कसीमा रगडेर ती स्थान र वस्तुहरूलाई अवलोकन गर्नेछु ।

चोच्छेटोलबाट लायकू हुँदै तःमारी अर्थात् टौमढी जाने यात्रारेखा तयार गरेकी छु मैले । टौमढी जाँदा लायकूतर्फबाट अथवा सुकुलढोकामा ओर्लेर गए पनि हुन्छ । यी दुवै बाटाहरूले लगभग एकै किसिमको दूरी निश्चित गर्छन् । लायकू मल्लराजाहरूको वासस्थान हो । यो क्षेत्र सबै देवदेवीहरूका मन्दिर र राजदरबारले ओगटेको छ । हाल यस क्षेत्रले नयाँ नाउँ पाएको छ पूर्ण आधुनिक नाउँ । पर्यटकलाई सजिलो परोस् भनेर यसलाई 'दरबार स्क्वायर' भनिएको हुनुपर्छ । तर हाम्रो जनबोलीमा भने 'लायकू' नै सरल र सहज ढङ्गले आउने गर्छ । 'स्क्वायर' को अर्थ चोक हो । तर दरबारचोक भनिएको छैन ।

बालाखुको गणेशमन्दिर हुँदै जब म लायकूक्षेत्रमा प्रवेश गर्छु, मलाई मेरो जीउ नै हल्का भएको महसुस हुन्छ । किनभने खुला ठाउँ, सफा, राम्रो गरी



मिलाएर इँटाले छापिएका बाटाहरू र चोक । वरपर पुराना कलाकृति सजिएका सत्तल र मन्दिरहरू छन् । बिहानको समय, मान्छेहरूको ओहोरदोहोर बढेको छ । बटुवाहरू आ-आफ्ना गन्तव्यमा पुग्न आतुर देखिन्छन् । तर म भने बिस्तारै स्थान र वस्तुलाई हेर्दै र नियाल्दै हिँडिरहेकी छु ।

एउटा मन्दिरको सामु पुगेपछि मेरो हिँडाइ अनायास रोकिन्छ । यो महादेवको मन्दिर हो । यस देवलभित्र रहेको शिवलिङ्ग दर्शनार्थीका लागि खुला छैन । पुराना र नयाँ दुवै किसिमका कलाकृतिले सजिएको यस मन्दिरमा दैनिक पूजाआजा भने हुने गर्छ । जुन राजाले यो मन्दिर बनाए, तिनले दैनिक पूजा चलोस् भन्ने उद्देश्यका साथ केही गुठीजग्गा राखिदिएका हुँदा दैनिक पूजासम्म चलेको छ । यस मन्दिरमा रहेका देवताको पूजाआजा शिवजुजुका परिवारले पुजारीका रूपमा सञ्चालन गर्दै आएका छन् ।

आजभन्दा करिब तेह्र वर्षअगाडिको कुरो हो, त्यस बखत म कक्षा नौमा पढ्थेँ । उमेरका हिसाबले म करिब तेह्र वर्षकी हुँदी हुँ । एक दिन शिवजुजुले यही मन्दिरमा भेट गर्नका लागि बोलाए । मैले नकार्न सकिनँ र 'हुन्छ' भन्न पनि सकिनँ । बोलाएको समयमा डराई-डराई बिस्तारै मन्दिरको प्राङ्गणमा पुगेँ । केही उत्सुकता र केही भय मनमा बोकी त्यहाँ उपस्थित भएँ ।

बिहान शिवजुजुका बाले पूजा गर्ने र साँझको आरती भने शिवजुजुले गर्ने तालिका बाँधिएको रहेछ । उनले हरेक साँझ त्यस मन्दिरमा साँझको बत्ती बाल्ने र आरती गर्ने काम त्यसै वर्षदेखि सुरु गरेका रहेछन् । त्यस समयको कुरो म सम्झन्छु, उनले मलाई मन्दिरभित्र आउन भने, तर मेरो पाइला चलेन । म बाहिरै बसेँ । धोती र गन्जी लगाएका उनी खाली खुट्टामा थिए । जुत्ता र टोपी मन्दिरबाहिर एउटा कुनामा राखेका रहेछन् । पछि मैले देखेकी थिएँ ।

पहिलो दिन त्यत्तिकै भयो । जाने बेलामा उनले भने – ***चकना ! म सधैँ साँझमा यहाँ आरती गर्न आउँछु । तिमी पनि आऊ है !***

मैले उनलाई केही जवाफ दिइनँ । तर 'भोलि यही समयमा आउँछु' भन्ने निश्चय मैले मनमनै गरेकी थिएँ ।

भोलिपल्ट म त्यही समयमा मन्दिरमा पुगेँ र शिवजुजुले आरती गरुन्जेल उभिएर हेरिरहेँ । उनले आफ्नो काम सकेपछि मलाई देखे र भित्र आउन भने । मैले अप्ठेरो मानेको उनले बुझे क्यारे, उनी बाहिर आएर मेरो दाहिने हातको औँला समाए । पानीमा तैरिएझैँ गरी हल्कासँग उनले डोर्‍याएकोतर्फ लागेँ म । मन्दिरको ढोकाबाट हामी दुवै भित्र प्रवेश गर्‍यौँ ।

आरतीको बत्ती निभिसकेको थिएन । बत्तीको दोछायामा चम्किएको उनको उज्यालो अनुहारलाई मैले हेरेँ । मेरो होस गुम भयो, जब उनले मेरा दुवै कुममा दुई हात अड्याए । 'आ .....' को आवाजसँगै म थुचुक्क बसेछु ।

उनी उतर्सिएर मन्दिरको ढोकाबाहिर पुगे । म पनि केही क्षणमै मन्दिरबाट बाहिरिएर उनीसँग केही नबोली घरतर्फ लागेँ ।

यही प्रक्रिया पाँच दिनसम्म दोहोरियो । म जान छोडिनँ । उनले मन्दिरभित्र प्रवेश गराई मेरो शरीर स्पर्श गर्ने कार्यमा रोक लगाएनन् । सातौँ दिनमा म उनको अँगालोमा बाँधिएँ र मेरो अँगालोभित्र उनी । जब मेरो स्तन उनको छातीमा रगडियो, पूरै शरीर रसिलो हुँदै पसिना छुट्यो । निहुरिएको मेरो शिर उनको च्युँडोले मेरो निधारलाई धकेल्दा उचालिन्थ्यो । जब मेरो शरीर हल्का भएर लच्कन खोज्थ्यो, त्यस बखत मेरो काखीमुनिबाट पसेका उनका दुवै हात कस्सिएर मास्तिर खिचिन पुग्थे र खिचेरै उनी आफ्नो कदसँग मिलाउन खोज्थे । यसरी शरीरका प्रायजसो अङ्ग खुम्चने र तन्कने प्रक्रियाबाट उत्पन्न सोचशून्य अवस्थामा मभित्र उनी समाहित भइदिए ।

म त्यही आनन्दको अनुभूति यतिखेर पनि ताजै रहेको महसुस गरिरहेकी छु । म मन्दिरको ढोकानजिकै पुग्छु र भित्र नियाल्छु । पुरानो घटना ताजै रहेको छ मुटुमा । हिजो साँझ मात्र त्यो घटेको हो कि भन्ने मलाई भान हुन्छ । घटनापछि म हतार-हतार आफूलाई सम्हाल्दै दौडेर घर पुगेको र घप्लक्क घोप्टिएर एक्लै रोएको सम्झन पुग्छु ।

त्यस घटनापछि त्यस समयमा शिवजुजु रोए वा हाँसे, अथवा उनले खुसी मनाए, मलाई थाहा भएन र पछि पनि सोध्ने हिम्मत गरिनँ । तर म भने आधा रातसम्म रोएँ, आफैँभित्र पिल्सिएँ । शरीरभित्र एउटा गरुङ्गो वस्तु पसेजस्तो लाग्यो । मन हल्का हुन खोजे पनि त्यो भारी वस्तुले तलबाट धकेल्दा मन पनि गरुङ्गो हुँदै गयो । मनमा आएका अनेक भय र त्रासले थिचेपछि मभित्र एउटा अपराधबोध भयो । अपराधबोधसँगसँगै घृणा पनि पैदा भयो ।

शिवजुजुले ममाथि अपराध गरे वा मैले उनीमाथि ? वा हामी दुवैले दुवैमाथि ? यो खुट्याउन म अहिले पनि सक्तिनँ – अपराध कसबाट भयो ? तर भय भने मभित्र भुसमा आगो भएर फैलियो ।

मन्दिरको एक चक्कर लगाएर पुराना घटनाहरू सम्झँदै र बिर्सन खोज्दै म बःतलेको बाटोबाट भुजिँकोखा पुग्छु । भुजिँकोखा टौमढीचोकको पश्चिम-उत्तरतर्फको कुनो हो । त्यहाँबाट पूरै चोकको दर्शन हुन्छ । टौमढी ख्वपदेशको केन्द्र हो । यही टौमढीचोकको मध्यविन्दुबाट दक्षिणतर्फको टोललाई तल्लो टोल र उत्तरतर्फको टोललाई माथिल्लो टोल भनिन्छ । तल्लो क्षेत्र र माथिल्लो क्षेत्रलाई यसै केन्द्रले विभाजित गरेर आपसमा प्रतिस्पर्द्धी बनाएको छ । त्यसै कारणले पनि नगरविकासमा सहयोग जुटेको छ । तल र माथिको प्रतिस्पर्द्धा नै नगरविकासका लागि शक्तिसञ्चय हो ।

एक-आपसमा प्रतिस्पर्द्धाको भावनाले सीपविकास गरून्, वृत्तिविकास गरून्, आर्थिक विकास गरून्, स्थानीय क्षेत्रको विकास गरून्, सांस्कृतिक



विकास गरून्, सहयोगात्मक भावनाको विकास गरून्, समष्टि नगरविकासमा जुटून् र जुट्न सकून् भन्ने उद्देश्यका साथ तल्लो क्षेत्र र माथिल्लो क्षेत्र भनेर रेखाङ्कन गरिएको थियो । पूर्वजहरूको यो दूरदर्शी निर्णय लामो अवधिसम्म चल्यो पनि । तर अहिले त्यही रेखा झगडाको जड भएर उभिएको छ । 'थँने' र 'कोँने' को विभाजन अहिले बल, रिसइवि र झगडामा परिवर्तित हुन पुगेको छ । अचेल प्रत्येक वर्ष यो टौमढी युद्धभूमिका रूपमा देखिने गर्छ । जीवन र वस्तु दुवैको नोक्सानी हुन्छ । आधुनिक समाजले भित्र्याएको नयाँ संस्कृति हो झगडा । वर्तमानको टौमढी युद्धभूमि सावित भएको छ भन्दा दुःख लाग्छ ।

'तःमारी' अर्थात् ठूलो रोटी । जनबोलीमा 'तःमारी' भए पनि टौमढी भनिने यो ठाउँ खुला र चौडा छ । यहाँ राम्ररी मिलेका डबलीहरू छन् । उत्तरतर्फ विश्वप्रसिद्ध 'ङातापोल' पाँचतले मन्दिर र पूर्वतर्फ भैरवनाथको विशाल मन्दिर छ ।

म पुबहालको अगाडिको डबलीमा पुगेकी छु र पूर्वतर्फको भैरवनाथमन्दिरको ठीक सामु उभिएकी छु । मेरो दायाँतर्फ 'ऐसामारी' छ भने दायाँतर्फ दिगँगणेश अर्थात् जोरगणेशको सानो देवल छ । जुन डबलीमा म यतिखेर उभिएकी छु, यस डबलीले विशेष महत्त्व राख्तछ । यो डबलीको चौकोण बराबर मिलेको छ । बिहानको समय भएको हुँदा भैरवनाथमन्दिरको प्राङ्गणमा 'फलिँचा भजन' चलिरहेको छ । भजनको सङ्गीतको ध्वनि चोकभरि फैलँदै मन्द गतिमा मसम्म आइपुगेको छ । मन्दिरहरू घुमेर बिहानको पूजामा सम्मिलित हुने पुरुष तथा महिलाहरूको ओहोरदोहोर भइरहेको छ । भैरवनाथमन्दिरको ढोकामा आवतजावत भएको देखिरहेकी छु । यस टोलमा मूल रूपमा पुजिने देवता भैरवनाथ नै हुन् । बेताल तिनका सहायक देवता हुन् । तिनी भैरवनाथका साथसाथै पुजिन्छन् ।

ङातापोलमन्दिरमा सिद्धिलक्ष्मीको मूर्ति स्थापना गरिएको छ । कलाकृतिको ऐतिहासिक धरोहर भएर उभिएको ङातापोल पूजनीय मन्दिर होइन । यहाँ पूजा हुन्छ दैनिक रूपमा, तर पुजारीबाट मात्र । कुनै पनि दर्शनार्थीलाई मन्दिरभित्र प्रवेश नगराइने हुँदा ङातपोलमन्दिरमा सिद्धिलक्ष्मी भए पनि आमजनताबाट पूजा-अर्चना हुँदैन ।

दक्षिणदिशातर्फ मोहडा भएको यो ङातापोल या न्यातपोलमन्दिरका चारै सुरमा गणेशका स-साना मन्दिरहरू छन् । पाँच खण्डमा विभाजन गरी तलबाट माथि सानो हुँदै गएको खण्डलाई राम्ररी मिलेका ढुङ्गाका सिँढीहरूले जोडेर तलदेखि माथिसम्म टमक्क मिलेको भऱ्याङ तयार भएको देखिन्छ । त्यस भऱ्याङका दायाँबायाँ जोडी मिलाएर ढुङ्गाका ठूला-ठूला मूर्ति ठड्याइएका छन् । सबैभन्दा तल 'कुट्व' का जोडी छन्, जसलाई जयमल पत्ता नाम गरेका पहलमानको जोडी भनिन्छ । त्यसभन्दा माथि हात्तीका जोडी छन् । हात्तीका यी

जोडी हात्तीको जीवनकदबराबर नै देखिन्छन् । प्रस्तरनिर्मित हात्तीका जोडीभन्दा माथि सिंहका जोडी छन् । त्यसभन्दा माथि शार्दूल र शार्दूलभन्दा माथि देवीका दुई मूर्ति छन् । ती देवीमूर्तिको एउटा मुहारमा सिंहको र अर्कोमा बाघको अनुहार कुँदिएका छन् । यसरी पाँच जोडीलाई मन्दिरका रक्षकका रूपमा राखिएको अनुमान हुन्छ ।

यति विशाल प्रस्तरमूर्तिहरू हेर्दा अनुमान गर्नै कठिन हुन्छ त्यस समयमा त्यस्ता मूर्तिहरू तयार गर्न कहाँबाट सामग्री जुट्यो र कसरी निर्माण भयो होला । त्यस बखत बाटोघाटोको सुविधा थिएन । आजको जस्तो गाडी, गाडा र मोटरहरू पनि थिएनन् । त्यति मात्र होइन, त्यहाँ प्रयोग भएका ढुङ्गाका जातलाई विचार गर्दा उपत्यकाका छेउछाउमा त्यस्ता ढुङ्गाका खानी पनि देखिँदैनन् । कसरी यस नगरमा त्यस्ता सामग्रीहरू भित्र्याइए र मूर्तिहरू तयार भए ? एउटा मूर्ति तयार गर्न कति परिमाणमा कच्चा पदार्थको आवश्यकता भयो ? यस्ता अनुत्तरित प्रश्नहरू मेरो मस्तिष्कमा फुर्दै र सेलाउँदै जान्छन् ।

शार्दूल पूर्णतः काल्पनिक जनावर हो । यसको अस्तित्व विश्वमा थियो वा थिएन, त्यो अनुसन्धानको विषय हो । तापनि यहाँ शार्दूललाई रक्षकका रूपमा उभ्याइएको छ । यो नै यस मन्दिरको महत्त्वपूर्ण र अद्वितीय कलाको प्रस्तुति हो । हात्तीबाहेकका सबै प्रस्तर मूर्तिहरू काल्पनिक प्रतीत हुन्छन् ।

हेर्दाहेर्दै चोकमा पर्यटकहरूको सङ्ख्या पनि बिस्तारै बढ्दैछ । तस्बिर खिच्न आतुर पर्यटकहरू चोकको एक कुनाबाट अर्को कुनामा ओहोरदोहोर गरिरहेका छन् । ङातापोलमन्दिरको पूर्ण भाग क्यामेराको लेन्समा अटाउन सजिलै सकिँदैन । त्यसैले पनि क्यामेरा बोकेका मान्छेहरू यता र उता लाग्दै ङातापोललाई कैद गर्न प्रयत्नरत देखिन्छन् । मन्दिरको उचाइको अनुपातमा चोकको फैलावटको अनुपात नमिलेका कारणले पनि मन्दिरको पूर्ण भाग न मानवआँखाले एकैपटक हेर्न सक्छ, न क्यामेराको लेन्सले नै भित्र्याउन सक्छ ।

मलाई ङातापोलको मन्दिर उक्लन मन लाग्छ । बिस्तारै म त्यसतर्फ लम्कन्छु । 'कुट्‌व' जसलाई जयमल र पत्ता नाम गरेका पहलमान भनिन्छ, तिनका बीचबाट मन्दिर उक्लने सिँढी सुरु हुने हुँदा घुँडा खुम्चाएर बसेका ती विशाल प्रस्तरमूर्तिहरूलाई आफ्ना दायाँ र बायाँ छोड्दै म उक्लिन थाल्छु । हात्ती, सिंह र शार्दूललाई तल पार्दै म माथि पुग्छु । काठका खम्बाहरूले चारैतर्फबाट घेरिएर मन्दिरको माथिल्लो भागलाई अड्याएका छन् । मन्दिरको चारै दिशा घुम्ने क्रममा म पश्चिम हुँदै उत्तर-पूर्व भएर दक्षिणतर्फ आइपुग्छु, अर्थात् मन्दिरको मोहडातर्फ । ठूलो तःमारी प्राङ्गणमा ङातापोलको ठीक सामु ठूलो डबली र बायाँतर्फ भैरवनाथको विशाल मन्दिर भएको हुँदा यो स्थान मनमोहक छ ।



ऐसामारीमा आजकल रेस्टुराँ चलाइएको छ । केही पर्यटकहरू रेस्टुराँको बरन्डामा बसी यो मन्दिर र मन्दिरपरिसरलाई हेरेर रमाइरहेका छन् । पेयपदार्थ पिइरहेका छन् । हरेक कोण र तहका फोटो खिचिरहेका छन् । आफैँभित्र रमाएर हराइरहेका छन् । मलाई पनि त्यहाँ गएर त्यसै गरी यो मन्दिरको अवलोकन गर्न मन लागिरहेको छ ।

यहाँका हरेक वस्तुले मेरो मन खिचेको छ । बाल्यकालदेखि देखेको यस मन्दिरले प्रत्येक पछिल्लो हेराइ र घुमाइमा नयाँ विचार र जिज्ञासा जागृत गराइदिन्छ । मस्तिष्कभित्र यसका बारेमा भिन्नै किसिमबाट व्याख्या हुने गरेको छ । यसपटक पनि मलाई त्यस्तै भएको छ । काठका खम्बालाई हातले छुँदै म सम्झन्छु – यो खम्बा तीन सय वर्षअघिदेखि ठिङ्ग उभिएको छ । अझै कति वर्षसम्म त्यो खम्बा उभिने हो, म अनुमान गर्न सक्तिनँ । म विचार गर्छु – यो कसरी निर्माण भयो ?

म त्यहाँबाट ओर्लिएर सरासरी ऐसामारीको सत्तलमा रहेको रेस्टुराँमा प्रवेश गर्छु र माथिल्लो भागको बरन्डामा रहेको एउटा टेबलको छेउमा रहेको मेचमा बस्छु । म बसेकै टेबलको छेउमा आएर रेस्टुराँमा एकजना केटा उभिन्छन् । बिहान नै रहेको हुँदा एक कप चिया मात्र मगाउँछु ।

मेरा आँखा ङातापोलका रक्षक जयमल र पत्ताका प्रस्तरमूर्ति हुँदै माथि मन्दिरको ढोकासम्म पुग्छ । त्यहाँ म केही क्षणपहिले पुगेकी थिएँ र मन्दिरका काठका थामहरूलाई बायाँ र गारोलाई दायाँ पार्दै परिक्रमा गरेकी थिएँ । म त्यसै गरी मनलाई पनि घुमाउँछु र विचार गर्छु यो विशाल मन्दिरको निर्माणका बारेमा । राजाले यो मन्दिर के उद्देश्यले बनाए ? उनकै जीवनकालमा कसैलाई प्रदर्शित गर्न बनाए कि कसैलाई उपहार दिन बनाए ? यहाँ स्थापित देवताको ख्याति बढोस् वा सारा देशवासीले पुज्न सुरु गरून् भन्ने उद्देश्यले बनाएका हुन् कि ? वार्षिक मेला लागोस् वा यस भेगमा बसोवास गर्ने व्यक्ति वा समुदायका कुलदेवता वा मूलदेवता वा इष्टदेवता भइदेओस् भनेर हो कि ? यस्ता प्रश्नहरू अनुत्तरित भएरै तीन सय वर्ष गुज्रिसके ।

ङातापोलको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको पाँच अङ्कको प्रयोग हो । पाँच गणेशलाई चौकुनामा राखी, पाँच तहको पेटी बनाई, ती पेटीमा पाँच जोडीको सुरक्षास्तम्भ खडा गरी पाँच तला छाना हालेर बनाएको यो पाँचतले मन्दिरमा स्थापित सिद्धिलक्ष्मीको मूर्तिका साथ पाँचै देवीका मूर्तिहरू स्थापना गरिएका छन् । पञ्चतत्त्वबाट जसरी यो शरीर निर्माण भएको छ, त्यसै गरी ङातापोललाई राजा भूपतीन्द्र मल्लले जीवन प्रदान गरेका होलान् भन्ने मलाई लागेको छ ।

मन्दिरको ढोका जमिनभन्दा धेरै माथि छ । ढोकाजडानका दृष्टिले हेर्दा मूर्ति त्यहीँ माथि नै हुनुपर्ने अनुमान हुन्छ । तर वास्तवमा यस मन्दिरमा स्थापित सिद्धिलक्ष्मीको मूर्ति तल जमिनको सतहमा छ । अर्थात मूर्तिको दर्शन

गर्न त्यति नै तल झर्नुपर्छ, जति मन्दिरको मूल ढोकामा पुग्न उक्लिनुपर्छ । तीन तहमा नौ मुख र अठार हात भएकी सिद्धिलक्ष्मीदेवीका दायाँ-बायाँ महाकालभैरव र मसानभैरवका मूर्ति एउटै ढुङ्गामा निर्माण भएका छन् भनिन्छ । यो मन्दिर राजा भूपतीन्द्र मल्लले ने० सं० ८१४ सालमा बनाउन सुरु गराएको र ८२४ सालमा निर्माण पूरा भएको देखिन्छ । यसको बनावटको प्रविधिलाई विचार गर्दा अत्यन्तै वैज्ञानिक पनि छ । त्यसका साथसाथै ज्योतिष र वास्तुशास्त्रमा पूर्णरूपमा आधारित छ । अनि धार्मिक मूल्य र मान्यताको जगमा यो मन्दिर खडा भएको देखिन्छ ।

यस मन्दिरको महत्त्व भर्खर बुझे विश्वबजारका मान्छेहरूले । करिब पाँच दशक पनि भएको छैन यसको महत्त्व बढ्न थालेको । जब यो ख्वपदेशमा पश्चिम मुलुकका सभ्य भनाउँदा पर्यटकहरू आउन थाले, तबदेखि मात्र यस मन्दिरको विशालताका बारेमा हामीलाई बिस्तारै जानकारी हुन थाल्यो । पर्यटकको आगमनपछि मात्र यसको ऐतिहासिक, सांस्कृतिक र वैज्ञानिक पक्षमा व्याख्या र विश्लेषण हुन थाल्यो । मान्छेहरूले सूक्ष्म किसिमबाट यसका कलाकृतिहरूलाई हेर्न र अवलोकन गर्न थाले । बल्ल बुझ्दै गए यो हाम्रो ऐतिहासिक धरोहर रहेछ ।

हो, समाजमा महापुरुषहरू जन्मन्छन् । आफ्नो जीवनकालमा उनीहरू जे गर्छन्, त्यसको उपभोग गर्न पाउँदैनन् । त्यसको लाभ लिन पाउँदैनन् । ख्याति देख्न, सुन्न र बुझ्न पाउँदैनन् । तर पनि आफ्नो कल्पनालाई साकार रूप दिन जीवनभरि नै किन मान्छे एकोहोरो भएर लाग्छन् ? किन दुःख र कष्टलाई अङ्गिकार गरेर जीवनलाई नै बेचैन बनाउँछन् ? उनीहरूलाई थाहा छ आफ्नो जीवनमा त्यस वस्तुले सुख प्रदान गर्न सक्तैन, तापनि काम गरेरै छाड्छन् । कस्तो अनौठो उद्देश्य ! कस्तो दूरदर्शी विचार ! मेरा अगाडि कैयौँ ऐतिहासिक महापुरुषहरूका कार्यहरू सलबलाएर मस्तिष्कमा झाङ्गिन्छन् र मेरो सानो खुल्दुलीलाई मेटाइदिन्छन् । मान्छे स्वार्थी प्राणी हो । तर त्यही स्वार्थ सङ्कुचित भएर परिवार र व्यक्तिमा सीमित रहेर खुम्चँदा परिवारमा नै रहने र परिवार, समुदाय, समाज तथा त्यसको कला, साहित्य र संस्कृतिमा ढाकिने हुँदो रहेछ । आकाश र जमिनको जस्तो अन्तर हुँदो रहेछ । मलाई यस कुरामा विश्वास हुन्छ र म चित्त बुझाउँछु । आफ्नो जीवनलाई मेटाएर कामलाई जगेर्ना गर्नेहरूलाई म नमन गर्छु ।

भैरवनाथको मन्दिर एक तलाको थियो । जब ङातापोल बन्यो, यो मन्दिर पनि तीन तलाको बन्न पुग्यो । यो तःमारीको खुला चोकलाई यी दुवै मन्दिरले प्राङ्गण बनाएका छन् भने यो खुला चोकमा यी दुई मन्दिर खडा भएर यस चोकलाई नै मनमोहक बनाएका छन् ।



साँच्चै भनूँ भने यस चोकमा म दिनभरि बस्न सक्छु, कुनाकाप्चामा रहेका स-साना कलाकृतिसँग भुल्न सक्छु, काठ र प्रस्तरमा कुँदिएका अनेकानेक कलाहरू हेरेर रमाउन सक्छु, मन्दिरमा तल-माथि र भित्र-बाहिर गरेर पूरै दिन बिताउन सक्छु र यहाँ हराउन सक्छु ।

म बसेको ठीक पूर्वमा रहेको भुच्छेँननीमा प्रवेश गर्ने ढोकामा मेरो नजर पर्छ । त्यही ढोका भैरवनाथ र बेतालको दर्शनका लागि प्रवेशद्वार पनि हो । धेरै भयो त्यस ढोकाबाट म भित्र प्रवेश गरेकी छैन । एक तलामाथि रहेका भैरवनाथ र बेतालको दर्शन गर्न नगएको पनि वर्षौं भइसक्यो । भैरवनाथको शिर मात्र देखिन्छ भने पूर्ण कदका बेताललाई पृथ्वीतर्फ फर्काएर घोप्ट्याएर राखिएको छ । मलाई यी दुवै देवताका बारेमा केही जानकारी त छ, तर पनि अझ धेरै जानकारी प्राप्त गर्ने इच्छा छ ।

म बसेको ठीक पूर्व तःडबलीको कुनामा 'तःडबुया लोहँ' मा आँखा पर्छ । यो ढुङ्गाले कैयौँलाई मुक्ति दिएको छ भने कैयौँलाई नोक्सानीमा पारेको छ । शदियौँदेखि यस ढुङ्गाले गरेको इन्साफबाट न्याय पाएका व्यक्तिहरू यस धर्तीमा नरहे तापनि यो ढुङ्गो बाँचेको छ आफ्नो इतिहासलाई प्रदर्शन गर्दै ।

मानव-अधिकारको संरक्षण गर्ने उद्देश्यले विकसित पश्चिमी मुलुकहरूले 'ऋणीले टाट घोषित गर्न पाउने र त्यस्तो टाट घोषणा गरेपछि कुनै पनि बैङ्क, वित्तीय संस्था, कम्पनी वा व्यक्तिलाई तिर्नुपर्ने ऋण माफी हुने' ऐन तर्जुमा गरेर भर्खर अर्थात् आधा शताब्दीअगाडि मात्र मानव-अधिकारको संरक्षण गरेका छन् । तर शदियौँ पहिले यस ख्वपदेशमा बस्ने कुनै पनि नागरिकले लिएको ऋण तिर्न नसक्ने भन्ने स्थिति आएमा यस ढुङ्गामा चित परेर सुतेपछि ऋणमुक्ति हुने व्यवस्था थियो । सम्झँदा गर्वले छाती फुक्छ – सभ्यता र मानव-अधिकारका दृष्टिले पश्चिमी मुलुकभन्दा मेरो ख्वपदेश अगाडि रहेछ । एक शताब्दीअगाडिसम्म विकसित भनाउँदा युरोप र अमेरिकाका मुलुकहरूमा ऋणीले शरीरको मासु काटेर ऋण चुक्ता गर्नुपर्ने वा जीवनभर साहुको बँधुवा नोकर भएर बस्नुपर्ने कानुन थियो ।

चोकको नैऋत्यकोणमा रहको सुनको धारो र त्यसअगाडिको चिवःमा मेरो आँखा पुग्छ । तःमारीमा रहेका एक-एक वस्तु र कोणको विशेष महत्त्व छ, नाउँ छ र त्यसको आफ्नै काम छ । कुनै वस्तुका इतिहासहरू प्रदर्शित छन् भने कुनैका मेटिएका छन् । यहाँको प्रत्येक ढुङ्गामा इतिहास कुँदिएको छ ।

ङातापोलको पाँचतले झिँगटीको छानामाथि एक गजुर छ भने भैरवनाथको तीनतले छानामाथि सात गजुर रहेका छन् । गजुर मन्दिरको शिरोभागमा रहने वस्तु हो । तर भैरवनाथको यस मन्दिरको पहिलो तलाको छानामाथि तीनवटा गजुर रहेका देखिन्छन् । पहिलो तलामा प्रदर्शित तीन

गजुरबाट के अनुमान गर्न सकिन्छ भने भैरवनाथको मन्दिर पहिले एकतले मात्र थियो ।

राजा भूपतीन्द्र मल्लले धेरै शिलालेखमा 'महाराजाधिराज भूपतीन्द्र मल्ल देव' भनी लेखे-लेखाएका छन् । यसको अर्थ हो राजा भूपतीन्द्र मल्ल ख्वपदेशका मात्र राजा थिएनन् । उनको अधिनमा स-साना अन्य राजा-महाराजा पनि थिए भन्ने यसबाट बुझिन्छ ।

राजा जितामित्र मल्लका छोराका रूपमा जन्मिए पनि राजकाजको षड्यन्त्रमा परी भूपतीन्द्र मल्लले युवा अवस्थामा नै निर्वासित जीवन बिताउनुपरेको थियो । नौ वर्षको लामो निर्वासित जीवनपछि राजा भएका भूपतीन्द्र मल्लले ख्वपदेशको आर्थिक, धार्मिक र सांस्कृतिक विकास मात्र गरेनन्, वास्तुकला, मूर्तिकला र अन्य अनगन्ती कलाको विकास गरेर ख्वपदेशको कायापलट नै गरिदिए र जतिसुकै अध्ययन गरे पनि नयाँ-नयाँ कुराको जानकारी हुने गरी अध्ययनको अथाह भण्डार छाडेर गए । पच्चीस वर्षको शासनकालमा उनले निर्माण गरेका भवन र मन्दिरहरू आज विश्वका दर्शनीय वस्तुहरूका रूपमा विश्वविख्यात हुन पुगेका छन् । उनी वास्तुकलाका अभियन्ता भएकै कारण यो ङातापोल देवल बन्न सकेको हो भन्ने प्रमाण स्वयं मन्दिरले दिइरहेको छ । भनिन्छ, यो मन्दिर बनाउँदा राजा भूपतीन्द्र मल्ल आफैं कलाकारसँग बसी कलालाई बढी मनमोहक बनाउन मद्दत गर्दथे भने ज्यामीहरूसँग बसी इँटा, ढुङ्गा र काठ बोक्न पनि तम्सिन्थे । राजा स्वयम्को निर्माणकार्यमा प्रत्यक्ष संलग्नता भएका कारण ख्वपदेशमा बसोवास गर्ने अरू बाल, वृद्ध र महिलाहरूसमेत आई निःस्वार्थ सघाएका हुँदा यो अनौठो र विशाल मन्दिरको निर्माण सम्भव भएको हो ।

राजा भूपतीन्द्र मल्लले अनेक भजनको रचना गरेका छन् । उनले रचना गरेका भजनहरू आज पनि टोलटोलमा गाइँदैछन् । उनी कवि थिए, सङ्गीतकार थिए, धर्मका मर्मज्ञ थिए र कलाका पारखी थिए । त्यसैले त उनले ख्वपदेशलाई विश्वको अनुपम नगरका रूपमा चिनाउन सक्ने गरी विकास गर्न सके । उनले सधैं नौलो र नयाँ नै रहने वस्तुहरूको निर्माण गरेर गए । उनको विशालतालाई मेरो समझले आकलन गर्न सक्तैन, सक्तैन उनका परिश्रम, सुदृष्टि र दूरदृष्टिको मूल्याङ्कन गर्नलाई पनि । म झस्कन्छु, आँखा खुल्छ र सम्झन्छु – राजा भूपतीन्द्र मल्लको सालिक त लायकूचोकमा राखेको देखेकै छु । तलेजुभवानीको मूल द्वारअगाडि एउटा लामो ढुङ्गाको खम्बामाथि हात जोडेको मुद्रामा ढाल-तरबारका साथै कलाकारले प्रयोग गर्ने औजारसमेत कम्मरमा सजिएको अवस्थामा घुँडा मारेर स्तुति गर्न बसेका राजा भूपतीन्द्र मल्ललाई म जान्ने भएदेखि नै देखेकी छु । इतिहास र संस्कृतिको अध्ययन नहुँदासम्म मलाई त्यस सालिकले केही छुन सकेको थिएन । जब मैले आफ्नो



जन्मभूमिका बारेमा जानैं, बुझैं र सुनैं, त्यसपछि प्रत्येक ठाउँ-बेठाउँ रहेका र सजिएका वस्तुहरूसँग म नजिकिँदै गएँ ।

लायकूचोकमा जाने निर्णय गरी म तल चोकमा झर्छु । ऐसामारीको ढोकाबाट निस्किन्छु । चोकतर्फ मोडिन लाग्दा अनायास मेरो आँखा इतःछैँको पेटीमा उभिइरहेका शिवजुजुमाथि पर्छन् । म हडबडाउँछु । मेरा पाइला रोकिन खोज्छन् । मलाई उनीसँग भेट्ने कुनै इच्छा मनमा थिएन र छैन । तापनि मेरो उत्साह र जाँगर उनलाई देख्नेबित्तिकै हराउने हुँदा म अलमलमा पर्छु । उनको उपस्थितिले मेरा लागि असाधारण अवस्था निम्त्याउँछ । यो मेरो कमजोरी हो वा म उनको तेजिलो शक्तिबाट निस्तेज हुन खाजेकी हुँ, म अनभिज्ञ छु ।

मेरो अलमलाइ बुझेर उनी इतःछैँको पेटीबाट बाटोमा उत्रन्छन् र मेरो नजिक आएर मुस्कुराउँदै पहिलो बोली बोल्छन् – ***तिमीलाई कस्तो छ ?***

मैले केही जवाफ दिइनँ । पहिलो बोलीमा बोलिने 'ठीक छ' वा 'ठीकै छ' भन्ने वाक्य बोल्नु जरुरी पनि छैन । शिर, अनुहार र आँखा जसले जवाफ दिए पनि हुने हुँदा म चुप रहेँ । फेरि उनले दोस्रो बोली बोले – ***तिमी किन यहाँ ?***

यसको जवाफ पनि मेरो उपस्थितिले दिने हुँदा मैले उनको अनुहारलाई मात्र हेरेँ । उनले मन्द मुस्कानका साथ भने – ***तिमीलाई देखेर नै म कुरेर बसेको हुँ । जाऊँ स्वाँमलाको बाटो ।***

मलाई लायकूचोक पुग्नु थियो । स्वाँमलाको बाटोबाट पनि त्यहाँ पुगिने हुँदा मैले शिरले मात्र सहमति दिएँ । उनी स्वाँमलागल्लीतर्फ अघि बढे । म उनको पछि लागेँ । कमिज-सुरुवालमा ज्वारिकोट लगाएका पूर्ण युवक शिवजुजुमा मेरो उही आकर्षण छ । म यो झिनो डोरीलाई सदाका लागि चुँडाल्न चाहन्थेँ र चाहन्छु पनि । तर म विवश छु । उनका सामु म केही बोल्न सक्तिनँ । उनको हात मलाई स्पर्श गर्न सलबलाएकाले होलान्, उनी आफ्नो हातलाई नियन्त्रण गर्दै ज्वारिकोटका दुवै खल्तीमा हात घुसारेर बिस्तारै अघि बढिरहेका छन् । दुई-तीन पाइलापछि उनी फर्केर हेर्छन् र म उनीसँगै पुगौँ भन्ने किसिमबाट अलमलिएर हिँड्छन् । उनी जसरी अलमलिएका छन्, त्यसै गरी मेरो पनि गतिमा मन्दी छ, साथै उत्साहहीन गति छ ।

***तिमीसँग भेट गर्ने इच्छा थियो । मनभरिका कुराहरू गर्ने रहर थियो । अझ कुनै एकान्त स्थानमा बसेर आफ्ना सबै व्यथाहरू सुनाउने र सुन्ने विचार थियो ।*** उनी मतर्फ फर्किएर बिस्तारै, मैले मात्र सुन्न सक्ने स्वरमा बोल्दै गए – ***के गर्नु, तिमीलाई भेट्नै गाह्रो !***

मैले सुनेँ उनले भनेका र भन्न खोजेका कुरा । बुझेँ पनि । तर मैले त्यस कुराको कुनै प्रतिक्रिया दिनु जरुरी सम्झिनँ । केही जवाफ नदिई कुरा सुनेको नसुन्यै गरेर बिस्तारै पाइला चाल्दै गएँ ।

*तिमी सुनिरहेकी छ्यौ मैले के भनें ? किन अनुत्तरित चुपचाप ?* – मेरो नजिकै आएर सुस्त बोलीमा उनी प्रश्न गर्छन् ।

मैले केही उत्तर नदिएपछि उनी जोड दिएर भन्छन् – ***केही बोल न चकना ! के भयो तिमीलाई ? तिमीलाई के भयो, भन न !***

म उनीसँग केही बोल्न चाहन्नँ र मेरो भन्नुपर्ने कुरा पनि केही छैन । उनी मेरो जीवनमा आए, आएका छन् । त्यसैको प्रभावले त मलाई केही बोल्न दिँदैन र म केही बोल्न सक्तिनँ । भन्नु र सुनाउनुपर्ने कुरा मसँग नभएको होइन । उनले जसरी एकान्त ठाउँमा सुनाउँछु र सुन्छु भने, त्यो चाहना मेरो पनि छ । तर विवश छु । अब उनीसँग मेरो एकान्त स्थानमा भेट हुँदैन र हुन सक्तैन भन्नेमा पनि छु म ।

मैले उनका अनेक प्रश्नलाई पन्छाउँदै र स्थितिलाई अर्कै मोड दिन व्यङ्ग्यात्मक शैलीमा सोधेँ – ***तिम्रो छोरो कत्रो भयो र के गर्दैछ ?***

उनी नाजवाफ भए । मेरो अनुहार हेरिरहेका उनले आफ्नो शिरलाई निहुर्‍याए, केही जवाफ दिएनन् । जसरी केही क्षणअघि मैले जवाफ दिने कुनै औचित्य देखेकी थिइनँ, सायद त्यस्तै स्थिति रह्यो उनको ।

*भन न शिवजुजु, छोरो के गर्दैछ र कहाँ पढ्छ ?* – मैले दोहोर्‍याएर सोधेँ ।

हुन त मलाई सबै कुरा थाहा छ । उनको छोरो नौ वर्षको भइसक्यो । अङ्ग्रेजी आवासीय विद्यालयमा चार कक्षामा पढ्दैछ । एउटी छोरी सात वर्षकी छे । ऊ पनि राम्रै खालको अङ्ग्रेजी स्कुलमा पढ्दैछे । शिवजुजु पढेलेखेका भए पनि उनले पितापुर्खाले गरिआएका कामलाई नै निरन्तरता दिएका छन् । उनका बारेमा जानकारी राख्नु मेरो चाहना पनि हो । किनभने उनी नै मेरो जीवनको पहिलो आकर्षणका केन्द्र हुन् ।

त्यसो त उनलाई पनि मेरा बारेमा पूर्ण जानकारी छ । उनको मप्रतिको प्रश्न त केवल मसँग बोल्ने बहाना मात्र हो । उनी दैनिकजसो मेरो टोलमा घुम्न आउँछन् र मेरा बाजे भाजुलालसँग बसी घन्टौं कुरा गरेर मेरा बारेमा जानकारी लिने गर्छन् । बाजे भाजुलाल पनि व्यङ्ग्यात्मक भाषामा शिवजुजुले गरेका कुरा सुनाउने गर्छन् । त्यसैले हामीबीच कुनै कुरा लुकेको छैन । घुमाएर-फिराएर, जस्तोसुकै किसिमबाट पनि एकले अर्काको पूर्ण सूचना प्राप्त गरिरहेका छौँ ।

मेरो प्रश्नको जवाफ दिनु उचित नसम्झेर नै होला, उनी पनि चुपचाप आफ्नै जुत्तातर्फ हेर्दै हिँडिरहेका छन् । अब उनको बोली बन्द भयो । उनले सोध्ने र बोल्ने हिम्मत गरेनन् ।

उनी बाहुनवर्गका, हाम्रो समाजका अगुवा । म ज्यापूजातकी ज्यापुनी । आकाश र जमिनजत्तिकै फरक रहेका हामीमा वैवाहिक सम्बन्ध स्थापित हुने स्थिति नै थिएन र त्यसैले भएन ।



सात कक्षामा पढ्दाका बखत नै शिवजुजुको विवाह भएको रहेछ । उनकी श्रीमती उनीभन्दा चार वर्ष कान्छी भएकी हुँदा धेरै समय माइतीमै बस्ने कारणले पनि उनको मप्रति आकर्षण बढेको रहेछ । मैले पछि यो कुरो बुझेँ ।

मैले अहिलेसम्म पनि खुट्याउन सकेकी छैन शिवजुजु र मेरा बीचमा विकसित सम्बन्ध के हो ? प्रेम हो या यौनाकर्षण ? उनी विवाहित केटा, म अविवाहिता केटी । हामीबीच यस्तो सम्बन्ध स्थापित भयो । हामीले देवस्थल भनेर पापको भय मानेनौं, बगैँचामा लडिबडी गर्न हिचकिचाएनौं र सार्वजनिक बाटोमा हात समाएर हिँड्न पनि धक मानेनौं । अहिलेसम्म हामी एक-अर्कासँग भेट गर्ने कार्यक्रमलाई बहिष्कार गर्न सक्तैनौं र चटक्क बिर्सन पनि सक्तैनौं ।

शिवजुजु नगरका मान्यवर पुरोहित हुन् । उनलाई सबैले ढोग्छन्, मान्यता दिन्छन् र आदरसूचक बोलीमा उनको स्वागत गर्छन् । युवक, बालक र वृद्ध, सबैले भेट्नेबित्तिकै 'भाग्याती बाज्या' भन्ने गर्छन् । उनी सबैलाई निधारमा हात छुवाउँदै भाग्य बाँड्दै हिँड्छन् ।

तर मेरो भाग्यसँग भने उनले खेलवाड गरिरहेका छन् । उनकै कारणले मेरो भाग्यमा तुषारापात भएको हो । मेरो जीवनका हरेक घटनाले उल्टो मोड लिएको छ, जसका कारणले म अहिलेसम्म अनिश्चितताको बन्दी हुन पुगेकी छु । यस कुराबाट उनी अनभिज्ञ छैनन्, तापनि यो एकान्त भेटको औचित्य भने मैले बुझ्न सकेकी छैन ।

स्वाँमलागल्लीमा मान्छेको ओहोरदोहोर कम हुने हुँदा उनले यसै बाटोलाई एकान्त ठानेका होलान् । फाट्टफुट्ट मान्छे नभेटिएका छैनन् । जब मान्छे देखिन्छन्, उनी सतर्क भएका छन् र म पनि । चिन्ने जोकोही पनि भेट्नु दुवैका लागि हानिकारक नै हो । भेटलाई पूर्णविराम दिने इच्छा व्यक्त गर्दै म उनलाई भन्छु – ***शिवजुजु ! तिमी समाजका प्रतिष्ठित व्यक्ति ! त्यसमा पनि विवाहित ! छोराछोरीका अभिभावक ! सबैका मान्यजन ! यसरी मसँग भेट गर्नु तिम्रा लागि राम्रो देख्तिनँ । त्यसैले तिमी पूर्णरूपले सबै पूर्वघटनाहरूलाई बिर्सिदेऊ ।***

*त्यो त मैले पनि बुझेको छु, तर ......... !* – उनीसँग बुझाउन सक्ने र भेटको औचित्य सावित गर्न सक्ने शब्द छैनन् । उनी केटाकेटी व्यवहारको प्रकृतिमा झरेका छन्, टोलाउँदै आफ्नो अनुहार खुम्च्याएका छन् । केही बोल्ने हिम्मत पनि उनले गरिरहेका छैनन् ।

*ठीक छ शिवजुजु ! तिमी र म छुट्टिनु वेश छ, तिमी जाऊ, म फर्किएँ* भनेर म फरक्क फर्किएँ र टौमढीतर्फ नै लागेँ । उनी उभिएर मलाई हेरिरहेका छन् भन्ने लागे पनि मैले उनलाई फर्केर हेरिनँ । उनले मलाई कुनै इसारा वा बोलीले रोक्ने आँट पनि गरेनन् र म पनि उनको प्रतिक्रियाको प्रतीक्षामा रहिनँ ।

भेट्ने रहर उनले गरे । केही बोल्ने र वर्तमान तथा विगतका बारेमा कुराकानी गर्ने विचार पनि उनले नै व्यक्त गरे । मसँग सम्पर्क र सम्बन्ध पूर्णरूपले विच्छेद नै गर्नुपर्छ भन्ने भावना उनमा नभएको देखेँ मैले । आज मात्र होइन, सदैव उनी मसँग नजिक हुन चाहन्छन् । मसँग विगत, वर्तमान र भविष्यका कुराहरू गर्न चाहन्छन् । मसँग निकट सम्बन्ध कायम राखेर सरल किसिमबाट जीवनयापन गर्न चाहन्छन् उनी । तर म भने उनका व्यवहार र चाहनाको विरुद्धमा उभिन पुग्छु । त्यस्तै-यस्तै अभिनय गरेर म उनीबाट टाढा हुन चाहन्छु । हो, अभिनय मैले चाहेर गरेकी होइन । मन त मेरो पनि उस्तै छ – उनीसँग दिनभरि प्रेमालाप गरौँ, सँगसँगै हातमा हात मुठ्याएर लामो बाटो तय गरूँ, उनीसँग प्रेमयुक्त दुई-चार सङ्गीतमय वाक्य बोलूँ वा सुनाऊँ, केही आफ्ना दुखेका व्यथालाई मलहम लगाउन उनका दुःखपूर्ण आलाप सुनूँ वा आफ्ना इच्छा-आकाङ्क्षालाई निर्भीक रूपमा प्रस्तुत गर्न सकूँ । यी सबै मेरा मनभित्र उर्लिएका वेग हुन् । ती वेग र तरङ्गले किनारा छोएर गतिलाई मन्दता दिन खोजेका छन् ।

शिवजुजुका पनि त्यस्तै गतिवान् मायारूपी छालहरूले हुन सक्छ मलाई सर्लक्क छोपेर आफूमा समाहित गराउने प्रयत्न जारी राखेको होस् । यस तथ्यलाई नबुझ्रेर शिवजुजुका अगाडि मैले कतै अभिनय गरेकी त होइन ? कतै म आफैँ निराशा र अविश्वासको जालोमा फसेर उनीबाट टाढा हुन अनेकानेक बहाना गरिरहेकी त छैन ? यसको उत्तर मसँग छैन, तापनि म शिवजुजुलाई आफूभन्दा टाढा रहन नजानिँदो व्यवहार गर्छु र नबुझिँदो क्रियाकलाप गर्न बाध्य हुन्छु ।

ख्वपदेशले जातिपातीको विभेद कायम राखेकै कारण यहाँ पुरानो रीतिस्थिति र संस्कृतिमा परिवर्तन नआएको हो । मानवजीवनयापनका लागि यो राम्रो हो, तर व्यक्तिगत जीवनको भने स्वतन्त्रताहरण हो । यो त मैले आफ्नो जीवनमा भोगिरहेकी नै छु ।

शिवजुजुले घरमा नै संस्कृतको अध्ययन गरेका छन् । रुद्री, चण्डी र अन्य देवदेवीहरूका प्रशस्तीले भरिएका संस्कृतका श्लोकहरू उनी अक्षरशः निःसङ्कोच पाठ गरेर सुनाउन सक्छन् । अङ्ग्रेजीको पढाइमा पनि स्नातक उपाधि हासिल गरेका छन् । मलाई इतिहास र संस्कृतिको अध्ययनमा सहयोग गर्ने पनि उनै हुन् । हामी सँगसँगै एकै वर्ष स्नातक उपाधि प्राप्त गरेका हौँ । म पढाइ छोड्दै थिएँ, उनकै सल्लाह र आग्रहबाट इतिहास विषयमा स्नातकोत्तर कक्षामा सम्मिलित भएँ र परीक्षा उत्तीर्ण पनि गरेँ । उनी अझै पढाइका बारेमा कुरा चल्दा पढाइ नरोक्न भन्छन् । दुई-चारपटक उनले मलाई भनि पनि सके – ***तिमीले विद्यावारिधि गर्‍यौ भने तिम्रो जातिमा विद्यावारिधि गर्ने तिमी प्रथम महिला हुनेछ्यौ ।***



हो, हाम्रो जातिमा पढेलेखेका मान्छे कम छन् । बाजे भाजुलालका समकालीन व्यक्तिहरू त पूर्ण निरक्षर नै छन् । बा मङ्गलालका उमेरका लोग्नेमान्छेले मात्र केही पढेका छन् । मेरा बा मङ्गलालले प्रवेशिकासम्म पढेपछि व्यावसायिक शिक्षा हासिल गरेर काठको फर्निचर-कारखाना सञ्चालन गरेका छन् । बाको उमेरका मान्छे थोरै मात्र आधुनिक व्यवसायमा सम्मिलित देखिन्छन् । अझै पनि मभन्दा माथिल्लो तहका वर्गहरू परम्परादेखि चलिआएको व्यवसायमा नै अलमलिएका छन् । व्यवसाय भनेको आत्मनिर्भर हुन सकिने सबै किसिमको अत्यावश्यक कार्य त हो !

म टौमढीमा आइपुगेँ । ऐसामारी, बेतालडबली र तःडबलीलाई बायाँ पार्दै म अघि बढिरहेकी छु । नननीको ढोकामा उभिएर ड्तापोल देवललाई हेर्न मन लाग्छ । यो ठाउँबाट यो विशाल देवलको तलदेखि माथिसम्मको भाग छर्लङ्ग देखिन्छ । यसै स्थानबाट प्रायः पर्यटकहरूले आफ्नो क्यामेरामा छायाचित्र लिने काम गर्छन् । केही बेर देवललाई तलदेखि माथिसम्म अनि माथिदेखि तलसम्म हेर्छु र हेरिरहन्छु, आकाश छुन लागेको गजुरलाई ।

यस चोकमा छवटा बाटाहरू जुटेका छन् । साना-ठूला गरी तीनवटा डबली छन् । तीनैवटा डबलीको भिन्नाभिन्नै महत्त्व छन् । बेतालडबलीमा मान्छेले उक्लेर बस्नु हुँदैन । त्यहाँ केवल बेतालदेवतालाई मात्र राखिने चलन छ । दोस्रो चोकको पश्चिमतर्फको डबलीमा नाटक मात्र मञ्चन हुन्छ । खास गरी बाह्र वर्षमा एकपटक निस्कने 'खःप्याख' त्यसै डबलीमा मञ्चन हुन्छ । चार हप्तासम्म चल्ने यो नाच ख्वपदेशका चार स्थानमा प्रदर्शन गराइन्छ । लायकुली डबली, नासुमना डबली, तःचपाल डबली र यो टौमढी डबलीमा महिनौँ लगाएर प्रदर्शन हुने 'खःप्याख' व्यासीटोलका ज्यापूसमुदायले निकाल्ने चलन छ । हिन्दी भाषामा आधारित यो नाटक जयस्थिति मल्लकै समयदेखि मञ्चन हुँदै आए पनि यसमा समय-समयमा त्यसपछिका मल्लराजाहरूले जनतालाई शिक्षित बनाउन केही अंशहरू थप गर्दै जाँदा नाटक लामो भएको रहेछ । राति देखाइने 'खःप्याख' प्रायः यस नगरका सबैले एकपटक हेर्नुपर्छ भन्ने मान्यता आधारमा पनि हेरेका छन् र बाह्र वर्षमा एकपटक मात्र निस्कने हुँदा पनि यस नाटकको महत्त्व बढेको हो ।

मेरो सामुन्नेको यो ठूलो डबलीमा नाच नाच्न वा नाच प्रदर्शन गर्न मिल्दैन । यहाँ केवल नौबाजा बजाउने दाफा भजनका समूह बसी भजन गर्न सक्छन् । हो, ऋणीलाई न्याय प्रदान गर्दै आएको ढुङ्गो यही तःडबलीको आग्नेयकोणमा रहेको छ । त्यो ढुङ्गोमा पनि कसैले बस्नु हुँदैन ।

यस्तो सार्वजनिक स्थलमा पनि कहाँ बस्नु हुन्छ, कहाँ बस्नु हुँदैन, के गर्नु हुन्छ, के गर्नु हुँदैन, के गर्नुपर्छ वा के गर्नुपर्दैन भन्नेजस्ता लागू भएका नीति-नियमहरू पालना गर्दा जीवन सरल बन्छ, जीवनयापन सजिलोसँग

चलेको हुन्छ । व्यवस्थित तथा अनुशासित पद्धतिलाई जीवनशैलीमा ढाल्न सकियो भने जीवन सुखमय बन्छ ।

यस स्थानलाई 'तलमण्डल' पनि भनिने भएकाले विभिन्न समयमा यस चोकले नाउँ परिवर्तन गरेको प्रतीत हुन्छ । अर्थात् ठूलो चोक भएका कारणले चोकको प्रत्येक भागको छुट्टाछुट्टै नामकरण भएको देखिन्छ । यस्तै विभिन्न नाउँको समष्टि निचोड 'टौमढी' बनेको अनुमान हुन्छ ।

हेर्दाहेर्दै मेरो आँखा चोकको आग्नेयकोणमा पर्छ । हुन त त्यहाँ त्यो 'दौँचाछैँ' छैन, त्यसका स्थानमा आधुनिक घरहरू बनिसकेका छन्, तर पनि त्यो स्थान नै मूल स्थान हो जसका कारणले यस स्थानमा यी दुई ठूला-ठूला आकर्षक देवलहरू बनेका छन् ।

भनिन्छ, राजा भूपतीन्द्र मल्लको 'दुईं' जातकी एक महिलासँग सम्पर्क बढ्यो । ती महिलासँग उनले विधिवत विवाह नगरे पनि रानीका रूपमा स्वीकारेका हुँदा 'दौँचाछैँ' नामको नौतले भवन बनाइदिएका थिए । ती दुईंजातकी रानी दैवी शक्तिप्राप्त शक्तिवान् भएकी हुँदा राजाले पनि तिनीबाट नै शक्ति प्राप्त गरेर ठूला-ठूला कार्यहरू आँट गरी सुरु गर्थे र निर्विघ्न समापन पनि गर्थे । दैवी शक्ति प्राप्त भएकी ती रानीको शरीरको मृत्यु भए पनि उनको आत्मा राजासँग नै रहेको हुँदा लायकूदरबारको एक भागमा लगेर 'दुईंमाजू' स्थापना गरेको भनाइ नगरभरि फिँजिएको छ ।

तल्लो जातकी महिलासँग विवाह नै हुँदैन र हुन सक्तैन भन्ने कथनलाई राजा भूपतीन्द्र मल्लले मिथ्या सावित गरिसकेका थिए । प्रेम र विश्वास भनेको जातभातको आधारमा विकसित हुने होइन । यो त मानवीय प्रकृति हो, मानवीय गुण हो र मानवीय आवश्यकता हो । जसले यसलाई बुझ्दछ र बुझ्ने कोसिस गर्छ, त्यसको जीवन सुखमय र आनन्दित हुन्छ । जसले यसलाई बुझ्दैन र बुझ्न कोसिस गर्दैन, त्यो दुःखित हुन्छ र दुःखमय भुमरीमा फस्छ ।

चोकभरि सयौँ मान्छे छन् । सबै आफ्ना-आफ्ना काममा अलमलिएका छन् । कोही उभिएर कुराकानीमा मस्त छन् भने कोही चोकभित्र पस्न र त्यहाँबाट बाहिर निस्कन व्यस्त छन् । 'ऐसामारी' रेस्टुराँको दुवै तलाको बरन्डामा स्वदेशी-विदेशी मान्छेहरू खाँदै कुरा गर्न व्यस्त देखिन्छन् । विभिन्न बोली, भाषा र मान्छेको आवाजको सम्मिश्रणबाट अर्कै एउटा हल्लाको ध्वनि चोकभरि फैलिएको छ । त्यसलाई मन्द हावाले अर्कै गुञ्जन प्रदान गरेको छ । मेरो कानमा पनि यो अनौठो ध्वनि गुञ्जिरहेको छ । त्यस ध्वनिको कारणले म अलमलिएकी छु । आँखा चोकको यत्रतत्र हेर्दै चोकका कुनाकाप्चामा हराइरहेकी छु । विशेष आनन्दको अनुभूति मनभित्र गढेका कारणले म आफैँभित्र बिलाइरहेकी छु ।



# बछला

कुखुराको भालेको डाकमा म ब्यूँझिएँ र घडी हेरेँ । चार बजेको रहेछ । करिब-करिब यही समयमा कुखुरा बास्ने गर्छ ।

बुइँगल, घरको माथिल्लो तलामा सानो कौसी छ भने अझ स-साना दुईवटा कोठा पनि छन् । एक कोठामा बाजे भाजुलाल बस्छन् भने अर्को ठूलो कोठा भान्साका रूपमा प्रयोगमा आएको छ । कौसीको एक कुनामा कुखुराको भाले राखिएको छ । हाम्रो घरमा कुखुराको भाले कहिल्यै पनि टुट्तैन । वर्षका दुईवटा भाले हामीलाई अनिवार्य चाहिन्छ । एउटा टोलकै 'छुमागन्चो' का लागि र अर्को 'भैलखः' का लागि । त्यसो त अरू थप पूजामा सल्लाहअनुसार हाँस वा बोकाको आवश्यकता पर्छ । कुखुराको भाले अनिवार्य पाल्नुपर्ने कारण बाजेको हठ हो । बाले 'नपालौँ, फोहोर हुन्छ' भन्दा पनि बाजे मान्दै मान्दैनन् । किनभने उनले जानेदेखि नै कुखुराका भाले पालेका छन् र भन्छन् – ***भाले पालेन भने दशा लाग्छ ।*** बाजेका अगाडि हामी विवश छौँ । त्यसैले कौसीको एक कुनामा भालेलाई स्थान प्रदान गरेका छौँ ।

भालेको डाकमा बाजे उठ्छन् र अँधेरोमा नै दिसापिसाब गर्न बाहिर जाने गर्छन् । ***घरको चर्पीमा दिसा नै आउँदैन, मलाई त खुला ठाउँ नै चाहिन्छ*** – उनको भनाइ हो यो । हुन पनि हाम्रो घरमा मैले जान्ने भएपछि मात्रै चर्पी बनाइएको हो । करिब दुई दशक मात्र भयो होला । होइन भने त्यसभन्दा अघि हामी सबै परिवारका सदस्यहरू घरबाहिरको 'मला' वा कुनै खुला ठाउँमा वा नदीकिनारामा जाने गर्थ्यौँ । त्यसको फाइदापक्षलाई लिएर बाजे आज पनि भन्ने गर्छन् – ***एक त चाँडै उठ्नुपर्‍यो, दोस्रो बिहान सबेरै घरबाट टाढा हिँडेर जानुपर्दा जीउ फुर्तिलो हुन्छ र तेस्रो चर्पीको दुर्गन्धबाट बचिन्छ ।*** उनको भनाइ बेठीकजस्तो पनि लाग्दैन । सबैभन्दा ठूलो कुरो त बानी नै हो । जीवनलाई जसरी अभ्यस्त बनायो, त्यसै गरी चल्छ र त्यही सरल र मन पर्ने हुन्छ । त्यो जतिसुकै कठिन कार्य भए पनि बानीमा परिवर्तित भएपछि सरल र सहज सावित हुन्छ ।

म उठेर हातमुख धुन तल्लो तलामा ओर्लन लाग्दा बाजे बुइँगलबाट ओर्लिएर तल ढोकाबाहिर पुगिसकेका हुन्छन् । यो उनको दैनिक तालिका हो । बिहान चारै बजे उठेर बाहिर जाने, बिहानको शौचादि सकिएपछि देवताका स्थानहरू घुम्ने, देवताहरूको दर्शन गर्ने अनि 'फलिचा' भजनमा बसेर एक घन्टा भजन गर्ने । यी सबै बिहानका कार्य समाप्त भएपछि करिब नौ बजे आएर एक बटुको जाँड पिउने र केही बेरपछि घरको तल, माथि र कौसीको

सफाइ भए-नभएको हेर्ने, फोहोर छ भने तुरुन्त सफा गरिदिने अनि बारीमा काम छ भने बारीमा वा खेतमा जाने, होइन भने टोलका अन्य समान उमेरका साथीकहाँ गएर अलमलिने । यो उनको दैनिक कार्यतालिका हो ।

बाजे कपडा किनेर लगाउँदैनन् । उनका लागि घरमा नै आमाले कपडा बुनिदिनुपर्छ । त्यसैले पनि आमा हरेक दिन कमसेकम एक घन्टा तल छिँडीमा रहेको तानमा कपडा बुन्ने काम गर्छिन् । बाजेले किन्ने भनेको त मात्र टोपी हो, जो वर्षको चार थान किन्ने गरेका छन् । कहिलेकाहीँ हामी बाजेलाई टोपी किनेर ल्याइदिन्छौँ, त्यतिखेर उनी दङ्ग परेर खुसी हुन्छन् र भन्ने गर्छन् – ***म भाग्यमानी मान्छे हुँ । तिमीहरू मलाई माया गर्छौ ।*** अनि ठट्यौलो स्वरमा उनी भन्ने गर्छन् – ***तिमीहरूलाई देखेपछि मेरो मनै आनन्दित हुन्छ ।***

बाजेको लुगा साबुनले धुनु हुँदैन । उनको लुगा धुन साबुनको मूल्यभन्दा बढी मूल्य चुक्ता गर्नुपर्छ । त्यसैले बाजेको लुगा महिनाको एकपटक मात्र आमाले धुने गरेकी छन् । उनको लुगा धुने दिन आमाले विशेष किसिमबाट योजना बनाउनुपर्छ । तामाको फोसी, खरानी, आगो बाल्न दाउरा, कपडा चुट्न काठको मुङ्ग्रो र पानीको व्यवस्था पहिले नै गरिसकेपछि मात्र कपडाधुलाइको काम सुरु हुन्छ । पानीमा खरानी मिलाएर पकाउने र त्यसपछि कपडा राखेर कपडालाई ओल्टाई-पल्टाई गरी पकाउने गर्नुपर्छ र त्यसपछि कपडालाई फोसीबाट बाहिर निकाली बेस्सरी चुट्नुपर्छ । पानी हालेर चुट्ता-चुट्तै कपडा सेतो भएर चम्कन थाल्छ । त्यसपछि पखालेर सुकाउनुपर्छ । यसबाट दुईवटा फाइदा हुन्छ । एक त कपासको धागोबाट बनेको कपडा भएको कारणले जति त्यसरी धोयो, त्यति नै बाक्लो र राम्रो हुँदै जान्छ भने अर्कातिर कुनै जुम्राहरू परेका छन् भने निमिट्यान्न भई मर्छन् । उनको भनाइ छ – ***साबुनले जुम्रा मर्दैन र कपडा बाक्लो पनि हुँदैन ।***

परम्परादेखि चलिआएका रीति र स्थितिहरू नछुट्नुका धेरै कारणहरू छन् । जीवनयापनका लागि अपनाइएका पुराना चलन र तौरतरिकाहरूलाई बुझ्न सकियो भने जीवन सरल र आनन्ददायी हुन्छ भन्ने कुरा बाजे भाजुलालको दैनिक कार्यतालिकाले मलाई जानकारी दिइरहेको छ ।

मलाई 'ज्यापू' भन्ने शब्दले कहिले हृदयमा घात गर्छ भने कहिले गर्वले छाती नै चौडा हुन्छ । ख्वपदेशमा अन्य जातको तुलनामा हाम्रै जात बढी छ । ख्वपदेशलाई चारैतर्फबाट किल्लाबन्दी गरी हाम्रो जातको बस्तीले घेरेको छ र नगरका बीचबीचमा पनि हाम्रो जातिको बस्ती त्यत्तिकै फैलिएको छ । ख्वपदेशमा हाम्रै जातको बाहुल्य भए पनि अवसरका दृष्टिले न्यून हुँदै हामी नायकत्वबाट पन्छिएका छौँ । यसका बारेमा मेरो अठोट बोल्छ – ***यो हाम्रो कमजोर मनस्थितिको उपज मात्र हो । हामी एक भएर आफ्नो अधिकार खोज्ने हो भने हामी अवश्य पाउँछौँ ।***



हो, सम्झँदा मलाई अत्यास लाग्छ । म आफ्नो कोठाको पूर्वकोणमा राखिएको सानो टेबलको छेउमा रहेको मेचमा बसेर विचारमग्न छु । म आफैँलाई हेर्ने र बुझ्ने कोसिस गर्छु । हामी ज्यापू । हाम्रो नगरमा हाम्रो बाहुल्य टड्कारो छ ।

च्यामासिङ नगरको पूर्वी भाग हो । त्यहाँ प्रस्तरका आठ सिंहहरू चार जोडी भएर जलासयका चारै दिशामा विपरीत मुख फर्काई उभिएका छन् । हो, यही स्थान नगरको सिरानी भाग हो । यसै ठाउँबाट मेरो नगर पश्चिमतर्फ लम्बिएर फैलिएको छ । यही विन्दुबाट ज्यापूहरूको घना बस्ती सुरु भएको छ र नगरको पूरा किनाराको भाग ढाक्तै यहीँ फर्किएको छ । यहाँ बसोवास गर्ने ज्यापूहरू घरेलु उद्योग र खेतीमा मात्र होइन, व्यवस्थित जीवनयापनका लागि आवश्यक अनेक कलाकौशलमा समेत निपूण छन् । हामी ज्यापूहरू जन्मँदै सीप र श्रम साथसाथै लिएर आएका हुँदा रहेछौँ । कसैको भरमा होइन, आफ्नै बलबुताले बाँच्न सक्ने रहेछौँ हामी । हामी सबै प्रकारका सामग्रीहरू आफैँ उत्पादन गर्छौं । खाद्यान्न खेतीबाट भित्र्याउँछौँ भने लत्ताकपडा र घरायसी आवश्यक वस्तुको उत्पादन घरघरमै गर्छौं, अर्थात् हामी बजारमा भर पर्दैनौँ । बजारमा जानैपर्‍यो भने पनि कमभन्दा कम प्रयोग हुने सामग्री मात्र खरिद गर्छौं, जस्तो उद्योगका कोरा पदार्थ, कपडाको तानका लागि धागो, औजारका लागि फलाम र खानका लागि नुन । हामी बत्ती आफैँ बाल्छौँ आवश्यक सामग्री जुटाउँदै, अनेकानेक औद्योगिक उत्पादन गर्छौं कोरा मालको जोहो गर्दै, सबै सामग्री जुटाउँछौँ आफ्नै सहयोग र सेवाबाट, ऐँचोपैँचो मिलाउँदै मिल्छौँ गुठी-गानामा । यो हाम्रो संस्कृति हो, हाम्रो परम्परागत चलन हो र सुखपूर्वक बाँच्ने आधार हो । हामी ज्यापूजाति स्वावलम्बी थियौँ शदियौँदेखि र स्वावलम्बी छौँ वर्तमानसम्म पनि । यसलाई निरन्तरता दिँदै आएकोमा हामी गौरवान्वित छौँ ।

पुरुष र नारी दुवै उत्तिकै परिश्रमी र सीपयुक्त हुने हुनाले नै हामी ज्यापू कहलिएका हौँ । काम सरल र व्यवस्थित ढङ्गले सम्पन्न गर्न सक्ने एउटा जिम्मेवार समुदाय भएकै कारण ज्या+अपु = ज्यापू भएका हौँ कि भन्ने पनि म अनुमान गर्न पुग्छु । 'ज्या' को अर्थ 'पृथ्वी' हुन्छ भने 'पु' को अर्थ 'पवित्र' । अर्थात् जसले पृथ्वीलाई पवित्रता प्रदान गर्छ, त्यो नै ज्यापू हो पनि भनिन्छ । अझ सोझो शब्दार्थ गर्दा 'ज्या' अर्थात् 'काम' र 'अपु' अर्थात् 'सजिलो' हुन्छ । कामलाई जीवन मान्नेहरू नै ज्यापू हुन् । त्यसो हो भने 'ज्यापू' हुँ भन्नुमा मैले गर्व मान्नुपर्छ र सबै ज्यापूसमुदायले पनि त्यसै गरी गर्वको महसुस गर्नुपर्छ ।

हिजोका मल्लशासकहरूले हामी र हाम्रो समुदायलाई हेय दृष्टिले हेरेनन् । हाम्रै समर्थनमा तिनीहरूले राज्यसञ्चालन गर्न पाएका हुँदा हामीलाई नै मुख्य-मुख्य कार्यसम्पादनका नाइके बनाए । खेतीको जिम्मा दिए, घरेलु

उद्योगको जिम्मा दिए, देशसंरक्षणको जिम्मा दिए । यति मात्र होइन, ख्वपदेशको मेरुदण्डका रूपमा रहेको धर्म, कला र संस्कृतिको सम्वर्द्धन र संरक्षण गर्ने जिम्मा दिए । जातीय विभेद भए पनि उनीहरूले ख्वपदेशलाई सबै वर्ग र समुदायमा समन्वय कायम गर्ने केन्द्र बनाए ।

तर आजका राजनीतिक अगुवाहरूले हामीलाई कुण्ठित र सीमित घेराबन्दीमा राख्न 'किसान' को पदवीले विभूषित गरे । अर्थात् हामी उद्योगी होइनौँ, शिक्षक होइनौँ, प्रशासक पनि होइनौँ, हामी कलाकार तथा वाद्यवादक पनि होइनौँ र समुदायको विकासका लागि जिम्मेवार व्यक्ति पनि होइनौँ । केवल हामी किसान हौँ । हामी किसान हौँ, त्यसैले हामीले डाक्टर बनेर कुनै व्यक्तिको रोगोपचार गर्नु जरुरी छैन, इन्जिनियर बनेर विकासकार्यमा जुट्नु जरुरी छैन, शिक्षक र प्राध्यापक भएर समाजलाई गुणस्तरीय शिक्षा दिनु जरुरी छैन, वैज्ञानिक भएर कुनै नौलो प्रविधिको आविस्कार गर्नु जरुरी छैन, शासक-प्रशासक भएर जनहितको कार्य गर्नु जरुरी छैन र मान्छे भएर जन्मिए पनि मान्छेको सर्वतोमुखी विकासमा संलग्न हुनु जरुरी छैन । हो, हामी मात्र 'किसान' हौँ । मात्र खेतीपातीमा संलग्न हुने हाम्रो जात हो । त्यसैले हामी 'ज्यापू' होइनौँ, मात्र 'किसान' हौँ । कस्तो विडम्बना !

केही दशकयता आएर राजनीतिकर्मीले हाम्रो अवमूल्यन गरेर नामकरण गरी 'किसान' बनाएका ज्यापू हामी । हामीले आफूलाई नचिनेर वा चिन्ने कोसिस नगरेर 'हो' मा 'हो' गर्दै हामी ख्वपदेशका ज्यापूजाति किसानमा परिवर्तित भएका छौँ । हामी कस्ता अबुझ भएका ! कति गिरेको मनस्थिति बोकेका ! आफ्नो पहिचान गर्न नसक्ने कस्ता हामी हुतिहारा ! यो अबुझपनालाई म आफैँ धिक्कार्छु । आफ्नो पहिचानबाट विमुख भएकोमा समुदायप्रति नै म आक्रोशित हुन पुग्छु ।

यँ तथा यँलेदेशका महर्जन र डङ्गोलहरू गर्वका साथ 'ज्यापू' भन्न रुचाउँछन् । आफ्नो समुदायलाई पहिलेदेखि नै वैश्यवर्गमा राखेर नेपाली समाजमा ठाडो शिर पारेर हिँड्ने गरेका छन् । तर त्यसको ठीक विपरीत यहाँ भने जातीय महत्तालाई नै दबाएर आफ्नो मनोबललाई घटाई पहिचानहीन अवस्थामा गुज्रन बाध्य भएका छन् ज्यापूहरू ।

कुन राजनीतिकर्मीलाई कुन स्वार्थ सिद्ध गर्नुपरेको थियो, त्यसका लागि सोझा-सिधा ख्वपदेशका नागरिक ज्यापूजस्तो गरिमामय समुदायको मानमर्दन गर्दै, किसानजस्तो व्यावसायिक तहको समुदायमा ज्यापूलाई निश्चित गर्दै ज्यापूलाई 'किसान' सङ्ज्ञाले विभूषित गर्न पछि परेनन् । त्यस्तो निन्दनीय कार्यको कतैबाट विरोधको एक आवाजसम्म पनि आएन । फेरि, बुझ्ने कसले ? बुझाउने कसलाई ? विरोध कसको गर्ने र कोसित गर्ने ? सबै भाङ खाएर लट्ठिएजस्ता छन्, 'किसान' सङ्ज्ञा पाएर मस्त भएका छन् ।



बा र आमा दुवै उठ्ने तरखरमा छन् । किनभने माथि बुइँगलबाट भाले कुखुराले दोस्रो डाक बोलिसकेको छ । यति बेला पाँच बज्न लागेको छ । उज्यालो हुन अझै करिब एक घन्टा बाँकी नै छ । भाले कुखुराको यो दोस्रो डाकलाई टोलका अन्य कुखुराहरूले पनि साथ दिन्छन् । यस समयमा टाढा-टाढाबाट पनि भाले बासेको आवाज सुन्न सकिन्छ । कुखुराको भाले किन बास्छ र कुखुराकी पोथी किन बास्तिन भन्ने कुरा मेरो मनमा धेरै समयसम्म खेलेपछि मैले यो प्रश्न बाजे भाजुलाललाई सोधेकी थिएँ । उनले जीवनभर कुखुराको भाले पाले । त्यति मात्र होइन, उनले टोल-टोलमा गएर भाले लडाउने काम पनि गरे । त्यसैले कुखुराको प्रकृतिका बारेमा उनलाई पूरापूर जानकारी छ भन्ने कुरामा मलाई विश्वास छ । त्यसैले मैले उनलाई प्रश्न गरेकी थिएँ ।

उनले युवा अवस्थामा घरमा तीन-चारवटा भाले कुखुरा कहिल्यै पनि टुटाएका थिएनन् रे । त्यस बखत उनको मुख्य सोख भनेको नै भाले लडाउने रहेछ । त्यसताका यहाँ भाले लडाउने, बट्टाई लडाउने र साँढे जुधाउने काम गरेर त्यसबाट मनोरञ्जन लिने चलन रहेछ । त्यति मात्र होइन, घरघरमा भेडा पालेर भेडा अथवा बरुवाललाई लडाउने र त्यसैबाट बाजी हारजीत गर्ने पनि चलन रहेछ । भाले लडाएको घटना बताउँदा बाजे आफैँ भालेले जस्तो गर्दन उचाल्छन्, कान लट्काउँछन्, आँखा अनुहारको सोझो तर्छन्, लामो-लामो श्वास नाकबाट फुक्तै दुई हात कुमसम्म उठाउँछन् र अर्को पक्षलाई आक्रमण गर्ने तयारीमा रहेको अभिनय गर्छन् । यसरी भालेको बखान गर्न उनी सिपालु छन् । उनी भालेजुधाइको प्रकृति प्रस्तुत गर्दा सुन्नेहरूले झस्किनुपर्ने अवस्थाको सिर्जना गराउँछन् । अर्थात् भाले लडाउने पुरानो कार्यमा उनी पूर्ण अभ्यस्त छन् र निपूण छन् । पाएमा अहिले पनि भाले लडाउन तयार छन् ।

उनी भन्थे एउटा भालेले कतिसम्म बाजी माथ गऱ्यो भने त्यस भालेलाई सुनको कल्ली नै लगाइदिनुपऱ्यो । त्यस बखत बाजेका साथीहरूले बाजेको नाउँका पछाडि 'गाँगजू' भन्ने उपनाम नै प्रदान गरेका रहेछन् ।

उनी भाले लडाउने कुरा जब सुरु गर्छन्, तब उनको अनुहारमा विशेष रौनक थपिन्छ । उनको वृद्ध र चाउरिएको अनुहारमा एकाएक रातो रगत भरिन्छ । आँखा ठूला-ठूला हुन्छन् । युवा जोसमा पुराना कुरा सम्झँदै उनी बयान गर्छन् – ***मेरो भाले लगेर जब म डबलीको एक कुनामा छाड्थेँ, त्यो भाले शिर ठाडो पारेर, आँखै नझिम्क्याई दायाँ-बायाँ हेर्दै, सिउर नचाउँदै, दायाँ-बायाँका खुट्टा बराबरको हिसाबमा उठाउँदै, टकटक हिँडेर डबलीको बीचमा पुग्थ्यो । कुनै पनि भाले मेरा भालेतर्फ आउने र हेर्ने हिम्मतसमेत गर्दैनथ्यो । कुनै सेर्रो भाले आयो भने अगाडि बढेकै चालमा पछाडि हटेर, आक्रामक रूपमा गर्दन सोझो बनाएर, सिउर फुलाएर अर्कोलाई घुरेर हेरेपछि त्यो त्यसै भाग्थ्यो । भागेन र सामना गर्न अगाडि बढ्यो भने मेरो भालेले एकै आक्रमणमा बाजी माथ गर्थ्यो ।***

यति सुनाएपछि उनी आनन्दित भएर हाँस्थे ।

वास्तवमा मैले भाले जुधेको देख्न पाएकी छैन । मात्र पोथीसँग मिसिएको सम्म देखेकी छु । त्यस बखत पनि भाले कुखुराले आक्रमण गर्ने तरिका अर्थात् पोथी भाग्दै जाने र भालेले लखेटेर फेला पार्ने, त्यो क्षण त दर्शनीय नै हुन्छ ।

कुखुरा र परेवा मान्छेका मित्रपन्छी हुन् । यिनले मान्छेलाई कहिल्यै नोक्सान गर्दैनन् । यिनका फाइदा या गुणपक्ष धेरै छन् । यिनले न्याउरीमुसो र सर्पजस्ता मानवशत्रुहरूलाई घरभित्र प्रवेश गर्न दिँदैनन् र घरका वस्तुहरू नोक्सान गर्ने कीरा-फट्याङ्ग्राहरू खाई वस्तुहरूको संरक्षण गर्छन् । यस्तै गुणकारी भएकै कारणले पहिलेदेखि नै मानिसहरूले यी पन्छीहरूलाई पाल्दै आएका हुन् । तर अहिले कुखुरा पाल्ने यो संस्कृति बिस्तारै नासिँदैछ ।

मेरो जिज्ञासाको उत्तरमा बाजेले यति मात्र भनेका थिए – ***भाले बास्छ, त्यसैले त्यो भाले हो । पोथी बास्तिन, त्यसैले त्यो पोथी हो । कथंकदाचित पोथी बासी भने त्यसलाई तुरुन्त मार्नुपर्छ र त्यसको टाउको घरको धुरी कटाएर फाल्नुपर्छ । होइन भने दशा लाग्छ ।***

त्यसपछि मैले उनीसँग यससम्बन्धी प्रश्न गरिनँ । पोथीप्रतिको नकारात्मक सोच अरू बढी सुन्ने इच्छा मलाई पटक्कै भएन ।

बा पनि घरबाहिर नै शौचादि गर्न हिँडेजस्तो छ आज । बाजेजस्तै बालाई पनि तल चर्पीमा जान त्यति मन लाग्दैन । उनी त अलि टाढै खोलामा जान्छन् । पुरानो र नयाँ दुवै वातावरणमा भिज्न सक्ने खालका छन् मेरा बा मङ्गलाल । उनी थोरै पढेका र खेतीबाहेकको व्यवसायसमेत गरेका हुँदा उनमा बाजेको जस्तो परम्परादेखि चलिआएको प्रकृति हावी हुन सकेको छैन । त्यसैले उनी पुरानो र नयाँका ठीक-ठीक र राम्रा-राम्रा कुरा अपनाउने र नमिल्दा र अव्यावहारिक कुरालाई छाड्ने गर्छन् । बाको जीवनशैली सन्तुलित पनि देखिन्छ । तर आमा नपढेकी र पुरानै रीतिस्थितिमा ढालिएकी हुँदा बाले पुरानो रीतिलाई चटक्कै छाड्न नसकेका हुन् ।

आमासँग भएको पुरानो खालको सीपले बाजेलाई फाइदा पुगेको छ । बाजेलाई प्रत्येक दिन चार-पाँच बटुको जाँड चाहिन्छ । आमाले जाँड बनाउन जानेकी हुँदा बाजेले बजारको भर पर्नुपर्दैन । बाजेले लगाउने लुगा, आमा आफैँलाई चाहिने पटासी र अन्य आवश्यक कपडा आमाले घरको तल्लो तलामा रहेको तानमा आफैँले बुनेर तयार गर्छिन् । बालाई कहिलेकाहीँ चाहिने रक्सी र पूजाका लागि चाहिने रक्सी पनि घरमै बन्छ । आफ्नो गुठीको पालो आएको वर्षमा मात्र केही जाँड र रक्सी बाहिर बनाउन दिनुपर्छ, होइन भने घरको प्रयोजनका लागि प्रायः आमाले नै सबै किसिमका आवश्यक सामान तयार गर्छिन् । त्यसैले हाम्रो घर एक आदर्श घर सावित भएको छ ।



उज्यालो फाट्ता-नफाट्तै बा घरभित्र प्रवेश गर्छन् र आमालाई केही काम सघाउँदै घरको तल-माथि गर्छन् । म सतर्क छु, आफ्नो कोठामा बसेर बा र आमाको बिहानको कार्यलाई हेरिरहेकी छु र केही सम्झिरहेकी छु । तलदेखि माथिसम्मका कोठामा कामैकाम छन् । कहीँ जाँडको तयारीका लागि घ्याम्पाहरूका साथै अन्य आवश्यक सामग्री छन्, कहीँ तानको धागो धुरमा बेरिन आवश्यक औजार जुटेका छन् । कहीँ सुक्नुपर्ने तोरीका साग र पिँडालु छन् भने कहीँ आलु र प्याजका बीउहरू बनाउनका लागि तयार भएर टोकरीहरूमा बसेका छन् । ती सबै निरीक्षण र आवश्यकताअनुसार परिवर्तन गर्नुपर्ने कामको जिम्मा पनि बा र आमालाई छ । घरभरि काम छ । कोठाचोटा मात्र होइन, भऱ्याङका कुनाकाप्चामा पनि कामहरू लुकेका छन् । ती सबै उनीहरूको जिम्मामा भएका हुँदा मैले खास केही हेरिरहनुपर्दैन ।

म कोठामा नै छु । बिहान बिस्तारै छिप्पिन लागेको छ । बालाई फुर्सद भएर नै होला, मेरो कोठाको ढोकामा बिस्तारै आवाज दिँदै उभिएका छन् । म बालाई कोठाभित्र आउन आग्रह गर्छु । उनी कोठाभित्र प्रवेश गर्नासाथ म मेरो मेचबाट उठेर खाटमा बस्न खोज्दै उनलाई मेचमा बस्न अनुरोध गर्छु – ***बस्ने होइन ?***

***ठीक छ !*** – बा मेचमा बस्छन् र मेरो सम्पूर्ण शरीरलाई नियाल्छन् । सायद उनले मलाई 'प्रिय छोरी' होइन, अर्कै देखिरहेका छन् । उनले मलाई गहिरिएर र विस्तृत रूपमा हेर्नु वा नियाल्नु पनि स्वाभाविकै हो । हिजोकी 'प्रिय चकु' आज कायम छ कि छैन भन्ने बाको दृष्टिकोणले यकिन हुन चाहेको मैले अनुभव गरिरहेकी छु । बा औपचारिकता पूरा गर्दै मेचमा बसेका छन् । मेरो विचार र इच्छाअनुकूल मात्र उनी मसँग सहभागी हुने कुरा म टड्कारो अनुमान गरिरहेकी छु । उनी मात्र मलाई र मेरो कोठाको सजावटलाई हेरेर समयसँग खेल्दैछन् । नौलो मान्छे कोठामा प्रवेश गर्दा जसरी वस्तुहरूको निरीक्षण गर्छ, बा आज त्यसै गरी यता र उता हेर्दै केही भन्ने तरखरमा लागेका देखिन्छन् ।

उनले केही नबोल्दै, मैले आफ्नो छटपटाहटका व्यथा र जिज्ञासा अघि सार्नुभन्दा अगाडि भूमिका तयार गर्ने उद्देश्यले भनें – ***केही दिनदेखि म आफ्नै बारेमा अध्ययन गरिरहेकी छु । मैले पढेको विषय इतिहास हो र इतिहासले सबै पूर्वकार्यहरूको जानकारी दिन्छ । त्यही जानकारीका आधारमा हामी र हाम्रो समाजका बारेमा विचार गर्ने धरातल पहिल्याएकी छु । म त्यसै धरातलमा उभिएर विचार गरिरहेकी छु । तर म ठोस निर्णयमा पुग्न सकेकी छैन ।***

***के विचारमा तिमी अल्झिएकी छ्यौ ? के सोचिरहेकी छ्यौ ? स्पष्ट भन न !*** – बाले सहज किसिमबाट जान्न खोजे ।

उनी सरल स्वभावका मान्छे हुन् । उनी हुन् काममा व्यस्त हुने मान्छे । उनी र काम एउटैको पर्याय बनेका मान्छेसँग म धेरै गम्भीर कुरा राख्न सक्तिनँ । उनका अगाडि धेरै कुराहरू पस्किएर फाइदा पनि केही छैन । किनभने उनको समझमा ती सबै कुराहरू नपस्न र नपच्न पनि सक्छन् । त्यसैले मैले आफू उम्किनसम्मका लागि भनें – *बस् ! सोचें कि जीवन यस्तै हो । यसलाई चलाउनु बुद्धिमानी हो । त्यही सोचिरहेकी छु ।*

*तिमीले ठीक सोच्यौ । यो छोटो जीवन जसरी चल्छ, चल्न दिनुपर्छ । यसमा धेरै ताप-सन्ताप र अनावश्यक आकाङ्क्षालाई एकै थलोमा राखेर हेर्नु हुँदैन र त्यसअनुसार आफूलाई ढाल्नु पनि हुँदैन । सरल जीवनयापन गर्ने अठोट छ भने जीवनलाई सरल ढङ्गले नै हेर्ने बानी बसाल्नुपर्छ ।* – उनी विस्तारपूर्वक आफ्नो विचारलाई राखेर मेरो मनस्थितिलाई छुने कोसिस गर्छन् । उनको विचारमा मेरो विमति छैन । विरोध, बाधा-अड्चन तेर्स्याउनु पनि आवश्यक देख्तिनँ । किनभने उनको भनाइ सरल छ, सहज छ । भनाइमा कुनै किसिमको कृत्रिमता छैन ।

मभित्रको छटपटाहट र अन्तरवेदनाका साथ मैले भोग्नुपरेका व्यथा बालाई सुनाए पनि उनीबाट कुनै ठोस निर्देशन वा सल्लाह पाउन सक्तिनँ भन्ने कुरामा मलाई यकिन छ । बा र मेरो एक पुस्ताको फरक भएका कारणले सोच र निर्णय पनि फरक हुन्छ नै । आफूलाई दुःखित हुनबाट बचाउन पनि आफ्नो आन्तरिक व्यथा उनलाई सुनाउनुपर्ने आवश्यकता देख्तिनँ, तापनि केही समस्याको समाधान खोज्न चाहन्छु । आफ्नो सोच र निर्णयमा अरू कसैको सहयोग जुटाउन चाहन्छु । यही क्रममा म बासँग सोधेर आफैं विश्वस्त हुन चाहन्छु – *ज्यापूजाति तल्लो वर्ग त होइन, तर 'ज्यापू' शब्दलाई किन हेय दृष्टिले हेरिन्छ हाम्रो नगरमा ? हामीहरू यस बारेमा केही बोल्दैनौं किन ?*

*हो, यस समस्यालाई हामी ज्यापूसमुदायले गम्भीरतापूर्वक विचार गरेर यसका बारेमा पूर्वइतिहासको अध्ययन गर्नुपर्छ र वर्तमानको कडीसँग मिलाउँदै सर्वस्वीकार्य रीतिस्थिति सामूहिक रूपमा निर्णय गरी लागू गर्नुपर्छ भन्ने मलाई लाग्छ । म पनि जान्ने भएदेखि नै यस समस्यामा अल्झिएको छु, तर यसको समाधानको बाटो खोज्न सकेको छैन ।* – मेरो जिज्ञासालाई समर्थन जनाउँदै उनी आफू पनि अन्योलमै रहेको कुरा बताउँछन् ।

उनी मलाई नै समाधानको बाटो पहिल्याउन अनुरोध गर्छन् – *तिमी पढेलेखेकी, त्यसमा पनि इतिहासकै विद्यार्थी । तिमी नै पूर्वइतिहासलाई केलाऊ । वास्तवमा हामी यस देशका आदिवासी हौं । मल्ल, प्रधानाङ्ग, प्रधान, जोशी, हाडा र कायस्थजस्ता थरका मान्छेहरू यस ख्वपदेशमा पछि आएका हुन् । बाहुन पनि धेरै थरीका छन् । ती पनि आवश्यकताअनुसार यहाँ भित्र्याइएका हुन् । तर पनि यो नेवाःसमुदायमा उनीहरूको वर्चश्व कायम हुनु र हामी ज्यापू भने कमजोर हुँदै*



*जानुको कारण के हो, कसरी यस जातिलाई उभ्याउन सकिन्छ, यो काम गर्न तिमी सक्छ्यौ भन्नेमा मलाई विश्वास छ । तिमी यसतर्फ चिन्तन गर ।*

*म केटीमान्छे । जुन जातसँग विवाह गऱ्यो त्यही जातमा परिवर्तित हुनुपर्ने । मैले अडान लिएर कसरी सुधारको काम सम्पन्न गर्न सक्छु होला र ?* – म मनको द्विविधालाई छोटो किसिमबाट बाको सामु राखिदिन्छु ।

*केटा र केटीमा केही फरक छैन । ज्यापूहरूको जातीय इतिहास, अङ्गिकार गरेको धर्म-संस्कृति र समाजविकासमा यसले खेलेको भूमिकाको अध्ययन गरेर प्रकाशमा मात्र ल्याइदियौ भने पनि यस जातिमाथि ठूलो गुन लाग्न सक्छ ।*

बाले मेरो योग्यताप्रति विश्वास गरेको मैले पाएँ । हो, वास्तवमा यसको खोज गरी सत्यलाई प्रकाशमा ल्याउन सके केही हदसम्म भए पनि जातीय गरिमा बढाउन सकिन्छ भन्ने कुराको जानकारी र विश्वास यस जातिका सदस्यहरूलाई दिलाउन सकिन्थ्यो । तर यसको थालनी कताबाट र कसरी गर्ने ? कोसँग मिलेर गर्ने ? अरू कुन समुदायले हाम्रो समुदायको हितका लागि बोलिदिन्छ ? यसको निश्चय नगरीकन यसलाई छुन र यसका बारेमा बोल्न पनि सकिँदैन ।

एउटा युग थियो, त्यस युगलाई चलाउने अगुवाहरूले हामीलाई 'सेवक' तुल्यायो । हामीले सेवक बनेर सेवा गऱ्यौं । अहिलेका अगुवाहरूले निश्चित रणनीतिका आधारमा हामीलाई 'किसान' बनाए । यी दुवैका विरुद्ध बोल्न सक्ने शक्ति र तागत छैन हामीसँग यतिखेर ।

म एउटी महिला हुँ । त्यसमा पनि निम्न आय भएको परिवारमा जन्मिएकी । जस्तोसुकै उच्च मनोभाव मसँग भए पनि लामो समयदेखि जमेर बसेको कुविचारलाई मेरो तहबाट परिवर्तन गर्न मलाई गाह्रो हुन्छ । हो, यो काम कुनै पुरुषले जिम्मा लिएर अगाडि बढ्न तम्सिएमा म भरथेग गरी अगाडि बढाउन सक्थें । यो सङ्कीर्ण समाजमा मात्र होइन, उदार तथा विकसित समाजमा पनि महिलाले भन्दा पुरुषले नै चाँडो र प्रभावकारी रूपमा कार्य सम्पन्न गर्ने गर्छन् । हुन त बाले 'केटा र केटीमा केही फरक छैन' भने । उनको कुरो त्यति बेठीक होइन । उनका दृष्टिमा महिला र पुरुषका बारेमा समानताको भाव रहनु राम्रै हो, तर उनलाई के थाहा महिला र पुरुषबीचको अन्तर ?

केही छैन, बाले विचार गरेको विषयलाई मैले पनि गम्भीरताका साथ लिएकी हुँदा यस सम्बन्धमा मेरो अनुसन्धान जारी छ र पछिसम्म रहनेछ । सकें भने सुधारका पाइला अघि बढाउनेछु । आफैंले सकिनँ भने जसले यो बोझ उठाउला, उसैलाई पूर्णरूपमा सहयोग गर्नेछु भन्ने अठोट मनभित्र बाँधेकी छु ।

स्कुलमा पढ्दाका बखत मैले भोग्नुपरेको दु:खपूर्ण घटना मेरा अगाडि छर्लङ्ग छ । हामीलाई नेवारभाषाले एकै सूत्रमा बाँध्न र जोड्न खोजे पनि हामीबीच भएको विभेदका कारण हामी एक हुन कहिल्यै सकेनौँ र अझ सयौँ वर्षमा पनि एक हुन सक्छौँ भन्नेमा म विश्वास गर्दिनँ । जातीय विभाजनबाट व्यवसाय विभाजित भयो, व्यवसायले आहार-विहार र रहनसहनमा भिन्नता ल्यायो । अलग-अलग रहनसहनले आ-आफ्नो हिसाबको संस्कृतिको विकासबाट तल र माथि अनि सभ्य र असभ्यको फरक जन्मायो । अनि बिस्तारै लवाइ-खवाइ, आहार-विहार र बोलीचालीमा फरक देखिन थाल्यो । यो फरक बालक, युवा र वृद्धको मस्तिष्कमा गाडिएर बस्न समर्थ भएकै कारणले हामी प्राथमिक कक्षादेखि नै फरकपनाको जानकारी पायौँ । बाहुन जाति, नेवारका श्रेष्ठ, प्रधान, प्रधानाङ्ग, हाडा, जोशी र कायस्थ; शाक्य, गुभाजू, कुमाल, नापित र साल्मीहरूको तुलनामा हामी ज्यापू कक्षामा कम थियौँ । अझ त्यस कक्षामा कसाई, कुसले र पोडेहरू थिएनन् । यी जातिहरूमा हामी 'ज्यापू' हरू प्रतिशतका हिसाबमा कम भएका हुँदा हामी नै सबैका लागि घृणाको केन्द्रविन्दु हुन पुगेका थियौँ र सबैबाट अपहेलित भएर बस्थ्यौँ । मलाई त्यही नराम्रो दृष्टिले हेरी अपहेलना गरेकै कारणले मेरो मनभित्र विद्रोहको तुफान पैदा भएको थियो । त्यसै विद्रोहको परिणाम थियो 'सुवाल' बाट 'सिंह' मा परिवर्तन ।

अहिले आएर मैले बुझेँ मेरो नामपरिवर्तनको आवश्यकता रहेनछ । म त काँतर भई मैदान छोडेर भाग्न लागेकी रहिछु । जातीय परिचयलाई लुकाएर म आफैँ हराउन खोजेकी रहिछु । त्यो मेरो कमजोर मनस्थितिको उपज थियो, आफ्नो अस्तित्वबाट च्यूत हुने जघन्य निर्णय थियो । यो कुरो मैले अहिले बुझेँ – मैले गलत बाटोलाई समाएकी रहिछु ।

चकना सिंह मेरो नाउँ हो । अहिले मेरो यो पहिचान हो । यसले मेरो शारीरिक आकृति र अनुहारको प्रतिनिधित्व गर्छ यो मानव-समाजमा । यद्यपि त्यो पहिलेको निर्णयले अहिले मलाई केही असर गर्दैन, तापनि त्यो आफूभित्रको हीनताबोधको परिणाम भएको सत्यताबाट भने म अलग्गिन सक्तिनँ ।

बालाई पनि मजस्तै चिन्तित रहेको देखेँ मैले । यस समुदायबारेको सामाजिक अपव्याख्याको कसरी अन्त गर्न सकिन्छ भन्ने छटपटी उनीभित्र पनि रहेको देखेँ । देखेँ बाजस्तो एक तहमाथिको व्यक्तिले पनि मेरैजस्तो विद्रोहको बोली बोल्न सक्तो रहेछ । यसै गरी समुदायका अन्य सदस्यहरूले पनि हामीले जस्तै वास्तविक मर्मलाई बुझिदिए हामीलाई हाम्रो लक्ष्य हासिल गर्न धेरै समय लाग्ने रहेनछ भन्ने कुरा पनि मैले बुझेँ । हामीहरू बुझ्न-बुझाउन सक्रिय हुने हो भने लक्ष्य प्राप्त गर्न धेरै समय नलाग्ने कुरा पनि मैले थाहा पाएँ ।

बा बिस्तारै आफ्ना पुराना कुरा फुकाउँदै भन्छन् – *यही जातिपातिको भेदभावका कारणले मेरो पढाइ छुट्यो । मैले शिक्षालाई निरन्तरता दिन सकिनँ ।*



*पढ्ने बेलामा भागाभाग गरी घरै छाडेर हिँड्नुपऱ्यो । सबैतर्फ नोक्सानी नै नोक्सानी व्यहोर्नुपऱ्यो । यो जातीय विभेदका कारणले हामीले दु:ख पाउनुपऱ्यो र हामीले उन्नति गर्न पनि नसक्ने भयौँ ।*

उनी एक मित्रलाई सुनाएजस्तो गरी आफ्नो पुरानो व्यथा सुनाउने तरखरमा भय र लाज पन्छाउँदै र अनुहार गम्भीर बनाउँदै भन्न लागे – *तिम्री फुपू तिमिला र म सँगसँगै स्थानीय स्कुलमा पढ्थ्यौँ । म कक्षा दस र बहिनी कक्षा नौमा अध्ययन गरिरहेका थियौँ । त्यस समयमा बहिनीको नासमनाटोलमा बसोबास गर्ने एक कायस्थ जातको कोमलप्रसादसँग हिमचिम बढेछ । बहिनी तिमिलाले चाहेर हो वा कोमलको एकतर्फी जोडका कारणले हो, उनी बिस्तारै फसिछन् । उनीहरूको सम्बन्ध सुस्त गतिमा विकसित हुँदै गएछ । मेरो र तिनीहरूको कक्षा अलग-अलग भएका कारण मलाई उनीहरूको सम्बन्धका बारेमा केही पनि जानकारी भएन । एकाएक तिमिला र कोमल गायब भए स्कुलको कक्षाबाट नै । त्यसपछि मात्र मलाई जानकारी भयो । बा पनि चिन्तित भए । म र अर्की बहिनी पनि दु:खित भयौँ । कहाँ गइन्, के भयो, हामी घरपरिवारलाई थाहा भएन । मलाई कायस्थको समूह आएर उनीहरूको घरमा लगे । मलाई घटनाबारे जानकारी गराएपछि मात्र मलाई थाहा भयो तिमिला र कोमल घर छोडेर गायब भएछन् ।*

बा विस्तारपूर्वक भन्न थाले – *त्यसपछि मलाई चौबीस घन्टाभित्र कोमललाई हाम्रो जिम्मा लगाइनस् भने तँलाई राम्रो हुने छैन बुझिस् भने ! ज्यापू भएर पनि घरानियासँग सम्बन्ध जोड्न खोज्ने बेइमान ! तँ र कोमल एउटै स्कुलमा पढ्ने साथी हौ, तैँले नै कोमललाई फसाइस् भने । तुरुन्त कोमललाई उपस्थित गरा, होइन भने तिमी ज्यापूहरूको घरमा आगो लगाइदिन्छु, तिमीहरूका छोरी-बुहारी गायब पारिदिन्छु भनेर अनेक धम्की दिए । त्यसपछि मैले 'भोलिसम्म खोजेर ल्याउँछु' भनेर बाचा गरेँ । मलाई भोलिपल्ट उपस्थित हुने सर्तमा छोडिदिए ।*

बा तीन दशकअगाडिको घटना सुनाइरहेका थिए – *मेरो जानकारीमा नभएको वस्तु भोलिपल्ट प्रस्तुत गर्न सक्ने स्थितिमा म थिइनँ । हाम्रो घरमा पनि बाले नराम्रो माने । 'हाम्रै जातमा गएकी भए त ठीकै छ, कतै अन्य जातमा गएकी भए मकहाँ त्यो आउनुपर्दैन' भनेर बाले त्यस घटनालाई असहज रूपमा स्वीकारे । म भने कोमलको शरीर चौबीस घन्टाभित्र बुझाउनुपर्ने सर्तबन्देजमा उनीहरूबाट रिहा भएको थिएँ । त्यसैले त्यस समयमा म चिन्तित थिएँ ।*

*अनि के भयो ?* – मैले जान्न चाहेँ । तिमिला निनी सानै उमेरमा गायब भएको कुरो मलाई थाहा थियो । यो स्वाभाविक प्रक्रिया सम्झेर मैले विस्तृत रूपमा जान्न चाहेकी थिइनँ । फेरि त्यस्तो कुरालाई गम्भीरताका साथ सुन्ने र कोट्याउने गरेकी पनि थिइनँ । तर बाले उनकै कारण पढाइ बन्द गर्नुपरेको भन्ने विषयचाहिँ महत्त्वपूर्ण भएको हुँदा विस्तृत जानकारी लिन म इच्छुक बनेँ । मैले बालाई फेरि प्रश्न गरेँ – *के चौबीस घन्टाभित्र पाइए त ती जोडी ?*

*कहाँ पाउनु ! उनीहरू त टेखाचोको उनीहरूकै साथीको घरमा गएर बसेका रहेछन् । त्यो कुरो मलाई थाहा भएन । म त आफ्नो समयमा उनीहरूले बोलाएअनुसार उनीहरूकहाँ गएँ । उनीहरूले त्यस दिन मलाई एउटा कोठामा बन्दी बनाए । जबसम्म कोमल फेला पर्दैन, तँलाई हामी छोड्दैनौँ भनेर घेराबन्दी गरेर बाहिर निस्कनै दिएनन् । बिहानदेखि बेलुकासम्म 'मामपाख ज्यापू' भन्नेबाहेक मैले राम्रो कुरो सुन्न पाइनँ । दस दिनसम्म मलाई तिनीहरूले त्रास, भय र धम्की सम्मिश्रित शब्द र लवज प्रयोग गरेर मेरो मनस्थिति नै असन्तुलित पारिदिए । ती दस दिनमा मप्रति लात, हात र बात सबै प्रयोग भए । मेरो जानकारीमा नभएको कुरो म भन्न सक्तिनथेँ । पछि उनीहरूकै प्रयासबाट कोमल र तिमिला दस दिनपछि म बन्दी भएकै कोठामा उपस्थित गराए । ती हराएका वस्तु पाएर म खुसी भएँ ।*

मेरो जिज्ञासापूर्ण आशय मेरो मुखाकृतिबाट स्पष्ट देखिन सक्थ्यो । बाले आफ्नो त्यो विवरणलाई निरन्तरता दिँदै भने – *मलाई देख्नेबित्तिकै तिमिलाको होस गुम भयो । उसले केही बोलिनँ । तर कोमलले उसका बाबु, दाजु र काकाहरूको सामु स्पष्ट भनिदियो – 'म तिमिलासँग प्रेम गर्छु र विवाह पनि तिमिलासँगै गर्छु ।'*

*उपस्थित समूहले अनेक किसिमबाट सम्झाए । 'ज्यापू र हामी कायस्थ जातिमा धेरै अन्तर छ, पाँचथरी श्रेष्ठसँग त हाम्रो विवाह हुँदैन भने ज्यापूसँग त झन् हुनै सक्तैन, हामीमा जातका हिसाबले आकाश-जमिनजत्तिकै अन्तर छ, हामीले यी ज्यापूसमुदायसँग नाता जोड्यौँ भने हामी आफ्नो गुठीबाट बाहेक हुन्छौँ, हामी कहींका रहँदैनौँ र अन्तमा हामीले यो टोल मात्र होइन देशै छोड्नुपर्छ, यो ज्यापुनीसँग सम्बन्ध स्थापित गर्ने काम नगर' भने ।*

पुरानो घाउ कोट्याउँदा दर्द हुन्छ नै । उनी पुराना दर्दयुक्त कुराहरू गर्न नचाहँदा-नचाहँदै पनि त्यति बेलाको तीतो अनुभव सुनाइरहेका थिए ।

कोमलको उमेर अठार र तिमिलाको उमेर सत्र वर्ष मात्र भएको रहेछ त्यस बखत । दुई वर्षसम्म एक-आपसमा प्रेमबन्धनमा बाँधिएपछि कोमलले घरमा सूचना गरेछन् । घरका कुनै पनि सदस्यले स्वीकृति नदिएपछि बाध्य भएर कोमल र तिमिला दुवैजना घर छाडेर भागेछन् । कायस्थहरूको अनेक प्रयासबाट उनीहरू लुकेको ठाउँ पत्ता लागेछ र ती भगौडाहरूलाई ल्याइएछ । कोमल र तिमिलाको जोडी नछुट्ने र कायस्थका घरपरिवारले यो सम्बन्ध कुनै हालतमा पनि नजोड्ने अडान लिएर एकोहोरिएर बसेछन् । अन्तमा धेरै छलफलपछि तिमिला निनीलाई बाको जिम्मा लगाएर राति नौ बजे पठाइएको रहेछ । बाले अनेक किसिमबाट सम्झाई-बुझाई बहिनीलाई आफ्नै घरमा ल्याएछन् । सर्तबन्देजको पालना गर्ने हो भने केही नगर्ने, सर्त उल्लङ्घन गर्ने हो भने बालाई नछाड्ने गरी सम्झौता भएको रहेछ । तिमिलालाई एउटा ज्यापू केटो खोजेर तुरुन्त विवाह गराइदिने र कोमलले तिमिलासँग सम्पर्कमा आउन खोज्यो भने कोमलको घरमा तुरुन्त खबर गर्नुपर्ने आदि सम्झौताहरू भएका रहेछन् ।



यी सबै व्यहोरा बाजे भाजुलालले जानकारी पाएपछि बाजेले मेरा बा मङ्गलाललाई पनि स्कुल जान रोक लगाएछन् । उनको भनाइ रहेछ – स्कुलमा पढ्दा मान्छेले आफ्नो हैसियत बिर्सन सक्छ र चलिआएका धर्म-संस्कृतिका विरुद्धमा लाग्न सक्छ । त्यसैले धेरै पढ्नु आवश्यक छैन भन्ने निर्णय उनले गरेका रहेछन् । हुन पनि टोलछिमेकका ठालुहरूका विरुद्धमा लाग्नु भनेको आगोमा हाम्फाल्नुबराबर हो । शदियौँदेखि ठालु भएर बसेका बाठा कायस्थले कुनै घुमाउरो घटना घटाएर फसाइदिए भने धन, इज्जत र समय मात्र होइन, ज्यानै जाने पनि सम्भावना हुन सक्छ भन्ने कुरा बाले बुझेका रहेछन्, त्यसै हुनाले तिनीहरूका विरुद्धमा नबोल्ने वा सेखी नगर्ने निर्णय गरी जीवनको विकासमा अगाडि बढिरहेको पाइलालाई बाध्यतावश पछाडि हटाएका रहेछन्, अर्थात् पढाइ छाडेका रहेछन् ।

मान्छे परिस्थितिको दास हो । समयले बालाई पढाइ छोडाएर घर हेर्न बाध्य बनायो । पहिलो काम त बहिनीलाई सम्झाउनु र बुझाउनु, त्यसपछि उनलाई कुनै योग्य व्यक्ति खोजेर जिम्मा लगाउनु आदिजस्ता कार्यबोझले उनलाई थिचेपछि उनले स्कुललाई निरन्तरता दिन सक्ने स्थिति नै भएन । तर पनि बाले प्राइभेटबाट प्रवेशिका परीक्षा दिएर तृतीय श्रेणीमा उत्तीर्ण भएछन् र पछि व्यावसायिक शिक्षाअन्तर्गत 'काठको काम' सिकेछन् ।

मेरा बाको मनमा खट्केको कुरा कति मात्र रहेछ भने ती कायस्थहरूले बलपूर्वक निर्णय गरेर तिमिलाको बोझ नथपिदिएका भए उनको पढाइले निरन्तरता पाउने रहेछ । त्यो कुरो उनको बयानले मलाई बुझायो । पढिरहेको युवकलाई मानसिक यातना दिएकै कारणबाट उनको जीवनको बाटोले अर्कै मोड लिएको रहेछ ।

तिमिला निनीका बारेमा मैले अझ जान्न चाहेँ र बासँग बिस्तारै सोधेँ – *त्यसपछि कहिले तिमिला निनीको विवाह भयो त ?*

*कहाँ विवाह हुनु ! तुरुन्तै अर्को विवाह गर्न नै मानिनन् । रातो दिन रोएको रोयै गरिन् । हप्तौँ बित्यो । पछि थाहा भयो उनी दुई जीउकी भइसकेकी रहिछन् । त्यसैले अझ बढी पीर उनमा थपिएछ । कोमलप्रसाद कायस्थले बच्चा अपनाउन सक्ने अवस्था थिएन । गर्भपतनको बाटोबाहेक हामीसँग कुनै उपाय थिएन । हामी त्यसैतर्फ केन्द्रित भयौँ ।*

उनी बिस्तारै विनाहिच्किचाहट भन्दै जान्छन् – *गर्भपतनले कानुनी मान्यता पाएको थिएन । त्यसैले सजिलै गर्भपतन हुन सक्ने स्थिति थिएन । एउटा अस्पतालमा सम्पर्क गर्दा गोप्य रूपमा गर्भपतन गराउन तीस हजार रुपियाँ लाग्ने कुरा भयो । त्यस समयको तीस हजार भनेको ठूलै रकम थियो हामीजस्तो*

*निम्नवर्गीय परिवारका लागि । जेसुकै भए तापनि तिमिलाको जीवनभन्दा परिवारको इज्जतको प्रश्न खडा भयो हाम्रा सामु । एक रोपनी जग्गा बिक्री गरी हामीले त्यो कार्य सम्पन्न गऱ्यौं ।*

*हँ ? एक रोपनी जग्गा ?* – मैले अचम्ममा परेर सोधेँ ।

*त्यसबाहेक अरू केही उपाय थिएन हामीसँग । तिमिलाले गर्भधारण नगरेकी भए त्यस्तो अवस्था सिर्जना पनि हुँदैनथ्यो । ऊ आफ्नो इच्छाले चार ठाउँमा जान सक्थी र समाजले उसलाई बहिस्कार गर्न पनि सक्तैनथ्यो । तर गर्भ रहेपछि कोमलप्रसाद कायस्थले जिम्मा लिनु नै पर्थ्यो, जो हुन सक्ने सम्भावना नै थिएन । यसरी हामी उपायरहित भएपछि अवैध रूपमा गर्भपतनको बाटो लिनुपरेको थियो ।*

*त्यसपछि के भयो त ?*

*त्यसपछि एक वर्ष नबित्दै तिमिलाबाट मलाई धोका भयो । वीरसुन्दर मसँगै स्कुलमा पढ्ने मेरो साथी थियो । मैले स्कुल छोडेपछि मेरो मित्रता वीरसुन्दरसँग बढ्यो । मेरो घरमा ऊ आउने-जाने गर्न थालेको थियो । मैले सबै कुरा उसलाई बताएको थिएँ । उसले मलाई हाम्रो काममा मद्दत पनि गरेको थियो । मैले ऊमाथि अविश्वास गर्ने कुरा पनि भएन । तिमिलालाई बहिनीकै रूपमा सम्झाउने-बुझाउने पनि गर्थ्यो । एक दिन तिमिलाको कोठामा वीरसुन्दरलाई भेटेँ । तिनीहरूका बीचमा सम्बन्ध विकसित भएको मैले आशङ्का त गरेँ, तर मैले मुखै फोरेर केही भन्न सकिनँ । केही हप्तापछि त तिमिला गायब भइन् ।*

भन्दाभन्दै उनी रोकिए । साथीको विश्वासमा परेका उनले मित्रतामा आँच आएको देखे । उनले नरमाइलो मानेको कुरा उनको अनुहारमा हेरेपछि मैले चाल पाएँ । मैले पूरक प्रश्न गरिनँ, केवल उनको बयान अब पूरा भए हुन्थ्यो भन्नेसम्मको मनसायले उनलाई हेरिरहेँ ।

*वीरसुन्दर प्रधान । पाँचथरी नेवारको वर्गमा पर्दथ्यो वीरसुन्दरको परिवार । समस्या उही पुरानै दोहोरिने भयो । मैले त्यस बखत गहिरो भुमरीमा फसेको अनुभव गरेँ । एक त वीरसुन्दरले मेरो विश्वासमा खेल्यो, अर्कोचाहिँ उही पुरानो घाउ बल्झियो । म त्यस बखत बिलखबन्दमा परेँ ।*

*ए, त्यसो भए त त्यहाँ पनि उही समस्या झेल्नुपऱ्यो होला, होइन ?*

वास्तवमा मलाई त्यो कुरो थाहा थिएन । तिमिला निनी त अहिले गोमारीमा छिन् । छोराछोरी पनि ठूलै भइसके । यसको अर्थ वीरसुन्दरसँग पनि उनको लामो समयसम्म सहवास हुन सकेनछ । त्यो कुरो मैले बुझेँ । अहिले त उनी आफ्नै जातमा विवाह गरेर सुखसँग जीवन चलाइरहेकी छिन् । मसँग पनि मेल छ । म पनि उनीकहाँ जाने-आउने गर्छु । साथै मलाई उनी माया पनि गर्छिन् र राम्रै सल्लाह पनि दिन्छिन् ।

*वीरसुन्दरको परिवारले पनि तिमिलालाई स्वीकार गरेन । वीरसुन्दरले अन्तमा हार मान्यो परिवारबाट । उसले छोड्दैनथ्यो होला तिमिलालाई उसको परिवारले स्वीकार गरिदिएको भए । तिमिलालाई अनेक कष्ट दिने काम वीरसुन्दरकी आमाबाट भयो । कहिले कपाल उखेलिदिने त कहिले हात मर्काइदिने, कहिले लट्ठीले पिट्ने त*



*कहिले अगुल्टोले पोलिदिने । अनि केही सीप नलागेपछि तिमिला रुँदै माइत आउन थालिन् । आठ-दस दिन राखेर पठायो, फेरि त्यही अवस्था दोहोरिने-तेहरिने हुन थालेपछि वीरसुन्दरकहाँ नजाने निर्णय तिमिलाले नै लिइन् । अनि हामी पनि ढुक्क भयौं ।* – बाले बेलिबिस्तार लगाए र तिमिला निनीको विवाह गोमारीमा बसोबास गर्ने आफ्नै जातको व्यक्तिसँग गराइदिएको बताए ।

यति कुरा बताइसकेपछि बाले मनको बोझ हल्का भएको महसुस गरेको मैले देखेँ । त्यसपछिको कुरा त मलाई सबै जानकारी नै छ ।

यसरी कुनै पनि कुरालाई लिएर बाको र मेरो बीचमा वार्तालाप हुन्छ र हामी दुईको मन पनि मिल्छ । बाले आमासँग यी सबै गन्थन गर्न सक्तैनन् । आमा अबुझ त होइनन्, बुझ्छिन् । तर पढेलेखेकी नभएकी हुनाले बाले मसँग जस्तो विचारको विनिमय गर्न सक्तैनन् । बाजे भाजुलाल त गम्भीर कुरा गर्न पनि जान्दैनन् । गरिहाले भने त्यस कुरालाई बटारेर व्यङ्ग्यात्मक शैलीमा विषयलाई सरल ढङ्गले बुझ्ने र बुझाउने गर्छन् । आमा निपूण छिन् आफ्नो जिम्मेवारीपूर्ण काममा । बाजे आनन्दित र रमाइला छन् । उनी घरकाजमा कुनै बाधा-अड्चन पुऱ्याउँदैनन् । त्यसैले ती दुवैजना बाका लागि सहयोगी मात्र सावित भएका छन् ।

लामो कुराकानीपछि बा मेरो कोठाबाट बाहिरिन्छन् । उनको शरीर मेरो कोठाबाट बाहिर गए पनि उनको उपस्थिति म स्वीकारिरहन्छु, कुन कारणले भने उनले तीस वर्षअगाडिको दुःखपूर्ण कथा यहीं बिसाएर गएका छन् । आज उनले तिमिला निनीको कुरा सुनाएर मेरो मनलाई बोझिलो बनाइदिएका छन् । मैले बोक्नै नसक्ने भारी मलाई बोकाइदिएका छन् । अब म त्यो बोझिलो भारीलाई कहाँ लगेर बिसाऊँ ? कुन चौतारी फेला पारेर रोकिऊँ ? कुन गन्तव्यमा पुगेर बुझाऊँ ? मभित्र अन्तर्द्वन्द्व सुरु भयो । धोका मबाट पनि हुँदैछ भन्ने जानकारी बालाई छ वा छैन ? मेरो कारणले फेरि तीस वर्षपछि बाले थुनिनुपऱ्यो भने, गालीगलौज सुन्नुपऱ्यो भने बाको अवस्था के हुने हो ? हरेकपटक हामी नै किन कमजोर हुन्छौं ? हरेकपटक हामी नै किन ठगिन्छौं ?

अन्धवेगले जन्माएको प्रेम, प्रेमका लागि उत्पादित विश्वास र विश्वासबाट स्थापित हुनुपर्ने अठोटलाई नै शङ्का, भय र त्रासबाट पैदा भएको अविश्वासको भुमरीले गाँजेपछि प्रेम पनि घृणामा परिवर्तित हुन पुग्छ । हो, त्यही प्रेम र घृणाको माझमा म अलमलिएकी छु अहिले, र म मझधारमा फसेकी छु ।

# तछला

*चकना !* – मलाई बोलाएको आवाज सुनें । तलबाट जोगमायाले बोलाएकी रहिछन् । मैले झ्यालबाट हेरें र माथि आउन इसारा गरें । उनी आइन् र भनिन् – *आज 'धो क्वविज्याइगु' थाहा छ ?*

मलाई थाहा छ आज देवता तल जाने बिस्केटजात्राको पहिलो दिन हो । टौमढीका भैरवनाथ टौमढीबाट लाकुलाछेँ जान्छन् । भैलखःमा रथारोहण भएर भैरवनाथ गाहिटीसम्म जाने रथयात्रालाई नै देवता तल जाने जात्रा भनिन्छ । यो जात्राका लागि विक्रमीय सम्वत्को अन्तिम दिनको तीन दिनअगाडिको दिन निश्चित भएको हुन्छ । ख्वपदेशमा आजदेखि बिस्केटजात्रा सुरु हुन्छ र आजसमेत आठ दिनसम्म जात्रा चल्छ ।

यस जात्रालाई राष्ट्रिय जात्राका रूपमा घोषणा गरी आठ दिनसम्म चलाउने कार्य राजा भूपतीन्द्र मल्लको समयदेखि मात्र चलेको हो । यो जात्रा विधिवत र व्यवस्थित रूपमा जगज्ज्योति मल्लको समयदेखि सञ्चालन भएको हो । भूपतीन्द्र मल्ल र जगज्ज्योति मल्लको शासनकालमा करिब एक शताब्दीको अन्तर छ । बिस्केटजात्रा चल्दाका बखत दुई दिन मात्र जात्रा चल्थ्यो भने पछि आएर यो जात्रा आठ दिनसम्म चल्न थाल्यो ।

आज टौमढीमा पूरा ख्वपदेशका मानिसहरू जम्मा हुन्छन् । घरका मूलीहरू पूजा-सामग्री लिएर भैरव र बेतालको दर्शन गर्न जान्छन् । वृद्धहरू विगतमा घटित आमोदप्रमोदलाई पुनः हासिल गर्न जात्रामा सम्मिलित हुन पुग्छन् । बाल र युवाहरू नयाँ संस्कृतिको जानकारी लिन र जात्रा हेर्न जान्छन् भने युवाहरू तल्लो टोल र माथिल्लो टोलका बीचको प्रतिस्पर्द्धामा भाग लिन पुग्छन् । यसरी नगरभित्र र बाहिरका सबै उमेर र वर्गका तथा सबै जात र समुदायका मानिसहरू भेला भई उत्साहपूर्वक मनाइने जात्रा भएको हुँदा यस जात्राले विशेष महत्त्व पाएको हो । त्यही जात्रा हेर्न जानका लागि जोगमाया आएकी हुन् ।

मलाई सन्चो नहोला जस्तो छ । जीउ नै भारी भइरहेछ र कम्मर नराम्रोसँग दुखेको छ । महिनावारी हुने लक्षणको अनुमान गरेकी छु । भइहालेको भए हुन्थ्यो, हुन सकेको छैन । महिनाचाहिँ पुगेको छ । त्यसैले मैले नजाने सङ्केत गर्दै जोगमायालाई भनें – *तिमी अरू साथी लिएर जाऊ । मलाई आज सन्चो छैन ।*

*के भयो ? ज्वरो आयो कि ? कसरी सन्चो भएन ?* – प्रश्नमाथि प्रश्न गर्दै जोगमाया मेरो निधार छाम्न आइपुगिन् ।



*उही त हो नि, आइमाईले ब्यहोर्नुपर्ने रोग ! महिना पुगेको छ । आज रातिदेखि नै सहनै नसक्ने गरी कम्मर दुखेको छ, हेर न !* – आफ्नो विवशता जाहेर गर्छु म उनीसँग ।

भैलखःका बारेमा केही जानकारी लिने विचारले जोगमाया मलाई लिन आएकी रहिछन् । हुन त म नै के जान्दछु र ! सुनेको, बुझेको र देखेको आधारमा व्याख्या वा विश्लेषण गर्नुपर्छ । पुर्खाहरूले सामाजिक विकास होस् र कुनै पनि कालमा त्यस समाजमा बाँच्ने मान्छेहरूले सुख, शान्ति र आनन्दमय जीवनयापन गर्न सकून् भन्ने उद्देश्यका साथ धर्मसँग जोडेर नीति, नियम र सिद्धान्त लागू गरेका हुन्छन् । त्यही व्यवस्थाले मान्छेलाई आबद्ध गराएर अनुशासित पनि तुल्याएको हुन्छ । पछि बिस्तारै सामाजिक जीवनको अभिन्न अङ्ग बन्दै त्यो व्यवस्था संस्कृतिमा परिवर्तित हुन्छ । त्यस्ता किसिमका नीति, नियम र सिद्धान्तलाई सत्यताको बोध नगराई अन्य काल्पनिक, भयपूर्ण र दैवी शक्तिको प्रधानता भएको कथनद्वारा पुष्टि गराएका हुन्छन् । त्यही अन्धविश्वासमा लपेटिएर त्यस्ता नीति-नियमले जीवन्तता पाएका हुन्छन् र समाज चलेको हुन्छ, साथै त्यस समाजमा बाँचेका मान्छेहरूको जीवनयापन सुखमय ढङ्गबाट नै चलिरहेको हुन्छ ।

यी कुराहरू मैले जोगमायालाई पहिले पनि बुझाइसकेकी थिएँ । उनले यसलाई बुझ्न सकिनन् भनौं वा द्विविधामा परेर मसँग अनुरोध गरेकी भनौं, जात्राका बखतमै भैरवनाथको रथ हेर्ने र बुझ्नका लागि उनी आज आएकी हुन् । 'म जान्नँ' भन्ने अवस्था पनि रहेन र जान पनि त्यति सन्चो भइरहेको स्थिति छैन । मैले उनीसँग अप्ठेरो मान्दै सोधें – *के जानु नै पर्ने हो त ?*

जानु नै पर्ने उनको आशय पाएपछि रजोवृत्तिको सुरक्षार्थ लगाउने वस्तु खोजें । चाहिएको बेलामा फेला नै पर्दैन । सधैं चाहिने चीज होइन । यस्तै बाहिर जाने बेलामा मात्र प्रयोग हुने वस्तु भएको हुँदा भन्नेबित्तिकै आँखाको सामु आउँदैन । जोगमायालाई म कुनै बहाना बनाउन पनि चाहन्नँ । एउटा मुलायम कपडालाई राम्रो गरी पट्याएर भित्री कट्टुको आडमा मिलाएर राखें । असजिलो महसुस हुन्छ यसको पहिरनमा । अझ रजोवृत्ति नै भयो भने त कष्टप्रद नै हुन्छ । तर के गर्नु ! बाहिर जानुपरेपछि सहनु नै पर्छ । वास्तवमा यस्तो समयमा बाहिर जानु राम्रो होइन ।

हामी दुवै टौमढीका लागि निस्कियौं । जोगमायाले भनिन् – *सुकुलढोकातर्फबाट जाऔँ ।*

उनले जाने बाटो किटेकी हुँदा मलाई जान्न मन लाग्यो – *किन लायकू हुँदै साकोटाबाट नजाने ? बाटो त त्यो सजिलो र छोटो छ नि ?*

उनले तुरुन्तै जवाफ दिइन् – *ती बूढा वैद्य बाटोमा बसेका हुन्छन् । मलाई चाहिँ तिनको अनुहार पनि हेर्न मन लाग्दैन ।*

उनका आँखा घृणाको भावले दाहिनेतर्फ घोप्टिएको म स्पष्ट देख्छु, साथै अनुहारको बाहिरी आवरणमा केही परिवर्तन आएको पनि ।

***डराएर पनि हुन्छ ? त्यस्ता बदमास बूढाहरूसँग नडराई मुकाबिला गर्नुपर्छ । तिमी भागेर पनि कति भाग्न सक्छ्यौ ? तिमी भाग्दा उनको केही बिग्रिँदैन । बरू उनका सामु बारम्बार तिमीले घृणाभाव प्रकट गर्‍यौ भने उनी लाजको जरो गाडिएर पछुताउन सक्छन् । गरेको अपराध सार्वजनिक हुन लाग्यो भनेर भविष्यमा त्यस्तो अपराध नगर्न सक्छन् । त्यसैले उनीसँग टाढा हुने होइन, उनलाई पछुतोको भुमरीमा पार्न पनि तिमीले उनीसँग भेटिरहनुपर्छ ।*** – मैले जोगमायालाई सम्झाउने कोसिस गर्दै भनेँ ।

जोगमाया मेरै उमेरकी केटी हुन् । म सुवाल हुँ, उनी दुवाल हुन् । हामी दुवै ज्यापूजातिका हौँ । उनले प्रवेशिका उत्तीर्ण गरेपछि त्यही बूढाकाण्डमा फसिन् र त्यसबाट छुटकारा पाउन धेरै दुःख पाइन् । जीवनरेखा नै वक्र हुने गरी उनी सिधा रेखाबाट उल्टो मोडिइन् ।

मेरै टोलसँग जोडिएको भोलाछैँटोलको एक सम्पन्न परिवारका ती बूढामान्छेको नाउँ सुकुमान वैद्य हो । उनलाई धेरै केटाकेटीहरूले 'वैद्यबा' भन्ने गर्छन् र म पनि उनलाई 'वैद्यबा' नै भन्छु । हेर्दा भलादमी देखिने ती वैद्यबाले मलाई 'चकना मैँ' भन्ने गर्छन् । उनी ज्यापूका छोरीहरूलाई नाउँका पछाडि 'मैँ' शब्द जोडेर बडो स्नेहपूर्वक बोल्ने गर्छन् । यतिखेर तिनी करिब सत्तरी-बहत्तर वर्षका भए होलान् । त्यति परिपक्व उमेर भएर पनि बाहिर बजारमा निस्कँदा भने नवयुवकजस्तै नक्कल पारेर युवा वेशभूषामा प्रस्तुत हुने गर्छन् । सेतो रङ्गको मयलपोस-सुरुवालमाथि नीलो कोटमा रातो गलबन्दीका साथै राम्रो खालको ढाकाको टोपी लगाएर चिटिक्क परी हिँड्ने गर्छन् । जाडोमा भने त्यसै पोसाकमाथि ऊनीको लम्बूकोट लगाउने गर्छन । तिनी वैद्य थरका मात्र होइनन्, वैद्य पनि हुन् । उनी पेसेवर वैद्य नभएर जानकार वैद्य हुन् । कुनै रोगीलाई जाँच गर्दा पैसा लिँदैनन् र आफूसँग भएको औषधि निःशुल्क नै दिन्छन् भन्ने सुनेकी छु । त्यसैले पनि तिनी व्यावसायिक वैद्य होइनन् । उनको मुख्य विशेषता भनेको विभिन्न किसिमको मिठो, पिरो, अमिलो तथा मिश्रित स्वादिला पाचकहरू बनाउने र ती पाचकहरू रङ्गी-बिरङ्गी कागजमा स-साना पुरियाहरू बनाई कोटको खल्तीमा राखेर हिँड्ने । भनौँ पाचक वितरण गरी हिँड्ने वैद्य ।

उमेरले बूढा भए पनि मनलाई सदावहार प्रदान गर्न सक्ने सुकुमान वैद्य निधारमा सानो रातो टीको लगाई प्रायः पुरानो खालको अत्तर छरेर हिँड्ने हुँदा उनी उभिएको परिवेश नै सुगन्धमय हुने गर्छ । म त कति अभ्यस्त भइसकेकी छु भने उनी भेटिने वा हिँड्ने बाटोमा कति क्षणअघि उनी यस बाटोबाट



गुज्रिए भन्नेसम्मको अनुमान गर्न सक्छु । किनभने म उनीसँग पन्ध्र वर्षअघिदेखि पाचकको स्वादबाट नजिकिएकी छु ।

'नानी', 'सानी', 'फुच्ची' र 'मैया' भनेर केटीहरूलाई सम्बोधन गर्ने सुकुमान उनका समकालीन साथीहरूसँग बडो रमाइलोसँग प्रस्तुत हुने गर्छन् । उनी सधैँ हँसिलो अनुहारमा रहने हुँदा उनलाई देख्नेबित्तिकै जोकोही पनि प्रसन्न हुन्छन् । अझ स-साना भरखरका युवतीहरू त उनीसँग रमाएर झुम्मिन्छन् र त्यसैमा उनी आनन्दित पनि भएका देखिन्छन् ।

स्वादिलो पाचकका माध्यमद्वारा युवतीहरूलाई आफूप्रति आकर्षित गराउन पोख्त वृद्धयुवा सुकुमान वैद्यले यिनै जोगमायालाई फसाएर घृणित कार्य मात्र गरेनन्, जोगमायाको जीवनसँग नै खेलवाड गरेर जीवनघात गरे, अपराधी बने । त्यसै बखतदेखि जोगमायाको परिवार र हामी साथीहरूले ती सुकुमानलाई एक अपराधीका रूपमा हेर्ने गरेका छौँ ।

मलाई सम्झना छ, सुकुमानले एक दशकभन्दा अगाडिदेखि जोगमायालाई पाचक र चकलेट दिने गरेका थिए । यस प्रविधिसँग म त्यतिखेर अनभिज्ञ नै थिएँ । त्यसरी पाचक दिन थालेको दुई वर्षपछि जोगमायालाई *'के छ मैया ?'* भनेर गाला मुसार्न थालेको मैले देखेकी थिएँ । सुकुमान र जोगमायाको उमेरमा आधा शताब्दी नै फरक भएका कारणले त्यसरी गाला छुँदैमा शङ्का नै गर्नुपर्ने अवस्था थिएन । त्यसैले त्यसतर्फ मैले गम्भीरतापूर्वक सोच्ने कुरा पनि भएन ।

एक दिन मलाई पनि केही असजिलो महसुस भएको थियो । केही समयअघिको कुरो हो । म एक्लै हिँडिरहेको बेलामा 'चकना मैँ' को आवाज मेरो कानमा गुन्जियो । अलि टाढा बाटोको किनारमा उभिएका थिए वैद्यबा । मैले उनलाई देख्नेबित्तिकै उनले मलाई हातको इसाराले बोलाउँदै भने – ***ल, पाचक लिएर जाऊ । आज मीठो पाचक छ ।***

म त्यही ठाउँमा रोकिएँ र बाटोको किनारामा उभिएँ । उनी मतर्फ बढे, म उभिएको ठाउँमा आइपुगे र मसँग नजिकै हुन खोजे । सदाको झैँ मेरो दाहिने हात मैले उनीतर्फ बढाएँ । उनले पाचकको पुरिया देलान् भनेर पसारेको मेरो हातका औँलाहरू उनको बायाँ हातले समाउन पुग्यो । मैले उनको ज्यादतीलाई हेर्न र बुझ्न खोजेँ । उनको दायाँ हात कोटको खल्तीमा पाचक खोजेको खोज्यै भयो, बाहिर निस्कन सकेन । त्यसै बखत मैले उनी विचारशून्य भएर केही काँपेको महसुस गरेँ । मेरा हातका औँला मैले उनको हातबाट छुटाएँ र उनका आँखामा हेरेँ । तर उनका आँखा भने मेरो छातीतर्फ ओइरिरहेका थिए । मेरा आँखा पनि त्यसैतर्फ झरेपछि स्पर्श गरेको मेरो छातीको त्यही विन्दुमा च्वास्स घोच्यो । त्यस स्थितिबाट मुक्ति पाउन म अगाडि मात्र के बढ्न लागेकी थिएँ, उनले असहज प्रकृतिमा दाहिने हातको

मुट्ठीभरि पाचकका पुरियाहरू मुठ्याएर हात कपाउँदै मलाई दिन खोजे । अप्ठेरो मान्दामान्दै पनि मुठीभरि भएका पाचकका पुरियाहरू मैले लिएँ र म आफ्नो गन्तव्यतर्फ अगाडि बढेँ ।

सुकुमान वैद्यले प्रायः एकपटकमा एक पुरिया पाचक मात्र दिने गर्दथे, तर त्यसपटक उनको मुट्ठीभरिको पाचक बीस पुरिया थियो । त्यसै घटनादेखि मैले उनको नियतमाथि पूर्ण शङ्काको रूपले हेर्न थालिसकेकी थिएँ । उनी एकजना आपराधिक मनस्थितिले घेरिएका मनोरोगी हुन् । त्यसैले उनीसँग म अत्यन्तै सतर्क थिएँ र अहिले पनि छु ।

जोगमायालाई सानै उमेरमा उनले हात पार्न सफल भएका रहेछन् । यो कुरो त मलाई पछि मात्र थाहा भयो । जोगमायाका बाबु आर्थिक दृष्टिले कमजोर थिए । जोगमायाको यौवन र उसको परिवारको आर्थिक दुरवस्थाकै कारणले उनले जोगमायाको सिकार गरेका थिए । वैद्यबाले अपराध गरेको मलाई जानकारी थियो । विस्तृत विवरण भने मलाई त्यति थाहा थिएन । त्यही जानकारी लिऊँ कि भन्ने विचारले मैले जोगमायालाई सोधेँ – *तिमीलाई तिनले बिगारेको कुरो त थाहा थियो, तर तिम्रो जीवनमै बेग्लै मोड आउनुपर्ने गरी के गरे तिनले ?*

म उनको हित चिताउने साथीमध्येको एक हुँ । मसँग उनले कुनै कुरा भन्न हिचकिचाउनुपर्दैनथ्यो । त्यसैले उनी बिस्तारै भन्दै गइन् – *म सानै छँदादेखि उनी मलाई पाचक दिन्थे । म पनि उनलाई 'वैद्यबा' नै भन्थेँ अरू केटाकेटीले भनेजस्तो । म स्कुलमा पढ्दाकै बखतमा मेरा बासँग उनले 'जोगमायालाई मकहाँ पढाउन पठाऊ, म बिहान-बेलुका पढाइदिन्छु' भनेछन् । बाले खुसी भएर वैद्यबाको घरमा मलाई पुऱ्याइदिए । म वैद्यबाको घरमा आउने-जाने र खानेसमेत गर्न थालेँ । वैद्यबाकी स्वास्नीलाई 'वैद्यमाँ' भन्थेँ । बिस्तारै म उनीहरूकी छोरीजस्तै भएँ । घरमा उनीहरू दुईजना थिए र उनीहरूको काम गर्ने लाखेचा भन्ने एकजना नोकर थियो । एक दिन मलाई त्यहीँ बस्नका लागि वैद्यमाँले अनुरोध गरिन् । म वैद्यमाँसँग सुतेकी थिएँ । राति वैद्यबा आएर मलाई बलात्कार गर्न खोजे । मैले मानिनँ । तर त्यस कोठामा हामी तीनजना मात्रै थियौँ । दुईजनाका सामु मेरो केही लागेन । सोही रात मेरो कुमारीत्व नष्ट भयो ।*

उनी भन्दाभन्दै रोकिइन् । *के वैद्यमाँ पनि तिम्रा विरुद्धमा ? एउटी आइमाईले अर्की आइमाईलाई संरक्षण नदिएकी ? त्यसमा पनि तिमी नातिनीजस्ती मान्छेलाई ?* – मैले विस्तृत रूपमा घटनाको विवरण सुन्न चाहेर प्रश्नहरू गरेँ जोगमायासँग ।

*हो ! उनीहरू दुवै मिलेका रहेछन् । करिब सुकुमानकै उमेरकी भएकीले उनमा यौनतृष्णा पटक्कै रहेनछ । उनीहरूका बीच बीसौँ वर्षअगाडिदेखि लोग्नेस्वास्नीमा हुने सम्बन्ध विच्छेद भइसकेको रहेछ । सुकुमानलाई आइमाई नभई नहुने, वैद्यमाँलाई लोग्नेमान्छे आवश्यक नै नपर्ने भएपछि कुनै व्यवस्था त गर्नैपऱ्यो !*



*त्यसैअन्तर्गत उनीहरूको सम्झौता भएको रहेछ । म उनीहरूको आवश्यकताको भनूँ वा अप्राकृतिक गठबन्धन भनूँ, त्यसैको सिकार बनेँ । सुरुका दिनहरूमा जबर्जस्ती गर्नुपरे पनि पछि मैले आफूलाई धिक्कार्दै उनीहरूमा आफूलाई समर्पित गरिदिएँ । लामो समयसम्म उनको मनोरञ्जनको साधनका रूपमा बसेँ । यो कुरा म कुनै साथीभाइलाई वा घरका कसैलाई भन्न सक्तिनथेँ । आफैँभित्र पिल्सिएर आफ्नो दुःख र कुण्ठा आफैँभित्र दबाउनेबाहेक मेरो केही उपाय थिएन । म कसलाई भन्न जाऊँ यस्तो कुरो ? सुन्ने कसले ? फेरि, सुनेर पनि कसले के गर्न सक्थ्यो र ? म बिग्रने कुरा बिग्रिसकेकी थिएँ ।*

*त्यसपछि के भयो ?*

*के हुनु ! गर्भ रह्यो । अनि म रुन थालेँ । जेसुकै भए पनि म गर्भपतन गराउन चाहन्नथेँ । तर ती कुटिल दुई प्राणीले मेरो त्यस अवस्थाबाट मुक्त हुनुपर्ने कुरालाई केन्द्र बनाई सम्झाउने, बुझाउने, माया गरेजस्तो गर्ने र अनेक हाउभाउ-कटाक्ष गरी अन्तमा गर्भपतन गराएरै छाडे । म अस्वस्थ भएँ । वैद्यको घरमै भएकी हुँदा कुरा बाहिर जान पाएन । मेरो घरसम्म पनि यो कुरो पुग्न सकेन । महिनौँ म रगतको आहालमा सुतेँ । त्यस बखत मलाई एक नजरले पनि ती सुकुमानले हेरेनन् । सबैभन्दा दुःखपूर्ण कुरा मलाई त्यही भयो । मैले विवश भएर आफ्नो यौवन सुम्पिनुपरेको थियो ।*

*तिम्रो यौवनसँग खेले, अनि त्यस्तो समयमा पुलुक्क पनि हेरेनन् ?*

*हो ! त्यस्तै भयो । त्यस्तै हुन्छन् मान्छेलाई मान्छे नठानी मनोरञ्जनको साधन ठान्नेहरू ! मेरो मृत्यु थियो त्यो । आजको यो जीवन त 'फोसा' हो जस्तो लाग्छ । ती सुकुमान र सुकुमानकी स्वास्नीजस्ता आततायीहरूलाई त चुप्पीले घोची-घोची मृत्युको मुखमा पुऱ्याउन मन लाग्छ । तर के गर्नु ! उनीहरूले जस्तो कानुनलाई छोप्न म असमर्थ छु । हल्ला गरेर सार्वजनिक गरौँ भने घटना प्रमाणित गर्न म असक्षम छु र अब अरूमाथि यस्तो घृणित कार्य नहोस् भनी भन्न अपरिपक्व छु । चुप रहने, सहने र त्यस दुःखपूर्ण अवस्थालाई मनभित्रै दबाउनेबाहेक अरू केही उपाय मसँग छैन ।*

मेरो मनले भन्छ, सुकुमान वैद्य गुन्डा हुन्, फुँडा हुन्, सभ्य समाजका विकृति हुन् । तर उनकी स्वास्नी, त्यसमा पनि वृद्ध, समाजका सदस्यहरूले 'माँ' भनेर सम्बोधन गरिने एक आमा हुन् । सबैका मान्यवरका रूपमा स्थापित, कालको उच्च गतिमा पुगिसकेकी र समाजमा परिपक्व प्रमाणित भइसकेकी उनले त्यस्तो आपराधिक कार्यमा कुनै हालतले पनि साथ दिन हुँदैनथ्यो । यो कसरी भयो ? म छाँगाबाट खसेजस्ती भएकी छु । मलाई यतिखेर सुकुमान वैद्यसँग होइन, उनकी श्रीमती कहलिएकी वैद्यमाँसँग घृणा पैदा भएको छ ।

हामी यतिखेर क्वाछेँबाट ओरालो लागिसकेका छौँ । टौमढीको केही भाग देखिएको छ । मान्छेको भीडका बीचमा 'भैलखः' टङ्कारो देखिएको छ । ठूला-ठूला काठका पाङ्ग्रा भएको तीनतले भैरवनाथको रथ पूर्ण रूपमा

सजाइसकिएको देखिन्छ । हामी बिस्तारै भैलखः उभिएको पश्चिमतर्फको डबलीमा गएर नजिकबाट भैलखःलाई नियाल्छौँ । भैलखःमा देवताहरू राख्न बाँकी छ । साँझ पर्न अझै दुई घन्टा बाँकी छ ।

यहाँ कुरा सुनेअनुसार घाम छँदै रथयात्रा सुरु गरेर गाहिटी पुऱ्याउनुपर्ने भन्ने सबैको सहमति भएको रहेछ । घाम छँदै रथयात्रा समापन गर्ने हो भने रथमा देवता राख्ने समय भइसकेको छ । तर यहाँको स्थिति हेर्दा अझै एक घन्टा भैरवनाथलाई मन्दिरबाट बाहिर ल्याउन सकिने अवस्था देखिँदैन । किनभने रथयात्राका लागि रथारोहण गर्नुअगावै ६ जना भैरव-नाइकेहरू जम्मा भएर 'गुप्तपूजा' गर्नुपर्छ । एक घन्टा लगाएर गरिने त्यो पूजा पनि भर्खरै मात्र सुरु भएको बुझिएको छ ।

भैरवनाथ र बेताल दुवैलाई बेग्लाबेग्लै पूजा गरी विधिपूर्वक रथारोहण गराएपछि मात्र रथ तान्ने जात्रा सुरु हुन्छ । रथको अगाडि र पछाडि दुवैतिरबाट मान्छेले तान्न मिल्ने गरी दसवटा लामा-लामा डोरीहरू जोड्ने काम भइसकेको छ । यी दसमध्ये छ थान अगाडि र चार थान पछाडि तान्न मिल्ने गरी जोडिएको छ । रथमा भैरव र बेताल राख्नुभन्दा पहिले राजाको प्रतिनिधिस्वरूप खड्ग पनि आइपुग्नुपर्छ । यी प्रारम्भिक कामहरू सबै नै बाँकी नै देखिन्छ, तापनि मान्छेको भीडले गर्दा जात्रा अहिले तुरुन्तै सुरु हुन्छ कि भन्ने अनुमानमा मान्छेहरू उत्सुकतापूर्वक यताउता हेरेर जात्रा सुरु हुने सङ्केत पाउन आतुर भएका देखिन्छन् । तःडबलीमा नौबाजा बजिरहेको छ । यस बाजाले बेला-बेलामा स्वर बदलेर अनेक उत्तेजक ध्वनि गुन्जाइरहेको छ । यही ध्वनि कर्णप्रिय भएर यसले मान्छेहरूको मन उत्साहित र आनन्दमय बनाएको छ । त्यसैले पनि मान्छेहरू टौमढीबाट बाहिरिन चाहेका देखिँदैनन् ।

ङतापोल देवलको पाँचौँ तहका सबै पेटीहरूमा दर्शकहरू पङ्क्तिबद्ध भएर बसिसकेका छन् । ऐसामारीका दुवै तलाहरू मान्छेले खचाखच भरिइसकेका छन् भने वरपरका सबै घरका झ्याल र बार्दलीहरू पनि मान्छे नै मान्छेले भरिएका छन् । घरका पेटी, डबली र फलैँचासमेत खाली देखिँदैनन् । बाटोमा मान्छेहरूले सजिलोसँग हिँड्न पाएका छैनन् । यहाँ मान्छे त्यहाँ मान्छे, मान्छे नै मान्छेभित्र हामी पनि घुलिएका छौँ । भीड बढिरहेछ । भीडभित्र सबै अलमलिएका छन् । हामीलगायत सबै उपस्थित भएकाहरू सबैमा एउटै कौतूहल र उत्सुकता छ । सबैको मन एउटै कुरामा केन्द्रित छ, त्यो हो जात्राको आरम्भ ।

त्यही भीडका बीचमा शिवजुजु र महेशलाई एकसाथ देख्छु । शिवजुजु बाहुन हुन् भने महेशचाहिँ जोशी हुन् । यी दुवै ख्वपदेशमा बसोबास गर्ने समुदायमा उच्च वर्गका कहलिन्छन् । महेश जोशीका परिवारहरू तलेजुसँग सम्बन्धित छन् । तलेजुदेवी मल्लराजाहरूकी इष्टदेवी हुन् ।



उनीहरूले पनि हामीलाई देखेर हामीतर्फ नै आउँदै गरेको मैले देखेँ । ठीकै छ, उनीहरू मभन्दा जानकार छन् र जोगमायालाई जानकारी हासिल गर्न सजिलो हुन्छ भन्ने लाग्यो । केही क्षणमै हामी चारजनाको एकै घेरा बन्यो । सबैले सबैलाई चिनेका हुँदा परिचयको आवश्यकता परेन । चारैजनाको अनुहारमा भेटको मुस्कान मुखरित भयो र सामान्य टाउकोको इसारामा सन्चो-बिसन्चोको प्रश्नोत्तर सम्पन्न भयो । भीडले नै हाम्रो उद्देश्य स्पष्ट गरेको हुँदा यो उपस्थितिका बारेमा एकले अर्कालाई केही भन्नुपर्ने आवश्यकतै परेन ।

शिवजुजु र महेश मिल्ने साथी हुन् । स्कुलदेखि कलेजसमेत साथसाथै पढेका हुँदा एकले अर्काका बारेमा पूर्ण जानकारी राखेका छन् । यिनीहरू दुवैका घरमा दुवैको राम्रो आवत-जावत छ । एक परिवारको सदस्यसँग अर्को परिवारको सदस्यको पनि राम्रै जान-पहिचान छ । यो कुरो मैले महेशकै मुखबाट सुनेकी हुँ । शिवजुजु आफ्नो परिवार, खास गरी स्वास्नी र छोराछोरीका बारेमा मलाई बताउन अप्ठेरो मान्छन् । यसका लागि महेश नै मेरा मूल स्रोत हुन्, जुन कुरा म शिवजुजुबाट सुन्न सक्तिनँ ।

महेशप्रसाद जोशी यिनको पूरा नाउँ हो । यिनको घर यहीँ नजिकै थालाछेँमा छ । यिनको विवाह बनेपामा बस्ने जोशीपरिवारकै छोरीसँग भएको हुँदा जातिपातीका हिसाबले यिनका परिवार कट्टर छन् शिवजुजुका परिवारजस्तै । यिनीहरूको विशेषता भनेको आफ्नै परिवारको रीतिस्थितिको घेराभित्र बसेर जीवनलाई चलाउनुपर्ने हुन्छ र त्यसैमा बाँच्नुपर्ने हुन्छ । यी मेरा दुवै मित्रहरू यो ख्वपदेशका साना जाति र वर्गसँग देखिने किसिमको कुनै सम्बन्ध स्थापित गर्दैनन् र गर्नु हुँदैन भन्ने मान्यतामा बाँचेका पनि छन् ।

मलाई देखेर शिवजुजु विशेष खुसी भएका छन् । महेशले पनि मलाई नभेटेको महिनौँ भइसकेकाले लामो अन्तरालपछिको भेटमा उनी पनि रमाएकै देखिन्छन् । भीड बढ्दै गएको हुँदा हामी उभिएको ठाउँ साँघुरिँदै आयो । अब यहाँ उभिने र कुनै वार्तालाप हुने स्थिति देखिएन । जात्रा सुरु हुन धेरै नै समय बाँकी छ । हामी भैलखः राखिएको ठाउँभन्दा अलि टाढा अलि अग्लो ठाउँमा पुग्छौँ र रोकिएर फेरि भैलखः र चोकलाई नियाल्न पुग्छौँ ।

महेशले त्यहाँको वास्तविक स्थितिलाई बुझेर भन्छन् – ***जात्रा अब दुई घन्टापछि मात्र सुरु हुन्छ भन्ने मलाई लाग्छ, किनभने अहिले भर्खर भैरवको गोप्य पूजा सुरु भएको छ ।***

त्यो कुरा हामीलाई पनि थाहा थियो, जुन कुरा उनले भर्खर भने । जोगमाया अलि उत्सुक हुँदै महेशको समीपमा गएर सोध्छिन् – ***रथमा बेताल र भैरवनाथ राखेपछि रथयात्रा सुरु हुन्छ भन्ने कुरा त मलाई थाहा छ र हरेक वर्ष यो जात्रा हेरेकी पनि छु । यस रथमा बस्ने भैरव र बेतालको सम्बन्ध के हो ? किन यी दुवैलाई रथारोहण गरेर रथयात्रा सुरु हुन्छ ?***

जोगमायाको यस प्रश्नले मलाई पनि उत्सुक बनायो र महेशलाई बिस्तारका साथ जोगमायालाई बुझाइदिन मैले पनि आग्रह गरेँ । महेशले सरल किसिमबाट छोटकरीमा भने – *भैरवनाथको गण हो बेताल । रथयात्रामा कुनै अवरोध नआओस्, रथ सुचारु भई गन्तव्यमा पुगोस् भन्नका लागि बेताललाई रथको पाङ्ग्राभन्दा अग्रभागमा राखिएको हो । अर्को अर्थमा बुझ्नुपर्दा रथलाई सञ्चालन गर्ने मुख्य सञ्चालकका रूपमा तान्त्रिक विधिअनुसार बेताललाई राखिएको हुन्छ । त्यसैले भैरवनाथको रथयात्रामा बेताल रथसञ्चालक मात्र हुन् ।*

रथको निर्माणलाई विचार गर्दा महेशको कथनले पुष्टि पाउँछ । रथको पाङ्ग्राको अगाडि तेर्सिएर 'बेतसिँ' रहेको हुन्छ र त्यही बेतसिँको माथिल्लो भागमा बेताललाई राखिन्छ । सबै दिन घोप्टिएर बस्नुपर्ने बेताल यस रथयात्राभरि ठाडो भएर उभिएका हुन्छन् । रथका दायाँ-बायाँ र अग्रभागलाई अलि टाढा बसेर हेर्दा बेताल रथका सञ्चालक नै हुन् भन्ने ठहर हुन्छ । यो कुरा म जोगमायालाई सम्झाउँछु ।

भैरवनाथको रथयात्रा आज कसरी सुरु हुन्छ र समापन कसरी हुन्छ भन्ने बारेमा जोगमाया जिज्ञासा राख्छिन् । उनको यही जिज्ञासाका कारणले म सन्चो नहुने अवस्थामा पनि यहाँ आएकी छु । मलाई यो भीडमा उभिन र धेरै बेर बस्न अलि गाह्रो भएको महसुस गरिरहेकै अवस्थामा यी दुई मित्रहरू भेटिएका छन् । त्यसैले यो समस्यापूर्तिको काम म महेशलाई नै सुम्पिँदै विस्तारपूर्वक रथयात्राका बारेमा भन्न आग्रह गर्छु ।

*आज यो रथयात्रा यहाँबाट आरम्भ हुन्छ र आठौँ दिनमा यही आएर समापन हुन्छ । मुख्य रथयात्राका नायक भैरवनाथ हुन् । उनी रथ चढेर गाहिटी पुग्छन् र तीन दिन लाकुलाछेँको चोछेँमा बस्छन् । चैत्र मसान्तका दिन उनी अपराह्न भेलुखेल पुग्छन्, त्यहाँ 'लिङ्गो' उभ्याइएको जात्रा हेर्छन् र त्यस दिन त्यहीँ बस्छन् । भोलिपल्ट अर्थात् नयाँ वर्षको आरम्भको दिन अथवा वैशाख सङ्क्रान्तिको दिन 'लिङ्गो' ढालेपछि पुनः सोही दिन गाहिटीसम्म रथमा आएपछि भैरवनाथलाई लाकुलाछेँको चोछेँमा लगेर राख्छन् ।* – महेशले छोटकरीमा रथयात्राको मात्र बयान गर्छन् ।

यसैबीच जोगमायाले चोकको दक्षिणी भागमा पश्चिमाभिमुख गरेर राखेको सानो दुईतले छाना भएको रथलाई औँल्याउदै महेशलाई सम्झाउँछिन् – *यो सानो भद्रकालीको रथका बारेमा त तिमीले केही भनेनौ !*

*मूल रथ 'भैलखः' हो । यस रथलाई नकींखः भन्छन् । भैलखः अगाडि बढेपछि यो भद्रकालीको रथ पनि पछि-पछि सँगै लगिन्छ । भैरवको रथ रोकिँदा यो रोकिन्छ र हिँड्दा यसलाई पनि हिँडाइन्छ । भेलुखेलमा जात्रा हेर्न बस्ता पनि भैलखःको पछाडि नै यो रथ बसेको हुन्छ ।*

महेश भन्दाभन्दै रोकिन्छन् र हाँस्तै व्यङ्ग्यात्मक शैलीमा भन्छन् – *चकनालाई यो कुरो थाहा नभए पनि जोगमायालाई त थाहा हुनु नै पर्ने हो !*



जोगमाया लजाएर घोप्टिन्छिन् । मलाई पनि यस व्यङ्ग्यले केही चस्स घोच्यो, तर पनि कुनै प्रतिक्रिया दिन म चाहन्नँ । शिवजुजुले बुझेको वा नबुझेको कुरा उनको अनुहारमा देखिँदैन । उनले कुरामा भन्दा भीडबाट निस्केको गुञ्जनमा आफूलाई अलमल्याएको प्रतीत हुन्छ । हुन त उनले बुझ्न आवश्यक पनि छैन । उनी दुई डुङ्गामा टेकेर जीवननदी पार गर्ने तरखरमा लागेका मान्छे । म उनको प्रतिक्रियाहीन अनुहारलाई नियाल्छु र उनको द्वैधप्रकृतिलाई सम्झन्छु । मलाई घृणाभाव पैदा हुन्छ । जोगमायाचाहिँ नबुझेको अभिनय गर्दै बयानलाई निरन्तरता दिन महेशलाई प्रेरित गर्छिन् ।

सायद असजिलो मानेर होला, समूहमा बराबरका रूपमा सम्मिलित हुन चाहेर शिवजुजु यसको लोककथालाई हामीबीच सुनाउन चाहन्छन् र भन्छन् – *तिमीहरूलाई थाहा छ यस जात्राको सुरुवात कसरी भयो ?*

मलाई चाहिँ थाहा थियो । यस जात्राका सम्बन्धमा विभिन्न किम्वदन्तीहरू समाजमा फैलिएका छन् । ती भनाइमा म केही सहमत हुन पुग्छु भने केहीमा सहमत हुन सक्तिनँ । कारण के हो भने मैले देखेको, भोगेको कुरा पनि कहिलेकाहीँ त्यस कथनलाई मान्ने हो भने झूटो मान्नुपर्छ । म कुनै पनि पूर्वघटनालाई दुई प्रकारले हेर्छु र हेर्ने गरेकी छु । त्यसले छोडेको प्रभाव र पाइएको प्रमाणलाई दृष्टिगत गरी म आफ्नो निर्णयमा पुग्ने गरेकी छु । तैपनि शिवजुजुले भन्न लागेको वा सुनाउन लागेको कथन मेरा लागि पनि नौलो हुन सक्छ भन्ने विचारले उनको वेगलाई नरोकी मैले चुप लागेर सुन्ने नै निर्णय गरेँ अर्थात् मैले उनलाई कथन सुरु गर्न सहमति प्रदान गरेँ ।

मलाई हेर्दै र सम्बोधन गर्दै शिवजुजु भन्छन् – *परापूर्वकालमा भारतस्थित काशीका विश्वनाथलाई के जानकारी हुन आयो भने नेपाल उपत्यकाको ख्वपदेशमा विश्वप्रसिद्ध अभूतपूर्व लिङ्ग प्रदर्शन गराउने जात्रा हुन्छ । लिङ्गकै रूपमा पूजित विश्वनाथलाई नेपालका लिङ्गको दर्शन गर्ने इच्छा जाग्रत भएछ । उनी मान्छेको भेष धारण गरी लिङ्गजात्राको दर्शन गर्न ख्वपदेशको भेलुखेलमा आएछन् । ती विश्वनाथ अरू साधारण मान्छेभन्दा अग्ला कदका भएका हुँदा सबै जात्रुहरूको नजर उनीमाथि परेछ । एक कान दुई कान हुँदै ती अग्ला मान्छेको विषय स्थानीय तान्त्रिकको जानकारीमा आएछ । कहिल्यै नदेखिएको यस्तो अग्लो कद भएको मान्छे को होला भन्ने जिज्ञासा राख्तै यसलाई बन्धनमा पार्नुपर्‍यो भन्ने विचारले तान्त्रिकले ती नयाँ मान्छेलाई तन्त्रविधिद्वारा बन्धनमा पारेछन् । विश्वनाथ पनि त्यतिखेरै आफू नेपालका तान्त्रिकको बन्धनमा परेको थाहा पाएपछि फुत्किन खोजेछन् । तर बन्धन छुटाउन केही सीप नलागेपछि घाँटीको बन्धनसँग शिरको भाग छोडी शरीर मात्र लिएर काशी गएछन् । त्यही शिरको भागलाई यहाँ स्थापित गर्न पाए यस ख्वपदेशमा सुख, शान्ति र आनन्द प्राप्त हुन सक्थ्यो भन्ने विचार गरी तान्त्रिकले आफ्नो तन्त्रशक्तिद्वारा विश्वनाथको शिरलाई वशमा लिई बन्धनमा पारेछन् । यहाँका तान्त्रिकको आग्रहमुताबिक विश्वनाथले म भैरवका रूपमा यहाँ स्थापित भई यहाँका जनतालाई*

*शान्ति, सुरक्षा र आनन्द प्रदान गर्छु भन्ने वाणी गरेपछि त्यसै बखतदेखि यी भैरवनाथ यहाँ स्थापित भएका हुन् । यी भैरवनाथको पहिलो चाहना लिङ्‌दर्शन भएकाले प्रत्येक वर्ष लिङ्‌दर्शन गराउन यहाँबाट भेलुखेल रथयात्रा गरी लाने प्रचलन सुरु भएको हो ।*

*यो कहिलेदेखि सुरु भयो त ?* – जोगमाया यसको प्रमाण खोज्न संशय व्यक्त गर्छिन् र जान्न चाहन्छिन् ।

*यो त किम्वदन्तीका आधारमा मैले भनेको हुँ । यसको प्रमाण त यही जात्रा भएन र ?* – शिवजुजु कुरालाई टुङ्ग्याउन खोज्दै भन्छन् – *कतिपय कुराहरू सुनिन्छन्, तर चित्त नबुझे पनि स्वीकार गरिन्छ । किन स्वीकार गरिन्छ भने त्यसले नोक्सानी गर्दैन । नोक्सानी नै गर्ने थियो भने स्वीकार गर्नु हुँदैनथ्यो । तर त्यसले कुनै नोक्सानी गर्दैन र समाजमा फाइदा नै प्रदान गरेको छ भने त्यस्ता भनाइलाई विरोध नै गर्नुपर्छ भन्ने पक्षमा म छैन ।*

बीचमा नै महेशले उछिन्दै भने – *शिवजुजुले भनेको त भैरवनाथको रथयात्राको मात्रै कुरो हो । अब यस्तै लिङ्गोजात्राको कथा छ । यो कथा पनि सबैको मुखबाट सुन्दै आइएको कथा हो । यस कथामा भद्रकालीदेवी र 'छुमागनद्यो' को कथा छ ।*

उनी मलाई सम्बोधन गर्दै भन्छन् – *छुमागनद्यो त तिम्रो टोलको देवता होइन ?*

मैले 'हो' भन्नुपर्ने आवश्यकता नै छैन । किनभने हामी सबैलाई थाहा नै भएको कुरो हो छुमागणेश चोछेँटोलमा छन् ।

चोकमा होहल्ला बढ्यो । सायद बेताललाई भित्र मन्दिरबाट बाहिर ल्याउँदैछन् । चोकको पूर्वतर्फ मान्छेको हुल एकत्र भयो । त्यसैबीच 'बेताल' लाई रकमीहरूले बोकेर चोकमा ल्याए । बेताललाई राख्ने छुट्टै 'बेतालडबली' नै छ । त्यस डबलीमा बेताललाई ठाडो पारेर अड्याउन 'बेतालोँह' छ । हेर्दाहेर्दै एउटा भीडका बीचमा मानिसकै कदको 'बेताल' को प्रतिमा 'बेतालोँह' मा अडेस लगाई राखियो । त्यस बखत डबलीमा बजेको नौबाजाले आकाश नै छुने गरी विभिन्न बाजाको आवाज एकै स्वरमा गुन्जायमान गरायो र सबै ध्यान बेतालको उपस्थितितर्फ खिचियो । नौबाजाको ध्वनि पूरा नगरमा सञ्चारित भयो ।

महेशले लिङ्गोजात्रा कसरी प्रारम्भ भयो भन्ने किम्वदन्तीलाई हाम्रा सामु राख्न खोजे । त्यसलाई हामी कसैले पनि इन्कार गरेनौं । मलाई थाहा छ त्यो कथन, र मलाई विश्वास पनि लाग्दैन । तर पनि म नभन भनेर रोक्न चाहन्नँ । कुनै-कुनै कथनमा तथ्य खोज्ने कडी फेला पर्न पनि सक्छ । त्यसैले जोगमायाको जिज्ञासा समाधान हुने सम्झी म सुन्दै रहें ।

यसैबीच शिवजुजु भन्छन् – *यो बिस्केटजात्राको मूल अङ्ग 'लिङ्गो उभ्याउने र लिङ्गो ढाल्ने' कार्यको प्रदर्शन हो । यस सम्बन्धमा विभिन्न किम्वदन्तीहरू समाजमा*



*फैलिएका छन् । त्यसैले वास्तविक कुरा एउटा हुन्छ भने कथनमा अर्कै कुरालाई जोड्दै धर्म र पापलाई साक्षी राखेर सत्यजस्तै लाग्ने गरी कथन फैलाइएको हुन्छ ।*

शिवजुजुको कुरा टुङ्गिन नपाउँदै जोगमाया सोध्छिन् – *कथन के हो त ?*

*दुइटा बेग्लाबेग्लै कथा समाजमा छोडिए पनि निचोडमा दुइटा अजिँगर अथवा नाग-नागिनीलाई लिङ्गोमा राखी प्रदर्शन गरिएको कुरो उल्लेख छ । यही कथालाई विश्वास गरी सबैले लिङ्गोमा राखिएका दुई थान 'पताका' लाई नाग-नागिनीका रूपमा दर्शन गर्ने चलन छ ।* – शिवजुजु कुरालाई छोट्याउन चाहन्छन् । जुन कुरामा उनलाई विश्वास छैन, त्यो कुरो भनेर फाइदा पनि छैन भन्ने लागेकाले नै उनले नाग-नागिनीको र अजिँगरको बध गरेर ती मरेका नाग-नागिनी प्रदर्शन गरिएको कथालाई विस्तारपूर्वक भनेनन् ।

*यथार्थमा ती नाग-नागिनी होइनन् । ती त 'शिवपताका' अर्थात् 'हरपतः' हो । आजसम्म पनि लिङ्गोमा राखिने नाग-नागिनीलाई जनभाषामा 'हलिपत' भनिन्छ । हरपतः, हरिपत हुँदै 'हलिपत' भएको स्पष्ट बुझिन्छ । त्यसैले लिङ्गो शिवस्वरूप हो भने हलिपत शिवध्वजा हो ।* – शिवजुजुले लिङ्गो र नाग-नागिनीका बारेमा स्पष्ट हुने गरी बताउँछन् ।

*वास्तवमा ती जोडी शिवध्वजामा गणेश, कुमार, अष्टमङ्‌गल, दसदिक्पाल र नवग्रह अङ्कित छन् । त्यसै कारणले पनि यी ध्वजा नाग-नागिनीका प्रतीक होइनन् भन्ने बलियो प्रमाण देखिन्छ ।* – शिवजुजुको भनाइलाई पुष्टि गर्न महेशले सत्यताको जानकारी दिन्छन् । यस कुराबाट पनि म अनभिज्ञ छैन । मैले पनि ती नाग-नागिनी होइनन् भनेर नै जिज्ञासुहरूलाई बुझाउने गरेकी छु ।

जतिखेर यो बिस्केटजात्रा चलेको थियो, त्यस बखत नेपालमा चन्द्रमासमा आधारित नेपाल सम्वत्‌को प्रचलन थियो । तर यो बिस्केटजात्राचाहिँ सूर्यमासमा आधारित विक्रमीय सम्वत्‌को वर्ष-समाप्ति र वर्ष-आरम्भमा मनाइने गरेको कारणचाहिँ मैले पनि बुझेकी थिइनँ । यस सन्दर्भलाई लिएर म आफ्नो कौतूहल मेट्न खोज्छु – *मल्लकालमा सुरु भएको यो जात्रा किन र कसरी विक्रमीय सम्वत्‌लाई अङ्गिकार गर्न पुग्यो ? यो मैले बुझ्न सकेकी छैन ।*

शिवजुजु मेरो कुरा रोकिन नपाउँदै मतर्फ नजिकिएर जानकार तथा प्राज्ञिक मुद्रामा बिस्तारै भन्न सुरु गर्छन् – *प्राचीन समयमा नेपाल उपत्यकामा लिच्छविवंशका राजाहरूले शासन गरेका थिए । ती लिच्छविराजाहरूमध्ये केहीचाहिँ वैष्णवमतसँग नजिक थिए भने केही बौद्धमतसँग । त्यस बखत शैव, वैष्णव र बौद्ध, तीनै धर्मले नेपाल उपत्यका प्रभावित भएको थियो । समयअनुसार र शासकको सुझावअनुसार ती धार्मिक मतहरूले प्रधानता पाउनु स्वाभाविकै थियो । यो सबै विगतको इतिहासले हामीलाई सन्देश दिएको नै छ । जब मल्लवंश नेपाल उपत्यकामा प्रवेश गर्‍यो, तब सनातन शैवधर्मले नै प्रधानता पायो । यसको जीवन्त प्रमाण लिङ्‌जात्रा हो । यसमा कसैको विवाद छैन । तर यस जात्राको सूत्रपात गर्ने वा*

*योजना बनाउने व्यक्ति विक्रमीय सूर्यमास वर्षफलमा विश्वास गर्ने कुनै वीरशैवमतको अनुयायी हुन सक्ने अनुमान गर्न सकिन्छ । कारण के भने राजकीय सम्वत्का रूपमा नेपाल सम्वत् चलेको समयमा त्यसका विरुद्ध यो विक्रमीय सम्वत्मा चलाउनुको अर्थ गहिरो र गम्भीर थियो । कालान्तरमा यो नेपाल राष्ट्रले विक्रमीय सम्वत्लाई नै राष्ट्रिय मान्यताप्राप्त सम्वत् स्वीकार गऱ्यो । त्यो बडो जटिल निर्णय थियो र गुरु, सल्लाहकार वा योजनाकारको योजना अन्ततः सफल भएको देखियो ।*

*तिमीलाई थाहा छ जोगमाया !* – महेश उत्सुक देखिन्छन् केही नयाँ कुरा भन्नका लागि । हामीलाई सुन्नैपर्ने महत्त्वपूर्ण कुरा सुनाउन लागेको अभिनयमा उनी भन्छन् – *यहाँबाट रथयात्रा गाहिटी र त्यसपछि भेलुखेलमा पुग्छ । त्यहाँ लिङ्गोको दर्शन गराएपछि जब वैशाख सङ्क्रान्तिको साँझ भैलखः गाहिटी पुग्छ, त्यहाँ भैरवनाथ विराजमान भएको भैलखः र भद्रकाली आरूढ भएकी नकींखःलाई 'संयोग' गराइने कार्यक्रम हुन्छ । सारांशमा भन्नुपर्दा भैरव र भद्रकालीको मिलन गराइन्छ । एक वर्षमा एकपटक बन्द मन्दिरबाट निस्किएका भैरव र भद्रकाली उत्साह र उमङ्गपूर्वक देशका जनतासँग लिङ्गदर्शन गरेर फर्किएपछि यात्रा समापन भएको खुसियालीमा विपरीत लिङ्का देवदेवीको संयोग हुनु प्राकृतिक भएको हुँदा त्यो कार्य जात्राकै रूपमा दुवै देव र देवीको रथ जुधाएर सम्पन्न गर्ने गरिन्छ ।*

*अनौठो कुरो !* – जोगमाया त्यो कुरो पत्याउँदिनन् र भन्छिन् – *रथलाई जुधाउँछन् ? मलाई थाहा छैन ।*

*हो ! गाहिटीमा भैरवनाथ र भद्रकालीको रथ जुधाउँछन्, शिव र शक्तिको संयोग स्वरूप ।*

ख्वपदेशमा चौबीस टोल छन् । ती चौबीसै टोलमा पर्सि मसान्तदेखि टोल-टोलमा रहेका देव र देवीको जात्रा सुरु हुन्छ र सङ्क्रान्तिको चौथो दिन समाप्त हुन्छ । अर्थात् आठ दिन राष्ट्रिय चाड र पाँच दिन सामुदायिक चाड सम्पन्न हुने व्यवस्था मिलाइएको हुँदा यो मनमोहक ऋतुको समयमा यो ख्वपदेश उल्लास, उमङ्ग र आनन्दयुक्त भएर पुलकित भएको हुन्छ । अहिले सबै रमाएका छन्, सबैका घरमा चाड आएको छ । नयाँ कपडा र टोपी मात्र होइन, निधारमा टीका र गलामा 'ह्याउँबाला' लगाएर सजिएका छन् । त्यसै त सुन्दर, त्यसमा अलिकति सोमरसको सेवनले सबै-सबै नै रोमाञ्चित हुँदै पूरा देशलाई नै रङ्गीन पार्दैछन् । त्यसैले यो ख्वपदेशको विश्वचाड हो, विशेष जात्रा हो, विश्वजात्रा हो र बिस्केटजात्रा हो ।

बेतालडबलीमा मन्दिरभित्रबाट ल्याएर बेताललाई राखेपछि सर्वप्रथम कुसुलेहरूले पूजा गर्ने चलन छ । त्यही चलनअनुसार बेतालदेवतालाई कुसुलेसमुदायका नाइकेले कुखुराको भोग दिई पूजा सम्पन्न गरिसकेका छन् । अब बेताललाई सिँगार गर्ने काम सुरु भएको छ । ठूलो समूहले बेताल



राखिएको डबलीलाई घेराबन्दी गरी छोपेका छन् । बेताललाई सिँगार गरेको हेर्न सबै मस्त देखिन्छन् ।

यतिखेर नै राजप्रतिनिधिस्वरूप 'खड्ग' बाजागाजासहित बतलेबाट टौमढीचोकमा प्रवेश गर्दैछ । हामी अनुमान गरिरहेका छौँ अब भैरवनाथलाई मन्दिरबाट बहिर्गमन गरिँदैछ । साँझ पर्न अब धेरै बाँकी छैन । चाँडै सम्पन्न गर्ने निर्णय भए पनि जात्रा चाँडो सुरु नहुने निश्चय भइसकेको छ ।

केही वर्षयता जात्रामा राजनीतीकरण भएको हुँदा तल्लो टोल र माथिल्लो टोलका बीच यही जात्रामा झडप हुने गरेको छ । वर्षभरिको रिस ईखका रूपमा परिवर्तित भई जात्रामा पोखिने गरेको छ । ढुङ्गामुढा भई तोडफोड हुनु र मान्छे घायल हुनु वा एक-दुई व्यक्तिको मृत्यु हुनु भनेको सामान्य भइसकेको छ ।

पहिलेका मान्छे भन्छन् – पहिले यस्तो कहिल्यै हुँदैनथ्यो । तर आजभोलि झगडा भएन र ढुङ्गा बर्सिएन भने जात्रा भएकै मानिँदैन । त्यसैले रात पारेर बढी खतरा मोल्नुभन्दा दिउँसै जात्रा सम्पन्न गर्ने निर्णय भएको हामीले सुनेका थियौँ । तर आज पनि साँझ पर्ने नै भयो । जतिजति बेला घर्किँदै गयो, हामी उतिउति बेचैन हुन थालेका छौँ । हाम्रो चाहना थियो चाँडो जात्रा सुरु होस् भन्ने ।

रथमा बस्ने रकमीहरू पनि अनेक वेशभूषामा देखिन थालेका छन् । माथि रङ्गीन चोली, तल सेतो जामा र शिरमा परम्परागत बिर्के टोपी लगाएका व्यक्तिहरू रथका वरपर र यताउता गर्न थालेका छन् । खड्ग ल्याउने व्यक्ति पुबहाल घरको पेटीमा बसेपछि पूर्वको भैरवमन्दिरको ढोकाबाट भैरवनाथलाई ६ जना नाइकेले बोकेर रथतर्फ ल्याउँछन् । फेरि एकपल्ट नौबाजाले ठूलो स्वरमा गगनभेदी गुञ्जन गरेर भैरवनाथको स्वागत गर्छ । सबै दर्शकहरू सतर्क हुँदै भैरवनाथलाई छोपेको भीड चलायमान हुँदै रथतर्फ अघि बढिरहेको हेर्न व्यस्त छन् । एउटा आनन्दमय गुञ्जन भीडबाट निस्किएको छ भने विस्मृतिको एकोहोरो टक मनभरि फिँजिएको छ । जात्रा एउटा उल्लासमय वातावरणमा अगाडि बढ्न लागिरहेको छ र बढिरहेको छ ।

भैरवनाथ रथारूढ भएपछि मूलगुरु राजप्रसादस्वरूप खड्ग लिएर रथको अग्र भागको द्वारमा खडा हुन पुग्छन् । त्यसै गरी मूलपुजारीका रूपमा अर्का ब्राह्मण सोही द्वारको अर्को भागमा उभिन्छन् । भैरवनाथका तान्त्रिक विज्ञ पुजारी एकजना आचाजु र छजना भैरवनाइके पनि रथको भित्री भागमा बस्न पुग्छन् । रथका चार कोणमा चारजना सिकर्मी पनि त्यही परम्परागत वेशभूषामा सजिएर उभिन पुग्छन् । लाग्छ यी रथारूढ भएका व्यक्तिहरू रथका गहना हुन् । यिनीहरू चढेपछि रथको रूप नै अलग्गै देखिन थाल्छ ।

यसभन्दा अघि नै बेताललाई 'बेतसिँ' मा बाँधिसकिएको छ । सबै कामको बाँडफाँड छ । बेताललाई सिँगार गराइसकेपछि साल्मी जातका मान्छेले 'बेतसिँ' मा राखेर बेताललाई बेतले बाँध्नुपर्ने चलन छ । हामी टाढाबाट हेरिरहेका छौँ । जात्राको एक-एक काम विस्तार-विस्तार सम्पन्न हुँदै गएको छ ।

रथको सञ्चालनका लागि सबै तयार भएपछि डबलीमा बजेको नौबाजाले रथयात्रा सुरु गर्नुपर्ने सङ्केतस्वरूप बाजाको ध्वनिलाई तेजिलो पार्दै जान्छ । त्यसपछि रथ चलाउन 'हाप' गर्ने चौगुठी थरका दुईजना मान्छे रथका अगाडि र पछाडि बसेर रथसञ्चालन गर्न 'हाप' सुरु गर्नुभन्दा अगाडि बोल्छन् – ***ध्वथे थेङ्गु रसरङ्ग तोला ताओ ! राम हा ऽऽऽऽऽ ..... !***

यो बोल सबैले बोल्छन् र अगाडि-पछाडिका डोरीहरूमा गएर सबैजना रथ तान्नका लागि तयार हुन्छन् । फेरि 'हाप' गर्ने रथसञ्चालकले बोल बोल्छन् – ***ध्वथे थेङ्गु रसरङ्ग तोला ताओ ! राम हा ऽऽऽऽऽ ..... !***

यो बोल सबैले बोलेपछि 'हाप' गर्ने व्यक्तिले 'होस्से ऽऽऽऽऽ .....' भन्छ । त्यसपछि तान्ने व्यक्तिहरूले एकै स्वरमा 'हैस्से ऽऽऽऽऽ .....' भने । यसै गरी दोहोऱ्याई-तेहेऱ्याई भनेपछि रथ 'घुरुक-घुरुक' आवाज दिँदै बसेको ठाउँमा कम्मर मर्काई-मर्काई नाच्न थालेजस्तो कर्किंदै हल्लन थाल्यो । मानौँ रथनृत्य सुरु भयो । यस नृत्यलाई जनसमुदायले उत्सुकताका साथ रमाएर एकटक लगाई हेर्न थालेका छन् र हामी पनि रथनृत्यलाई चाखका साथ हेर्न थालेका छौँ ।

'होस्से ऽऽऽऽऽ – हैस्से ऽऽऽऽऽ' गर्दागर्दै जब रथ अगाडि बढ्यो, पूरा हुलले एक स्वर निकाल्यो – 'हा ऽऽऽऽऽ हा ऽऽऽऽऽ हा ऽऽऽऽऽ' अर्थात् 'होस्से ऽऽऽऽऽ – हैस्से ऽऽऽऽऽ – हा ऽऽऽऽऽ !'

जात्रा सुरु भयो । रथ तल तानिने हो कि माथि तानिने हो, सबै दर्शक उत्सुकतापूर्वक चलायमान रथबाट निस्कने सङ्गीतमय ध्वनि सुनेर मन्त्रमुग्ध छन्, साथै क्षणक्षणमा सतर्कता अपनाउन यताउता पनि हेरिरहेका छन् । हामी पनि यही क्रियामा व्यस्त छौँ ।

***हेर त, अघिसम्म स्थिर रहेको रथले श्वास-प्रश्वासका साथ जीवन्तता पाएको छ । यस रथको निर्माण राजा भूपतीन्द्र मल्लले गरेका हुन् । यसमा कुनै फलामका नटबोल्टहरू लागेका छैनन् । विभिन्न जातका काठहरू प्रयोगमा ल्याएर कलापूर्ण बनाइएको विशाल र तीनतला छाना भएको यो रथ केवल बेतको बन्धन र काठको चुकुलले मात्र जोडिएको छ । कस्तो आश्चर्य !*** – रथ नृत्यमुद्रामा हल्लन थालेपछि शिवजुजु आश्चर्यको अभिव्यक्ति दिँदै भन्छन् – ***बेताल सारथि वा चालक हुन् यस रथका । बुद्धि, उत्तेजना र शक्तिका रूपमा वर्णित बेताललाई यो रथयात्राभर मात्र रथसञ्चालनको जिम्मेवारी दिइएको देखिन्छ ।***



एकै क्षण चुप रहेर शिवजुजु पुन: रथका बारेमा आध्यात्मिक रूपले विश्लेषण गर्न खोज्छन् – ***साँच्चै नै रथका निर्माताले रथलाई जीवन प्रदान गरेका छन् । रथ एउटा स्थूलशरीरजस्तै हो । आत्मारूपी भैरवनाथ केन्द्रभागमा बसेका छन् । ज्ञानेन्द्रिय र कर्मेन्द्रियहरूमा खड्ग, पुजारी र नाइकेहरू बसेका छन् । शरीरको सञ्चालनका लागि आवश्यक दसनाडी रथका डोरी भएका छन् । यी सबैको संयोगले रथले जीवन पाएको छ ।***

सुनेर सोचनीय अवस्थामा पुग्छु । त्यस समयमा, जुन समयमा यो रथयात्रा सुरु भयो, नेपाल उपत्यकामा कुनै यान्त्रिक स्रोत-साधनहरू थिएनन् । अभियन्ता र विज्ञको अभाव मात्र होइन, आजको जस्तो वैज्ञानिक रूपले प्रमाणित गर्न सक्ने मानवीय स्रोत-साधनहरू पनि थिएनन् । त्यस्तो समयमा पनि यस्तो अभूतपूर्व वस्तुको निर्माण र सञ्चालन ! अचम्म लागेको छ । तर म केही बोल्दिनँ र उनीहरूको कुराको प्रतिक्रिया पनि दिन चाहिनँ । म जात्राको भीडलाई हेर्दै, भीडको होहल्लासँग मिसिएर आएको भजन र बाजाको ध्वनि सुन्दै आनन्द लिइरहेकी छु ।

# दिल्ला

आज वैशाख सङ्क्रान्ति, सूर्यमानवर्षको पहिलो दिन हो । चन्द्रमानवर्षका आधारमा चलेको नेपाल सम्वत्‌लाई मान्यता दिँदै आएको यो ख्वपदेशले वैशाख सङ्क्रान्तिलाई मूल चाडका रूपमा बिस्केटजात्रा मनाउँदै आएको छ । बिस्केटजात्रा ख्वपदेशको सबैभन्दा ठूलो र महत्त्वपूर्ण जात्रा हो । यस जात्रामा भैरव र भद्रकालीको रथयात्रा र लिङ्गको दर्शन गराउने मात्र होइन, नगरभरिमा रहेका देवदेवीहरूका जात्रा पनि यसै समयमा चलाइन्छ । चौबीसै टोलमा जात्राहरू सञ्चालन हुने हुँदा पूरा नगरभरिका मान्छेहरू आ-आफ्ना जात्रामा सम्मिलित हुन्छन् ।

मल्लकालमा राष्ट्रिय जात्राका रूपमा आठ दिनसम्म मनाउने चलन चलेअनुसार आजसम्म पनि यो जात्रा आठै दिन चलिआएको छ । त्यस बखत राजकीय मान्यता पाएको जात्राले यतिखेर राज्यस्तरबाट मान्यता नपाए पनि सयौँ वर्षको यात्रा पछ्याई त्यही उत्साह र उमङ्गका साथ यहाँका नागरिकले यो चाड चलाउँदै आएका छन् । धुमधामसँग मनाइने यस बिस्केटजात्रामा आमोदप्रमोदमा मस्त हुँदै उल्लासमय वातावरणमा जात्रा सम्पन्न गर्ने काममा नगरका बालक, युवा र वृद्ध सम्पूर्ण नागरिक क्रियाशील रहन्छन् ।

अहिले ख्वपदेश बिस्केटजात्राको रमझममा सम्मिलित भएको छ । नगर र नगरवासी नयाँ लुगा, रङ्गीबिरङ्गी फूल र माला, अनेकानेक पहिरन र बत्तीको उज्यालो वातावरणले सिँगारिएका छन् । जुनसुकै टोल वा चोकमा पुगौँ, त्यहाँका सत्तलमा भजन भइरहेका छन् । बाटोबाटोमा बलि दिएका राँगा र बोकाहरू सफा हुँदै र मासु काटिँदै भोजका परिकारका लागि तयार हुने क्रम जारी छ । महालक्ष्मी, वाराही, भैरवी र भैरवहरूको पूजाआजामा नगरका नारीहरू हाकुपटासीमा माथि सेतो ओढ्ने ओढेर पूजासामान बोकी मन्दिर-मन्दिर प्रदक्षिणा गर्न व्यस्त छन् । नगरका प्रायः वृद्ध, युवा र बालकहरू पनि देवदेवीका देवालयहरूमा घुमिरहेका छन् । सबै टोलहरूमा जात्रा सुरु भइसकेको छ । जात्राले पूरै नगर प्रफुल्ल देखिन्छ भने नागरिकहरू हर्षित देखिन्छन् । यही हो यसको विशेषता ।

आज चाँडै नै बिउँझिएकी छु । घरका सबै परिवार उठेर आ-आफ्ना धन्दामा लागिसकेका छन् । हामीकहाँजस्तै छिमेकीका घरहरूमा पनि बत्ती बलेका छन् र मान्छेहरू उठेर काम गर्न थालिसकेका छन् । बाहिर बाटोमा पनि मान्छेहरूको चहलपहल सुरु भएको टड्कारै देखिन्छ । हिजो टोलको 'छुमागन्चो' को जात्रामा भाग लिएर आधा रातमा पसेका बाजे पनि उठेर



आफ्नो दैनिकीअनुसार शौचका लागि घरबाहिर निस्किसकेका छन् । आमा पूजासामान तयार गर्न लागेकी छन् भने बा पनि तयारीमै लागेका छन् । सधैँ अबेरसम्म सुत्ने भाइ सिद्धलाल पनि आज उठेर कोठाबाट बाहिरिसकेको अनुमान गरेकी छु ।

मलाई नयाँ वर्षको सूर्य हेर्ने अथवा सूर्यको दर्शन गर्ने इच्छा जागरण भएको छ । मिर्मिर उज्यालो फाट्नेबित्तिकै मैले कौसीमा जाने निर्णय गरेकी छु । हिजो साँझ भेलुखेलमा लिङ्गदर्शन गर्न गएकी थिएँ । त्यसै बखत चुपिँगालको पुल तरेर पारि गई 'भिसिंचो' को देवलको पेटीमा बसेर वर्षको अन्तिम सूर्यको दर्शन गरेकी थिएँ । त्यस बखत डुब्न लागेको सूर्यलाई हेरेर मैले आनन्द त लिने कोसिस गरेँ, तर मनभित्र कुनै उमङ्ग पस्न सकेन र निश्चिन्तताको श्वास पनि लिन सकिनँ । म एक्लै थिएँ, त्यसैले अधैर्य भएँ र आफ्नै जीवनलाई मैले सूर्यदेवतासँग दाँज्ने कोसिस गरेँ । त्यसमा पनि म असफल रहेँ । हेर्दाहेर्दै सूर्यको रङ्ग र आकृति बदलिएकोमा न्यानो अनुभूति सँगाल्न खोज्दै थिएँ, तर चलायमान भएर सूर्य क्षितिजमा डुब्न सुरु गरेपछि मैले हेरिरहन सकिनँ र आँखा तर्काउँदै आफूलाई 'लेसिँचो' तर्फ केन्द्रित बनाउन पुगेँ । किन मलाई त्यस्तो भयो हिजो ?

त्यसपछि भेलुखेलतर्फ आएर भद्रकालीमन्दिरको प्राङ्गणमा बजिरहेका नौबाजा हेर्दै र भजन सुन्दै अगाडि बढेँ । अन्य टोलका भजनेहरू पनि समूह-समूह भई बसेर नौबाजा बजाइरहेका र सामूहिक रूपमा भजन गाइरहेका थिए । ती सबै हेर्दै र प्रदक्षिणा गर्दै म एक ठाउँमा आएर उभिएँ । लिङ्गोलाई बाँध्ने र सजाउने काम भइरहेको थियो । गाहिटीबाट भैरवनाथ र भद्रकालीका रथहरू आइपुगिसकेका थिए । कति बेला लिङ्गो उठाउने हो, निश्चय नभएको हुँदा मान्छेको भीडमा म एक्लिएकी थिएँ । त्यतिखेर साथीहरू पनि कोही भेटिएनन् । त्यसैले लिङ्गो उभ्याउने कार्यक्रम नहेरी हिजो म फर्किएकी थिएँ । पछि सुनेँ – रातको दस बजे मात्रै लिङ्गो उभियो । लिङ्गो नउभिएको भए देशमा कुनै उत्पात हुन्छ भन्ने मान्यता छ । मनमनै विचार गरेँ – तै लिङ्गो दस बजे राति नै भए पनि उभ्याइएछ, राम्रो भयो ।

पहिले-पहिले ज-जसले जात्रा चलाए, त्यो जात्रा पछिसम्म चल्न सकोस्, त्यसमा कुनै आर्थिक र सामाजिक भार नपरोस्, कुनै अवरोधविना सहज रूपमा जात्राले निरन्तरता पाउन सकोस् भन्ने दृष्टिले समयलाई, समुदायलाई र सहकार्य हुन सक्ने अवस्थालाई महत्त्व दिएर योजना तयार गरिन्थ्यो र त्यसलाई लागू गर्दा धर्म र पापको व्याख्या र बन्धनमा पारेर सुरु गर्थे । त्यसैअनुसार चल्दै आएको पनि छ । जात्राको काम बाँडफाँड गर्दा भित्रको काम सबै स्वास्नीमान्छेको जिम्मामा र बाहिरको काम सबै लोग्नेमान्छेको जिम्मामा लगाइएको हुँदा शक्तिसन्तुलनका दृष्टिले पनि त्यो ठीक देखिएको छ ।

जात्रामा बलि दिने, मासु काट्ने, बाजा बजाउने, रथ बोक्ने र तान्ने आदि बलका यावत् काम पुरुष मात्रले गर्नुपर्छ, महिलाले गर्दा पाप लाग्छ भनिएको हुँदा यस कार्यमा सधैँ पुरुषहरूले अग्रसर हुनैपर्ने हुन्छ । त्यस्तै, पूजाको सर्दाम तयार गर्ने, पूजा गर्ने, जाँड-रक्सी बनाउने, मासु र भोज पकाउने आदि भित्रका यावत् कामको चाँजोपाँजो मिलाउने काम महिलाको जिम्मामा हुन्छ । वर्तमानमा पहिलेदेखि चलिआएका ती जात्राहरूमा केही अवरोध आउन खोजेको आभास हुन थालेको छ ।

हिजो लिङ्गो उभ्याउने समूह नपुग भएको हुँदा समयमा लिङ्गो उभिन सकेनछ । पछि सरकारी सिपाहीहरूको सहयोगमा लिङ्गो उभिएको रहेछ । सुनेर दुःख लाग्यो । नितान्त हामी ज्यापूसमुदायले पाएको अधिकार थियो त्यो, र हाम्रो जिम्मेवारी पनि थियो । सयौँ वर्षदेखि चलिआएको रीतिस्थितिलाई हाम्रो पुस्ताले अवरोध गर्न मिल्दैन भन्ने धारणा बोकेकी म र मेरो विचारलाई केही व्यक्तिहरू मान्यता दिँदैनन् । ठीक छ, अवरोध पुऱ्याउँछन्, प्रचलनलाई मास्न खोज्छन् र समुदायको हित चिताउँदैनन् भने उनीहरू र उनीहरूका सन्ततिले नै दुःख झेल्छन् ।

ख्वपभरिमा चल्ने जात्राहरू प्रायः हाम्रै समुदायको जिम्मामा छन् । पूजाआजा, नाचगान र चाडपर्व चलाउँदा समुदायभित्र नै कामको बाँडफाँड भएको छ । 'नायो' र 'नक्कीँ' को छनोट निश्चित घराना र उमेरले निश्चय गर्छ । यस्तो पूजाआजा र भोजमा 'नक्कीँ' को निर्णय सर्वोपरि हुन्छ भने जात्रासञ्चालन, भजन-सङ्गीत र अन्य बाह्य पूजामा 'नायो' को बोलवाला चलेको हुन्छ । यी नाइके र नाइकिनीको अनुरोध, आह्वान वा आदेशमा समुदायको गुठी सञ्चालन भएको हुन्छ । यस्तो राम्रो सहकारी व्यवस्था विश्वका अन्य मुलुकहरूमा चल्नुभन्दा धेरै वर्षअगाडि नै यस ख्वपदेशमा सफलतापूर्वक सञ्चालन भएको देखिन्छ । व्यक्ति तथा समुदायको आर्थिक तथा सामाजिक विकासक्रममा सहकारिता विश्वप्रसिद्ध कार्यक्रम हो । सहकारी कार्यक्रम विश्वबजारमा आएको एक सय वर्ष पनि भएको छैन, तर हाम्रो ख्वपदेशमा भने हजारौँ वर्षपहिले यस सहकारी कार्यक्रमले जग हाली समाजलाई सफलतापूर्वक सञ्चालन गरेको देखिन्छ । यसलाई अर्को शब्दमा भन्नुपर्दा यो गुठी-व्यवस्था हो । सम्झँदा आनन्दले मन नै भरिएर आउँछ ।

म बिस्तारै माथि कौसीमा जान कोठाबाट निस्कन्छु । सबै आ-आफ्ना काममा व्यस्त छन् । म कसैसँग नबोली कौसीमा पुग्छु । पूर्वबाट उज्यालिँदै पश्चिमको क्षितिज छुन खोजेको मिर्मिरे प्रभातलाई चारै दिशा नियालेर आफूलाई त्यसैसँग मिलाउन खोज्छु । पूर्वमा लालीको सानो घेराको छेउसम्म देखिएको छ । सूर्य उदय हुन अझ दस-पन्ध्र मिनेट बाँकी नै छ । मन्द गतिमा पूर्वबाट आएको उज्यालो र हावा मेरो अनुहारलाई स्पर्श गर्दै पश्चिमतर्फ



लागिरहेछन् । उज्यालोलाई भन्दा मेरो शरीरको तापक्रमलाई चिस्याउने हावाले सबैतर्फ स्पर्श गरोस् भन्ने हेतुले हातलाई आफ्नो कुममाथिसम्म उठाई दक्षिण, पश्चिम र उत्तर हुँदै पुनः पूर्वतर्फ फर्कन्छु । म यस क्रमलाई फेरि दोहोऱ्याउँछु । केही क्षणपछि नै शरीरको तापक्रम सन्तुलित भएको महसुस गर्छु । कोठा र ओछ्यानको तापक्रमले गर्माएर शिथिल बनाएको यस शरीरमा पर्याप्त अक्सिजन पुगेर होला, शरीरका सबै कोशिका र नसाहरू सक्रिय भएर आएको अनुभव गरिरहेकी छु । हेर्दाहेर्दै जीउ हल्का हुँदै मनस्थिति शान्त भएको छ, साथै एउटा नजानिँदो आनन्दको अनुभूति भएको छ ।

यतिखेर मेरो उमेरको हिसाबले म पूर्ण युवा अवस्थामा गुज्रिरहेकी छु । मेरो उमेर, जिम्मेवारी र जीवनको मापका आधारले विचार गर्दा पनि म यौवनले परिपूर्ण भएकी छु भन्ने कुरामा मलाई पूर्ण जानकारी छ । जहाँ म बस्छु, जुन ठाउँमा म पुग्छु, जुन क्षेत्रमा क्रियाशील हुन पुग्छु र जुन समूहमा म पसेकी हुन्छु, ती परिवेशमा मेरो यौवन र शारीरिक सुन्दरताले प्रभावित पारेको हुन्छ । त्यस वातावरणले मेरो आकर्षण स्वीकारेको हुन्छ । यो मैले राम्ररी बुझेकी छु । मेरो पहिरनलाई भन्दा मेरो यौवनलाई आकलन गर्दै मान्छेहरू मेरो सुन्दरताको बखान गर्छन् भन्ने कुरा पनि मलाई राम्ररी थाहा छ । मैले प्रयोग गर्ने पहिरनमा मुख्य तीन प्रकारका पोसाकहरू छन् । ती तीनै पहिरनमा म उत्तिकै नै जचेकी हुन्छु भन्ने कुरा मेरो पोसाक-पहिरनलाई मूल्याङ्कन गर्ने साथीहरू भन्ने गर्छन् । वास्तवमा ती तीनै पहिरनमा मेरो शरीर मिलेको हुन्छ । शरीर पोसाकसँग र पोसाक शरीरसँग मिलेपछि राम्रो देखिन्छ । त्यसैले मेरो शरीरको बनोटका कारणले पनि सबै प्रकारका पोसाकमा म जचेकी नै हुन्छु भन्नेमा म विश्वस्त छु ।

मेरो छोटो कद भएर पनि मोटी वा ज्यादै दुब्ली नभएकी हुँदा शरीर खिरिलो नै छ । मलाई आजकलका दुईदशके युवतीले जस्तो नाइटो देखाएर हिँड्न मन लाग्दैन । स्तनको माथिको सानो भागसम्म कमिज वा चोली साँघुरो वा छोटो भएका कारणले देखिइहाल्यो भने त्यति आपत्ति मान्दिनँ । यो मेरो प्राकृतिक समस्या भएकाले मैले यसलाई सहन गर्नुपर्छ । दस वर्षअघिदेखि मैले विचार गरेकी छु – हरेक वर्ष चार-पाँचखेप मेरो छाती बढ्ने र घट्ने गर्छ । सुरुको पाँच वर्ष बढ्ने क्रममा भएको मैले अनुभव गरेकी थिएँ । पछि हरेक दुई-तीन महिनामा आकारमा परिवर्तन भइरहेको छ । त्यसलाई म रोक्न सक्तिनँ । मन शिथिल र उदास हुँदा यसले खुम्चने काम गर्छ भने मन प्रफुल्ल र आनन्दित हुँदा यसको आकार बिस्तारै नजानिँदो किसिमबाट बढेको हुन्छ । कहिलेकाहीँ गाँठिएर दुख्न खोजेको बेलामा आफ्नै हातबाट बिस्तारै थुमथुम्याउँदा यसको रूपमा तुरुन्तै परिवर्तन हुन्छ । अझ पुरुषपञ्जाले अँठ्याइएको अवस्थामा तिखो दर्द मांसपेशीबाट भित्र पस्ता शरीरका तन्तुहरू

लाट्टिएर न्यानो दुखाइका साथ स्तनका भाग पनि परिवर्तित हुन्छन् । त्यस बखत पनि आकारमा राम्रैसँग परिवर्तन आउँछ । त्यसैले हरेक परिवर्तित आकारका कारण एउटै नापमा पोसाकहरू तयार गर्न सकिन्न । यो सत्य हो । त्यसैले मेरो छाती पोसाकको नियन्त्रणमा रहन सक्तैन ।

तन, मन र स्तन, यी नारीका कमजोर प्रकृतिका तत्त्व हुन् । त्यसैले पुरुषसँगको संयोगले यी तीनै तत्त्व जब सक्रिय हुन्छन्, सशक्त बन्छन्, अनि तिनले पुरुषको भन्दा सय गुणा बढी शक्ति प्राप्त गर्छन् । त्यसैले पुरुषसंयोजित नारी सधैँ शक्तिस्वरूपा बनेका छन्, सशक्त र शक्तिवान् बनेका छन् । यी यावत् परिवर्तनका प्राकृतिक नियमलाई बुझेर पनि एक अबुझ विवश नारीका रूपमा म जीवनयापन गरिरहेकी छु । मलाई ताप, पश्चात्ताप र धैर्यले हिँडाइरहेको छ र भविष्यका लागि बिउँझाइरहेको छ ।

चिसो हावा अनुहारमा मात्र होइन, शरीरका अन्य भागमा पनि परोस् भन्ने विचारले म चोलीको तुना फुकाल्छु । घाँटीदेखि नाइटोसम्म शरीरको अग्रभाग खोलेकी छु । अनुहारमा जसरी चिसो हावाले छुँदा अनुहारको त्वचाले आरामको अनुभव गरी प्राणवायुलाई खिचेथ्यो, त्यसै गरी शरीरका अग्रभागका महत्त्वपूर्ण अङ्गका त्वचाले पनि प्राणवायु पाउन सकून् भन्ने उद्देश्यका साथ अग्रभागलाई पूर्वबाट आइरहेको हावाको लक्ष्य बनाउन सकूँ भनेर उभिएकी छु । यो ब्राह्ममुहूर्तमा आकाशको बीचमा म छु, मेरो अर्धनग्न शरीर छ, मन्द हावा बहाउँदै बढिरहेको उज्यालो छ । उत्पीडनमुक्त मनोभावले गर्दा सबै पीडा बिर्सिएर एकान्त यो ब्राह्ममुहूर्तमा आनन्दको अनुभूतिमा रमाई यस शरीरलाई साथ दिइरहेकी छु ।

म आफ्ना दुवै हातले छातीबाट झोलिएका स्तनलाई अलिकति उचाल्न पुग्छु । ती दुवै मांसपिण्डलाई छातीको मध्यभागमा स्थानित गर्न खोज्छु । यतिखेर मन र शरीर दुवैले यस कार्यलाई स्वीकार गर्न खोजेको जस्तो लाग्छ । म हातका हत्केलालाई केही कम्पन दिँदै निश्चित केन्द्रविन्दुमा पुऱ्याउन खोज्छु । मैले चाहँदाचाहँदै पनि केन्द्रित हुन सक्दैन । हात झर्छ र फेरि म प्रयास गर्छु । मलाई थाहा छ – म उभिएकी छु र मेरो शरीरको गुरुत्वाकर्षणका कारणले मेरा स्तन केही तल लच्किएका छन् । म लम्पसार परेर पृथ्वीको सतहको समानान्तर परी चित परेर पल्टिदिने हो भने मेरो छातीको ठीक विन्दुमा यो स्तन केन्द्रित हुन सक्छ । तर म यहाँ कौसीमा आकाशतर्फ फर्किएर सुती शरीरको यो बाहिरी पिण्डलाई छातीमा केन्द्रित गराउन चाहन्नँ । मलाई स्थान र समय दुवैले यतिखेर चित परेर सुत्न स्वीकृति दिँदैन ।

यो नारीअङ्गमा सबैभन्दा संवेदनशील अङ्ग नै स्तन हो । यो शरीरबाट कसरी बाहिर निस्किएको हुन्छ भने यसलाई जति लुकाऊँ भने पनि यो लुक्न



सक्तैन । लुकाउनै नमिल्ने वस्तुलाई खुला प्रदर्शन गरौँ न त भन्यो भने त्यो पनि मिल्दैन । यति मात्र होइन, आफ्नो अङ्ग हो भनेर आफैँले निरीक्षण गरूँ भने पनि एकान्त स्थानको खोजी गर्नुपर्छ । त्यसैले पनि आज म यो कौसीमा आएर यसका बारेमा पिरोलिइरहेकी छु । मलाई लाग्छ – हरेक मान्छेले एउटी युवतीलाई हेर्नुपऱ्यो भने युवतीको अनुहारसँगसँगै उसको स्तनलाई पनि हेर्न पुग्छ र स्तनको आकारप्रकारका आधारमा त्यस युवतीको सुन्दरताको निश्चय गर्छ । अर्थात् नारी होस् वा पुरुष, सबैको आँखा स्तनमै आएर टिक्छ । यसले उसको उमेर र स्वास्थ्य मात्र होइन, अन्तर्हृदयमा भएको मनस्थितिलाई पनि राम्ररी प्रदर्शित गर्छ । अझ पुरुषहरूले त यसैको निरीक्षणबाट त्यस युवतीको यौनतृष्णालाई पनि आकलन गर्न सक्छन् ।

शरीरको अभिन्न अङ्ग भएर रहेको स्तनलाई अन्य अङ्गको जस्तो मात्र व्यवहार गरेर पुग्दैन । यसलाई विशेष प्रकारले हेरविचार गरेर सम्हाल्नुपर्छ । शरीरका अन्य अङ्गसरह यसलाई पन्छाउन मिल्दैन । स्तनले आकार लिन थालेपछि नारीस्तनलाई केलाउनुपर्छ । बाहिरी छालाबाट सूक्ष्म तरिकाले भित्रका पिण्डको केस्राकेस्रा छुट्ने गरी समय-समयमा बिस्तारै मल्नुपर्छ । हरेक किसिमका नलीमा रक्तसञ्चार हुन सक्ने गरी राम्ररी दल्नुपर्छ । मिच्नुपर्छ दुग्धनलीहरू बलवान् हुने गरी र पिण्डका कोशिकाहरू छुट्ने गरी ।

यी सबै क्रिया आफ्नै हातबाट सम्भव छैन । किनभने आफ्नो हातले स्तन मल्ने क्रिया सञ्चालन गर्दा एउटै नाडी क्रियाशील हुने हुँदा प्रभावकारी हुन सक्तैन, जति अर्को हातबाट हुन सक्छ । यसरी सोच्तै म स्तनबाट हात हटाउँछु । हात र शरीर सबैलाई विश्राम दिन्छु । म केवल सूर्यदर्शनको प्रतीक्षामा रहन्छु । आकाशलाई पूर्वतर्फ लाल रङ्गले ढाकिसकेको छ । त्यही पूर्वको लालीले म, म बसेको कौसी, नगरका अन्य घरका छानाहरू र वरपरका डाँडाहरूमा लाली चढिसकेको छ । म मेरो शरीरलाई नियाल्छु । रक्तिम भएर शरीरको रङ्ग बदलिएको छ । यस वातावरणले मलाई केही उत्तेजित तुल्याउन खोज्छ । म आफ्ना दुवै हातलाई अनुहारमा पुऱ्याएर बिस्तारै अनुहार मल्दै हात तल झार्छु, गर्धन र कुमका बीचमा अड्याउँछु र सोच्छु – ममा पनि सुन्दरतामा हुने राम्रा अङ्गहरू छन्, त्यसैले म सुन्दरताले परिपूर्ण छु । मेरा हात बिस्तारै झरेर छातीमा पुग्छन् र बक्षस्थलमा अडिन्छन् । म सोच्छु – म मस्त यौवनमा छु । मेरा दुई हात मेरो कम्मरमा झर्छन् । त्यसै बखत म सम्झने कोसिस गर्छु – मेरो शरीरको कुनै पनि अङ्ग भङ्ग भएको छैन । यी भएका अङ्गहरू पर्याप्त छन् मेरो सुन्दरताको मूल्याङ्कनका लागि । यति हुँदाहुँदै पनि म आफैँबाट तिरस्कृत छु । म सम्झन पुग्छु – मैले धेरै गल्ती गरेँ, जीवनसँग खेलबाड गरेँ । तर त्यो गल्तीलाई म सुधार गर्न सक्छु, जीवनलाई राम्ररी डोऱ्याउन सक्छु ।

सूर्य उदय हुन सुरु हुन्छ । म एकटक लगाएर सूर्यलाई हेरिरहेकी छु । कुनै सागरको टाढा क्षितिजबाट डुङ्गा उत्रिएझैं माथितिर लम्कँदै बिस्तारै सूर्यदेवको आकार बढिरहेको छ । म आँखालाई विश्राम नदिई हेरिरहेकी छु । पूर्ण गोलाकारको सूर्य देखिनेबित्तिकै मेरो शरीरभरि प्रकाश फैलियो । म लज्जित भएँ र थुचुक्क बसेर कौसीको पूर्वतर्फको डिलको छायामा शरीरलाई लुकाउन पुगेँ । पुरुष र सूर्य एकै हो, नग्न शरीर दुवैलाई देखाउनु हुँदैन, अनिष्ट हुन्छ । यो कुरो मलाई गुफा राख्ने समयमा भनिएको थियो । त्यसैले म सूर्यको प्रकाशसँग भयभीत भएँ । ममा एक्कासि त्रास बढ्यो र मेरो मनभित्र भयले कम्प छुटायो ।

पश्चिमतर्फ फर्केर छाती छोप्तै बिस्तारै चोलीको तुना बाँधेँ । तर पनि सूर्यलाई तुरुन्तै हेर्ने हिम्मत भएन । मलाई 'बारा' राख्ता मैले दस पुगेर एघार वर्षमा छोएकी मात्रै थिएँ । हतारिएर मलाई 'बारा' राखिएको थियो । सायद ढीलो भएको कारणले होला, तिमिला निनी र तरिमाले तुरुन्त कुरा मिलाएर 'बारा' बस्नुपर्ने कुरा मलाई सुनाएका थिए । मैले मन्जुरी दिने वा इन्कार गर्ने रोजाइ मलाई थिएन । 'बस्नुपर्छ' भनेपछि सबैको सहमतिमा मैले गुफा पस्नैपर्थ्यो । हिसीमाया अर्थात् तरिमाको नायकत्वमा गुफामा राख्ने व्यवस्था सुरु भयो । पुरुषलाई दीक्षाकर्म दिएजस्तै नारीलाई 'गुफा' राखेर कर्म चलाउने चलन रहेछ । जीवनका दसकर्ममध्ये यो 'गुफा राख्ने' क्रिया पनि एक कर्म हो । नारीको कोटिमा पुग्न यो कर्मलाई सम्पन्न गरिएकै हुनुपर्छ । यस कर्मलाई 'सूर्यदर्शन' कर्म पनि भनिन्छ । सूर्यदर्शनको विधि गुफाबाट निकालेपछि मात्र गरिने चलन छ ।

अघिल्लो दिन 'बारा' राख्ने कोठा तयार गरे सबै मिलेर । सूर्यको प्रकाश छिर्न नसकोस् भनेर झ्यालका स-साना प्वालहरू पनि बन्द गराइए । झ्याल र ढोकामा बाक्लो कालो कपडाको पर्दा हालियो । लोग्नेमान्छेको आवाज र सूर्यको प्रकाश नपुग्ने गरी कोठाको तयारी भयो । मलाई नुहाउन लगाइयो र नैनीद्वारा नङ काट्न लगाई शुद्ध पारेर तरिमा, तिमिला निनी र आमा भएर कोठामा प्रवेश गराइयो । कोठाको एक कुनामा दियो-बत्ती बलेको थियो र त्यहीँ नजिकै भित्तामा कपासले पुतलीजस्तो बनाएर राखिएको थियो, जसलाई 'ख्याक' भनिएको थियो । जुन दिन मलाई बारा राखे, त्यस दिन मलाई पानीसम्म पनि पिउन दिएनन् । समय बित्दै जाँदा भोक पनि लाग्दै गयो र बत्तीनजिक रहेको ख्याकको डरले भयभीत हुँदै गएँ । तर त्यस दिन दिनभर आमा, तिमिला निनी र तरिमाको आवतजावतले गर्दा त्यति भयाकुल भने भइनँ । त्यस दिन राति आमा नै त्यहाँ सुतेकी हुँदा त्यति डर लागेन । ननिदाएसम्म ख्याकको सम्झनाले मन झकझक्याए पनि दिनभरिको भोकका कारणले चाँडै निद्रा आएको थियो ।



भोलिपल्टदेखि खानेकुरा त दिइयो, तर नुनविनाको खाना । भोकका कारणले नुन नभएको पहिलो छाक त खाइयो, तर पछिका खानाहरू खान ज्यादै गाह्रो थियो । म त्यस बखत उपायहीन अवस्थामा रहेकी हुँदा तरिमा, तिमिला निनी र आमाले जे-जे भन्छन्, त्यो-त्यो मान्न म विवश थिएँ ।

सुनाइएको थियो – त्यो बत्ती र ख्याक दुवै तिम्रा संरक्षक हुन् । तिनले केही बिगार्दैनन् । तर पनि 'ख्याक' भन्ने शव्दले भने म भयभीत नै थिएँ । कोठाभित्र जेसुकै खाना ल्याए पनि पहिले ख्याकलाई छुट्याएर उसको समीपमा राखेपछि मात्र त्यो ल्याइएको खाना मैले खानुपर्छ भनिएको थियो । त्यसैअनुसार आमाहरूले पहिले ख्याकका लागि खाना पन्छाएर मात्र पछि मलाई खान दिन्थे । चार दिनसम्म मलाई अलिनो खाना खुवाए र त्यसपछि मात्र साविकबमोजिमको खाना खुवाउन थाले ।

त्यस बखत मेरा लागि दिन र रात एकै थियो । दिनमा टोलका साथीहरू आउने र रातमा तरिमा वा तिमिला निनी सुत्ने गरेका हुँदा सुरुका दिनहरूमा केही कष्टप्रद समय बिते पनि पछिका दिनहरूमा खासै फरक परेन । तर पनि बारा बसेको चौथो दिनमा म रजोवृत्तिमा फसेँ, अर्थात् मेरो पहिलो रजस्वला भयो । त्यस दिन भने दिनभरि म रोएकी थिएँ आत्तिएर । त्यो रजोवृत्ति संयोगवश भएको थियो । त्यसरी बारा राखेकै समयमा रजोवृत्ति हुनुपर्छ भन्ने थिएन ।

परम्परागत नियमअनुसार रजस्वला हुनुभन्दा अगावै बारा राख्नुपर्ने रहेछ । मलाई बारा राख्न ढीलो भएकै कारणले त्यस्तो भएको हो भनेर तरिमाले भनेकी थिइन् । त्यस बखत गुफामै बस्ताका समयमा त्यस्तो भएको हुँदा राम्रै भयो भन्नेमा उनी ढुक्क भएकी थिइन् । मैले खासै कुनै समस्या झेल्नुपरेन, तर म जानकारीको अभावले गर्दा आत्तिएकी थिएँ ।

दिउँसो-दिउँसो टोल-छिमेकका र नाता पर्ने अन्य टोलका आफूभन्दा ठूला केटीहरू भेट्न आउँथे । कसैले खानेकुरा त कसैले सिँगारका सामानहरू लिएर मलाई भेट्न आउँथे । भेट्न आएका ती दिदीहरूले मेरो अनुहार र हातखुट्टामा बुकुवा लगाएर तातोपानीमा रुमाल भिजाई पुछिदिने, अनेक किसिमका सिँगारका सामानहरूले अनुहार सजाइदिने, आँखामा गाजल र निधारमा टीका लगाएर सुन्दरी बनाइदिने आदि गर्थे । कहिले यो लुगा त कहिले अर्को लुगा लगाउन लगाएर कोठामा हिँड्न लगाउने गर्थे । म कुन लुगामा जचेकी हुन्छु भनेर मूल्याङ्कन गर्थे ती दिदीहरू । बन्द कोठामा बसेकी, आफू सानी मान्छे, दिदीहरूले जे-जे भने पनि गर्नैपर्ने भएको हुँदा उनीहरूको इच्छाअनुसार कहिले तरुनी बनेर अभिनय गर्नुपर्थ्यो, कहिले दुलही भएर उनीहरूसँगै टाँसिनुपर्थ्यो । दिदीहरूमध्ये कोही केटा बन्थे र मेरो शरीरमा जोडिने अभिनय गर्थे त कोही सासू बन्थे र मलाई हप्काउँथे । दुलाहा-दुलही

बनेर-बनाएर नाटक खेलाउँथे र खेल्थे उनीहरू पनि । एक दिन त एउटा ठूली केटीले लोग्नेको अभिनय गर्दै मलाई अँगालोमा गाँजेर ओछ्यानमा पल्टाएकी थिई र जीउमाथि चढेर गाला टोकिदिई घाउ नै बनाइदिएकी थिई । म बेसरी रोएपछि मात्र मैले उसको अँगालोबाट फुत्किन पाएकी थिएँ ।

त्यस बखत म बसेको कोठा नारीस्वतन्त्रताको स्थल थियो । सूर्यको प्रकाश छिर्नै नहुने र लोग्नेमान्छेको स्वरसम्म पनि सुन्न नहुने वातावरण सिर्जना भएको कोठा भएकाले ठूला-साना, युवा-वृद्धा सबै उमेरका आइमाईहरू छचल्किने, चम्किने, उत्तेजित हुने र मनपर्दो गर्ने स्थल सिर्जना भएको थियो । दिउँसोभरि तरुनी केटीहरू आउने-जाने र रमाइला-रमाइला कुराहरू गर्ने भएका हुँदा अँध्यारै कोठा भए पनि नरमाइलो कहिल्यै भएन । हरेक दिदीहरूले एक न एक कुरा सिकाउँथे भविष्यको जीवन-सञ्चालनका लागि । मैले नयाँ-नयाँ कुराहरू सिक्ने मौका पाएकी थिएँ ।

हरेक महिनामा रजोवृत्ति हुन्छ, त्यस बखत के गर्न हुन्छ र के गर्न हुँदैन आदिदेखि लिएर लोग्नेमान्छेसँग कसरी बच्ने र उनीहरूसँग कसरी नजिक हुने आदि सबै किसिमका जीवनमा सञ्चालन गर्नुपर्ने शिक्षाहरू तरिमाबाट पाउने गर्थें म । आफ्नी आमा मलाई त्यस्ता आवश्यक कुराहरू भन्न सङ्कोच मान्दथिन्, तर तरिमा भने मेरो अङ्ग छुन र उनको अङ्गको कुनै पनि भाग छुवाउन कुनै अप्ठेरो मान्दिनथिन् । मेरो हात समाई उनका प्रत्येक उत्तेजक अङ्गमा छुवाउँदै काम र उत्तेजनाको व्याख्या गर्न उनी पछि परिनन् । मैले त्यस बखत केही बुझें, केही बुझिनँ । अहिले सम्झँदा ती सबै क्रियाहरू बुझ्दै बुझिनँ भन्न पनि म सक्तिनँ । तर त्यतिखेर पनि अनुराग र त्यसप्रति आसक्तिको भाव थिएन भन्न पनि सक्तिनँ ।

तरिमा यतिखेर करिब पैँसट्ठी वर्षकी पुगिन् होला । उनको नाम हिसीमाया हो । जस्तो नाउँ, उस्तै अनुहार । अहिले पनि उनलाई चालीस वर्षभन्दा बढीकी भन्दैनन् मान्छेहरूले । हँसिलो अनुहार भएकी, सबैसँग राम्रो बोलचाल गर्ने, जोकोहीसँग बोल्दा पनि हाँसेर मात्र बोल्ने, छरितो जीउडाल भएकी तरिमा जसको घरमा गए पनि धक र अप्ठ्यारो मान्दिनन् । आफ्नै घर आफ्नै समस्या सम्झी अर्काको घरमा पनि काम गर्ने उनको आदत भएको हुँदा उनको उपस्थितिमा कसैले पनि अप्ठेरो मान्दैनन् । मैले पन्ध्र वर्षभन्दा पहिलेदेखि उनलाई देखेकी छु र उनीसँग व्यवहार गरेकी छु । उनी आफ्नै तरिमाजस्तै लाग्छ मलाई । हाम्रो घरमा उनले प्रवेश गरेपछि बाआमादेखि बाजेसम्मले 'लौ-लौ, हिसीमाया आइन्' भनेर खुसी व्यक्त गर्ने गरेको मैले देखेकी छु ।

जेसुकै पर्दा पनि हिसीमायालाई सम्झनुपर्छ । बच्चा जन्मँदा होस् वा उत्सव गर्दा होस् वा पूजा र भोजमा होस्, उनको आवश्यकता हुन्छ हाम्रो



घरमा । यद्यपि उनी मेरी आफ्नै तरिमाचाहिँ होइनन् । अलि टाढाको नातामा बाकी भाउजू भएकी हुँदा बाले उनलाई 'हिसीतजू' भनेर सम्बोधन गर्छन् । त्यसैले मैले पनि सानैदेखि 'तरिमा' भन्ने गरेकी हुँ । उनी यही टोलमा बस्छिन् र सबैका लागि प्रिय नै छिन् ।

हिसीमायाको व्यवहार, बोलीचाली, सहयोगात्मक भावना र पहिरनमा कुनै खोट लगाउने ठाउँ छैन । तर उनको एउटै कमजोरी छ, त्यो हो युवा पुरुष । हिसीमायाको परिवारमा कोही छैन । लोग्नेको मृत्यु भएको बीस वर्षभन्दा बढी भइसक्यो । छोराछोरी कोही छैनन्, तर एक्ली पनि छैनन् । एक न एक युवा पुरुषलाई अनेक बहानामा उनले घरमा राख्ने गरेकी छन् । घरमा बस्ने ती पुरुषलाई हिसीमायाले कुनै न कुनै सम्बन्ध स्थापित गरी घरमै राख्छिन् र त्यस लोग्नेमान्छेसँग यथेष्ट काम पनि लिन्छिन् । चाहे खेतबारीको काम होस् वा घरभित्रको काम होस्, उनलाई एक न एकले सघाइरहेको देखेकी छु । उनीकहाँ बस्ने लोग्नेमान्छे भेन्चा, कायचा वा जिताभाजुका रूपमा बसेका हुन्छन् । त्यसो त उनको प्रकृति पनि अरूलाई सहयोग गर्ने नै छ । सहयोग जसले दिन जान्दछ, त्यसले अरूसँग सहयोग लिन पनि सक्छ । कुरा काट्ने मान्छेहरू टोलभरि छन्, तर उनका अगाडि कसैले केही भन्न वा उनलाई घृणा गर्न सक्तैनन् । कारण के भने टोलभरिमा उनी मात्र एउटी सहयोगी महिला हुन् ।

यतिखेर उनीसँग 'कायचा' भनिने व्यक्ति बसेको छ । ऊ टेखाचोटोलको चौगुठी थरको केटो हो । उसको उमेर करिब तीस वर्षको अनुमान गर्न सकिन्छ । ऊ पूरा तरिमाको हेरविचार गर्छ, घरभित्रको र बाहिर खेतको काम पनि गर्छ । कहिलेकाहीँ म तरिमालाई बोलाउन जाँदा भान्छामा ऊ खाना पकाइरहेको हुन्छ । ऊ ज्यादै मिहिनेती छ । उसका बारेमा मलाई तरिमाले बताएकी थिइन् – ***यो आसामरुका बाआमा चाँडै नै बिते । बज्यैले पालेर हुर्काएकी हुँदा घरमा बूढाबूढीलाई कसरी सेवा गर्नुपर्छ भन्ने कुरामा कसैले यसलाई सिकाउनुपर्दैन । यो आसामरुको बाबु मेरो 'किजाभत' पर्ने भएको हुँदा मसँग पहिलेदेखि नै चिनजान थियो । यसकी बज्यैको मृत्यु भएपछि तरिमाको नाताले यो मकहाँ नै बस्छ ।***

मेरो चासोको विषय थिएन उनीहरूका बीचको नातासम्बन्धमा । त्यसैले मैले सोध्न र जानकारी लिन पनि चाहेकी थिइनँ । एक दिन तरिमाले नै भनिन् – ***चकना ! तिमी दुःखित छ्यौ, मलाई थाहा छ । जेसुकै भए तापनि आइमाईलाई एउटा लोग्नेमान्छे चाहिन्छ । चाहे जतिसुकै धनी होस् वा गरिब, चाहे पढेको होस् वा अनपढ, चाहे लाटो होस् वा बाठो, बस्, लोग्नेमान्छेविना आइमाईको जीवन निरस हुन्छ, दुःखी हुन्छ र कमजोर हुन्छ । तिमी एकजना लोग्नेमान्छेलाई अपनाऊ । सकेसम्म आफ्नै जात र समुदायमा खोज ।***

कुरो गम्भीर थियो मेरो जीवनका लागि र आफ्नै घरपरिवारको चिन्तामुक्तिका लागि पनि । यो कुरो मैले सोच्नैपर्थ्यो भन्ने लाग्यो र मैले तरिमालाई भनेकी थिएँ – *कुरो ठीक हो । यो मेरो अन्तस्करणको चाहना पनि हो । तर भन्नेबित्तिकै हाम्रो जातमा मजत्तिको योग्यता भएको मान्छे भेट्टाउन गाह्रो हुन्छ । म पनि हेर्दैछु । पाएकी छैन, के गर्नु ?*

*पढेको किन चाहियो ? तिमीले जत्तिकै पढेको भए त तिमीलाई नोकर बनाइहाल्छ नि ! तिमीले लोग्नेबाट सेवा लिने हो र आनन्दमय जीवन बिताउने हो भने स्वास्थ्य ठीक भएको एक अनपढ केटो खोज । तिम्रो जीवन आनन्दसँग बित्दछ ।* – तरिमाले भनेकी थिइन् ।

त्यो सुझाव र सल्लाह मेरा लागि सहज रूपमा पाच्य थिएन । म पढेलेखेकी, त्यसमा पनि स्नातकोत्तर स्तरको अध्ययन पूरा गरेकी, जिम्मेवारी बुझेकी एउटी केटीलाई तरिमाले अवमूल्यन गरेकी हुन् वा ठीक सुझाव दिएकी हुन्, यकिनचाहिँ मैले गर्न सकेकी थिइनँ, तापनि उनको सुझावलाई कुन कारणले पनि मैले नकार्न सकिनँ भने यो वर्तमान समाजमा मैले भोग्नुपरेको अन्तर्वेदना र जुध्नुपरेको अन्तर्द्वन्द्वलाई फेरि एकपटक मूल्याङ्कनको कसीमा राखेर हेर्ने हो भने म कुनै जवाफ दिने वा निर्णय लिने अवस्थामा थिइनँ । साथै उनको कुरो अन्धावेशमा स्वीकार्न सक्ने स्थितिमा पनि थिइनँ । एक दिन थाहा भयो उनले भनेको त्यो केटो त उनकै घरमा बस्ने 'कायचा' आसामरु पो रहेछ ।

उमेर र स्वास्थ्यका दृष्टिकोणले विचार गर्दा आसामरु एक तन्दुरुस्त युवक हो, कालो हिसीपर्दो मान्छे । बोल्दा मुस्कुराएर बोल्ने र काम गर्दा जिम्मेवारी सम्झेर काम गर्ने युवकका रूपमा मैले उसलाई देखेकी छु । तरिमाको घर उसले ढपक्कै ढाकेको थियो । ऊ तरिमाकहाँ आएर बस्न थालेको चार वर्ष मात्र भयो । उसको काम र राम्रो व्यवहारका कारणले टोलछिमेकका कसैले पनि उसमाथि औंला ठड्याउन सकेका थिएनन् । शान्त स्वभाव, आँखा घोप्ट्याएर कुराकानी गर्ने तरिका र बोल्नुपर्दा मन्द मुस्कान ओठमा ल्याएर मात्र बोल्ने बानीका कारणले गर्दा हाम्रो टोलमा उसको स्वभाव सबैका लागि स्वीकार्य भएको थियो । तरिमा आसामरुको बखान गर्न चुक्तैनथिन् र उसको कामको वर्णन गर्न थालेपछि थाक्तैनथिन् । त्यसैले पनि उनको योजनालाई मैले नकारात्मक हिसाबले हेर्ने कोसिस नै गरिनँ । बरू उसका बारेमा जानकारी लिँदा थाहा पाएँ – ऊ निरक्षर रहेछ, दुःखी रहेछ, तापनि व्यक्तित्व-विकास गर्ने क्षमतावान् रहेछ । मेरो विचार कुन कारणले नकारात्मक दिशामा गएन भने मैले भोगेको विगत, मेरो जातीय जिम्मेवारी, सामाजिक कुण्ठा, सांस्कृतिक अड्चन एवं परिवार र घरको अवस्थाले मेरो जीवनको छायाका रूपमा मलाई पछ्याइरहेका थिए ।



मैले आफ्नो मनलाई बाँधेँ । विगतका भूल र गल्तीहरूको पासोले मनस्थितिलाई काबुमा पारेँ । यहाँको जातीय निष्ठाको आडमा गरिएको वर्गभेदको घेराले घेरिँदै आफूलाई तयार गरेँ । सामाजिक कुरीतिलाई घृणाले बहिष्कार गर्दै तत्परता जाहेर गरेँ र आफैँलाई र आफ्नो अहम्लाई लत्याएर आफूलाई समर्पित पार्ने निश्चय गरेँ । मूर्ख तथा बुद्धिमान्, शिक्षित तथा अशिक्षित, सम्पन्न तथा विपन्न परिवार, राम्रो तथा नराम्रो र उमेर तथा यौवन आदि मैले कुनै विचार गर्न सकिनँ । तरिमाको प्रस्तावलाई स्वीकार गर्दा मेरा अगाडि एउटा सिङ्गो 'पुरुष' ले मस्तिष्कलाई छोप्यो । त्यो छोपाइबाट म अन्धी हुँदै गएँ र एकोहोरिदै गएँ कुण्ठालाई पिउँदै ।

एक दिन म तरिमाको घरमा गएँ त्यही मनभित्रको द्वन्द्वलाई अन्त्य गर्न, शान्ति स्थापित गर्न र जीवनको बाटो खोज्न । पहिलो तल्ला र दोस्रो तल्लाको भऱ्याङ उक्लिसकेपछि पनि घरमा कोही भएको आभास भएन । तल ढोका खुला छ, त्यसैले मान्छे त हुनैपर्ने हो भन्ने मनमा सोच्तै अर्को माथिको तल्ला उक्लिन खोजेँ । तरिमा र आसामरु कुरा गर्दै थिए । म राम्ररी सुन्न सक्थेँ । त्यसैले म भऱ्याङको मुखमा अडिएर सुन्न थालेँ । तरिमा आसामरुलाई सम्झाउँदै भन्दै थिइन् – *धेरै पढेकी केटी हो चकना, बुझिस् ? उसैसँग तेरो बिहा गराइदिन्छु । तँलाई राम्रो हुन्छ, बुझिस् ? मैले गरेको काममा हुन्न भनेर नभन् । तँलाई नराम्रो हुँदैन ।*

सुनेर म झस्किएँ । मेरै कुरो हुँदै रहेछ । मेरो खुट्टा अगाडि बढेन । मनमा कौतूहलताले छायो । लुकेर अर्काको कुरा सुन्दा अपराधबोधले मन नै खल्लो भयो । न माथि जान सक्थेँ, न फर्कन नै सक्थेँ म । अडिएर नै रहेँ कर्तव्यविमूढ भएर । सुनेँ आसामरुले भनेको – *म तिमीलाई छोड्नै सक्तिनँ र तिमीविना बाँच्नै सक्तिनँ । पढेको वा नपढेकोसँग मलाई कुनै मतलब छैन । यो जीवनमा तिम्रो सेवा गर्न पाए मलाई पुगेको छ । मलाई पन्छाउने काम नगर ।*

सुनेर म फेरि झस्किएँ । मलाई तरिमाले आफ्नो बोझ पन्छाउन लागेकी रहिछिन् भन्ने कुराको जानकारी प्राप्त भयो । अनि त मलाई तरिमाप्रति एक्कासि घृणा पैदा भयो । मैले अडिएर बस्ने मनस्थितिलाई परिवर्तन गरेँ । मलाई आफूमाथि षड्यन्त्र गर्न लागेको कार्यको पर्दाफास गर्न मन लाग्यो र मनलाई दह्रोसँग बाँधेर माथि कौसीमा उक्लिएँ ।

तरिमा नग्न शरीरमा थिइन् । आसामरुले कट्टुसम्म लगाएर तरिमाको शरीरमा तेल मालिस गरिरहेको थियो । हिउँदको घाममा तेल लगाउने यहाँको प्रचलनअनुसार होला, कौसीको घाममा बसेर तरिमा तेल लगाइरहेकी थिइन् । मलाई देख्नेबित्तिकै दुवै झस्किए । तरिमाले छेउको कपडा तानेर कम्मर र त्यसभन्दा मुनिको भाग हत्तपत्त छोपिन् । आसामरु मालिस गर्न छाडेर केही पर

गई टक्क उभियो । दुवैले मुखामुख गरे र मलाई हेरे । हाँस्तै तरिमाले भनिन् – *आऊ, यता बस । किन आएकी तिमी ?*

*तरिमालाई भेट्न ।* – मेरो सरल उत्तर थियो ।

*तल ढोका खुलै थियो ?* – डरको भावमा सोध्छिन् उनी, र मन्द मुस्कानका साथ भन्छिन् – ***हेर न ! माघको महिना जीउमा तेल लगाउनुपर्ने । आसामरुले 'तेल लगाइदिन्छु माँ' भन्यो । मैले इन्कार गर्न सकिनँ । आफैँले आफैँलाई पनि लगाउनुपर्ने थियो, लगाइदिन्छु भन्यो । हेर न ! के गर्ने, आसामरु जाती मान्छे छ ।***

तरिमाले आसामरुको तारिफ गर्न चुकिनन् । शरीरको पुष्ट ढाडलाई घामतर्फ फर्काएर उनी बसिन् र आसामरुलाई अह्राइन् – ***जाऊ बाबु ! पानी लिएर आऊ ।***

आदेशको पालना गर्दै आसामरु तल ओर्लियो र केही बेरमा लुगा लगाएर साधारण स्थितिमा पानी लिएर आयो । तरिमाले मलाई पानी पिउन भनिन्, तर मैले 'तिर्खा लागेको छैन' भनेपछि पानी आफ्नै छेउमा राखिन् । घाममा तेल लगाउँदा पानी पिउनु हुँदैन भन्ने कुरा मलाईभन्दा तरिमालाई बढी थाहा थियो । त्यसैले पानीको भाँडो आफ्नो नजिकै त राखिन्, तर पानीचाहिँ पिइनन् । पानी मगाउने बहानामा पनि तरिमा सफल भइनन् । मैले उनलाई हेरिरहेँ । उनले मलाई हेर्न नसकी आँखालाई उठाउन नै सकिनन् ।

बाघजस्ती हिसीमाया त्यस दिन मेरा सामु राम्ररी नै लत्रेकी थिइन् । मलाई गुफा राखेको बेलामा लोग्नेमान्छे र स्वास्नीमान्छेका बीचको फरक सिकाएर मलाई टाठो बनाउन खोजेकी थिइन् । बिहानदेखि बेलुकासम्म मात्र होइन, एक दिन त राति पनि सँगै सुतेर यौनशिक्षा दिई मेरो गुरु बनेकी थिइन् । गुफाभरि उनकै हालीमुहालीअन्तर्गत बसेर नारी र पुरुषबीचको अन्तर्सम्बन्धको शिक्षा मैले ग्रहण गरेकी थिएँ । उनी त्यतिखेर मेरो गुरु तथा अभिभावक भएकी थिइन् । तर त्यस दिन उनीसँग ठूलो स्वर हराएको थियो, हाँसो ओठभित्र बिलाएको थियो र फरासिलो गर्जन उनकै चिल्लो शरीरभित्र दबिएको थियो ।

मलाई सम्झना छ तिनै हिसीमायाको नेतृत्वमा मलाई 'बारा' बाट निकालेका थिए । 'बारा' बाट निकाल्दा मलाई नुहाउने-धुवाउनेदेखि लिएर नैनी बोलाएर नङ्ग काटी 'अल' राख्न लगाउनेसम्मको काम गरेकी थिइन् उनले । मेरो खुट्टामा 'बापाअल' राखेपछि लक्ष्मीको जस्तो खुट्टा रहेछ भनेर उनले मेरो खुट्टाको तारिफ गरेको अहिल्यैजस्तो लाग्छ । त्यस दिन मलाई शुध्याउने क्रममा पूजा, टीकाटाला र भोजसमेत उनको नै रेखदेख र नियन्त्रणमा सम्पन्न भएको थियो । 'हिसीतजु' भन्ने शब्द मेरा बा र आमा दुवैको मुखमा झुन्डिएको थियो



त्यस बखत । यसो गर्दा पनि हिसीतजु, त्यसो गर्दा पनि हिसीतजु । अहिलेसम्म पनि हाम्रो घरमा उनको सम्मानमा कमी आएको छैन ।

यसरी विगतमा भुल्दै र विगतलाई सम्झँदै म पूर्व दिशातर्फ फर्कन्छु । सूर्यको प्रकाश कलिलै छ । म एकटक सूर्यरूपी ज्योतिपुञ्जलाई हेर्न थाल्छु र हेर्दाहेर्दै अनेकानेक सम्झन्छु – सूर्य पुरुषरूप हो वा पुरुष सूर्यरूप हो ? पुरुष सूर्य हो भने सूर्यको जस्तो पुरुषत्व हुनुपर्ने हो र त्यो मैले आजसम्म पाएकी छैन । यतिखेर प्रकाशले मेरो शरीरलाई अँगालेको छ । अनुहारमा न्यानो आएपछि मैले आँखा बन्द गरेर सम्पूर्ण शरीरलाई सुम्पिदिएकी छु सूर्यको प्रकाशलाई । शरीरका बाहिरी र भित्री अवयवहरूमा सूर्यकिरणका विकिरणहरूको प्रवेशले मलाई अर्धचेतन तुल्याइदिएको छ र म पुरुष-अँगालोमा गाँजिएकी छु । मन तथा तन दुवै रोमाञ्चित भएका छन् यतिखेर । मैले शान्ति र आनन्द अनुभूत गरिरहेकी छु ।

मैले सम्झेँ इही अर्थात् बेलविवाहको समय । एउटी नारीका लागि सूर्यजस्तै पुरुष हुनुपर्छ । पुरुष देवतातुल्य हुनुपर्छ । नारीलाई आडभरोसा र सहयोग दिन सक्ने तथा विशाल पुरुषरूपी छहारीले ढाक्न सक्ने पुरुषको खाँचो हुन्छ । देवतुल्य सधैँ संरक्षण र सुरक्षा प्रदान गर्ने पुरुषको आवश्यकता हुन्छ एउटी नारीलाई । यिनै परिकल्पना र मान्यताका आधारमा 'बेलविवाह' को प्रचलन चलेको हो कि भन्ने मलाई यतिखेर अनायास सम्झना हुन्छ ।

बेलविवाह गर्दा म सात वर्षकी थिएँ । मलाई बेलविवाहको कार्यक्रमको पूरा सम्झना छ । यहीँ छुमागणेशको मन्दिरको प्राङ्गणमा मेरो सामूहिक इही विवाह-कार्यक्रम सम्पन्न भएको हो । मजस्तै स-साना सयौँ कुमारी केटीहरूलाई दुलहीले लगाउने पोसाक र गहना लगाइदिएर दुलही बनाई लस्करै बसालेका थिए । मेरो छेउमा आमा थिइन् । मेरा अगाडि पूजाका अनेक सामानहरूसहित कलशमाथि थाली र त्यसमा बेल राखिएको थियो । धेरै समय लगाएर पूजाआजा गरी बेलविवाह सम्पन्न गराइएको थियो । त्यस दिन हामीले भोज पनि खाएका थियौँ । कार्यक्रममा जानुअगाडि र कार्यक्रम सकिएपछि पनि नैनीले नङ काटिदिएकी थिई । यी मेरो झिनो सम्झनामा रहेका कुराहरू थिए ।

वास्तवमा बेलविवाहका बारेमा मैले पछि थाहा पाएँ – त्यो बेलविवाह नभएर 'सुवर्णकुमार' सँग कुमारी केटीको विवाह गराउने प्रचलन चलाएर विवाहसम्बन्धी दोषमुक्त गरिएको कार्यक्रम रहेछ । सनातनधर्म र पद्धतिमा कुनै पनि बाबुआमाले आफ्नी कन्याको वर वरण गर्दा त्यस कन्याको रजोवृत्ति हुनुअगावै गरिसक्नुपर्छ भन्ने मान्यताका आधारमा 'सुवर्णकुमार' विवाहपद्धतिलाई हाम्रो समुदायले अख्तियार गरेको रहेछ । सुवर्णकुमारको अर्थ चम्किलो, तेजस्वी, सुन्दर र मूल्य-मान्यतायुक्त कुमार रहेछ र त्यस्तो कुमारको परिकल्पना गरी कन्यादान दिने प्रचलन चलेको रहेछ । हुन पनि एउटी

नारीलाई त्यस्तै पुरुषको आवश्यकता पर्दछ – सूर्यजस्तै प्रकाशमान्, देवताजस्तै दयावान् र सुवर्णजस्तै मूल्यवान् । यो शाश्वत सत्य हो । त्यसैले हाम्रो समाजमा सूर्य, देवता र पुरुषलाई एउटै कक्षमा राखेर हेर्ने चलन चलेको रहेछ ।

बेलविवाहका समयमा विवाहमण्डपमा ब्रह्मा, विष्णु र महेश्वर तीनै देवताको उपस्थितिमा विवाह सम्पन्न गर्नुपर्ने भएको हुँदा ब्रह्माको प्रतीक कलश, विष्णुको प्रतीक सुवर्णप्रतिमा र शिवको प्रतीक बेललाई राखिने प्रचलन रहेछ । त्यहाँ राखिने पदार्थहरूमा बेल नै सबैका आँखामा पर्ने भएको हुँदा 'सुवर्णकुमार' सँगको विवाहपद्धतिलाई 'बेलविवाह' भन्ने गरिएको रहेछ ।

रजोवृत्ति हुनुभन्दा अगावै विवाह सम्पन्न भइसकेका कारणले गर्दा हाम्रो समुदायमा दोस्रो विवाह हुने चलन छैन । वयस्क भएपछि वा पुरुषको आवश्यकता महसुस भएपछि उमेरसुहाउँदो पुरुष र नारीको जोडीलाई गठबन्धनसम्म गराउने चलन छ । यसरी पुरुष र नारीको संयोग गराउनुपर्दा आफ्नो जात र समुदायभित्र गर्दा अभिभावकले निर्णय गरी तय गरिन्छ । कुनै पनि पुरुष वा नारीको आफ्नै चाहना र जिम्मेवारीमा पनि अनुबन्धित हुन पाउने चलन कायम छ । त्यसैले हाम्रो जातमा लोग्नेको मृत्युपश्चात् विधवा हुने वा त्यस्तो भेष धारण गर्नुपर्ने वा विधवा नै बस्नुपर्ने चलन छैन । स्वेच्छाअनुसार बस्न वा नबस्न सकिन्छ, तर बस्नेको इज्जत, मर्यादा र सम्मान समाजमा कायम हुन्छ भने नबस्नेको पनि त्यति घृणा हुँदैन । उसको पारिवारिक पृष्ठभूमि, पुरुषको प्रकृति र व्यवहारका कारणले कुनै पनि नारीले आफ्नो भविष्यको निर्णय गर्न पाउने अधिकार सुरक्षित राखेको हुन्छ । कतिसम्म भने कुनै नारीलाई उसको वर्तमानको लोग्नेसँग बस्न मन लागेन भने अर्को लोग्ने खोजेर वर्तमानको लोग्नेलाई छोड्न सक्छे । यस्तो कार्य सम्पादन गर्न कुनै लिखत चाहिँदैन । समाजका गन्यमान्य मान्छे जम्मा भएर तय गर्ने पनि गर्नुपर्दैन । अभिभावकले मञ्जुरी दिइरहनु पनि पर्दैन । केवल छोड्न चाहेको लोग्नेको घर विनासूचना छोड्न र आफूले खोजेको नयाँ लोग्नेको अधीनमा चार रात बिताउन सकी भने स्वतः वर्तमानको लोग्नेसँग उसको पारपाचुके हुन्छ र नयाँ लोग्नेसँग सम्बन्ध जुट्न पुग्छ । यस हिसाबले हेर्दा हाम्रो जातिमा नारीस्वतन्त्रता सुरक्षित छ भनेर मान्नुपर्छ ।

यति हुँदाहुँदै पनि मेरो जीवन भने बन्धनमा बाँधिएको छ । म चटपटाउनसम्म नसक्ने अवस्थामा कुँजिएकी छु र सलबलाउनसम्म नसक्ने अवस्थामा पछारिएकी छु । कसैको रोकटोकविना रोकिएकी छु र कसैको छेकथुनविना बन्धक बनेकी छु । न म कसैलाई दोष दिन सक्छु, न कसैका विरुद्ध विद्रोह गर्न सक्छु । सोच्छु, उपाय खोज्छु, बाटो लाग्न कुनै गोरेटो खोज्छु । तर म यो प्रकाशमय धरतीमा अँध्यारो नै अँध्यारो देख्छु आफ्नो जीवनका लागि ।



म कौसीको बीच भागमा उभिन पुगेकी छु । पूर्वतर्फ नियाल्छु । सूर्यको अमृतमय प्रकाश मेरो अनुहारबाट विकेन्द्रित हुँदा नसानसामा बग्न थालेकाले शरीरभरि न्यानो र सूर्यतेजको तातोपनले म र मेरो शरीरभरि शक्तिको वर्षा गराइरहेको छ । म होस गुम हुन लागेको अवस्थालाई विचार्दै मूढ भएकी छु । सोचशून्य अवस्थामा आनन्दको अनुभूति गर्दै म लामो समयसम्म बसिरहेकी छु । आज विक्रमीय नयाँ वर्षको सूर्यदर्शनले मभित्र एउटा न्यानो उमङ्ग भरिदिएको हो कि भन्ने भाव पनि मलाई परेको छ । बोधगम्य प्रकाशले ढाकेको यस शरीरलाई प्रकाशनिवृत्त गराउने चाहना ममा पलाएको छैन । मेरा बन्द आँखामा प्रकाशका अनेक रङ्गहरू आउने, छाउने र छोप्ने गर्दै हराउँदैछन् । प्रकाशका मिश्रित रङ्गहरूले एक्लिंदै र जोल्ठिँदै बन्द आँखामा तरङ्गित भइरहेकाले पनि म आँखा खोल्न सक्तिनँ । म बन्द आँखाले सूर्यकिरणबाट निस्कने अनेक रङ्गसँग लुकामारी खेल्दै रमाएकी छु । आँखाले नदेखिएको प्रकाशपुञ्जलाई केस्राकेस्रा केलाएर सातै रङ्गलाई राम्ररी हेर्दै र नियाल्दै आनन्दको सागरमा डुबुल्की मारिरहेकी छु । यस्तो आनन्द र शान्तमय नदीको बहाउमा तैरिँदै र उत्रिँदै म बहिरहेकी छु, किनारमा आउनै नसक्ने गरी ज्योतिर्मय सूर्यप्रकाशभित्र हराएकी छु ।

⃠

# गुँला

भ्यागुतोको पूजा गर्ने दिन आज 'गुन्हिपुन्ही' । बिहान नै भ्यागुतोको पूजा गर्न खेतमा जानुपर्ने भएकाले आमालाई कामको भ्याइ-नभ्याइ छ । चार दिनदेखि भिजाइराखेको 'क्वाँती' पनि पकाउनुछ आमालाई । आमाले केही काम अह्राए गर्नका लागि तयार भएर बसेकी  छु । आमाले एक काम गरेमा मैले अर्को काम गर्नु नै पर्छ । त्यो कुरा थाहा भएर नै कामको बाँडफाँडका क्रममा मेरो जिम्मामा कुन काम आइपर्छ भन्नेमा म प्रतीक्षारत छु । आमाले क्वाँती पकाउने काम गरे बा र म भ्यागुतोको पूजा गर्न खेतमा जान्छौँ । होइन, आमाले पूजा गर्न जाने हो भने मैले घरमा बसेर क्वाँती पकाउनुपर्छ ।

नौ थरीका गेडागुडी मिलाएर भिजाइराखेको चार दिन भइसक्यो । बकुल्ला, चना, बोडी, भटमास, मस्याङ, सिमी, केराउ, मास र राजमासमेत गरी नौ थरीका गेडागुडीहरू भिजाई टुसा उमारेर ती गेडाहरू मिसाएपछि क्वाँतीको मिश्रण तयार हुन्छ । यो मिश्रित गेडागुडीलाई जति पकायो त्यसमा रासायनिक परिवर्तन भएर शरीरका लागि लाभदायक पेयपदार्थ बन्न पुग्दछ । यो वर्षायाममा खाने र खानुपर्ने औषधियुक्त र शक्तिवर्द्धक खाद्यपदार्थ हो । यसलाई आज गुन्हिपुन्हीमा त अनिवार्य खानुपर्छ । त्यसपछि यो महिनाभरि नै आवश्यकताअनुसार खाने चलन छ । आजको दिन क्वाँती खाने पर्व नै हो । त्यसैले अरू खाद्यवस्तु पकाएको जस्तो यो क्वाँती तुरुन्तै पकाउनु हुँदैन । यसको मिश्रणको प्रकृति हेरी घन्टौँसम्म पकाएर क्वाँती तयार गर्नुपर्छ । त्यसैले ती दुवै कामका लागि उत्तिकै मिहिनेत चाहिन्छ ।

हाम्रो खेतको छेउको एउटा डिलमा गएर भ्यागुतोको पूजा गर्ने चलन छ । गएका धेरै वर्षहरूमा म र बा पूजा गर्न गएका थियौँ । वर्षाको समय, धान रोपिसकेको खेतमा पानी हुन्छ । खेतमा टेक्ने त कुरै भएन । अरूको खेतको आलीबाट हिँड्नुपर्दा खाली खुट्टा नै हिँड्नुपर्ने भएकाले पूजा गर्ने स्थलमा पुग्न केही अप्ठेरो छ । हुन त त्यहाँ कुनै भ्यागुतो हुँदैन, न कुनै भ्यागुतोको मूर्ति नै हुन्छ, तर खेतकै डिलमा घरबाट लगेको दाल, भात, क्वाँती र तरकारीको भाग राखिदिने र भ्यागुतोलाई सम्झेर पूजा गरिदिने हो । काम गाह्रो होइन । खेत घरबाट अलि टाढा नै छ । कसिएर हिँड्ने हो भने पनि एक घन्टाजति लाग्छ । जाने-आउने मात्र समस्या हो ।

यसपटक धान पनि समयमै रोपिएको थियो । असारको पन्ध्र गते नै धान रोपिएको हुँदा यो साल धान चाँडै नै भित्र्याउन पाइन्छ । हाम्रो जातमा धान रोप्ने र धान भित्र्याउने समयलाई महत्त्व दिइन्छ र ती दुवै समयलाई पर्वका



रूपमा मनाइन्छ । धान रोप्ता वर्षायाम भएको हुँदा बढ्ता थाकिन्छ र रोपाइँ सकिएपछि थाकेको शरीर भए पनि काम सम्पन्न भएकोमा सन्तोषमिश्रित ढुक्कको भाव मनमा हुन्छ । धान काट्ने समय हिउँदको सुरुवात भएकाले शरीर फुर्तिलो हुने हुँदा धानकटानीमा मिहिनेत भए पनि घरमा अनाज भित्रिने भएकाले मनमा विशेष खुसीको भाव पैदा हुन्छ । त्यसैले त खेतबाट धान भित्र्याउने दिनमा उत्सवका रूपमा 'वाकासे' गर्दै, गीत गाउँदै, नाच्दै र गाउँदै धान भित्र्याउने गरिन्छ । खेती-किसानी गर्नेहरूका लागि यो धान भित्र्याउने कार्य उत्सवका रूपमा अङ्गिकार गरिएको हुन्छ ।

जब खेतमा धानकटानी हुन्छ, त्यस बखत टोल, छिमेक, आफन्त र नजिकका नातेदारलाई निम्तो दिई बोलाइन्छ । सबैले मिलेर धान काट्ने र चुट्ने काम समाप्त भएपछि धान र पराल अलग हुन्छ । धानबाट अलग भएको पराल खेतमा नै कुन्यू लगाइन्छ भने धान नगरमा भित्र्याउन तयार गरिन्छ । त्यस खेतीको कटानमा 'हकुवा' तयार गर्नुपर्ने छ भने नचुटीकन धानको बालालाई केन्द्रतर्फ फर्काएर परालसहितको धानको मुठालाई घुमाउँदै कुन्यू बनाइन्छ र माथि पानी बाहिर तर्कने गरी 'नलु' कै छत हालिन्छ । यसरी 'हकुवा' चामल तयार गरिन्छ । यस किसिमको चामल अन्य साधारण चामलभन्दा एक तिहाइले फाइदादायक हुन्छ भन्ने भनाइ छ । तर आजभोलि त्यस्तो चामल बनाउने चलन छैन ।

बाजे भाजुलाललाई हकुवाको भात मन पर्छ र उनलाई त्यही भात चाहिन्छ । अचेल पनि उनी भन्ने गर्छन् – ***छुचुमारी वा हकुवा भात, जुन सजिलो लाग्छ, त्यही बनाऊ ।***

उनले त्यसो भन्ने गरेका हुँदा हाम्रो घरमा हकुवाको चलन आजसम्म पनि चलेकै छ । हाम्रो खेतमा धान काट्ता आधा हकुवा बनाइन्छ र आधा धान चुटेर घर ल्याउने गरिन्छ ।

यो साल मलाई फुर्सद नै थियो । यस सालको धानको बीउ छर्ने दिनमा हामी घरभरिका सबै खेतमा गएका थियौँ । खेतमा जाँदा हामी खाजाका लागि गहुँको रोटी, आलुको तरकारी र जाँड लाने गर्छौं । काम गर्दा बाजे र बा दुवैलाई बेलाबेलामा जाँड चाहिन्छ । हामीले पानी पिएजस्तै बाजे जाँड खान रुचाउँछन् । चार पाथीको धानको बीउ लाग्ने खेत भए पनि हामी पाँच पाथी धानको बीउ छर्छौं । यही जेठको पहिलो हप्तामा बिहानै बीउ राख्न खेतमा पुगेका थियौँ । खेतमा ब्याड बनाउँदा माटोमा कुनै किसिमको सानो वा ठूलो डल्लो रहनु हुँदैन । धानको ब्याड बनाउँदा माटोलाई राम्ररी केलाएर बनाउनुपर्छ । बाजेले कोदालीले खनेर तयार गरेको ठाउँमा बा र आमाले डल्ला फोरे । त्यस काममा म पनि लागेँ । माटो मसिनो र धूलो बनाउनुपर्ने भएको हुँदा हातको हत्केला पनि माटो फुटाउन प्रयोग गर्नुपरेको थियो । बेलाबेलामा

बाजेलाई जाँड दिने काम भने मैले नै सम्हालेकी थिएँ । त्यस बखत बाजेले भनेका थिए – ***हेर चकना ! यो धानको बीउ राख्ने काम मेरो जीवन बाँचेसम्म मात्र हुन्छ जस्तो लाग्छ । आज बीउ छरेनौँ भने भोलि कसरी धान काट्न पाउँछौँ ? होइन त ?***

उनको त्यो भनाइ मार्मिक छ, तर उनको सहज भनाइले नै आजको स्थितिलाई शङ्कापूर्ण तरिकाले हेर्ने गरिएको छ ।

दिनभरि बसी हामी सबै परिवारको हत्केलाको पसिना त्यस माटोमा सिँचेर धानको बीउ छरेर आयौँ । भाग्यवश सबै बीउ राम्ररी उम्रियो । असारमा धान रोप्ने समयमा कलकलाउँदो मुनाका रूपमा बीउ पाएकामा हामी घरभरिका सबैजना खुसी भएका थियौँ ।

धान रोप्ताका समयमा हाम्रा आफन्त तिमिला निनी र उनका लोग्ने, मसिला निनी र उनका लोग्ने, मामाहरू र टोलका अन्य महिला र पुरुष गरी करिब बीसजनाको सहभागिता हुन्छ । खेत रोप्ने बखतमा आवश्यकभन्दा एक चौथाइ मान्छे बढी राख्ने चलन छ । रोपाइँको दिन पानी पर्न सक्छ वा ज्यादै घाम लाग्न सक्छ । कहिलेकाहीँ प्रेमी र प्रेमिकाबीच कामभन्दा बढी हिलो छ्यापाछ्याप गरेर समय नष्ट हुन्छ । फेरि खानाको तयारी गर्नैपर्ने, चाँडो सकेर खाना खाँदा वा खुवाउँदा खाने र खुवाउने दुवैलाई सन्तुष्टि मिल्ने आदि कारणले पनि कामभन्दा बढी मान्छे राख्ने चलन चलेको हो ।

धान रोप्ने समय भनेको केटा र केटीका बीचमा प्रेम बस्ने समय पनि हो । त्यस बखत मन परेका केटी वा केटालाई जिस्क्याउन सुरु गर्दा केटाहरूले कोदालीबाट हिलो पनि छचल्कियो भन्न सक्छन् र रोपाहारको खुट्टा हिलोमा गाडिँदा हातको हिलो केटाको अनुहारमा पऱ्यो भन्ने बहाना गर्छन् । यसबाट सम्बन्ध गाँसिनका लागि सुरुवात जुट्न सक्छ । त्यस्तै, विवाहितहरूले पनि अर्को वा अर्की विवाहित या बच्चाका आमाबुबासँग पनि सम्बन्ध जुटाउन चाहेमा यथेष्ट बहाना त्यहाँ प्राप्त हुन्छ । यस्ता वैवाहिक सूत्रमा बाँधिएकाहरूमध्ये जसको लोग्ने काम गर्दैन, जाँड मात्र खाएर बस्छ वा निकम्मा छ भने तिनीहरूले छनोटको मौका पाउँछन् । लोग्नेमान्छेको कसिएको तिघ्रा र पाखुरा त्यस बखत पूर्ण रूपले प्रदर्शित हुने हुँदा धेरै तिर्खाएका आइमाईहरू हिलोका माध्यमले सम्बन्धसूत्र जोड्न खोज्छन् । त्यस्तै, त्यस बखत आइमाईले लगाएको पटासी घुँडाभन्दा माथि रहने हुँदा पहेँला नितम्बको दर्शनले लोग्नेमान्छेहरू बहुलाउन पनि सक्छन् । उनीहरूबीच खुला शरीरको अङ्गप्रदर्शन हुने हुँदा चाहनाअनुसार रोज्न पाइने र पछिका लागि योजना बनाउन सकिने वातावरण तयार भएको हुन्छ ।

'पायो न्ह्याकेगु' शब्दले विजयादशमीको दिन तलेजुको जात्रा चलाउने भन्ने बुझिन्छ । तर हाम्रो ज्यापूजातिमा 'पायो न्ह्याकेगु' भनेपछि



विजयादशमीको दिन बाबुआमाको घर वा साविक लोग्नेको घर छोडेर नयाँ लोग्नेको घरमा आउने भन्ने बुझाउँछ । 'पायो न्ह्याकेगु' जात्रा विजयादशमीको राति हुन्छ । त्यही जात्रा हेर्ने बहानामा घरबाट फुत्कियो र नयाँ लोग्नेको घरमा प्रवेश गऱ्यो भने विवाह सम्पन्न भएको ठहर हुन्छ । यी नै हुन् असारमा प्रेम सुरु हुने र असोजमा वैवाहिक सम्बन्ध कायम हुने प्रचलन ।

गएको धानरोपाइँमा खानाको जिम्मा मेरो थियो । घरमा गहुँको रोटी र आलुको तरकारी बनाएकी थिएँ । आमाले भनेकी थिइन् – ***रोटी पुगेन भने के गर्ने ! चिउरा पनि एक पाथी बोक्नू है !***

उनले भनेअनुसार मैले चिउरा पनि तयार गरेकी थिएँ । जाँड करिब चार पाथी तयार गरेकी थिएँ । ***जाँड अलि बढी लानुपर्छ है ! बोक्ने कोही भएनन् भने मै बोकौँला*** भनेर बाजेले भनेका थिए । त्यसैले जाँड पाँच पाथीसमेत बोकी म खेतमा गएँ । मलाई धान रोप्ने कुनै रहर थिएन । न मेरा कुनै मिल्ने साथी नै थिए, न जोडी । बस् ! मैले घरको सदस्यका हैसियतले आफ्नो घरको धान रोप्ने काममा अनिवार्य सरिक हुनुपर्थ्यो र भएँ । असारको मध्य भए पनि त्यस दिन पानी परेको थिएन, पर्ने सम्भावना पनि थिएन । घाम-बादल-घाम हुँदै दिन गुज्रिरहेको थियो । म खेतको डिलको एक खुला ठाउँमा सबै खाद्यसामग्री र कामदारका अन्य सामानको छेउमा बसेर रोपाइँको रमाइलो हेरिरहेकी थिएँ ।

बाजे भाजुलाल रसिक मान्छे । सबै कामदारका अगाडि गएर यसो गर, उसो गर भनेर अह्राउने र कसैकसैलाई जिस्क्याएर आफैँ मरी-मरी हाँस्ने गर्दथे । त्यसरी बाजेले कामको निर्देशन गर्दा कामको मेलो पनि राम्रैसँग चल्ने गर्दथ्यो । बाजे बेलाबेलामा आएर सानो 'खोला' मा जाँड लिँदै खाँदै फेरि खेतको काममा नै जाने गर्थे । वातावरण हेर्दैमा रमाइलो । लोग्नेमान्छेहरू कोदालीले सम्याउँदै हिल्याउने काम गर्दथे भने आइमाईहरू क्रमबद्ध एकै रेखामा बसेर विपरीत दिशाबाट धानको बीउ रोप्तै, काम सक्तै, पछाडि हट्तै जान्थे । यो प्रक्रिया हेर्दा मलाई रमाइलो लागिरहेको थियो ।

***चकना ! भतिचा थ्वँ !*** – मसँग आएर भुइचाले जाँड मागे । मैले एउटा कचौरामा जाँड हालिदिएँ र कचौरा भुइचातर्फ के बढाएकी थिएँ, मेरो हात च्याप्प समातेर मलाई हेरेका हेऱ्यै भए भुइचा । मैले ***ए भुइ !*** भन्दाभन्दै कचौराबाट जाँड पोखियो । हामी दुवैले दुवैका आँखामा हेऱ्यौँ । उनले गल्ती महसुस गर्दै आँखा घोप्ट्याए । मैले उनलाई आश्चर्य तथा केही क्रोधमिश्रित आँखाले हेर्न पुगेँ । उनले पिलिक्क मेरा आँखामा हेर्न पुगेका थिए, फेरि शिर घोप्ट्याए । लाजले अनुहार पनि रातो देखियो । उनले फेरि मलाई हेर्न सकेनन् । उनले मेरो हात समाए । राम्रैसँग अँठ्याएर समाएका हुँदा मैले कुरा बुझेँ – भुइचा यो असारको मौका छोप्न चाहन्छन् ।

मैले तुरुन्त खाली कचौरामा फेरि जाँड भरिदिएँ र उनलाई कचौराको जाँड पहिलेकै जसरी अघि सारिदिएँ । यस पटक मेरो हात समाउने उनमा हिम्मत आएन र कचौरा मात्र समाएर हातमा लिए । म उनलाई चिन्छु । उनी मामाको केही टाढाको नातामा भाइ हुन् । त्यसैले मैले कहिलेकाहीँ उनलाई 'भुइपाजु' भन्ने गरेकी छु । उनको उमेर करिब तीस-बत्तीस होला, तर अविवाहित भएका हुँदा युवक नै देखिन्छन् । रातो फुस्रो सिँदुरको टीको लगाउने, गोरो अनुहार र होचो कद भएका भुइचा हँसिलो अनुहारका छन् । पढेलेखेका नभए पनि त्यति अबुझ कुरा गर्दैनन् । राम्ररी सम्झन र सम्झाउन सक्छन् । मामाघरमा जे काम परे पनि भुइचाको उपस्थिति अनिवार्य छ । मामाहरू हाम्रो घरमा कुनै काममा आउनुपर्‍यो भने पनि भुइचा साथमै हुन्छन् । तर भुइचाले किन त्यसरी हात समाउने काम गरे भन्नेमा म सोचमग्न हुन पुगेँ ।

भुइचाले जाँडको कचौराको बिट मुखमा राखे पनि आँखा कर्के गरेर मेरो अनुहारलाई नियालेको मैले देखेँ । उनको आसय मैले बुझिसकेकी हुँदा मैले उनलाई सोधेँ – ***भुइपाजु ! तिम्रो कुनै केटीसँग कुराकानी भएको छैन ?***

प्रतिउत्तरमा उनले मात्र टाउको हल्लाएर नभएको सङ्केत व्यक्त गरे । उनको अनुहारमा बिस्तारै आउन थालेको परिवर्तनलाई म राम्ररी बुझ्न सक्थेँ । उमेरमा मभन्दा पाँच-छ वर्ष बढी भए पनि उनको जीउडाल र गोरो, कलिलो अनुहारमा विपरीतलिङ्गीलाई आकर्षण दिन सक्ने शक्ति विद्यमान भएको मैले अनुभव गरेँ । उनले कचौरा रित्याए र मलाई हेरेर भने – ***नराम्रो नमान ल !***

मैले उनको जवाफ ***जाँड चाहियो ?*** भनेर प्रश्न गरेँ । उनले रित्तो कचौरा मेरा अगाडि बढाइदिए । मैले फेरि कचौराभरि जाँड हालिदिएँ । यसपटक हातले उनलाई कचौरा उठाएर दिने काम गरिनँ र विचार गरेँ उनी के गर्छन् भन्ने । मैले उनीतर्फ हेरिरहेँ ।

उनी केही बेर बसे, मलाई नियाले, जाँडलाई हेरे र खेतको कामतर्फ ध्यान दिए । जाँडको खोलालाई नसमाई जुरुक्क उठे र भने – ***यो म पछि पिउन आउँछु ।***

मैले कर गरिनँ । उनी उठे । उनी खेततर्फ हिँड्न लाग्दा उनको पूरा शरीरलाई मैले देखेँ । कछाड पनि माथि सारेर लँगौटी बनाई कछाड कसेका हुँदा कटीभन्दा मुनिको भाग पूरै देखेँ मैले । उनी खेततर्फ लम्कँदा उनका दुवै पुठ र तिघ्राका मांसपेसी उछिट्टिन खोजेजस्तो गरी लच्किएको दृश्य एकटक लगाएर हेरिरहेँ मैले । हेर्दाहेर्दै उनको शरीरको बनावटले गर्दा म केही खिचिन पुगेँ र आफ्नै यौवनमा डुब्न पुगेँ । त्यसपछि मलाई लाग्यो – उनी चाँडै आऊन् र त्यो कचौराको जाँड खाइदिऊन् ।



नभन्दै उनी केही बहाना गरेर केही क्षणपछि मेरो छेउमा आइपुगे । मैले उनलाई नजिक गएर भनेँ – ***भुइपाजु ! त्यो जाँड पिउने होइन ?***

उनी पनि के चुक्थे, त्यही अवसर लिन मेरो छेउमा आएका रहेछन् । भनिहाले – ***तिमीले दियौ भने पिउँछु ।***

त्यस बखत मलाई आफ्नै हातले कचौरा उठाएर दिन कर लाग्यो । मैले दुवै हातले उठाएर कचौरा उनलाई समाउन दिएँ । मेरो हातमाथि हात राखेर उनले मेरो हातको न्यानो स्पर्श गरे ।

उनको त्यो विकसित इच्छाका बारेमा आजभन्दा दुई हप्तापहिले 'गथामुग' को दिन मैले थाहा पाएकी थिएँ । ख्वपदेशमा गथामुगचह्रेलाई 'घण्टाकर्ण' अवसान गर्ने कार्यक्रमका रूपमा पर्व मनाउने चलन छ । त्यस दिन घण्टाकर्णलाई दोबाटोमा उभ्याई दिनभरि राखिन्छ । घण्टाकर्णको निर्माणमा प्रयोग हुने सामग्रीमा नरकट, नाङ्लो र अन्य आवश्यक सामग्रीहरू टोलवासीले तयार गर्छन् । टोलको दोबाटोमा नरकटका तीन खुट्टा बनाई मानवकदमा मिल्ने गरी उभ्याइन्छ । नाङ्लोमा वीभत्स अनुहारको चित्र बनाई उभ्याइएको नरकटको टुप्पोमा शिरस्वरूप दक्षिणतर्फ मुख पारी बाँधिन्छ । अनेक रङ्गी-विरङ्गी कपडाले नरकटलाई ढाकेर मानव-शरीरजस्तो बनाइन्छ । शरीरको मध्यभागमा लिङ्गको प्रदर्शन गर्न मकैको घोगा तेर्सो पारेर राखिन्छ र त्यसको मुनि कुनै दुई गोलाकार फल जोडेर मानव-गुप्ताङ्गको खुला प्रदर्शन हुने गरी घण्टाकर्णको उन्मत्त स्वरूप निर्माण गरिन्छ । त्यस्तो घण्टाकर्ण टोलटोलको दोबाटोमा उभ्याई सर्वसाधारणका लागि प्रदर्शन गर्ने र साँझ टोलका लोग्नेमान्छेहरू जम्मा भएर अगाडि बाजा बजाई नजिकको खोलामा लगेर सेलाउने चलन छ । यसरी टोलबाट खोलातर्फ लाँदा अश्लील शब्दको प्रयोग हुन्छ र सामूहिक रूपमा ठूला-ठूला स्वरले अपशब्दहरू बोलिन्छन् । त्यसरी समूहमा अश्लील शब्दहरूको प्रयोग हुने हुँदा अप्रत्यक्ष रूपमा केटाकेटीहरूले खुला रूपमा यौनशिक्षा प्राप्त गरिरहेका हुन्छन् । यस परम्पराले समाजलाई हित तथा अहित दुवै गरिरहेको देखिन्छ ।

एक वर्षमा एक दिन मात्र खुला रूपमा अश्लील शब्दहरू बोल्न पाइने र प्राकृतिक आवश्यकताको आक्रोश व्यक्त गर्न पाइने भएकाले पनि यो 'गथेमुगचह्रे' मनाउने चलनले निरन्तरता पाएको हुन सक्छ । साथै, त्यस दिनको सामूहिक आवाज बालसुलभ हृदयले पनि ग्रहण गरेको हुन्छ । वास्तविकताको जानकारी पछि भए पनि अश्लील शब्दको जानकारी पहिल्यै हुनुलाई नराम्रै भन्न सकिन्न, तापनि यो ठीक वा बेठीक भन्नेबारेमा समाजमा यसको व्याख्या राम्ररी हुन सकेको छैन । यसलाई राक्षसको प्रतीकका रूपमा व्याख्या गरी कथा रचिएका छन् भने शनिदेवताका रूपमा फलामको औँठी त्यस घण्टाकर्णको प्रतिमालाई छुवाएर लगाउने पनि चलन कायमै छ ।

यसबारेमा मेरो अध्ययन भने प्रचलनमा आएको कथनभन्दा बेग्लै छ । घण्टाकर्ण न राक्षस हुन्, न शनिदेवता हुन्, न कुनै अश्लीलताका प्रतीक हुन् । उनी त प्राचीन हिन्दूसभ्यतामा उब्जिएको कट्टर शैवसम्प्रदायमध्ये एक विख्यात पाशुपत सम्प्रदाय हिन्दू शैवमतका प्रचारक थिए । यस सम्प्रदायको नेपालमा प्रवेश भएको समय वैष्णवसम्प्रदायको वर्चश्व र बोलवाला चलेको समय भएको हुँदा त्यो पाशुपत शैवसम्प्रदाय यस उपत्यकामा पसेर विकसित हुन पाएन, उल्टै त्यसलाई उपहास गरी सामाजिक बहिष्कार गरियो । त्यति मात्र होइन, पछिसम्म पनि त्यसले प्रवेश नपाओस् भनेर 'गथेमुगचह्रे' पर्व नै मनाउने परम्परा बस्यो । हुन त यो पाशुपतसम्प्रदाय शैव अतिवादी भएकै कारणले अन्य हिन्दूसमाजमा बाँच्न सफल भएन, तापनि त्यस सम्प्रदायको उद्देश्य हिन्दूसमाजको विकासका लागि नकारात्मक थिएन ।

यस्तै साम्प्रदायिक सङ्घर्षको उपज हो यो ख्वपदेशमा चल्ने 'पुलुकिसीजात्रा' । यो जात्रा भने घण्टाकर्णको ठीक उल्टो जात्रा हो । इन्द्रजात्रामा मनाइने यो पुलुकिसीजात्रा इन्द्रका छोरा जयन्तलाई चोरीको बात लगाई टोलटोलमा बाँधेर राखिन्छ 'मुपात्र' को निगरानीमा र उनै बन्दी जयन्तलाई खोज्न इन्द्रले ऐरावत हात्तीलाई पठाउने जात्राको नाउँ नै पुलुकिसीजात्रा हो । यसरी बेग्लाबेग्लै समयमा विभिन्न मत र धर्मको प्रभावमा चलेको जात्रा विनाखण्डित चलिरहेकै छ ।

मलाई थाहा छ आज शिवजुजुले जनै बदल्छन् । उनी ब्राह्मण हुन् । उनको शिखासूत्र छ । उनका लागि यो महान् दिन हो । बाहुनहरूले आज जनै फेर्न हिजैदेखि उपवास गरी कपाल काटेका छन् र आज जनै फेर्दैछन् । उनी जातीय कर्तव्यअनुसार रक्षाबन्धन बाँधिदिन जजमानहरूकहाँ जान्छन् । उनलाई आज पटक्कै फुर्सद हुँदैन । तर भोलि गाईजात्रा भएको हुँदा हाम्रो लाकुलाछेटोलमा भेट्ने कार्यक्रम तय भएको छ । मैले उनलाई बिहानै भेट्ने प्रस्ताव गरेकी थिएँ, तर उनलाई फुर्सद नहुने भएकाले अपराह्न तीन बजे मात्र भेट्ने निश्चय भएको छ । लाकुलाछैँ टोलबाट निस्कने भैरवको 'ताहामचा' का बारेमा हामीबीच विचार आदानप्रदान हुने कार्यक्रम तय भएको छ ।

त्यसो त 'गथामुग' कै दिन गाहिटीटोलमा भेट्नका लागि शिवजुजुले भनेका थिए । उनले घण्टाकर्णको प्रतिमूर्ति देखाएर मलाई उत्तेजित बनाउन बोलाएको हो कि भन्ने शङ्का लाग्यो र म उनले दिएको समयमा गएकी थिइनँ । नारीको कमजोर पक्ष भनेको पुरुषसँगको सहवासको नजानिँदो इच्छा हो, जो कुनै पनि नारीले स्पष्ट प्रकट गर्न नसके पनि समयअनुसार विकसित हुन सक्छ । हो, त्यही कमजोरीलाई पुरुषहरूले विनिमय गरेर स्वार्थ सिद्ध गर्छन् । उत्तेजना र अन्धभाव उत्पन्न हुने वस्तुको प्रदर्शन र त्यस्तो वातावरण तयार गरेर नारीअस्मितासँग खेलवाड गर्न खोज्छन् ।



जनैपूर्णिमाको भोलिपल्ट गाईजात्रा हो । यस जात्रालाई 'सापारु' भनिए पनि बोलीचालीको भाषामा 'गुन्हिपुन्ही' नै भन्ने गरिएको छ । गुन्हिपुन्ही मूल पर्व भएको र गाईजात्रा पछि विकसित भएको हुँदा गाईजात्रालाई गुन्हिपुन्हीकै अङ्गका रूपमा हाम्रो समाजमा स्वीकार गरिएको छ । नेपाल सम्वत् ७७२ मा ख्वपदेशको राजसिंहासनमा राजा जगतप्रकाश मल्ल विराजमान थिए । यो गाईजात्रा उनैले चलाएका हुन् ।

यस जात्राका बारेमा कहीँ केही लेखिएको नभए पनि भनिन्छ – राजा जगतप्रकाश मल्लकी मन परेकी रानीबाट जन्मिएको एक छोराको बाल्यकालमा नै मृत्यु भयो । आफ्नो सन्तानको मृत्युको दुःख सहन नसकी रानी विक्षिप्तजस्तै भई रुने, कराउने र तड्पेर बस्ने गर्न थालिन् । मन परेकी रानीको त्यो दुःखित अवस्था देखेर राजाले उनको मन बुझाउन नगरभरिका त्यस्ता मृतकको सङ्ख्या रानीको नजरमा पार्ने मनसायले गुरुपुरोहितसँग परामर्श गरी धार्मिक अनुष्ठानका रूपमा त्यसै वर्षदेखि जात्रा सञ्चालन गर्ने योजना बनाए । मान्छेको मृत्यु भएपछि स्वर्ग जान वैतरणी नदी तर्नुपर्छ, त्यस नदीलाई पार गर्न गाईको पुच्छर समाएर मात्र सकिने भएकाले त्यस दिन गाई दान गर्नुपर्ने, त्यसरी गाई दान गर्नुपर्दा नगरपरिक्रमा गराएर मात्र दान गर्नुपर्ने, गाई नै दान गर्न नसकिने भए गाईको प्रतिरूप बनाई नगरपरिक्रमा गराई नदीमा सेलाए पनि गाईदान गरेसरह हुने भन्ने राजाज्ञा जारी गरियो । त्यसैअनुसार नगरवासीले मृतात्माको शान्तिका लागि र मृतक सजिलै स्वर्ग पुगोस् भन्ने हेतुले त्यसै वर्षदेखि भाद्र कृष्ण प्रतिपदाका दिन गाईजात्रा मनाउन सुरु गरेका हुन् ।

कामको व्यस्तताबाट अवकाश मिल्ने समय भएको हुँदा यस जात्राले जनसहभागिता बिस्तारै बढाउँदै लग्यो र यसमा बिस्तारै अन्य मनोरञ्जनका पक्षहरू पनि थपिँदै गए । राजा जयप्रकाश मल्ल कला र साहित्यका पारखी मात्र होइनन्, विलासी पनि थिए । उनका धेरै रानी भएका हुँदा हरेक रानीको चाहनाअनुसार जात्रामा एक-एक गर्दै विषयहरू थप हुँदै जाँदा उनको शासनकालभरि यस जात्राले विकसित हुने मौका पायो । उनले यस जात्रालाई राष्ट्रिय र जातीय जात्राका रूपमा स्थापित गरे ।

छिमेकीको घरमा रातिदेखि नै सबैजसो मान्छे उठिसकेका छन् । घरभरि बत्ती बलेको छ र गाईजात्रा लाने तयारीमा मान्छेहरू जुटेका छन् । घरकी बूढी 'अजिमा' को यही गएको माघ महिनामा मृत्यु भएको थियो । उनको गाई निकाल्नुछ आज । त्यसैले सबै उठेर तरखर गर्दैछन् ।

यो निर्धारित नियमअनुसार एक वर्षभित्रमा मरेका मान्छेको नाउँमा गाईजात्रा निकालिन्छ । गाईजात्रा निकाल्दा गच्छेअनुसार सानो वा ठूलो निकाल्न मिल्ने हाम्रो समाजले नै व्यवस्था गरेको छ । सक्नेले ताहामचा र

बाजागाजाका अतिरिक्त रामायण गाएर अनि कृष्णचरित्र नाटकको मञ्चन गरेर देशको परिक्रमा गर्ने, अलि नसक्नेले ताहामचाका साथ बाजागाजासहित ‘घिन्ताङघिसी’ वा ‘माकप्याखँ’ निकाली निश्चित स्थानमा प्रदर्शन गर्दै परिक्रमा गर्ने र साधारण किसिमबाट गर्न चाहनेले जीवित गाई वा गाईको प्रतीकका रूपमा निर्मित गाईलाई लिएर नगरपरिक्रमा गर्ने गर्दछन् ।

हाम्रो ख्वपदेशको सापारुचाड विशेष रूपमा हर्षोल्लासका साथ मनाइन्छ । यस चाडमा रौनक आउने कारण के हो भने यस चाडमा विभिन्न विषयले बाहुल्य कायम गरेको हुन्छ । पहिलो : यस चाडमा मृतकको सम्झनामा मृतकका परिवारले गाई निकाल्नुपर्ने हुँदा यसले पितृश्राद्धको रूप धारण गरेको देखिन्छ । दोस्रो : खेतीपाती सकेर फुर्सदको समय भएको हुँदा धानरोपाइँमा भएको कष्ट र दुःख निवारण गर्न समूहमा आमोदप्रमोद गरेर जात्रालाई बढीभन्दा बढी मनोरञ्जनमय बनाउने काम हुन्छ । तेस्रो : नागरिक स्वतन्त्रताको सर्वोत्कृष्ट पहिचान कायम गर्न खोजिएको हुन्छ । बहुपक्षीय, बहुजातीय र बहुउद्देश्य बोकेर यो जात्रा आजभन्दा करिब तीन सय पचास वर्षपहिले सुरु भएको हो । एउटी मन परेकी रानीको दुःखित मन बुझाउनका लागि सुरु भएको यो गाईजात्रा अहिले जातीय चाडका रूपमा मनाइन्छ । मलाई लाग्छ, हाम्रो जाति बाँचेसम्म यो जात्रा बाँच्छ ।

नारीहृदयलाई व्यथित गराउने र रोमाञ्चित गराउने जिम्मा पुरुषमा निहित हुन्छ । अझ ती लोग्ने र स्वास्नीमा परिवर्तित भएका छन् भने लोग्नेले त आफ्नी अर्धाङ्गिनीलाई गुलाफको फूलको शैयामा लेटाएर जीवनभर स्वर्गीय आनन्द दिलाउन सक्छ । लोग्नेले स्वास्नीको चाहना र इच्छा बुझेर गरिदिने साना-सानादेखि ठूला-ठूला कामहरू नै स्वास्नीमान्छेका लागि पुरुषको वरदान सावित हुन्छ । पुरुषको शक्ति नै पुरुषार्थ हो भने नारीको भक्ति नै जीवनको स्थायित्व हो । हो, यही शक्ति र भक्तिको संयोग नै सार्थक जीवनको परिणाम हो । सार्थक जीवनको खोजीमा भौँतारिएकी म शक्तिको खोजीमा आफ्नो भक्ति अर्पण गर्दा पनि एक्लिएकी छु । समाजबाट छुट्न लागेकी छु र हट्न खोजेकी छु । संस्कृति-विचलनको आरोपमा म आफ्नै अन्धकारमा रुमल्लिन पुगेकी छु । यस्तै-यस्तै मनको सम्मोहनबाट उम्कँदै र भाग्दै नयाँ गन्तव्य र पहुँचको झिनो आशा लिएर भए पनि जीवनलाई अगाडि बढाइरहेकी छु । हरेक नारीजस्तै म पनि राजा जयप्रकाश मल्लजस्ता पुरुषकी पत्नी हुन चाहन्छु, जसले पत्नीको एउटा सानो मनोदर्द हटाउन स्वर्गबाट नै टिपेर ल्याएको मनै लालायित हुने ज्योतिर्मय पुञ्जका रूपमा संस्कृतिको सौगात हाम्रो समाजलाई दिए । यो एउटा पुरुषार्थी लोग्नेले पुरुषार्थको अभिन्नता आफ्नी प्रियतमालाई दिएको उपहार हो, जुन उपहार आज हाम्रो अभिन्न संस्कृतिमा परिवर्तित भई जमेर बसेको छ । प्रेमको उपहारस्वरूप ताजमहल बनाएर भारतका राजा शाहजहाँले



वस्तु दिए भने नेपालका राजा जयप्रकाश मल्लले निष्ठा दिए । समकालीन ती दुवै पुरुषको पुरुषार्थ मेरा आँखाका ज्योतिमा परिणत भएर रहेका छन् । मेरो खोज जारी छ त्यस्तै पुरुषार्थी पुरुषका लागि । कहिले मेरो नजर सार्थक हुने हो, त्यस्तो पुरुष मेरो आँखामा कहिले पर्ने हो, त्यो आशाको ज्योति कहिले बल्ने हो ? म अनभिज्ञ छु, दृष्टिशून्यमा परिणत भएकी छु ।

सापारु जुन समयमा सुरु भयो, त्यो समय आजको जस्तो मनोरञ्जनमय थिएन । सुरुमा गाई निकाल्ने र घरबाट निकालेको गाई टोलका देवताको प्रदक्षिणा गर्दै नगरको निश्चित क्षेत्र परिक्रमा गरी लायकु पुग्नुपर्ने थियो । त्यो परिक्रमालाई कायम नै राख्तै गाईका अगाडि बाजागाजा र भजनले नगरपरिक्रमाका लागि मार्गनिर्देश गर्न थाल्यो । वर्षाको समय भर्खर समाप्त भएको हुँदा घरमा राम्रो कपडा नहुनु स्वाभाविक थियो । जस्तोसुकै र जेसुकै लुगा लगाएर भए पनि जात्रामा सामेल हुने राजाज्ञा भएपछि त्यस्ता व्यक्तिहरू मुख छोपी जात्रामा आउन थाले । त्यही नै जात्राको अर्को रौनक सावित भयो । व्यङ्ग्य र ठट्टा मानवीय प्रकृतिमा सँगसँगै रहने हुँदा त्यस्ता मुख छोपेर आउने व्यक्ति वा समूहले सामाजिक अमिल्दा व्यवहारप्रति व्यङ्ग्य गर्न सुरु गरे । त्यसै गरी टोलमा निस्कने गाईको प्रदर्शनलाई रौनकता प्रदान गर्न र राजनजरमा पर्न टोलभरिका युवकहरू आ-आफ्नो घरमा भएको ‘लुसी’ लट्ठी र औजारहरू हात-हातमा लिएर निस्किए । ती हातमा भएका वस्तुलाई आपसमा संयोग गराउने कार्य बाजाको तालमा निश्चय गर्दा ‘घिन्ताङघिसी’ को सुरुवात भयो । त्यसै गरी विज्ञहरूले बाँदरनाच, देवीनाच, कवाँनाच र लुसीनाच आदि तयार गर्दै वर्षेनी नयाँ-नयाँ रमिताको एकाइ थप गर्दै गए । तीमध्ये जसलाई समाजले सजिलै ग्रहण गर्न सक्यो त्यो बाँच्यो र जसलाई समाजले पचाउन सकेन त्यो दुई वा तीन वर्षमा नै समाप्त भयो । आजको ‘सापारु’ लाई एक दिनमा मात्र सीमित नराखी आठ दिनसम्म चलाउने कार्य भने राजा भूपतीन्द्र मल्लका पालादेखि सुरु भएको हो । गाई निकाल्ने र नगरपरिक्रमा गराउने काम प्रतिपदाको दिन मात्र भए पनि यो गाईजात्रापर्व कृष्णाष्टमीसम्म चलिरहेको छ ।

राजा भूपतीन्द्र मल्लले यस जात्रालाई महत्त्व दिएर आठ दिनसम्म चलाउने व्यवस्था गर्नुको मूल उद्देश्य हो राज्यप्रशासनले वा कुनै सामन्तहरूले नराम्रो काम गरी जनता, समाज र राज्यलाई धोका दिइरहेका छन् भने ती मुख छोपेर निस्कने ठट्यौला मान्छेहरूले व्यङ्ग्यबोली वा व्यङ्ग्यगायनबाट यथार्थको जानकारी दिएर लुकेर बसेका विषय वा वस्तुको पर्दाफास गर्न यथेष्ट समय मिलोस् । उनलाई यो व्यङ्ग्य गर्ने कार्यक्रमले सहयोग पुऱ्याएको हुँदा यसलाई निरन्तरता दिइयो र राज्यव्यवस्थामा संलग्न मान्छेहरूको नियतलाई केही हदसम्म भए पनि नियन्त्रण गर्न सक्ने स्थिति देखियो । त्यसैले यस जात्रामा व्यङ्ग्य गर्ने विधिलाई स्वीकृति दिएर जात्रालाई अझ भव्यता प्रदान

गरियो । यो गाईजात्रा सुरु भएको पचास वर्षको अवधिमा यसले आजको स्वरूप लिएको हो भन्ने मैले अनुमान गरेकी छु ।

जितामित्र मल्लको शासन ने० सं० ७९३ मा सुरु भए पनि ने० सं० ८१६ देखि कान्छी रानीको हालहुकुम चल्न थालेको थियो । जितामित्र मल्ल शान्त स्वभावका, अध्ययनशील र विद्वान् भएकाले राजकाजमा रानीले रेखदेख गरेकोमा उनलाई त्यति आपत्ति थिएन । रानीको सम्बन्ध दरबारका काजी भाजुकससँग विकसित भएको कुरो कसैलाई जानकारी भएन । यसैबीच राजकुमार भूपतीन्द्रलाई राजकाजबाट हटाउने विचारले रानीले निर्वासनमा पठाइन् । राजकुमारको निर्वासनकै अवस्थामा राजा जितामित्र मल्लको देहावसान भएकाले कान्छी रानी गद्दीमा बसी काजी भाजुकसद्वारा प्रत्यक्षतः राज्यसञ्चालन गरिन् । यो कुरो जनताले पचाउन सकेनन् । गाईजात्रामा निस्कने 'ख्याल' का माध्यमद्वारा रानीको र भाजुकसको सम्बन्ध सार्वजनिक हुन थालेपछि राजकुमार भूपतीन्द्र मल्लको चाहना र आवश्यकता जनतामा बढ्दै आयो । परिणामस्वरूप निर्वासनबाट फर्किएर सम्वत् ८१७ मा भूपतीन्द्र मल्लले आफ्नो अधिकार प्राप्त गरे । त्यस बखत पत्रपत्रिका थिएन । जनतालाई वास्तविकताको सूचना दिने आजको जस्तो विद्युतीय माध्यम हुने कुरै भएन । गाईजात्राको व्यवस्था नभएको भए 'ख्याल' निस्कँदैनथ्यो र 'ख्याल' का माध्यमले जनता सूचित नभएका भए जनसहभागिता जुट्न सक्तैनथ्यो । यस सत्यलाई राजा भूपतीन्द्र मल्लले राम्ररी बुझेका थिए । त्यसैले यस जात्रालाई उनले राजकीय मान्यता दिएकै कारण आजसम्म नेवारसमुदायमा 'गाईजात्रा' बाँच्न सकेको छ ।

यतिखेर लायकूको केन्द्रमा उभिएर म लायकूको निरीक्षण गरिरहेकी छु । म उभिएको इशानकोणमा विशाल ढुङ्गाको खम्बामा फक्रिएको कमलमाथि वज्रासन मुद्रामा बसी राजकीय पहिरनमा तलेजुतर्फ हात जोरेर बसेको यस ख्वपका पूर्वराजा भूपतीन्द्र मल्लको सालिक म टड्कारो देखिरहेकी छु । सालिकको कम्मरभागमा ढाल-तरबार सजिएको छ भने कम्मरमा बाँधिएको पटुकीमा आवश्यक हतियार र कलाकारका औजारहरू घुसारिएका छन् । राजकीय पगरीमा सुसज्जित गराइएको सालिकलाई गजुर आकारको छाताको छत्रछायामा राखिएको छ । पूरै सालिक सुनको चहकले टल्किएको छ । यो सालिक तीन सय वर्षपूर्व होइन, भर्खर कलाकारले बनाई टल्काएर राखेजस्तो देखिन्छ । यस सालिकको निर्माणका लागि दूरदर्शी भूपतीन्द्र मल्लले आफ्नै जीवनकालमा परिकल्पना गरेका हुन् कि भन्ने मलाई लागेको छ ।

इतिहासको पृष्ठले दिएको जानकारीअनुसार सम्वत् ८४२ मा भूपतीन्द्र मल्लको निधन भएपश्चात् उनकी आमा रानी लालमतीदेवीले पुत्रको गौरवपूर्ण इतिहास कायम रहन सकोस् भन्ने उद्देश्यका साथ यो सालिक स्थापना गरेकी



हुन् । छोटो अवधि मात्र राजकाज गर्न पाएका राजा भूपतीन्द्र मल्ल दक्ष कलाकार, तन्त्रका ज्ञाता र भविष्यद्रष्टा थिए भन्ने कुरा उनले निर्माण गरेका र स्थापना गरेका मठमन्दिर, देवालय-शिवालय, घर-दरबार र अन्य वस्तुहरूबाट प्रमाणित भएको देखिन्छ । आजको यो नगर हिजोको राजा भूपतीन्द्र मल्लको परिकल्पनाको उपज हो, यस ख्वपमा बसोबास गर्ने जनजातिलाई दिएको अनुपम उपहार हो ।

राजा भूपतीन्द्र मल्लले यस सालिकका पछाडि एक कथन पनि छोडेका छन् । त्यो हो – उनले जोडेको हात कालान्तरमा बिस्तारै फुक्तै आउँछ, त्यसरी फुकेको हातमा कुनै चरो आएर गुँड लगाउँछ र त्यस गुँडमा जब चराले बच्चा पैदा गर्छ त्यसपछि यस ख्वपदेशमा बस्न र टिक्न नसकी तिब्बतस्थित 'टिङ्ग्रीमैदान' मा गई यहाँका जनताले बसोबास गर्नुपर्छ ।

'टिङ्ग्री' तिब्बतको एक सुख्खा, उजाड तथा शीतमरुभूमि हो, जहाँ उव्जाउ कम हुन्छ र हावाहुरीका साथै शीतवर्षाले खेती नष्ट गर्छ । त्यस मरुस्थलमा बसोबास गर्नु भनेको दुःखको भुमरीमा फस्नु हो । यसबाट के स्पष्ट हुन्छ भने राजा भूपतीन्द्र मल्लले टिङ्ग्रीको यात्रा गरेका रहेछन् र उनी ख्वपदेशका जनतालाई दुःख दिन चाहँदैनथे ।

गाईलाई चाँदीको खुर र सुनको सिङ लगाएर, पहेंलो कपडाले पूरै आङ छोपिदिएर, माला लगाएको एक समूहले घेरेर ल्याएको मैले देखिरहेकी छु । मान्छेहरू डोकोमा कपडाले बेरेर, परालबाट गाईको जस्तो सिङ बनाई गाईकै अनुहारको छाप लागेको कागज मुकुन्डोका रूपमा सजाएर बोक्तै हिँडेका छन् । त्यससँगसँगै थरीथरीका सुगन्धित धूप बालेर अर्को समूह पछिपछि लागेको छ । यी समूह-समूहका लस्कर पश्चिमतर्फबाट लायकूमा प्रवेश गरी तलेजुको ढोका हुँदै पूर्वतर्फ गइरहेका छन् । त्यस्तै, बाजागाजाका साथ बीचमा बालिकालाई अनेक गहना लगाइदिएर, तासको जामा र चोलीले सजाइदिएर, टाउकोमाथि गाईको चित्र टाँसेर, गाई बनाएर हिँडाइएको छ । ती गाईरूपी बालिकालाई गर्मी नहोस् भनी दायाँ-बायाँ दुवैतर्फ उभिई पङ्खा हम्किने मान्छेले पङ्खा हम्किरहेका छन् भने ठूलो झल्लरी छाता पनि ओढाइएको छ । ती गाईरूपी बालिकाको जामा-पहिरन अड्याउने पटुकीको दुवै फेर दायाँ र बायाँ दुवैतर्फ सडकमा लत्रन पुगेका छन् गाईका चार खुट्टाको प्रतीकस्वरूप । अथवा मानौँ उनी शाही ठाँटले कुनै बैठकमा हिँडिरहेकी छन् । यस्ता विभिन्न झाँकी पृथक्-पृथक् रूपमा आइरहेका छन् ।

म देख्तैछु अगाडि बाजा र 'कवाँ' नाच छ । बाजाका तालमा दुइटा ससाना केटाहरू कवाँनाच नाच्न व्यस्त छन् । कम्मर मर्काउँदै, कुम र टाउको लच्काउँदै नाच्तै हिँडेका ती जोडीका पछाडि खटमा नन्दीको मूर्ति बोकेर एक

समूह आइपुगेको छ । त्यसभन्दा पछाडि 'घिन्ताङघिसी' को समूह देखिएको छ । हेर्दाहेर्दै त्यो समूह मेरो नजिक आइसकेको छ ।

*घिनिक ताङ घिनिक ताङ घिन्ताङघिसी ताङ* – यो मृदङ्गको आवाज-बोलबाट नै 'घिन्ताङघिसी' जात्राको नाउँ रहन गएको हो । हो, यही मृदङ्गको आवाजले चोक गुञ्जायमान भइरहेछ । एक-एक जोडीका दरले विभिन्न वेशभूषा र कृत्रिम अनुहारमा क्रमबद्ध भएर बाजाका तालमा खुट्टाको चाललाई मिलाउँदै र आ-आफूले बोकेको लौरो सङ्गीतको तालमा 'ट्वाक्क ट्वाक्क' जुधाउँदै अगाडि बढी मेरा सामु आइपुगेका छन् । पङ्क्तिबद्ध भई जुटेका हरेक एक जोडीको रूप र प्रकृति मिले पनि अर्का जोडी अर्कै रूप र प्रकृतिका देखिएका छन् । बीसौं जोडी एक-अर्कासँग मिल्दैनन् । पुरुष-पुरुष, महिला-महिला र पुरुष-महिलाको जोडीको क्रम देखिन्छ । तर महिला र पुरुष भए पनि ती दुवै पुरुषपात्र हुन्, किनभने 'घिन्ताङघिसी' मा महिलाले 'ख्याल' भएर निस्कनु हुँदैन भन्ने प्रचलन छ । हाल फाट्टफुट्ट विदेशी व्यक्तिहरू पनि र महिलाहरू पनि यस्तो प्रदर्शनमा भाग लिन्छन्, तर यो हाम्रो परम्परागत रूपमा चलेको चलन होइन । बस्, रमाइलो गर्न आकस्मिक रूपमा निस्किएका हुन् भन्ने मैले अनुमान गरेकी छु । तर यस समूहमा पूर्ण रूपमा पुरुषहरूले नै भाग लिएको देखिरहेकी छु ।

यस 'घिन्ताङघिसी' को समूहपछाडि 'तहामचा' छ । यो 'तहामचा' हेर्दा मृत महिलाको सम्झनामा निस्किएको रहेछ भन्ने बुझिन्छ । जुन लिङ्गको मानिसको सम्झनामा गाई निकालिन्छ, त्यस्तै पहिरनले सजाएर निकालिन्छ । हाकुपटासीले 'तहामचा' लाई सजाइएको हुँदा महिलाको हो भन्ने सोझै अनुमान गर्न सकिन्छ । पुरुषको भए सेतो कपडाको बढी प्रयोग हुन्छ । जीवित अवस्थामा त्यस मान्छेले जुन र जस्तो किसिमको कपडा लगाउने गर्थ्यो, यस दिन पनि लगभग त्यस्तै कपडाले सजाएर 'तहामचा' निकालिन्छ । लगत्तै अर्को समूह पनि मेरा अगाडि आइसकेको छ । यस समूहमा 'घिन्ताङघिसी' को खेल्ने जोडीको लामो लस्कर छ । यसमा विशेष झाँकीलाई प्रदर्शन गरिएको छ । ज्यापूसंस्कृतिका केही उल्लेखनीय कार्यहरू यसमा प्रदर्शन गरिएका छन् । खेतमा कोदाली चलाउने पुरुष र माटोको डल्ला फोर्ने महिला, धानको बीउ समाउन दिने पुरुष र धान रोप्ने महिला, करुवाबाट जाँड बटुकोमा हाल्ने, कन्तीबाट रक्सी खोलामा हाल्ने तथा महिलाले ढोग्ने र पुरुषले आशीर्वाद दिनेजस्ता धेरै घरायसी व्यवहार र संस्कृति झल्कने झाँकी देख्न पाइएको छ । यसमा केही पुरुष र महिलाका बीच एकान्तमा मात्र सम्पन्न हुनुपर्ने प्राकृतिक कार्यलाई पनि व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यस दृश्यले दर्शकलाई राम्ररी खिचेको म देखिरहेकी छु । त्यस्ता जोडीहरूको लामो लहरपछाडि



पाँचवटा 'तहामचा' छन् अर्थात् टोलका सबैजना सामूहिक रूपमा यसमा सम्मिलित भएका रहेछन् ।

*चकना !* – पछाडिबाट आवाज आयो । फर्केर हेर्छु त महेश जोशी रहेछन् । मैले *के हालचाल छ महेश ?* भनेर सोध्नुभन्दा अगाडि नै उनी मेरो नजिकै आएर सोधे – *किन एक्लै बसेकी ?*

म यत्रो मानव-समूहबीच उभिएर रमाइलो बाँडिरहेकी छु, चोकभरि मान्छे नै मान्छे छन् तर महेशले मलाई 'एक्लै' देखे । म उनलाई कुनै जवाफ दिन सक्तिनँ, किनभने म एक्ली छैन यहाँ । फेरि यही कुरालाई स्पष्ट पार्दै जवाफ दिऊँ भने उनले अर्कै सोच्न सक्छन् । उनको कुरामा सहमति वा असहमति नजनाई मैले उनलाई नै प्रतिप्रश्न गरेँ – *तिमी कति बेलादेखि यो चलायमान कार्यक्रम हेरिरहेका छौ ?*

*भर्खर नै आएको हुँ । मेरो घर बाटोबाट भित्र पर्छ, त्यसैले कार्यक्रम हेर्न टौमढी या यहाँ, दुईमध्ये एक ठाउँबाट हेर्नुपर्ने भएकाले आएको हुँ ।* – उनले सहज उत्तर दिए ।

उनले कतै अग्लो ठाउँबाट उभिएर हेर्ने विचार व्यक्त गरे । चारैतर्फ नजर घुमाएँ । लोहँदेग पूरै भरिएको छ । सत्तल र मन्दिरका पेटी तथा डबलीहरू पनि वृद्धवृद्धा र केटाकेटीले भरिएका छन् । बरू आफैँ उभिएको स्थान चोकको केन्द्र भएको हुँदा घुइँचो छैन । समूह-समूह भई चलायमान कार्यक्रम आउँदा गर्धन र खुट्टालाई अलिकति उचाले मात्र पनि देख्न सकिन्छ । त्यसैले मैले उनलाई भनेँ – *हेर न, कति भीड छ त्यतातिर ! यो कार्यक्रम नगरभरिको परिक्रमा-कार्यक्रम भएको हुँदा जहाँबाट हेर्दा पनि भइहाल्छ । ढुक्कै लामो समयसम्म बसेर हेर्ने हो भने यो लायकूजस्तै तचपालटोल र टौमढीटोल पनि त उपयुक्त स्थल हुन् नि ! होइन ?*

*ठीकै छ ! यहाँबाट पनि त देखिएकै छ !* – उनले मेरो आसयमा आफ्नो सहमति जनाउँदै भने – *अझ बिस्तारै हिँड्दै पनि त हेर्न सकिन्छ !*

*हो, हेर्दै हिँड्दा पनि हुन्छ । मलाई करिब चार बजे लाकुलाछेँ पुग्नुछ । हामी विपरीत दिशाबाट गयौँ भने खौमा, इटाछेँ हुँदै टेखाचो झर्नुपर्छ । वंश र नासमना हुँदै लाकुलाछेँ पुग्दा त धेरै समय लाग्छ ।*

*किन तिमीले लाकुलाछेँ पुग्न खोजेकी ?* – उनी सोध्न चुक्तैनन् । किनभने लाकुलाछेँजस्ता भित्री टोलका सबैजसो बसोबासीहरू मूल परिक्रमामार्गमा निस्किएका हुन्छन् आज जात्रा हेर्नका लागि ।

मैले उनलाई नढाँटी उत्तर दिएँ – *त्यहाँ शिवजुजुले बोलाएका छन् । त्यहाँ भैरव र नक्कीको तहामचा बनाइन्छ । त्यो हेर्ने विचारले हो ।*

*शिवजुजु भर्खर यहीँ थियो मसँग । ठिमीसम्म जाने काम छ भनेर भर्खर ऊ मबाट छुट्टिएर खौमातर्फ लाग्यो । अब ऊ साँझसम्ममा मात्र आइपुग्छ होला ।* –

उनले शिवजुजुसँग भएको कुराकानी तथा छुट्टिएको सहज विवरण दिए र घडी हेर्दै भने – *अब चार बज्न आधा घन्टा मात्र बाँकी छ । ऊ आइपुग्न सक्तैन ।*

मैले मनमनै विचार गरेँ – शिवजुजु यिनलाई झुक्याएर एक्लै लाकुलाछेँ आउने विचारले छुट्टिएका होलान् । यी दुई मिल्ने साथी त हुन्, तर मेरो सहभागितामा भने यिनीहरू अलग हुन चाहन्छन् । जब म यिनीहरूका साथमा हुन्छु, यिनका अगाडि शिवजुजु पूर्ण औपचारिक भइदिन्छन् भने यिनी पनि त्यस्तै भइदिन्छन् । सायद यिनीहरूका बीचमा केही विशेष कुरा भएको होला मेरा बारेमा । महेशले मसँग नजिकिन चाहेको वर्षौं भइसक्यो, यो मैले बुझेकी छु । मैले अलिकति पनि कुनै आसयको सङ्केत मात्र गरेँ भने यिनी मलाई छोड्दैनन् । त्यसैले पनि म यिनीसँग पूर्ण औपचारिक व्यवहार निर्वाह गरिरहेकी छु । यिनले धेरैपटक मेरो हात समाएर भावुक आँखाले मलाई लट्याउन खोजे, साँझ-सबेर एक्लै भएको समयमा यिनले मेरो कुमसम्म हात ल्याएर हल्का तरिकाले आफूतर्फ खिच्न खोजेका छन् र पटकपटक अस्पष्ट प्रस्ताव राख्न पनि चुकेका छैनन् । शिवजुजुको घरका यावत कुराहरूका स्रोत भएर शिवजुजु र मबीचको सम्बन्ध बिगार्न नखोजेका पनि होइनन् यिनले । तर मैले यिनीसँग मित्रवत व्यवहार कुन कारणले गरेकी हुँ भने एक त मलाई शिवजुजुको दैनिकी जान्नुछ, र अर्को, यिनी धेरै कुराको जानकारी राख्ने व्यक्ति भएकाले यिनलाई मैले छोडिहाल्ने विचार गरेकी छैन । मैले राम्ररी बुझेकी छु – यिनी वासनामयी झिनो आशा राखेर मेरा वरपर घुमिरहेका छन् र मेरो सान्निध्यमा रमाइरहेका छन् ।

लाकुलाछेँ जाने निर्णय गरी हामी दुवै टौमढीतर्फ लाग्यौँ । बाटामा आवतजावत गर्ने मान्छेको चाप बढी भए पनि बाजागाजाको आवाज कम थियो । केही क्षणमै हामी टौमढी पुग्यौँ । फेरि बाजागाजाको ध्वनिले हामीलाई लठ्याइहाल्यो । हामी कुरा गर्ने अवस्थामा छैनौँ । 'घिन्ताङघिसी' को लस्कर माथि क्वाछेँतर्फबाट आएको आयै छ । **घिनिक ताङ, घिनिङ ताङ** को गगनभेदी आवाजले सबैलाई मन्त्रमुग्ध गराएको छ ।

गाहिटीबाट जब हामी लाकुलाछेँतिर लाग्यौँ, गल्लीको मुखैमा शिवजुजु देखिए । मैले औँल्याउँदै महेशलाई भनेँ – *देख्यौ शिवजुजुलाई ?*

दुवैले मुखामुख गरे । शिवजुजु दोषी भावले आँखा अन्यत्र मोड्ने कोसिस गर्दै थिए । त्यसैबीच महेशले आश्चर्यको सङ्केतमा सोधिहाले – *तिमी यहाँ ?*

शिवजुजुले परिवर्तित अनुहारलाई सम्हाल्न खोज्दै बनावटी बोली बोलिहाले – *अँ, तिमीसँग लायकूबाट छुट्टिएर गएँ । इताछेँ पुगेपछि भ्वाट्ट सम्झेँ चकनालाई भेट्ने कार्यक्रम । त्यसपछि ठिमी जाने कार्यक्रम रद्द गरी यहाँ आएँ ।*

यति भन्दाभन्दै उनको अनुहारमा सहजता झल्कन थाल्यो र उनले नै महेशलाई प्रतिप्रश्न गरे – *तिमीले चकनालाई कहाँ भेट्यौ ?*



दुवैले दुवैका कुरा बुझे । लायकूमा भेट भएको र लाकुलाछेँमा आउने कुरा स्पष्ट भयो । हामी भैरव र भद्रकालीको 'तहामचा' बनाइरहेका स्थानमा पुग्यौँ । सानो बाटो, त्यसै बाटोमा 'तहामचा' बन्ने र बनाउने काम जारी छ । भीड ज्यादै भएकाले अडिएर हेर्ने वा उभिएर कुरा गर्ने स्थिति नै छैन । अरू धेरै 'तहामचा' हरू बनेर आएका छन् र तिनलाई पनि बाटो नै ढाक्ने गरी उभ्याएर राखिदिएका छन् । यी सबै भैरवको 'तहामचा' का पछाडि लाम लागेर निस्कनका लागि प्रतीक्षारत छन् । हामीले निर्णय गर्‍यौँ यसलाई हामी टौमढीमै बसेर हेर्ने ।

भैरवको भनिएको 'तहामचा' को बनोट एउटै भए पनि अरूभन्दा फरक देखाउनका लागि अरूभन्दा अग्लो, केही ठूलो आयतनको र कपडाको प्रयोगको सट्टा परालको प्रयोग गरेर बनाइएको छ । पराल तहतह पारी तलदेखि माथिसम्म नै मिलाएर बाँधिएकाले हेर्दा अरूभन्दा पृथक् र सुहाउँदा देखिएको छ ।

लाकुलाछेँमा यस्तो भीडमभीड समयमा म पहिले आएकी थिइनँ । यो टोल सानो भएर पनि ख्वपदेशको सांस्कृतिक विकासका दृष्टिले यो महत्त्वपूर्ण टोल हो । यहाँ टौमढीटोलको भैरवनाथको आगमघर छ । बिस्केटजात्रामा देवता तल आउँदा वा माथि जाँदाका बीचको समयावधि चार दिनसम्म भैरवनाथ राखिने 'चपले' यहीँ छ । इन्द्रजात्रामा यहीँ 'पुलुकिसीँ' बनाइन्छ र यहीँबाट जात्रा सुरु हुन्छ ।

हामी बिस्तारै हेर्दै र बुझ्दै तालुकोटोल निस्कन्छौँ । फेरि **घिनिक ताङ घिनिक ताङ** को आवाजले हामीलाई लपेटिदिन्छ । हामी अलमलिन्छौँ गन्तव्य भुलेर । त्यही समयमा म प्रस्ताव गर्छु दुवै मित्रलाई 'तालो दम्फो उक्लौँ' भनेर । बोलाछेँ र तालुकोका बीचमा रहेको यो ढिस्कोका नजिकमा पुगेका छौँ यतिखेर हामी । मलाई त्यस स्थलका बारेमा केही जानकारी लिने इच्छा जागरण भएर आउँछ ।

तालो दम्फोमा पुग्नका लागि चारै कोणमा बाटोको व्यवस्था छ । हामी यतिखेर आग्नेयकोणको बाटोबाट तालो दम्फो उक्लन्छौँ । यहाँ गणेश, भैरव र गोरखनाथको पाउ र सानो 'चिवा' पनि छ । गोरखनाथ र भैरव पूर्वाभिमुख छन् भने गणेश दक्षिणतर्फ फर्किएका छन् र चिवा भैरवको उत्तरतर्फ रहेको छ ।

मेरो जिज्ञासाको उत्तरमा शिवजुजु भन्छन् – ***यी गोरखनाथ र भैरव दुवै कुसुलेहरूले मान्ने देवता हुन् । कुसुलेहरू शैवमतका भएका हुँदा उनीहरूले गोरखनाथलाई मान्दै आएका छन् । भैरवलाई सुँगुरको बलि दिँदा यी गोरखनाथलाई छोपेर मात्र बलि चढाउँछन्, ताकि त्यसमा रगत नपरोस् । यसरी बलि चढाउँदा सुँगुरलाई करौँतीजस्तो हतियारले गर्दनको माथिल्लो भागबाट रेटेर बध गर्छन् । यस्तो किसिमबाट अन्य देवतामा बलि दिने चलन छैन ।***

महेशतर्फ फर्कदै उनी भन्छन् – *यहाँ गणेशमा पनि ज्यापू र कुमालेहरूले राँगा र बोकाको बलि दिन्छन् ।*

आफ्नो भनाइ नसकिँदै एउटा सानो पोखरीजस्तो करिब चार फिटजति चौडाइ र आठ फिटजति लम्बाइ भएको खाल्डोलाई औँल्याउँदै उनी भन्छन् – *यो वर्षामापनयन्त्र हो । प्राचीनकालमा तयार भएको यो यन्त्र आज पनि काम दिइरहेको छ । यस खाल्डोमा पानी हेरेर खेतमा कति पानी जमेको छ भनेर जानिन्छ । त्यो जान्नका लागि किसानहरू यस खाल्डोमा अहिले पनि आएर हेर्ने गर्छन् र त्यसैअनुरूप तयार गरी खेततर्फ लाग्छन् ।*

सुनेर मलाई कुनै आश्चर्य लागेको छैन । प्राचीनकाल, उत्तरप्राचीनकाल र मध्यकालमा नै यस ख्वपदेशमा साहित्य, कला, ज्ञान-विज्ञान, संस्कृति र सभ्यताको विकास भएको थियो, जो मेरो अध्ययनको विषय नै हो । तापनि मलाई नौलो विषयले चाँडो खिच्छ । मैले त्यस खाल्डोलाई राम्ररी नियालेँ । दक्षिणी कुनातर्फ एउटा ढुङ्गो गाडिएको स्थितिमा त्यस खाल्डोमा देखेँ । नापको स्केलका लागि त्यो राखिएको हुन सक्छ । तर लिङ्ग आकारको र गाडिएको त्यस ढुङ्गामा पूजा गरेको पनि देखिन्छ । सायद शिवलिङ्गका रूपमा पुजेको पनि हुन सक्छ ।

हामी इशानकोणको बाटो हुँदै बोलाछेँटोलतर्फ झर्छौं । सबैको मतका आधारमा टौमढी पुग्ने निर्णयअनुसार टौमढीतर्फ लाग्छौं । बाटोमा उही **घिनिक ताङ घिनिक ताङ** को आवाजको तालमा झुल्दै र हेर्दै हामी हिँडिरहेका छौं ।

भोलिदेखि नगरभरि 'ख्याल' निस्कन्छ । ख्यालले तात्कालिक समाजमा घटेको घटना र भएको न्याय-अन्यायको खुलेर व्याख्या गर्छ । वास्तवमा हरेक शासनारूढहरूले बितेको वर्षमा कति राम्रो वा कति नराम्रो गरे भन्नेबारेमा स्वतन्त्रतापूर्वक अभिव्यक्ति दिन्छन् ती ख्यालहरूले । यस्तो ख्यालप्रदर्शनलाई हरेक शासक, प्रशासक र समाजका जिम्मेवार व्यक्तिहरूले हेर्नु, सुन्नु र बुझ्नुपर्छ । यही सन्दर्भमा राजा भूपतीन्द्र मल्लले गरेको कामको बखान गर्दै गीतको रचना भएको थियो, त्यो गीत आजसम्म पनि 'लुसी प्याखँ' मा गाइने गरिन्छ । त्यसको केही पाठ महेश यसरी सुनाउँछन् –

*लोहँ खम्बाय् थाङतम्हा भूपतीन्द्र जुजु न्हाँ*
*नेखे नेगः लोहँ खम्बाय् तगो गाँ नँ खालन्हाँ*
*थाय् थासे विलँ पुनँ अति शोभा जुल न्हाँ*
*फलँ ङाता पोलँ ङाता ङाता पोलँया देगः न्हाँ*
*ङाता पोलँया फल नापाँ छेँया सम्य जुल न्हाँ*
*देके तले फले च्वँम्हा भयँकर जुल न्हाँ*

'लुसी प्याखँ' मा मान्छेहरू नचिन्ने किसिमबाट मुखमा कपडाको मुखुन्डो बाँधी हातमा 'लुसी' लिएर ६ देखि ९ जनाको समूहमा विभाजित हुन्छन् । तिनीहरू नृत्य गर्दै, गोलाकार हुँदै कम्मरलाई लचिलो बनाएर कहिले निहुरिई र



कहिले शिर ठाडो गरी घुमीघुमी गीत गाउँदै पुराना कथाको वर्णन गर्छन् र वर्तमानमा भएको कुनै राम्रो वा नराम्रो घटना गीतका माध्यमद्वारा जनसमूहलाई सुनाउने गर्छन् । यो 'लुसी प्याखँ' ले बाल, युवा र वृद्ध सबैका लागि मनोरञ्जन प्रदान गर्छ । भोलिदेखि केही दिन ख्याल हेर्नुपर्छ भन्नेमा हामी सहमत हुन्छौं । ख्यालको प्रदर्शन गर्ने मूल-मूल ठाउँहरू सूर्जेमाह्री, तचपाल, गोलमाह्री, सुकुलढोका, तमाह्री, नासमना, वंश, तेखाचो र लायकू । तीमध्ये एक स्थानमा भोलि अपराह्न जाने निर्णय गर्छौं ।

हामी तमाह्रीचोकमा पुग्छौं । मान्छे नै मान्छे भएर चोकमा पाइलो राख्ने ठाउँ छैन । देवल, सत्तल, घरहरूका पेटीदेखि कौसी र छानासम्म मान्छे फैलिएका छन् । हेर्दै र खोज्दै जाँदा चोकको वायव्यकोणमा पुग्छौं । 'चण्डिका' को पछाडि एउटा पेटीमा हामी तीनजना मुस्किलैले उभिन पुग्छौं । माथि क्वाच्छेँबाट 'तहामचा' आएको आयै छ । यसैबीच तल लाकुलाछेँबाट भैरवको 'तहामचा' टौमढीचोक प्रवेश गर्न थालेको छ । यो भैरव 'तहामचा' चोकमा प्रवेश गरेपछि माथिबाट झर्ने अरू 'तहामचा' हरू रोकिए । यतिखेर टौमढीचोकलाई लाकुलाछेँबाट आएको लस्कर 'तहामचा' ले घेराबन्दी गर्न खोजेको छ ।

मेरो जिज्ञासा मैले दुवैका सामु राखेँ र सोधेँ – *भन, 'तहामचा' मृत महिला वा पुरुषका नाउँमा निकालिन्छ । तर भैरव र भद्रकाली मृतदेवता होइनन् । तिनीहरूका नाउँमा किन 'तहामचा' निकालियो ?*

दुवै मित्रले मुखामुख गरे । जवाफ सजिलो थिएन । किनभने भैरव र नकीँ भनेर 'तहामचा' को नामकरण गरिएको छ । दुवै मृतात्माका प्रतीक होइनन् । आजको जात्रा मृतात्माको सम्झनामा गरिने कार्यक्रम हो । शिवजुजु विस्तारै भन्न सुरु गर्छन् – *हेर, यो नितान्त मेरो विचार हो । यसलाई तिमीहरूले मान्नुपर्छ भन्ने छैन । भैरव र भद्रकाली शैवमतका शिवशक्तिरूप हुन् । यसलाई पृथक् गरेर वा पृथक् नगरीकन नै जान्न र बुझ्न सकिन्छ । देवताको मृतात्मा होइन यो । ङातापोल, भैरवनाथमन्दिर र भैलखःको निर्माण गरिसकेपछि यो 'सापारु' चाडलाई पनि भव्यता दिन यो विशेष कार्यक्रमको तर्जुमा गरेको अनुमान गर्न सकिन्छ । मृतकका परिवारमा गाई निकाल्न नसक्ने अवस्था पनि हुन सक्छन् । त्यस्ता ज्ञात-अज्ञात मृतकको सम्झनास्वरूप पुरुष र महिलाको दुई छुट्टाछुट्टै यो 'तहामचा' राज्यका तर्फबाट निकालिएको हो भन्ने मलाई लाग्छ । सजिलो किसिमबाट जनमस्तिष्कमा छाप पार्नका लागि भैरव र भद्रकालीको भनिएको हो । यो 'तहामचा' निकाल्न गुठी राखिएको हुँदा आजसम्म निर्विघ्न रूपमा यो चलन चल्दै आएको हो ।*

यो तर्क मलाई बेठीक लागेन । त्यसैले म सुन्दै र तर्कको अर्थ गर्दै गएँ । महेशले पनि केही बोलेनन् । यतिखेरसम्म भैरवका पछाडि चौबीसवटा 'तहामचा' रहेछन् । पछाडिबाट भद्रकालीका जम्मा छब्बीस 'तहामचा'

पङ्क्तिबद्ध भई भैरवनाथको मन्दिरअगाडि आए र भैरवको पहिलो 'तहामचा' वृत्ताकार बनाएर मोडियो । पछिका 'तहामचा' पनि त्यसैका पछिपछि लागेपछि हेर्दाहेर्दै छब्बीस 'तहामचा' को एउटा वृत्त रचना भयो । सबै 'तहामचा' तयार भएको वृत्तमार्गमा घुम्न थाले, मानौँ यो चलायमान शून्यले विश्वब्रह्माण्डको शून्यताको बोध गराइरहेको छ । पृथ्वी, ग्रह र सूर्यको आकार र स्वरूपको पहिचान दिइरहेको छ । नौबाजादेखि अनेक बाजाको ध्वनि गुन्जिरहेको यस घडीमा यी 'तहामचा' को चलायमान वृत्तले सबैको ध्यान केन्द्रित गरेको छ । गोलाकार आफ्नो कक्षमा घुम्न सुरु गरेको छ पृथ्वीले सूर्यको परिक्रमा गरेजस्तै ।

हामी उभिएकै छेउमा बायाँतर्फ जोरगणेश छ । मेरा दाहिनेतर्फ महेश छन् र बायाँतर्फ शिव उभिएका छन् । मैले केही विचार गरेँ । त्यसपछि ती दुईका बीचबाट आफूलाई हटाएर एक जोडी बनाइदिने मनसायले म एक पाइला पछाडि हटिदिएँ र दुवै मित्रलाई एकाकार भएको देख्ने प्रयत्न गरेँ । 'तहामचा' को चलायमान वृत्त आकारको केन्द्रमा आफूलाई पुऱ्याउने प्रयत्न गर्दागर्दै म आफैँभित्र बिस्तार हराउन पुगेँ । बाल्यकालमा आफैँले गाएको एउटा बालगीत सम्झिएँ –

*तहामचा गना तय, ग्वाखुँ प्वाले तय*
*ग्वाखुँ प्वाले मनध्यसा खुसीं च्विक छोय !*

यस गीतलाई यहीँ बजेका 'सहनाई' को सङ्गीतले छोपेको छ । यहीँ बजेको धुनमा यो गीत गुन्जिरहेको छ । यही धुनलाई जीवन्तता दिन अन्य विभिन्न बाजाको क्रमबद्ध गुञ्जन गुन्जिरहेको छ । मान्छेहरूको यो विशाल समूहबाट निस्केको बोलीको आवाज र बाजाहरूको सङ्गीतमय ध्वनिको सम्मिश्रणबाट निस्किएको यो अविस्मरणीय र मनमोहक गुन्जनभित्र म हराइरहेकी छु । प्राङ्गणमा वृत्त आकारमा घुमिरहेको 'तहामचा' ले निर्माण गरेको शून्य आकारभित्र डुबुल्की मार्दै शून्यतामा बिलाउन पुगेकी छु ।

⦸



# जला

जसलाई घाउ लाग्छ, त्यस घाउको दर्द त्यसलाई मात्र थाहा भएजस्तै अर्की नारी नै भए पनि नारीको दुःख बुझ्न सक्ता रहेनछन् । भन्न त नारीको दुःख नारीले मात्र बुझ्न सक्छन् भनिन्छ, तर त्यो मिथ्या रहेछ । नारीको नारीले नै द्रोह गर्ने, कुरा काट्ने र आरिस गर्ने गरेको पाएँ मैले । बरू नारीको नजिक पुरुष हुन सक्छ । पुरुष नै नारीको दुःखदर्द बुझ्ने सहृदयी हुन सक्छ, आपतविपतमा सहयोग गर्ने सहयोगी हुन सक्छ, कष्टपूर्ण जीवनलाई सुखमय जीवनयात्रामा डोहोऱ्याउने सहयात्री हुन सक्छ । हुन त सत्य पनि त्यही हो – सहधर्मीको ध्रुवीकरण हुन्छ उत्तरी र दक्षिणी ध्रुवजस्तो । विपरीतधर्मीमा सधैँ समन्वय कायम हुन्छ चुम्बकको विपरीत दिशा जुटेजस्तो । त्यसैले नारीसमस्यालाई नारीले बुझ्न सक्छन्, तर समस्या-समाधानका लागि लागिपर्दैनन् । कुनै पनि समाजमा सुन्दर नारीको सुन्दरताको बयान नारीले नै कहिल्यै गरेको पाइँदैन । हो, त्यसैले एक नारीको दुःख वा सुखलाई अर्की नारीले बुझ्न त सक्छे, तर साथ दिन सक्तिन । भनौँ, साथ दिने प्रकृतिबाट विमुख भएका हुन्छन् नारीहरू । यो मेरो कटु अनुभव हो ।

म एउटी नारी भएर जन्मिएकी छु । नारी हुनुको दर्द मैले पूर्ण रूपमा अनुभूत गरेकी छु । हन्डर र ठोकरको मारमा परी जीवनलाई टुक्राटुक्रामा विभाजित गरेर सूक्ष्म तरिकाले हेर्ने मौका पाएकी छु र सिङ्गो जीवनमा आएका अनेक भूकम्पको कम्पनलाई सहन गर्दै जीवन जसोतसो चलाउँदै आएकी छु । यसमा मलाई कसैले साथ दिएको छैन । मेरो दुःखदर्दमा मल्हम लगाउने काम कसैबाट पनि भएको छैन र कसैबाट होस् भन्ने आशा पनि राखेकी छैन ।

जीवनयापनको समयावधिमा गल्ती हुँदैन भन्न सकिन्न । कति जानेर गल्ती हुन्छन् भने कति नजानेर गल्ती भएका हुन्छन् । अझ अरूको त्रास र दबाबका कारणले पनि गल्ती हुने गर्छन् । यी यावत् गल्तीका पछाडि पुरुषको हात हुन्छ । पुरुषले नै बारम्बार गल्ती गर्छन् र ती सबै गल्तीको जिम्मेवारी पनि नारीले नै लिनुपर्ने हुन्छ । पुरुषले सधैँ पानीमाथिको ओभानो हुनुपर्ने र नारी सधैँ भिजेकी नै हुनुपर्ने । यो कस्तो विडम्बना हो ? वा प्राकृतिक नियम हो यो ? मैले बुझ्न सकेकी छैन ।

भित्र कोठामा गुनगुन सुनेकी थिएँ बा र आमाका बीचमा । सम्झेँ सधैँ दिनभरिको कामको जानकारी आदानप्रदान र भोलि वा तत्काल गर्नुपर्ने कामको जिम्मेवारीको बाँडफाँडका लागि उनीहरू कुरा गर्छन् । बाले अलि ठूलो स्वरमा **चकना, चकना** भनेको मैले आफ्नो कोठाबाट सुनेँ । मेरा बारेमा के कुरा हुन

लाग्यो भन्ने कुरा मैले जान्ने र बुझ्ने कोसिस गर्नुपर्छ भन्ने विचारका साथ म कोठाबाट निस्किएँ र भऱ्याङको छेउमा उभिएँ । शान्त स्वभावका बा अलि अशान्त भएजस्तो लाग्यो । बाको त्यति ठूलो स्वर सुनेकी थिइनँ । आमा भन्दै थिइन् – ***स्वर सानो गर, चकनाले सुन्ली ।***

झन् मभित्र कौतूहल मडारियो । मैले पूर्ण सतर्कतासाथ कानलाई भित्री कोठामा केन्द्रित गराएँ । आमाले भनिन् – ***कसरी यस्तो भयो ? किन मेरी छोरीलाई दोष लगाएका तिनीहरूले ? मेरी छारीले धेरै पढी भनेर रिस गरेका हुन् । नडराऊ, केही गर्न सक्तैनन् तिनीहरूले ।***

***गरे भने त गरिहाले नि ! गर्नुभन्दा अगाडि नै सबै कुरा मिलाउन सकिएन भने हामीले यो टोल मात्र होइन, यो ख्वपदेश नै छोड्नुपर्छ । छोडेनौं भने मर्नुपर्छ । तिमीले बुझेकी छैनौ यी कुरा ।*** – गम्भीर स्वरमा बाले आफ्नो व्यथा पोखे ।

बा र आमाका बीचको कुरा सुनें । सुनेर दुःखित हुनेबाहेक मसँग कुनै उपाय थिएन । उनीहरू समस्याबाट कसरी उम्कन सकिन्छ र समाधान कसरी हुन सक्छ भन्ने सिलसिलामा कुरा गर्दैछन् भन्ने मैले बुझेँ । यी सबै कुरा मसँग गर्न बालाई अप्ठेरो लाग्यो होला, त्यसैले आमाद्वारा मलाई भन्ने-भनाउने र अफवाहबाट छुटकारा पाउने बारेमा कुरा भएको मैले थाहा पाएँ । टोलका आइमाईहरूले कुरा सुनेछन् । फैलिन कुनै बेर नै लागेनछ । धारामा पानी लिन जाँदा, मेला-पर्म जाँदा र देवीदेवताको दर्शन गर्न जाँदा आइमाईका बीचमा एकपटक कुरा भएपछि दर्जनौं घरहरूमा एकैपटक सूचना सञ्चारित हुन्छ ।

***बच्चा खसालिसकिछ त्यो बाहुनको ! यो कुरा मैले बाहिरबाट जान्नु मेरा लागि कति सरमको कुरो हो भन्ने कुरा हामी लोग्नेमान्छेलाई मात्र थाहा हुन्छ, तिमीहरूलाई के थाहा !*** – बाको मुखबाट निस्केको यो अभिव्यक्तिले मलाई च्वास्स छोयो र मभित्र एउटा नजानिँदो भय सिर्जना भयो ।

आमाले बालाई सम्झाउँदै भनिन् – ***यो कुरा किन लोग्नेमान्छेलाई सुनाउनु भनेर मैले नै नसुनाएकी हुँ । तिमीलाई यस्ता कुरा सुनाएर पीर थप्नुभन्दा नसुनाउनु ठीक हुन्छ भनेर मैले सोचेँ । यसमा मेरो गल्ती छ । तिमी यसलाई अन्यथा नसोच ।***

***बाले बूढो भएर सबै काम छोडेपछि यो घरको सारा जिम्मा मैले लिएको छु । त्यस हिसाबले यस घरको मूली म हुँ । मूली भएपछि मलाई सबै कुराको जानकारी हुनुपर्छ । छोरीले शिवानन्द बाहुनको गर्भ बोक्ने र निजी अस्पतालमा गएर गर्भपतन गराउने । अनि ऊ कसकी स्वास्नी हो भन्ने कुरा गुठी-समाजमा प्रश्न उठ्ता मैले जवाफ दिन नसकेपछि यसभन्दा ठूलो बेइज्जती मेरा लागि के हुन सक्छ ? हरेक आइमाईले आफ्नो धर्मको पालना गर्नुपर्छ । जुन लोग्नेमान्छेसँग ऊ फस्छे, उसले त्यसैलाई समाएर बस्नुपर्छ । त्यो मन परेन वा त्यससँग कुनै समस्या पऱ्यो भने उसलाई राम्ररी छोडेर अर्कोसँग जानुपर्छ । अर्थात् खुला रूपमा जति लोग्ने कबुल गरे पनि समाजले केही बोल्दैन, तर गोप्य रूपमा लोग्नेस्वास्नीको सम्बन्ध राखियो भने समाजले मान्यता दिँदैन ।***



बाले एकै सासमा बरबराएका कुराले ममा झन् त्रास बढ्न थाल्यो । त्यो कुरो बाले बाहिरबाट सुनेर आएका रहेछन् । घरको कुरा बाहिरका मान्छेबाट सुन्नुपर्दा दुःख त लाग्छ नै ।

म पनि त मजबुर थिएँ ! आफैँबाट भएगरेको कार्यबाट उपायरहित भएर एक्लिएकी थिएँ । म पनि नारी हुँ । गर्भको बच्चा मेरो हो । मेरो शरीरसँग गाँसिएको बच्चा तुहाउन मलाई मन थिएन । कुनै कुरा नचाहँदा-नचाहँदै पनि हुने रहेछ । शिवजुजुको हत्या हेरूँ कि गर्भपतनमा स्वीकृति जनाऊँ ? मलाई पनि निर्णय गर्न गाह्रो भएको थियो त्यस बखत । एकतर्फ जीवित प्राणी आफ्नै अगाडि उभिएको छ, अर्कोतर्फ जीवन नै प्राप्त नगरेको भ्रूण आफ्नै रगतमा लपेटिएर बसेको छ । शिवजुजुका सबै सर्तहरू म मान्न तयार थिएँ भ्रूणहत्याबाहेक, उनको नाउँमा जीवनभर आफूलाई समर्पण गर्न म तयार पनि थिएँ गर्भ साबुत रहने अवस्था भएको भए । एउटी नारीलाई गर्भत्यागभन्दा जीवनको ठूलो पीडा अरू के हुन सक्छ ? आफ्नो अङ्गभित्र निर्मित भएर जीवन पाउने आफ्नो बच्चाको अनुहार हेर्न कुन आमालाई मन लाग्दैन होला ? बालिका र युवती हुँदै आमा हुन लागेकी नारीको अन्तर्व्यथालाई बुझ्न नसक्ने लोग्नेमान्छेहरूले अनेक बहानामा इज्जतजोडाइ र कुराको ओसारपसारले अनाहकमा नारी-पीडा उछाल्ने क्रमहरू जारी राख्न चाहेको देख्ता उनीहरूप्रति मलाई घृणा लाग्छ । एकथरी जीवनसँग खेलेर नारी-अस्मिताको खिल्ली उडाउँछन् भने अर्काथरी त्यही वेदनालाई नबुझी र नसम्झी उचाल्ने र पछार्ने गरेर नारी-हिम्मत र शक्तिको हुर्मत लिन्छन् । गल्ती मान्छेबाट हुन्छ र प्रायश्चित्त पनि मान्छेबाट नै हुन सक्छ भन्नेसम्मको ज्ञानलाई बिर्सेर, होइन पन्छाएर, अनेक कथाहरू तयार गरेर घरघरमा पुऱ्याउँछन् । अनि तिललाई पहाड बनाएर तेर्स्याउँछन् र विवेक प्रयोग हुने बाटो बन्द गरेर अपराध प्रमाणित गराउने कोसिस गर्छन् ।

यस समाजले मलाई अपराधी भन्न खोजेको छ । तर म अपराधी होइन । मैले कुनै अपराध गरेकी छैन र गर्दिनँ पनि । बारम्बार मैले भन्दै आएकी छु – अपराध त यो व्यवस्थित समाजले मप्रति गरेको छ । मेरो जीवनप्रति अन्यायका लागि अनेकपल्ट धावा बोलेको छ । बाँच्न पाउनुपर्ने मेरो नैसर्गिक अधिकारलाई सामाजिक रीतिका कुण्ठाहरूले ठोक्तै र पिट्तै थिलथिलो बनाइदिएको छ । बाँच्नु र मर्नुको दोसाँधमा ल्याएर मलाई उभ्याइदिएको छ । मेरो गर्भभित्र टुसाएको मुनालाई निर्मूल गर्नुपर्ने बाध्यताको सिर्जना गरेर मेरो हुनेवाला सन्तानलाई जीवन पाउनबाट वञ्चित गराइदिएको छ र अन्याय गरेको छ । म र मेरो गर्भप्रति भएको यस अन्यायलाई म कतै सुनुवाइका लागि अर्जी हाल्न सक्तिनँ र कसैलाई पुर्जी कटाउन पनि सक्तिनँ । म विवश छु आफैँदेखि र आफ्नै परिवेशदेखि । सहनु र सुन्नुबाहेक म केही भन्न वा गर्न पनि सक्तिनँ ।

आमा रोएको आवाज मैले सुनेँ । रुनेसिवाय अरू ताकत उनमा छैन । रोएर बालाई उनी भन्न थालिन् – ***यसमा मेरो पनि हात छ । मैले त्यस बखत त्यही निर्णय लिनुपर्ने अवस्था देखेँ । समयलाई विचार गरेर चाँडो निर्णय लिनुपर्ने भएकाले त्यही निर्णय लिएकी हुँ । समय बढी भयो भने गर्भपतन हुन सक्तैनथ्यो । जबर्जस्ती गर्न खोज्दा चकनाको जीवन पनि जान सक्ने सम्भावना थियो । होइन, बच्चा पैदा नै गराऊँ भने बच्चाको बाबु बच्चा स्वीकार्न तयार थिएन । बाबु देखाउन नसक्ता बच्चा 'च्यामा खल' हुन्थ्यो । जन्मेको बच्चाले बाँचुन्जेल हामीलाई सराप्थ्यो । गर्भपतनबाहेक त्यस बखत केही उपाय थिएन ।***

आमा बोल्दाबोल्दै रोकिइन् र हिक्का छोड्न थालिन् । बाले सम्झाउँदै भने – ***तिमी किन रोएकी ? नरोऊ ।***

सुनेर मेरो पनि गह भरियो । पेटको आन्द्रा नै गुटमुटिएर माथि आउन खोज्यो । घाँटी गरुङ्गो भयो र गलाबाट चिच्याहट फुत्किन खोज्यो । शरीर लुलो भयो । म भऱ्याङको डिलमा समाउन पुगेँ र शरीरलाई सम्हाल्दै आफ्नै हातमा बिसाउन खोजेँ । न म कोठामा जान सकेँ, न तल न माथि । दुवै हातले मलाई थेग्न सकेनन् र म त्यहीँ लत्रिएँ । मेरो होस गुम भएछ ।

कोठामा धेरै मान्छेहरू थिए । घरभरिका त थिए नै, तरिमा पनि आएकी रहिछन् । म मेरो कोठाको ओछ्यानमा सुताइएकी छु र उनीहरूको आवाज टड्कारो सुनिरहेकी छु । मैले आँखा खोल्न सकेकी छैन । शरीर र टाउको पूरा रिँगाएको छ । बाजे भाजुलाल भन्छन् – ***यो आइमाईको रोग हो । तरुनी भएर एक्लै बस्नु हुँदैन । लोग्नेसँग बसेपछि यो मूर्च्छा हुने रोग जान्छ । अब चकनालाई जोसुकै एउटा लोग्नेमान्छेलाई दिएर पठाउनुपर्छ ।***

प्रतिक्रियामा कोही बोल्दैनन् । एकैछिनपछि बाजे फेरि थप्छन् – ***भुइचा सधैँ हाम्रै टोलमा घुमिरहन्छ । 'बाजे' भनेर मलाई मानसम्मान पनि गर्छ । कुनै काम लगायो भने ज्याला खोज्दैन । चकनालाई धेरै नै मन पराउँछ । त्यसैसँग भएमा राम्रो हुन्छ कि ?***

आमा बीचैमा बोल्छिन् – ***बाले पनि के भनेको ? चकना बिरामी भएकी छ । बिरामीका अगाडि यस्तो कुरा गर्नु भएन ।***

आमाको भनाइलाई थप पुष्टि गर्दै बाले थपे – ***हो बा ! अहिले चकनालाई सन्चो छैन ।***

श्वासप्रश्वास साधारण गतिमा आएको मैले अनुभव गरेँ । यतिखेर म पूरा जागा अवस्थामा छु । बिस्तारै आँखा खोलेँ । मेरो टाउकोतर्फ तरिमा र खुट्टातर्फ आमा बसेकी छन् । बा नजिकैको मेचमा टुसुक्क बसेका रहेछन् । बालाई देख्नेबित्तिकै मभित्र अपराधबोधको प्रवाह शरीरभरि फैलियो र मैले पुनः आँखा बन्द गरेँ ।

मेरो त्यो घटना आमाबाहेक यस घरको कुनै पनि सदस्यलाई थाहा थिएन र त्यस्तो जोखिमपूर्ण कार्यको जानकारी सबैलाई दिने कुरा पनि भएन ।



घटना घटेको सात वर्ष पूरा पुगिसकेको छ । भरखर स्कुल छोड्ने समयमा भएको त्यो त्रासदीय कार्यको चपेटामा परेपछि आफूलाई सम्हाल्दै मैले उच्च शिक्षा हासिल गरेँ । लामो समयलाई पार गर्दै आएकी मैले त्यसलाई एक किसिमबाट भुलिसकेकी थिएँ । कहिलेकाहीँ भ्वाट्ट सम्झना आयो भने पनि त्यो संयोग प्राकृतिक थियो भनेर चित्त अन्यत्र लगाएर बिर्सिने गरेकी थिएँ । लामो समयावधिले गर्दा घटना नजानिँदो र नदेखिँदो छायामा परिवर्तित भइसकेको थियो । अन्यायमा परेर शोषित भएकी थिएँ भन्ने कमजोर मनस्थितिबाट उठेर विद्रोहको मुस्लोलाई मैले निलिसकेकी थिएँ र मनोवेगसँग सम्झौता गरिसकेकी थिएँ । जीवनलाई यसरी यापन गर्नुपर्छ र यसरी चल्न दिनुपर्छ भन्ने अनेक दोबाटोमा उभिएर गन्तव्यको बाटो तय गर्दै अगाडि बढिरहेकी थिएँ । यति लामो समयपछि यो वज्रपात होला भन्ने त किञ्चित सम्झना नै थिएन । जीवन बाँचेसम्म यसले लखेटिरहने हो कि भन्ने एक्कासि मनभित्र भय बढेर आयो ।

यतिखेर मलाई बिझ्ने कुरा गर्नुभन्दा मेरो अन्तरदुःखलाई मल्हम लगाउन सबै जुटेका छन् । तरिमाले चिसो पानीले भिजाएको कपडा मेरो टाउकोमा अर्थात् तालु र निधारका बीचमा राखेकी छन् र बेलाबेलामा कपडा फेर्ने काम गरिरहेकी छन् । आमा मेरो खुट्टा मुसारिरहेकी छन् । म जागा भएँ भन्ने मेरो अनुहारमा देखेर होला तरिमाले भनिहालिन् – ***चकनालाई राम्रो भयो ।***

आमाले पनि मेरो शरीरस्पर्शबाट नै चाल पाइन् क्यारे, उनले तरिमाको भनाइलाई समर्थन गर्दै भनिन् – ***हो ! चकनालाई अहिले राम्रो भयो ।***

बा जुरुक्क उठेर कोठाबाहिर गए । भाइ पनि गयो । बाजे यसभन्दा पहिले नै कोठा छोडिसकेका थिए । आमाले मेरो पिँडुलालाई थमथम्याउँदै सोधिन् – ***चकना ! अहिले कस्तो छ ?***

तुरुन्तै तरिमाले मेरो गाला थपथप्याउँदै भनिन् – ***चकना ! ए चकना ! बिस्तारै आँखा खोल त !***

उत्तानो परेको शरीरलाई दायाँ कोल्टो गर्छु । मेरो अनुहार तरिमाको काखको छेउमा परेको छ । तरिमाले मेरो गाला सुमसुम्याउन छोडेकी छैनन् । उनी आज घरझगडा भयो कि के भएर यस्तो भयो भन्ने जानकारी लिन आमालाई सोध्छिन् – ***यिनले केही खाएकी थिइन् कि ? होइन भने कसरी यिनी बेहोस भइन् ?***

अचानक बेहोस भएको कुरा मात्र आमाले सुनाइन् । तरिमाले पत्याइनन् र पुनः प्रश्न गर्दै गरिन् – ***एकैपटक कसरी मान्छे बेहोस हुन्छ ?***

आमाले कुरा बढाउन चाहिनन्, यसै यस स्थितिमा पुगी भन्नेमा नै जोड दिइन् । हुन पनि आमाका तर्फबाट केही भएको पनि त थिएन ! आमाले यही भयो भन्ने कुरा पनि भएन । उनी भित्र थिइन् कोठामा, म बाहिर बेहोस भएकी

थिएँ । तर बाठी तरिमाले घटनाको निक्यौंल गर्न अनेक प्रश्न गरिन् । अन्तमा आमालाई भन्न कर लाग्यो – बाले बाहिर सुनेको कुरा कोठामा आमालाई बताएको र बाहिर निस्कँदा मलाई बेहोस अवस्थामा देखेको । यो कुरो तरिमाका लागि पनि नौलो रहेछ । उनलाई यो कुरो थाहा रहेनछ । उनले यस घटनालाई पहिलोपटक सुने पनि उनीजस्ती भुक्तभोगी र अनुभवी आइमाईका सामु यो कुरा खुल्नेबित्तिकै उनले यसलाई सहज रूपमा स्वीकार गरिन् र यसका अनेक उपायका बारेमा आमासँग कुरा गर्न थालिन् । उनले नारीहृदयलाई बुझेर आमालाई सम्झाउने कोसिस गरिन् – ***यसमा चकनाको के गल्ती छ र ? ऊ एउटी उमेरकी युवती । आफूसमानको युवकसँग आकर्षित हुनु उसको प्राकृतिक गुण हो ।***

यति भनेर उनी चुप रहन्छिन् । उनको भनाइको आशय हो आकर्षण एकतर्फी हुँदैन, दुवैको चाहनाले आकर्षण पैदा गर्छ । समयको मागअनुसार एकको चाहना अर्काको विकर्षण पनि हुन सक्छ । यसमा समय, स्तर, योग्यता र वातावरणले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।

आमाको मनभित्र गढेको समस्या हो बाले बाहिर सुनेको अफवाह, जसले गर्दा बा तनावग्रस्त हुन पुगे । फेरि बालाई सुनाउने मान्छेले कसरी र कुन किसिमबाट सुनाए । आमाका लागि भने कुनै समस्या होइन थियो, किनभने उनले त पहिले नै स्थितिसँग सम्झौता गरिसकेकी थिइन् र पचाइसकेकी थिइन् । आमाले मलाई मद्दत गरिन्, ढाडस दिइन् र व्यहोर्नुपरेको विपतलाई सहजताका साथ स्वीकार गर्नुपर्ने कुरा सिकाइन् । उनले मलाई त्यस बखत साथ नदिएकी भए म के निर्णय लिन्थेँ, त्यो यतिखेर म कल्पनासम्म पनि गर्न सक्तिनँ । सम्झँदा अहिले पनि असजिलो हुन्छ सम्पूर्ण शरीर र शरीरका अङ्गहरू असजिला हुन्छन्, ती अङ्गहरूका साथै शरीरका कोशिकाहरू पनि भयभीत हुन पुग्छन् ।

***चकना ! चिन्ता नगर । मेरो जीवनमा यस्ता कति उतारचढाव आए, कति दुःख र दर्दले सताए, ती सबैलाई पन्छाउँदै र छल्दै म अघि बढ्दै गएँ । आइमाई भनेको धरती हो । यसले सबै किसिमका राम्रा-नराम्रा प्रहारहरूलाई खप्न सक्नुपर्छ, सहन गर्न सक्नुपर्छ । त्यसैमा नारीको महानता लुकेको हुन्छ । त्यसैबाट नारीको महत्ता बढ्दै गएको हुन्छ ।*** – तरिमा मलाई सम्झाउँदै बिस्तारै भन्दै गइन् – ***आइमाईको जीवनकालको मध्य अवस्थालाई युवावस्था भनिन्छ । त्यो अवस्था पीर र दुःखको सागरमा तैरिरहेको हुन्छ । वर्कंदा र फर्कंदा पनि होस पुऱ्याइएन भने सागरको गहिराइमा डुब्ने सम्भावना हुन्छ । त्यसैले यस अवस्थामा जोसलाई बुद्धिले नियन्त्रण गर्दै पूरा होस पुऱ्याएर हिँड्नुपर्छ ।***

तरिमालाई यतै खाना खानुपर्ने आग्रह गर्दै आमा कोठाबाट बाहिरिन्छिन् । अब कोठामा तरिमा र म मात्र छौँ । तरिमा आज मसँग भावनात्मक सम्बन्ध



जोड्दैछिन् । मेरो दुःख बाँडेर मलाई हल्का बनाउन उनी आफ्नो विगत बताउने तरखरमा भन्छिन् – ***हेर चकना ! जीवन भनेकै सङ्घर्षको मैदानमा लड्न उत्रिएको एउटा योद्धा हो । तिमीमा युद्ध गर्ने सीप छ भने तिमीले विजय हासिल गरेर जीवनलाई बचाइरहेकी हुन्छ्यौ । तिमीभित्र भय र त्रासले घेरा हालेको छ भने तिमी पराजित हुन्छ्यौ, सबै तप्का र तहका क्षेत्रबाट हार खाँदै अपाङ्ग हुन पुग्छ्यौ । त्यसैले यो समाज, जहाँ हामी जन्मिएका छौँ, यहाँ प्रत्येक क्षणमा मानवसिर्जित भयावह भुमरी परिरहेका हुन्छन्, त्यस्ता भुमरीलाई काट्तै पारि तर्न सिक्नुपर्छ ।***

उनको अनुभवयुक्त वाणीले मलाई दरो बनाउँदैछ । हो, मैले पनि सोचेँ – जीवन चलाउन पनि त सीपको आवश्यकता पर्न सक्छ ! मैले हिँड्न नै सकिनँ, बाटोमा व्यवधान आयो भनेर रोकिएँ भने गन्तव्यमा पनि त पुग्न सक्तिनँ !

उनको प्रेमविवाह भएको हो । सानै उमेरमा उनले लोग्ने रोजेकी रहिछन् । त्यतिखेर यहाँ पढ्ने चलन रहेनछ । त्यसमा पनि आइमाईले पढ्ने भन्ने त कुरै भएन । घरमा बाहरूले भजन गर्ने अक्षरसम्म चिनेर भजन गर्न सक्ने हुनु नै त्यस बखतको शिक्षित कहलिने समयमा उनी भजनको किताब अगाडि राखेर राम्ररी पढ्न सक्ने भएकी हुँदा सबै बूढापाकाहरूले उनलाई 'यो हिसीमाया पछि गएर नकीँ बन्छे' भनेर तारिफ गर्ने गरेका रहेछन् । हँसिली-रसिली भएकै कारण उनको नाउँ 'हिसीमाया' राखिएको कुरा पनि उनले बताइन् । साँच्चिकै उनी 'नकीँ' नै भएकी छन् । जसलाई जे परे पनि उनको सहयोग विनासर्त आइपुग्छ । साथै, धेरै परिवार तथा घरले उनलाई अनौपचारिक रूपमा भए पनि 'नैकिनी' नै मानेका छन् । जन्मदेखि मृत्युसम्मका विधि-व्यवहारबारे ज्ञान भएकी हिसीमाया सबैको व्यवहारका लागि केन्द्रविन्दु ठहर भएकी छन् ।

मैले मेरो जीउ हल्का भएको महसुस गरेँ । शरीर र मन दुवै साधारण अवस्थामा फर्किएकाले ओछ्यानबाट उठेँ र पानीमा कपडा भिजाएर हातमुख पुछी तरिमासँगै आएर बसेँ । उनी आज मेरो मनलाई बहलाउन र मलाई सान्त्वना दिन तयार भएर बसेकी छन् भन्ने मलाई लाग्यो । साथै, खाना पनि यतै खाने हुँदा उनी फुर्सदी भएर बसेकी छन् । मसँग कुरा गर्न उनी उत्सुक देखिन्छिन् । मैले बिस्तारै प्रश्न उनका अगाडि राखिदिएँ – ***तरिमा ! तिम्रो विवाह भएको पनि आधा शताब्दी नाघिसक्यो । के त्यस बखतमा पनि आजकै जस्तो थियो विवाहपद्धति ? पुरुष र महिलामा प्रेम कसरी स्थापित हुन्थ्यो ?***

मेरो अन्जान भावको असहज बोली सुनेर उनी हाँसिन् र दाहिने हात मेरो कुमतर्फ लम्काउँदै व्यङ्ग्यात्मक शैलीमा भनिहालिन् – ***हे लाटी ! जसरी अहिले प्रेम स्थापित हुन्छ, त्यसै गरी त हो नि ! अनि विवाह पनि उही अहिलेकै पद्धतिबाट हुने हो ! केटीको विवाह बेलसँग भइसकेको हुँदा पुरुष त निमित्त मात्रको लोग्ने हो हामी नारीका लागि । प्रेम हुन्छ र हामी जुट्छौँ, जब प्रेम हुँदैन हामी छुट्छौँ । यो हामीभित्रको शारीरिक र मानसिक आवश्यकताले निर्धारण गर्ने क्रिया***

*हो । आफ्नो समाजको चाहनालाई सन्तुलनमा राख्तै लोग्ने स्वीकार गर्ने प्रक्रिया अपनाउन हामीलाई पूर्ण स्वतन्त्रता छ । मलाई लाग्छ त्यस्तो कुनै बन्देज छैन जहाँ हामीले कुण्ठा बोकेर बाँच्नुपरोस् यस जीवनमा । तर अन्तर्जातीय सम्बन्ध स्थापित गर्नेतर्फ हामीले सोच्नु पनि हुँदैन । एक जातिको व्यवहार, मान्यता र संस्कृतिले अर्को जातिलाई सहज स्वीकार गर्दैन, यो सत्य हो । हो, यही सत्यलाई बुझ्न सक्ता जीवन सुखमय हुन्छ, नबुझ्दा दुःखको सागरमा फसिन्छ ।*

मेरो वर्तमानको अवस्था र मनोभावलाई प्रहार गर्दै उनी बोल्दै गइन् । उनको यो ओजपूर्ण र अनुभवी बोलीले एउटा नयाँ दिशाबोध दिन सक्ने सङ्केत पनि मेरा अगाडि छरिन थाले । हो, जो जुन जाति र समाजले अख्तियार गरेको संस्कृति र व्यवहार हुन्छ, अर्काका लागि त्यो कदापि मान्य हुँदैन । यो मानव-विकासका क्रममा विकसित भएको मानवीय गुण तथा स्वभाव हो । म यी सबै कुरा बुझेर पनि अबुझ भएकी छु, जानेर पनि अन्जान भएकी छु र शिक्षित भएर पनि मूर्खतापूर्ण व्यवहारमा लपेटिएर एक्लिएकी छु । समयले मलाई अबुझ र मूर्ख बनाउन खोजिरहेको छ भन्ने कुराको मलाई जानकारी छ । जीवनलाई कसरी सरल र सहज बनाउनुपर्छ भन्ने कुरामा म अन्जान भएकी भए आजको स्थितिसम्म पनि आउन सक्तिनथेँ । मभित्र एउटा अठोट तयार हुने वातावरण निर्माण भइरहेका बेलामा कहिलेकाहीँ अवरोध आउन खोज्छन् र आइरहेका पनि छन् । त्यसलाई छेकबार हाल्ने र टालटुल गर्ने प्रयत्नमा पनि म सजग छु । किनभने जीवन मेरो हो र मैले चलाउन जान्नुपर्छ । तर बेलाबेलामा वातावरण, परिवेश र सामाजिक मान्यताले मलाई सताइरहेको हुन्छ ।

उनको भनाइ हो – **पुरुष र नारी एक-अर्काका पूरक हुन् । सिङ्गो एक लिङ्ग जहिले पनि कमजोर, अधुरो र अपूर्ण हुन्छ । यस्तो एकल लिङ्ग तब मात्र शक्तिवान् हुन्छ, जब दुवै लिङ्ग एकाकार हुन्छन् ।**

हो, यसलाई मैले पनि बुझेकी छु । पुरुष र नारीको मिलनबाट नै सृष्टिको रचना सुरु भएको हो । एकल महिला वा पुरुषले जीवनयापन त गर्न सक्छन्, तर शक्तिहीन र सृष्टिशून्य हुन्छन् । उनको कुरामा मेरो कुनै असहमति छैन । किनभने उनले जीवनको अनुभव र वास्तविकता बोलिरहेकी छन् ।

उनका यी आदर्श कुरालाई अर्कै मोड दिन चाहेर म फेरि उनका सामु प्रश्न राख्छु – *तरिमा ! तिम्रो विवाह कसरी भयो ?*

जवाफमा उनी भन्छिन् – *म सानै थिएँ । जीवन भर्खर सुरु भएजस्तो लाग्थ्यो त्यतिखेर । सबै ठाउँ रमाइलो लाग्ने र आफूसमानका युवकहरू राम्रा लाग्ने हुन थाले । अझ साँच्चै भनौँ भने जुनसुकै युवकसँग चुम्बकीय शक्ति भएको मैले त्यस बखत अनुभव गरेकी थिएँ । हुन त त्यस आकर्षणको शक्ति मसँग पनि थियो*



*होला, त्यसैले हरेक पलमा युवकहरू मसँग ठोकिन्थे । यसै क्रममा तरिभाइ नाउँको युवक मसँग एकाएक नजिकियो । उसको र मेरो सम्बन्ध बढ्न थालेपछि अरू युवकहरू टाढिन थाले । केही समयमा नै विवाहको कुरो चल्यो र हामी लोग्नेस्वास्नीका रूपमा बाँधिन तयार भयौँ । उसले मलाई भगाउन सक्थ्यो र म पनि उसको पछि लाग्न सक्थेँ । मेरा बाबुआमा अलि कडा भएका र म एक्ली छोरी भएकीले विधिवत विवाह गर्नुपर्ने निर्णय भयो । तरिभाइका तर्फबाट पनि मन्जुरी भएको हुँदा हाम्रो विधिवत विवाह सम्पन्न भयो ।*

उत्सुकतासाथ मैले सोधेँ – *त्यस बखत कसरी विवाह सम्पन्न हुन्थ्यो तरिमा ?*

त्यस बेलामा पनि विवाहपद्धति अहिलेको जस्तै रहेछ । पहिले केटाका तर्फबाट केटाका मामा, जेठाबा, बाजेजस्ता आफन्तहरू केटीका घरमा कुरा राख्न जान्छन् । केटीका बाबुको मन्जुरी लिएपछि विवाहको दिनमा खानेकुरा, सुपारी लिई केटाका बा, जेठाबा, बाजे, मामाहरू केटीलाई लिनका लागि जाने चलन छ । त्यस बखत केटाले घरमै बस्नुपर्छ, केटी लिन जानुपर्दैन । यसरी केटी लिन गएका केटाका आफन्तहरूका अगाडि 'इहीपा' कार्यक्रम सम्पन्न हुन्छ । त्यस बखत सुकुन्दामा बत्ती बालेर दियो-कलश पूजा गर्ने र सुकुन्दामा रहेको गणेशको मूर्तिलाई पूजा गरेपछि केटीलाई टीका लगाएर वरण गर्ने गरिन्छ । त्यसपछि केटाका तर्फबाट लगिएको 'गोयँ' र 'पुतु गोयँ' दिने कार्यक्रम हुन्छ । त्यसलाई 'गोयँ कायेगु' भनिन्छ । केटीका परिवार, टोलछिमेकी र आफन्तले केटीलाई उपहार दिने र केटीले सुपारी दिने काम हुन्छ । यसरी सुपारी दिँदा दसवटा सुपारी दिनुपर्छ । 'पुतु गोयँ' अरू सुपारीभन्दा ठूलो हुन्छ र कपडामा बेरिएर राखिन्छ । कपडामा बाँधिएका सुपारी भने आफ्ना परिवारलाई मात्र दिइन्छ । केटीका आमाबाबुलाई सबैभन्दा पछाडि दिइन्छ । अन्तमा बाले सुपारी लिएपछि 'ज्वाला न्हेकँ' र आमाले 'सिनमु' छोरीलाई उपहार दिएपछि केटीतर्फको 'इहिपा' कार्यक्रम समाप्त हुन्छ । अनि केटीलाई केटाका आफन्तसँग अन्माउने कार्यक्रम हुन्छ ।

केटाको घरमा दुलहीका रूपमा केटी पुगेपछि घरको मूल ढोकाअगाडि स्थापित 'पिँकालुखु' अर्थात् कुमारदेवताको पूजन गराएर परिवारकै सबैभन्दा जेठी आइमाईले दुलहीलाई टीका लगाएर 'लसकुस' गर्दै घरमा भित्र्याउने काम हुन्छ । केटीलाई मूल कोठामा लगेर राखिन्छ र केटालाई दुलाहाका रूपमा ल्याएर बसालिन्छ । अब केटाको घरमा 'हाँकेगु' कार्यक्रम सुरु हुन्छ । घरकी जेठी अर्थात् नकीँ, जसले तलबाट स्वागत गरेर दुलही भित्र्याई, उसैले दुवैलाई टीका लगाएर वरवधूको वरण गर्छे । त्यसपछि दुलहीको मुख हेर्ने कार्यक्रममा सबैलाई दस-दस सुपारी दुलहीबाट ग्रहण गराएर सम्बन्ध स्थापित गर्छन् । सुपारी दिने कार्यक्रम समाप्त भएपछि दुलहीलाई 'थायभु नकेगु' भनेर ठूलो

थालमा विभिन्न परिकारको खाना खुवाउने काम हुन्छ । विवाहको अन्तिम कार्यक्रम 'दु च्याकेगु' अर्थात् दुलहन फर्काउने काम दुलहीको घरमा दुलाहा साथमा जाने कार्य हो ।

तरिमाले यी कुरा भन्दा मलाई कुनै पनि नौलो लागेन । यो विवाहको विधि अहिले पनि हाम्रो समाजमा प्रचलनमै रहेको छ । यो विवाहपद्धतिमा पुरुषलाई गौण बनाई नारीको प्रमुखता र महत्त्वलाई संरक्षण गरिएको देखिन्छ । घर नारीको हो र घरकी मालिक्नी पनि नारी नै देखिन्छे । 'लसकुस' गर्दा नै साँचो समातेर भित्र पस्ने दुलहीले घरको साँचोको जिम्मा पनि त्यसै दिनदेखि लिने चलन छ । मानिसले जीवनको तीन चौथाइभन्दा बढी समय घरैमा बसेर व्यतीत गर्नुपर्छ, बाँकी एक चौथाइ समय श्रममा खटेर जीवनयापनका साधन जुटाउनुपर्छ । यस हिसाबले हेर्दा जीवन बाँच्नका लागि घरको र घरका लागि नारीको आवश्यकता टड्कारो देखिन्छ । त्यसैले हाम्रो समाजमा पुरुषको भन्दा नारीको सम्मान बढी देखिन्छ ।

केटीलाई 'इही' गर्ने, 'बारा' राख्नेजस्ता विशेष कार्यक्रम गरेजस्तो केटाहरूका लागि त्यति गरिँदैन । 'केता बेगु' मात्र एउटा कार्य सम्पादन गरिन्छ । यसबाट पनि केटा र केटीमा फरक देखिन्छ । यसका सम्बन्धमा मैले केही बुझेकी र देखेकी छु । तर पनि तरिमाकै मुखबाट सुन्ने इच्छा मनमा जाग्रत भएको हुँदा म तरिमासँग जिज्ञासा राख्छु – ***हाम्रो समाजमा बच्चा जन्मँदा छोरा वा छोरी के जन्मिए सुखी र के जन्मिए दुःखी हुन्छन् ? तरिमाको यसमा के अनुभव छ ?***

मेरो प्रश्नले तरिमालाई सोचमग्न तुल्यायो । एकछिन उनको अनुहारमा गम्भीरता छायो । उनले बिस्तारै भन्न सुरु गरिन् – ***हाम्रो जातिमा छोरीभन्दा छोरा बढी जन्मने हुँदा छोरीको महत्त्व बढी छ । केही प्रतिशत केटाहरू अविवाहित नै रहन्छन् । त्यसैले पुरुषले बहुविवाह गर्ने चलन नभएको हो । स्वास्नी रोज्नेभन्दा लोग्ने रोज्ने घटनाले प्रमुखता पाएको छ हाम्रो समाजमा । पारपाचुके केटीबाट मात्र हुन्छ, केटाबाट हुन सक्तैन । फेरि लोग्ने छोड्न र रोज्न कति सजिलो छ भने चार दिन कुनै पनि नारीले आफूले चाहेको केटासँग रात बिताउन सकी भने स्वतः पुरानो लोग्ने र स्वास्नीका बीच सम्बन्ध विच्छेद हुन्छ र नयाँ लोग्नेसँग व्यवस्थित जीवन बिताउन त्यो आइमाई समर्थ हुन्छे । यसका सम्बन्धमा कसैले कुरा काट्न वा औंल्याउन हुँदैन र मिल्दैन । यस्तो स्वच्छन्द र स्वतन्त्र जीवन बिताउन पाउने नारीवर्गको नै सबैतिर बाहुल्य कायम रहने हुँदा छोरी जन्मँदा विस्मात गर्दैनन् । बरू ऊ कत्तिकी बुद्धिमती र नेतृत्व ग्रहण गर्न सक्ने हुन्छे भन्नेमा चाहिँ अभिभावकलाई चिन्ता रहेको हुन्छ ।***

उनी भन्दै जान्छिन् – ***छोरा वा छोरी जन्मँदा एउटै प्रक्रिया अवलम्बन गरिन्छ । बच्चा जन्मन लाग्दा 'अजी' लाई थाहा हुन्छ र छोरा वा छोरी जन्मने कुरा उसले भविष्यवाणी गर्छे । अर्थात् 'अजी' सँग बच्चाको जन्मसम्बन्धी अनुभव हुन्छ ।***



***अजीको रेखदेखमा बच्चा जन्मेपछि 'कता' ले आएर बच्चाबाट सालनाल छुट्याउने कार्य गर्छे । यसरी सालनाल काट्ता सुपारी राखेर काट्ने चलन छ । निनी वा अजीले बत्ती बालेर 'अजफायेगु' गर्नुपर्छ । यो गाजल बनाउने कार्य हो । पहिलो बच्चा जन्मेको भए दस दिन र दोस्रो या तेस्रो बच्चा जन्मेको भए छ दिनमै 'बेड्केगु' गरिन्छ । अर्थात् नगिनी आएर नङ काट्छे र 'बो' चढाएर चोख्याउने काम सम्पन्न हुन्छ । यसमा पनि केटा र केटीमा भेद गरिँदैन, मात्र केटीलाई 'इही' गरेजस्तो केटालाई 'केतापूजा' गरिन्छ । त्यसै दिन केटाको 'भुसा खाय' अर्थात् गर्भको रौँ-कपाल काटेर छेवर गरिन्छ । केटाको 'केतापूजा' र केटीको 'इही' गरेपछि बाल्यकाल समाप्त भएको मानिन्छ ।***

*त्यसो भए केटासन्तानलाई भन्दा केटीसन्तानलाई बढी भरथेग र भरणपोषण गरिन्छ, होइन त ?* – मैले बुझ्न नसकेकी हुँदा म निश्चित हुन उनलाई प्रश्न गर्छु ।

*हो ! शारीरिक रूपमा प्रकृतिले जसलाई कमजोर बनाई निर्माण गरेको छ, शरीर र शरीरका सहायक अवयव तथा तन्तुहरू नै पृथक् प्रकृतिको निर्माण गरेको छ, त्यसलाई समाज र प्रचलित संस्कृतिले मद्दत गर्नु नै पर्छ । त्यही मद्दतका कारणले त महिलावर्ग सुरक्षित भएका छन् । श्रमको बाँडफाँड गर्दा पुरुषलाई भन्दा महिलालाई कम श्रम पर्ने कामको जिम्मा लगाइएको हुन्छ । पुरुषले एक्लै पनि काम गर्न सक्छन् भने महिलालाई पुरुषले काममा सहयोग दिइरहेका हुन्छन् । कुनै पनि काममा पुरुषको सहायक महिला हुन्छन् र महिलाको सहायक पुरुष भएर सहकार्यद्वारा कार्य सम्पन्न गर्छन् । महिलाको सबैभन्दा कमजोर पक्ष भनेको मासिक रूपमा हुने रजस्वला हो । यस अवधिमा महिलाले श्रमको काम गर्न पनि गाह्रो हुन्छ र गर्नु हुँदैन भनेर विश्राम नै गराइन्छ । शारीरिक रूपमा पुरुषभन्दा कमजोर भएका कारणले नै त्यसैअनुसार कार्यवितरण भएको हुन्छ ।*

*यस्तै कमजोरीका कारणले शोषण भएको त होइन ?*

*शोषण कसले गर्ने ? मेरो अनुभवमा पुरुषले महिलालाई शोषण गर्ने होइन । महिलाको शोषण महिलाबाट मात्रै भएको हुन्छ । जस्तो : सासूले बुहारीलाई, जेठानीले देउरानीलाई, दिदीले बहिनीलाई र नैकिनीले परिचरलाई । पुरुष र महिला विपरीतलिङ्गी भएका हुँदा शोषण त हुनै सक्तैन, भए पनि एकदमै कम मात्र हुन्छ । तर यिनीहरूबीच आकर्षणको रेखा स्पष्ट खिचिएको हुन्छ । त्यसैले हेर न, ससुरा र बुहारी, देवर र भाउजू, साली र भिनाजु, बाबु र छोरी, दिदी र भाइका बीच राम्रो मेल भएको देखिएको छ । हामीले के बुझ्नुपर्छ भने यिनीहरूबीच आकर्षण हुन्छ ।*

तरिमाका यी अनुभवी कुरालाई मैले पनि मानेँ । समान लिङ्गमा द्वन्द्व हुन सक्छ, तर विपरीत लिङ्गमा द्वन्द्व हुँदैन भने पनि हुन्छ । म तरिमाको भनाइलाई पुष्टि दिँदै भन्छु – *हो, यस कुरालाई म पनि मान्छु । ठीक भन्यौ तिमीले ।*

*नारी हाम्रो समाजमा अग्रणी भएर स्थापित भएकी हुन्छे । जस्तो : घरपरिवारमा नारीकै नायकत्व कायम रहेको हुन्छ, टोलको गुठी र गुठीपूजामा पनि नारीले नै 'नकीँ' का रूपमा कार्य गरेकी हुन्छे । यति मात्र हो र, नवदुर्गा, तलेजू*

*जस्ता द्योच्छेँहरूमा महिला नै 'नकीँ' हुने चलन छ । अर्थात् हाम्रो समाजमा नैकिनीको प्रमुख भूमिका रहेको हुन्छ, जस्तो माहुरीको घार । हो, त्यस्तै हो हाम्रो समाज । माहुरीकी रानीको नायकत्वमा सबै काम व्यवस्थित भएजस्तो हाम्रो समाजमा पनि त्यसै गरी व्यवस्था भएको हुन्छ ।*

*के ज्यापूसमुदाय मातृप्रधान समुदाय हो त ?*

*हो ! मातृप्रधान नै मान्नुपर्छ ।*

तरिमाको जवाफको आशय मैले बुझेँ । उनले जोड दिएर 'मातृप्रधान! भनिन् । तर मेरो विचारमा शक्तिप्रधान समाज हो हाम्रो । शिव र शक्तिको होडमा जन्मिएको शक्तिको बाहुल्यलाई सबैले नतमस्तक गरी शक्तिको उपासना गरे र र शक्ति प्राप्त गरे । शिव र शक्तिको अर्थले पुरुष र स्त्री अस्तित्वको बोध हुन्छ । शिव शक्तिमा लय हुँदा वा शक्ति शिवमा लय हुँदा ज्योतिको प्रादुर्भाव हुन्छ । त्यही ज्योति जीवनको पूर्णता हो र अर्को अर्थमा सबल आत्मा हो । जीवन र जगत्लाई राम्ररी बुझ्न शिवशक्तिलाई चिन्न सक्नुपर्ने हुन्छ ।

खाना खाने बेला भएको कुरो आमाले कोठामा आएर बताइन् । हामी खाना खान भान्छाकोठामा गयौँ । आज खाना बाले पकाएका रहेछन् । मेरो पनि खाना पकाउने पालो छ । हप्तामा तीन दिन मैले खाना पकाउनुपर्छ । यसै गरी बाजेबाहेक सबैका लागि खाना पकाउने पालो बाँडिएको छ । आज बाको पालो हो । खाना जसले बनाए पनि खाना बाँड्नका लागि आमा नै भान्छामा जानुपर्छ, किनभने आमा नै हाम्रो घरकी मूल आइमाई हुन् । हाम्रो भान्छामा पुरानै चलन कायम छ । सबै परिवारको सदस्यको आ-आफ्नो खाना खाने थाल हुन्छ । आमाले ती थालहरूमा एकैपटक खाना भाग लगाउने चलन छ । त्यसरी एकैपटक खाना भाग लगाएपछि जो घरमा छन्, तिनीहरूले सँगै बसेर खाने र घरबाहिर खेतमा वा काममा छन् भने त्यो भाग लगाएको खाना त्यहीँ पुऱ्याइदिने चलन छ । आज तरिमा पाहुना भएकीले आमाले एक थान अतिरिक्त थाल भान्छामा लगिसकेकी छन् ।

तरिमा, म र बा । हामी भान्छाभन्दा अलग्गै ठाउँमा बस्यौँ । आमाले चुल्होमा बसेर खाना थालथालमा पस्किइन् । खानाको चार थाल चुल्होबाट तल झारिन् र हाम्रो अगाडि ल्याएर राखिदिइन् । बाजे र भाइका लागि अलग छुट्याएर खाना छोपेर राखिदिइन् । बाजेको र भाइको आज कुनै काम छैन, खाना लग्नुपर्दैन । उनीहरू आएर खान्छन् । हामी चारजनाचाहिँ लस्करै आ-आफ्ना खानाको भागका अगाडि बस्यौँ ।

चुल्होमा बसेर खाना खाने हाम्रो चलन छैन । यसबारेमा मैले तरिमासँग नै सोधेर थप जानकारी लिन चाहेँ र तरिमालाई सोधेँ – *हामी चुल्होको छेउमा अर्थात् भान्छामा बसेर किन खाँदैनौँ ?*



तरिमाले तुरुन्तै जवाफ दिइन् – *भान्छामा जुठो गर्नु हुँदैन, त्यसैले !*

जुठो र चोखो, यी दुई भावनासँग सम्बन्धित विषय हुन् । जुठो र चोखोका बारेमा आ-आफ्नो हिसाबको व्याख्या छ । जुन विषय र वस्तुलाई चोखो भनिएको छ, त्यो जुठो वा बिटुलो पनि हुन सक्छ र जुन विषय र वस्तुलाई बिटुलो वा जुठो भनिएको छ, त्यो चोखो पनि हुन सक्छ । यी विषय र वस्तुको आवश्यकता र समयअनुसार बिटुलो वा जुठो र चोखो वा पवित्रको विभेद गरिन्छ । साधारणतया कोठामा रहेको पानी बिटुलो हुन्छ, तर कौसीमा एक रात राखेपछि त्यही पानी चोखो हुन्छ । तरिमासँग यस विषयको विवाद गर्न म चाहन्नँ । त्यसैले म चुप रहेर खाना खान थाल्छु ।

तरिमाले एक गाँस भात मुखमा हालेपछि भनिन् – *हेर चकना ! यो थालको खाना अब जुठो भयो ।*

मैले उनको कुरामा सम्मति जनाउन उनलाई हेरेँ । मेरो जानकारीमा छ – पहिले भान्छामा खानाहरू पकाउँदा धातुका भाँडाभन्दा माटाका भाँडाहरूमा खाना पकाउने चलन थियो । अहिले त्यो चलन हराएर धातुका भाँडामा पकाउने काम हुन्छ । हुन त अहिले पनि 'ग्वार्चा' बनाउँदा माटाको हाँडीमा बनाउँदा मीठो हुन्छ भनेर माटोकै हाँडीमा बनाइन्छ । त्यस्तै, रोटी पनि हाँडीमा नै बनाइन्छ । माटाको भाँडो भान्छाभन्दा तल ल्याएपछि बिटुलो हुने हुँदा त्यस्तो भाँडो भान्छामै राखिन्छ । माटाको भाँडो बिटुलो भएमा फेरि त्यसमा पकाउन नहुने कारणले नै भान्छाबाट खाना तल ओरालेर खाने चलन चलाइएको हो कि भन्ने मलाई लागेको छ । तर यस विषयमा तरिमालाई सोध्न चाहेर पनि मैले सोध्न सकेकी छैन ।

'तुकँ' भ्यातलको स्वाद मीठो रहेको बताउँदै आमासँग तरिमा सोध्छिन् – *यसपालि 'तुकंमा' कति छ ? अलिकति मलाई दिए पनि हुन्थ्यो ।*

आमाले आफूसँग 'तुकँमा' भएको र तरिमाको आवश्यकताअनुसार आजै दिने जवाफ दिइन् । तोरीको सागलाई माला बनाई सुकाएर तोरीको सुकेको साग वर्षभरिजसो खाने चलन छ । त्यही साग घैंटोमा कोचेर अमिलो भएपछि झिकेर सुकाइन्छ, त्यसपछि त्यो गुन्द्रुक बन्छ । तोरीको सागबाट दुई प्रकारको तरकारी बनाउने गरिन्छ । त्यस्तो तरकारी आफू पनि खाइन्छ र अरू इष्टमित्रलाई पनि बाँडिन्छ । गहुँको पिठोका परिकारहरूमा रोटी वा 'ग्वार्चा' दुवैमा तोरीको यस्तो सुख्खा साग सुहाउँछ र मीठो पनि हुन्छ । गहुँले गर्मी प्रदान गर्छ भने तोरीको सागले ठन्डी । अर्थात् यी दुईको संयोजनले भोजन सन्तुलित हुन्छ ।

'ग्वार्चा' मा सानो केराउ र आलु हालेर 'सागेचा' र 'तुकं' मिसाउँदा बेग्लाबेग्लै स्वाद हुन्छ । यस्तो परिकारलाई जति बढी पकायो, त्यति नै स्वादमा बृद्धि हुन्छ । यस तथ्यलाई म आफैँले अनुभव गरेकी छु । रोटी बेलेर स-साना

टुक्रा पारी उम्लेको पानीमा हालिदियो र जुन जे किसिमको मिश्रणले 'ग्वार्चा' तयार गर्नुपर्ने हो, त्यो हालेर नुन-खोर्सानी हाल्नुपर्छ । स्वाद भनेको त पकाइको तापक्रममा निर्भर गर्छ । जति बढी तापक्रममा 'ग्वार्चा' पाक्यो, त्यति नै मीठो स्वादको गुणस्तर बढेर जान्छ । तापक्रमको सन्तुलनमा 'ग्वार्चा' को स्वादको स्तर निर्धारित हुन्छ ।

आलु र प्याज भण्डारन गर्ने हाम्रो आफ्नै विधि छ । जति चिसो ठाउँमा आलु तथा प्याजलाई भण्डारन गर्‍यो, त्यसको समयावधि त्यसैमा निर्धारित हुन्छ । उत्तर लङको कोठा त्यसका लागि उपयुक्त हुन्छ । यो कुरा मेरो घरमा नै लागू भएको छ । दक्षिणतर्फ 'तुकंमा' र 'मल्तामा' घरबाहिर झुन्ड्याएर राख्ने प्रचलन छ । घरका चारै दिशाको आ-आफ्नै महत्त्व छ । कहीँ लसुनको मुठा झुन्ड्याउने त कहीँ अदुवालाई प्रकाशशून्य अवस्थामा छोपेर राख्ने । कतै मकैको झुत्ता मिलाएर राख्ने त कहीँ धानलाई हावा बन्द गरी भकारीमा राख्ने । यी सबै खाद्यवस्तुहरूलाई घरका सबै दिशा र कुनाकाप्चा, खुला र बन्द स्थानमा भण्डारन गर्ने हाम्रो प्रचलन अत्यन्तै वैज्ञानिक छ । हामीले वर्षको एक सिजनमा उत्पादन गरेको वस्तु सालभर उपभोग गर्ने गर्छौं । यही हाम्रो विशेषता हो । परम्परागत रूपमा सञ्चालन भएको 'पालुङ्गाल' ले वर्तमानको खर्चिलो 'शीतगृह' ले गर्न सकेजस्तै अदुवाको संरक्षण गर्दछ । आवश्यक खाद्यसामग्री र ऊर्जाका लागि चाहिने दाउरा, पराल, ढोड र छ्वालीसमेत भण्डारन गरेर राख्ने हाम्रो आफ्नै प्रविधि छ ।

तरिमा प्रत्येक गाँसमा खानाको तारिफ र खाद्यवस्तुको व्याख्या गरिरहेकी छन् । उनको भनाइमा चामलभन्दा गहुँ मीठो, गहुँभन्दा मकै मीठो । तर बनाउन बिगारियो भने बेस्वादको खाना स्वीकार्नुपर्छ । तरिमाको बलियो अठोट के रहेछ भने खाद्यपदार्थ स्वादिलो हुनका लागि बनाउने हात र बनाउने मान्छेको मन पनि खाद्यपदार्थको पकाइमा जुटेको हुनुपर्छ । वास्तवमा पकाउने मान्छेको मनको पवित्र भाव नै तयार भएको खाद्य-परिकारमा झल्केको हुन्छ । त्यसैले त एउटै सामग्री र समय लगाएर एउटाले तयार गरेको र त्यही सामग्री र समय लगाएर अर्कोले तयार गरेको खाद्य-परिकारको रङ्ग र स्वादमा नै फरक हुन्छ ।

भान्छाकोठाको झ्यालनजिकै मासुको सुकुटी झुन्ड्याइराखेकोमा नजर दगुराउँदै तरिमा सोध्छिन् – *यो कहिलेको सुकुटी हो ?*

बाजेले जाँडसँग 'लोसा' नखाने गरे पनि बाले कहिलेकाहीँ पिउँदा 'लोसा' का साथमा मात्र जाँड वा रक्सी पिउँछन् । सितनविना जाँड वा रक्सी पिउनु हुँदैन भन्ने बाको मान्यता छ । बालाई आवश्यक पर्ने भएकाले मासुको सुकुटी तयार गरिएको हो । तरिमाको 'कहिलेको हो ?' भन्ने प्रश्नको अर्थ 'ज्यादै पुरानो हो कि नयाँ हो ?' भन्ने हो । सुकुटी ज्यादै पुरानो भयो, बनाउन



जानिएन भने तीतो हुन्छ । आमा उनको सोधाइको उत्तरमा भन्छिन् – ***यो सुकुटी 'सिथी नखः' को हो । यसलाई राम्ररी पानी सुकाएर बनाइएको हुँदा राम्रो छ । राम्ररी बनायो भने त एक वर्षसम्म पनि सुकुटी खान सकिन्छ ।***

***के भनेको ? जेठदेखिको सुकुटी राखेको ?*** – तरिमा आश्चर्य प्रकट गर्छिन् ।

ज्येष्ठ शुक्ल षष्ठीका दिन 'सिथी नखः' हुन्छ । त्यो 'नखः' मा कुलदेवताको पूजा हुने हुँदा यसपटक हाम्रो गुठीमा ठूलै राँगो ल्याइएको थियो । कुलदेवताको पूजाका लागि 'दुगुचा' पनि भएको हुँदा राँगोको मासु धेरै बचेकाले हाम्रो भागमा तीन धार्नी मासु आएको थियो । त्यही मासुलाई आमाले राम्ररी 'सुकुला' बनाएर राखेकी हुन् ।

'सिथी नखः' अर्थात् कुमारषष्ठीका दिन टौमढीमा भगवतीजात्रा हुन्छ । आमा भन्छिन् – ***'सिथी नखः' का दिन नगरभरि कुलदेवताको पूजा र भोज भए पनि जात्रा भने भगवतीको मात्र हुन्छ । त्यस जात्रामा म केटाकेटी छँदा गएकी थिएँ । हाल केही वर्ष भयो, मैले त्यस जात्रामा सहभागी हुने मौका पाएकी छैन । यसपालि जाउँला जस्तो लागेको थियो, तर घरको काम र भोजको तयारीमा लाग्दा जान पाइनँ । त्यस बखत मुगी, मास, केराउ आदि छ्थरीको 'बारा' बनाउनुपर्ने तथा चामल, मकै र गहुँ आदि छ्थरीको चटामारीजस्तो रोटी बनाई कुलदेवतालाई चढाउनुपर्ने भएकाले घरमा धेरै नै काम रहन्छ । त्यसै दिन हाम्रो 'घेगुपूजा' पनि भएकाले कामको भ्याइ-नभ्याइ भएर पनि त्यस दिन मलाई फुर्सद रहेन । हाम्रो घरमा राँगाको मासु वा त्यस मासुको सुकुटी खाली गर्नु हुँदैन । चकनाका बाको भनाइ छ – 'ऐलाया पासा मेयाला ।' दुई टुक्रा सुकुटी भिजायो, त्यसमा खोर्सानी र नुनका अतिरिक्त अलिकति अमिलो मिलाएर सिलौटोमा कुटिदियो, बस् ! अचार तयार भइहाल्छ । हो, यही अचार नै 'लोसा' भइहाल्छ ।***

यस भनाइलाई तरिमाले पुष्टि गर्दै भन्छिन् – ***जाँडलाई सितन नभए पनि हुन्छ । किनभने त्यसमा शरीरलाई चाहिने आवश्यक पौष्टिक तत्त्व विद्यमान हुन्छ । तर रक्सीमा भने पौष्टिक तत्त्वको जरुरत पर्दछ ।***

उनले आफ्नो पहिलो प्रश्नलाई स्पष्ट पार्दै भन्छिन् – ***यो सुकुटीमासु गुठीपूजाबाट आएको हो कि भनेर सोधेकी हुँ ।***

गुठीपूजामा मात्र होइन, समय-समयमा गुठीयारहरू मिलेर भोज खाँदा काटेको राँगोको मासु बच्यो भने पनि मासु भाग लगाई घरघरमा ल्याउने प्रचलन छ । त्यसरी भागमा आएको मासु दोस्रो दिन गनाउन सक्ने सम्भावना भएको हुँदा त्यसलाई लामो समयसम्म राख्न सकियोस् भन्नाका लागि तुरुन्त सुकुटी बनाउने गरिन्छ । सुकुटी बनाउँदा पहिले आगोमा बफ्याएर मासुमा भएको बाहिरी पानीको भागसम्म सुकाउने काम हुन्छ । त्यसपछि घामको प्रकाशमा नपारी घामको तापका साथमा हावा लाग्ने ठाउँमा झुन्ड्याएपछि तीन-चार दिनमै सुकुटी तयार हुन्छ । त्यस्तो सुकुटी ओसिलो ठाउँमा राख्नु हुँदैन । यसको भण्डारन पूरा हावा खेल्न सक्ने स्थानामा राख्ता लामो

समयसम्म यसको गुण र स्वाद दुवैमा फरक आउँदैन । यो बनाउने प्रक्रियामा म अभ्यस्त भइसकेकी छु ।

कुनै पनि खाद्यवस्तुमा भएको पानीको तत्त्वलाई सुकाइदिने हो भने त्यो वस्तु लामो समयसम्म उपभोगयोग्य हुन्छ भन्ने सिद्धान्तका आधारमा हजारौं वर्षदेखि चलिआएको हाम्रो चलन उही पुरानै रीति र प्रविधिअनुसार नै चलिरहेको छ । साग, आलु, प्याज र लसुनदेखि मासुसम्मलाई हामीले सुरक्षित राख्ने विधिमा परिवर्तन गरेका छैनौं र गर्नुपर्ने आवश्यकताको बोध पनि गरेका छैनौं ।

खाना खाएर तरिमा र म कोठामा आउँछौं । पूर्ववत् अवस्थामा तरिमा बस्छिन् र म उनको छेउमै बस्छु । उनी पुरानो कुरा सम्झँदै भन्छिन् – *तिम्रा तरिबा अर्थात् तरिभाइले रक्सी वा जाँड पिउँदा सितनको कुनै मतलब नै राख्तैनथे । भटमासमा लसुन र अदुवा हालेर बनाएको सितन राम्रो मानिन्छ । अझ अलि मिहिनेत पर्ने कचिला वा छोयला त जाँड-रक्सीका लागि सुहाउने सितन हो । उनका लागि म सधैं केही न केही सितन बनाउँथें । तर उनले भने मैले बनाएर दिएको सितन कहिल्यै पूरा खाएनन् । उनको जोड सितनमा भन्दा पेयपदार्थमा बढी रहन्थ्यो ।*

मेरा बाले सितनका लागि सङ्ग्रह गरेको सुकुटीले तरिमाका पहिलेका घटनाहरू सम्झनाको सतहमा सलबलाएको मैले देखें । उनी तरिभाइको अल्प आयुमा नै भएको मृत्युको कारण विनासितनको जाँड-रक्सीको सेवन थियो भन्न खोज्दै थिइन् । तरिभाइले किन अत्यधिक जाँड-रक्सी खान थाले भन्नेबारेमा उनले भनिन् – *पहिले विवाहको समयमा जाँड वा रक्सी बढी खाँदैनथे । उनले जाँड मात्र वा रक्सी मात्र एक चीज खाइदिएका भए त्यसरी उनी बिग्रँदैनथे । युवा अवस्थाको जोस, सुरुसुरुमा रक्सी र जाँड दुवै पचाउँदै गए । 'यस्तै त हो नि' भन्दै पिउने मात्रा बढाउँदै लगे । भ्वाम्म नलागुन्जेलसम्म पिउनुपर्ने आदतले गर्दा पिउने पदार्थको परिमाण बढ्दै गयो । पछिपछि त बिहान उठेपछि राति नसुतेसम्म पिउनुपर्ने भयो । झगडा पनि गर्न थाले ।*

तरिमाको यो निष्कर्ष थियो – *यो जाँड र रक्सी पिउने काम राम्रोचाहिँ होइन ।*

तरिभाइसँगको सम्बन्धका बारेमा उनले भनेअनुसार प्रेमविवाह भएको हुँदा सुरुका दिनहरूमा भोग र सम्भोगका कारणले प्रेम बढ्दै गयो । प्रेम कसरी बढ्यो भने दुवै शरीर एकै भयो । विशेष काम नभएको हुँदा बिहान, दिन र साँझ पनि भनिएन । उनीहरू एक-अर्कामा कसरी फसे भने दिउँसो पनि पृथक् हुन गाह्रो भयो तिनीहरूलाई । विशेष काममा बाहेक कोठाबाट निस्कने कुरै थिएन । दुवै सधैं उत्तिकै उत्तेजित रहन्थे र घन्टौं होस गुम भएको अवस्थामा अँगालोभित्र गाँजिन्थे । साथीभाइले जिस्क्याउँदा र घरका मान्छेले गाली गर्दा पनि तिनीहरूको बन्द कोठा धेरै हप्तासम्म खुल्न सकेनन् । शरीरका अङ्ग र अवयव कमजोर हुँदै जाँदा पैदा हुने शिथिलता नै एक-अर्कामाथि थपिने भार हो



र दुवै एउटैमा विलय हुने बाटो पनि हो । यस्तो अन्तहीन गन्तव्यको रोजाइ उनीहरूको भूल हो र त्यो गलत थियो भन्ने जानकारी उनीहरूमा थिएन । उनीहरूले त्यसलाई नै प्रेमको सङ्ज्ञा दिएका थिए । त्यही 'प्रेम' पछि 'घृणा' मा परिवर्तित भयो । कालान्तरमा घृणाको जगमा प्रेम विस्थापित हुन पुग्यो ।

साधारण अवस्थामा गरिने क्रिया र पिएर असाधारण मनस्थिति भएपछि हुने क्रियामा तरिभाइले फरक आनन्दको महसुस गरेपछि उनी सधैं पिएर मात्र कोठामा पस्न थाले । त्यही उनको नराम्रो आदतले गर्दा तरिमा परपर हुन थालिछन् । आखिर परिणामस्वरूप उनको पिउने बानी बढ्दै गएको रहेछ । विवाह भएको चार वर्ष पनि बितेको थिएन, उनले मृत्युवरण गरेछन् । यी सबै कुरा भन्दाभन्दै तरिमाजस्ती स्वाभिमानी र हिम्मती आइमाईको पनि आँखाभरि आँसु रसाएको मैले देखें । मैले उनको अनुहार हेर्नै सकिनँ । कसैको पनि दुःखपूर्ण आँखा देख्नेबित्तिकै मेरा आँखा रसाइहाल्छन् र मनभित्र संवेदनाका लहरहरू उर्लिन थाल्छन् । उनको आँखाको हेराइले मेरा आँखा पनि रसाए र उनीसँगै म पनि दुःखी हुन पुगें ।

यही मेरो कमजोरीलाई जानेर मेरा भावनासँग खेलिरहेका छन् मेरा दौंतरीहरू र मित्र भन्नेहरू पनि । शिवजुजुसँग केवल उनको दुःखपूर्ण अनुहार हेरेर मैले सम्झौता गरेकी हुँ, उनको व्यवहारसँग होइन । उनी जहिले भेटिन्छन्, ओइलाएको अनुहार र शिथिल मनस्थितिमा भेटिन्छन् । अझ मलाई भेटेपछि त उनका आँखा रसाउँछन् र हातका औंलाहरू काँपेका देखिन्छन् । किन यसरी उनी दुःखित छन् भन्ने त मलाई पनि पत्तो छैन । उनीसँग भेट भएपछि म पनि उनीजत्तिकै दुःखित हुँदै संवेदनशील हुनुपर्छ र भइदिन्छु ।

तरिमाका दुवै आँखाबाट बररर एकैपटक आँसुका थोपाहरू गालाको डिललाई छुँदै छातीतर्फ झर्न थाल्छन् । दुवै हातले ओढ्नेको छेउ समाई उनी अनुहार छोप्न पुग्छिन् । तरिमा पनि रुन्छिन्, उनीसँग पनि आँसु छ भन्ने कुरामा मलाई विश्वासै थिएन । उनीजस्ती परिपक्व, बहादुर र शक्तिवान् आइमाईमा पनि दुःख बचिरहन्छ र लागेको घाउ सेलाउँदैन भन्ने यतिखेर मलाई जानकारी भयो, जस्तो मलाई मेरो भित्र छ ।

दुःखपूर्ण दिन बिर्सिन नसकिने रहेछ । उनी तरिभाइको मृत्युको दिन सम्झँदै भन्छिन् – *त्यस दिन म कोठामा एक्लै थिएँ । बिहान झिसमिसेमै मेरो कोठा ढकढकाएर कसैले मलाई उठाए । जाडोको समय थियो । मलाई ओछ्यान छोड्न गाह्रो भयो । तर पनि बाहिरको चिच्याहटले मलाई कोठाबाट बाहिर निस्कन बाध्य बनायो । म बाहिर निस्किएँ । सबैको आत्तिएको अनुहार देखें । तरिभाइ त तल ढोकाको छेउको पेटीमा मृत अवस्थामा रहेछन् ।*

*ए ! ढोकाबाहिर ?* – मैले झस्किएर बीचैमा सोध्न पुगें ।

*हो, जाडो महिना थियो । सधैँ राति आधा रातमा घर आउँथे त्यस बखत । ढोकामा पूरा गजबारले बन्द गरिँदैनथ्यो, उनी घरमा नआएसम्म । उनले बाहिरबाटै खोल्न सक्ने गरी ढोका बन्द गरिने व्यवस्था थियो । त्यस दिन बढी नै पिएछन् क्यारे । ढोकासम्म आउन नसकेर बेहोस भएछन् । चिसो वातावरणले रगतलाई चिस्याएर बाक्लो बनाएपछि रक्तसञ्चार हुन सक्तैन । मुटुमा रक्तसञ्चार नभएपछि मुटुको क्रिया बन्द हुन्छ । त्यही कारणले उनको मृत्यु भएको रहेछ । यी सबै कुरा मलाई पछि जानकारी भयो ।*

मेरो जिज्ञासा बढ्नु स्वाभाविकै हो – *अनि के भयो ?*

*सबै गुठीयारहरू भेला भए । बाँसको खट बनाउन एक समूह लाग्यो भने अर्को समूह 'दिप' अर्थात् मसानमा दाउराहरू तयार गर्न खटिए । नजिकका इष्टमित्रमा फुपू, दिदी, बहिनीहरूलाई खबर गर्न मान्छे खटिए । गुठीका र इष्टमित्रका आइमाईहरू मलाई सम्झाउन थाले । घरभरि शोकाकुल अवस्था थियो भने घरबाहिर तरिभाइको लासलाई उत्तानो पारेर सुताई सेतो कपडाले छोपिएको थियो । टाउकोनजिक दियो-बत्ती राखिएको थियो । लासलाई कसैले नछोओस् भनेर कुरुवाहरू बसेका थिए । चलनअनुसार तरिभाइकी निनी इटाछेँटोल बाट र दिदी घचाटोलबाट रुँदै आइपुगे । उनीहरू आइपुगेपछि एकपटक रुवाइको कोलाहल भयो र घरका आइमाईहरू पनि रुन थाले ।*

छोरीबेटीले घरदेखि नै रुँदै आउनुपर्छ । त्यसरी रुँदै आउँदा एक वा दुई आइमाईलाई अँगालो हालेर सबै टोल-छिमेक र बाटोका बटुवाहरूले पनि सुन्ने र बुझ्ने गरी विलाप गरी-गरी चिच्याएर बाटोभरि रुँदै आउनुपर्छ । योचाहिँ चलन हो । दुःख लागे पनि नलागे पनि रुँदै आउने यो चलन आजसम्म पनि कायमै छ । रुनु भनेको मनबाट दुःखलाई विस्थापित गराउनु हो भने दुःखमा नरुनु भनेको मनभित्र दुःखको जरा गाड्नु हो । त्यसैले दुःखमा रुनु अनिवार्य छ । यही वैज्ञानिक तथ्यलाई अभ्यस्त गराउन रुँदै माइत आउने यो चलन चलेको हो कि भन्ने लाग्छ ।

*मृतकको दाहसंस्कारको चलनअनुसार कामको बाँडफाँड भएकाले 'दिप' मा 'च्यो' जातिका मान्छेलाई जलाउने काममा खटाइयो भने मुर्दालाई मसानसम्म लानका लागि 'चलंचा' लाई खबर गरियो । उनी आउन अबेर भएको हुँदा मुर्दा उठाउन केही समय लाग्यो । तर पनि समय खेर गएन । लासलाई मान्द्रामा बेर्ने र खटमा राख्ने काम सम्पन्न भएपछि घरबाट नै अग्नि 'दिप' मा लाने चलनअनुसार सबै गुठीयारहरू जम्मा भएर अन्तिम दाहसंस्कारका लागि 'भिसिँखेल' मा लगे । हामी आइमाई त्यस अवधिमा घरबाट बाहिर जान नहुने हुँदा शोकाकुल वातावरणमा घरमै बस्यौँ ।* – उनी यति भनेर हिक्का छोड्न थालिन् र सम्झेर रुन थालिन् ।

त्यो दुःखपूर्ण घडी बितेको आधा शताब्दी बितिसक्ता पनि मनभित्र गढेको दुःख आलै भएर निस्कँदो रहेछ । मेरो दुःखलाई थुमथुम्याउन मेरो नजिक आएकी तरिमालाई आज मैले नै सान्त्वना दिनुपर्ने स्थितिको सिर्जना



भयो । उनी मेरो काखमा घुप्लुक्क घोप्टिएर घुँक्कघुँक्क गर्न थालिन् केटाकेटीजस्ती भएर । मैले मेरा सबै दुःखलाई बिर्सिएर उनको सम्झनाको दुःखलाई साथ दिँदै उनको टाउकोलाई मेरो दाहिने हातका औँलाले सुमसुम्याइदिएँ र कपालको जरासम्म केलाउँदै मैले भनेँ – *तरिमा ! दुःख नमान । यस्तै हो आइमाईको जीवन । सहनु नै आइमाईको नियति हो । आइमाईले मात्र सहन गर्नुपर्छ र गर्न पनि सक्छन् । किनभने आइमाई 'पृथ्वी' हो ।*

मलाई लाग्छ, जीवनमा साना वा ठूला समस्यासँग अल्झिएको समय, दुःख-सुखका क्षण र आफैँले गरेको गलत वा सही निर्णयका घटनाहरू जीवनसँग जीवन्त हुने रहेछन् । कुनै पनि जीवनको छेउकुना, मोड वा सामुन्नेमा आएर खडा भएर ती उभिने रहेछन् र जीवन-सञ्चालनमा अवरोध पैदा गर्ने रहेछन्, जीवन-जगत्को साक्षीका रूपमा जीवनपर्यन्त रहने रहेछन् ।

# कौला

यो नगरको शिरोभाग हो । यहाँ सूर्यको पहिलो किरण पर्छ । त्यसैले होला यो स्थानको नाम 'सूर्जेमाह्री' रहेको । यो नगर पूर्वबाट फैलिँदै र साँघुरिँदै पश्चिमतर्फ बढेको छ । पूर्वमा 'सूर्जेमाह्री' र पश्चिममा 'भारभाचो' यस नगरको पूर्व र पश्चिमको सीमा हो । तर यतिखेर नगरको आयतन बढ्ने क्रम जारी छ । यसरी नगर-विकास हुँदै जाने हो भने नेपाल उपत्यका एकै सहरमा परिणत हुन सक्छ । तर त्यसो हुन सयौं वर्ष लाग्छ भन्ने अनुमान गर्न सकिए पनि अहिलेको नगर-विकासको क्रम वैज्ञानिक र सन्तुलित रूपले भएको देखिँदैन । दक्षिणदिशातर्फ ढल्किँदै पूर्वबाट पश्चिमतर्फ फैलिएको यो नगर पूर्ण वैज्ञानिक र व्यवस्थित रूपले निर्माण भएको अनुमान गर्न सकिन्छ ।

नगरमा निर्मित सबै घरहरू जो कुनै पनि दिशामा फर्किएर निर्माण भएका छन्, प्रायः गरेर ती घरहरूको केही भाग दक्षिणदिशातर्फ खुला रहने गरेका छन् । यसको कारण हो जोडिएर निर्माण भएको घर भए पनि सबै घरमा सूर्यकिरण पुगोस् । सूर्यको किरण मानव-जीवनका लागि अपरिहार्य छ । यसको उपस्थितिविना कुनै पनि पदार्थ, वनस्पति र जीवले सन्तुलित विकास गर्न सक्तैन । यसै हेतुले नगरको बस्ती निर्माण गर्दा ध्यान पुऱ्याइएको देखिन्छ । यस नगर-निर्माणको इतिहासलाई विचार गर्दा एक हजार वर्षको पूर्वसमयलाई ध्यानमा राख्ने हो भने मात्रै यसको निर्माणको महत्त्वपूर्ण पक्षलाई केलाउन सकिन्छ । यस नगरमा एक हजार वर्षपहिले बनेका घर, चोक, डबली, सत्तल र मन्दिरहरू वर्तमान समयमा पनि देख्न सकिन्छन् । यसमा सामान्य मर्मत भएका होलान् र जीर्णोद्धारसम्म भएका होलान्, तर नवनिर्माण भने नभएका पनि हुन सक्छन् । यो नगर उपत्यकाकै प्राचीन नगर हो र त्यस बखतको स्थान र स्वरूप अलिकति पनि नखज्मजिईकन यो हालसम्म जीवन्त रहेको छ ।

यस नगरको निर्माण र सभ्यताको विकासका सम्बन्धका केही बुझ्ने, केही अध्ययन गर्ने र केही प्रत्यक्ष हेर्ने उद्देश्यले महेश जोशीलाई मैले 'च्यामासिं' मा बोलाएकी छु । उनी यस विषयका अध्येता र मित्र पनि भएका हुँदा आज मैले उनीसँग नै घुम्ने निर्णय गरेकी छु । उनी पनि मसँग घुम्न र बातचित गर्न रुचाउँछन् । उनले धेरैपटक भनेका थिए – 'तिमी एक दिन फुर्सद निकाल, म नगर घुमाइदिन्छु ।' यही उनको आग्रह र मेरो जिज्ञासाबीच तालमेल मिलाउन पनि आजको कार्यक्रम निश्चित भएको हो ।



हुन त आफू जन्मेको नगर बाल्यावस्थादेखि नै म घुमेकी घुम्यै छु । नगरका बाटाघाटा, त्यहाँ भएका ढुङ्गा, इँटा, मठमन्दिर र धारा, डबलीले समेत मलाई राम्ररी चिनेका छन् जस्तो लाग्छ र मैले पनि तिनीहरूसँग नजिकको सम्बन्ध राखेकी छु । तर मेरो हेराइ र चिनाइ सतही हुन सक्छ र सरल हुन सक्छ । त्यसैले तिनलाई ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमिका आधारमा हेर्दा अर्कै देखिन्छ ।

महेश र शिव दुवै मेरा मिल्ने साथी हुन् । बाहुन र जोशी यी दुवै परिवार यस नगरको संस्कृति र परम्परादेखि चलेको रीतिस्थितिका संरक्षक पनि हुन् । यस विषयमा यिनीहरूले आफ्नै परिवारबाट नै धेरै कुरा सिकेका हुन्छन् । त्यसैले पनि यिनीहरूलाई मलाई भन्दा बढी जानकारी छ । विषयप्रतिको एकै दृष्टिकोण एवं अध्ययन र चिन्तन भएका कारणले पनि यी दुई मित्रमा मेल भएको हो । तर जब मेरो विषय यी दुई मित्रसामु खडा हुन्छ, यिनीहरूमा एकै मत हुन सक्तैन र यिनीहरूबीच विवाद पैदा हुन्छ । यति मात्र होइन, कैयौं दिन यिनीहरू एक-अर्कालाई आरिस गर्दै मुन्टो बङ्ग्याएर पनि हिँड्छन् । त्यस बखत फेरि मैले नै बीचमा बसेर यिनीहरूको समन्वय गराउने काम गर्ने गरेकी छु ।

शिवजुजु मेरो यौवनका सुरुका दिनदेखि नै मेरो भावना र जीवनसँग नजिकिए । मेरो बाल्य-यौवनमा मलाई न्यानो कौतूहल दिँदै मनोरञ्जन दिए र लिए । नजानिँदो र अबुझ अवस्थामै मेरो ठाडो शोषण गरे । उनीबाट म कसरी शोषित भएँ भने म शोषित भइरहेकी छु भन्ने कुरा पनि मैले चाल पाइनँ । जब मेरो जीवनका हरेक पाइलामा अवरोधहरू खडा हुँदै गए, म घरको न घाटको स्थितिमा दोबाटोमा उभिन पुगेँ । मेरो गन्तव्य हरायो । जीवनको दिशाबोध हुन सकेन र हिड्ने बाटो पनि छायाँमा परेर बिलायो । मेरो यो अवस्था देखेर महेश मसँग नजिकिन खोज्छन् र दयाको भाव देखाएर सहयोग गर्न तत्पर रहन्छन्, यद्यपि उनको भित्री मनको कुरो मैले बुझ्न सकेकी छैन र बुझ्ने कोसिस पनि गरेकी छैन ।

म 'सूर्जेमाह्री' पुग्दा महेश जोशी फल्चामा बसेर मेरो बाटो हेरिरहेका रहेछन् । मलाई देख्नेबित्तिकै फल्चाबाट उठेर उनी मनजिक आइहाले र भनिहाले – ***एकपटक च्यामासिं पुगेर फर्कौंला, हुँदैन ?***

मैले च्यामासिं जाने जरुरत सम्झिनँ । च्यामासिं अर्थात् आठ सिंह । पोखरीका चारै दिशामा पोखरीतर्फ नै फर्किएका चार जोडी प्रस्तरका सिंहमूर्ति छन् । त्यो ठाउँ हामी उभिएको ठाउँबाट करिब एक सय मिटरको दूरीमा पूर्वतर्फ नगरबाहिर छ । हुन त टाढा होइन, तर पनि नजाने निर्णय गरेर भनेँ – ***नगरको पूर्व भाग भएर नै 'सूर्जेमाह्री' नाम रहेको हो कि ?***

*हो, सूर्यको किरण पहिले यसै स्थानमा अवतरण हुने भएकाले यस ठाउँको नाउँ 'सूर्जेमाह्री' रहेको हो ।*

खुला चोक, डबली, फलैँचा र हिन्दू र बौद्धको तीर्थस्थल रहेको यो 'सुरुमाह्री' वा 'सूर्जेमाह्री' मा ज्यापू, कुम्हाल, शाक्य र नापित सबै जातिको बसोबास छ । यस स्थानमा बौद्धधर्मावलम्बीको तीर्थस्थल आदिनाथ महाविहार छ भने वैष्णवभक्तको तीर्थस्थल नारायणमन्दिर पनि छ । यहाँका नारायणलाई 'वाकुपति नारायण' भनिन्छ । यो 'वाकुपति' को अर्थ खोज्दै म महेशलाई प्रश्न गर्छु । उनी शब्दार्थ गर्दै भन्छन् – *'वाकु' को अर्थ धानको रास हो । त्यसै धानको रासबाट यी नारायण उत्पन्न भएका हुँदा यिनको नाउँ 'वाकुपति' भएको हो अर्थात् धान्याञ्चलका मालिक ।*

पहिले पनि म धेरैपटक यस मन्दिरमा आएकी छु । पूर्ण मानवकदमा पश्चिमाभिमुख भएर बसेका नारायणलाई अनेकानेक गरगहनाले सजाइएको छ । मन्दिरको प्राङ्गण सफा र राम्रो हुनुका साथै भजन गर्नका लागि त्यहाँ फलिचाहरू पनि छन् । हामी 'सूर्जेमाह्री' का छेउकुना र गल्लीका बस्तीहरूमा घुम्दै 'गःछेँ' आइपुग्छौँ, जहाँ नवदुर्गाको 'द्योछेँ' छ ।

नवदुर्गा ख्वपदेशको पहिचान हो । नवदुर्गाको नाच हेर्न र त्यस नृत्यकार्यक्रमअन्तर्गत 'डाल्याकेगु' बाट बालक, युवा र वृद्ध सबैले भरपुर मनोरञ्जन लिने गर्छन् । आ-आफ्ना टोलमा नवदुर्गा आउँदा र नृत्य प्रस्तुत गर्दा ती टोलवासीले वार्षिक उत्सवजस्तै गरी मनाउने चलन छ । यी नवदुर्गालाई मनोरञ्जनको दृष्टिले भन्दा बढी धार्मिक भावले हेर्ने र मान्ने चलन छ ।

पूर्वतर्फ फर्किएको मूल द्वारबाट हामी 'नवदुर्गा द्योछेँ' मा प्रवेश गर्छौं । सानो चोकबाट एक तला माथि पुग्छौँ र प्रवेशद्वारको ठीक माथिको लामो कोठामा पुग्छौँ । स-साना आँखीझ्यालबाट मात्र बाहिरको प्रकाश आउन सक्ने भएकाले कोठा अलि अँधेरो छ । तर त्यहाँ केही समय बित्दै जाँदा त्यहाँ भएका र कोठामा सजाइराखेका सबै वस्तुहरू एक-एक गरी देखिन थाल्छन् । त्यहाँको वातावरणले जीउ भारी भएको मैले महसुस गरेँ । मैले पहिले-पहिले पनि यस्तै अनुभव गरेकी थिएँ । तर देवताको मन्दिर भएकाले डर मान्ने त कुरै भएन । तैपनि मैले महेशलाई आफ्नो कुरो राखिहालेँ – *महेश ! तिमीलाई यहाँ कस्तो अनुभव हुन्छ ? मलाई त केही असाधारणजस्तो लाग्छ ।*

*हो चकना ! मलाई पनि शरीर साँघुरिएको जस्तो अनुभव हुन्छ । नजानिँदो डरको भाव पैदा हुन्छ मनभित्र । तर देवस्थल हो भनेर ढुक्क हुन्छु । यो तन्त्रसाधनाद्वारा व्यवस्थित भई निश्चित भएको स्थान हो । यो अन्य देवस्थलजस्तो खुला र खुकुलो छैन । हेर न ! यहाँ लाम लगाइएका जाँडका घ्याम्पाहरू ! यी सबै*



*तन्त्रविधिद्वारा स्थापित घ्याम्पाहरू हुन् । यी घ्याम्पाहरू जुनसुकै समयमा खोल्नु हुँदैन । हरेक भाँडो खोल्नका लागि निश्चित समय तोकिएको हुन्छ ।*

बीचमा महालक्ष्मीको सानो मन्दिर छ । त्यसलाई 'सिफद्यो' भनिन्छ । माथि नवदुर्गानृत्यका 'ख्वापा' हरू झुन्ड्याएर राखिएका छन् । उत्तरबाट गणेश र शिवको समेत नृत्यसँग सम्बन्धित सबै ख्वापाहरू लस्करै झुन्ड्याइएका छन् । त्यतातिर हेर्दै गर्दा एउटी बूढी आइमाई हामी भएतिर आइन् र हामीलाई 'पासुका' र फूलप्रसाद दिइन् । मैले उनलाई सोधिहालेँ – *'नकीँ' हो ?*

उनी हाँसिन् र जवाफ दिइन् – *पहिलेकी त म 'नकीँ' हो, तर अहिले मेरी बुहारी 'नकीँ' भएकी छन् ।*

'नैकिनी पदबाट कसरी हट्यौ त ?' भन्ने मेरो प्रश्नको उत्तरमा उनी भन्छिन् – *मेरा लोग्ने मरेका हुँदा मैले पद छोड्नुपरेको हो । तर मेरै बुहारी नकीं भएकी छन् ।*

हाम्रो जातमा सधवा र विधवाको प्रश्न उठाइन्नथ्यो । तर यहाँ भने विभेद रहेछ । सायद यो धार्मिक स्थल भएर होला, यहाँ फरक व्यवहार गरिएको छ । तान्त्रिक विधिद्वारा पूजा-अर्चना गर्ने यस्ता देवस्थलमा नारीको प्रधानता रहन्छ । 'नकीँ' नै सर्वेसर्वा हुन्छन् र उनकै नायकत्वमा धार्मिक कार्यको सञ्चालन हुन्छ ।

नवदुर्गाका बारेमा मलाई भन्दा महेशलाई थाहा छ । तर उनलाई पनि पूर्ण जानकारी छैन भन्ने कुरा उनले मलाई भनिसकेका छन् । हामी दुवैले केही जानकारी लिऊँ भन्ने आशयका साथ त्यहाँ भएका एकजना व्यक्तिसँग सोधखोज गर्‍यौँ । हामी पश्चिमतर्फको लङको मटानमा पस्यौँ । पुरानो शैलीको घर, पूर्व र दक्षिण मटान-बार्दली, चोकको माथि खुला आकाश । त्यसैले यथेष्ट प्रकाश छ यहाँ । वातावरण शान्त छ । कोही जानकार मान्छे भए केही कुरा सोध्ने थियौँ भन्ने हाम्रो भनाइको प्रतिक्रियास्वरूप एउटा बेरेर राखेको सुकुल हाम्रा अगाडि बिछ्याइदिए र उनले सोधे – *कहाँ बस्ने हौ ? तिमीहरू लोग्नेस्वास्नी होइन त ?*

*हामी यहीँ चोच्छेँमा बस्ने हौँ ।* – महेशले तुरुन्त जवाफ दिए । अर्को प्रश्नको उत्तर दिनु उनले आवश्यक महसुस गरेनन् होला । मैले मनमनै विचार गरेँ – देवताको दर्शन गर्न प्रायः घरपरिवार आउने हुँदा यिनले यस्तो प्रश्न गरेका हुन सक्छन् । मैले पनि यस प्रश्नलाई गम्भीरताका साथ ग्रहण गरिनँ ।

हामी दुवै सुकुलमा बस्यौँ । महेशले मेरो अनुहारको नजिक ढल्किँदै मेरो आँखामा नियाल्न थालेको देखेँ । मेरो आश्चर्ययुक्त भावको हेराइले उनका आँखा मेरो अनुहारमा टिक्न सकेनन् र अनायास घोप्टिन पुगे । दाहिने हात भुइँमा टेकाएर शरीरको भार त्यसैतर्फ बिसाई म निहुरिएर बस्न पुगेँ । उनी

भावनाको तरङ्गमा बहन थालेको मैले देखें । मैले के भन्ने र के गर्ने भन्ने द्वन्द्वको सँघारमा म पनि उभिन पुगें । उनीजस्तै म पनि चुप नै रहें । यतिखेर हामी दुई मात्र छौं यहाँ । केही समयअघिसम्म महेश साधारण अवस्थामा थिए । उनी खुला रूपमा वस्तुको व्याख्या र स्थितिको विश्लेषण गरेर मलाई बताउँथे । तर अहिले उनको सहज हेराइ र साधारण क्रियाकलापमा एक्कासि तुषारापात भयो । उनी मौन मात्र रहेनन्, उनको आँखाका अतिरिक्त अनुहारको रङ्गमा समेत हल्का परिवर्तन देखिन थालेको छ । उनी मसँग एकान्तको खोजीमा थिए, आज उनले त्यो पाएका छन् । त्यसैले होला उनमा एकाएक परिवर्तन आएको ।

*के भयो महेश तिमीलाई ?* – मेरो नजानिँदो प्रश्न उनको अगाडि खडा भयो ।

उनले टाउको हल्लाएर 'केही होइन' भन्ने सङ्केतसम्म दिए, तर जवाफमा केही बोलेनन् । मैले उनलाई पूरक प्रश्न गरें – ***एकाएक तिम्रो निदाउरो अनुहार ! सन्चो भएन कि के हो ?***

तब पनि उनले बोल्ने चासो देखाएनन् । मेरा दुवै प्रश्न उत्तररहित मैसँग रहेपछि मैले नै बुझ्न बाध्य हुनुपर्‍यो । शिवजुजुले दिएको पीडा म उनीसँग बाँडौं भन्ने उनको विचार हुन सक्छ । किनभने म लच्किएँ भने उनको दयाको पात्रमा म परिवर्तित भइदिन्छु । म दया गरिन योग्य भएपछि उनले मलाई यथेष्ट दया गर्ने ढोका उघ्रनेछ, उनले मलाई माया देखाउन पाउनेछन् र माया जित्ने मौका पाउनेछन् । उनी यही सोचमा रहेका छन् भन्ने म बुझ्न पुग्छु । यो मेरो बुझाइ हो यतिखेर ।

मेरो हृदयमा मित्रको ठाउँ ओगट्न समर्थ भएका यिनीप्रति केही दयाको भाग र केही आपसी सहयोगको भागमा लटपटिँदै मायाको भाव टुसाउन सक्थ्यो होला । मेरो मन पनि केही परिवर्तन हुन सक्थ्यो होला यिनी अविवाहित भइदिएका भए । यिनी विवाहित छन् । जातकी राम्री श्रीमती र दुई छोराहरू छन् । यिनको घरमा मेरो आवतजावत छैन र यिनकी श्रीमतीले मलाई चिन्दिनन् पनि । तर उनी राम्रो व्यवहार गर्ने कुशल गृहिणी हुन् भन्ने कुरा मैले सुनेकी छु । त्यस्तो राम्रो परिवारिक सम्बन्धमा बाँधिएका यिनी किन समय-समयमा यस्तो अवस्थालाई निम्त्याउँछन्, मैले बुझ्न सकेकी छैन । मलाई एक्लो र एकान्तमा पाउनेबित्तिकै महेशका नौनारी खिचिन्छन् र लल्याकलुलुक भई उनको शरीर खुम्चिन पुग्छ । मानौं आफू र आफ्नो शरीरलाई मसमक्ष निःसर्त सुम्पिन खोज्छन् उनी ।

उनको निहुरिएको अनुहारलाई उनको चिउँडोमा आफ्नो हात लगाएर अनुहार उठाई हेरौं कि जस्तो लाग्यो, ठुस्किएको बच्चालाई मिठाई दिने प्रलोभनमा आफूमुखी बनाऊँ कि भनेझैं लाग्यो र दुःखित अवस्थालाई दयाको



भिख दिएर सन्तुष्ट तुल्याइदिऊँ कि भन्ने मनमा भाव जाग्यो । मनमा यस्तै खुलदुलीको तरङ्गले छोपिरहेको अवस्थामा एकजना मान्छे भर्‍याङ उक्लिएर हामीसामु आएर उभिए र हामी दुवैलाई झस्काउँदै भने – ***म यहाँको गाथा हो । के चाहियो तिमीहरूलाई ?***

भोटो-सुरुवाल लगाएका, कम्मरमा पटुका बाँधेका, मोटा, अग्ला, बाटुलो अनुहारमा राताराता आँखा भएका, हेर्दै 'भैरव' जस्ता देखिने मान्छेलाई हामी दुवैले हेरिरह्यौं, तुरुन्त केही बोल्न सकेनौं । एकै छिनपछि मैले भनें – ***बस न, हामी केही कुरा सोध्न आएका हौं ।***

मैले भन्नुपर्ने कुरा महेशले भन्नुपर्ने हो, किनभने यहाँका लोग्नेमान्छे आइमाईसँग भन्दा लोग्नेमान्छेसँग कुरा गर्न रुचाउँछन् । आइमाईलाई अनपढ र मूर्ख लोग्नेमान्छेले पनि आफूसमान देख्तैनन् । हुन त यो एक थरीको मात्र कमजोरी होइन, यो दुवै लिङ्गको कमजोरी हो – अर्को लिङ्गलाई समभावले हेर्न नसक्नु र सहजै स्वीकार्न नसक्नु । उनले महेशको बसाइलाई निरीक्षण गरे । दुवैले एक-अर्कालाई राम्ररी नियाले । आगन्तुकमा मसँग भन्दा महेशसँग कुरा गर्न रुचाएको भाव देखें । उनी महेशलाई सम्बोधन गर्दै भन्छन् – ***के जानकारी चाहियो तिमीहरूलाई ?***

***होइन, बसूँ न !*** – महेशको वाक्य फुट्यो । उनले सोधे – ***खः मेय् कहाँ राख्ने तीन-तीन महिनासम्म ?***

हामी बसेकै ठाउँको आग्नेयकोणको छिँडी तलाको कोठालाई देखाउँदै उनी भन्छन् – ***घण्टाकर्ण चतुर्दशीमा ल्याएर राँगो बाहिर ननिकालीकन कोठामै राखेर पाल्ने हो । दसैंको नवमीका दिन 'खः मेय् ब्वाकेगु' जात्रा चलाएर ब्रह्मायणी लाने हो ।***

मैले देखेकी त छैन, सुनेकीसम्म छु । यो 'खः मेय ब्वाकेगु' जात्रा खतरनाक हुन्छ । पोसिला तत्त्वहरू खान दिएर तीन महिनासम्म पालेको राँगोलाई जात्राका दिन नसालु पदार्थसमेत ख्वाएर र पिलाएर मदमस्त गराइन्छ र यहीं 'च्वछें' बाट बाहिर निकालिन्छ, अनि लखेट्तै र दौडाउँदै नगरभन्दा एक किलोमिटर दूरीमा रहेको ब्रह्मायणीस्थानमा लगिन्छ । यो जात्रा रात परेपछि मात्र सुरु गर्नुपर्ने भएकाले जोखिमपूर्ण हुन्छ । यसरी जात्रा सुरु गर्दा गाथाहरू 'सेतो जामा' को पोसाकमा हुन्छन् । रातमा त्यो राँगोलाई 'महिषासुर' को रूप सम्झेर बध गरिन्छ । नवदुर्गा हुने गाथाहरूले त्यसको काँचै रगत पिउने र रगतको होली खेल्ने कार्य सम्पन्न भएपछि याच्छेँटोलमा आई त्यसै राँगाको मासु दिएर चित्रकारले बनाएको नवदुर्गानृत्यका लागि आवश्यक 'ख्वापा' हरू लाने काम हुन्छ । विजयादशमीका दिन दिउँसो नवदुर्गागणका लागि आवश्यक रङ्गीन जामाका साथ अन्य कपडा र गहनाहरू ब्रह्मायणीस्थानमा ल्याइन्छ । विजयादशमीकै राति नवदुर्गागणलाई पोसाक र मुकुन्डो लगाइदिई विधिवत

रूपमा तलेजू जाने र त्यसपछि गाहिटीस्थित सभुङ्गाभैरवलाई दर्शन गर्न जाने प्रचलन छ । विजयादशमीको रातमा तलेजू निस्कने यस जात्रालाई 'पायः न्त्याकेगु' भनिन्छ । यो जात्रा युवायुवतीको प्रिय जात्रा हो । जात्रा सकिएपछि त्यसै दिन रात्रिमा नै यही 'द्योछेँ' मा 'नकीँ' ले 'लसकुस' गरी नवदुर्गागणलाई भित्र्याइन्छ ।

यी सुनेका र प्रचलनमा चलेका कुरा हुन् । नवदुर्गानृत्यलाई 'इकुँचा प्याखँ' भन्ने चलन छ । यसै सन्दर्भमा म प्रश्न राख्छु – *के यो नवदुर्गानाचलाई 'इकुँचा प्याखँ' पनि भन्दछन् ? यसबारेमा तिमीलाई केही थाहा छ कि ?*

*'इकुँचा प्याखँ' भनेको थाहा छैन, तर गाथाहरूलाई नाचको तालिम दिन भने 'इकुँडो' भन्ने खुला ठाउँमा लगेर सिकाउने चलन छ ।*

*नवदुर्गागणका कतिवटा 'ख्वापा' हुन्छन् ?*

*जम्मा तेह्रवटा 'ख्वापा' हुन्छन् । ती भनेका महादेव, गणेश, कालभैरव, महाकाली, बाराही, ब्रह्मायणी, महेश्वरी, कुमारी, वैष्णवी, इन्द्रायणी, सिंह, दुम्ब र श्वेतभैरव हुन् । सिफोद्यः मूल देवता हुन् । त्यहीँ पूजा गर्ने र 'मुबहाँ' बलि दिने काम हुन्छ । यसका अतिरिक्त भाग पाउनेमा मुख्य गणकी 'नकीँ' का साथै महापात्र, खिँबाजा, तःबाजा र कायँबाजा गरी यस नवदुर्गागणमा उन्नाइसजना सम्मिलित हुन्छन् ।*

*कहिले सुरु भएर कहिले अन्त हुन्छ ?* – म बिस्तारै प्रश्न सोध्न पुग्छु ।

उनी यसको तुरुन्त उत्तर दिँदै भन्छन् – *माघेसङ्क्रान्तिको भोलिपल्टदेखि सुरु भएर आषाढको भलभलअष्टमीसम्म नवदुर्गागणको नृत्य चल्छ ।*

'यो नृत्य कहाँ-कहाँ चल्छ ?' भनेर मैले वा महेशले सोध्नैपरेन, नवदुर्गागणका ती रकमी फटाफट भन्न थाले – *पहिले कार्तिकमा तलेजूमा गएर नृत्य गर्छन् । मार्गशुक्ल नवमीमा पशुपतिनाथमा पूजा गर्छन् र उनले दिएको पूजा ग्रहण गर्छन् । त्यसपछि 'योमरीपुन्ही' मा 'नकीँ' ले भोज खान दिन्छन् र थिमी लान्छन् । त्यहाँ नगदेश, बोदे, चपाचो र बालकुमारीमा नृत्य गर्छन् । त्यसपछि माघको दुई गतेदेखि सूर्जेमाह्रीबाट यहाँ नगरमा नाच सुरु गर्छन् । अनि यहाँको तचपाल, क्वाढँडो र यही गःछेँमा नृत्य देखाएर चाँगु हुँदै साँखु जान्छन् । साँखुमा चार दिन बसेर क्वाखः र सखः दुई टोलमा 'ङा लायकेगु' र नृत्य देखाउँछन् । यो माघ महिनाभित्र नै गर्नुपर्ने हुन्छ । फर्किंदा चाँगुनारायणको चोकमा तीन दिन बसेर नृत्य प्रस्तुत गर्छन् । फर्केर आएपछि फेरि महालक्ष्मी, इनाचो, गोलमढी र याच्छेँमा नाच सकेर साँगामा जान्छन् । साँगाबाट फर्केपछि तःमारी, तालुको, मुलाखु, गाहिटी, क्वाछेँ, दुरपोद्यो, भण्डाखा, लायकू, खौमाढोका र इताछेँमा सकेर नाला लान्छन् । नालाबाट धुलिखेल हुँदै खड्पू जान्छन् । त्यहाँको नृत्यकार्य सकिएपछि चोकाछा पहाडमा गएर भोज खान्छन् र आनन्दपूर्वक दिन बिताउँछन् । वैशाखमा त्रिपुरासुन्दरी र चोछेँमा सकेर बनेपा जान्छन् र बनेपामा सकेर पनौती जान्छन् । 'पासाचह्रे' पछि बालाखुमा नृत्य प्रस्तुत गर्छन् र अन्तिम 'सिथी नखः' पछि आइतबार वा बिहीबार पारेर इच्छीमा नृत्य र माछा मार्ने काम सम्पन्न गरी तलेजूसँग बिदा हुन्छन् ।*



महेश रात्रिपूजाका बारेमा जिज्ञासा राख्तै सोध्छन् – *चापूजा किन राति गर्नुपर्ने ? त्यो पूजा कसरी सम्पन्न हुन्छ ?*

*'ङालाकेगु' अर्थात् माछा मार्ने स्थानमा नै सिफद्यो राख्ने चलन छ । 'त्वःमुँकेगु' कार्य सकेपछि मध्यरातमा तान्त्रिक विधिअनुसार चापूजा गर्ने गरिन्छ । यस पूजामा 'कुमारी लुइकेगु' अर्थात् कुमारीनृत्य प्रस्तुत हुन्छ । यस नृत्यमा विशेष कामकलाको अभिनय प्रस्तुत गरिन्छ ।*

*'द्यःब्वयकेगु' नि ?*

*आ-आफ्नो नियमअनुसार कुनै पनि व्यक्ति वा समुदायले 'द्यःब्वायकेगु' पूजा गर्न सक्छन् । सर्वप्रथम पूर्णिमाको दिनमा तचपालटोलको चोकमा बौद्धधर्मसँग सम्बन्धित समुदायले नवदुर्गागणलाई निम्तो दिई 'द्यःब्वायकेगु' पूजा गर्ने चलन छ । यो ठूलो पूजा हो ।*

मानव-समुदायमा बाँच्नका लागि चाहिने विश्वास, सहयोग, अनुशासन, धैर्य, भय, उत्तेजना, मनोरञ्जन र शिक्षाप्रद सन्देश आदिले नवदुर्गागणका क्रियाकलाप भरिपूर्ण भएका छन् । जुन टोलमा 'ङा लायकेगु' कार्यक्रम हुन्छ, त्यहाँ बिहानदेखि बेलुकासम्म एकपछि अर्को गर्दै दिनभरि नै कार्यक्रम भइरहन्छ । 'घिन ताल्ल' सङ्गीतको ध्वनि नै नवदुर्गागणको मूल सङ्गीत हो । यो 'घिन ताल्ल' को ध्वनिले कुनै पनि नगरवासीका लागि भयमिश्रित आनन्दको अनुभूति प्रदान गरेको हुन्छ । भयले विश्वास पैदा गराउँछ भने आनन्दले शान्ति । यही विश्वास र शान्तिले मानवमनभित्र आध्यात्मिक चेतनाको ज्योति बालिदिन्छ ।

यस नृत्यको ऐतिहासिक र धार्मिक कथनअनुसार हजारौँ वर्षदेखि यो नवदुर्गानाच चलिआएको छ । त्यसो भनिए तापनि प्रमाणका आधारमा भन्नुपर्दा राजा सुवर्ण मल्लले सम्वत् ६३३ मा यस नृत्यलाई विधिवत रूपमा सुरु गरेका हुन् । यो नृत्य तत्कालीन भक्तपुरराज्यको सीमाभित्र मात्र लाने चलन रहेको देखिन्छ । यस नृत्यले धर्म, संस्कृति र मनोरञ्जनजस्ता मानवीय जीवनका आवश्यक तत्त्वहरू निरन्तर प्रदान गर्ने काम गरिआएको देखिन्छ ।

मुख्य 'ङा लायकेगु' भन्ने माछा मार्ने नृत्यको प्रदर्शन नै नवदुर्गानाचको केन्द्रविन्दु हो । यो माछा मार्ने क्रियाले विशेष सन्देश दिनुका साथै यथेष्ट मनोरञ्जन प्रदान गर्छ । यो 'ङा लायकेगु' कार्यक्रममा 'सेतोभैरव' मूल नायक हुन्छन् । सेतोभैरवले ओढेको सेतो ओढ्ने महाकालीले लुटेर लिन्छिन् । उनी रिसाउनुमा उनको अपमान भएको सम्झेकी हुन्छिन् । सेतोभैरवले भने नृत्यद्वारा अनुनय-विनय गर्दै महाकालीबाट ओढ्ने फर्काउने प्रयत्न गर्छन् । अपमान भएका कारणले रिसाएकी महाकालीको रिस शान्त गर्न नसकेपछि सेतोभैरवले जनतासँग केही धन मागी महाकालीलाई दिएर खास्टो फर्काउने कोसिस गर्छन् । उल्टै महाकाली रिसाएर त्यो धन लुटेर लिन्छिन् र खास्टो फर्काउँदिनन् । यस्तै अनेक प्रयत्नपछि सेतोभैरवले एक कुखुरा दिन्छन् । त्यो

कुखुरा देखेपछि महाकाली सन्तुष्ट भएर खोसेको ओढ्ने फर्काइदिन्छिन् । त्यसपछि सेतोभैरव, सिंहिनी र व्याघिनीको पूजा हुन्छ । त्यसपछि रमाएर सेतोभैरव माछा मार्न तम्सिन्छन् । एउटा सानो मान्द्रोमा माछाको सिद्रा अल्झाइएको हुन्छ । त्यही मान्द्रो जनसमुदाय भएको ठाउँमा फाल्ने र माछा समात्ने बहानामा मान्छे समातेर सिफद्यो भएका ठाउँमा ल्याउन प्रयत्न गर्ने कार्य नै माछा मार्ने कार्य हो । यस नृत्यमा सेतोभैरव र जनसमुदायबीच छिनाझपटी हुन्छ । यही क्रियाद्वारा जनसमुदायले मनोरञ्जन प्राप्त गर्ने गर्छन् । त्यस्तै, बिहानको समयमा हुने सिंहिनी र व्याघिनीद्वारा 'खोलाचा खुँ खायुगु' नृत्यमा पनि त्यस्तै जनसमुदायमा रहेका व्यक्तिलाई पक्रने र दण्ड गर्ने कार्य हुन्छ । यही नै यस नृत्यका रमाइला पक्ष हुन् ।

तान्त्रिक विधिद्वारा स्थापित यो नवदुर्गागणलाई हरेक वर्ष एक मानवखप्परको आवश्यकता पर्छ । त्यही खप्परबाट निर्मित वस्तुलाई 'महापात्र' भनिन्छ । महापात्र पनि नवदुर्गागणमध्येको एक हो । त्यही खप्परमा तन्त्रविधिद्वारा जाँड-रक्सी राख्ने र त्यसैबाट प्रसादका रूपमा ग्रहण गर्ने चलन छ । यस पात्रलाई गुह्येश्वरीको नाम पनि दिने गरेको सुनिएको छ । यसै प्रसङ्गलाई स्पष्ट पार्न खोज्दै म प्रश्न गर्छु – ***यो मानवखप्पर कसरी प्राप्त गरिन्छ ?***

उनले भने – ***यो तान्त्रिक विधिद्वारा अचाजूले गर्ने हुँदा हामीलाई त्यति थाहा छैन ।***

उनले त्यो गुह्य बताउन नचाहेजस्तो लाग्यो । सत्य वा असत्य जे होस्, त्यो नसुन्नुमा नै कल्याण छ । सत्य रहेछ भने भय बढ्ने, असत्य रहेछ भने गणप्रति नै अविश्वास बढ्ने हुँदा त्यसलाई ज्यादा नकोट्याउनु नै मैले मनासिब देखेँ ।

हामीले यस्तै जानेका वा नजानेका कुरा सुन्दै केही समय बितायौँ । पुनः नवदुर्गाको दर्शन गर्न देवता भएको कोठामा पस्यौँ र दर्शनपश्चात् हामी द्योछेँबाट बाहिरियौँ ।

नवदुर्गागणनाचको अनेक अनुश्रुति यस समाजमा चलेका छन् । लिच्छविकालदेखि नै यो नृत्य चलेको हो भन्नेहरू पनि छन् भने आनन्ददेवको समयदेखि यस नृत्यको प्रदर्शन भइरहेको हो भन्नेहरू पनि कम छैनन् । अनेक प्रमाण, यस नृत्यको वैज्ञानिक पक्ष र अपनाइएको प्रविधिलाई विचार गर्दा यो नवदुर्गागणनाच धेरै पुरानोजस्तो प्रतीत हुँदैन । राजा सुवर्ण मल्लले सुरु गरेको र पछि राजा जगतप्रताप मल्लले नवदुर्गानृत्यमा सुधार ल्याएको कुरा कुनै-कुनै वंशावलीहरूमा लेखिएका छन् भन्ने कुरा मैले समय-समयमा पढ्ने गरेकी थिएँ ।

यो कुरो बाहिर निस्किएर मैले महेशलाई सुनाएँ । उनले पनि मेरो अनुमानमा सहमति जनाउँदै भने – ***यो मनोरञ्जनप्रधान र शिक्षामूलक धार्मिक नृत्य हो । यसको प्रदर्शनको फैलावट र नृत्य-अनुसूचीलाई विचार गर्दा ख्वपराज्यले***



***चर्चेको भूभागमा मात्र यसको यात्रा निश्चित भएको देखिन्छ । अंशुवर्मा वा आनन्ददेवका समयमा विकसित भएको भए उपत्यकाभरि यसको प्रभाव फैलिनुपर्ने थियो ।***

बिस्तारै हिँड्दै हामी क्वाठन्डो पुग्यौँ । त्यहाँ दीपङ्कर महाविहारको ढोका बन्द देखिएको हुँदा बाहिरैबाट दर्शन गर्दै हामी 'तचपाल' पुग्यौँ । खुला, सफा र चौकोण मिलेको चोकमा पुग्नेबित्तिकै मेरो मन रमायो । हामी 'सँला गनेद्यो' को मन्दिरलाई एक चक्कर लगाई गणेशको दर्शन गरेर तचपाल आइपुगेका हुँदा त्यहाँका देवीदेवताहरूलाई पनि दर्शन गर्दै त्यसै गरी घुम्ने निर्णय गर्‍यौँ । दत्तात्रयमन्दिरलाई दाहिने पार्दै मन्दिरको प्रदक्षिणा गरेर मूल द्वारका अगाडि आइपुग्यौँ । मन्दिरको ढोका बन्द थियो । त्यसैले मैले बाहिर प्राङ्गणबाट नै नमन गरेँ र त्यसै गरी चोकको पश्चिमतर्फ रहेको भीमसेनमन्दिर दृष्टिगोचर हुन पुगेपछि उनलाई पनि मनैमन नमन गरेँ ।

विक्रमीय पन्ध्रौँ शताब्दीको थालनीमै राजा यक्ष मल्ल (ने० सं० ५५९ – ६०२) ले शैवमतको प्रभावमा परी यो तचपालको प्राङ्गणमा दत्तात्रयको मन्दिर निर्माण गरेर यसमा शैवमतका महान् प्रचारक 'गुरु दत्तात्रय' को मूर्ति स्थापना गरी पूजासञ्चालन गराएका हुन् । यो कुरो मैले महेशलाई सुनाएँ । उनले पनि मेरो जानकारीलाई पुष्टि दिँदै भने – ***बौद्धधर्मावलम्बीहरूले उपत्यकामा स्थापित पुराना शैवमठ-मन्दिरहरू अतिक्रमण गरी शैवमन्दिरमा शङ्ख-घन्ट बज्न बन्द गराउन थालेपछि विक्रमीय चौधौँ शताब्दीका मल्लराजाहरूले शैवमतको प्रचारको अभियान नै चलाएका थिए । यसैअन्तर्गत यो दत्तात्रयको स्थापना भएको हो । शैवमतको स्थायित्व र विस्तारका लागि यसैसँग अरू बाह्रवटा शैवमठको स्थापना गरेर गुठीसमेत बनाई गुठीको इतिहासमा नै स्वर्णयुगका रूपमा परिचित गराइएको थियो ।***

ती बाह्रवटा शैवमठका बारेमा मलाई पूरा जानकारी नभएको हुँदा महेशलाई सोधिहालेँ । चोकको दक्षिणतर्फ रहेको घरको पेटीमा गएर बस्ने उनको आशयअनुसार दुवै त्यस पेटीमा उक्लियौँ र उभिएर चोकको निरीक्षण गर्न थाल्यौँ ।

आजभन्दा सयौँ वर्षअगाडि स्थापित यो विशाल दत्तात्रयको प्राङ्गण यतिखेर पनि त्यत्तिकै मनमोहक छ । हामी उभिएको उत्तरतर्फ आधुनिक रेस्टुराँ छ, जहाँ विदेशीहरू रमाएर बसेका छन् र फोटो खिच्न व्यस्त देखिन्छन् । साँच्चि नै फोटो खिचेर प्रमाण राख्नुपर्ने स्थान हो यो । हामी उभिएकै बायाँतर्फ चोकको मध्यभागमा डबली छ र त्यस डबलीको ठीक पश्चिमतर्फ भीमसेनको मन्दिर छ । महेश भीमसेनमन्दिरलाई देखाउँदै मलाई सोध्छन् – ***तिमीलाई थाहा छ यो भीमसेनमन्दिरका बारेमा ?***

वास्तवमा भीमसेनमन्दिरसम्म मलाई थाहा छ, यसको ऐतिहासिक पृष्ठभूमिका बारेमा म अनभिज्ञ नै छु । मैले जिज्ञासा जनाएँ उनीसित । मठ-मन्दिरहरू प्रायः राजा र शासकहरूले निर्माण गर्छन् । मैले सोचेकी थिएँ यो मन्दिर पनि कुनै मल्लराजाले निर्माण गराएका हुन् । तर त्यो सत्य होइन रहेछ । महेशको भनाइअनुसार राजा जगतप्रकाश मल्लका समयमा दर सिंह र वर सिंह नाम गरेका व्यापारी थिए । उनीहरूले हिमालयको उत्तर तिब्बततर्फ गएर व्यापार गरे । उनीहरूको व्यापारको बढोत्तरीमा दोलखाभीमसेनको वरदान थियो भन्ने सम्भेपछि आफ्नो नगरमा पनि दोलखाभीमसेनलाई स्थापना गर्ने मनसुवा गरेकाले यो भीमसेनस्थानको स्थापना भएको हो । भीमसेन व्यापारपेसामा लाग्ने समुदायले मान्दै आएका देवता हुन् । यी बल, पराक्रम र शक्तिका स्रोत हुन् भन्ने जनविश्वास छ ।

हामी जहाँ उभिएका छौँ, त्यो 'तःजा' मठ रहेछ । हामी उभिएको बायाँतर्फ 'दथु' मठ र त्यसपछि 'सिथु' मठ रहेछन् । तीनैवटा मठ लस्करै रहेछन् । महेश बताउँदै जान्छन् – ***यो तचपालको पूरा घेरा नै शैवविहार हो ।***

ब्रह्मा, विष्णु र महेश्वर त्रिमूर्तिका रूपमा पूजिने दत्तात्रय एक सन्त, महाज्ञानी मानव थिए । उनी पौराणिक कालका अत्रि ऋषि र अनसूयाका पुत्र थिए । उनी कसैबाट दीक्षित भएर सन्त भएका होइनन् । उनका चौबीस गुरुहरू यसै पृथ्वीमा भएका र अस्तित्वमा रहेका वस्तु र जीवहरू नै हुन् । हरेक वस्तु र जीवहरूका गुण र अवगुण पक्ष हुन्छन् । उनले गुणपक्षलाई स्वीकार गरेर आफ्नै जीवनमा लागू गरी त्यसलाई गुरुको सङ्ज्ञा दिए । गुरु दत्तात्रयलाई 'मानभाउ' सम्प्रदायले 'दत्तात्रयसंहिता' मा उल्लेख भएबमोजिम निष्ठामा रहेर दत्तात्रयमतलाई निरन्तरता दिने र तदनुसार गर्ने चलन चलाएको छ । तर यस सम्प्रदायको अस्तित्व अहिले यहाँ छैन । त्रिशूल र कमण्डलु बोकेर साथमा चारवटा कुकुर तथा एउटा गाई लिएर हिँड्ने गुरु दत्तात्रयमा त्रिमूर्तिको कल्पना गरिएको छ, तापनि नारायणको अंश बढी भएको कुरा पछि व्याख्यामा आएको देखिन्छ । उनको त्याग, तपस्या र मानवहितका लागि गरेभएका कार्यबाट उनी देवतुल्य पुजिए । त्यसैले यहाँ पनि मन्दिरका अगाडि गरुडको मूर्ति राखिएको छ भने शङ्ख, चक्र, गदा र पद्मलाई प्रस्तरको खम्बामा राखेर प्रदर्शित गराइएर गुरु दत्तात्रयलाई विष्णुभगवान्का रूपमा पुजिएको छ । तीन तला भएको यो विशाल मन्दिर सन्तहरूको वासस्थानजस्तो देखिन्छ । अन्य मन्दिरभन्दा बेग्लै शैलीमा निर्मित यो मन्दिर सन्तहरूको अखडा हो कि भन्ने प्रतीत हुन्छ । मन्दिरको प्रवेशद्वारमा रक्षकका रूममा राखिएको प्रस्तरबाट निर्मित विशाल काया भएका एक जोडी मानवमूर्ति छन् । तिनलाई 'कुटुव' भनिन्छ । यसले पनि मन्दिरको सुन्दरतालाई बढाएको छ ।



महेशले भनेको शैवविहार वा शैवक्षेत्र जे नामकरण गरिए पनि सुहाउने यो स्थान यस नगरको विकासका क्रममा स्थापित अन्य स्थानभन्दा बग्लै अस्तित्व बोकेको क्षेत्र रहेछ । निरीक्षणका क्रममा आँखा घुमाउँदा देखिन्छ – भीमसेनमन्दिर, त्यसपछाडिको गहिरो ढुङ्गेधारा, त्यसपछाडि 'गुचाटोमठ' र चोकको इशानकोणमा पुरानचोटमठ र चिकँफलेमठ । आग्नेयकोणमा 'पुजारीमठ' छ, जो बाहृ मठमध्येको मुख्य मठ हो ।

यहाँ भएका यी सातवटा मठको प्रचलनमा आएको नामबाट के ज्ञात हुन्छ भने यी मठहरू जुन उद्देश्यले दाताले स्थापित गरेका हुन्, त्यसको अस्तित्व मेटिएर नाम र काम सबै रूपान्तरित भइसकेका रहेछन् । होइन भने सन्त, स्वामी र धर्मप्रचारक महापुरुषहरू बस्नुपर्ने स्थानमा हाल त्यस्ता महामानवहरूको अस्तित्व नरहने हुनै सक्तैनथ्यो । मठको नामलाई पनि सरलीकृत गर्दै डठु, सिठु, तःजा र चिकँफले जस्ता नामबाट मठहरू पहिचान गर्नुपर्ने अवस्था हाल देखिएको छ ।

हामीबीच कुराकानी र टिप्पणी गर्ने कार्य जारी छ । मठ भनेको एक धार्मिक स्थान हो । एउटा निश्चित सम्प्रदायको मठाधीशले आफ्नो सम्प्रदाय, धर्म, संस्कृति र रीतिस्थितिलाई समाजमा कायम गर्नुपर्ने गहन जिम्मेवारी बोकेको हुन्छ । मठाधीश संस्थागत रूपमा स्थापित भएको हुनुपर्छ । व्यक्तिको अवसान त निश्चित छ, तर कुलधर्म र जिम्मेवारीको नाश हुनु हुँदैन । यस क्षेत्रमा भौतिक वस्तुहरू जस्ताका तस्तै देखिए तापनि यसभित्रको आध्यात्मिक शक्ति, निष्ठा तथा त्यसको मूल्य र मान्यता कायम नरहेको हामीले महसुस गर्‍यौँ । यसमा हामीबीच दुईथरी राय भएन । अन्तमा हामीले निश्चय गर्‍यौँ – यो पवित्र भावना र उद्देश्यलाई स्थायित्व दिन सत्पुरुषको आवश्यकता थियो, त्यसको नै अभाव भएका कारणले इतिहासको तथ्यले निरन्तरता पाएन र वास्तविकताबाट स्थिति मोडिएको देखियो ।

हामी उभिएको तःजामठको पेटीबाट चोकमा ओर्लन्छौँ र चोकको आग्नेयकोणमा रहेको पुजारीमठको अवलोकन गर्न त्यसतर्फ जान्छौँ । काष्ठकलाको उच्चतम नमुनाका रूपमा निर्मित यस मठघरका सबै भ्याल, ढोका, थाम र दलिनसमेत कलापूर्ण छन् । उत्तराभिमुख यस मठघरका दुवै तलामा रहेका कलायुक्त भ्यालहरूले यस भवनको गरिमा बढाएका छन् । अभ्र यसै भवनको पूर्व लङमा भएको 'मयूरभ्याल' त विश्वप्रसिद्ध सावित भएको छ । भ्वाट्ट हेर्दा ठीकै देखिने यी काष्ठकलालाई जति हेर्दै गयो उति तिनको महत्त्व बढ्दै जाने र अनेकानेक अनुमान मनभित्र उब्जिने भएर नै होला हरेक पलमा हेर्दा तिनले हामीलाई आकर्षण गरिरहेकै छन् ।

*पाँच सय वर्षपूर्व यस नगरमा यस्ता कलाकार थिए भनेर अनुमान नै गर्न सकिन्न । होइन त चकना ?* – मयूरझ्यालको छेउमै उभिएर महेश मलाई झस्काउँछन् ।

*हातको काम यति मिहिन र सफा !* – अनायास मेरो अन्तस्करणको उद्‌गार फुट्छ । कलापूर्ण वस्तुलाई औल्याउँदै म आफैँलाई प्रश्न गर्छु – *यी वस्तुहरूको तयारी गर्नुभन्दा अगाडि यी वस्तुहरूको कल्पना गरी खाका कोर्ने प्रथम स्रष्टा पो कस्ता होलान् ! कसरी र कुन आधारमा निर्माणका लागि निर्देश गरे होलान् ? सयौँ वर्षपछि पनि यसको उच्च गरिमा कायम रहन्छ भन्ने ती स्रष्टाले सोचेका होलान् ?*

यस्तै तर्क र वितर्क गर्दै हिँड्दै जाँदा हामी गल्लीको बाटो इनाचो पुग्छौँ । फेरि खुला चोक देखिन्छ । चोकका वरपर फलैँचाहरू छन् । चोकमा टम्म मिल्ने गरी इँटाहरू छापिएका छन् । दुवैतर्फ घरको च्यापमा रहेको साँघुरो गल्लीबाट हामी खुला स्थानमा आइपुगेका छौँ । मलाई बाजेले यहाँ भएको मल्लिकार्जुन शिवालयका बारेमा भनेका थिए । पहिले राम्रो थियो, खुला फूलबारी थियो । अहिले सबैले अतिक्रमण गरेर घरहरू बनाएका हुँदा शिवालय मासिने अवस्थामा छ । यो कुरा बाजेले कुन प्रसङ्गमा भनेका थिए भन्ने मलाई याद भएन, तर त्यहाँ पुगेपछि मैले सम्झेँ र महेशलाई त्यो शिवालय एकपटक हेर्ने इच्छा जाहेर गरेँ । उनले देखेका रहेछन् । हामी दुवै त्यहाँ गयौँ । साँच्चि नै शिवालय फोहोरले पुरिन लागेको रहेछ । पूर्वजका कीर्ति र धरोहरहरू यसरी मासिँदै जाने र परिवर्तित हुँदै जाने हो भने छिटै हामी एक दिन पहिचानहीन समुदायमा रूपान्तरित हुन पुग्नेछौँ । हजारौँ वर्षदेखि पुर्खाले अथक परिश्रम गरी यस समाजको पहिचान कायम गर्नका लागि लगाएको लगानी माटोमा मिल्नेछ र इतिहास मेटिनेछ । इतिहास हराएको, संस्कृतिलाई पन्छाएको र जातीय गौरवलाई बिर्सिएको मानव-समुदायलाई जङ्गली भनिन्छ । सम्झेर दुःख लाग्छ । यी मेरा दुःखपूर्ण सोचलाई म महेशका सामु राखिदिन्छु – *यस्तो मिचाहा प्रवृत्ति समाजमा बढ्दै जानु भनेको असभ्यता र नीचता प्रदर्शित हुनु हो । यस्तो कार्यले सभ्यताको कोटीमा पुगिसकेको समाज फेरि असभ्य, जङ्ली र स्वार्थीहरूको जमातमा परिवर्तित हुन जान्छ, होइन र ?*

उनले पनि त्यही देखेबुझेका छन्, जो मैले देखेँ र बुझेँ । उनी कुनै जवाफ दिन उत्साह देखाउँदैनन् । मेरो भनाइलाई सङ्केतात्मक समर्थन मात्र जनाउँछन् ।

हामी पश्चिमतर्फको बाटोबाट अगाडि बढ्छौँ । 'सोङ्गलोहँ' हुँदै पलिखेल आइपुग्छौँ । फेरि खुला ठाउँ देखिन्छ । गहिरो ढुङ्गेधारा र फलिँचा देखिन्छ । नगरका प्रत्येक ठाउँमा खुला चोक बनाइएको छ । यस्तो खुला स्थानमा पुगेपछि मेरो जीउ नै हलुका हुन्छ र मलाई आनन्दको अनुभूति हुन्छ ।



हामी ढुङ्गेधारालाई निरीक्षण गर्न धाराको डिलको वरपर गर्दै परिक्रमा गर्छौं । त्यस समयमा महेशले मलाई जानकारी दिन खोज्दै भन्छन् – *यस्तै धाराले नै नगरलाई जीवन्तता प्रदान गरेका छन् । यहाँको विशेषता भनेको धारा र पोखरी हो । जहाँ पानी छ, त्यहाँ जीवन हुन्छ । जहाँ पानी छैन, त्यहाँ जीवन बाँच्न सक्तैन । त्यसैले मानवबस्तीका लागि पानी अनिवार्य तत्त्व हो ।*

*हो ! त्यसैले त ठूलाठूला नगरहरू नदीका किनारमा बसेका हुन्छन् ।*

*तिमीलाई थाहा छ, हाम्रो नगरमा पोखरी कति छन् र धारा कति ?*

*अनगन्ती छन् । साना-ठूला गरेर दर्जनौँ छन् ।* – म सम्झिँदै भन्दै जान्छु – *चँपुखु, च्यामासिंपुखु, नागपुखु, भिन्द्योपुखु, अचापुखु, महालक्ष्मीपुखु, द्विभाजुपुखु, नःपुखु, सिद्धपुखु, भाज्यापुखु र रानीपुखु । यिनै हुन् यहाँका ठूला-ठूला पोखरीहरू ।*

*धाराहरू पनि पानीको मूलबाट चल्ने धारा मात्र होइनन् । मुहान-पोखरीबाट राजकुलो बनाएर ल्याइएका धारा पनि धेरै नै छन् ।* – महेश धाराका बारेमा भन्दै पानीको अन्य स्रोतका बारेमा भन्छन् – *इनारहरू टोलैपिच्छे र चोकैपिच्छे नभएका पनि होइनन् ।*

मैले सम्झेँ – हो, हरेक चार-पाँच घरमा चोक, त्यहाँ पानीका लागि इनार र फोहोर जम्मा गर्ने 'सगाल', त्यसपछाडि फूलबारी र बगैँचा रहेको देखिन्छ । पानी नजम्ने चोकहरू र बाटाका छेउकुनाहरूले गर्दा सधैँ सफा देखिने ठाउँ हो यो । दक्षिणमा हनुमन्ते र उत्तरमा खासाखुसी नदीहरू भएकाले नगरमा रहेको शुद्ध वा अशुद्ध पानी सजिलै खोलाहरूमा पठाउने व्यवस्था छ ।

साँच्चै भनूँ भने उपत्यकामा अवस्थित साना तथा ठूला नगरहरूमध्ये यो नै विकसित एवं व्यवस्थित नगर हो । उपत्यकामा मल्लहरूको शासनकाल सुरु भएसँगसँगै निर्माण हुन थालेको यस नगरले मल्लकालमा नै नगरको पूर्णता पाइसकेको थियो । चार भागमा बाँडिएर छुट्टाछुट्टै विकसित भएका स-साना बस्तीलाई एकै चकलामा बाँध्नका लागि मन्दिर, सत्तल, पोखरी, धारा र बगैँचा आदिको निर्माण गरेर मल्लराजाहरूले विशाल ख्वपदेशको स्थापना गरेका हुन् । नगरको स्थापना र राजधानीको रूप दिनमा राजा आनन्ददेवको अथक प्रयास देखिए तापनि सर्वप्रथम हरिसिंहदेव राजाले यसलाई नेपालमण्डलको राजधानी बनाएका हुन् । पछि राजा जयस्थिति मल्लको पालादेखि यस नगरले व्यवस्थित हुने मौका पाएको हो । उनले नगरलाई स्वच्छ राख्न र सुलभ स्थिति प्रारम्भ गर्न अनेक स्थिति बसाले । राजकीय घोषणाद्वारा कामअनुसारको जिम्मेवारी र अधिकार एवं कर्तव्यलाई सुनिश्चित गराए । जातिपाती र छुवाछुतको सन्तुलित व्यवस्था गरे । जातअनुसारका बस्तीको विकास गरे । यति मात्र होइन, विश्वभरि रहेका सयौँ राज्यव्यवस्थामा विधान लेखिन नसकेको अवस्थामा यस ख्वपदेशलाई राजधानी बनाउने नेपालका

शासक जयस्थिति मल्लले लिखित विधान दिएर विश्वमा कानुनी राज्यको स्थापना गर्न समर्थ भएका थिए ।

यस नगरको हरेक बस्ती वा टोल एउटा समुदायको घर हो । त्यहाँ बसोबास गर्ने बेग्लाबेग्लै परिवार पनि एकै परिवार हुन् भन्ने मानसिकता विकास हुने व्यवस्था गरियो । अर्काको टोल वा समुदायबाट अलग रहेर पनि सामुदायिक विकास हुन सक्ने स्थितिको सिर्जना गरियो । पिउनका लागि पानी, सफा रहनका लागि पोखरी, विश्राम गर्नका लागि सार्वजनिक सत्तल, सरसल्लाह र विचार-विनिमयका लागि फलिचा, नाच देखाउनका लागि डबली र भावनात्मक रूपमा एक हुन देवमन्दिरको निर्माणले समुदायहरू स्वसञ्चालित हुन थाले । गुठीप्रथा प्रारम्भ भएको हुँदा समुदायका प्रत्येक सदस्यमा हामी एकै परिवारका हौं भन्ने भावना विकसित भयो । विश्वपरिप्रेक्ष्यलाई विचार गर्दा यसै बीसौँ शताब्दीमा विकसित भएको सहकारी आन्दोलनद्वारा व्यवस्थित सहकारी सिद्धान्त यस नगरमा सयौँ वर्षअगाडि लागू भइसकेको थियो भन्ने देखिन्छ । सामूहिक रूपमा गरिने खेतीपातीदेखि घरटोलमा विकसित हुने उद्योगसम्म मात्र होइन, जन्मदेखि मृत्युपर्यन्तका जीवनका निम्ति आवश्यक कार्यहरूलाई गुठीप्रथाले सरलीकृत तुल्याइदिएको थियो । साथै, मिलेर काम गर्ने, साथै मिलेर उद्योग गर्ने र साथै मिलेर जीवन चलाउने भन्नेजस्तो आधुनिक सहकारी आन्दोलनको नारा यस नगरमा परापूर्वकालदेखि नै लागू भएको थियो । पश्चिमाहरू जङ्गली रूपमा झगडा गरेर बस्ता यस नगरका बासिन्दा सभ्य, विकसित र सुसंस्कृत भइसकेका थिए ।

हामी गोलमढी हुँदै सुकुलढोका पुग्यौं । त्रिपुरासुन्दरीतर्फ उक्लिने मेरो मनसाय हुँदाहुँदै पनि घुमेर जाऊँ न भन्ने महेशको आग्रहले 'साकोट्या' तर्फबाट त्रिपुरासुन्दरी जानका लागि अगाडि बढ्यौं । बाटोको बायाँतर्फ रहेको एक देवस्थललाई देखाउँदै उनले सोधे – ***चकना ! तिमीलाई थाहा छ यो कुन देवता हो ?***

उनले 'दुरुप्वःद्यः' लाई देखाउँदै प्रश्न गरेकोमा मलाई झनक्क रिस उठ्यो । मलाई शिवजुजुले यही 'दुरुप्वःद्यः' देखाएर मेरो छातीमा हात पुऱ्याएका थिए । एउटी युवतीको छातीमा युवकको हात सलबलाएपछि युवतीलाई कति गाह्रो हुन्छ भन्ने कुरा यी लोग्नेमान्छेहरूलाई के थाहा ! यो छिल्लिने भावले देखाइने देवी हुन् । बाटोको किनारमा युवतीका छातीको स्तनको आकारमा रहेकी धूमावतीदेवीलाई 'दुरुप्वःद्यः' भनेर गलत सङ्ज्ञा दिएर गोप्यताको खुला प्रदर्शन गर्न खोजिएको हो । कुनै पनि आइमाईको मर्मस्थलमा प्रहार गर्दा उनीहरू कमजोर हुन पुग्छन् र त्यसबाट फाइदा लुट्नुपर्छ भन्ने लोग्नेमान्छेको



कुभावना मलाई रत्ति मन पर्दैन । सायद यही नचाहिने प्रश्न गर्न र मलाई कमजोर सावित गर्न महेशले यो बाटो ल्याएका रहेछन् ।

*तिमीलाई थाहा छैन यी धूमावतीदेवी हुन् भनेर ?* – मैले अलि ठूलो स्वरले बोलेँ । उनी सतर्क भए । सायद उनले बुझे उनले गलत स्थानलाई औँल्याएका हुन् । उनी चुपचाप अगाडि बढे मसँगै ।

उनले केही क्षणको मौनतापछि अप्ठेरो मान्दै स्थितिलाई सहजता प्रदान गर्न विषय बदलेर भने – ***चकना ! एउटा अचम्मको कुरा छ, तिमीलाई थाहा छ ? यस नगरको पूर्वमा कमलविनायक पोखरी र पश्चिममा सिद्धपोखरीको पानी नगरको धरातलको सतहभन्दा माथि रहेको देखिन्छ । फेरि, ती दुवै जलाशय नगरको उच्च भागमा रहेका छन् । हेर्दा अनौठो लाग्छ । ती दुवै जलाशयमा किन पानी सुक्तैनन् भन्ने प्रश्न पनि मेरो मनमा बारम्बार आउने गर्छ, तर यसको उत्तर मसँग छैन । हामीले ती दुवै पोखरीहरू हेर्नु नै पर्छ ।***

*ठीक छ ! हेरौँ न !*

मेरो सहज जवाफले उनलाई खुसी तुल्याएको मैले उनका आँखामा हेरेपछि थाहा पाएँ । मेरो जवाफले उनलाई साधारण अवस्था प्रदान गरेको मैले देखेँ । फेरि हामी साधारण अवस्थामा पुग्यौं । बिस्तारै 'साकोटा' हुँदै हामी त्रिपुरासुन्दरी पुग्यौं ।

यस स्थानलाई यस नगरको केन्द्र मानिएको छ । यहाँ राजप्रासाद पनि थियो । यहीँबाट नेपाल उपत्यकाको राजकाज सञ्चालन हुने गर्थ्यो कुनै समयमा । यस राजप्रासादको स्थानमा अहिले सार्वजनिक सभाभवन निर्माण भएको देखिन्छ । त्रिपुरासुन्दरीदेवीलाई केन्द्र बनाएर नगरका आठै कोणमा अष्टमातृकाको स्थापना गरेर यस नगरको सुरक्षा गरिएको छ । यस नगरको र नगरवासीको रक्षा गर्नका लागि नगरका आठै कोणमा अवस्थित देवीहरू पूर्वबाट क्रमशः ब्रह्मायणी, महेश्वरी, कुमारी, वैष्णवी, वाराही, इन्द्रायणी, महादेवी र महालक्ष्मी हुन् । यी अष्टमातृकाको संरक्षणमा रहेको यो ख्वपदेश र यहाँका वासिन्दालाई कुनै त्यस्तो दुःख, आपत्ति र दैवी प्रकोपको सामना गर्नुपरेको छैन भने पनि हुन्छ । यो महेशको भनाइ हो ।

मैले पनि देखेकी, जानेकी, सुनेकी, पढेकी र अनुभव पनि गरेकी हुँदा म पनि निश्चयका साथ भन्न सक्छु – यस नगरलाई देवदेवीहरूले नै रक्षा गरेका हुन् । शैव र बौद्ध दुवै मतका समुदायहरूले यी अष्टमातृकाको उपासना गर्छन् र आफ्नी संरक्षिकाका रूपमा यिनै देवीहरूलाई पुज्दै आएका छन् ।

***अष्टभैरवका बारेमा थाहा छ तिमीलाई ?*** – महेश भैरवका बारेमा बताउन खोज्दै मसँग प्रश्न गर्छन् ।

**भन न !** भन्ने मेरो सम्मति पाएपछि उनी भन्दै जान्छन् – ***अष्टमातृकाजस्तै अष्टशक्तिभैरव पनि नगर र नगरवासीलाई व्यवस्थित गरेर बसेका***

*छन् । ती हुन् क्रमशः असिताङ्गभैरव, रुरुभैरव, चण्डभैरव, क्रोधभैरव, उन्मत्तभैरव, कपालीभैरव, भीषणभैरव र संहारभैरव । यी अष्टभैरवहरू सबै भगवान् शिवका अंश हुन् र अष्टमातृकाका सहयोगी हुन् ।*

महेशको भनाइ सुनेपछि मलाई सम्झना भयो – यो नगर यन्त्राकारमा निर्माण भएको छ र तान्त्रिक विधिअनुसार देवालय र अन्य वस्तुहरूको निर्माण भएको छ । षष्ठकोण ज्ञान र शक्तिको प्रतीक हो । यही षष्ठकोणका आधारमा गणेशमन्दिरहरू र नगरको प्रवेशद्वार निश्चित गरी निर्माण गरिएको छ ।

यही तथ्यलाई कोट्याउनका लागि मैले महेशलाई सोधेँ – *तिमीलाई षष्ठकोणगणेश र षष्ठकोणढोकाका बारेमा त थाहा नै होला ! त्रिकोणात्मक गणेशका बारेमा तिमीलाई केही जानकारी छ ?*

मेरो प्रश्नले उनलाई गम्भीर बनायो । उनले बिस्तारै भने – *षष्ठकोणको आधा त्रिकोण हो । एक त्रिकोण भुजालाई अर्को त्रिकोण भुजामा मिलाउनेबित्तिकै षट्कोण भइहाल्छ । बेग्लै अस्तित्व कायम गरी भन्नुपर्दा त्रिकोणात्मक तन्त्रविधिका आधारमा स्थापित भएको भन्नुपर्छ । जस्तै : तःमाह्रीलाई केन्द्र बनाई विभाजन गर्ने हो भने पूर्वतर्फ छुमागन्चो, साँलागन्चो, गोमाह्रीगन्चो र त्यस्तै पश्चिमतर्फ बालाखुगन्चो, मुलाखुगन्चो र चलाखुगन्चोलाई लिन सकिन्छ । यसै गरी नगरबाहिर याँथुगन्चो, इनरेगन्चो र च्वँगागन्चोले पनि त्रिकोण नै निर्माण गरेको देखिन्छ । साथै, पूर्वतर्फका तीनै गणेशको नाउँका पछाडि 'खु' आएकाले त्रिकोणात्मक अस्तित्व नै कायम भएको बुझ्नुपर्छ ।*

यस्तै, ढोकाका बारेमा पनि उनी भन्छन् – *यस नगरभित्र पस्ने अठार ढोकाहरूको उल्लेख पाइन्छ । तर ती ढोकाहरू कहिले अस्तित्वमा आए त कहिले मेटिए । तर पनि मूल ढोकाका रूपमा उल्लेख गर्नुपर्दा पूर्वतर्फ मूलध्वाका, सूर्जेमाह्रीध्वाका र गोलमाह्रीध्वाका हुन् भने पश्चिमतर्फ खौमाध्वाका, भौध्वाका र भर्वाचोध्वाकालाई लिन सकिन्छ ।*

राजधानी नगर यो स्थान र यहाँका जनताको सुरक्षाका लागि आध्यात्मिक रूपमा तन्त्रविधिद्वारा शक्तिपीठको स्थापना र भौतिक रूपमा सुरक्षित हुनका लागि नगरलाई किल्लाका रूपमा परिवर्तन गरी प्रवेशद्वारहरूको व्यवस्था गरिएका छन् । यी सबै एकैपटकको निर्माण वा एकै मस्तिष्कका सिर्जना होइनन् । यहाँको राजकाज सम्हाल्ने राष्ट्राध्यक्षको बुद्धिमत्तापूर्ण निर्णय र दूरदर्शितापूर्ण विचारको परिणामस्वरूप यो नगर बिस्तारै सुरक्षित, सुसंस्कृत, सभ्य र स्वर्गीय वैभवतायुक्त हुन पुगेको हो । यो हामीबीच भएको छलफल र विचार-विनिमयबाट निस्किएको निष्कर्ष हो ।

यहाँ रहेको राजप्रासाद कस्तो थियो ? अग्रभाग कुन दिशामा थियो ? ढुङ्गा वा काठ कति अनुपातमा प्रयोग भएका थिए ? कस्तो कलाले बढी स्थान ओगटेको थियो ? यस्ता थुप्रै प्रश्नहरू मनमा उब्जिए तापनि हामी अनुत्तरित हुँदै लायकूतर्फ बढ्छौँ । आजभन्दा करिब दुई सय असी वर्षअघि राजा रणजीत



मल्लले बनाएको विश्वप्रसिद्ध स्वर्णद्वार हुँदै हामी क्षेत्रपालचोक पुग्छौँ । त्यहाँ रहेको जमोद्वारबाट भित्र गएपछि बेकोचोक हुँदै हामी तलेजूको मूल चोकमा पुग्छौँ ।

खुला, चौडा, चार पाटा मिलेका चोक, पेटी र दलान । चोक र पेटी दुवै स्थानमा ढुङ्गा छापिएका छन् । चोकमा 'स्नेहमण्डप' नामक डबली छ । चोकको दक्षिणतर्फ उत्तराभिमुख भएर उभिएका मानवकदका एक जोडी मूर्ति ढोकाका दायाँ र बायाँ छन् । तिनलाई गङ्गा र जमुना भनिन्छ । माथि सुनको छाना र एघारवटा गजुरले चोक र यो परिसर शोभायमान देखिन्छन् । उत्तरतर्फको श्रीखण्डको झ्याल, पश्चिमतर्फ कुमारीको पनि सुनको छाना र एघारवटा गजुरले सजिएको यो मूल चोक तलेजूभवानी र मानेश्वरीदेवीको आगममन्दिर हो । पश्चिमतर्फ दुमाजूचोक, नासलचोक र भण्डारखालपोखरीका अतिरिक्त भैरवचोक, लुहिटीचोक, तँचोक, जिस्वाँचोक र मदाद्योचोक आदि विभिन्न चोकहरू छन् । तर त्यसतर्फ हामी गएनौँ । चोकमा रहेको पाच्लामा बसेर हामीले धेरै बेर निरीक्षण गऱ्यौँ र मूल चोकबाट नै फर्केर बाहिर आयौँ ।

राजा रणजीत मल्लले बनाएर चढाएको ठूलो घण्टामुनि बसेर हामी पचपन्न झ्याल निरीक्षण गर्न थाल्छौँ । यो भूपतीन्द्र मल्लले बनाएको हो, तापनि यसको परिकल्पना भने राजा यक्ष मल्लले गरेका हुन् भनिन्छ । हामी उभिएको ठीक दायाँतर्फ 'च्यासीँमण्डप' छ । यो मण्डप पुनर्निर्माण गरिएको हो । यो मण्डप पनि अष्टमातृकाकै प्रतीकका रूपमा निर्माण भएको अनुमान गर्न सकिन्छ । त्यसताका निर्माण भएका सबै देवल, घर र वस्तुहरू तान्त्रिक अङ्कसँग सम्बन्धित भएका देखिन्छन् । जस्तो : अष्टमातृका, त्रिपुर, त्रिकोण, चौकोण, षट्कोण, अष्टकोण । त्यस्तै : अङ्कमा तीन, पाँच, नौ र एघार प्रयोग भएको देखिन्छ । कुनै पनि वस्तु तन्त्रसाधनाविना निर्माण भएको देखिँदैन । त्यसैले हामीले हेर्दा पनि त्यही दृष्टिले हेर्न सक्यौँ भने हामीले सानो वस्तुबाट पनि धेरै व्याख्या पाउन सक्छौँ ।

ने० सं० २६७ – २८७ सम्म जम्मा बीस वर्ष राज्य गर्ने राजा आनन्ददेवले यस नगरलाई शङ्खका आकारमा सीमा निश्चित गरी नगरको निर्माण गरेका हुँदा शङ्ख जसरी बीचमा फुलेको र छेउमा पातलिँदै गएको हुन्छ, अहिले पनि हामी ख्वपदेशलाई त्यस्तै भौगोलिक आकारमा रहेको पाउँछौँ । शङ्ख पवित्रताको प्रतीक हो । त्रिशक्तियुक्त ब्रह्मा, विष्णु र महेश्वरमध्ये विष्णुको कवचका रूपमा व्यवहृत हुने पदार्थको द्योतक हो शङ्ख । त्यस्ता धर्मभीरु शासकहरूले निर्माण गरेका यी वास्तुहरूलाई बुझ्न सतही दृष्टि राखेर नहेर्दा नै राम्रो र अनुपम देखिन्छ । यिनको महत्त्व र गरिमा बुझ्न ज्ञानचक्षुको आवश्यकता रहेको हुन्छ ।

हामी च्यासींमण्डपलाई दाहिने बनाउँदै घुम्छौं । यसतर्फ नआई लायकूको पश्चिमतर्फ जाने विचार रहँदारहँदै पनि 'लोहँहिटी' को पूर्वतर्फ आइपुग्छौं हामी । यो पञ्चमुखी शक्तिसहितको वीरभैरव रहेको ढुङ्गेधारालाई हेर्दै र नियाल्दै म अलमलिँदै थिएँ, महेशले दुई-तीन पाइला अगाडि बढाएर मलाई त्यसतर्फ जान आकृष्ट गराए ।

राजा यक्ष मल्लले ने० सं० ५५९ देखि ६०२ सम्म राजकाज गर्दा पशुपतिनाथको स्थापना गरेका थिए । यस मन्दिरलाई पशुपतिनाथ र यक्षेश्वरको मन्दिर भन्ने चलन छ । यस मन्दिरका बारेमा एउटा अनुश्रुति छ । यक्ष मल्ल दैनिक पशुपतिनाथको दर्शन गरेर मात्र खाना खान्थे । पशुपति पुग्न मनोहरा र बागमती नदी तरेर जानुपर्ने भएकाले एक दिन वर्षाको समयमा पशुपतिनाथको दर्शन गर्न नपाएपछि राजा भोकै बसेछन् । राजाका सल्लाहकारहरूले लायकूपरिसरमा नै पशुपतिनाथको मन्दिर स्थापना गर्न सल्लाह दिएपछि पशुपतिनाथको यो मन्दिर निर्माण भएको हो भनिन्छ । हुन पनि पशुपतिनाथको मन्दिरजस्तै मात्र बनोट यस मन्दिरको होइन, मन्दिरभित्र स्थापित लिङ्ग पनि पशुपतिनाथकै हुबहु रूपजस्तो देखिन्छ । यसरी यस मन्दिरको स्थापना भएको हो भन्ने कुरा प्रायः सबैलाई जानकारी छ ।

यस मन्दिरको मुख्य विशेषता हो भिन्नाभिन्नै आसनमा कामकला कुँदिएका चौबीस टुँडालहरू जडित हुनु । आजभन्दा पाँच सय वर्षअगाडि निर्मित यस मन्दिरमा खुला रतिक्रिया र त्यसका अनेक आसन प्रदर्शन गराएर स्वतन्त्र यौनसम्पर्कलाई राजकीय मान्यता दिइएको प्रमाणित हुन्छ । तर पनि यतिखेरको सामाजिक व्यवस्थाअनुसार अर्को लोग्नेमान्छेसँगसँगै गएर हेर्न, व्याख्या गर्न र त्यसबारेमा चर्चा गर्न नसकिने रहेछ भन्ने कुरा मैले अहिले अनुभव गरिरहेकी छु । महेश त्यसतर्फ मलाई लगेर मेरो मर्ममा प्रहार गर्न खोज्छन्, तर म त्यसबाट भाग्न अनेक भित्री प्रयत्न गरिरहेकी छु । म फरक्क फर्कन पनि सक्तिनँ र महेशसँग जोडिएर हिँड्न पनि सक्तिनँ ।

पाँच सय वर्षदेखि खुला रूपमा प्रदर्शित यो रतिक्रिया तथा कामकलाको प्रदर्शनले मजस्ता कमजोर नारी कति शोषित भए होलान्, कति बहकिएर यस कार्यको परीक्षणमा फसे होलान्, कति उम्लिएर लोग्नेमान्छेका अगाडि पोखिए होलान् र कति प्राकृतिक आवश्यकता भनी अनुशासनच्यूत भए होलान् । यस्ता प्रश्नको निचोडले मलाई के सन्देश दिन्छ भने यो खुला हुँदा एक लिङ्गलाई फाइदैफाइदा र अर्को लिङ्गलाई नोक्सानैनोक्सान छ । किन यस्तो समाजको मर्यादा बिथोल्ने वस्तुको प्रदर्शन भयो ? म उत्तररहित छु ।

मलाई थाहा भइसकेको छ – महेशले ती टुँडालका चित्रहरूका बारेमा कुरा उक्काउनेछन् । म एउटी संवेदनशील आइमाई, त्यसमा पनि एक्ली । मैले जतिसुकै अप्राकृतिक रूपले दबाउन खोजे पनि त्यो भित्री रूपमा उम्लिएको



ज्वारभाटा छचल्किएर ओइरिन खोज्छ । सम्झँदासम्झँदै मलाई अप्ठ्यारो महसुस भइसकेको छ । यस समयमा बुद्धिले काम गर्न सक्तैन । म आत्तिइसकेकी छु । म मन्दिरको टुँडालमा हेर्ने हिम्मत नै गर्दिनँ । यतिखेर म महेशलाई पनि देख्तिनँ । मेरो प्रयत्न हुन्छ त्यस स्थानबाट जतिसक्यो चाँडो टाढिने । म निहुरिएर फटाफट मन्दिरलाई बायाँ पार्दै पश्चिमतर्फ लम्कन्छु, जबकि महेश भने मन्दिरलाई दाहिने पार्दै चारैतर्फका टुँडालहरूलाई हेर्ने मनसायले अगाडि बढेका छन् । म लायकूतर्फ लाग्नेबित्तिकै उनी पनि फर्केर मेरो पछिपछि आए र भने – ***किन तिमी देवतालाई दाहिने पारेर घुम्दिनौ ?***

मैले अलि झर्केको स्वरमा जवाफ दिएँ – ***जसरी तिमी अहिले नघुमेरै आयौ ।***

उनी चुप रहे । यसपटक उनको प्रयत्न विफल भयो, तर म घायल भएँ ।

म यतिखेर चोकको बीच भागमा आइपुगेकी छु । मलाई ढुङ्गेधारादेखि यता बीस-पच्चीस पाइला टेक्न साह्रै नै गाह्रो भयो । शरीर र मन दुवैले भय महसुस गऱ्यो र पसिना पनि आयो । हेर्दिनँ भनेर मन बाँढ्राबाँढ्रै पनि एउटा कुनाको टुँडालमा नजर परिहाल्यो । झन् के चाहियो, मन विह्वल भयो, शरीर काँपेर आयो, हिँड्दाहिँड्दै थचक्क बसूँ-बसूँ जस्तो लाग्यो । जे होस्, पार गरेँ र भयमुक्त भएँ भित्री खुलदुली र गुदगुदी रहे पनि । लामो-लामो श्वास-प्रश्वास लिएर आफूलाई तुरुन्तै सन्तुलनमा ल्याएँ । मैले बुझेकी छु – हरेक लोग्नेमान्छे खुला छन्, स्वतन्त्र छन् र अनुशासनहीन छन् यस मामलामा । सभ्य र भलादमी मान्छेले पनि यस्तो मौका छोपेर आइमाईलाई हासिल गर्न पछि पर्दैनन् । त्यसैले ती लोग्नेमान्छे शासकहरूले आइमाईलाई भेदन गर्न सजिलो होस् भनेर नगरभरिका देवालय, शिवालय र अन्य वस्तुहरूमा पनि यौनजन्य विषयलाई खुला प्रदर्शन गरेर छाडेका छन् ।

यसका बारेमा सोधखोज गर्दा सबैको मुखबाट एउटै कुरो भनिन्छ – यी देवालयहरूमा कामवासनाका चित्रहरू प्रस्तुत गर्दा मन्दिरमा चट्याङजस्तो दैवी प्रकोप छलिन्छ र मन्दिर सुरक्षित हुन्छ । यो कथन ठीक वा बेठीक के हो भन्नेतर्फ म धेरै तर्क गर्न चाहन्नँ । प्रायः त्यसताका निर्माण भएका सबैजसो देवलहरूमा रतिक्रियाका अनेकानेक आसन कुँदेर प्रदर्शित गरिएका छन् । मलाई लाग्छ यो यक्षेश्वरको मन्दिरका टुँडालमा यस्ता कामकला नकुँदिएका भए महिला र पुरुष विनाहिचकिचाहट यहाँ दर्शन गर्न आउने थिए होलान् र यो मन्दिर पशुपतिनाथकै रूपमा पवित्र तीर्थस्थल बन्न सक्ने थियो होला । किनभने यस मन्दिरको बनावट र पूजाआजाको व्यवस्थासमेत पशुपतिनाथको भन्दा कम देखिँदैन । तर निर्माताको सानो गल्तीले गर्दा यत्रो वैभवयुक्त मन्दिर केवल मनोरञ्जन वा कलाको निरीक्षणमा मात्र सीमित रहन गयो । यस्तो अदूरदर्शी निर्णय लिइएकोमा खेद प्रकट गर्नेबाहेक मसँग अरू केही छैन ।

शरीरमा जीवन छ र जीवनमा शरीर । यी दुईलाई सन्तुलित रूपमा लान सकेको खण्डमा जीवन सार्थक हुन्छ, अन्यथा निरर्थक । शरीरमा संवेदनशील स्थान छ र त्यसको प्रदर्शन वर्जित गरिएको छ । कसैले भन्नुपर्दैन, जोसुकै पनि स्वयं नै त्यस गोप्य स्थानको प्रदर्शन गराउन आफूलाई रोक लगाउँछ । त्यो रोक लगाउने तत्त्व हो मन । मन कहाँ छ ? मनको मूल थलो कुन हो ? त्यसको मूल थलो त्यहीँ छ, जहाँ संवेदनशीलताको जरो गाडिएको छ । शरीरको गुप्त स्थानको सँगै बसेको मनको थलोले त्यस गुप्त स्थानको गोपनीयतालाई सधैँ रक्षा गर्छ । त्यसैले त मान्छे नाङ्गो हिँड्न सक्तैन ।

हुन त हाम्रो जातिमा नारीबाहुल्य छ । नारीले गरेको निर्णयमा पुरुष केही बोल्न सक्तैन र केही बोल्न हुँदैन पनि । समय, परिस्थिति र इच्छाअनुसार लोग्ने वरण गर्न सक्ने पूर्ण अधिकार नारीलाई सुरक्षित छ । त्यसो भन्दैमा मनपर्दो गर्ने, मन लागेकासँग बस्ने वा लोग्ने फेर्दै हिँड्ने कुरा भएन । जति बढी लोग्नेमान्छेसँग सम्पर्क बढायो, नारीशक्तिमा त्यति नै ह्रास आउँछ भन्ने नीतिलाई पनि हामी नारीहरूले भुल्नु हुँदैन । कमभन्दा कम लोग्नेमान्छेको सम्पर्कबाट बढीभन्दा बढी सन्तुष्टि आर्जन गर्न सक्ने नारी नै बुद्धिमती ठहरिन्छे । अझ एकाकार भएर शक्ति अभिवृद्धि गर्ने हो भने त एक लोग्नेमान्छेसँग विलय भइदिन सक्नुपर्छ, अनि नारीले दैवीशक्ति प्राप्त गर्न सक्छे भन्ने मलाई विश्वास छ । यी सबै कुरा जानेर र बुझेर पनि म स्वयं भने विचलनमा परिसकेकी छु ।

हामी श्रीपद्म हाइस्कुलको प्रवेशद्वारमा पुग्छौँ । हामी उभिएको ठाउँभन्दा दक्षिणतर्फ रहेको मन्दिरका बारेमा मलाई जानकारी भए पनि महेश मसँग सामान्य अवस्था स्थापना गर्नका लागि त्यसतर्फका मन्दिरहरूलाई औँल्याउँदै भन्छन् – ***यी चारधाम मन्दिरहरू हुन् । यो जगन्नाथमन्दिर हो, यो रामेश्वरमन्दिर हो, यो बद्रीनारायणमन्दिर हो, यो कृष्णमन्दिर हो र त्यो केदारेश्वरमन्दिर हो ।***

प्रत्युत्तरमा म आफ्नो मुन्टो हल्लाउँदै बुझेको अभिनय गर्छु ।

*तिमीलाई थाहा छ ? यो वसन्तपुर दरबारको ढोका हो ।* – उनी फेरि भन्छन् ।

स्कुलको प्रवेशद्वार एकदमै परिचित स्थान हो मेरा लागि । मेरो स्कुल यही हो प्रवेशिकासम्मको । अध्ययन मैले यसै स्कुलबाट गरेकी हुँ । मेरा बाले पनि यस स्कुलमा पढ्ने मौका पाएका थिए । विशाल कदका जोडी सिंह, एकतर्फ उग्रचण्डीदेवी र अर्कातर्फ उग्रभैरवको कलात्मक मूर्ति स्थापित छन् यहाँ । यी चण्डी र भैरवका मूर्तिले पनि पुरुष र नारीका बीचमा सम्बन्ध कायम गर्दा शालीनताका साथ उग्रतामा परिवर्तित हुने र उग्रतालाई सामान्यमा रूपान्तरण गर्ने सन्देश दिएको झैँ लाग्छ । म यस विषयमा महेशसँग केही तर्क गर्दिनँ । उनी वसन्तपुर दरबारको बखान गर्छन् । उनान्सय



चोक भएको यो विशाल वसन्तपुर दरबारको प्रवेशद्वार यही हो भनेर उनी किटानीसाथ भन्छन् । हुन पनि यी विशाल सिंहमूर्तिले यही प्रमाणित गरेको देखिन्छ । म मनमनै विचार गर्छु – एघार पन्चे पचपन्न र एघार नवाङ् उनान्सय । बिजोरले बिजोर गुणन गरेर बिजोर नै पारी स्थापना गरिएका यी वास्तुहरूबाट के तत्त्वबोध हुने हो ? वा के महत्त्व रहने हो ? यस्ता प्रश्नहरू आइरहेका छन् मेरो मस्तिष्कमा अविरल रूपमा ओइरो लागेर । मन्दिर, मन्दिरका छाना, पेटी, गजुर, चोक, झ्याल र ढोका जे हेरे पनि अङ्क र वस्तुको समन्वय देख्छु ।

मेरो मनस्थिति ठीक नभएको कुरो महेशले बुझिसकेका छन् । उनीसँग म केही समयदेखि खुलेर बोलेकी छैन । उनले अनेक प्रयत्न गर्दा पनि मैले यतिखेर उनको अनुहारमा राम्ररी हेर्न सकेकी छैन । यो उनको भन्दा मेरै कमजोरी हो भन्ने मैले अनुभव गरिरहेकी छु । उनी त लोग्नेमान्छे । उनको प्रकृति हो आइमाईको कमजोरीलाई प्रहार गरी त्यसमा होली खेल्ने । शिवजुजुलाई के थाहा एउटा मिल्ने साथीले पनि उसलाई धोका दिन्छ र उसको मान्छेलाई नराम्रो दृष्टिले हेर्ने गरेको छ । यो मैले भन्ने कुरो पनि भएन, किनभने महेशको मनको कुभावलाई मैले यही हो भनेर व्याख्या गर्न र किटानीका साथ औँल्याउन मिल्दैन । तर उनका हरेक क्रियाकलाप, बोली र सम्बन्धबाट उनी जहिले पनि मलाई विवश तुल्याउन प्रयत्न गरिरहेका हुन्छन् भन्ने लाग्छ मलाई । एक मन भन्छ – बिचरा महेश ! अर्को दृढता बोल्छ – फिस्लिन हुँदैन । यस्तै द्वन्द्व मेरो मनभित्र उर्लिरहेको छ । लायकूको बाटोमा मान्छेहरूको आवतजावतले निरन्तरता पाइरहेको छ । शान्त छैन र एकान्त पनि होइन । त्यसो भनेर ज्यादै होहल्ला पनि छैन । म भित्रभित्रै हराएकी छु । शिवजुजुको न्यानो सान्निध्यको सम्झना ताजै छ । स्कुल यही हो र परिवेश यही हो, जहाँ मैले शिवजुजुको भावनालाई बुझ्ने मौका पाएँ र उनले मेरो भावना बुझ्ने मौका पाए । हामी दुवै लामो समयदेखि एक भएर रहेका छौँ र एक हुने प्रयत्न जारी रहेको छ । त्यसैले मैले महेशलाई ठीक दूरीमा राखेर आफ्नो चित्त बुझाउनुपरेको छ ।

# कछला

नवरात्र सुरु भएदेखि नवरात्रभरि देवीपीठहरूको दर्शन गर्न थालेकी छु । जोगमायालाई कसैले भनिदिएछ – ***नवरात्रमा बिहान सबेरै उठ्नू र उज्यालो नहुँदै शक्तिपीठ – देवीमन्दिरहरूको दर्शन गर्नू, जीवन सफल हुन्छ र जीवनमा सुखशान्ति प्राप्त हुन्छ ।*** उनले दुई महिनाअगाडिदेखि मेरो साथ लिन अनुरोध गरेकी हुँदा मैले पनि शक्तिपीठको दर्शन गर्न पाउने र जोगमायालाई पनि साथी हुने भन्ने बोलकबोलअनुसार म पनि यो नवरात्रमा शक्तिपीठको दर्शन गर्न जान थालेकी छु ।

शक्तिपीठको दर्शन गर्दा नौ दिनमा बेग्लाबेग्लै ठाउँका नदी वा तलाउमा स्नान गरी देवीपीठको दर्शन गर्नुपर्ने नियम छ । त्यहीअनुसार हामी देवीस्थान जाने गरेका छौँ । आज नवरात्रको सातौँ दिन हो । आज व्यासीको महाकालीपीठमा जानुछ । 'काँसाखुसी' खोलामा नुहाएर महाकालीदेवीको दर्शन गर्नुपर्छ आज । यसरी दर्शन गर्दा बिहानको उज्यालो हुनुभन्दा अगावै दर्शन गरिसक्नुपर्छ । नवरात्रमा रात्रिको महत्त्व छ । यो नवरात्र हरेक वर्ष आश्विन शुक्ल परेवाबाट सुरु भई नवमीसम्म रहन्छ । यस समयमा नवदुर्गाको प्रीत्यर्थ उनको स्तुति, पूजा र व्रत गरिन्छ । यसरी देवीपूजन गर्दा उत्सवकै रूपमा गरिने हुँदा यो नवरात्रपीठदर्शन-कार्यक्रम रमाइलो पनि हुन्छ । त्यसैले पनि यस कार्यक्रममा मैले जोगमायालाई साथ दिएकी हुँ ।

यतिखेर खेतीपातीको सबैजसो काम सकिइसकेको छ । हाम्रो ज्यापूसमुदायको पनि फुर्सदको समय भएको हुँदा टोल-टोल र गुठीहरूबाट पनि बाजागाजासहित देवपीठहरूमा जाने चलन छ । पहिलो दिन नगरको पूर्व दिशामा रहेको ब्रह्मायणीस्थान जाने काम भयो । पहिलो दिन भएको र अलि टाढा पनि भएको हुँदा चाँडै नै हामी गएका थियौँ । हामीलाई लागेको थियो त्यस रात्रिबिहानमा हामी मात्रै हुन्छौँ, तर हामीले बाटोमा दर्शन गरेर फर्केका समूह र झुन्डहरूलाई भेट्यौँ । यसको अर्थ थियो हामी ढिला भइसकेका रहेछौँ । हामीलाई उत्साह आयो । ब्रह्मायणी पुग्नुअगावै ब्रह्मायणी नदी पर्ने हुँदा जोगमाया स्नान गर्न लागिन् । तर म भने पञ्चस्नान अर्थात् हात, खुट्टा र अनुहारलाई पानीले सेचन गरेर शुद्ध भई मन्दिरमा प्रवेश गरेँ ।

ब्रह्मायणीदेवीको आराधना गर्दा उनको रूपको स्मरण गर्नुपर्छ । रातो वर्ण भएकी, चार हात युक्त, हाँसमा आरूढ भएकी ब्रह्मायणीलाई सम्झेर मैले नमस्कार गरेँ । त्यो कुरो मैले जोगमायालाई पनि भनेकी थिएँ । त्यसैअनुसार उनले पनि आराधना गरिन् । हामी त्यस दिन दर्शनपछि फर्कँदै थियौँ, बाटोमा



एउटा युवकसँग भेट भयो । जोगमाया एकाएक रोकिइन् र ऊसँग खासखुस गरिन् । उनीहरूका बीचमा के कुरा भयो, मलाई थाहा भएन । जोगमाया फेरि मेरो छेउमा आएर भनिन् – ***त्यो किसीचा के ! जाऊँ ब्रह्मायणी भन्थ्यो । जाऊ तिमी मात्र भनेर आएँ ।***

***को हो यो किसी ? कहाँ बस्ने हो ? पढेको छ-छैन ?***

***ज्यापू नै हो यहीँ क्वाठन्डोटोलको । धेरै पढेको त छैन, तर निरक्षर पनि होइन । हाते ट्याक्टर चलाउँछ । खेतीपाती भएको मान्छे हो ।***

***कति भयो तिम्रो सङ्गत भएको ? तिमी पढेकी, ऊ नपढेको । त्यत्रो ठूलो जीउ छ ! कति उमेरको हो ?***

***उमेर त मभन्दा बढी नै हो । चार महिनाअगाडि एउटा भोजमा भेट भएको थियो । ठट्टा गर्ने, रमाइलो-रमाइलो कुरा गर्ने भएकोले चाँडै चिनजान भइहाल्यो । म एक्ली भएको पनि थाहा भएपछि उसले मुख फोडेरै भन्यो – तिमीले मान्यौ भने म तिमीसँग बिहे गर्छु ।***

किसीचा साँच्चि नै हात्तीजस्तै मोटोघाटो छ । ऊ कालो भए पनि हिसी परेकै देखियो । ज्यापूको छोरो, बलबुद्धिको काम त गर्न सक्छ नै । जोगमायाले नवरात्रको मेला भर्न लागेको सुरुकै दिनमा मलाई जानकारी हुन आएको हुँदा मैले सम्मति नै जनाउने किसिमबाट मैले जोगमायालाई भनेँ – ***तिमीलाई माया गर्छ र अरू केटीसँग पनि लागेको छैन भन्ने यकिन हुनासाथ तिमीले किसीलाई स्वीकार गरे हुन्छ जस्तो लाग्यो ।***

***हो, म पनि त्यही कुरा बुझ्दैछु । लोग्नेमान्छेको कुनै भर नै हुँदैन ।***

जोगमायालाई उसका सबै कुराको जानकारी लिने पहिलो काम, दोस्रो उसको व्यवहार बुझ्ने र तेस्रो उसको प्रकृतिसँग कत्तिको मेल खान्छ भन्ने कुरा हेर्ने आदि गर्नुपर्ने कुरा बताइदिएँ । हामी उज्यालोको मिर्मिरसँगै घर आइपुगिसकेका थियौँ त्यो पहिलो दिन ।

त्यसै गरी दोस्रो दिन हामी महेश्वरीदेवीको दर्शन गर्न गयौँ । महेश्वरीघाटमा नुहाएर हामीले महेश्वरीको प्रार्थना गर्‍यौँ । श्वेतवर्णकी, निधारमा चन्द्रमासहित तीन आँखा भएकी, एक हातमा त्रिशूल र अर्को हातमा डमरु धारण गरेकी, साँढेको पीठमा बसेकी महेश्वरीदेवीलाई स्मरण गर्दै पूजा गरिसकेर फर्कंदा त किसीचा मन्दिरकै छेउमा भेट भयो । मैले किसीलाई देख्नेबित्तिकै जोगमायालाई भनिहालेँ – ***जोगमाया ! किसीले तिम्रो यसरी पछि लागेको ठीक भएन । अँधेरो समय छ । मान्छेले भोलि के भन्लान् ! किसीलाई यसरी तिमी नआऊ भनेर भनिदेऊ ।***

किसी भएतर्फ जोगमाया गइन् र किसीलाई नआउन सम्झाइन् । तर उसले कुनै उत्तर दिएनछ ।

तेस्रो दिन पसिखेलघाट नुहाएर कुमारी पुग्नु थियो । किसीचा त घाटमै पो देखियो । जोगमायालाई मैले भनें – *अब योसँग नबोल । यो मान्छे ठीक लागेन । किनभने हिजो नआउनू भनेर भनेपछि आज किन आयो ?*

केही उत्तर नदिई जोगमाया मेरो पछिपछि लागिन् ।

रक्तवर्णकी, चार हात भएकी, माथमा चन्द्रमासहित तीन आँखा भएकी, मयुरमाथि सवार भएकी कुमारीलाई मनमा स्मरण गर्दै हामीले पूजा गऱ्यौं र फर्कियौं ।

चौथो दिन चुपिँघाटमा नुहाउनुपर्ने र त्यहीं भेलुखेलमा रहेकी भद्रकाली नाम गरेकी नीलकमलजस्तो वर्ण भएकी, सोह्र हात र निधारमा चन्द्रमासहित तीन नेत्र भएकी, उँट वाहन भएकी देवीलाई आराधना गरी पूजा गऱ्यौं ।

पाँचौं दिन मङ्गलतीर्थमा स्नान गरी वाराहीको मन्दिरमा पुग्यौं । बनेलको स्वरूपजस्तो अनुहार भएकी, चन्द्रमासहित तीन आँखा भएकी, घोडाको शरीरमाथि विराजमान भएकी वाराहीको पूजा-अर्चना गऱ्यौं ।

छैटौं दिनमा नगरको पश्चिम भागमा रहेको प्रसिद्ध जलाशय सिद्धपोखरीमा स्नान गरी खौमाटोलमा रहेकी इन्द्रायणीको दर्शन गर्ने कार्यक्रम थियो । त्यस तीर्थमा पनि हामी दुवै ठीक समयमा पुग्न पहिले सिद्धपोखरी पुगी स्नान गऱ्यौं र इन्द्रायणीदेवीको मन्दिरमा पुग्यौं । स्वर्णवर्ण भएकी, पग्लिएको पारोजस्तो तेजयुक्त, नरमुण्डमाला लगाएकी, हात्तीको आसनमा विराजमान भएकी, तेजस्वी इन्द्रायणीदेवीको स्मरणपूर्वक आराधना गरी हामीले पूजा-अर्चना गऱ्यौं ।

ती गएका सबै छ दिनमा हामीलाई किसीले अनुसरण गर्न भने भुलेन । पछिका दिनहरूमा ऊ टाढै बस्यो र हाम्रा क्रियाकलापलाई मात्र हेर्दै रह्यो, नियाल्दै रह्यो । त्यस मानेमा किसी नराम्रो मान्छेचाहिँ होइन रहेछ भन्ने मलाई लाग्यो । उसले जोगमायालाई वास्तवमा स्वास्नी बनाउन चाहेको छ । यी दुवैको चाहना पूरा हुन्छ कि भन्नेमा मेरो विश्वासको मुना पलाउँदैछ । म आज जोगमायालाई बिस्तारै सकारात्मक विचार व्यक्त गर्छु भन्ने अठोट मनभित्र मैले गरेकी छु ।

नवरात्रका छ दिन गुज्रिसकेका छन् । अब तीन दिन बाँकी छन् । दशमीको दिनमा त सूर्यको उदय भएपछि मात्र नुहाउनुपर्छ, नवरात्रको जस्तो सूर्यको उदय हुनुभन्दा अगाडि नुहाउनु हुँदैन । त्यसैले अब चाँडो उठ्न बाँकी दुई दिन मात्र छ ।

जोगमाया आइन् क्यारे, ढोका ढकढक्याएको आवाज सुनें । समय ठीक छ। म कोठाबाट निस्किएँ । जोगमाया र म सर्वप्रथम 'काँसाखुसी' तर्फ लाग्यौं । त्यो खोला मन्दिरभन्दा त्यति टाढा छैन । आज अलि भीड बढेको देखें, सायद दसैं आजैदेखि सुरु हुन्छ । किनभने आज फूलपाती हो । आज, भोलि र पर्सि



नवरात्रका अन्तिम दिन हुन् । गएका छ रात्रिमा मेला भर्न नआएका व्यक्ति र समुदाय पनि यो अन्तिम तीन दिन शक्तिपीठको दर्शन गर्न निस्कन्छन् ।

हामी 'काँसाखुसी' गएर स्नान गरेपछि महाकालीपीठमा उक्लिएर देवस्थलको प्राङ्गणमा पुगेका थियौं । त्यहाँ ठूलो भजन दाफासहित त्यस दाफा-भजनसँग सम्बन्धित टोलभरिका आइमाई-केटाकेटीहरूको लस्कर थियो । आइमाईहरूले नयाँ हाकुपटासीमाथि सेतो ओढ्ने बायाँ कुममाथिबाट दायाँ हातको काखी हुँदै घुमाएर ओढेका हुँदा दायाँ हात ओढ्नेबाट बाहिर बनाएर पूजा गर्न सजिलो भइरहेको थियो । यो भीड हटोस् भन्ने मनसायले हामी दुवै मन्दिरको छेउमा रहेको सत्तलको पेटीमा गएर उभियौं । लाकुलाछेँटोलको भैलः दाफा भजन रहेछ भन्ने कुरा भुइचालाई देखेपछि चाल पाएँ ।

भुइचाले धिमेबाजा बजाएका थिए । उनी मलाई देख्नेबित्तिकै बाजाको स्वारमा उच्च स्वर निस्कने गरी टाउको र जीउको अभिनयसमेत गर्न थाले । अझ मेरो नजिकै आएर उनले एउटा विज्ञ बादकले जस्तै तन र मन दुवै बाजामा नै समेटी बजाउँदै मुखले बोल पनि बोल्न थाले – *धुँ धुँ ना धुँ ताझेमता झेँ ता, धुँता ताधुँ धुतता ताखता नाखतता खतताके धुँता ताधुँ धुतता ।*

पहिले धिमेबाजा लोग्नेमान्छेले मात्र बजाउँथे । स्वास्नीमान्छेले बजाउन हुँदैन भनेर स्वास्नीमान्छेहरूलाई धिमेबाजा सिकाइन्नथ्यो । तर आजभोलि यो बाजा सबैले बजाउँछन् । वास्तवमा धिमेबाजा लोग्नेमान्छेले बजायो भने नै बाजाको स्वर राम्रो खुल्छ । किनभने कहिलेकाहीं बाजाको स्वरलाई मुखको बोलले पनि छोप्नुपर्ने अवस्था हुन्छ, जसरी यतिखेर भुइचाले बाजाको बोल बोलेका छन् ।

भुइचा मच्चिई-मच्चिई धिमेबाजा बजाइरहेछन्, कहिले मन्दिरतर्फ हेर्ने त कहिले हामी उभिएको स्थानतिर हेर्ने गरेर । मानौं उनले मेरा अगाडि पुरुषत्वको प्रदर्शन गर्न कुनै कमी राखेका छैनन् । बिस्तारै भजन मन्दिर-प्राङ्गणबाट बाहिरिन थाल्यो । अब भुइचा पनि धिमेको स्वरमा मन्दी ल्याएर मतिर फर्कंदै र मलाई हेर्दै मन्दिर-प्राङ्गणबाट बाहिरिन थाले ।

यो नवरात्रमेला युवायुवतीले भेट गर्ने र आपसमा चिनजान गर्ने अवसर पनि हो । यस समयमा एक-अर्काप्रति समझदारी विकसित हुने, एक-अर्काका लागि योग्य छु भनेर प्रमाणित गर्ने यथेष्ट सम्भावनाहरू हुन्छन् । पहिलो बिहानको मधुरम समय, दोस्रो शान्त निशाले राज गरेको समय, तेस्रो नगरबाहिरसम्म निस्किएर व्यतित गर्नुपर्ने एउटा निश्चित एकान्त समय, यस्तो धर्म र मनोरञ्जनमिश्रित समय उपभोग गर्न पाउने भएका हुँदा वातावरणले नै युवा-युवतीमा उन्माद र भयरहित अवस्थाको सिर्जना हुने निश्चित छ ।

सेतो दौरा-सुरुवाल, कालो इस्टकोट, कालै तकुवाटोपी लगाएर निधारमा सिन्दुरको टीको र कानको छेउमा रातो गुलाफको फूल टोपीमा घुसारेका

भुइचा आज त्यस समूहमा बेग्लै आकर्षणका केन्द्र सावित भएका थिए । जमात बिस्तारै जाँदै गर्दा जोगमायाले भनिहालिन् – *भुइचा कति राम्रो देखिएको आज !*

मैले उसलाई कुनै प्रतिक्रिया जनाइनँ । कारण उसलाई पनि थाहा छ, भुइचा एकोहोरो मप्रति आकर्षित भएका छन् । यतिखेर मलाई भुइचा राम्रै लागे पनि मेरो प्रतिक्रिया अहिले नै दिनुपर्ने देखिनँ । म आफैँ भुइचाका बारेमा अध्ययन गरिरहेकी छु । उनका बारेमा अझै मलाई धेरै नै जानकारीको आवश्यकता छ । त्यसैले म चुपचाप नै रहेँ, भीड हेर्ने बहानामा अनुत्तरित भइदिएँ ।

परम्परागत ज्यापूपहिरन, चाहे लोग्नेमान्छेको होस् वा आइमाईको, मलाई औधी मन पर्छ । त्यस पहिरनमा मात्र आफ्नो जातीय अस्तित्व बाँचेको अनुभव हुन्छ मलाई । यतिखेर हामी दुवै त्यो पहिरनमा छैनौँ, जुन पहिरनको जोगमाया तारिफ गरिरहेकी छन् । हामी स्कुल जान थालेपछि आफ्नो पहिरनबाट विमुख भयौँ । हामीलाई हल्का र सजिलो पहिरन लगाउन बाध्य गराइयो । तर पनि आफ्नो पहिरन मन नपर्ने भन्ने त कुरै भएन । म जोगमायाको भनाइलाई बल प्रदान गर्छु – *लोग्नेमान्छेको 'हाकु तप्ली' र स्वास्नीमान्छको 'हाकु पटासी', यी नै हाम्रो ख्वपदेशका पहिचान हुन् । यिनलाई मास्नु हुँदैन र मासिँदैन भन्नेमा म विश्वस्त छु ।*

भीड कम भएपछि हामी देवीका सामुन्ने पुग्छौँ । अष्टमातृकागणमा देवी महाकालीलाई एक सर्वशक्तिदेवीका रूपमा लिइन्छ । नीलकमलको जस्तो मुहार भएकी, दस हात भएकी, चन्द्रमासहित तीन आँखा भएकी, क्रोधित मुद्रामा रहने महाकालीदेवीको आराधना गर्दै मैले नमन गरेँ र जोगमायाले पनि पूजा-अर्चना गरिन् ।

महाकालीस्थानबाट ओर्लंदै गर्दा जोगमायाले उसको मनको कुरा खोल्दै बिस्तारै भनिन् – *किसीचा यही नवरात्रमा मलाई लान्छु भन्छ ।*

अलि काँपेको स्वरमा मेरो निर्णय लिनका लागि फेरि उनले सोधिन् – *के गर्ने ?*

*तिम्रो के विचार छ, त्यो पहिले आफैँले निर्णय गर्ने ।*

*यो नवरात्र वा दशमीको रात्रि 'पायः न्ह्याकेगु' का दिन ऊसँग भाग्यो भने राम्रो हुन्छ भन्ने उसको भनाइ हो ।*

*कुरो त ठीक हो । यो चलन सर्वस्वीकार्य छ । अरू बेलामा जाँदा अनेक झमेलाको सामना गर्नुपर्छ । रात्रिको समय, त्यसमा पनि मान्छेको भीड, आ-आफ्नो मन परेको मान्छेसँग हातमा हात मिलाएर हिँड्न पाइने । एकातिर पस्यो, अनि गायब भयो । ठीक समय त त्यही समय हो । केटा र केटीको मन मिलेपछि जोडिने समय हो त्यो । तर यसबारेमा म केही भन्न सक्तिनँ । निर्णय तिम्रो सर्वोपरि हो ।*



हेर्दा त किसीचा ठीकै लाग्छ । पछि यिनीहरूको सम्बन्ध कस्तो हुने हो ! यो नवरात्रको सातौं दिन ऊ देखिएको छ । जोगमायाको रक्षकका रूपमा टाढाबाट निगरानी गरिरहेको मैले देखिरहेकी छु । मैले जोगमायालाई यति नै भनेँ – *अब तीन दिन बाँकी छ, विचार तिमी नै गर ।*

मेरो घरको नजिक आइपुगेपछि मैले छुट्टिन खोजेँ, तर जोगमायाले मेरो घरमै आउने आशय जनाइन् । मैले रोक लगाइनँ । उनी मसँग नै घरमा आइन् ।

आज मेरो धेरै काम छ । तीन दिनको भोजका लागि जाँड बनाउन सामग्री तयार गर्ने र बनेको जाँड झिक्ने काम मात्र होइन, रक्सी पनि बनाउनुछ । यी सबै कार्य पहिले आमाले गर्थिन् । तर यो वर्ष मेरो जिम्मामा परेको छ र मैले सिकिसकेकी पनि छु । बाजे भाजुलाललाई दैनिक चाहिने जाँड पनि मैले नै तयार गर्ने गरेकी छु । मैले झिकेको जाँड खान थालेपछि बाजेले मेरो तारिफ नगरी खोला रित्याउँदैनन् । *आहा, धाथे हे माकुसे च्व* भन्न कहिल्यै भुल्दैनन् बाजे । त्यसैले पनि बाजेलाई जाँड दिन मलाई रमाइलै लाग्छ ।

आज जाँड र रक्सी बनाउने कुरा मैले गरेपछि जोगमायाले आज मसँग नै बस्ने निर्णय गरिन् । किनभने थ्वँ र ऐला भोजका लागि अनिवार्य वस्तु हुन् र यो कार्य आइमाईको जिम्मामा पर्छ । हाम्रो जातका हरेक आइमाईले थ्वँ र ऐला बनाउन जान्नु नै पर्छ । भोजका लागि अर्को वस्तु मासु हो । त्योचाहिँ लोग्नेमान्छेको जिम्माको हो । त्यसमा आइमाईले कुनै टाउको दुखाउनुपर्दैन ।

जोगमायाले देखेकी छन्, तर पूरा जिम्मेवारी लिएर बनाएकी छैनन् । उनले आज मसँगै बस्ने कारण के हो भने विवाह गरेर गएपछि आवश्यक सामग्री बनाउनै जान्दिनँ भन्नु त भएन !

सधैँ काँसाखुसी गएर नित्य बिहानको कर्म सक्ने बाजे भाजुलाललाई आज त्यस भेगमा चल्ने मेलाले केही अप्ठेरो पारेछ । उनले साविक ठाउँभन्दा केही पर गएर दिसा-पिसाब गर्नुपरेछ । यो कुरो उनले सुनाउँदा हामी गएका कुरा पनि गऱ्यौँ । सयौँ चिनेका मान्छेलाई उनले देखे, तर हामीलाई नदेखेकोमा आश्चर्य प्रकट गर्दै ठट्यौलो भाषामा भने – *भीडमा कतै ठिटाहरूसँग थियौ कि ? होइन भने तिमीहरू दुइटी मात्र हिँडेका भए मैले नदेख्ने त कुरै थिएन ।*

साविकअनुसार थ्वँखोला ल्याएर बाजेका अगाडि राखिदिएँ र करुवाको जाँड भरिदिएँ । दाहिने हातको साहिँली औँला थ्वँखोलामा चोपेर उनले चारैतर्फ छर्किए र त्यही औँलाले निधार र घाँटीमा टपटप टीको लगाएजस्तो गरी क्षणभर आँखा चिम्लिएपछि पिउनका लागि तयार भए । जाँड खानुभन्दा अगाडि उनले गर्ने क्रिया हो यो । आफूले पिउने जाँड सर्वप्रथम देवतालाई अनि वरपरका भूतप्रेतलाई चढाउने र पिउनुअगाडि राखेको खोलाको जाँड शरीरका लागि अमृतमय होस् भनेर मनैमन प्रार्थना गरेर मात्र ग्रहण गर्ने । यो कुरा बाजेले मलाई पहिले नै व्याख्या गरेका थिए ।

वास्तवमा ‘थ्वँ’ र ‘ऐला’ दुवै मादक पदार्थ हुन् । यी वस्तुको सन्तुलित सेवनले मानवस्वास्थ्यलाई सकारात्मक सहयोग पुग्छ भने असन्तुलित सेवनले नकारात्मक प्रभाव पर्न जान्छ । बाजे भाजुलाल हरेक दिन बिहान, दिउँसो र बेलुका गरी करिब तीन-चारपटक जाँड सेवन गर्छन् । त्यसैले उनी तन्दुरुस्त छन् । स्वच्छ मनले ईश्वरलाई साक्षी राखी पिउने हुँदा उनमा विचलन आउन सकेको छैन । अर्थात् उनी जाँडको सेवन गर्छन्, उनलाई जाँडले सेवन गर्दैन ।

जाँड हाल्न चामल भिजाउन जाँदा जोगमाया पनि सँगै जाँड हाल्ने कोठामा आइन् । उनले सिक्ने निर्णय गरेकी हुँदा उनकै हातबाट म काम लिन थालें । तीन दिनदेखि दैनिक एक पाथी चामलको जाँड हाल्ने गरेकी छु । आजदेखि तीन दिनसम्म धेरै नै जाँड चाहिन्छ । आज, भोलि र पर्सिका लागि चाहिने जाँड तयार भइसकेको छ । अब पछिका लागि चाहिने जाँड आज हाल्नुछ । त्यसैले मैले एक पाथी चामल भिजाउन हालें र पहिले हालेको घ्याम्पोको जाँड झिक्न जोगमायालाई अह्राएँ ।

एक घन्टासम्म भिजेको चामल फोसीमा हालेर चुलोमा बफ्याउन लगाएँ । बफ्याउने क्रियाका लागि ‘पोटासी’ भित्र ‘मिमिचा’ राख्ने र त्यसै मिमिचामा भिजेको चामल राख्ने । पानी भएको ‘फोसी’ माथि त्यो पोटासी राखेर पोटासीको मुख छोपिदिने । पानी उम्लेपछि बाफले पोटासीको गर्भमा रहेको चामल बाफिने काम हुन्छ । यो बाफिने क्रिया चामलको चुरो नमरेसम्म कायम राख्नुपर्छ । त्यसपछि त्यो बफ्याएको चामललाई नाङ्लोमा फिँजाउने र सेलाएपछि ‘मनापु’ हालेर मिलाउने । यसरी मनापु मिश्रण गर्दा मनापुको धूलोको कण र बफ्याएको चामल एक-आपसमा राम्ररी मिलेको हुनुपर्छ । एक पाथी चामललाई एउटा बिस्कुटजस्तो मनापु हाले पुग्छ । यसरी मनापुमिश्रित चामललाई घ्याम्पो वा फोसीको पिँधमा मिलाएर राख्ने र छोपिदिने । यसलाई केही तातोपनको आवश्यकता हुने भएकाले कपडा वा बोराले बेरेर यसलाई केही गर्मी हुने व्यवस्था मिलाउने । बस् ! दुई या तीन दिनमा चामल सडेको बास्ना आउन थालेपछि गर्मी हुने वस्तु हटाइदिने । त्यसपछि छ वा सात दिनमा दोब्बर परिणामको हिसाबले पानी हाल्ने । अब तयार भएको जाँडलाई ‘ब’ को सहयोगले झिक्न थाल्ने । यसरी जाँड झिक्ता एक पाथी चामलको हो भने पहिलोपटक दुई पाथी पानी हाल्ने र झिक्ने, दोस्रोपटक डेढ पाथी पानी हाल्ने र झिक्ने, तेस्रोपटक एक पाथी मात्र पानी हाल्ने र झिक्ने । एक पाथी चामलको करिब चार-पाँच पाथी जाँड बन्न सक्छ ।

जोगमायालाई एक-एक वस्तु देखाउँदै र गर्न लगाउँदै जाँड तयार गर्ने तरिका सिकाइदिएँ । धेरैवटा भाँडाहरू समय र आवश्यकताअनुसार विभाजित भएर बसेका थिए । ती सबै भाँडामा समयअनुसार बस्नामा परिवर्तन हुने विषय राम्ररी सम्झाइदिएँ । उनी खुसी भइन् र एक खोला जाँड चाखिन् पनि ।



आज रक्सी पनि झिक्नुछ । रक्सी हिजो नै झिक्नुपर्ने भोलि ‘कुछिभोय’ का लागि । तर हिजो काम गर्न नभ्याएकीले आज चाँडै झिक्नुछ । रक्सी बनाउनका लागि आमाको आवश्यकता छ, म एक्लैले गर्न सक्तिनँ । किनभने पानीको आवश्यकता धेरै पर्छ र आगोको आँचलाई पनि ध्यान दिनुपर्छ । त्यसैले आमासँग समय निश्चय भएअनुसार दिउँसो मात्र रक्सी झिक्ने निर्णय भएको छ । तर मैले रक्सी झिक्ने सामान ठीक बनाइसकेकी छु । त्यो कुरो पनि मैले जोगमायालाई अर्थ्याउँदै गएकी छु ।

करिब एक महिनाअगाडि नै सामान ठीक पार्नुपर्ने भएकाले त्यसै बखत रक्सी बनाउनका लागि चाहिने सरसामान ठीक पारिएको छ ।

रक्सी बनाउन सामग्री तयार गर्नुपर्दा जाँडको कट दुई पाथीमा तीन पाथी चिउरा, दुई धार्नी सखर र ‘छोगना’ तीन पाथी हालेर मिश्रण गर्ने । त्यसै बराबर पानी अर्थात् करिब आठ पाथी पानी हालेर ‘टेपः’ मा भर्ने र छोपेर राख्ने । प्रत्येक दिन टेपःमा रहेको मिश्रण राम्ररी एक-आपसमा घोलियोस् भनी चलाइदिने । करिब चार हप्तापछि परीक्षण गर्ने । त्यसरी ठीक भएको वा नभएको परीक्षण गर्दा दुई किसिमबाट परीक्षण गर्न सकिन्छ । एक हो सल्लाको काठको कप्टेरो बालेर हेर्ने, र अर्को हो टेपःको मुखमा आफ्नै आँखा लग्ने र विचार गर्ने । आँखा पीरो भयो भने सामग्री ठीक भयो भन्ने सम्झनुपर्छ । यो कुरो मैले जोगमायालाई प्रत्यक्ष परीक्षण गराएरै देखाइदिएँ ।

आमाको फुर्सद भएपछि चाँडै नै यही तयारी सामग्रीबाट रक्सी झिक्ने काम हुन्छ । तबसम्म जोगमाया बस्ने भएकी छन् । सायद नयाँ घरमा जाँदा जाँड र रक्सी बनाउन जान्ने विज्ञका रूपमा परिचित हुने निश्चय गरेकी छन् उनले । त्यसैले बढी ध्यान दिएर सिक्ने प्रयत्न गरेकी छन् ।

रक्सी झिक्नका लागि मुख्य चार थान उपकरण वा भाँडाको आवश्यकता पर्छ । पहिलो फोसी हो, जसमा एक महिनासम्म सडाएर राखेको सामग्री राखेर पकाउनुपर्छ । दोस्रो ‘हाँसी’ हो जसको पीँधमा प्वालहरू हुन्छन् र तलबाट उम्लिएर निस्किएको बाफ भण्डारन हुन्छ । तेस्रो त्रिकोणात्मक भाँडो हो जसलाई ‘बाट’ भनिन्छ । त्यस ‘बाट’ को तल्लो केन्द्रको पीँधतलतिर चोसो परेको हुन्छ । यो हाँसीको मुखमा मिलाएर बाफ बाहिर नआउने गरी कपडाको प्रयोगद्वारा फोसी र हाँसीको मुख टम्म मिलाएर राखिन्छ । हाँसीको गर्भभित्र हाँसीको पीँधमा अड्याएर ‘द्वापुचा’ राखिन्छ, जहाँ रक्सी सङ्कलन हुन्छ ।

फोसीमा एक महिनासम्म राखिएको रक्सी बनाउने कोरा पदार्थ राख्नुपर्छ, त्यसमाथि हाँसी र हाँसीको पीँधमा द्वापुचा र हाँसीको माथि बाट राखेर त्यस बाटमा पानी राख्नुपर्छ । तल फोसीको पीँधमा आगोको आँच मन्द गतिको हुनुपर्छ । माथि बाटमा पानी हाल्नुपर्छ । तीनपटकसम्म यसरी पानी

बदलेपछि तलको आगोको आँच कम गर्नुपर्छ र हाँसीमा भएको द्वापुचामा जम्मा भएको रक्सी झिक्नुपर्छ ।

रक्सी बन्ने प्रक्रिया के हो भने फोसीमा रहेको अमिलिएको कोरा माल उम्लिएर बाफमा परिवर्तित हुन्छ र त्यो बाफ माथि रहेको बाटमा गएर ठोकिँदा पानीद्वारा चिस्याइएको बाटमा बाफ ठोकिएर बाफ आफ्नो प्रकृतिमा परिवर्तित भई पानी थोपा-थोपाका रूपमा रूपान्तरित भएर द्वापुचामा झर्न थाल्छ । त्यही बाफबाट परिवर्तित भई सङ्कलित तरल पदार्थ नै रक्सी हो, जसलाई हामी 'ऐला' भन्छौं ।

एउटा टेपःमा 'ह्याउँ थ्वँ' बनाउन थालेको कुरा म जोगमायालाई बताउँछु । 'ह्याउँ थ्वँ' बनाउन चार महिनाको समय लाग्छ । अहिले राखेको सामग्री चार महिनापछि मात्र तयारयोग्य बन्न सक्छ । यो वर्ष हाम्रा बाजे भाजुलालको 'जङ्गो' गर्ने हो । त्यसैका लागि अहिलेदेखि नै 'ह्याउँ थ्वँ' तयार गर्न सुरु गरेका हौं । साधारण थ्वँ बनाउन साधा चामल भए हुन्छ भने 'ह्याउँ थ्वँ' बनाउन 'हकुवा' चामल नै चाहिन्छ र समय पनि धेरै लिन्छ ।

घरायसी काममा मेरो दक्षता देखेर जोगमाया भन्छिन् – *चकना ! तिमीलाई मैले आधुनिक नारी सम्झेकी थिएँ । यी सबै देखेर र बुझेर त मलाई लाग्यो तिमी परम्परागत रीतिस्थिति जान्ने ज्यापुनी नै हौ ।*

वास्तवमा सच्चा ज्यापुनीले समाजमा नारीप्रधानता कायम गर्न सकेकी हुन्छे । नेतृत्व-विकासका लागि आवश्यक तत्त्व हो निःसर्त सेवा र कर्तव्यप्रतिको जागरुकता । यो गुण लोग्नेमान्छेमा भन्दा बढी आइमाईमा चाँडो विकसित हुन्छ । जो नारी कर्तव्यनिष्ठ हुन्छे, उसैले परिवार तथा समाजमा नायकत्व हासिल गरेकी हुन्छे । त्यसैले हरेक परिवारमा आइमाईकै नेतृत्व कायम रहन्छ । यो आदिकालदेखि चलिआएको रीति हो । यो आजको मात्र आधुनिक परिणाम होइन, यो त सृष्टिसँगसँगै भएको प्राकृतिक प्राधान्य हो । आधुनिक विश्लेषण र व्याख्याले यसलाई कुण्ठित गर्न खोजिए पनि यसको सत्यतालाई कसैले मेट्न सक्तैन ।

दिनभरि काम भयो आज । जोगमाया दिनभरिजस्तै बसेर भोलिपल्ट बिहान साविक समयमा भेट्ने निर्णय गरी मबाट छुट्टिइन् । भोलि अष्टमी । बाले गुठीको पूजामा जानुछ । आमालाई पनि आजभोलि भ्याइ-नभ्याइ काम छ । उनले मलाई अह्राउनुपर्ने कामहरू भनिसकेकी छन् । आजको काम सबैजसो सकिइ पनि सक्यो ।

अष्टमीको दिन भएको हुँदा नगरको पूर्वमा रहेको चँपुखुमा नुहाएर भोलाछेँनजिकै रहेको महालक्ष्मीमन्दिर जानुपर्नेछ । मन्दिर नगरभित्र रहेको छ । दर्शनार्थी समूहले बाहिर बजाएका बाजाहरूको आवाज आउन थालिसक्यो । जोगमाया आइपुगेकी छैनन् । उनले ढिलो गर्न थालिन् कि उनीमाथि शङ्का



उत्पन्न हुन थाल्छ । तर मलाई विश्वास छ यो नवरात्रमेला भने पूरा गरेर छोड्नेछिन् । पहिल्यैदेखि चलिआएको रीतिअनुसार नवरात्रमा देवीहरूको दर्शन गरेपछि दैवी शक्ति प्राप्त भई सुखशान्ति मिल्छ भन्ने भएकोले नै जोगमायाले यो वर्ष पीठदर्शन गर्ने सङ्कल्प गरेकी हुन् । म त उनको पछि लागेकी मात्र हुँ यो वर्ष ।

जोगमाया आइपुगिन् । हामी निर्दिष्ट ठाउँमा स्नानका लागि जान थाल्यौं । हिजोअस्तिको भन्दा बाटो गम्किएको छ । आइमाई र केटाकेटीहरू कुदाकुद पनि गरिरहेका छन् । यी स्थानीय टोलका बासिन्दा हुन् । टाढाबाट आउने त भजन वा दाफामा सम्मिलित भएर व्यवस्थित रूपले आउँछन् ।

स्नान गरेर हामी महालक्ष्मीको मन्दिरमा पुग्छौं । पहेंलो वर्णकी, सुवर्णजस्तो तेज भएकी, चन्द्रमासहित तीन नेत्र भएकी र सोह्र हात भएकी, सधैं हँसिलो अनुहारमा रहने महालक्ष्मीदेवीलाई मनमनै नमन गर्दै हामीले पूजा-अर्चना गर्‍यौं ।

आज भोज छ 'कुछीभोय' । गुठीको पूजामा पनि घरका तर्फबाट धेरै सामग्री पठाउनुछ । आमा र म मिलेर काम गर्नुपर्ने भएकाले म चाँडै नै फर्कन खोज्छु । पोखरीको छेउको फलैँचामा बसेर हाम्रा क्रियाकलापहरूलाई निगरानी गरिरहेको किसीचालाई देखाउँदै जोगमायाले भनिन् – *हेर न, बिहानदेखि बेलुकासम्म छोडेकै होइन यो किसीचाले मलाई ।*

*फूलको रसास्वादनको आशा लिएको भमराले फूलको वरपर घुम्नु स्वाभाविकै हो । यस्तै हो जोगमाया !*

*ऊ यसरी मेरो पछि लाग्दा म अत्यन्तै कमजोर हुँदै गइसकेँ चकना ! मैले जतिसुकै उसबाट छायामा पर्न खोजे पनि मेरो निर्णयशक्तिमा ह्रास आउन थालिसकेको छ । म के गरूँ ? मलाई गाह्रो भइसकेको छ ।*

*नारी शक्तिको प्रतीक हो । चुम्बकमा शक्ति छ, त्यसैले फलाम त्यसतर्फ खिचिन्छ । अझ अर्को सत्य हो विपरीत दिशा जुट्नु प्राकृत हो । तिमी स्वयम् शक्ति हौ । तिमीमा निर्णायक विन्दु निहित छ । यसमा तिमीले अन्यथा मान्नुपर्दैन । मात्र तिमी हेर उसको परिवार र पूर्वक्रियाकलाप । तिमीलाई ठीक लाग्छ भने ठीकै छ ।*

यतिखेर म जोगमायालाई सहमति प्रदान गर्छु, किनभने उनको जीवनमा घटेको पूर्वघटनाले उनलाई लत्याएर धेरै पछाडि पारेको छ । विवाहको कार्यक्रमभन्दा यसै गरी जाने र पछि घरमा भित्र्याएर 'ग्वयकायेकु' गर्दा राम्रो हुन्छ कि जस्तो लागेको छ । मुख्य कुरा यस जोडीको निर्णय, आँट र भविष्यको बाटो बनाउने अठोटमा निर्भर गर्छ । यी सबै कुरा मैले जोगमायालाई बिस्तारै सम्झाएँ ।

आज राति तलेजूमा कालरात्रिपूजा हुन्छ । त्यहाँ हाम्रै सुवालजातिका भान्छेले रोटीहरू तयार गर्छन् । चौरासी व्यञ्जन भनेको खानाको उच्चतम

परिकार हो । तिनै चौरासी प्रकारका रोटी बनाई तलेजूभवानीलाई चढाई आचाजु, जोशी र द्यभाजुहरूले रात्रिपूजा गर्ने गर्छन् ।

'स्वयगु' बाट 'सुवाल' भएको हो । मल्लराजाहरूकी मूल देवी तलेजूमा सुवालहरूले भात पकाएर देवीलाई चढाउने चलन आजसम्म चलेकै छ । बच्चाको पास्नीमा त्यही तलेजूको भात-प्रसादले बच्चाको मुख जुठो गराइन्छ । हाम्रै गुठीका सदस्यहरू तलेजूमा भान्छे भएकाले भोलि ती चढाएका रोटीहरू टोलमा र हामीकहाँ पनि आइपुग्छन् ।

नगरका सबै टोलहरूमा राँगाहरू काटिएका छन् । कोही गुठीमै गएर भोज खान्छन् भने कोही मासुको बाँडफाँड गरी आफ्नो भागमा आएको मासु घरमै ल्याएर भोज खाने गर्छन् । तर हाम्रो भने घरमा नै भोज खानुपर्छ । त्यसैले घरमा आएर आमासँग काममा लागिसकेकी छु म ।

आज 'कुछीभ्वय' घरका सबै बसेर एक करुवा चिउरा र अन्य पदार्थहरू राखेर भोज खाने दिन हो । चिउरा, तरकारी, गेडाको तरकारी, केराउ र मुलाको अचार, पाउँ अचार सबै घरमा नै बनाउने तरखर भइरहेको छ । मासुका लागि बा टोलमा गुठीका मान्छे मिलेर काटेको राँगोको मासु लिन गएका छन् । मासु आएपछि मासुको तीन थरीका परिकार बनाउनुपर्छ – पहिलो नलुला, दोस्रो तःक्वला र तेस्रो सियाला । यी तीन थरीका परिकार बनाएर बचेको मासु बाजेका लागि सुकुटी बनाइदिनुपर्छ ।

पहिले-पहिलेका भोजहरूमा बाहिरबाट जुजुधौ किनेर ल्याउने चलन थियो । तर यसपटक म आफैँले घरमा बनाएँ । किनभने भोजका समयमा जुजुधौको माग बढी हुने भएकाले जुजुधौको गुणात्मक पक्ष खस्किएको मैले अनुभव गरेकी थिएँ । त्यसैले यसपालि घरैमा दही जमाउनका लागि हिजो सप्तमीको दिन बिहानै दूध ल्याउन लगाएँ । तुरुन्तै फलामको कराहीमा खटखटी एक चौथाइ सुक्ने गरी दूध राम्ररी उमालेँ । गुलियो आवश्यकताअनुसार हालेँ र तताएको दूध चुल्होबाट उतारेँ । माटोको कल्ला अघिल्लो दिन साँझै पानीमा भिजाइराखेकी थिएँ । भुइँमा धानको भुस बिछ्याएँ । गर्मीको तापक्रम मिलाउन त्यसमाथि कल्ला राखेँ । मनतातो रहनेसम्म दूधलाई सेलाउन राखेँ । कस्तो मनतातो भने औँला चोप्ता चसक्क पोल्ने तातो रहँदै दूधलाई कल्लामा अलि माथिबाट धारो लगाई खन्याएँ, ताकि फिँज उठ्न सकोस् । बस् ! दहीको पुसा हालेर छाडेकी थिएँ । तापक्रम बढी भए हिजै तयार हुन सक्थ्यो । मैले आज चाहिने भएकाले दही राखेको तापक्रम मिलाएकी थिएँ । केही समयअगाडि हेर्दा त दही काइदापूर्वक जमिसकेको रहेछ । जुजुधौ सफलतापूर्वक घरमै जमाउन सकेकीमा म मनैमन रमाएकी छु । अब बाजेले मेरो तारिफ गरेर उछित्तो गर्छन् र टोलभरिका मान्छेलाई सुनाइदिन्छन् । मैले घरमा गरेका राम्रा वा नराम्रा व्यवहार र कामका बारेमा



केही बाहिर नजाओस् भन्ने मेरो भित्री इच्छा भए पनि बाजे भने चुप लागेर बस्तैनन् ।

नवौं दिन हो आज दसैंको । हाम्रै टोलनजिक भएकी देवीको स्थान त्रिपुरासुन्दरीको दर्शन गर्ने दिन हो आज । तर स्नान गर्ने तीर्थ भने 'खोह्रे' पुग्नुपर्छ, अर्थात् हनुमानघाट त्रिवेणी ।

आज पनि बाहिर मान्छेको चाप बढेको छ । बाजागाजा बजाएर टोलटोलका समुदायहरू पङ्क्तिबद्ध भएर अनुशासित किसिमबाट अगाडि बढिरहेका छन् । हामी पनि खोह्रे जान निस्किइसक्यौँ । पीठदर्शनको अन्तिम दिन आजै 'साकोट्याको' पनि हो । त्यसैले केटाकेटीको पनि बढी संलग्नता देखिएको छ ।

हामी स्नान गरेर त्रिपुरासुन्दरी आइपुग्यौँ । लाल वर्ण भएकी, रातै पहिरनमा रहने, निधारमा चन्द्रमासहित तीन नेत्र भएकी, अठार भुजा भएकी र सिंहमाथि आरूढ हुने त्रिपुरासुन्दरीलाई मनमा सम्झेर हामीले पूजा-अर्चना गऱ्यौँ ।

किसीचाले टाढै बसेर मायालाग्दो अनुहारमा जोगमायालाई हेरिरहेको मैले देखेँ । मेरो उपस्थिति भएका कारणले किसीले हाम्रो नजिक आउने हिम्मत गरेको छैन । जोगमायाले भनिसकेकी हुँदा किसीचाले जोगमायाको वचनलाई पूरापूर पालन गरेको मैले अनुभव गरेँ । आजदेखि पीठदर्शन पनि सकिएको छ ।

*के भन्छ किसीचा ?* – मेरो सहज प्रश्न जोगमायाका अगाडि राखेँ ।

*के भन्नु ! तिमी आइनौ भने मरिदिन्छु, विष खान्छु र देश नै छाडेर हिँड्छु भन्छ ।*

*त्यो त लोग्नेमान्छेले आइमाई फसाउन बोल्ने सूत्र नै हो । अरू केही भन्छ कि ?*

*जीवनभर तिम्रो सेवा गर्छु भन्छ ।*

*त्यो पनि मिथ्या कुरा हो । अरू ?*

जोगमायाको कुरामा मैले 'हो' मा 'हो' मिलाइनँ । उनी पनि यतिखेर अन्धी भइसकेकी देखेँ । किसीचाले 'मर्छु' भनेपछि जोगमायाको मन विह्वल भएको अनुभव गरेँ । किसीचाका शब्दहरू उनका लागि अक्षरशः सत्य लाग्न थालेजस्तो छ । मैले सम्झेँ, मैले रोकेर पनि अब जोगमाया रोकिने छैनन् । त्यसैले मैले बिस्तारै सोधेँ – *कहिले जाने त ?*

*भोलि राति 'पायो न्ह्याकेगु' जात्रामा भनेको छ ।*

*त्यसो भए भोलि राति त्यो जात्रा हेर्न म तिमीसँग जान्नँ ।*

जोगमायाले कुनै उत्तर दिइनन् । अब मलाई पूरा विश्वास भयो, उनी किसीचासँग जान्छिन् । 'पायो न्ह्याकेगु जात्रा' विजयादशमीको राति हुने जात्रा हो । यस जात्रामा तलेजूलाई लिन राति नवदुर्गा तलेजूको स्थान लायकूमा

पुग्छिन् र तलेजूलाई नगरपरिक्रमा गर्ने निमन्त्रणा दिन त्यहाँ नवदुर्गाले नृत्य गर्छन् । तलेजूलाई नगरपरिक्रमा गराउन घोडाको समेत व्यवस्था भएको हुन्छ । तलेजू र राजप्रतिनिधिस्वरूप खड्गलाई अघि लगाएर नवदुर्गागणसमेत नगरपरिक्रमामा सम्मिलित भएका हुन्छन् । रात्रिको जात्रा भए पनि नवदुर्गा-उत्पत्तिको पहिलो दिन भएकाले र कर्णप्रिय सङ्गीत 'घिन्ताल्ल' को आवाज सुन्न, नवदुर्गा र तलेजूको दर्शन गर्न नगरवासीहरूको टोलटोलमा भीड लाग्छ । अन्तमा टौमढीस्थित 'सभुङ्गा भैरव' मा आएर नवदुर्गाले तलेजूलाई दर्शन गर्ने कार्यक्रम रहेको हुन्छ । यसरी पायो न्ह्याकेगु जात्रा समाप्त गरेर त्यही रात्रिमा नवदुर्गागण गःछेँस्थित द्योछेँमा प्रवेश गर्छन् । त्यसरी नवदुर्गागण द्योछेँमा प्रवेश गराउँदा नकीँले टीका लगाएर लसकुस गरी भित्र्याउने गरिन्छ । यो रात्रिको जात्रा मैले धेरैपटक हेरेकी छु ।

नवरात्रको अन्तिम दिन भएकाले आज सबै औजारहरूलाई पूजा गर्नुपर्ने हुन्छ । तल आमा आफूले कपडा बुन्दा प्रयोग हुने तान, चर्खा आदि सबै सामान एकै ठाउँमा राखेर पूजा गर्छिन् भने बाले काठको काम गर्ने औजार र खेतमा काम गर्ने औजारहरू छुट्टाछुट्टै राखी पूजा गर्ने गरेका छन् । यस पूजाका लागि बाजेको विशेष रेखदेख चलेको छ । ठीक किसिमबाट पूजा भयो कि भएन भनेर कोठाचोटा घुमेर बाजेले हेरेका थिए । आजको दिन औजार बिसाएर मस्तसँग भोज खाने दिन हो । हामी अब भोजको तरखरमा लाग्छौँ ।

तलेजूभवानीमा आज राँगोको बलि दिनुपर्छ । नवदुर्गामा पनि खःमेलाई महिषासुरका रूपमा बध गर्नका लागि नवदुर्गा द्योछेँबाट मताएर निकालिन्छ । राति ब्रह्मायणीमा नवदुर्गागणमा सम्मिलित हुने समूह मिलेर महिषासुरका नाउँमा त्यस राँगोको बध हुन्छ । यसरी हिजो र आज गरी नगरभरि हजारौँ राँगाको बध हुन्छ महिषासुर राक्षसका नाउँमा ।

अर्कोतर्फ आजैका दिन बौद्धमार्गी शाक्यहरूका रजोवृत्ति नभएका कन्याहरूलाई कुमारीका रूपमा पूजा गर्ने पनि चलन छ । तर हामी ज्यापूहरूको समुदायमा भने त्यसरी आजको दिन कुमारीपूजा गर्ने चलन छैन ।

'मोहनी' नवरात्रको दसौँ दिनलाई विजयादशमी पनि भनिन्छ । शिवजुजुले ब्रह्मायणीस्थानमा बिहानै आउँछु भनेका छन् । म पनि एक्लै जाने विचारमा छु । हुन त मैले जोगमायासँग जानुपर्ने हो, किनभने म उनीसँग नवरात्रभर नवै शक्तिपीठमा गएकी थिएँ । ब्रह्मायणीको त पहिलो दिनमा नै दर्शन गरेका थियौँ । जोगमायालाई ब्रह्मायणी जाने कुरामा मैले समय फरक पार्दा उनले कर गरिनन् र अड्डी लिइनन् । सायद उनी पनि मबाट स्वतन्त्र भएर किसीसँग भेट्न चाहन्छिन् । हिजो नै मोहनीको दिनमा नभेट्ने निर्णय भइसकेको छ जोगमाया र मेरा बीच ।



आजको दिन टोलटोलबाट समूहगत वा एकल रूपमा ब्रह्मायणीको दर्शन गर्ने र गर्न जाने अनौठो विधि छ । शरीरलाई पूरा कष्ट दिएर देवीस्थान पुग्ने विधिअनुसार पहिलो विधि त शरीरलाई बाटोमा बिच्छ्याएर गोलो काठ घुमाएजस्तो गरी शरीरलाई घुमाउँदै बाटोलाई शरीरले पेल्दै जानुपर्छ, दोस्रोचाहिँ शरीरले बाटो नाप्तै जाने, नाप्ता खुट्टाको बूढीऔँलादेखि हातको नमस्कारमुद्राको औँलासम्म नाप्ने गर्नुपर्छ । यसरी नाप्ता हरेकपटक घोप्टिएर साष्टाङ्ग दण्डवत गर्ने गरिन्छ । तेस्रो विधि हो टाउको, दुवै कुम र दुवै हातमा बलेको दियो राखेर बिस्तारै हिँड्दै जाने । चौथोचाहिँ हो टाउकोमा बलेको दियो राख्ने र शरीरलाई पहिलो विधिअनुसार घुमाउँदै जाने । यो प्रक्रिया सबैभन्दा अनौठो लाग्छ । अलिकति पनि गर्दनको सन्तुलन मिलेन भने बलेको बत्तीको दियो टाउकोबाट खस्न सक्छ । यस्तै, मन्दिरपरिसरमा पनि शवासनमा शरीरलाई बिच्छ्याएर शरीरमा एक सय आठवटा बलेको दियो वा तीन सय साठीवटा बलेको दियो राखेर बसिरहेका हुन्छन् । शरीरलाई बढीभन्दा बढी कष्ट दिँदा बढी धर्म हुन्छ भन्ने विश्वास बोकेको छ हाम्रो समुदायले । यस्ता धर्मसँग सम्बन्धित कार्यका लागि वयस्क लोग्नेमान्छेमा राम्रै प्रतिस्पर्द्धा हुने गर्छ ।

ब्रह्मायणी पुग्ने पुलको ओल्लो मुखमै शिवजुजु मेरो बाटो हेरेर बसेका रहेछन् । मैले टाढैबाट देखेँ । उनले पनि मलाई टाढैबाट चिनेका हुँदा मन्दिरतर्फ नगई उनी बिस्तारै ताःथली जाने बाटोतर्फ लागेको देखेँ । उनी मसँग एकान्त चाहन्छन् भन्ने कुराको मैले सङ्केत पाएँ । ठीकै छ, भेट नभएको पनि केही दिन भइसक्यो । भेट्ने इच्छा ममा पनि जागृत भएको छ । मन्दिरको बाटोलाई दाहिने छोड्दै मैले पनि बायाको बाटो समाएँ । उनले बिस्तारै हिँडेको चालमा मैले पनि आफूलाई सामेल गराएँ । उनीसँगै पुगेपछि उनलाई सोधेँ –
***पहिले मन्दिरमा गएर देवीको दर्शन गरेपछि यतातर्फ आएका भए हुँदैनथ्यो ?***

उनी मेरो कुरा सुनेको नसुन्यै गरेर आफ्नो कदम अगाडि बढाउँदै गए । अनि म पनि चुप लागेर उनीसँगै उनकै चालमा चाल मिलाउँदै गएँ ।

***तिमीलाई कस्तो छ चकना ?*** – मेरो अनुहारलाई हेर्न खोज्दै अनायास शिवजुजुले प्रश्न राखे ।

मैले ठीक छ भनूँ वा बेठीक छ, द्विविधामा परेँ । के भन्दा ठीक हुन्छ भन्ने मसँग यकिन जवाफ थिएन । त्यसैले म पनि चुपको सहारामा कदम मिलाउँदै गएँ ।

***चकना ! सन्चै छ्यौ ?*** – अर्को प्रश्न मेरो अगाडि आउँछ उनको ।

म यसको जवाफ 'अँ' बाहेक केही दिन सक्तिनँ । अब उनी पनि मजस्तै गम्भीर हुँदै गए । दुवै चुपचाप लागेर लामो बाटो तय गऱ्यौँ । म कहाँ जाँदैछु र किन जाँदैछु, मलाई थाहा छैन । यस्तो गन्तव्यहीन बाटोमा शून्य मस्तिष्कले डोऱ्याएका बारेमा पनि मैले बुझ्न सकेकी छैन । म लाटिएर शिवजुजुको पछि

लागेकी छु भने शिवजुजु योजनाबद्ध रूपमा अगाडि छन् । एक्कासि म झस्किएँ र बिउँझिएँ । थाहा भयो, धेरै लामो बाटो हिँडिसकिएछ । मैले उनलाई बिस्तारै दबिएको स्वरमा सोधेँ– *अनि कहाँ जाने ?*

मेरो प्रश्नले उनलाई पनि सतर्क गरायो । उनले हडबडिएको स्वरमा तुरुन्तै जवाफ दिए– ***होइन, कहीँ जाने होइन ! बस्, तिमीसँग भेटौँ र कुरा गरौँ भन्ने मात्र हो ।***

***भन न, के भन्नुछ ?***

***होइन, त्यस्तो खासै त छैन ।***

अझै उनी स्थीर भइसकेका छैनन् । उनले भन्न चाहेको कुरा म सुन्न र बुझ्न सक्तिनँ भन्ने कुरो उनलाई थाहा भएर नै होला, उनको भनाइ बोलीमा परिवर्तित भएर व्यक्त हुन सकेको छैन । म केही सुन्न चाहन्छु उनीबाट । तर मेरो यो चाहना पूरा भएको छैन ।

***चकना ! तिमी मसँग कुरा गर्न किन चाहन्नौ ?***

उनले मन बाँधेर प्रश्न गरेझैँ लाग्यो । मैले जवाफको तयारी गर्न नपाउँदै उनले बलपूर्वक पूरक प्रश्न गरे – ***किन बोल्न सक्तिनौ तिमी ?***

उनले बुझ्ने किसिमबाट जवाफ दिएँ – ***के बोल्नुछ र ? के भन्नुछ र ? सबै-सबै कुरा तिमीले सुनेका, बुझेका र देखेका त छौ ।***

***हो, त्यो त बुझेको छु ।***

***अनि बुझेर पनि बुझ पचाएका छौ । मेरो जीवनको बाटो छेकेर बसेका छौ ।***

यसपछि उनी केही बोल्दैनन् । मबाट उनले कुनै धोका पाएका छैनन् । म आजका मितिसम्म एकदमै इमानदार छु उनीप्रति । तर उनले भने हरेक पाइलामा मविरुद्ध चाल खेलिरहेका छन् र बेइमानी गरिरहेका छन् । म आज यिनीसँग भविष्यका लागि स्पष्ट बाटो तयार गर्ने निर्णय लिन्छु भन्ने मनैमन विचार गरेँ, निश्चयका साथै अठोट पनि गरेँ । आज विजयादशमी हो, विजयको दिन । म आज आफ्नै कमजोरीप्रति पनि विजय हासिल गर्न चाहन्छु ।

यिनी मेरा बालसखा, प्राथमिक कक्षाका सहपाठी, कक्षामा मन खिचिएका मान्छे अर्थात् मन मिलेका मान्छे । त्यसैले यिनलाई मैले माया दिएँ निश्छल, निष्कपट र निर्मल । तर उनले जवाफमा मलाई वासना दिए, एउटा नयाँ आनन्दको चरम विन्दुमा लगी उभ्याएर जीवनलाई च्यूत पारिदिए । सम्झे, बहकिनु समय हो । नजान्नेलाई बहकाउनु धोका हो । धोका परिणामपछि जानकारी हुने घटना हो । धोका र ठगी अनजानको उपज हो भने अनजान जीवनको प्रत्येक क्षणमा आउने नैसर्गिक स्वभाव हो । प्राकृतिक स्वभावलाई मान्छेले र मान्छेलाई स्वभावले सन्तुलन गर्नुपर्छ । त्यही नै स्वाभाविक जीवन-चरित्र हो । चरित्रमा प्रश्न उठिसकेपछि जीवनले त्यसको समाधान खोज्नुपर्छ – यो सत्यको निक्यौंल हो ।



मैले विद्रोही स्वरमा उनीसँग स्पष्ट प्रश्न राखेँ – ***के मलाई खुला रूपमा तिमी अपनाउन सक्छौ ? म तिम्री दोस्री स्वास्नीका रूपमा बस्न तयार छु । भन शिवजुजु, तिमी तयार छौ ?***

'तिमीले भनेजस्तो गरी तिमीलाई अपनाउन म तयार छु' भन्ने हिम्मत शिवजुजुमा छैन । त्यसैले उनका सामु नारी-अहम्‌लाई एकातर्फ पन्छाएर 'म तिम्री दोस्री स्वास्नी भएर बस्न तयार छु' भनेकी हुँ । नत्र कुनै पनि नारी कुनै पनि लोग्नेमान्छेको दोस्रो वा तेस्रो क्रममा बसेर 'स्वास्नी बन्छु' भन्न सक्तिन, अझ त्यसमा पनि हामी त ज्यापू । हाम्रो त एकका लागि एक । त्यसैले त एक र एक एघारको शक्तिमा परिणत हुन्छन् र पारिवारिक जीवन शक्तिवान् हुन्छ । कति आनन्दमय छ बाँचुन्जेल एकैसाथ हाँस्नु, खेल्नु र काँधमा काँध मिलाएर काम गर्नुमा ।

शिवजुजुको सोच के हो मेरोप्रति भन्ने मलाई बुझ्न गाह्रो भएको छ । मलाई सधैँ बोलाउने र दबेको स्वरमा माया गरेजस्तो गरी चिल्लो बोलीले लटपट्याउने । मैले केही प्रश्न गरेँ भने दबेको घाँटी र नाके स्वरमा नबुझिने गरी उत्तर दिने । लाग्छ उनको तन-मन-धन नै मसँग छ र मेरै लागि समय व्यतीत गरिरहेका छन् भन्ने भान पार्न खोज्छन्, तर सधैँ असफल हुन्छन् । उनी मलाई भेटौँ भन्छन्, भेट पनि हुन्छ, तर फलरहित भेटको यसै समय टुङ्गिन्छ । के म उनको जीवनभर रखौटीका रूपमा जीवन गुजारा गरूँ ? वा उनलाई नै जीवन सुम्पेर उनले जे भन्छन् त्यही गरूँ ? यी प्रश्नको पनि मैले उत्तर पाइरहेकी छैन । म आफैँले निश्चय गर्न सकिरहेकी पनि छैन ।

उनी असमर्थ छन् मलाई स्वास्नीका रूपमा स्वीकार गरेर घर लान, किनभने उनी ब्राह्मण हुन् । उनी मजबुर छन् र स्वास्नीका रूपमा मलाई घर भित्र्याउन सक्तैनन्, किनभने उनको घरमा विवाहिता स्वजातीय स्वास्नी छिन् र एक छोरा र एक छोरीसमेत चार सदस्यहरू एकै ठाउँमा छन् । म बेजातकीलाई स्वास्नीका रूपमा स्वीकार गरेर परिवारको सदस्य बनाउन उनलाई गाह्रो छ । यी सबै कुरा मैले बुझ्दाबुझ्दै पनि उनले बोलाएको ठाउँमा म विनाहिचकिचाहट उपस्थित हुने गरेकी छु, मैले उनलाई भेट्ने गरेकी छु । उनको अन्तिम निर्णयका लागि लामो समयदेखि प्रतीक्षारत छु म । मानौँ झिनो मनोभावको धागोमा जोडिएको उनको व्यवहाररूपी बल्छीमा म फसेकी छु । उनले धागो छोड्दा सीमाङ्कित परिवेशमा म घुमिरहेकी छु ।

धेरै बेरसम्म उनको जवाफ नआएपछि मैले उनलाई सम्झाउँदै भनेँ – ***हेर शिवू ! तिमी परिवार भएका मान्छे, म अविवाहिता स्वास्नीमान्छे । हामीले यसरी भेट्नु र भेटिरहनु हामी दुवैका लागि राम्रो होइन । तिमी केमा असन्तोष मान्छौ, मैले बुझेकी छैन । स्पष्ट भन, कुनै ठीक बाटो निकालौँला हाम्रो प्रेमलाई जगेर्ना गर्न । यसरी भेट गर्ने काम बन्द गर । किनभने यसबाट तिमीलाई नै बेफाइदा छ ।***

*चकना ! म तिमीलाई बिर्सन सक्तिनँ । म के गरूँ ? म अन्धकारमा सबै बाटो बन्द देख्छु ।*

*जब तिमी आफैँ यही गर्छु भन्ने निर्णयमा पुग्न सक्तैनौ भने मेरो बाटो किन छेकिरहेका छौ ? बिर्सिदेऊ हामी कुनै समयमा साथी थियौँ भनेर, एक-अर्कासँग जीवन बिताउने वाचा गरेका थियौँ भनेर । ती कुरालाई स्वीकार्न सकेनौँ भन्ने सम्झ ।*

*चकना ! तिमी मलाई प्रेम गर्छ्यौ, त्यो मलाई थाहा छ । तिमीलाई म पनि त्यत्तिकै प्रेम गर्छु भन्ने कुरा पनि तिमीलाई थाहा छ । दुवैको प्रेमको अल्झोबाट हामी कसरी विमुख हुन सक्छौँ ?*

*शिवू ! तिमीले यतिखेर जसलाई प्रेमको सङ्ज्ञा दिएका छौ, ती दुवै प्रेम होइनन् । मैले तिमीलाई प्रेम गरेकी छैन, केवल तिम्रो सम्झनासम्म मात्र भित्री मनमा च्यापेर राखेकी छु । तिमीले पनि मलाई प्रेम गरेका छैनौ, केवल क्षणिक वासना मात्र हासिल गर्ने पात्र कायम होस् भन्ने इच्छा मनमस्तिष्कमा जमेर बसेको छ तिम्रो । जीवन बाँचुन्जेल यी दुवै पूर्ण रूपमा हट्न सक्ने तत्त्व होइनन् । सम्झनामा न्यानोपन नल्याएर केवल साधारण सम्झनामा म रहन्छु । तिमी इच्छामा तीव्रता नल्याएर, केवल इच्छालाई एउटा कुनामा थन्क्याएर परिवारप्रतिको कर्तव्यमा जुट । यसरी हामी दुवै एक-अर्काबाट मुक्त हुन सक्छौँ ।*

*चकना ! प्रेमलाई यसरी अवमूल्यन नगर । प्रेम जीवनको पवित्र बन्धन हो भने जीवको आकर्षण हो, अनुराग हो र आत्मीयता हो । यसले जीवलाई जीवन दिन्छ भने जीवनलाई सुख, शान्ति र आनन्द प्रदान गर्छ । अनुपम जीवन मात्र प्रेमले प्रादुर्भाव गर्छ भने जीवनको समाप्ति पनि गर्न सक्छ । त्यसैले यसलाई सतही रूपमा नहेर ।*

*ठीक छ, मैले गहिरिएर हेरेँ । के त तिम्रो मप्रतिको व्यवहारमा परिवर्तन गरेर हामी दुवैको भित्र आत्मीय भाव उत्पादन गर्न सक्छौ ?*

*त्यो त समयले निश्चय गर्छ । प्रेमरूपी वृक्ष झाङ्गिने वा झाङ्गिन नसक्ने वातावरणले निर्धारण गर्छ । समयभन्दा बलवान् कोही पनि छैन ।*

*के भनेका शिवू तिमीले ? वर्षौं गुज्रिसक्यो तिम्रो त्यो अनुकूल समयलाई कुरेको, प्रेमको वास्तविक पहिचान जान्न खोजेको । आज पनि तिमी समयकै कुरा गर्छौ ? समय तिम्रो अधिनमा छ र ? आज स्पष्ट गर । म तिम्रो प्रतीक्षामा अब बस्न सक्तिनँ । बस्न सक्ने अवस्था पनि छैन । तिम्रो र मेरो बीचमा मित्रता छँदैछ । हामी भेटौँला, दुःख-सुखका कुरा पनि गरौँला र प्राज्ञिक छलफल र बहस पनि जारी राखौँला । तर अब तिम्रो जीवनमा म आउने वा मेरो जीवनमा तिमी प्रवेश गर्ने विषयलाई छिनोफानो गरौँ । अब मलाई धेरै नसताऊ शिवू !*

उनी केही बोल्दैनन् । मेरो प्रस्तावको समर्थन वा विरोध पनि गर्न सक्तैनन् । म पनि केही बेर चुप लागेर उनको मनको द्वन्द्वलाई अनुहारमा पढ्ने कोसिस गर्छु । उनी शान्त देखिन्छन्, तर अपराधबोधले ग्रसित पनि देखिन्छन् । अब हाम्रा पाइलाहरू पूर्वबाट पश्चिमतर्फ फर्किएका छन् । अर्थात् हामी ब्रह्मायणीतर्फ फर्किएका छौँ । मौनताको अर्थ सहमति पनि हो । मेरो



प्रस्तावलाई नकाट्नु र विरोधमा नबोल्नु भनेको विगतको उनको कमजोरी उनीप्रति हावी हुनु पनि हो । मैले यही बुझेँ । त्यस स्थितिबाट मुक्ति खोज्दै म उनलाई सम्झाउँछु – *शिवू ! तिमी एउटा प्रतिष्ठित कुलका सदस्य । तिम्रा पितापुर्खादेखि गर्दै आएका यावत कार्यको जिम्मा तिमीले लिनुपर्छ र त्यो कार्य तिमीभन्दा पछिको पिँढीलाई छोडेर जानुपर्छ । तिमी जे-जस्तो अवस्थामा जीवनयापन गरिरहेका छौ, त्यसैमा रमाउने कोसिस गर । पक्कै तिमी सुख, शान्ति र आनन्दमय जीवन पाउन सक्नेछौ, मात्र समझको कुरो न हो ! यति कमजोर नबन ।*

*हो चकना ! स्थितिलाई मैले बुझेको छु । तिम्रो बुद्धिमत्तापूर्ण कुराको पनि स्वागत गर्छु । तर यति हुँदाहुँदै पनि म तिमीलाई भुल्न सक्तिनँ । राधाले कृष्णलाई दिएको जस्तो प्रेम तिमीले मलाई दिएकी छ्यौ । म कसरी भुल्न सक्छु तिम्रो निश्छल प्रेमलाई ?*

*त्यो द्वापरयुगको राधाकृष्णको प्रेमलाई हामीमा दाँजेर नहेर । त्यो राधाको समर्पण र कृष्णको खेल हो । एक प्रतिशत पनि हामी त्यसको अनुसरण गर्न सक्तैनौँ । कारण के भने ती युगकै प्रतिनिधित्व गर्ने महामानव हुन् भने हामी साधारण व्यक्ति । मेरो शुभकामना सधैँ तिमीसँग रहनेछ – तिमी सुखी होऊ र मलाई पनि कमसेकम जीवन सञ्चालन गर्ने बाटो खोलिदेऊ । कृपा गर मप्रति ।*

*मप्रतिको तिम्रो समर्पण देखेर म सङ्कटमा परेको छु । जीवनका बाटाहरू अवरोधयुक्त र अनिश्चित देखेको छु । निश्चय र निर्णय गर्ने विन्दुमा मैले अडिन खोजेको छु । सधैँको असन्तुलित मस्तिष्कले गर्दा भुमरीमा फसेको छु ।*

*म तिमीलाई छुटकारा दिन्छु मबाट र मेरा अनेक भावनात्मक क्रियाबाट । तिमी आफूले आफैँलाई मुक्त छु भन्ने सम्झ । तिमी स्वतन्त्र महसुस गर्नेछौ । बाँकी रह्यो मेरो कुरा । तिमी धर्मसङ्कटमा परेको छु भन्ने विचारलाई मस्तिष्कबाट हटाइदेऊ ! सान्त्वनाका लागि भेट्नुपर्ने कुरालाई सदाका लागि बिर्सिदेऊ ।*

*यति सजिलै मस्तिष्कमा जमेर बसेका गल्ती र गफलतका चोटहरू कसरी पन्छिन सक्छन् र ! म अपराधबोधबाट पीडित छु र पीडित रहिरहनेछु । तिमी आफ्नो बाटो तय गर, म हरसम्भव तिमीलाई सघाउनेछु र सहयोगी बन्नेछु ।*

शिवजुजुले स्पष्ट रूपमा आत्मसमर्पण गरे । म खुसी छु, कुन कारणले भने म आजदेखि स्वतन्त्र छु । म दुःखी पनि छु, किनभने उनले पुरुषत्वको खिल्ली उडाए मेरा सामु यतिखेर ।

हामी मन्दिरकै छेउमा आइपुगेका छौँ । उनले स्थितिलाई बदल्न खोज्दै भने – *मैले जोगमायालाई एउटा केटोसँग देखेको थिएँ तिमी आउनुभन्दा केही बेर अगाडि ।*

*मोटो-मोटो केटो हो ?*

*हो, अलि कालो र मोटो थियो ।*

*त्यसको नाउँ किसीचा हो । उनीहरू एक-आपसमा प्रेमबन्धनमा बाँधिइसकेका छन् । सायद आज राति नै उनीहरूको कुरा मिल्छ ।*

*ए ! पायो न्ह्याकेगु ?*

*हो ! आज गएर चार दिनसम्म लुकेर बस्छन् र कोजाग्रतपूर्णिमामा निस्कन्छन् होला ! यही कुरा बुझेकी छु मैले ।*

*राम्रै भएछ त ! जोगमायाको केटो हेर्दा त राम्रै छ । स्वजाति नै देखें । राम्रै हुन्छ होला ।*

शिवजुजुको यो अन्तिम कुराले मलाई पनि बाटो निर्देश गरेजस्तो लाग्यो । मैले शिवजुजुलाई गरेको विश्वासमा बादल लागेको जस्तो देखें । लामो समयसम्म मेरा आँखा बन्द भएकोमा आफैंभित्र पश्चात्ताप हुन थाल्यो । उनको स्वजातीयको सहज कुराले मेरो व्यथित हृदयमा अर्को चोट थपिदियो । म घायल भएँ आफैंभित्र, मस्तिष्कको समझ र मनका लहरहरूभित्र र इच्छा-आकाङ्क्षासँगै मुटुका रहरहरूभित्र । एक्कासि पेटको भित्री भागदेखि कोक्किँदै आएको वेदनालाई मैले जबर्जस्ती रोकें, प्रकट हुन दिइनँ । शिवजुजुले पुरुषत्वलाई मेरा सामु नङ्ग्याएजस्तो मैले नारी-कमजोरीलाई छताछुल्ल हुन दिइनँ । आज देवीले अमानवीय प्रवृत्तिलाई दबाएर विजय पाएजस्तै मैले शिवजुजुमाथि वा उनको प्रवृत्तिमाथि विजय हासिल गरें भन्ने सम्झनाले मलाई शक्ति प्रदान गरेजस्तो लाग्यो । म आफूभित्रैबाट सम्हालिँदै गएँ । अबका दिनहरूको बाटो कसरी तय गर्ने भन्ने अर्को चिन्ता मस्तिष्कमा कुद्न थालेपछि म एक क्षण त्यहीं रोकिएँ र शिवजुजुसँग छुट्टिएर मन्दिरतर्फ लागें ।

⊘



# थिंल्ला

'न्हुदया भिन्तुना' – नगरका प्रमुख स्थानमा द्वार बनाइएका छन् र सबैजसो स्थानमा लेखिएका छन् । कतै-कतै चोकको मुखमा नै प्रवेशद्वार बनाई 'भिन्तुना' सँगै 'लसकुस' लेखिएका ब्यानरहरू टाँगिएका छन् । एकातर्फ नयाँ वर्षको सुरुवातको पहिलो दिन हो भने अर्कातर्फ 'म्हपूजा' पर्वको पवित्र दिन हो । 'म्हपूजा' हाम्रो चाड हो, आफ्नै शरीरलाई पूजा गर्ने दिन हो र आफ्नै संस्कृतिद्वारा स्थापित पर्व हो ।

आजको दिन नेपाल सम्वत् प्रारम्भ भएको दिन भएको हुँदा कार्तिक शुक्लपक्ष परेवालाई नेपाल सम्वत्को नयाँ वर्ष मानिन्छ । चान्द्रमासको गणितीय आधारमा निश्चित हुने यो तीन सय चौवन्न दिनको एक वर्ष हुन्छ र नपुग एघार दिनलाई अधिक मासमा लगेर मिलान गर्ने गरिन्छ । वास्तवमा पृथ्वीले आफ्नो कक्ष तीन सय चौंसट्ठी दिन र छ घन्टामा पूरा गर्ने हुँदा सौर्यमासमा तीन सय पैंसट्ठी दिनलाई एक वर्ष मानिन्छ । चान्द्रमासभन्दा सौर्यमास बढी व्यावहारिक भएका कारणले इस्वी सम्वत् र विक्रमीय सम्वत्लाई नै बढी व्यवहारमा ल्याइने गरिएको पाइन्छ, तापनि हामीले हाम्रो संस्कृतिअनुसार चान्द्रमासलाई नै अङ्गिकार गरेका छौं ।

नेपाल सम्वत्को प्रथम दिनमा 'म्हपूजा' परेको हो वा 'म्हपूजा' जस्तो महत्त्वपूर्ण दिन भएको हुँदा नेपाल सम्वत्को प्रथम दिन भएको हो, यो विवाद हामीबीच चलिरहेको छ र निश्चयका साथ टुङ्गोमा हामी पुग्न सकेका छैनौं । तर साधारणतः विचार गर्दा नेपाल सम्वत् सुरु हुनुभन्दा अगावै 'म्हपूजा' को प्रचलन चलेको हो भन्न सकिन्छ । त्यसैले 'म्हपूजा' लाई नै नेपाल सम्वत्ले उत्तम दिन चुनेको हुन सक्छ ।

'स्वन्ति नखः' मा कागपूजा, कुकुरपूजा, लक्ष्मीपूजा, म्हपूजा र किजापूजा पर्छ । त्रयोदशी र चतुर्दशीमा क्रमशः कागपूजा र कुकुरपूजा परे पनि औंसीको दिनमा लक्ष्मीपूजा गर्ने चलन छ । त्यो दिनलाई वर्षान्तिका रूपमा लिइने हुँदा व्यापारीवर्गका लागि त्यो आर्थिक वर्षको समाप्तिको दिन पनि हो । लक्ष्मीपूजाको दिन बिहान गाईपूजा गर्ने चलन छ । व्यापारीहरूले यस दिनलाई आर्थिक वर्षको पहिलो दिन मानेका छन् ।

हिजो रातिको लक्ष्मीपूजामा घरघरमा दीपावली गरेर लक्ष्मीको पूजा गरियो । व्यापारीवर्गले त धुमधामसँग आफ्नो व्यावसायिक स्थल फूलले सजाएर लक्ष्मीको पूजा-अर्चना गरेका थिए । बाले पनि आफ्नो कारखानामा छुट्टै

पूजाको आयोजना गरेका थिए । पहिले बाको कारखानामा पूजा सकेर आमा र म घर फर्कियौँ । त्यसपछि मात्र हामीले घरमा लक्ष्मीपूजा गरेका थियौँ ।

लक्ष्मीपूजा, म्हपूजा र किजापूजा – यी तीनै पूजाहरू महत्त्वपूर्ण छन् । आज म्हपूजा र भोलि किजापूजाको तयारीका लागि आमा र म दुवै काममा जुटेका छौँ । आमाका पनि दुईजना भाइहरू छन् । उनीहरूलाई टीका लगाउन आमालाई भोलि साँझ माइत जानुछ र मैले पनि भाइको पूजा गर्नुछ । सामान लगभग जुटिसकेका छन् । केही फलफूल र केही रोटी किन्नुछ । त्यो पनि आजै किनेर तयार गर्ने निर्णय हामी आमाछोरीले गरिसकेका छौँ ।

बाजे भाजुलालको प्रवेशपछि घरमा विशेष आवाज गुञ्जने गर्छ । किनभने उनको उपस्थितिले घरमा रौनक छाउँछ । तल ढोकाबाट प्रवेश गर्दादेखि नै 'मङ्गलाल' वा 'चकना' को उच्चारण गर्दै उनी भऱ्याङ चढ्न थाल्छन् । उनको आगमनसँगै उनका लागि पेयपदार्थ पनि तयार गरिदिनुपर्छ । त्यो काम आमाले अथवा उनी नभएको समयमा मैले नै गनुपर्ने हुन्छ । मलाई बाजेसँग कुरा गर्न मन लाग्छ र उनी पनि मलाई अनेक कुरा सुनाउन चाहन्छन् । बूढाबूढीको प्रकृति नै कस्तो हुन्छ भने उनीहरू आफ्ना जीवनका मीठो वा तीतो दुवैखाले अनुभवहरू आफूभन्दा मुनिकालाई सुनाउन चाहन्छन् र सुनाउन पाउँदा आनन्दित पनि हुन्छन् । यतिखेर उनको लामो जीवनमा बितेका पुराना घटनाको विवरण सुन्ने प्रमुख श्रोता म नै हुँ । मलाई कुन कारणले पनि सुन्न चाख लाग्छ भने म त्यसै विषयको खोजी गर्ने अन्वेषक पनि हुँ ।

बिहानको कार्यतालिका समाप्त गरी *वँ भिँ थ्वँ भिँ भैरव दरशन याय फछिँ भिँ* गीत गुनगुनाउँदै बाजे भाजुलाल घरमा प्रवेश गरे । उनलाई जाँड दिन मैले उनको कोठामा पुग्ने विचारले सामान तयार गर्दानगर्दै उनले बोलाइहाले – *चकना !*

'खोला' उनका अगाडि राखेर मैले जाँड भरिदिएँ । जाँड भरिएको खोलामा हेरिरहेका बाजेका आँखा मेरो अनुहारमा फर्किए । मेरो आँखामा केन्द्रित भएका उनका आँखा र अनुहार एकैपटक मुस्कुराएको मैले देखेँ र मेरो अनुहारले पनि जवाफ तामेल गरिदियो । हामी दुवैले आनन्दको अनुभव गऱ्यौँ ।

*भरे म्हपूजा ! सबै सामान तयार छ ?* – एक घुट्को पिएर तिर्खा मेटेपछि बाजेले मलाई आज साँझ हुने कुराका बारेमा बताए – *थाहा छ तिमीलाई, यो शरीर स्वयं देवता हो । शरीरभित्र आत्मा छ र आत्मा नै जीव हो । आत्माको पूजा भनेको नै शरीरपूजा हो । शरीरको पूजाबाट आत्मा र परमात्माको मिलन हुन्छ ।*

उनको कुरालाई हो वा होइन केही नभनी सुनि मात्र रहेँ । उनले धेरैपटक भनिआएकै वाक्य थियो त्यो, र उनले आज पनि दोहोऱ्याए । मलाई



उनले आजको दिनको महत्त्व सम्झाउने कोसिस गरे । उनले पूजाका सामान जोरजाम भएको-नभएको बारेमा प्रश्न गरे – *'खेलुइता' तयार भयो त ?*

आज म्हपूजाको दिनमा 'खेलुइता' अर्थात् विशेष प्रकारको बत्ती बालेर त्यस बत्तीको ज्योतिको दर्शन गरी-गराई देह र आत्मालाई शुद्ध गराइन्छ र षोडशोपचारको पूजाविधिअनुसार पूर्ण शरीरको पूजा गरिन्छ ।

*पूजाका सबै सामान तयार भए त ? होइन भने म तयार गर्छु, हुँदैन ?* – उनमा जाँगर छ घरको काम गर्न । किनभने उनले वर्षौंदेखि काम गर्दै आएका छन् । उनी पुरानो तथा पहिलेको घरको जिम्मेवारीलाई सम्झँदै भन्छन् – *नभइनहुने फलको नाउँ हो 'तःसी' र पवित्र वस्तुको नाउँ हो 'जजंका' । यी दुई अनिवार्य चाहिन्छ ।*

*हो ! ती त सबै आमाले व्यवस्था गरिसकेकी छन् ।* – मैले सहज उत्तर दिएँ।

बाजे मेरो जवाफमा चित्त बुझाउँदैनन् । उनमा आजको पूजा राम्ररी गर्नुपर्छ भन्ने मात्र आग्रह रहेको मैले बुझेँ । उनी भन्दै जान्छन् – *हेर चकना ! तिम्री बज्यै भएकी भए मैले कुनै चिन्ता गर्नुपर्ने थिएन । उनले सबै कुरा ठीक-ठीकसँग व्यवस्था गर्थिन् । उनको अनुपस्थितिमा केही न केही अभाव र कमजोरी मैले देख्तै आएको छु । तिम्री आमालाई धेरै कुरा थाहा नै छैन । यो बिर्सियो, त्यो बिर्सियो भन्छिन् ।*

उनले आफ्नो विगतका बिर्सिन नसक्ने व्यवहार र कार्यलाई एकैपटक सम्झेजस्तो लाग्यो । कुनै पनि कार्यमा केही कमी-कमजोरी त हुन्छन् नै, तर त्यस्ता कमजोरीलाई ओल्टाइपल्टाइ गर्न थालियो भने कार्यले नकारात्मक प्रभाव पार्छ । यो कुरो बाजेलाई म भन्न सक्तिनँ । म केवल बाजेको जाँडको खोला रित्तिएको मात्र हेर्न व्यस्त भएकी छु ।

घरका झ्याल र ढोकाको सँघारसमेतमा बत्ती बालेर पूरा घरमा दीपोत्सव गरेपछि मात्र म्हपूजाको सुरुवात हुन्छ । घरका परिवार क्रमैसँग बसेपछि धान्याञ्चलको प्रतीक मानी धानका स-साना ढिकुरी पाँच ठाउँमा राख्ने र बसेको स्थानलाई पानी र तेलले घेराबन्दी गरी पूजामण्डपको रचना गर्ने गरिन्छ । हो, यस मण्डपको भित्र बस्ने स्थूलशरीरधारी सबै स्व-आत्मपूजनका अधिकारी बन्न पुग्छन् । लावा, फूल र अक्षताको मिश्रण शरीरका प्रत्येक अङ्गमा वर्षा गरिन्छ पूजनका क्रममा । शरीरका अङ्गहरूको आ-आफ्नो महत्त्व हुन्छ । ती सबै अङ्ग-प्रत्यङ्गलाई ऊर्जाशील बनाउनका लागि सामूहिक पूजन हुन्छ ।

बाजेको जिम्मेवारी घटे पनि कुनै पनि चाड र पर्वमा बाजेले इमानदारीपूर्वक जिम्मेवारीको बोध हामीलाई गराउन चाहन्छन् । तर हामी आफैँ सक्षम भएका हुँदा उनलाई कार्यबोझ दिने काम गर्दैनौँ । बाजेपछिका हामी चारजना छौँ – बा, आमा, भाइ र म । हामी चारजनाले कार्यविभाजन

गरी कुनै पनि चाडपर्वलाई सरल ढङ्गबाट सम्पन्न गर्ने गरेका छौँ । तर हामी जतिसुकै सक्षम भए पनि बाजेका नजरमा भने हामी काँचै ठहर हुने गर्छौं ।

बाजे भन्छन् – *तिम्री बज्यै हुँदा म्हपूजा धेरै रमाइलो हुन्थ्यो । भोजका लागि चिउरा घरमा नै कुटिन्थ्यो ।*

त्यसपछि पुरानो घटना सम्झँदै उनी मुसुक्क हाँस्छन् र भन्छन् – *चिउरा खानुभन्दा चिउरा कुट्नु रमाइलो र आनन्ददायक हुन्थ्यो ।*

*कसरी ?* – म आश्चर्य प्रकट गर्छु ।

*चिउरा कसरी कुट्ने, तिमीलाई थाहा छ ?*

*अहँ, थाहा छैन ।* – मेरो जिज्ञासा बढ्छ त्यसतर्फ, र भन्छु – *कसरी रमाइलो हुन्छ, भन न बाजे !*

*"तिम्री बज्यै र म लुसी लिएर बसेपछि एक मुरी धानको चिउरा आधा बिहानमै कुटिसक्थ्यौँ । त्यतिखेर हामीसँग शक्ति थियो हाम्रो पाखुरामा । लुसीको चोटले चिउरा राम्रो बन्छ । हाम्रो जोडीलाई एक मुरी धानको चिउरा कुट्न कसैले पालो दिनुपर्दैनथ्यो, बुझ्यौ !*

उनको प्रसन्न अनुहारलाई हेर्दै उनको खाली बटुकोमा म जाँड भरिदिन्छु र उनको कुरा सुन्ने उत्सुकता देखाउँछु । उनी भन्छन् – *चिउरा कुट्ने काम पनि मेला वा पर्वजस्तै हो । चिउरा कुट्ने कामका लागि धेरै मान्छे जुट्नुपर्छ । हाम्रो घरमा चिउरा कुट्ता छरछिमेकी वा आफन्तको सहयोग लिनुपर्थ्यो । धान राम्ररी र ठीकसँग भुट्नुपर्छ र भुटेको त्यो धान ओखलीमा हालेर लुसीले ठीकसँग कुट्न सक्नुपर्छ, होइन भने चिउरा बिग्रिन्छ । चिउरा बिग्रियो भने खान मिल्दैन र नोक्सान हुन्छ । चिउरा कुट्ने काममा जुटेका सबैले सतर्कतापूर्वक काम सम्पन्न गर्नुपर्ने भएको हुँदा काम समाप्त भएपछि खुसीयालीपूर्वक त्यही नयाँ चिउराका साथ खाजा खाइन्छ । चिउराको चुरुम-चुरुम, आहा ..... !*

बोल्दाबोल्दै उनी रोकिन्छन् र ताजा चिउराको स्वादमा भुल्न पुग्छन् । हुन पनि ताजा चिउरा चपाउँदा निस्कने आवाज र स्वादले चिउरा खाँदा विशेष आनन्द प्रदान गर्छ । आजभोलि हाम्रो घरमा चिउरा कुट्ने काम हुँदैन । चिउरा कुट्ने चलन बन्द गरे पनि चिउरा कुट्ने ओखली र लुसी भने छन्, मासिएका छैनन् । कुनै दिन चिउरा कुट्नुपर्‍यो भने अन्त कतै केही माग्न जानुपर्दैन ।

म बाजेलाई अनुरोध गर्छु – *हामीकहाँ चिउरा कुट्ने सामान सबै छँदैछन् । घरमा नै चिउरा कुटूँ न त, हुँदैन ? तिम्रो जङ्गो पनि आउन लाग्यो । बाहिरबाट चिउरा किन्नुभन्दा घरैमा कुटेको राम्रो होइन र ?*

*हो ! तर कसले कुट्ने ? एक घान कुट्न बीस खेप लुसी ओखलीमा बजार्नुपर्छ । त्यस बेला पो मेरी जोडी थिइन्, हाम्रो जोडीलाई कसैले मुकाबिला गर्न सक्तैनथ्यो । अहिले कसले लुसी चलाउँछ ? मङ्गलालले चलाउन जानेको छैन । लुसी चलाउन जोडी मिलेको हुनुपर्छ । जोडीबाट लुसीको चाल मिल्नुपर्छ ।*



चिउरा कुट्नुभन्दा दुई दिनअगाडि धान भिजाउनुपर्छ र एक रात भिजाएको धान राखेर भोलिपल्ट बिहान भिजाएको त्यो धान उसिन्नुपर्छ । धान उसिन्न आगोमा बसालेपछि पानी उम्लिन नपाउँदै आगो बन्द गरेर भाँडाको मुख बन्द गर्नुपर्छ, दिनभरि त्यसै छाडिदिनुपर्छ र साँझ त्यसबाट पानी काढ्नुपर्छ । यसरी उसिनेर पानीबाट अलग गरेको धान एक रात राखेपछि भोलिपल्ट बिहान चिउरा कुट्न धान तयार भएको मानिन्छ । दुईमुखे चुल्होमा दुईवटा हाँडीमा धान भुट्नका लागि तयार गर्नुपर्छ । ओखलीमा चिउरा कुट्न एक जोडी लुसी र चिउरा चलाउन कप्टेराको आवश्यकता पर्दछ । हाँडीमा आगोको आँच ठीक किसिमबाट एकनासले लगाउनुपर्छ । एउटा हाँडीमा उसिनेको धान हालेर धानमा रहेको पानी सुकाउने र पानी सुकेको त्यही धान अर्को हाँडीमा हालेर फूल उठ्ने अवस्थासम्म भुट्ने । फूल फुट्न तयार तर फूल फुटिनसकेको अवस्थाको धानलाई ओखलीमा हालेर विनाविलम्ब एक जोडी लुसीले कुट्न थालिहाल्नुपर्छ । यसरी कुट्ता झुरुपझुरुप आवाजले चिउरा बज्न थालेपछि भुससँग मिश्रित चिउरालाई ओखलीबाट झिकेर भुस र चिउरा अलग हुने गरी निफन्नुपर्छ । यस किसिमबाट चिउरा तयार हुन्छ । यी कुरा बाजेले मलाई सविस्तार बताए ।

चिउरा बनाउन दक्ष जनशक्ति चाहिने कुरा मैले थाहा पाएँ । यी सबै कुरा बाजेले सविस्तार भनेपछि घरमा चिउरा बनाउने कुरा मेरो मस्तिष्कबाट हट्यो । मैले बाजेलाई यति नै भनेँ – *बाजे ! चिउरा कुट्न त गाह्रो पो हुँदो रहेछ ! अहिले हामीकहाँ मान्छे पनि छैनन्, होइन त ?*

*तिम्री बज्यै बाँचेकी भए हुन्थ्यो, के गर्ने !*

बज्यै र बज्यैको कामलाई सम्झेर बाजे दुःखित भएको मैले टड्कारो देखेँ । उनको ध्यानलाई अन्यत्रै मोड्न मैले सोधेँ – *बाजे ! जाँड अलिकति हालिदिऊँ कि ?*

'नाइँ, पुग्यो' भन्नुपर्ने थियो, तर बाजेले बटुकोलाई बिस्तारै मेरो अगाडि सारिदिए । मलाई अप्ठ्यारो लाग्यो । तैपनि आधा बटुको मात्र जाँड हालिदिएँ र भनेँ – *बाजे ! यो साविकको भन्दा बढी हो है !*

*हो, मलाई थाहा छ । तर यतिसम्म ठीक छ ।*

सधैँको पिउने तालिकामा अभ्यस्त बाजेलाई कति बढी र कति घटी पिउनुपर्छ भन्ने जानकारी नभएको भने होइन । तर पनि उनलाई मैले सजगसम्म गराएकी हुँ ।

*चकना !* – तल जोगमायाको आवाज सुनेँ । जोगमाया र किसी दुवै आएका रहेछन् । दुवैलाई मेरो कोठामा लगेँ । आज उनीहरू लोग्नेस्वास्नीका रूपमा मेरो घरमा प्रवेश गरेका छन् । उनीहरूलाई 'स्वँग' दिनुपर्‍यो भनेर

आमालाई अनुरोध गरेँ । आमा 'स्वँग' तयार गर्न गइन् र म उनीहरूसँग कोठामा नै बसेँ ।

किसी निहुरिएर बसेको छ । सायद उसलाई केही अप्ठ्यारो लागेको हुन सक्छ । किनकि ऊ मेरो घरमा पहिलोपटक आएको हो । मैले जोगमायालाई सम्बोधन गर्दै सोधेँ – *तिमीहरूलाई कस्तो छ ?*

किसीतर्फ हेर्दै जोगमाया मुस्कुराइन् र लजालु अनुहारमा टाउको केही निहुराउँदै जवाफ दिइन् – *ठीकै छ ।*

*के तिमीहरू एक-अर्कालाई पाएर खुसी छौ ?* – दुवैको अनुहारलाई हेर्दै र नियाल्दै अलि ठूलो स्वरमा मैले प्रश्न राखेँ, ताकि दुवैबाट जवाफ पाउन सकूँ ।

किसी लजाएको भावमा अनुहारलाई प्रसन्न राख्ने प्रयत्न गरिरहेको छ भने जोगमाया बोलीबाट होइन हाँस्तै मुन्टो हल्लाएर खुसी नै रहेको जनाउँछिन् । हेर्दा उनीहरू खुसी देखिएका छन् । हुन त भरखर दुई हप्ता बितेको छ । जोगमाया मोहनीको राति 'पायो न्ह्याकेगु' जात्रामा किसीसँग गएकी हुन् । गएको पाँचौँ दिन 'कतिँपुन्हि' का दिन यिनीहरू सार्वजनिक भएका हुन् । त्यो जात्राको रात जोडिएका जोडीलाई फेरि कुनै कार्यक्रम गरेर विवाह गरिरहनुपर्दैन भन्ने मान्यता भएकाले यिनीहरूलाई मात्र 'स्वँग' दिएर लोग्नेस्वास्नी हुन् भन्ने कुराको स्वीकृति दिने चलन छ ।

जोगमायालाई पाएर किसी खुसी देखिन्छ । किसीले नपढे पनि हातेट्याक्टर चलाउन जान्दछ । जोगमाया ऊभन्दा पढेलेखेकी हुँदा उसलाई हर किसिमको मद्दत गर्न सक्छिन् । जोगमायाले हाकुपटासी लगाएकी छन् भने किसीले दौरा-सुरुवाल र इस्टकोट लगाएको छ । आज म्हपूजाको दिन भएको हुँदा उनीहरू आफ्नो परम्परागत पहिरनमा 'इनरे गनेद्य' को स्थानमा गएर आएका रहेछन् । नयाँ जोडी आफन्तहरूकहाँ गएर ढोगभेट फुकाउनुपर्ने कारणले पनि उनीहरू आफ्नो वेशभूषामा हिँडेका रहेछन् ।

कति राम्रा देखिएका यी जोडी ! कति सुहाएको छ ! दुवैको अनुहार उज्यालो छ र दुवै प्रसन्न देखिएका छन् । जीवनका अनेक मोड पार गर्दै पहुँचमा पुगेकी जोगमाया, हन्डरठोकरको मारमा रन्थनिँदै गन्तव्यमा पुगेकी जोगमाया र आँसुमा डुब्दै र पीरमा पिल्सिँदै किसीको माया पाउन समर्थ भएकी जोगमाया आज सुन्दर र हराभरा देखिएकी छन्, बेजोड सुन्दरी देखिएकी छन् । कालो पटासीमाथि रातो चौबन्दी चोलो छ । कम्मरमा सेतो सानो पटुकीले चोली र पटासीलाई छुट्याएर बाँधेकी छन् । कपाल पनि पछाडि दुई चुल्ठो बनाएर सिनित्त पारी कोरेकी छन् । हातभरि चुरा छन् । साहिँली औँलामा सुनको औँठी पनि लगाएकी छन् । टपक्क रातो टीको निधारमा लगाएकी जोगमायाले सेतो रङ्गको सानो ओढ्ने ओढेकी छन् । यो पहिरन मलाई अति नै मन पर्छ । यो पहिरनमा रङ्गको फरक प्रस्ट देखिन्छ र एक रङ्गको कपडाले



अर्को रङ्गको कपडालाई उजिल्याएको हुन्छ, रङ्गलाई चम्काएको हुन्छ । त्यसैले पनि यो पहिरन टाढाबाट होस् वा नजिकबाट होस्, दुवै दूरीबाट उत्तिकै सुहाउँदो देखिन्छ ।

जीवनमा अत्यन्तै दुःखका दिन भोगेकी, जीवनलाई मृत्युको किनारामा पुऱ्याएर बौरिएकी र छलकपट र अपराधको जालमा फसेर मुस्किलले उम्किन सफल भएकी मेरी प्रिय जोगमाया । मैले उनको जीवनको यस्तो लहलहाउँदो अवस्थाको कल्पनासम्म पनि गर्न सकेकी थिइनँ । आज मेरै आँखाअगाडि उनी उभिएकी छन् मलाई आश्चर्यमा पार्ने गरी ।

'स्वँग' दिनका लागि रक्सीको कन्ती, उसिनेको कुखुराको फुल र 'समेबजी' लिएर आमा कोठाभित्र पसिन् । जोगमाया र किसीलाई नयाँ लोग्नेस्वास्नीका रूपमा विधिवत् स्वीकार गर्न आमाले 'स्वँग' तयार गरिन् । दुवैलाई साथैमा राखी आमाले 'स्वँग' दिइन् । यसरी 'स्वँग' दिँदा सलिचामा रक्सी र बोहतामा समेबजी र उसिनेको फुल राखेर खुवाउनुपर्छ । पालैपालो तीनपटक रक्सी र फुल ख्वाएर टीको लगाइदिएपछि 'स्वँग' दिने काम सम्पन्न हुन्छ । विधिअनुसार 'स्वँग' दिएर यी नयाँ वरवधूको सम्बन्धलाई स्वीकार गर्ने काम हाम्रो घरमा सम्पन्न भयो ।

त्यतिखेर मभित्र एउटा असन्तोष हुँडलिएर आयो । एक्कासि तिर्खा सलबलायो घाँटीभरि र बितेका घटनाहरू आँखाभरि आए । स्वाभिमान हो कि अहङ्कार हो, मनको एक कुनामा लत्रिँदै र सेलाउँदै गएको भान हुन थाल्यो । मलाई थाहा छ – अहङ्कार ममा रत्ती छैन, तापनि मलाई अरूले लान्छना लाउँदा भन्ने गरेको सुनेकी छु । आफूमा कमजोरी भएपछि सुन्नुपर्दो रहेछ र सहनुपर्ने रहेछ चुपचाप । त्यसैले त कसैलाई नसुनाएर लाटिएकी छु र व्यथालाई लुकाई सहेर बसेकी छु । हो, स्वाभिमानका लक्षणहरू मेरा प्रत्येक पाइलामा तथा प्रत्येक थालनीमा प्रचुर मात्रामा देखिने गरेका छन्, बोली र प्रत्येक क्रियाकलापमा प्रदर्शित भएका छन् । मैले यो अनुभव गरेकी छु । मभित्रको स्वाभिमानले मात्र मलाई बचाएको छ तर आनन्द प्रदान गर्न सकेको छैन, ज्ञान र अनुभव दिएको छ तर शान्ति दिन सकेको छैन । त्यसैले मभित्रको स्वाभिमान धिक्कारयोग्य छ । किनभने एक्ली म आफैँभित्र झन् एक्लिँदै गएकी छु । एक्लिएको मनस्थितिमा म झन् एक्लिँदै हराउन खोजेकी छु ।

आरिस पोखिएको होइन मेरो अन्तरमनबाट । मेरो मस्तिष्कभरि निर्बलता छरिएर, कमजोरी भरिएर शरीरभरि फिँजिएको पनि होइन, होइन असन्तोषका तरङ्गहरू मनभरि फैलिएका पनि । तर पनि किन उदरदेखि गलासम्म नरमाइला छालहरू उर्लिएका छन् यतिखेर ? म किन कमजोर भएको अनुभव गरिरहेकी छु आफैँले ? के हुन खोजेको हो मभित्र ज्वारभाटा उर्लिएर ? म आफैँ बिस्तारै सम्हालिन्छु ।

यी प्रश्नहरूको जवाफ मैले जोगमाया र किसीचाको आँखाबाट लिन चाहेकी छु, उनीहरूका बोलीबाट म सुन्न चाहन्छु र अनुहारबाट हेर्न चाहन्छु । तर उनीहरू चुपचाप मलाई नियालिरहेका छन् । मेरो मनोदशालाई बुझ्ने र जान्ने कोसिस नगरे पनि उनीहरू दुवै तुलनात्मक रूपले आफू र अर्कालाई हेर्न व्यस्त देखिन्छन् ।

म एकान्तलाई चिर्दै र आफूलाई भुल्न खोज्दै जोगमायालाई सोध्न पुग्छु – *जोगमाया ! तिमी आफ्ना माइतीतर्फका सबै इष्टमित्रकहाँ गयौ ?*

*केही ठाउँ गएँ र केही बाँकी छ ।*

*किसीको घरपरिवार, गुठी आदि ठाउँमा ?*

*हो, सबै ठाउँमा गयौँ । राम्रो भयो । सबैले स्वीकार गरे । म खुसी छु ।*

किसीलाई मैले सोध्नुपर्ने केही देखिनँ । जोगमायालाई प्रेम गरेर, रुचाएर भगाएको हुँदा जोगमाया कस्ती रहिछे, तिमीलाई मेरी साथी कस्ती लागी आदि केही प्रश्न गर्ने आवश्यकता ठानिनँ ।

तर जोगमायाले भने किसीसँग म कुनै कुरा गरूँ भन्ने चाहेको भाव बुझेकी छु । मैले किसीसँग के कुरा गर्ने ? खेतीको, जात्रापर्वको वा अन्य कुनै ज्यापूसमुदायसँग सम्बन्धित विषयको ? फेरि ऊसँग म राम्ररी खुलेकी पनि छैन । ऊ मेरो साथी पनि होइन । म कसरी कुन सिराबाट कुरा सुरु गरौँ ? म अन्यौलमा परेकी छु । वास्तवमा भनौँ भने जोगमायासँग पनि दैनिकी र सानोतिनो व्यवहारको मात्र कुरो हुन्छ, कुनै प्राज्ञिक तथा बौद्धिक तर्क-वितर्कका विषयमा गहिरिएर कुरा हुँदैन ।

किसीलाई मैले चुपचाप कोठा र कोठाको परिवेश नियाल्न व्यस्त देखेकी छु । उसको मौनताले गर्दा बौद्धिक क्षमताको मापन हुन सकेको छैन । केही बोलेको भए वा केही बोल्न सुरु गरेको भए उसको स्तर चाल पाइन्थ्यो । मान्छे मोटोघाटो छ, कालो रङ्गको भए पनि अनुहारमा हिसी छ । मन्द गतिमा ओठ मुस्कुराए पनि आँखा जिज्ञासु छ । सायद उसले मलाई पढ्न खोजेको छ, मेरो सोच र स्तरलाई जान्न खोजेको छ वा ऊ मलाई आफ्नो सतहमा जोडेर विचार गरिरहेको छ वा समुदायको रीतिस्थितिसँग मिश्रण गर्न प्रयत्नशील छ ।

तर म भने शिवजुजुको लाचार अवस्थाको मूल खोज्न व्यस्त छु, उनको विवशताको जड भेट्टाउन प्रयत्नरत छु र उनको अव्यावहारिक क्रियाकलापको तथ्य जान्न आतुर छु । हुन त उनले मलाई जीवनको अर्को बाटो तय गर्न स्वीकृति प्रदान गरेका छन्, तर पनि मैले त्यस स्वीकृतिलाई आत्मसात गर्न सकेकी छैन । फेरि यस समयमा आएर म कसरी जीवनको धारलाई कोल्टो पारेर पथको निर्माण गरौँ ? यस्तो द्वन्द्वले पुरिएको मस्तिष्कलाई कसरी ताजगी प्रदान गरौँ र कसरी भित्रभित्रै झाङ्गिएको वेदनालाई निर्मूल गरेर नयाँ बाटोको खोजी गरौँ ?



शिवजुजु मेरो पहिलो जीवन हो, उत्साह र उमङ्गको बीज हो, शान्ति र आनन्दको प्रतीक हो । मेरो विश्वास, मभित्रको विश्वस्तता र जीवनको विश्वसनीयताको धरोहर हो । म कसरी भुल्न र छोड्न सक्छु त्यति सजिलै, जसरी उनी मलाई बिर्सिन र छोड्न भनिरहेका छन्, बोलिरहेका छन् र व्यवहारमा पनि अभ्यस्त देखिएका छन् । उनको व्यवहार र मेरो विश्वासबीच सामन्जस्य नभएको हुँदा म अनिर्णयको बन्दी हुन पुगेकी छु । यो मेरो विश्वासमा भएको कुठाराघात हो र मरणासन्न अवस्थामा पुऱ्याउने प्रहार हो । यस प्रहारलाई म सहज वा असहज किसिमबाट सहन गरिरहेकी छु । सहन गर्नु मेरो बाध्यता हो ।

हेर्दाहेर्दै किसीको भलादमीपनले अनेक सन्देश प्रवाहित गरिरहेको जस्तो लाग्छ । ऊ चूप छ, ज्ञानी देखिन्छ, बोल्दैन, समझदार देखिन्छ र शरीरका सबै अङ्गलाई केन्द्रीकृत गरेर सतर्क भई बसेको छ, त्यसैले आफूमा ऊ निपूण देखिन्छ । वास्तवमा एउटी नारीका लागि एउटा त्यस्तै पुरुषको खाँचो हुन्छ, जो नारीको हरेक परिवेशमा राम्ररी घुलमिल हुन सक्छ, जसरी अहिले किसी देखिएको छ ।

आमाले खाजा ल्याइन् 'धौ-बजी' । दही घरैमा जमाएको हो आज म्हपूजाको भोजका लागि । मैले चाख्न पाएकी छैन, तर राम्रै हुनुपर्छ । हिजो बडो मिहिनेत गरी दही हालेकी थिएँ ।

खानाको परिकारमा दही मुख्य मानिन्छ । दहीलाई साइतको प्रतीक मात्र होइन । हरेक उत्सवमा दहीको टीको निधारको केन्द्रमा होइन, निधारको दायाँ-बायाँ पारेर लगाइन्छ । रक्सी वा जाँड भोजको सुरुमा प्रयोग हुन्छ भने दही अन्तिममा । यो स्वास्थ्यवर्द्धनको नियम हो, जो परापूर्वकालदेखि आजसम्म प्रचलनमा रहेको छ ।

*जोगमाया दुई जीउकी भएपछि छुट्याउन पनि दही-चिउरा म नै ख्वाउँछु है !* – आमाले जोगमाया र किसीचालाई दही, चिउरा र तरकारीको खाजा उनीहरूका अगाडि राख्दै व्यङ्ग्यात्मक शैलीमा जोगमायालाई घरजम चाँडो गर्न साङ्केतिक अनुरोध गर्छिन् । उनीहरूले त्यो कुरो बुझेको वा नबुझेको कुनै जवाफी सङ्केत देखिएन ।

गर्भवती भएर समय पुगेपछि गर्भवती महिलालाई दही-चिउरा ख्वाउने चलन छ, ताकी गर्भको बच्चा सहज र सरल ढङ्गबाट आमालाई कुनै पीडा नदिई जन्मन सकोस् । यो वैज्ञानिक प्रचलन प्राचीनकालदेखि नै अहिलेसम्म लागू भएको देखिन्छ ।

आमाको कुरामा जोगमायाले त्यति ध्यान दिइनन् । उनले खाजाका रूपमा आएको परिकारलाई यो खान्न र यो पर्दैन भनेर सबैजसो खानाको

परिकार पन्छाउन थालिन् । खानाका सम्बन्धमा किसीको कुनै प्रतिक्रिया देखिएन ।

उनीहरूको खाजामा साथ दिँदै म दही चाख्छु । दही साँच्चिकै स्वादिलो भएको रहेछ । भरे साँझको भोजमा सबैले दहीको स्वादबाट सन्तुष्ट भएर धन्यवाद दिनेछन् भन्ने कुरा सम्झँदै म जोगमाया र किसीलाई सोध्छु – ***दही कस्तो लाग्यो ?***

स्वादिलो, राम्रो र सन्तुष्टिदायक भएको कुरा दुवैले एकै स्वरमा भने । सुनेर म दङ्ग परेँ । साँच्चै भनूँ भने दही-चिउराको प्रचलनले हाम्रो समुदायमा विशेष महत्त्व ओगटेको पाइन्छ । जन्मोत्सव मनाउँदा दही-चिउरा बाँड्नुपर्छ । नवदुर्गानाचमा पनि पटक-पटक दही-चिउरा बाँड्ने चलन छ । यति मात्र होइन, धान रोप्ने समय आषाढ पन्ध्रमा पनि दही-चिउरा खाएर असारको पर्व मनाउनुपर्छ । त्यसैले त प्रिय छ सबैका लागि 'धौबजी' ।

यो जोडीले दही-चिउरा खान थालेपछि मेरो सम्झनामा रहेको र मस्तिष्कमा जमेर बसेको विषयले मलाई आन्दोलित पार्छ । म आफैँसँग तर्क-वितर्क गर्न थाल्छु । यस नगरको नेवारसमुदायबाट हेलाको पर्यायका रूपमा प्रयोग हुने 'ज्यापुनी' शब्दलाई मैले जातीयसूचक शब्दका रूपमा स्वीकार गरेकी छु । अझ आफू ज्यापुनी भएकीमा गर्व गर्ने गरेकी छु । यो शब्दखेललाई सकारात्मक वा नकारात्मक दुवै पक्षबाट हेर्न वा बुझ्न सकिन्छ । म हाम्रो ज्यापूसमुदायको उत्पत्ति र सभ्यताको विकास सम्झन्छु । हामीले सबै जातिलाई आफ्नो भाषा र संस्कृति प्रदान गरेर हामी र हाम्रो समुदायमा विलय गराउन समर्थ भयौँ । यो 'नेपा स्वनगल' का आदिवासी हामी ज्यापू गर्वपूर्वक भन्छौँ – 'हामी ज्यापू हौँ ।' के कमी छ हामीमा ? रहन-सहन, संस्कृति, सभ्यता र हाम्रा मूर्त-अमूर्त सम्पत्ति । म मनैमन आक्रोशित छु हाम्रो समाजमा फैलिएको नेवारी विभेद, तल्लो र माथिल्लो जातको पृथक् मान्यता र धर्मको नाउँमा शोषणको पराकाष्ठाप्रति । म विद्रोह बोल्न चाहन्छु ज्यापुनी भएर र एउटा शोषित समुदायको सदस्य भएर यस नेवारसमुदायमा । बाहुन, क्षत्री, वैश्य र शूद्र सबै नेवार हुन् भने नेवारमा किन विभेद गरिन्छ ? यस प्रश्नको मैले कुनै उत्तर पाउन सकेकी छैन ।

किसीचामा म शिवजुजु देख्तिनँ र देख्तिनँ महेश जोशी पनि । ती दुवै स्वार्थान्ध प्राणी हुन् । एउटाले मेरो भावनासँग खेलेर मेरो यो अवस्था बनाइदियो भने अर्कोले खेल्न भरमग्दुर कोसिस गऱ्यो । ती दुवै नेवारसमुदायको प्रथम र दोस्रो तहका जातिमा जन्मिएका मान्छेहरू हुन् । ज्यापू नभई ती समुदायको कुनै पनि दैनिकी र वार्षिकी काम चल्दैन । तिनीहरूको व्यावहारिक जीवनका प्रत्येक पाइलामा ज्यापूको आवश्यकता पर्छ, तर जीवनयापनमा भने ज्यापूसमुदाय तिरस्कृत छ ।



हेर्दाहेर्दै मलाई जोगमाया र किसीचाको जोडी सहज र प्राकृतिक लाग्यो । किनभने त्यहाँ जातीय विभेद छैन र सानो-ठूलोको फरक छैन । एक जाति, एक धर्म, एक संस्कृति, एक रीतिस्थिति, एक रहनसहन, एक खानपिन र एकै मान्यता अँगालेकाहरूमा वैवाहिक सम्बन्ध जुट्ता जीवनयापन गर्न सरल हुँदो रहेछ भन्ने सत्यताको बोध हुन थालेको छ मलाई । समतामूलक समाज बनाउने र जातीय विभेद हटाउने नाउँमा समाजका अगुवा भनाउँदाहरूले घन्काएका नाराहरू केवल नारामा मात्र सीमित रहन गएका छन् । यो जातीयता र संस्कृतिको विभेद हटाउन सयौँ वर्ष लाग्छ, किनभने यसको स्थापनामा हजारौँ वर्षको समयको लगानी भएको छ । त्यसैले यति सजिलै यो सामाजिक बन्धनबाट समाज तथा व्यक्ति मुक्त हुन्छ र भइन्छ भन्नेमा मलाई रत्तिभर विश्वास लाग्दैन ।

अब ममा उच्च जातिका भनिने मित्रहरूसँग बिस्तारै वितृष्णा जाग्न थालेको छ र सुस्तरी घृणा पैदा हुन थालेको छ । मेरो जीवन समान वर्गमा मात्र जुट्न योग्य छ भन्नेतर्फ सोच्न म बाध्य हुन थालेकी छु । मनभित्र प्रश्न फुर्न थाल्छन् – मेरो उमेरसँग जोडी मिल्ने को छ त ? पढाइ र अध्ययनको स्तरमा कुरा र विचार मिल्ने मान्छे पाउन सकिएला ? मेरो विवादित चरित्रलाई सहज रूपमा कसैले स्वीकार्ला ? यी प्रश्नहरूमा उमेर, पढाइ र विश्वास मिलेर कसैले मलाई अपनाइहाल्यो भने पनि म त्यससँग सुखमय जीवनयापन गर्न सकुँली र ? यो द्विविधायुक्त मनस्थितिले मलाई बिस्तारै पिरोल्न थाल्छ । मेरो आँखामा कुनै पनि योग्य ज्यापू आइरहेको छैन यतिखेर ।

मेरो मौनतालाई भङ्ग गर्दै जोगमाया मन्द स्वरमा चिच्याउँछिन् – ***यैय्या !***

***के भयो ?*** भन्ने प्रश्नको उत्तरमा किसी र जोगमाया मुखामुख गर्छन्, तर केही उत्तर दिँदैनन् । ***किन कराएकी ? के भयो ?*** भन्ने दोस्रो प्रश्नमा जोगमाया लजाउँदै भन्छिन् – ***यी ! यो किसीले मलाई चिमोट्यो ।***

सुनेर किसी घोप्टियो, तर म हाँसेँ । किसीलाई मेरा सामु बस्न अप्ठ्यारो लागेको हुन सक्छ । त्यसैले जोगमायालाई जानका लागि इसारा गरेको हो भन्ने मैले बुझिहालेँ र उनीहरूलाई बिदा गर्ने तरखर सुरु गरेँ । वास्तवमा किसी जान हतारिएको नै रहेछ । बिदाइको अभिवादन गर्दै जोगमायाका जोडी बिदा भए । मैले छुट्टिने बेलामा भनेँ – ***आउँदै गर्नू है !***

उनीहरू तल ओर्लिएर बाहिर सडकमा पुगेपछि उनीहरूलाई फेरि हेर्न मन लाग्यो । मैले सडकतर्फको झ्यालमा गएर हेरेँ । उनीहरू कुरा गर्दै बिस्तारै हिँडेको देखेँ र हेरिरहेँ । अलि टाढा पुगेपछि किसीचाले मेरो घरतर्फ फरक्क फर्केर हेऱ्यो । मलाई उसले झ्यालमा देखेपछि जोगमायालाई भन्यो होला । जोगमायाले पनि फर्केर मलाई हेरिन् र देखिन् । तर मलाई आफैँसँग लाज लाग्यो – किन मैले झ्यालमा गएर उनीहरूलाई हेरेँ ?

बाले सामान सबै ल्याइसकेका छन् । 'दुगुला', 'मेला' दुवै मासु घरमा आइसकेका छन् । त्यसलाई पकाउने काम आमाको र मेरो जिम्मामा लागेको छ । यी दुवै किसिमका मासु तयार गर्न गुठीयारहरू मिलेर गुठीघरमै बोका र राँगा काटेका थिए । बाले बाहिरैबाट मासु टुक्र्याएर ल्याएका हुँदा घरमा धेरै मिहिनेत गर्नुपर्ने आवश्यकता छैन । भोजका लागि अन्य तरकारीसँगसँगै मासुको परिकार पकाउन बाँकी छ ।

भान्छाकोठामा आमाले काम गरिरहेको ठाउँमा पुगें म । आमाले काम अह्राइन् – *मेथीको अचार बनाऊ ।*

म भोजको सबै परिकार बनाउन थालेकी छु । मेथी पानीमा एक दिन भिजाउने, मेथी भिजिसकेपछि पानीबाट झिकेर पातलो कपडामा पोको पारी दुई दिन राख्ने, त्यसपछि मेथीमा स-साना टुसा देखिन थाल्छन्, त्यही टुसा उम्रेको मेथीलाई आवश्यक नुन, खोर्सानी, अलिकति कागती वा ज्यामिरको अमिलो हाल्ने । यसरी मेथीको स्वादिलो अचार बन्छ । यस्तो टुसा पारेको मेथीलाई आवश्यक अमिलो हालेर लेदो पारेर पकाउने चलन पनि छ । पकाए पनि नपकाए पनि मेथीको परिकारले दिने फाइदा के हो भने यसले पाचनक्रिया बलियो बनाउँछ ।

भिजाएको केराउ र मुलाको अचार बनाउने जिम्मा पनि मेरो नै हो । केराउको अचार पनि मेथीजस्तै भोजको अन्त्यमा खानुपर्ने परिकार हो । यस परिकारले पनि पेटमा वायुको सिर्जना गराई भोजमा खाएको परिकारलाई सन्तुलित रूपमा पचाउने काम गर्छ । मेथी र केराउबाहेकका अन्य खाद्यवस्तुचाहिँ स्वादका लागि हुन् ।

आमाले 'तक्वः मेला' तामाको फोसीमा पकाउन थालिन् र 'दुगुला' कसौंडीमा पकाउन तयार गरिन् । मासु पाक्न समय लाग्ने हुँदा पहिले मासु नै पकाउन थालिएको हो । अरू तरकारी चाँडै पाक्ने भएकाले यसपछि अन्य तरकारी र गेडागुडी पकाउने हो ।

*जोगमायाले राम्रो केटो रोजिछे । मलाई खुसी लाग्यो ।* – आमाले काम गर्दागर्दै मलाई सुनाइन् ।

*हो, मलाई पनि राम्रो लाग्यो । पहिले त यतिको राम्रो होला जस्तो लागेको थिएन । किसान हो । खेतको काम गर्छ । अरू बेलामा हातेट्र्याक्टर चलाउँछ ।*

*भइहाल्यो नि ! किसानी काम राम्रो हो । त्यसमा पनि ट्र्याक्टर चलाउन जानेको मान्छे भनेपछि त कमाइ पनि राम्रै गर्ला ।*

*कमाइ त राम्रै होला । मान्छे पनि मोटोघाटो र राम्रै छ । जोडी पनि जोगमायालाई मिलेकै छ । तर ..... ।*

*के भन्न खोजेकी ?*

*पढेलेखेको छैन । तर जोगमायाले पढेकी छे ।*



*के भयो त ? नपढेको मात्रै न हो ! अरू सबै तिमीले पनि राम्रै भन्यौ । खेत छ । घर छ । सीप जानेकै छ । हट्टाकट्टा र स्वस्थ छ । जीवन राम्ररी चलाउन सकिहाल्छ । अरू के चाहियो !*

*कमसेकम अलिकति पनि पढेको भए सुनमा सुगन्ध हुन्थ्यो भन्ने भनाइ मात्रै हो मेरो ।*

*सुनमा किन सुगन्धको आवश्यकता छ र ? सुन त सुनै हो नि ! सबै कुराले परिपूर्ण कोही हुँदैन । एक न एक कमजोरी जोसुकैमा भइहाल्छ । जीवन यस्तै हो, स्वीकार्नुपर्छ ।*

आमाले कुरालाई अर्कै मोड दिएजस्तो लाग्यो । सायद उनी मेरो जीवनका बारेमा केही भन्न चाहन्छिन् र कुनै निर्देश गर्न चाहन्छिन् । मैले केटो रोज्न नसकेको र मेरो वैवाहिक सम्बन्ध स्थापित नभएकोमा आमा भित्रभित्रै दुःखित छिन् । यो कुरो मैले नबुझेकी होइन । तर बुझेर पनि म केही गर्न सक्ने अवस्थामा छैन । यस उमेरमा म कहाँ कुन केटाको खोजी गरौँ ? मेरो अन्तर्व्यथालाई कसैले बुझ्न नसकेकोमा म दुःखित छु, व्यथित छु र अत्यन्तै चिन्तित छु । तर यो मेरो वेदना म कसरी कसलाई सुनाऊँ ? सुनाएर बुझ्छ कसले ? मलाई थाहा छ मेरो समस्याको समाधान म नै हुँ । म नै निर्णयको केन्द्र हुँ । यति थाहा हुँदाहुँदै पनि म अनिर्णयभित्र जकडिएकी छु ।

*तिमीलाई मन पराउने कुनै ज्यापू केटो छैन ?*

आमाबाट अनायास आएको यस प्रश्नले मलाई झस्काइदिन्छ । आमाको शिर निहुरिएको छ । काममा व्यस्त देखिन्छिन् उनी । म छोरी हुँ उनकी । उनले किन मेरो आँखामा हेरेर प्रश्न गरिनन् ? मलाई लाज लाग्नुपर्ने हो मेरो विगतले गर्दा । तर उनी किन अप्ठ्यारो मानिरहेकी छन्, मैले बुझ्न सकिनँ । मेरो मनलाई चोट नलागोस् भनेर हो वा म कुनै प्रतिक्रिया नजनाऊँ भनेर हो, यो कुरो पनि मैले बुझ्न सकिनँ ।

*खै ! ज्यापू नै त कोही छैन र देख्तिनँ ।*

मेरो सहज उत्तरमा आमा केही क्षण चुप लागेर काममा व्यस्त रहिन् । मैले आमाको इच्छालाई विपरीत दिशामा मोड्न चाहिनँ । उनको चाहनाअनुकूल नै मैले भनेँ – *स्तर मिल्ने कुनै ज्यापू भएमा त म कुनै आपत्ति जनाउँदिनँ ।*

*स्तर भनेको के ? तिमीले के भन्न चाहेकी, स्पष्ट भन न !*

*मैले जति नपढे पनि कमसेकम प्रवेशिका वा त्यसभन्दा माथिको पढाइ भएको । मेरो उमेरभन्दा दुई-तीन वर्ष फरकको त हुनैपर्‍यो नि, होइन ?*

*त्यो त ठीक हो । हाम्रो समुदायमा पढ्ने चलन नै थिएन पहिले । अहिले पनि त्यति छैन । तिमीले जति पढेको लोग्नेमान्छेले समयमै विवाह गरिसक्छ । भनेको जस्तो पाउन गाह्रो छ । के गर्ने हो, विचार गर ।*

*मलाई पनि आफ्नै जाति र समुदायको व्यक्तिसँग वैवाहिक सम्बन्ध स्थापित गर्ने इच्छा छ, तर के गर्नु !*

आज मैले आमासँग खुलेर कुरा गरें । धक फुकाएर आफ्नो मनको कुरो बताएँ । यसरी खुलेर कुरा गर्दा मन पनि हलुको भएको छ । आमा पनि आज मसँग खुलेरै आफ्नो कुरो राख्दैछिन् । हामीबीच सङ्कोच टाढिँदैछ । भान्छाको काममा व्यस्त भए पनि हामी आमाछोरी भान्छाको काम गर्दै कुरा गर्दै आपसमा विचारको आदानप्रदान गरिरहेका छौं ।

*भुइचालाई चिनेकी छ्यौ ?*

आमाको प्रश्नले मलाई चकित पार्छ । आमाले कसरी भुइचाको नाम लिइन् ? आमालाई भुइचाका बारेमा के थाहा छ ? भुइचाको क्रियाकलाप आमालाई कसरी थाहा भयो ? आदि-इत्यादि प्रश्नहरू एकैपटक मेरो मस्तिष्कमा छाए । भुइचालाई मैले चिनेकी छु । उसको बाजा बजाउने काममा विशेष लगाव छ । ऊ धिमेबाजा राम्ररी बजाउँछ । तर मसँग उसको कुनै सम्बन्ध छैन र मलाई आँट नै गरेर उसले सम्बन्धका बारेमा बोल्न र हेर्न सकेको पनि छैन, मेरो हृदय स्पर्श गर्ने कुरा त अलग हो । म आमालाई के जवाफ दिऊँ ? कसरी चिनेको छ भनौं वा छैन भनौं ? म असमन्जसमा परें । मैले आमाको प्रश्नको केही जवाफ दिने कोसिस गरिनँ ।

फेरि उनले त्यही प्रश्न दोहोऱ्याएपछि मैले जवाफ दिएँ – *म त्यस्तो कुनै भुइचालाई चिन्दिनँ । एउटा भुइचालाई चिन्छु, त्यो हाम्रो खेत खन्न आउने गर्छ । त्यो मामाघरको नजिकको मान्छे हो । उसलाई म 'भुइपाजु' भन्छु ।*

*हो ! त्यही भुइचाको कुरो गरेकी हुँ मैले । भुइचा तिमीलाई औधी माया गर्छ रे । उसले तिमीसँग विवाह गर्छु भनेर हिँडेको वर्षौं भइसक्यो रे ।* – आमाले बाहिर सुनेको कुरो बताइन् ।

त्यो सुनेपछि आकाशबाट एकैपटक खसेर चट्टानमा बज्रेकी जस्ती भएँ म । होस गुम भयो । शरीरका सबैजसो अङ्ग कमजोर भएजस्तो लाग्यो । वज्रपात भयो मनभित्र । खल्लो, हराएको र आफैंभित्र आफू नभएजस्तो अनुभव हुन थाल्यो । आँखा चिम्लेर आफ्नो कमजोरीलाई पहिल्याउन शरीरको एक-एक भागलाई नियाल्न थालें । मनलाई बिस्तारै बाँधेर साधारण अवस्थामा आउने कोसिस गरें । मन विचलित नहोस् भनेर लामो-लामो सास फेरें । मनलाई शान्त राख्न कोसिस गरें । अनि सम्हालिँदै आमालाई कुरा सम्झाउँदै भनें – *भुइचा र मेरो बीचमा कसरी सम्बन्ध स्थापित हुन्छ ? कुनै पनि दृष्टिकोणबाट ऊ मसँग विवाह गर्न योग्य छैन । ऊ अनपढ, एउटा खेती पेसा गर्ने व्यक्ति हो । उसलाई खेती गर्न सक्ने केटीको आवश्यकता हुन्छ । मबाट उसले के पाउन सक्छ र ? म उसबाट के पाउन सक्छु ? यो हुनै नसक्ने कुरो हो ।*



आमा सुनेर बस्छिन्, केही जवाफ दिन्नन् । मेरो अनुहारको बदलिएको रङ्ग र उतारचढावलाई छड्के आँखाले हेरिरहेकी हुनाले पनि मेरो स्थितिलाई सहजता प्रदान गर्न चुप लागेर उनी काममा व्यस्त भएकी हुन् । उनी यस कुराकानीलाई नबढाउने हिसाबले अर्कै काममा व्यस्त हुन थालिन् ।

यसबारेको तथ्य कुरा जान्न चाहने आशयका साथ म आमासँग प्रश्न गर्छु – ***त्यो भुइचाले मलाई मन पराएको कुरो कहाँबाट आयो ? किन भुइचाको मात्र कुरो आयो ? के मलाई सुहाउँदो ज्यापू युवक नै रहेनछ यो नगरमा ?***

सायद आमा मेरा यी आक्रोशपूर्ण प्रश्नहरूको जवाफ दिन रुचाउँदिनन् । केही कुरा बोल्दा मलाई कुनै चोट पर्ने भएर आमा नबोलेकी हुन् कि ? आमासँग मेरो चित्तबुझ्दो जवाफ नभएर पो चुप बसेकी हुन् कि ? यी मेरै मनभित्र उब्जिएका प्रश्नहरूले नै उत्तर दिन सङ्केत गरेजस्तो लाग्यो मलाई । मभित्र हुँडलिएर आएको अहम् र सुषुप्त रूपमा बसेको विवशताको सङ्गम भएजस्तो लाग्यो । आमाले नबोलेर मलाई राम्रै गरेजस्तो लाग्यो । भरेको म्हपूजा र भोलिको किजापूजा यी दुवै महत्त्वपूर्ण पर्व हुन् हाम्रा लागि । ठीकै छ, पहिले यी दुवै उत्सवलाई समापन गरौं, अनावश्यक यस विवादमा मनमस्तिष्कलाई पीडा नदिऊँ भन्ने मनभित्र एकाएक सोच जाग्रत भयो । अनि मेरो पनि कामको प्रकृति मोडियो । म पनि चुपचाप लागेर भोजको परिकार राम्ररी तयार गर्ने काममा ध्यान दिन थालें ।

⃠

# पोहेला

जाडोको याम, बिहानको सात बजिसकेको छ । अर्ध अन्धकारमा कुहिरोलाई चिर्दै हामी चुपचाप 'इनरे' अर्थात् सूर्यविनायक गणेशस्थानको बाटोमा अगाडि बढिरहेका छौँ । उनी केही बोल्दैनन् र मलाई पनि उनीसँग केही बोलिहालूँ भन्ने वाक्य फुटेको छैन । तालुकोटोलमा भेटिएका महेश जोशी इनरे पुग्न लाग्दासम्म केही बोल्ने हिम्मत गर्दैनन् ।

आज मङ्गलबार होइन, त्यसैले गणेशस्थानमा मान्छेको चाप छैन । फाट्टफुट्ट मान्छे मन्दिरको सिँढी उक्लिएका र ओर्लिएका देखिन्छन् । हामी पनि सिँढीको मुखको ढोकामा पुग्छौँ । महेश जोशीको वाक्य बल्ल फुट्छ – ***पूजाका सामान तयार गर्ने होइन ?***

पूजाका सामान पाइने पसलतर्फ औँल्याउँदै उनी मलाई त्यतै जान इसारा गर्छन् ।

सोमबार भए पनि 'योमह्रीपुन्ही' हो आज । हाम्रो समुदायलगायत नेवारहरूको पनि ठूलो चाड हो 'योमह्रीपुन्ही' । यस दिनलाई 'धान्यपूर्णिमा' पनि भन्छन् । धानको भकारीमा पूजा गर्ने दिन अर्थात् धानको रासलाई 'धान्याञ्चल' का रूपमा अन्नदेवता सम्झी उत्सव मनाउँदै धानको पूजा गर्ने दिन हो आज । आज गणेशस्थान आउने कुरा केही दिनअघि महेशलाई भनेकी थिएँ मैले । तर उनी यति सबेरै मलाई कुरेर बस्ने र सँगै आउने कुरा भने हामीबीच तय भएको थिएन । त्यसैले पनि उनलाई बोल्न अप्ठ्यारो लागेको हो । मैले पनि उनलाई नबोलाएकी हुँदा उनीसँग बोल्न उत्साह नआएको हो । यतिखेर हामी अनिच्छा र बेसरोकारका साथी हुन पुगेका छौँ ।

गणेशदेवताले मन पराउने तिलको लड्डु र पूजाका अन्य सामान मैले पसलबाट लिएँ । उनले पनि पूजाका सामान लिए । हामी दुवैले आ-आफ्ना सामानको पैसा तिर्‍यौँ । मन्दिरतर्फ जानका लागि कुँदिएका ढुङ्गाबाट निर्मित सिँढीतर्फ हामी बिस्तारै लाग्यौँ । महेश मेरो अनुहारलाई हेर्दै सोध्छन् – ***तिमीलाई शिवजुजुले भेट्ने गरेका छन् आजभोलि ?***

***अहँ, धेरै भयो भेट नभएको । उनी व्यस्त छन् आफ्नो काममा ।***

मेरो सहज उत्तर सुनेर उनी पत्यार नलागेको अनुहार बनाउँदै माथि सिँढीको डिलमा हेर्न पुग्छन् । म फेरि उनलाई वास्तविक स्थिति बताउँदै भन्छु – ***हो, आजभोलि भेट्ने काम रोकिएको छ ।***

***किन र ? उसले तिमीलाई छोड्न सक्छ र ?*** – उनी आश्चर्ययुक्त भावमा प्रश्न गर्छन् ।



***दुई महिनादेखि हामीले आपसमा भेटेका छैनौँ । सायद अब भेट पनि गर्दैनौँ हाला ।***

***के उसले तिमीलाई छोड्ने निर्णय नै गरेको हो त ?***

यस प्रश्नको उत्तर दिन मलाई गाह्रो हुन्छ । म आफ्ना आँखालाई ढुङ्गाको खुड्किलोमा केन्द्रित गर्दै उक्लिरहेकी छु । उनी फेरि त्यही प्रश्न देहेर्‍याउँछन् । मलाई जवाफ दिन कर लाग्छ । म एकै शब्दमा उनको प्रश्नका लागि निर्णयात्मक उत्तर दिन्छु – ***हो ।***

म उनको आँखामा हेर्न पुग्छु । उनका आँखा रसाएजस्ता छन् । सायद उनले मेरा आँखालाई यसअघि नै हेरिसकेका छन् । मेरो अनुहारको परिवर्तनसँगै उनको अनुहारको पनि रङ्ग बदलिएको छ । आश्चर्य, स्नेह र दयामिश्रित हेराइले मलाई केही दबाएजस्तो लाग्छ र कताकता स्वाभिमान लच्काएजस्तो पनि लाग्छ । ढुङ्गाको सिँढीमा टेकिएका आफ्नै खुट्टाका औँलाहरू नियाल्न पुग्दा खुड्किला उक्लिन बिर्सिएजस्तो भएको लाग्छ । निर्णय मनभित्रको हो, र त्यो भइसकेको छ । तर भइसकेको निर्णय र मेटिइसकेको रेखा सम्झनेबित्तिकै किन र कसरी जागृत रूप लिन्छ र त्यसले मनलाई सताउने गर्छ ? मैले 'हो' भन्नेबित्तिकै सबै विगतका स्मरण र घटनाहरूले एकैपटक अतिक्रमण किन गर्न खोजेका हुन् ? मभित्र एउटा कमजोर घेरा विकसित भएर छोप्न लागेजस्तो लाग्छ । होइन भने किन यति कमजोरी सलबलाएको हो ममा ? सोच्तैमा पनि हिम्मतलाई छोप्न खोज्छन् यी कमजोरीहरूले ।

***पत्याएनौ महेश तिमीले ?*** – म उनीसँग आफ्नो निर्णयलाई छाप लगाउन खोज्छु ।

***पत्यार त लाग्दैन, तर तिमीले भनिसकेपछि नपत्याउनु पनि त भएन । मैले बुझेँ । अब भन, तिमी आफ्नो भविष्य कसरी तय गर्छ्यौ ?*** – उनी सकारात्मक रूपमा मेरा अगाडि प्रस्तुत हुन्छन् ।

***त्यो त भविष्यको गर्भभित्र छ । मेरो विश्वासमा आँच आयो । भरोसाले धोका खायो । प्रेमलाई घृणाले छोप्यो । अब म के गर्न सक्छु, तिमी नै भन ।***

उनी गम्भीर हुन्छन्, सोचमग्न हुन पुग्छन् । उपाय उनीसँग पनि छैन । उनी लाचारी प्रकट गर्दै यति नै भन्न पुग्छन् – ***चकना ! भन म के गर्न सक्छु ? केही उपाय छ तिम्रो मस्तिष्कमा ?***

महेश विवाहित तथा दुई छोराका बाबु हुन् । शिवजुजुका साथी र मेरा पनि साथी मात्र हुन् यिनी । यिनी बेलाबेलामा ममा यौन-आकर्षण उत्पन्न गराउन हात समाउने र शरीरका अन्य अङ्ग स्पर्श गर्ने गर्दथे । एक दिन यिनलाई मैले नराम्रोसँग हकारिसकेपछि यिनी मसँग निश्चित दूरीमा बस्ने गर्दछन् । तर यिनको मनभित्रको लालसा भने मेटिइसकेको छैन । त्यसैले यिनी

मसँग नजिक हुने, भेट गर्ने र सम्पर्कमा रहने कामलाई निरन्तरता दिइरहेका छन् । अर्थात् यिनले मनको केन्द्रमा नभए पनि कुनै कुनामा मलाई राखेका छन्, चाहे प्राकृतिक सम्बन्ध विकसित गर्न होस् वा आपराधिक भावमा मनोरञ्जन प्राप्त गर्ने इच्छाले होस् । मैले यो उनको कमजोरी बुझेकी छु । त्यसैले उनको भनाइलाई म सरल, सहज र स्पष्ट उत्तर दिन्छु – ***हेर महेश ! तिमी विवाहित नभएका भए तिमीलाई म भन्थेँ तिमी मलाई अपनाऊ ! तिमी परिवार भएका, त्यसमा पनि जोशी जातका, मभन्दा माथिल्लो वर्गका मान्छे । म कसरी तिमीलाई त्यसो भनूँ ? त्यसैले मेरो समस्याको समाधानको उपाय तिमीसँग छैन । त्यसैले यसतर्फ विचार नै नगरूँ ।***

उनी केही बोल्न सक्तैनन्, विवश देखिन्छन् । घर तथा परिवारको जिम्मेवारी उनको काँधमा छ । यौवन उनको शरीरका अङ्गहरूमा सञ्चारित रहे पनि कारण र जिम्मेवारीले गर्दा कार्यरूपमा परिवर्तित हुन आफैँमा छेकिएका छन् । यो म राम्ररी बुझ्न सक्छु । उनीभित्रको मनले निर्देश गरेअनुसार सारा मूल्य र मान्यतालाई उनकै रुढिवादी समाजलाई जिम्मा लगाई मुक्त भएर स्वेच्छाचारी रूपले विचरण हुन खोज्छन् उनी । तर अर्को धारले उनलाई आफ्नै परिवेशमा रुमल्लिनुपर्ने बाध्यतालाई जनाउँछ र बाध्य गराउँछ । उनले राम्ररी उनलाई बुझेका छन्, साथै मैले पनि उनलाई बुझेकी छु । उनको र मेरो सम्बन्ध स्थापित भएको भए पनि वर्षौं भइसक्यो । एक-अर्काका साथीका रूपमा हिँडेको, डुलेको र विचार-विमर्श गरेको पनि लामो समय बितिसकेको छ । उनको कमजोरी हो मप्रति आकर्षण राख्ने मनस्थितिलाई लामो समयसम्म कायम राख्ने । उनलाई थाहा छ म शिवजुजुप्रतिको कमजोरीको प्रतीक हुँ । महेशलाई मैले तन र मन दुवैबाट अलग गराएर राखेकी छु । उनका सयौँ प्रयत्नहरू निष्फल भएका छन् । उनले हारेका छन्, तैपनि प्रयत्न गर्न छाडेका छैनन् ।

हामी दुवै मन्दिरको प्राङ्गणमा पुग्छौँ । भर्खर तल पसलबाट किनेका पूजाका सामान मिलाउन कुनाको सत्तलमा गएर सजाउने तरखर गर्छौं । एउटी महिला त्यहीँ पूजाको थालीमा पूजाका सर्जाम मिलाउँदैछिन् । उनको पूजाको थालीमा तिलको लड्डुका अतिरिक्त एकजोर हाँसका अन्डा फुस्रो सिन्दूरले सिँगारिएका छन् । 'गोजा', भटमास र भुटेको चिउराको मिश्रण, मुला, सानो भाँडोमा रक्सीका साथै सिन्दूर, केशरी, अक्षता र फूल आदि छन् । त्यो देखेर म लज्जित भएँ । यति मात्र होइन, स-साना योमह्री पनि पूजाको सामानमा सजाइएका छन् । यी महिलाका सामु मेरो पूजाको सर्जाम त नगण्य छ । त्यसैले ती महिलाले नदेख्ने गरी यसो कोल्टे परेर मैले आफ्नो पूजाको थाली सजाएँ ।



गणेशदेवतालाई हामीले खाने सबै खाद्यवस्तु चढ्ने हुनाले घरबाट पूजा गर्न आउँदा पूजासामग्रीका अतिरिक्त खाद्यवस्तु पनि ल्याउने चलन छ । आमा पूजा गर्न आएकी भए ती सबै आवश्यक सामग्री जुटाएर नै ल्याउँथिन् । तर मैले नल्याएको र ल्याउन नसकेकोमा केही पछुतो महसुस गर्दै म महेशलाई भन्छु – ***पूजाको सामान हाम्रो त साधारण भयो, होइन ?***

***होइन, साधारण छैन, ठीकै छ ।*** **– उनी तुरुन्त आफ्नो राय व्यक्त गर्दै थप्छन् –** ***पूजा भावसँग सम्बन्धित छ । सामग्री त केवल इच्छापूर्तिको कारण मात्र हो । थोरै वा धेरै सामग्रीले देवता बढी वा घटी खुसी हुने होइनन् । असल भावले एउटा लड्डु मात्र चढाए पनि फल त्यति नै मिल्छ जति सयौँ, हजारौँ लड्डु चढाउँदा मिल्छ । त्यसैले भनिन्छ नि 'महादेवलाई एक अँजुली पानी र एक पत्ता बेलपत्र चढाए पुग्छ भने गणेशलाई मात्र दुबो ।***

उनको कुरो ठीक लाग्यो । देवताले सधैं पवित्र भाव भएका दर्शनार्थीको भलो गर्छन् भन्नेमा म पनि विश्वास गर्छु ।

नगरबाहिरका तीन कुनामा भएका तीनवटा गणेशमध्येका दक्षिणकोणमा बसेका यी सूर्यविनायक गणेशलाई अन्य दुई गणेशहरूभन्दा नगरवासीले बढी मान्ने गरेका छन् । सानो वा ठूलो उत्सव गर्दा यी गणेशको दर्शन र पूजा गर्ने चलन छ । अझ हामी ज्यापूहरूले त गणेश इष्टदेवता नै हुन् भन्ने भावले मान्ने गरेका छौँ ।

मन्दिरपरिसरमा भएका दर्शनार्थीहरू पूजाका लागि लाममा बसेपछि सबैभन्दा पछाडि गएर म उभिएँ । लाममा उभिएका एक-एकलाई नियालेँ मैले । बढी मात्रामा ज्यापूसमुदायका मान्छे नै देखेँ । त्यसमा पनि बढी महिला नै छन् । कुखुराको भालेको भोग दिनेहरूमा चाहिँ लोग्नेमान्छे पनि उपस्थित छन् । स्वास्नीमान्छेले पूजासामानको थाली र पानीको करुवा बोकेका छन् भने लोग्नेमान्छेले जख्खु भाले बोकेका छन् । बिस्तारै क्रमैसँग पूजा हुँदै गएको छ ।

हामी दुवैले आ-आफ्ना किसिमबाट पूजा गर्‍यौँ । समय केही लागे पनि भीड त्यति नभएको हुँदा भीडको धक्का खानुपरेन । पूजा सकेर हामी दुवै मन्दिरको प्राङ्गणबाट बाहिरियौँ । महेशले पश्चिमतर्फको उकालो पाखोलाई देखाउँदै भने – ***आमाकहाँ जाने हो कि ?***

उनको कुरो सुनेर म टक्क उभिएँ र उनको अनुरोधलाई स्वीकार गर्न वा अस्वीकार गर्नका लागि उनलाई हेरेँ तलदेखि माथिसम्म र माथिदेखि तलसम्म । यो मेरो हेराइ नै नकारात्मक थियो, तर उनले बुझेनन् र फेरि अनुरोध गरे । मैले निश्चय गरेँ उनको नियतलाई नजिकैबाट छाम्ने र मप्रतिको उनको मित्रता पत्ता लगाउने । मैले मुन्टो मात्र हल्लाएर स्वीकृति प्रदान गरेँ । उनी उकालोतर्फ लाग्नुभन्दा पहिले मलाई अगुवाई गर्न हातले अनुरोध गरे । उनको निर्देशनलाई पालना गर्दै म पश्चिमतर्फ उक्लिएँ । कहिले उनी अगाडि

त कहिले म अगाडि हुँदै चुपचाप पश्चिम र दक्षिण हुँदै अगाडि उक्लदै गयौं । उनले आफूलाई आनन्दित भएको अभिनय गर्दै भने – *चकना ! थाहा छ, यहाँ गुराँस फुल्छ ।*

हो, मलाई थाहा छ यहाँ गुराँस फुल्छ । यो अचम्मको क्षेत्र हो । किनभने गुराँस सात हजार फिट उचाइमा मात्र फुल्ने लेकाली फूल हो । तर यो क्षेत्र समुद्री सतहदेखि पैंतालीस सय फिट मात्र छ । यो लेक होइन र गुराँस फुल्ने आवश्यक उचाइ पनि होइन । तर पनि गुराँसले वनक्षेत्रलाई स्वर्गीय सुन्दरता प्रदान गर्ने गरेको छ ।

म उनको सोधाइ र जानकारीगराइमा त्यति ध्यान दिने चासो राख्तिनँ । म सतर्क छु उनका आगामी क्रियाकलापसँग । उनी एउटा सानो मन्दिरलाई देखाउँदै भन्छन् – *यी ! यही आमाको स्थान हो । यहाँ नबोल्ने बालकको बोली फुट्छ, बुझ्यौ !*

हो, यो पनि थाहा छ । बोल्नुपर्ने समयमा कुनै बालक बोलेन भने तल गणेशदेवताकी आमाका रूपमा सम्मानित यस स्थानमा ल्याएर दर्शन गराउने प्रचलन छ । त्यो बालक यहींदेखि बोल्न सुरु गर्छ भन्ने बलियो जनविश्वास छ । धेरै नतिजा मैले पनि अनुभव गरेकी छु । कुनै बालक तीन वर्ष पुगेपछि पनि बोलेन भने यहीँ अर्थात् गणेशजीकी आमाको स्थानमा ल्याएर दर्शन गराएपछि बोल्न सुरु गर्छ ।

बस्, उनलाई म यति नै जवाफ दिन्छु – *हो, मैले पनि यही सुनेकी छु र थाहा पाएकी छु ।*

यस मन्दिरपरिसरमा कोही छैनन् सिवाय महेश र म । कुहिरोले धुम्मिएको हुँदा वातावरण आधा उज्यालो छ । उनी अझ पश्चिम उत्तरतर्फ जङ्गलमा जाने आग्रह गर्छन् । म अस्वीकार गर्छु र भन्छु – *कहाँ जाने यस्तो अँध्यारोमा ?*

*बस्, यहीं ।*

उनी मेरो हात समाएर मलाई केही दूरीमा लान समर्थ हुन्छन् । केही दूरी उनीसँग तानिएपछि म हात झड्काल्दै उनीबाट स्वतन्त्र हुन खोज्छु । यतिखेर उनको शरीर काँपिरहेको छ । उनी काँपेकै तातो हातको पञ्जाले मेरो नाडीमा समाउँछन् र अझ डाँडाको खोचतर्फ लान्छन् । म पनि नारी-विवशतामा उनको आग्रहमाथि विद्रोह गर्न सक्तिनँ । म टक्क अडिएर हात झड्काल्दै उनको हातबाट आफ्नो हात फुत्काउँछु र झर्केको स्वरमा उनलाई भन्छु – *तिमीले के गर्न खोजेका महेश ? किन यसरी एकान्तमा तिमीले मलाई ल्याएका ? के हासिल गर्न खोजेको तिमीले ? भन ।*



रक्तरञ्जित उनको अनुहारले मलाई र मेरा आँखालाई हेर्न सकिरहेको छैन । काँपेका दुवै हात मेरा दुवै कुमको नजिक आएर रोकिएका छन् । अनायास मेरो बोली फुत्कन्छ – *के भयो तिमीलाई ?*

मेरो यो बोली टुङ्गिनेबित्तिकै उनी मलाई ग्वाम्म अँगालो हाल्छन् र आफ्नो अनुहारलाई मेरो कपालमा रगड्न थाल्छन् । म फुत्किन खोज्छु उनको अँगालोबाट, अलग्गिन चाहन्छु उनको हरकतबाट । तर उनले मलाई कसरी अँठ्याएर हातको पञ्जाले तालाबन्दी गरेका छन् भने मेरो सम्पूर्ण शक्ति उत्पन्न हुन खोज्दैमा ह्रास हुन पुग्यो । जब उनले आफ्नो अनुहारलाई मेरो अनुहारमा स्पर्श गर्न थाले, घर्षण गर्न थाले, म मौकाको पर्खाइमा बसेँ । उनले काँपेको ओठलाई मेरो मुखको नजिक ल्याउनेबित्तिकै मैले यसरी टोकिदिएँ कि उनको 'ऐया' को ठूलो आवाजसँगै मबाट उनी हटे र टाढा पुगेर थचक्क बस्न पुगे ।

केही क्षण मैले उनलाई हेर्दै आफूलाई सम्हालेँ । म उनलाई हेर्दै उभिइरहेँ । उनले फेरि आएर मलाई आक्रमण गर्ने प्रयत्न गरे । त्यस बखत उनलाई मैले कडासँग कुममा समाएँ र त्यसपछि उनका गालामा आफ्ना दुवै हात लगेर उनलाई सम्झाउन खोज्दै भनेँ – *महेश ! तिमी किन यसरी पागल भएका ? तिमी मेरा साथी हौ । तर जुन व्यवहार तिमीले गर्‍यौ वा गर्ने प्रयत्न गरिरहेका छौ, यसबाट म खुसी हुन सक्तिनँ । तिमी मलाई खुसीसाथ हासिल गर्न सक्छौ । बरू भन, तिमी मलाई आफ्नो जीवनमा अपनाउन सक्छौ ?*

उनी आँखा चिम्लिएर मेरा कुरा सुनिरहेका छन् । मेरो भनाइको प्रत्युत्तरमा कुनै प्रतिक्रिया दिन सकिरहेका छैनन् उनी । मात्र रातो भएको अनुहारलाई घोप्टो पारेर उभिएका छन् । मैले हात हटाइसकेकी छैन, तर उनी बिस्तारै शिथिल हुँदै गएको मैले अनुभव गरेँ । अब मलाई भन्न केही गाह्रो नहुने कुरो मैले बुझेँ । उनको गालाबाट हात हटाएर फेरि दुवै कुम समाएर हल्लाउँदै मैले भनेँ – *किन यसरी तिमी मूर्खतापूर्ण व्यवहार गरिरहेका छौ ? हामी नवोदित युवा होइनौँ, वयस्क युवा हौँ हामी । तिमी किन यसरी पशुवत व्यवहार गर्न उद्यत भएका हौ, मैले बुझ्न सकिनँ । मैले त सम्झेकी थिएँ तिमी एक जानकार, व्यवहारी र बुद्धिमान् छौ । तर यस व्यवहारले आज तिमीले आफूलाई नारी-अस्मितामाथि खेलवाड गर्ने अपराधी सावित गर्‍यौ ।*

एक्कासि मेरो हात उनको कुमबाट हटाउँदै उनले आफ्नो हात मेरो कुममा ल्याएर राखे, लामो सास फेर्दै आँखा खोले र मेरा आँखामा हेर्न पुगे । तर उनका आँखा मेरा आँखामा पलभर टिक्न सकेनन् र पलभरमै घोप्टिए । उनले बोल्ने प्रयत्न गर्दै मलाई सम्बोधन गरे – *चकना !*

उनले के भन्न खोजेका हुन्, त्यो स्पष्ट भएन । उनको हातको पञ्जा बिस्तारै मेरो कुममा कसिँदै जान थाल्यो । लाचारी र विवशतामिश्रित उनको

क्रियाकलापले मलाई उनका विरुद्ध प्रतिकार नगर्न सङ्केत गरेको हुँदा म पनि उनको मनोवेगको उतारचढाव र प्रतिक्रियालाई मात्र निरीक्षण गर्न थालेँ । उनको काँपिरहेको शरीरबाट सम्प्रेषित विकिरणको झट्कालाई स्वीकार्दै रहेँ ।

मेरो आक्रोशित आवाजबाट उत्पन्न भएका भनाइहरूले उनलाई थिचिरहेका छन् । उनको भूललाई पश्चात्तापको गोरेटोमा डोऱ्याइरहेको छ । उनी मेरो भनाइका विरुद्धमा कुनै प्रतिवाद गर्न सकिरहेका छैनन् र उनले प्रतिक्रियास्वरूप केही कुरा बोल्ने स्थिति पनि छैन । म उनलाई मित्रभावले भन्छु – *हेर महेश ! तिमीले मसँग यौनसम्बन्ध मात्र स्थापित गर्न चाहेका हौ ? त्यो हो भने पनि एकको चाहनालाई अर्कोले बुझ्न सकेन भने त्यो सम्बन्ध स्थापित हुन सक्तैन । साधारणतः मित्रतावश गरिने र स्थापित हुने सम्बन्धमा पनि दुवै मित्रको भावनाको मेल हुनु जरुरी छ । यो कुरा तिमीजस्ता पढेलेखेका मान्छेलाई मैले भनिरहनुपर्ला जस्तो लाग्दैन ।*

उनले जुन व्यवहार प्रदर्शित गरे, त्यो पूर्ण बाल्य व्यवहार हो, अन्जान हठ हो । म 'कटामारी' खेल्ने केटी होइन । त्यो कुरो उनले बुझ्नुपर्थ्यो । बालसुलभ मनस्थिति भएका केटीहरू 'कटामारी' खेल्छन् । त्यहाँ पुतलीको विवाह हुन्छ । त्यसरी दुलही बन्दा पनि बाल्यकालका केटीहरू खेलको सिलसिलामा फस्ने गर्छन् र फस्छन् । तर आजको अवस्था त्यो होइन । त्यो कुरो उनले बुझ्न सक्नुपर्थ्यो ।

मैले बिस्तारै उनलाई सम्झाउँदै भनेँ – *हेर महेश ! यौनसम्बन्ध स्थापित गर्नु ठूलो कुरो होइन । अनुकूल समय र सद्भावको मिलनविन्दु तिमीले समाउन सक्यौ भने त्यो सफल हुन्छ, होइन भने असफल । तिमी यतिखेर असफल भयौ । यसलाई तिमीले समयानुकूल सम्बोधन गर्न सकेनौ ।*

उनी सुनिरहेका छन् र म भनिरहेकी छु – *तिमीले जुन व्यवहार अहिले प्रदर्शन गऱ्यौ, त्यसमा साँच्चि नै तिमी सफल भएका भए त्यो बलात्कार हुन्थ्यो र त्यही व्यवहारमा मेरो भावना पनि मिश्रण गर्न सकिदिएका भए त्यो 'प्रेमको सत्कार' हुन्थ्यो । भन, के फरक रहेछ ? यति सरल सूत्र पनि बुझ्न सक्तैनौ भने तिमी आफूलाई के पुरुष भन्छौ ?*

मेरा कुरा उनले ध्यान दिएर सुने वा सुनेनन्, तर आँखा चिम्लिएकै अवस्थामा फेरि उनले मेरो नाम लिए – *चकना !*

उनको घायल ओठ अलिकति सुन्निएको छ । उनी केही बोल्न चाहेर पनि बोल्न सकिरहेका छैनन् । एकै छिनको मौनतापछि, उनी अलि हिम्मतका साथ भन्छन् – *चकना ! म यतिखेर तिमीलाई जे पनि गर्न सक्छु । मेरो पुरुषत्वको राम्ररी प्रदर्शन गर्न सक्छु, बुझ्यौ ?*

ठूलो स्वरका साथ जोडसँग जे बोले पनि उनको आत्मसमर्पणको कम्पन मैले बोलीबाट नै बुझिसकेकी छु । सबै जोस र हिम्मतलाई थन्क्याउँदै उनी



सम्झौताको सँघारमा आइपुगिसकेको मैले चाल पाइसकेकी छु । केही क्षणअगाडिसम्मको उनको आपराधिक मनस्थितिलाई पश्चात्तापको पर्दाले ढाकेको कुरा मैले जानकारी पाइसकेकी छु । उनले बोलेको बोली र पुरुषत्वका शब्दहरूले मलाई भयभीत गराउन सकेनन्, बरू उल्टो मेरो मनभित्र उनीप्रति नै सहानुभूति उब्जिन थाल्यो । उनलाई सम्झाउन खोज्दै भनेँ – *के तिमीले मलाई हासिल गर्न नै चाहेका हौ ? भन महेश, तिमी मलाई बलात्कार गर्न सक्छौ ? पुरुषत्व प्रदर्शन गराउन सक्छौ यतिखेर ? नसक्ने कुरा बोलेर किन मनलाई चिढ्याउन खोज्छौ ? तिमी मेरा मित्र हौ भने मित्रताको कुरा गर, प्रेमी हौ भने प्रेमालाप गर । यसरी निर्जन जङ्गलमा ल्याएर एउटी नारीसँग गर्ने व्यवहार यही हो ? तिमी आफू सम्हालिऊ र सहज स्थितिमा आएर मसँग राम्ररी कुरा गर । म तिम्रो साथी हुँ र साथी नै रहनेछु ।*

उनी मबाट अलग्गिए र अलिकति दूरीमा गएर उभिई रूखका हाँगाहरू हेर्न थाले । मैले उनको नजिक गएर भनेँ – *जाऊँ अब यहाँबाट ।*

बिस्तारै उनी अघि लागे र म उनको पछाडि लागेँ । सूर्यको किरणले कुहिरो चिरेर अझै उज्यालो पठाउन सकेको छैन । वातावरण चिसो छ र धमिलो छ । आउँदा उकालो थियो र चाँडै पाइला सरेको थियो, अहिले ओरालो छ र मुस्किलले पाइला चल्छ । केही समय ओरालो हिँडेपछि पूर्ववत मन्दिरको प्राङ्गणबाहिर आइपुग्यौँ । ढुङ्गाको सिँढीबाट तल आइपुग्दासम्म पनि उनले केही बोलेनन् र मैले पनि केही बोल्ने रहर गरिनँ ।

मेरो मनमा प्रश्नहरू फुर्न थाल्छन् – हरेक लोग्नेमान्छे आफ्नो पुरुषत्वको घमण्ड गर्छन्, तर त्यसलाई लामो समयसम्म किन टिकाउन सक्तैनन् र किन टिक्न सक्तैनन ? नारीलाई निचा देख्ने र राख्ने लोग्नेमान्छे किन आफैँ नारीबाट दबिएर जान्छन् ? नारीलाई मनोरञ्जनको साधन सम्झने पुरुषहरू किन र के कारणले भयभीत हुन्छन् ? किन उनीहरू आफैँभित्र हराउँछन्, डराउँछन् र पिल्सिन्छन् ?

महेशको दाहिनेतर्फको कुममा हात राख्तै मैले आफ्नो तिक्तता पोखेँ – *तिमीभित्र पनि शिवजुजुको जस्तै लाछीपन भएको देखेँ । किन यति कमजोर छौ तिमीहरू ? उपल्लो जातका हौँ भन्ने अहम् हो कि ?*

*जातिपातिको कुरा नगर । मानिस सबै एकै जात हो ।* – उनी आदर्शका कुरा सम्झाउन खोज्छन् ।

*म बुझ्दछु । नगरमा बसोबास गर्ने हामी सबै नेवाःजाति हौँ भन्न खोजेका त होइनौ तिमीले ?*

*हो, ठीक भन्यौ । हामी सबै नेवाःसमुदाय हौँ ।*

*तर त्यसै समुदायको एक ज्यापूचाहिँ तल्लो वर्ग हो । यही भन्न खोजेका हौ तिमीले ?*

*होइन, त्यस्तो होइन । हाम्रो एकै भाषा छ, एकै संस्कृति छ र धर्मकर्म पनि एकै छ । कसरी हामी तल्लो र माथिल्लो हुन्छौँ ?*

*जातिविभेद नभएको भए शिवजुजुले मलाई किन छोडे ? विवाह गर्न आनाकानी गर्दै किन यति लामो समय बिताए ? ठीक छ, उनले मसँगको सम्बन्ध तोडे जातीयताका आडमा, उनको समुदायमा रहेको मूल्य र मान्यताका आधारमा । अर्का तिमी मलाई अपनाउने हिम्मत गर्दैनौ । कुरीति र संस्कारलाई छोड्न सक्तैनौ र माया गर्ने भएर पनि विवाह गर्ने आँट गर्दैनौ । किनभने म ज्यापुनी हुँ । यही होइन ? 'हामी नेवाः एक हौँ' भन्नुको के अर्थ ? यो 'नेवाः' शब्दले तिमीहरूको समुदायलाई मात्रै जनाउँछ । म ज्यापूसमुदायकी हुँ । हामी ज्यापूलाई नेवाः शब्दले समेट्न सक्छ वा सक्तैन, मैले बुझ्न सकेकी छैन । तिमीहरूको विभेदपूर्ण व्यवहारले म वाक्क र दिक्क भइसकेँ ।*

*विश्वास गर न, हामी नेवाः एक हौँ । यसमा तिमीले विश्वास गर्नुपर्छ । हामी नेवाःमुक्तिका लागि धावा बोलिरहेका छौँ यो मिश्रित नेपाली समाजसँग ।*

*यो मिथ्या हो । त्यही विश्वासमा पर्दा नै हामीलाई किचेर र थिचेर 'किसान' बनाएका छन् तिम्रा नेवारहरूले । हाम्रो पेसा किसानी हो, तर हामी किसानजाति होइनौँ । तिमीहरूकै कपटपूर्ण व्यवहारले हामी 'ज्यापू' जाति 'किसान' जातिमा परिवर्तित हुन बाध्य भएका हौँ । अब आफ्नो अस्तित्वको खोजीमा नेवाःबाट अलग भएर हामी विद्रोह बोल्न चाहन्छौँ । गर्वका साथ 'हामी ज्यापू हौँ' भन्ने वातावरण सिर्जना गर्न चाहन्छौँ । तिमीहरूसरह भएर नगरमा स्थापित हुन चाहन्छौँ ।*

मेरो उच्च स्वरको बोली र विद्रोही भावले भरिएका वाक्यहरू सुनेर उनी मलाई तलदेखि माथिसम्म र माथिदेखि तलसम्म हेर्छन् र मेरो हिम्मत र आँटलाई आकलन गर्न थाल्छन् । म त्यत्तिकैमा चुप रहन्न । उनलाई उनीहरूकै रुढिवादी प्रथा र मान्यताको जानकारी गराउन चाहन्छु र भन्छु – ***ममा के कमी छ र तिमीहरूले मलाई विवाह गर्न नमिल्ने ? तर तिमीहरू पुरातन रिवाजमा बाँचेका उच्च वर्ग भनाउँदाहरू हौ र हामी ज्यापूलाई नोकर र चाकरका रूपमा व्यवहार गर्ने गरेका छौ । चाकर नै सम्झेका छौ हामीलाई तिमीहरूले । आज पनि तिमीहरूको विवाहमा दुलहीका साथमा ज्यापुनीलाई सेविकाका रूपमा पठाउने चलन कायम राखेका छौ । अझै तिमी भन्छौ हामी नेवाः एक हौँ । हामी कुनै हालतमा पनि एक होइनौँ, एक हुन सक्तैनौँ र हुदैनौँ ।***

*बिस्तारै बोल । अरूले सुन्लान् अरूले । तिम्रो कान पनि रातो भइसक्यो र गाला पनि । यसरी उत्तेजित हुनु हुँदैन कुनै सामुदायिक तथा सार्वजनिक विषयलाई लिएर । मैले बुझेको छु तिम्रो भित्री भावलाई र आन्तरिक पीडालाई, शिवजुजुले तिमीसँग कायम राखेको अव्यावहारिक सम्बन्धलाई । यो उसको बेवकुफी हो र तिम्रो सोचको पनि भूल हो । समयमै सच्चिनुपर्ने थियो । जे होस्, यो तिमीहरू दुईजनाको सम्बन्धको कुरो हो, मैले बोलिहाल्न नहुने थियो, तर बोलेँ । उचनिच माफ गर । म यकिनका साथ भन्छु – तिम्रा यी सबै आक्रोशहरूको मूल जड शिवजुजु मात्र हो । त्यसैले व्यक्तिगत सम्बन्धलाई सार्वजनिक नगर ।*



मेरो उच्च बोली र जोसपूर्ण अभिव्यक्तिलाई उनको भनाइले केही मत्थर बनाउन सफल भयो । वास्तवमा उनलाई आक्रोश व्यक्त गरेर त्यसको उपलब्धि केही मिल्दैन भन्ने जान्दाजान्दै पनि जातीय विभेदलाई मुटुमा गाँठो पारेर राखेका व्यभिचारी महेश जोशीजस्ता व्यक्तिलाई लक्षित गरिएको मेरो अन्तरहृदयको व्यथा हो यो । यो नेवाःमुक्तिका नाउँमा ताण्डवनृत्य गर्ने अवसरवादी र व्यभिचारीलाई सुनाउनुपर्ने सत्यता हो । एकले सुनून् वा तीभन्दा बढीले सुनून्, यो मेरो भित्री हृदयमा मडारिएको व्यथा हो भने हाम्रो समाजमा गढेर बसेको सत्य कथा हो । जुन कथा मनभित्र दबिएको हुन्छ, त्यो बोलीका रूपमा बाहिर निस्कनेबित्तिकै ब्रह्माण्डमा स्वतः फैलिन्छ, चाहे त्यसलाई एक व्यक्तिका अगाडि अभिव्यक्ति गरौँ वा करोडौँका अगाडि । बोलीको शक्तिको मापन एउटै हुन्छ । यस कुरालाई महेश जोशी गहिराइमा गएर बुझ्न सक्तैनन् । साथै, म यसबारेमा उनलाई विस्तृत व्याख्या सुनाउने मनस्थितिमा पनि छैन । बस्, उनलाई म यति नै भन्छु – ***मनभित्र रहेको कुनै पनि कुरालाई शब्दद्वारा अभिव्यक्त गर्नु नै सार्वजनिकीकरण हो, बुझ्यौ ?***

उनी बोल्दैनन् । उनले भन्ने कुरा भने र मैले सुनाउनुपर्ने कुरा पनि सुनाएँ । हामी चुपचाप नगरतर्फ लाग्ने बाटोमा अघिपछि हुँदै हिँडिरहेका छौँ । म विचार गर्छु – जङ्गलतर्फ लाँदा यिनले मसँग सम्बन्ध स्थापित गर्छु भन्ने निश्चयका साथ लगेका थिए, तर एकाएक किन रोकिए ? मैले उनको ओठ टोकिदिएका कारणले मात्र कदापि होइन । प्रतिक्रियास्वरूप उनले मेरा गाला र अनुहारका अन्य भागमा कटाक्ष गर्न सक्थे उनमा साँच्चिकै उत्तेजना आएको भए । यो स्वाभाविक प्रक्रिया हो, विपरीत लिङ्गको आक्रमण र प्रत्याक्रमणबाट निस्कने परिणाम नै सम्बन्ध-स्थापनाको नतिजा हो । त्यस्तो सम्बन्धको अवधि त्यस्तै आक्रामक परिणामले तय गरेर नतिजा पनि निश्चय गरेको हुन्छ कहिलेकाहीँ । यस दृष्टिकोणले विचार गर्दा उनी काँतर हुन् तथा कमजोर मनोबल भएका हुतिहारा पुरुष हुन् ।

बाटोको वातावरण अझै चिसो नै छ । घाम लागेको छैन । बाटोमा मान्छेको चाप बढेको छ । हामी नगर प्रवेश गर्ने चौडा बाटोमा आएर छुट्टिन लागेका छौँ । उनी बाटोको किनारमा अडिएर मलाई सम्बोधन गर्दै भन्छन् – ***चकना ! माफ गर । आज जे भयो, त्यसलाई बिर्सने कोसिस गर । यौनतृष्णाको अन्धवेगमा लपेटिएको थिएँ म । तिमीलाई यी सबै कुरा सम्झाउन र बुझाउन पनि सकिनँ । त्यो मेरै कमजोरी हो । एक्कासि मैले जनावर प्रकृतिको रूप प्रदर्शित गरेँ । त्यो मेरो भूल थियो । तिमीले प्रतिकार गर्‍यौ मानवीय हिसाबले । ती सबै कुरा म भुल्न चाहन्छु । तिमी पनि सम्झने कोसिस नगर र मलाई घृणाको दृष्टिले पनि नहेर । म तिम्रो साथी हुँ र सधैँ साथी रहनेछु । किनभने तिम्रो यथार्थताको धरातललाई मैले राम्ररी देखेको छु, अनुभव गरेको छु र मान्यता दिएको छु ।***

*यस्तो महान् कुरा गरेर मलाई लज्जित नतुल्याऊ । त्यो तिम्रो दोष होइन । त्यो त मेरो अवस्था र समयको दोष हो ।*

*म तिम्रो भावनासँग अरू बढी खेल्न चाहन्नँ । आखिर तिमी मान्छे हौ, जीवित प्राणी हौ, अदृश्य आत्माको एक पुञ्ज पनि हौ । मैले त्यस्तो अमूर्त भावनासँग मूढता प्रदर्शन गर्न मिल्दैन ।*

म उनको भनाइको प्रतिकार गर्दिन । उनी पनि अब धेरै कुरा गर्ने पक्षमा देखिँदैनन् । मित्रतामा कुनै आँच नआएको व्यवहार हामी दुवै एक-आपसमा देखाउन समर्थ भयौं । हाम्रो मित्रता पछि पनि कायम रहनेछ भन्नेमा अब कुनै शङ्का रहेन । उनले भने – ***लौ त चकना ! पछि भेटौंला ।***

निःसन्देह, उनका कुरामा बढी तर्क-वितर्क गर्ने आधार म देख्तिनँ । मैले प्रतिकारका रूपमा उनको ओठलाई बेदखल गरेकीले उनको मनस्थिति परिवर्तित भएको हो कि जबर्जस्ती अतिक्रमण नगरूँ भन्ने भावना उनको मनमस्तिष्कमा एक्कासि उब्जिएका कारणले गर्दा उनको चाहनाले पल्टा खाएको हो, अथवा अन्य कुनै कारणले उनमा परिवर्तन आएको हो कि भन्नेतर्फको तथ्यलाई यतिखेर मैले बुझ्न सकेकी छैन । उनको 'पछि भेटौंला' भन्ने वाक्यले आशाको जरामा मलजल गरेजस्तो देखिन्छ भने मित्रतालाई पछिसम्म कायम गर्ने राजमार्गको डोब लगाएको अनुमान पनि गर्न सकिन्छ । उनमा भएको कलुषित भाव र आपराधिक मनस्थितिलाई कुनै पनि कोणले पहिल्याउन सकिरहेकी छैन मैले । स्पष्ट र सभ्य भाषामा उनी पछि भेट्ने वाचाका साथ छुट्टिएका छन् । मित्रतामा कुनै आँच आएको कुरा उनले प्रदर्शित गरेनन् । साधारण किसिमबाट पहिले-पहिले जसरी छुट्टिन्थे, त्यही हिसाबले छुट्टिएका छन् ।

बाटोलाई ध्यान दिएर मेरा पाइला अगाडि बढिरहे तापनि मेरा मनमा केही प्रश्नहरू उठ्न थालेका छन् र अनेक कुराहरू खेल्न थालेका छन् । उनी आज किन आए ? मलाई मन्दिरभन्दा माथि एकान्त जङ्गलमा लान किन इच्छुक भए ? मैले किन जान स्वीकार गरें ? नियोजित घटनालाई मैले प्रतिकार गरेर जानाजानी कार्यसम्पादन हुनुअगावै किन बिथोलिदिने निर्णय लिएँ ? मेरो निर्णयलाई थाती राख्नका लागि उनले किन आग्रह गरेनन् ? अनुनय तथा विनय प्रेमको प्राथमिक कडी हो भन्ने ज्ञान हरेक प्रेमरोगीहरूले जानेको सूत्र पनि हो, तर यसको प्रयोग उनले किन गर्न सकेनन् ? यो उनको कमजोरी हो । मलाई होइन, मेरो शरीरका प्राकृतिक अवयवहरूको प्रयोग गरेर मनोरञ्जन लिन उद्यत भएका उनमा कसरी भावनात्मक परिवर्तन भयो र एकाएक मलाई हासिल गर्ने मनस्थितिबाट उनी अलग्गिए ?

त्यति बेलाका कुराहरू मेरा लागि यतिखेर सार्थक देखिए पनि अन्तमा निरर्थक प्रतिफल पाएँ मैले । पश्चात्तापको विद्युतीय धार शरीरका सबै अङ्गलाई



स्पर्श गर्दै ओहोरदोहोर गर्न थालेपछि शरीरमा मन्द कम्पनको झड्कासँग ग्लानिको भाव आएको महसुस गरें । केही कम्पनजस्तो र केही कमजोरीजस्तो अनुभव भयो । त्यसरी केही खल्लोभाव भोग्न थालेपछि घटनालाई पूर्ण रूपमा बिर्सने कोसिस गर्दै मैले बाटोको छेउको पर्खालमा दाहिने हात अड्याएँ र आँखा चिम्लिएर लामो-लामो सास फेरें । यसरी दस-बाह्रपटक आँखा चिम्लिएर सास फेरेपछि घटना विस्मृतिमा पुगेको अनुभव गरें । शरीरमा केही शक्ति सञ्चय भएपछि बिस्तारै म घरतर्फ लागें ।

घरमा आज भ्याइ-नभ्याइ काम छ । मङ्सिरको महिना, खेतबाट भर्खर नयाँ धान घरमा भित्रिएको छ । आज धान्यपूर्णिमा पनि हो । धानलाई पहाडजस्तो बनाएर धानको थुप्रोमा अनेक फलफूल, योमह्री आदि राखेर पूजा गर्ने चलन छ । तर हाम्रो घरमा भने ढुकुटीमा टेपभरि धान राखेर टेपको मुख पुरिने गरी भुसी पारेर धान राख्ने र त्यसैलाई धानको पर्वत सम्झी फलफूल र योमह्रीसमेत राखेर पूजा गर्ने गरेका छौं ।

योमह्री बनाउनका लागि हिजो नै चामल पिनेर पिठो तयार गरिराखिएको छ । चामल आमा र म भएर पिनेका हौं । अब तिल र चाकुको मिश्रण बनाउनुछ । यो काम पनि आमा र मेरो जिम्मामा भएको हुँदा आमाको फुर्सदअनुसार काम सुरु गर्ने भएका छौं ।

योमह्री बनाउन चाहिने फोसी र हाँसी दुवै तयार छन् । हाँसीको पिँधमा प्वालहरू हुने भएकाले ती प्वालहरू टाल्न पिँधमा थोरै पराल बिछ्याइन्छ ताकि तल फोसीको पानी उम्लिएर बनेको बाफ हाँसीमा विनारोकटोक आउन सकोस् । योमह्री बाफले मात्र पकाउनुपर्ने विशेष किसिमको रोटी भएको हुँदा हाँसीको पिँधबाट प्रवेश गरेको बाफ माथि हाँसीको मुखबाट उड्न नपाओस् भनेर हाँसीको मुखलाई टम्म मिल्ने बिर्कोले छोप्नुपर्छ ।

आमा योमह्री बनाउने तरखर गर्दैछिन् । योमह्रीभित्र हाल्ने तिल र चाकुको मिश्रण बनाउन आमा मलाई अह्राउँछिन् । आमाको निर्देशनअनुसार टुक्र्याएको चाकुलाई केही पानी हालेर चाकुको लेदो बनाउनका लागि पकाउन चुल्होमा कराही बसाल्छु । यसैबीच केलाएर राखेको तिललाई एउटा कराहीमा राखेर भुट्छु । यता चाकु उम्लिन थालेपछि बाक्लो लेदो नभएसम्म पकाउँछु ।

अब योमह्री बनाउने सबै सामान तयार भएको हुँदा आमालाई खबर गर्छु । आमा आएर फोसीको पिँधमा केही पानी राखी त्यो फोसीलाई चुल्होमा बसाल्छिन् । त्यतिखेर नै चाकु र तिलको मिश्रण बनाएर एउटा भाँडोमा राख्छिन् । चामलको पिठो मुछेर तयार गर्छिन् । हाँसीको पिँधको प्वालबाट योमह्री नखस्ने गरी पराल राखिसकिएको छ । हामी दुवै आमा-छोरीले पिठोका स-साना डल्लाहरू लिँदै रोटीजस्तो पातलो पारेर त्यसलाई सोली आकारमा बेर्छौं । अनि आवश्यकताअनुसार चाकु-तिलको मिश्रण हाली त्यही चाकु-तिल

गर्भमा रहन सक्ने पारेर माथिको मुख जोडिदिने काम बिस्तारै गर्दै जान्छौँ । हेर्दा शङ्खको आकारको देखिने गरी हातले बिस्तारै मिलाएर बनेको योमही हाँसीको पिँधमा राखेको परालमाथि राख्तै जान्छौँ । एक तह राखेपछि फेरि पराल बिछ्याएर अर्को तह पनि योमही राख्छौँ । यसरी तीन तह राख्न पाउँदा-नपाउँदै पानी उम्लन थालेको हुँदा एकैछिन फोसीको उम्लिएको पानीलाई छोपेर हतार-हतार चार तह पुऱ्याएर हाँसीलाई फोसीमाथि बसालिदिन्छौँ ।

आमालाई मात्र होइन मलाई पनि थाहा छ, योमही पाकेपछि भान्छाकोठा नै मगमगाउने गरी बास्ना फैलिन्छ । त्यसैले आमाले मलाई अह्राइन् 'म अर्को काममा जाँदैछु, योमही पाकेपछि आगो निभाइदिनू' भनेर । आमाको अह्रोटअनुसार म भान्छामा नै बसेँ र फोसीमा राम्ररी आगो लाग्ने गरी चुल्हो सम्हालेँ ।

साँझ पर्न-पर्न लागेको छ । तलबाट मिश्रित स्वरको आवाज आउँछ – *योमही चाकु, उकी दुन्हे हाकु ! ब्युसा ल्यासे मब्युसा बूढीसुढी !!*

यो केटाकेटीले योमही माग्न जाँदा गाइने गीतको बोल हो । केटाकेटीहरूले केही समूहमा विभाजित भई आज घरघरमा यही गायन बोल्दै योमही चाख्तै हिँड्ने चलन छ । योमहीको अर्थ मन परेको रोटी हो । हाम्रो समुदायमा बन्ने रोटीका परिकारमा यस रोटीले विशेष स्थान ओगटेको छ । रोटी सबैलाई मन पर्ने किसिमको र मीठो भएकाले नै बोलमा भनिन्छ – मन परेको रोटी गुलियो छ, त्यसभित्र कालो छ । रोटी दिने मान्छे तरुनी हुन्, नदिनेचाहिँ बूढी हुन् ।

यसरी व्यङ्ग्य गर्दै र फकाउँदै रोटी माग्ने काममा हामी केटाकेटी हुँदा पनि धेरै वर्ष घरघर गएर यो गायन गाउँदै हिँडेका थियौँ । वास्तवमा पकाउने तरिका एकै भए पनि एक घरको रोटीको स्वाद अर्कोसँग मिल्दैन । यसै कारणले पनि केटाकेटीले कुन घरको रोटी मीठो छ भनेर जान्न र खानका लागि यसरी घरघरमा गएर गीत गाउँदै योमही माग्ने चलन चलेको हो ।

तलबाट योमहीपर्वको गायन गर्दै आउने त केटाकेटी नभएर बाजे भाजुलाल र भुइचा पो रहेछन् । बाजेलाई जाँड अलि बढी लागेकाले भुइचा साथमा आएका रहेछन् । यो कुरो बाजेले भनेपछि जानकारी पाएँ । बाजे र भुइचा भऱ्याङको छेउमै उभिए । बाजेले फेरि बोल दोहोऱ्याए मलाई सम्बोधन गर्दै – *योमही चाकु, उकी दुन्हे हाकु ...... !*

यसै त रमाइला प्रकृतिका बाजे, त्यसमा पनि अलिकति जाँड लागेपछि त बाजे बेजोडका रमाइला मान्छे हुन पुग्छन् । दुवैजना बाजेको कोठामा गए । भुइचा पहिलोपटक घरमा आएका हुँदा मैले अरू पाहुनालाई सत्कार गरेजस्तै रक्सीको कन्ती र खोला लिएर बाजेको कोठामा प्रवेश गरेँ । भुइचाले भने –



*बाजे र म, हामी दुवैले पिइसकेका छौँ । बाजेले अलि बढी पिएका हुँदा घरसम्म छोड्न आएको हुँ ।*

भुइचा र बाजेको त्यस्तो मेल थिएन, तर आज भुइचाले बाजेलाई लगेर पिलाएछन् । किन भुइचाले यसरी जाँड पिलाए भन्ने प्रश्न आउनेबित्तिकै आमाले केही साताअघि मलाई भनेको कुराको सम्झना आयो । भुइचालाई तलदेखि माथिसम्म हेरेँ । उनको आँटलाई पनि हेर्ने कोसिस गरेँ । वेशभूषा हेर्दा शुद्ध ज्यापू देखिएका छन् । दौरा-सुरुवाल र इस्टकोटको पहिरनमा सजिएका उनले कालो तकुवा टोपी लगाएका छन् । उनी मतर्फ हेर्न सकिरहेका छैनन् । उनी बाजेको हाउभाउ र कुरामा बढी ध्यान दिएर बसेका छन् ।

उमेर करिब तीस वर्ष भएको अनुमान गर्न सकिने भुइचाको अनुहारको रङ्ग गोरो छ र शरीर हृष्टपुष्ट छ । गोरो भएका हुँदा नै 'भुइ' भनिएको हो भन्ने कुरा उनको रूपले प्रमाणित गरेको छ । यही वर्षको वर्षामा धान रोप्ने समयमा उनले मलाई पछ्याएको भनक मैले पाइसकेकी थिएँ । खेतमा काम गर्दा उनका आँखा म बसेको डिलमै आएर बसेजस्तो गरी आँखाको पहुँच मसम्म पुऱ्याएका थिए । कोदालीले माटो फोर्दै खेत हिल्याउँदा एकतर्फ मात्र फर्केर काम गर्न मिल्दैनथ्यो । तर उनी जुनसुकै दिशामा वा तल-माथि फर्किएका भए पनि उनका आँखा भने म बसेकै डिलको छेउछाउमा आएर टिकिरहेका हुन्थे । यौवनको चाहना, आवश्यकता, उत्सुकता र रहरले विपरीतलिङ्गप्रति आकर्षण सुरु हुन्छ । यही आकर्षणले दुई भिन्न लिङ्गलाई नजिक्याएपछि आपसमा समझदारीको सुरुवात हुँदानहुँदै अन्धो मायाले ठाउँ ओगट्न पुग्छ । यसलाई समझदारीपूर्ण र सच्चा माया भन्नुभन्दा अन्धवेगको झट्काले लाटिएको मनस्थिति भन्नु वेश हुन्छ । भुइचाले मलाई होइन, मेरो विचार र कामलाई पनि होइन, मेरो योग्यता र क्षमतालाई पनि होइन, केवल एउटा यौवनले मस्त भएकी तरुनीलाई हेरेका हुन्, आकर्षित भएका हुन् । जीवन केवल युवा अवस्थाको आवश्यकतापूर्तिको थलो होइन र होइन वासनातृप्तिको साधन मात्र पनि । तर पनि युवा चाहना र उत्तेजनाले मान्छेलाई एउटा निश्चित धारमा बग्न बाध्य तुल्याइदिन्छ । यसले जीवनको गतिलाई नै एकोहोऱ्याई एउटा कोणमा लगेर सीमाबन्दी गरिदिन्छ । अनि मान्छेले नियति सम्झँदै जीवनलाई भोग गर्नुपर्छ ।

यी कुरा जान्दाजान्दै र बुझ्दाबुझ्दै पनि भुइचाको अन्तरमन केलाउने इच्छा जागरण हुन्छ मलाई । युवा हो, जोस छ, जाँगर छ, बल, हिम्मत र आँट पनि छ । युवा मन न हो, एउटी युवतीलाई प्राप्त गर्ने इच्छा राख्नु अस्वाभाविक पनि होइन । आनन्द लिन्छु र आनन्द दिन्छु भनी बराबर लिने र दिने निर्णय गर्नु कुनै अचम्म होइन र अप्राकृतिक पनि होइन । तर यिनको मनभित्र मजस्तो पढेलेखेकी र आधुनिक युवतीलाई हासिल गर्ने अठोटको

बीजारोपण कसरी भयो ? कसको बहकाउमा यिनी लागे र मलाई पट्याउन अनेक प्रयत्न गर्न थाले ? के आँटले यिनी कस्सिएर मेरा पछि लागेका छन् ? म यकिनका साथ के अनुमान गर्न सक्छु भने भुइचा कसैबाट निर्देशित छन् र बहकाइएका छन् । होइन भने उनको बौद्धिक स्तर, बोलीको तरङ्ग र समतामुखी व्यवहार मसँग मिल्नै सक्तैन । कसरी उनको मनको अन्तरङ्गमा म मिसिन पुगें ? यसको खोजी गर्ने विचार गर्दै म कोठाबाट निस्किएँ ।

आमा दुईवटा स-साना थालमा रक्सीसँग खाने 'लोसा' लिएर बाजेको कोठामा पसिन् । उसिनेको फुल, तारेको माछा, चिउरा र अचारको परिकार सजाइएको थियो थालमा । रक्सीको कन्ती मैले पहिले नै लगेर कोठामा राखेकी थिएँ । कोठाबाट एकै स्वरमा आवाज आयो – ***मोल-मोल ।***

मैले खाना नखाने सङ्केत गरेको सुनैं ।

*चकना !* – त्यसपछि आमाको आवाज सुनैं । बाजेको कोठाको ढोकामा गएर उभिएँ र बोलाउनुको कारण सोधैं । आमाको अनुरोध थियो – म त्यहाँ बसेर उनीहरूलाई सत्कार गरौं । आमाको माथि भान्छामा काम धेरै भएको कुरा मलाई थाहा थियो । आमाको आग्रहलाई मान्दा माथिको काम पनि हुने र यहाँ पाहुनाको सत्कार पनि हुने । कुरा ठीकै लागेको हुँदा म पुनः बाजेको कोठामा पसैं । बाजे र भुइचाको सामु रहेको खानेकुराको थालसँगै लगेर 'खोला' राखिदिएँ । त्यसमा कन्तीबाट रक्सी राख्न सुरु गर्नेबित्तिकै भुइचाले दाहिने हात खोलाको छेउमै ल्याएर 'गात-गात' भने । उनको यो 'पुग्यो -पुग्यो' भन्ने बोलीसँगसँगै खोलाभरि रक्सी भरिदिएँ । फेरि बाजेले पनि उही शब्द दोहोऱ्याए, तर उनको खोलासमेत रक्सीले भरिदिएँ ।

बाजे झिनो जुँगालाई मुसार्दै भन्छन् – ***यो चकना नभए त मेरो घर नै शून्य हुन्छ । मलाई हेरदेख गर्ने र माया गर्ने यो एउटी मात्रै हो ।***

भुइचालाई सुनाएर बाजेले मेरो तारिफ गरे पनि भुइचा कुनै प्रतिक्रिया दिने चासो देखाउँदैनन् । बाजे भुइचाको प्रतिक्रिया पर्खंदैनन् र फेरि आफ्नो कुरालाई जोड्दै भन्छन् – ***चकनाले घरको सबै काम जानेकी छ, जाँड बनाउने, रक्सी बनाउने, भोजका परिकार बनाउने र तानमा कपडा बुन्नेजस्ता सबै काम । हामी ज्यापूहरू अरूको भरमा पर्दैपर्दैनौं । हामी आफ्ना आवश्यकता आफैं पूरा गर्छौं ।***

भुइचातर्फ फर्कंदै उनी आफ्नो भनाइलाई पुष्टि गर्न भुइचालाई नै सोध्छन् – ***हामी ज्यापू के कुरामा कम छौं ? होइन त ?***

टाउकोसम्म हल्लाएर कुरामा सहमति जनाउँदै भुइचा 'ख' सम्म बोल्छन् । बाजे चाहन्छन् भुइचाले केही कुरा गरून् । तर उनी केही बोल्ने पक्षमा देखिँदैनन् । सायद म एक्ली भएकी भए ठट्टा गर्न सुरु गर्थे होलान् वा म यस कोठामा नबसिदिए बाजेसँग हो मा हो मिलाएर कुरा गर्थे होलान् । बाजे र नातिनीसँग भएका हुँदा उनले कुन कुरो कोसँग गर्ने भन्ने निश्चय गर्न



नसकेको हुन सक्छ । होइन भने घरमा पस्ता जोल्ठिएर योमह्रीको बोल भट्याउन सक्ने भुइचा यतिखेर किन चुप देखिन्थे ! अब यिनीहरू कुरा गरून् भन्ने विचारले म बाजेलाई सम्बोधन गर्दै भन्छु – ***बाजे ! रक्सी चाहियो भने मलाई बोलाऊ । म माथि आमाकहाँ जान्छु, हुँदैन ?***

यति भनेर म भान्छातर्फ लाग्छु ।

*तिमी त्यहीँ बसेकी भए हुन्थ्यो । यसो भुइचासँग कुराकानी गरे पनि हुन्थ्यो नि !* – आमा बोलिन् ।

आमाको आशय के हो भने म भुइचासँग केही कुराकानी गरौं । कोठामा त्यतिका बेर बसिसकें । मेरो उपस्थितिमा उनी बाजेसँग त बोलिरहेका छैनन् भने मसँग कसरी बोल्छन् ? म यो कुरो आमालाई कसरी सम्झाऊँ ? मलाई थाहा छ उनी ठट्टा गर्न माहिर छन् । म एक्लै भएँ भने उनले मिले पनि नमिले पनि मसँग गफ गर्न सुरु गर्थे । तर कोठामा बाजे छन्, जसका कारणले उनी युवा बोलीको व्यङ्ग्य सुरु गर्न सक्तैनन् र युवासुलभ चञ्चलपन पनि उनी प्रदर्शित गर्न सक्तैनन् । मेरो स्तरको कुरा गर्न उनीसँग त्यस्तो मसलाको भण्डार छैन । बिचरा, उनी मसँग के कुरा गरून् !

आमालाई म केही जवाफ दिन चाहन्नँ । केही नभनी म उनका कुरा सुन्दै उनैको काममा हात बढाउँछु । केही क्षणपछि आमा फेरि मलाई तल जान काम अह्राउँदै भन्छिन् – ***जाऊ ! तल पाहुनालाई रक्सी थपिदेऊ !***

म अझै अलमलिन्छु आमासँग नै । आज भुइचा हाम्रो घरमा विशेष पाहुनाका रूपमा प्रवेश गरेको कुरा आमा र बाजेको कुराकानी र व्यवहारबाट थाहा पाएँ मैले । भुइचालाई यिनीहरूले महत्त्व दिनुको अर्थ के हो भने भुइचा यिनीहरूका नजरमा जँचेका छन् । मैले भने भुइचालाई सबै कोणले हेर्ने कोसिस गरिसकें । उनका बारेमा जान्ने र बुझ्ने प्रयत्न गरिसकें । कुनै पनि पङ्क्तिमा उनलाई उभ्याउँदा वा स्तरीय लाममा खडा गर्दा पनि उनले मेरो कदलाई समानान्तर हिसाबमा उभ्याएर भेट्ने र समतासम्म कायम गर्न सक्ने अवस्था म देख्तिनँ । फरक र असमान स्थितिलाई मिलाउन सक्ने स्थिति पनि म देख्तिनँ । जातीय दृष्टिकोणले उनी ज्यापू हुन् र म ज्यापुनी । तर मेरो रहनसहन, अध्ययन र विचारको स्तर उनीभन्दा धेरै नै भिन्न र फरक छ । कारण के भने उनी अनपढ हुन् र उनीसँग मान्छेको रूप मात्रै छ । उनले पढेका छैनन्, बुझेका छैनन् र आफ्नो सोचको स्तरलाई उचाल्न सकेका छैनन् । म कसरी उनीसँग दाँजिएर बसूँ ? ज्यापूजाति हुँदैमा सबै समान हुन्छन् र ? जातीयताले मात्र मान्छेको व्यवहार र स्तरलाई मिलान गर्न सक्तैन ।

मेरो घरका सबै व्यक्तिहरूको एउटै सोच के छ भने म विवाह गरेर लोग्नेको घर जाऊँ । मेरो पनि उनीहरूको भन्दा पृथक् सोच छैन । जीवनभर म बाबुआमाको घरमा रहूँ र अविवाहित नै जीवन गुजारा गरूँ भन्ने विचार

मेरो छैन । तर म विवश छु मेरो सोचलाई मूर्त रूपमा परिवर्तित गर्न । मेरा सबै यत्न र पूर्वप्रयत्नहरू माटोमा मिलिसकेका छन्, त्यो पनि राम्ररी बुझ्न सक्छु । तर त्यसो हुँदैमा म अनपढ, अल्लारे र मान्छेको रूप मात्र धारण गरेको मान्छेसँग अर्ध-अङ्ग जोडेर पूर्ण हुने कोसिस कसरी गरौँ ? लोग्ने र स्वास्नीको एकाकार रूप नै पूर्ण जीवन हो भन्ने हो भने त्यस्तो जोडिने वस्तुको स्तर पनि एकसमान हुनु जरुरी हुन्छ । असमान तत्त्वको मिलन भयो भने त्यो मिलन द्वन्द्वमा परिवर्तित हुन्छ ।

आमा भन्छिन् केही क्षणको मौनतालाई भङ्ग गर्दै – *हेर चकना ! भुइचा तिम्रा लागि बेठीक व्यक्तिचाहिँ होइन । कुरा बुझ्यौ ? त्यसैले ऊसँग गएर एकपटक कुरा गर्ने कोसिस गर । जाऊ ।*

आमाको स्पष्ट अभिव्यक्तिले मलाई केही अप्ठ्यारो लाग्यो । त्यो अभिव्यक्ति मलाई केही खल्लो र केही असान्दर्भिक पनि लाग्यो । मेरो मन नै नरमाइलो भयो । यति हुँदाहुँदै पनि उनको कुरामा प्रतिकार गर्ने मसँग कुनै ठोस आधार पनि छैन । म चुपचाप उनको कुरालाई अस्वीकार गरेर पनि मौन रहेकी हुँदा व्यवहारले स्वीकार गरेको देखियो । त्यसैले उनी आफ्नो पूर्वदृढतालाई अझ बल पुऱ्याउने हिसाबले मलाई भन्छिन् – *तिमी भाग्यमानी मान्छे हौ, किनभने भुइचाजस्तो राम्रो मान्छेले तिमीलाई मन पराएको छ । अब तिमी अरू नसोच । तिमी तल गएर राम्ररी कुरा गर । बरू तिमी कोठामा पुगेपछि बाजेलाई माथि बोलाइदिन्छु ।*

आमाको कुरा सुनेर मेरो होसहवास गुम भयो । उनको कुराको प्रतिकारमा केही बोल्ने ममा हिम्मत छैन र म केही बोल्दिनँ । उनी फेरि भन्छिन् – *हेर चकना ! तिमीले ऊसँग विवाह गर्ने स्वीकृति प्रदान गऱ्यौ भने तिम्रो भाइको पनि तुरुन्त विवाह हुन्छ । 'हिलेपुले' गर्ने हो । 'हिलेपुले' गर्ने भनेको तिमीलाई दिएपछि उसकी बहिनीको विवाह तिम्रो भाइसँग गराइदिने हो । यो साटासाट गर्ने चलनले दुवै घरको इज्जत, मान, सम्मान र आपसी मित्रता बढ्छ । हामी दुई पृथक् परिवार भए पनि वास्तवमा एकै हौँ भन्ने भावना जाग्छ अनि हामी र हाम्रो संयुक्तताबाट समाजमा एकता जाहेर हुन्छ । यसबाट समुदायमा हामी शक्तिवान् भएको कुरा मात्र जानकारी हुने होइन, वास्तवमा हामीभित्र शक्तिसञ्चय पनि हुन पुग्छ ।*

'आमाको कुरो बेठीक हो, यो कुरै नगरौँ' भन्न म सक्तिनँ, किनभने आमाको भनाइ समाजको चाहना हो र हाम्रो परिवारको बाध्यता । आधुनिकताको नाराले उब्जाएको विसङ्गति र परम्परागत मान्यताको बलियो पकडको धरातलमा बाँच्नुपर्ने हाम्रो समुदाय पनि सजिलै प्रगतिको नाउँमा आफूलाई परिवर्तन गर्न सक्तैन भन्ने कुरालाई मैले पनि राम्ररी बुझेकी छु । ओछ्यानको लम्बाइ हेरेर मात्र आफ्नो खुट्टा फैलाउनुपर्ने सत्यतालाई पनि मैले



सम्झेकी छु । तर यति धेरै कुरा बुझ्दाबुझ्दै र जान्दाजान्दै पनि आफूभित्रको 'स्व' लाई बिर्सिन सकिँदो रहेनछ । यो 'स्व' आफैँमा विशाल र विराट रहेछ ।

आमाले एउटा भाँडोमा योमह्री राखेर तल बाजे र भुइचालाई दिनका लागि मलाई अह्राइन् । मैले नाइँनास्ती गर्ने अवस्था थिएन । योमह्रीले भरिएको भाँडो लिएर बाजेको कोठामा जान म बाध्य भएँ र गएँ । बाजे र भुइचा दुवैजना मलाई देखेर दङ्ग परे । दुवैले मलाई हेरे । दुवैको अनुहारमा खुसी छाएको मैले टड्कारो देखेँ । मैले पनि उनीहरूको खुसीमा खुसी व्यक्त गर्दै उनीहरूका अगाडि योमह्रीको भाँडो राख्तै भनेँ – ***योमह्री तिमीहरूले खानैपर्छ । तिमीहरू घर पस्ता 'योमह्री चाकु ....' भन्ने बोल बोल्दै घरभित्र प्रवेश गरेका थियौ ।***

त्यसपछि हाँस्तै एउटा योमह्री मात्र स्वीकार गर्ने कुरा बाजेले व्यक्त गरे भने भुइचाले आधा मात्र । तर पनि दुवैको भागमा एक-एक योमह्री राखिदिएँ । उनीहरूले स्वाद लिँदै खाँदा मलाई पनि खुसी लाग्यो । आफूले बनाएको वस्तु अरू कसैले खाइदिँदा मलाई आनन्द लाग्छ । यसबाट मैले बनाएको वा तयार गरेको वस्तु ठीक रहेछ भन्ने आफूलाई यकिन हुन्छ ।

*योमह्री मीठो छ ।* – भुइचाको वाक्य फुट्यो । उनले योमह्री खाँदै त्यो कुरो भने ।

योमह्री खाने क्रममा उनले मलाई कर्के नजरले हेरे, त्यतिखेर नै मैले पनि उनलाई त्यसै गरी हेरेँ । दुवैको आँखा एक-आपसमा साटासाट भएको मैले टड्कारो अनुभव गरेँ । उनको हेराइमा एउटा विशेष वजन थियो, आशा थियो र आशाले भरिएको विश्वास थियो । उनले मेरो हेराइलाई कसरी ग्रहण गरे, त्यो मैले अनुमान गर्न नसके पनि कतिचाहिँ भन्न सक्छु भने उनको तृष्णामा थप बल प्रदान भएको थियो । बाजेलाई पटाएर साथमा आइपुगेका भुइचा केही दोषी भावले ग्रस्त पनि देखिन्थे । उनको आजको आगमन सहज थिएन । त्यो कुरा उनले पूर्ण रूपमा जानेका र बुझेकाले नै उनले केही बोल्ने हिम्मत गरिरहेका थिएनन् ।

गएको नवरात्रिमेलालाई सम्झँदै भुइचासँग मैले प्रश्न गरेँ – *तिमी कुन-कुन बाजा बजाउँछौ ?*

मतर्फ फर्कँदै मन्द मुस्कानका साथ उनले भने – *मुख्य रूपमा म धिमेबाजा बजाउँछु । त्यस्तै, बाँसुरी पनि बजाउँछु । अनि आवश्यकता पऱ्यो भने अन्य स-साना बाजाहरू पनि बजाउँछु ।*

*तिमीले बजाएको धिमेबाजा त सुनेकी छु ! राम्रै बजाउँदा रहेछौ ।*

*बाँसुरी पनि राम्ररी बजाउँछु । बाँसुरीचाहिँ समूहमा बजाउनुपर्ने भएकाले धिमेबाजाभन्दा केही हल्का नै हुन्छ ।*

*यी दुवै बाजामध्ये तिमीलाई कुन बाजा बजाउन सजिलो लाग्छ र कुन बाजा बजाउन मन लाग्छ ?*

*गाह्रो र सजिलोको हिसाबले हेर्दा उस्तै-उस्तै हो । धिमेबाजा हातले बजाउनुपर्छ र बाँसुरी ओठमा राखेर सासले बजाउनुपर्छ । मैले भनेँ नि समूहमा बाँसुरी बजाउँदाचाहिँ बीचबीचमा केही आराम गर्न मिल्छ ।*

भुइचासँग मैले यति कुरा गरेपछि भुइचाका साथै बाजे पनि दङ्ग परे । घरमा आएका पाहुना, मैले सत्कार गर्नुपर्ने मेरो संस्कृति हो, मैले बोल्दै नबोल्नु पनि भएन । त्यसै कारणले मैले बोलेर औपचारिकता निर्वाह गरेँ । तर उनीसँग मैले कुरा गर्न सक्ने पनि यति नै थियो । मैले कुरा गर्दा आमा पनि ढोकामा ओहोरदोहोर गर्दै थिइन् । उनी पनि सुनेर खुसी नै भइहोलिन् । मैले बाजेलाई रक्सी थप्ने बहानामा कन्ती उठाउँदै भनेँ – *अलिकति थपूँ कि ?*

मेरो कुरा झर्न नपाउँदै भुइचाले भने – ***आजै सबै खाइसक्नु त भएन नि !***

उनीहरूले रक्सी पुगेको इसारा गरे । म रक्सीको कन्ती बोकेर माथि भान्छातर्फ लागेँ ।

⃠



# सिल्ला

आज बाजेको 'जङ्को' हो । घरमा सबै उठिसकेका छन् । उज्यालो फुटेको छैन । बाजे बिहानको कार्यक्रमबाट फुर्सद पाउन खोलातर्फ हिँडिसकेका छन् । बा, आमा र भाइसमेत उठिसकेका छन् । सबै आ-आफ्नो काममा व्यस्त छन् । मलाई तरिमाकहाँ गएर 'जङ्को' का लागि चाहिने पूजाको सामग्रीबारे जानकारी लिएर तयार गर्नू भन्ने काम अह्राइएको छ । उज्यालो मिरमिर हुनेबित्तिकै तरिमाकहाँ जाने तरखरमा लागे पनि आफूलाई चाहिने हाकुपटासी र त्यससँग सुहाउने अन्य पोसाक पनि हतारहतार मिलाउँदैछु ।

बाजेलाई चाहिने नयाँ लुगा पनि मेरो नै जिम्मामा छ । दौरा-सुरुवाल, इस्टकोट, बाह्रहाते पटुकाको कपडा र आठहाते नैनसुतको फेटाको कपडा पनि नअलमलियोस् भनेर राम्ररी मिलाएर राखेकी छु । बाजे आज सतहत्तर वर्ष सात महिना र सात दिनका भएका छन् । आज उनलाई 'भीमरथारोहण' गराइन्छ र काललाई जितेको प्रतीकस्वरूप उनलाई पूजा गरिन्छ । त्यसपछि उनलाई रथमा राखिन्छ र दाजुभाइका परिवारसमेत मिली रथ तानेर रथयात्रा गराइन्छ । जीवनको उत्तरार्द्धमा गर्ने यो ठूलो उत्सव हो । कहावत नै के छ भने जङ्को गर्न पाउने मान्छे अत्यन्तै भाग्यमानी हो । हुन त बाजे भन्ने गर्छन् – ***हेर चकना ! तिमीहरूले मेरो पाँचपटक जङ्को गर्न पाउँछौ ।***

अर्थात् उनको दावा छ उनी एक सय वर्ष बाँच्छन् । तर अधिकांश मान्छेहरू मुस्किलले पहिलो जङ्को गर्न पाउँछन् । मान्छेको उमेरमा सतहत्तर, चौरासी, अठासी, बयान्नब्बे र उनान्सय वर्षमा जङ्को गर्ने प्रचलन छ । बाजेले आफ्नो स्वास्थ्यलाई ठीक ढङ्गले सम्हालेका हुँदा उनी उनैले भनेजति वर्ष बाँच्न पनि सक्छन् । आज उनको पहिलो जङ्कोको बिहान म ईश्वरसँग प्रार्थना गर्छु – उनी बाँचून् र हामीले उनको जङ्को पाँचपटक गर्न पाऊँ ।

यो जङ्कोको काममा भुइचाले राम्ररी सघाएका छन् । बाजेको दाहिने हात भएका छन् यसपटक उनी । जुनसुकै अप्ठ्यारो काम आइपऱ्यो भने भुइचालाई नै जिम्मा दिइने गरिएको छ । जुनसुकै काम पनि सरल ढङ्गले फत्ते गरेर उनी सबैका प्रिय बनेका छन् ।

दस दिनपहिले माघेसङ्क्रान्ति थियो । बिहानै बाजेसँग खोलामा भेटेर भुइचा घर आइपुगेका थिए । मैले बाजेसँग राखेर जाँड दिन खोज्दा उनले पिउन इन्कार गरे । उनको भनाइ थियो – माघेसङ्क्रान्तिको दिन घिउ, चाकु र तिलको लड्डु खानुपर्छ, जाँड होइन । कुरो उनको ठीक थियो । त्यो दिनको नाउँ नै 'घ्योचाकु सन्हु' हो । त्यस दिन घिउ, चाकु र तिलको सेवन गर्नुपर्ने

चलन चलिआएको छ । यसबाट स्वास्थ्यलाभ हुने भएकाले नै त्यो चलन चलिआएको हुनुपर्छ । माघेसङ्क्रान्तिलाई 'मकरसङ्क्रान्ति' पनि भन्ने गरिएको छ । सूर्य मकररेखाबाट झर्ने भनौँ वा सूर्यको सम्मुख भएको मकररेखाबाट पृथ्वी उठ्ने भएको हुँदा उत्तरी गोलार्द्धबाट जाडो कम हुँदै जाने र दिनको समय बढ्ने भएकाले पनि माघेसङ्क्रान्तिलाई चाडका रूपमा मनाउन थालिएको हो ।

त्यस दिन भुइचा बिहानभरि बसेका मात्र होइनन्, आधा दिनसम्मै बसेर बाजेलाई घाममा राखी उनले तेल पनि लगाइदिएका थिए । बाजेले वर्षको एकपटक माघेसङ्क्रान्तिका दिनमा घाममा बसेर शरीरभरि तोरीको तेल घस्ने गरेका छन् । त्यही प्रचलनअनुसार यसपटक भुइचाले बाजेको शरीरमा तेल घस्ने काममा सहयोग गरेका थिए । बाजेको कथन छ – माघेसङ्क्रान्तिमा घाममा बसेर तेल लगाउनुपर्छ । यसरी तेल लगाउँदा जीउमा गढेर बसेको सर्दी निस्कन्छ । वास्तवमा सङ्क्रान्तिको दिन तेल नलगाए पनि माघ महिनाभरि एक न एक दिन घाममा बसेर जीउमा तेल लगाउने चलन छ । तर बाजेले भने जस्तोसुकै कामको व्यस्तता भए पनि वा सहयोगी मान्छे नभए पनि आफ्नो नियमलाई छोडेका छैनन् ।

साँच्चै भनौँ भने यो माघ सुरु हुनुभन्दा केही दिनअघिदेखि नै हाम्रो घरमा जङ्कोका लागि आवश्यक सामग्री जुटाउन थालिएको हो । त्यसै समयदेखि एकै दिन नबिराएर भुइचा हाम्रो घरमा पस्ने गरेका छन् र काममा हात बाँडेका छन् । करिब दुई हप्ताअगाडिदेखि तयारीको काम सुरु भएको हो । हाम्रो परिवारभन्दा बाहिरका मान्छेमा तरिमा र भुइचा, यी दुईजना नै यस कामका मुख्य सहयोगी बनेका छन् । उनीहरूले कसरी आफ्नो सहयोगको हात बढाएका छन् भने पुग-नपुग र बिर्सेका कुराहरू उनीहरूलाई नसोधी नहुने अवस्था सिर्जना भएको छ ।

केही उज्यालो फुटेपछि तरिमाकहाँ जाऊँ भनेर म तल बाटोमा निस्किएँ । भुइचा हाम्रै घरमा आउँदै रहेछन् । जम्काभेट भयो । उनी मलाई देखेर झस्किएको भावमा मेरा सामु टक्क उभिए । त्यसरी उभिएको देखेर म पनि हिँड्न नसकी अलमलिएँ । दुवैको मुखामुख भयो । उनले हिम्मतका साथ सोधे – *यति सबेरै कहाँ जान लागेकी ?*

*तरिमाकहाँ ।*

*किन ? तरिमा आउँदिनन् र ? के काम छ, भन । म गइदिन्छु ।*

*होइन, मैले नै जानुपर्नेछ । स-सानो सामानका बारेमा जानकारी लिनुपर्नेछ । उनी आउन अबेर भइहाल्छ कि भनेर म आफैँ जान लागेकी ।*

*त्यसो भए ठीकै छ । मैले पनि तरिमाकहाँ गएर आजका बारेमा सोध्नुछ ।*



त्यति भनेर उनी मसँग नै बाटो लागे । सँगसँगै हाम्रा पाइला तरिमाको घरतर्फ बढ्न थाले । मेरो मनमा कौतूहल छ – म के बोलूँ ? यिनले केही बोले भने कसरी जवाफ दिऊँ ? प्रायः ठट्टा गर्ने मान्छे भएका हुँदा ठट्टा पो गर्ने हुन् कि ? होइन, ठट्टा गर्ने वातावरण यो होइन । बिहान सबेरै छ । कामको चटारोले गर्दा कुनै व्यङ्ग्यविनोद प्रवेश हुन नसक्ने पनि स्पष्ट छ । यस्तो कामको समयमा कुनै गम्भीर कुराकानी पनि हुँदैन । कुनै पनि गम्भीर कुरा गर्नलाई समय, वातावरण र विषय मिल्नुपर्छ । हतारको समयमा गरिने कुनै कुराले गम्भीरता ग्रहण गर्न सक्तैन र विषय गम्भीर पनि हुन सक्तैन । त्यसो भए यिनले के कुरा गर्लान् त ? कसरी कुराको सुरुवात हुन्छ त ? यस्तै सोचसँगै चुपचाप उनको पाइलाकै चालमा म हिँडिरहेकी छु ।

*चकना ! तिमीलाई सन्चै त छ ?* – मतर्फ फर्कदै एक्कासि उनी सोध्न पुग्छन् मेरो स्वास्थ्यका बारेमा । उनी हिजो साँझसम्म हामीकहाँ छन् । उनीसँग काम गरेकी नै हुँ र यतिखेर उनीसँगै हिँडिरहेकी पनि छु । अब उनले सोधेको जवाफमा म के प्रतिक्रिया जनाऊँ ? किन यिनले तुकरहित प्रश्न गरेका हुन्, मैले बुझ्न सकिनँ । 'अँ, सन्चै छ' भन्ने वाक्यबाहेक म यस प्रश्नको उत्तर अरू के दिन सक्छु र ? सन्चै भएको शरीरलाई फेरि सन्चै छ भन्नु ठीक होला ? हुन त प्रश्नको उत्तरका रूपमा चुप रहनु पनि त 'सन्चै छ' भन्नु नै हो । 'सन्चै छ' भनेर बोलि नै रहनु किन पर्‍यो ? त्यसैले म नबोलीकनै मौनताको सहमति प्रकट गर्छु ।

*होइन, सन्चो छैन कि तिमीलाई ?* – उनी पूरक प्रश्न गर्छन् मसँग । शरीर सन्चो भएको त देखेकै छन् । उनीसँगसँगै हिँडिरहेकी छु । यिनले के मेरो मनको सन्चो वा बिसन्चो सोधेका हुन् त ? मन बिसन्चो नभए पनि मान्छेले 'सन्चो छ' भन्ने गर्छन् र सुन्नेले पनि बिसन्चो भएको कुरो सुन्न चाहँदैनन् । मनको सन्चो र बिसन्चो कसैले देख्ने कुरा होइन, यो त बुझ्ने मात्र हो । बुझ्ने कुरालाई बुझाउन 'सन्चै छ' वा 'बिसन्चो छ' भनेर बुझाउन पनि सकिन्न । त्यसैले उनका दुवै प्रश्नको प्रतिक्रियास्वरूप म उनलाई नै प्रतिप्रश्न गर्छु – *तिमीलाई कस्तो छ ?*

मेरो प्रश्नले भुइचा अकमकिन्छन् र दुई पाइला अगाडि बढ्दा-नबढ्दै जवाफ दिन्छन् – *राम्रै छ ।*

उनले मेरो प्रश्नको जस्ताको तस्तै जवाफ दिएर आफूलाई र आफ्नो शरीरलाई राम्रो भएको देखाए । मैले भने उनको प्रश्नको उत्तर नदिएर आफूभित्र भएको कमजोरी प्रदर्शन गरेँ । कुनै समयमा नबोल्नु शक्ति सञ्चय गर्नु हो भने कुनै समयमा शक्ति क्षीण हुँदै गएको छ भन्ने देखाउनु पनि हो । यतिखेर बोल्दा ठीक वा बेठीक छुट्याउन नसकेकी हुँदा नबोलेकी पनि हुँ म । यिनी मसँग मनको कुरा गर्न चाहन्छन् । यिनले अहिलेसम्म मसँग खुलेर कुरा

गरेका छैनन्, मलाई केही भनेका छैनन् । तर वातावरण भने कति राम्रो तयार गरिसकेका छन् भने सबै यिनकै पक्षमा वकालत गर्न तयार भएर बसेका छन् । बाजेले मुख फोरेर नभने पनि बाजेका सबै क्रियाकलाप र मौका तयार पार्ने कार्यले मसम्म राम्रै सूचना प्रवाह गर्न समर्थ भएको छ । बाले केही नभने पनि यिनीप्रतिको सकारात्मक व्यवहारले मलाई राम्रै सङ्केत प्राप्त भएको छ । भाइले पनि यिनीबाट स्नेह पाएको हुँदा भाइको यिनीप्रति आकर्षण बढेको मैले देखेकी छु । बाँकी आमा हुन्, आमाले त मेरा सामु धेरैपटक खुलेरै यिनका बारेमा मसँग स्पष्ट रूपमा उनको आशय व्यक्त गरिसकेकी छन् ।

यिनले बुनेको जालको कडीका रूपमा मेरो परिवारका सदस्यहरू फसेको मैले टड्कारै देखेँ । इष्टमित्रहरू पनि त्यही जालको कडी भएर जाल बुनिँदै फैलिएका हुन सक्छन् । यसरी सबैलाई समेटेर बुनिएको जाल जुन दिन फैलिन्छ, त्यो दिन म फस्छु भन्ने मलाई लाग्यो । यस सम्झनाले मनाई भयभीत बनायो । मनमा त्रास, आशङ्का र भयले एकैपटक गाँज्यो । म यिनले फैलाएको जालमा फसिसकेँ भन्ने लाग्यो । मन र शरीर दुवै काँपेको अनुभव गरेँ । अब मलाई उनीसँग डर पैदा भयो । म कमजोर र शिथिल देखिएँ भने उनलाई मैले शक्तिवान् र विशाल काया भएका पुरुष देख्न थालेँ । मनमा यस्तै अनेक आशङ्का पैदा भइरहेकै समयमा उनलाई हेर्दै नहेरी आफ्नो कुरो राखेँ – *भुइ ! तिमीले के चाहेका हौ ?*

एक्कासि मेरो प्रश्न सुनेर उनले आत्तिएको स्वरमा भने – *होइन, मैले तिमीबाट केही चाहेको छैन । किन यसरी प्रश्न गर्‍यौ ?*

अलि ठूलो स्वरमा मैले भनेँ – *तिम्रो हिजोआजको व्यवहार देखेर यो प्रश्न गर्नुपर्ने अवस्था आयो । साँच्चि भन, तिमी के चाहन्छौ ?*

*होइन-होइन, तिमीबाट मैले केही चाहेको छैन । यसरी ठूलो स्वरले नबोल न, मलाई डर लाग्छ ।*

भीमकाय र शक्तिवान् पुरुष देखिएका उनी फेरि साधारण 'भुइचा' नै देखिए मबाट । मेरो एकै बोलीमा डराउँदा रहेछन् । ठीकै लाग्यो । म भयभीत कुन कारणले भएकी थिएँ भने उनको जालसाँजीबाट म उम्कन पाउँदिनँ र मैले उनको मुठीभित्र पिसिनुपर्नेछ । म उनीसँग मधुर स्वरमा आफ्नो कुरो राख्छु – *मैले के भनेँ र तिमी डराउनुपर्ने ? तिमी राम्ररी भन न तिमीले भन्न चाहेको कुरो । के भन्नुछ, भन ।*

*भन्नु त धेरै छ । तिमी पढेलेखेकी, म अनपढ छु । म तिमीसँग आफ्नो मनको कुरा मिलाएर भन्न सक्तिनँ, माफ गर ।* – उनी शिरलाई बाटोतर्फ निहुराउँदै बिस्तारै भन्छन् – *म तिमीसँग धेरै-धेरै कुरा गर्न चाहन्छु ।*

कुरा उनले नगरे पनि मैले बुझेकी छु । उनले केही भन्नुपर्ने आवश्यकता देख्तिनँ म । वातावरणमै उनले भन्ने कुरा छाइसकेको मैले देख्न



थालिसकेँ । परिवार, समाज, समय र प्रकृति नै उनको पक्षमा रहेको अनुभव पनि गरिसकेँ । 'म अनपढ छु' भनेर मेरा अगाडि बुद्धिमत्तापूर्ण कुरा उनले राखिसके । मलाई लाग्छ 'पढ्नु' र 'पर्नु' एकैजस्तो हो । पढेका मान्छे मूर्ख हुन सक्छन् भने परेका मान्छे पढेका मान्छेभन्दा बुद्धिमान् हुन सक्छन् । कसैले किताबी ज्ञान हासिल गर्छन् भने कोही व्यावहारिक ज्ञान हासिल गरेर समाजमा स्थापित हुन सक्छन् । पढ्नु र नपढ्नु त्यति महत्त्वपूर्ण रहेनछ जीवनयापनका लागि । मनमनै सोचेँ – जो स्पष्ट छ त्यो राम्रो हुन्छ, जो अस्पष्ट छ, त्यो कपटी र नराम्रो हुन्छ ।

हामी तरिमाको घरको ढोकामा पुगिसक्यौँ । तरिमा उठिसकेकी रहिछन् । ढोकाको अगाडि 'पिँकालुखु' को पूजा गरिसकिएको रहेछ । हाम्रो समुदायमा दैलोका अगाडि क्षेत्रपालका रूपमा 'कुमार' को पूजा गर्ने चलन छ । तर समुदायका सदस्यहरूमा सबैले गर्दैनन् । जसले गर्छन्, नियमित गर्ने गरेका छन् । हाम्रो टोलमा हामीलगायत प्रायः सबैले यस्तो क्षेत्रपालको पूजा गर्ने गरेका छौँ ।

हामी दुवै तरिमाको कोठामा पुग्यौँ । हामीलाई देखेर तरिमा अचम्ममा परे र भने – *तिमीहरू दुईजना तल यहीँ ढोकामा भेटिएका हौ ?*

*होइन, हामी सँगसँगै भाजुलाल बाजेको घरबाट नै आएका हौँ । चकना यहाँ आउन लागेकी रहिछन् । उनको साथी भएर म आएको हुँ ।*

*हो ? खुसी लाग्यो । यस्तै साथी भएर सधैँ सँगै हिँड्नू ।*

हिसीमाया भनूँ वा तरिमा, यिनको चलाकीपूर्ण कुराले मलाई फेरि झड्का दियो । भुइचाको जालमा म बिस्तारै फस्तै गएछु भन्ने पुष्टि मिलेको पाएँ मैले । तरिमाले स्पष्ट रूपमा बोलेको कुरालाई अर्को कोणले विचार गर्नुपर्ने आवश्यकता नै देखिनँ । तरिमाको आशय रहेछ मेरो जीवनमा भुइचाले प्रवेश पाओस् ।

तरिमासँगको हाम्रो उठबस, व्यवहार र सम्बन्धका आधारमा म तरिमाको अत्यन्तै नजिककी छोरी हुँ । मलाई यिनले जीवनमा चाहिने आवश्यक शिक्षा र व्यावहारिक ज्ञान यथेष्ट मात्रामा प्रदान गरेकी छन् । यस हिसाबले हेर्दा यिनी मेरी गुरु हुन् । मैले इतिहास र संस्कृतिको किताबी ज्ञान महाविद्यालयमा पाएँ भने व्यावहारिक ज्ञान यिनैबाट प्राप्त गरेँ । इतिहासको प्रत्यक्ष दर्शन र संस्कृतिका अनेक पक्षको अभ्यास यिनीसँग नै गर्ने मौका पाएँ । तरिमा अग्रज र अभिभावक हुन् मेरा लागि । यसरी मैले हृदयदेखि नै मानिआएकी तरिमाले नै भुइचाको पक्षमा कुरा गर्न थालेपछि म नतमस्तक भएँ ।

अब म दोधारमा परेँ । कुन धार मैले समाउनुपर्ने हो ? कुन बाटो मेरो अन्तिम गन्तव्य हो ? कस्तो निर्णयले मेरो सुन्दर भविष्य निश्चय गर्छ ? म

निर्णयको विन्दुमा पुगेर पनि अनिर्णयको बन्दी हुन पुगेकीले कुन निर्णय लिनुपर्ने हो ? मलाई कसले छुट्कारा प्रदान गर्छ र स्वतन्त्र रूपले निर्णय लिन सघाउँछ ? मेरो मनभित्र सुख्खा किनारमा समुद्री छाल उर्लिएर आएजस्तो गरी खुलदुली पैदा हुन्छ र म पसिनाले भिज्न पुग्छु । म सोचमग्न भएर यसै उभिएर बसेकी छु तरिमाको कोठामा । अनायास म सम्झन पुग्छु शिवजुजुलाई । हो, उनी मलाई बन्दीगृहबाट छुट्कारा दिन सक्छन् स्वतन्त्र रूपले हिँडडुल गर्न पाउने गरी । हो, उनैले मात्र स्वतन्त्रता प्रदान गर्न सक्छन् आत्मनिर्णय गर्न पाउने गरी ।

*तिमी किन आएकी त ?*

तरिमाको प्रश्नको उत्तरमा मैले आफू आउनुको कारण बताएँ । जङ्गोको साइत दिउँसो छ भन्ने कुरा पनि बताएँ । तरिमाले हामीसँगै जाने कुरा गरिन् । उनको घरमा भएको केही सामान झिकिन्, भुइचालाई समाउन लगाइन् र आफूले पनि केही सामान झोलामा बोकिन् । कोठाबाट बाहिर निस्कने तरखर गर्दागर्दै तरिमाले भनिहालिन् – ***चकना ! तिमीले बुझ्यौ, भुइचा सुहाउँदो छ । उमेर र जीउडाल मात्र होइन, तिमीहरू दुवैको रङ्ग पनि मिलेको छ । दुवैको गोरो छाला हुनु र कद पनि मिल्नु पनि संयोग हो ।***

कुरा सुनेर भुइचा लजाउँछन् । म उनको परिवर्तित मुहारलाई हेर्न पुग्छु । म पनि अलि अप्ठ्यारो भएको महसुस गर्छु । दुवैलाई तरिमाले नियालिरहेकी छन् । हामीमा आएको नजानिँदो परिवर्तनलाई तरिमाले पढिसकेकी छन् । म तरिमाको अनुहारलाई हेर्न पुग्छु । उनी मन्द रूपमा मुस्कुराउँदै मेरो कुममा हात राख्तै भन्छिन् – ***तिमी निर्णय गर्न ढीलो नगर । मैले तिमीलाई बुझेकी छु । तिमी बुद्धिमान् छ्यौ भन्ने मलाई विश्वास छ र तिमीहरूको भविष्य उज्ज्वल हुनेछ ।***

तरिमाले कुरा टुङ्ग्याइन् । मलाई थाहा छ अब यस निर्णयलाई उनी बदल्दिनन् । उनको यस निर्णयलाई मेरो परिवारका सबै सदस्यले अक्षरशः पालना गर्छन् । अब मेरो निर्णयले मेरो जीवन अर्केतर्फ मोडिन्छ । तर त्यस मोडबाट पहिल्याउने बाटो कति कष्टप्रद वा सुगम छ भन्ने मेरो अनुमानको पाटोमा उपस्थित देखिँदैन । एकले सुगम देखेको पथ अर्कालाई हिँड्दा दुर्गम पनि लाग्न सक्छ । म कसरी अनुमान गरौँ, मेरो भविष्यको राजपथ खुला, सफा र सुगम छ अनि पुग्ने गन्तव्य पवित्र, स्वच्छ र सुन्दर छ ।

बलेको अगुल्टोबाट मार खाएकी म कुनै पनि त्यस्तो उज्यालो वस्तुबाट उतर्सिने गर्छु । एक पटकको निर्णयले जन्माएको विश्वास नै हराउनुपरेको मबाट अर्को विश्वास त्यति सजिलै जन्मन सक्छ जस्तो मलाई लाग्दैन । तर समय, परिस्थिति र वातावरणले मलाई जोडसँग घचघच्याइरहेछ । विश्वास र अविश्वासको मझधारबाट उत्रिएर किनारा लाग्न मलाई सङ्केत आइरहेछ ।



पुरानो व्यथालाई चटक्कै बिर्सिएर नयाँ तरिकाबाट जीवनको नयाँ कथा कार्न मभित्रबाट निर्देश भइरहेछ ।

यतिखेर तरिमाको कोठाबाट तल झरिसकेका छौँ हामी । तरिमाको घरबाहिरको बाटोमा आएर मैले तरिमालाई भनेँ – ***तरिमा ! तिमीहरू घर जाऊ, म एकजना साथीलाई भेटेर आउँछु ।***

***हुन्छ, तर चाँडो आऊ । आज घरमा त्यत्रो कार्यक्रम छ ।***

तरिमा त्यति भन्दै भुइचासँग मेरो घरतर्फ लाग्छिन् र म शिवजुजुलाई भेट्न मन्दिरतर्फ जान्छु, जहाँ उनी बिहानको पूजा गर्न आउँछन् ।

जीवन चलाउन परिवार, व्यवहार, शरीर र मनले मात्र सक्तो रहेनछ । जीवन त भावनाले चलाउने रहेछ । शिवजुजु मेरो नातामा कोही होइनन् । उनको परिवार र मेरो परिवारले हाम्रो सम्बन्धलाई मान्यता दिएका छैनन् । व्यवहारले स्वीकार गरेको छैन । मन भाँडिइसकेको छ र शरीरले छुट्कारा पाइसकेको छ । उनले स्पष्ट भनि पनि सकेका छन् – उनी विवश छन् र मलाई स्वीकार्न सक्तैनन् । तर पनि मेरो मनोदशाले निश्चय गरिरहेको छैन उनी मबाट अलग भइसके र मैले एक्लो भएको महसुस गर्नुपर्छ । मलाई थाहा छ उनले त्यही कुरा दोहोऱ्याउनेछन् जुन कुरा गएको विजयादशमीको दिन उनले मलाई भनेका थिए । यो कुरो जान्दाजान्दै र बुझ्दाबुझ्दै पनि एकपटक फेरि उनको निर्णय सुन्ने अभिप्राय मनमा जागेको छ । मभित्र बसेर मलाई शासन गर्नेको तुष्टीकरणका लागि मेरो पाइला त्यसतर्फ अग्रसर भएको हो यसपटक ।

म मन्दिरमा पुग्छु । शिवजुजु मन्दिरभित्र पूजा गर्दै रहेछन् । म मन्दिरको ढोकामा पुग्नुअगावै मन्दिरबाहिर भएको घण्ट बजाएँ मैले । प्रायः दर्शनार्थी नआउने त्यस मन्दिरमा घण्ट बजाएपछि दर्शनार्थी आएका छन् भन्ने कुरा भित्र पूजा गर्ने पुजारीलाई जानकारी हुन्छ । मैले ढोकामा पुगेर शिवभगवान्लाई हात जोडेँ । पुजारी रूपका शिवले मलाई पुलुक्क हेरे । हामी दुवैका आँखा जुधे । उनले हतारिएर पूजा सक्न खोजे । मेरो उपस्थितिले उनलाई असहज बनाउँछ, छटपटी पैदा गराउँछ र मनभित्र त्रास उब्जाउँछ । अनि उनी एकान्त खोजी गर्न उद्यत हुन्छन् । यतिखेर पूजाले भन्दा मेरो उपस्थितिले उनको ध्यान खिचेको छ । एक हातमा घण्ट र अर्को हातमा डमरु लिएर दुवै घण्ट र डमरु बजाउँदै गरे पनि क्षणक्षणमा उनले मतर्फ हेर्न भुलेका छैनन् । जब मतर्फ उनको नजर आउँछ, त्यस क्षण घण्ट र डमरुको आवाजमा अवरोध पैदा हुन्छ । उनी सम्हालिँदै घण्ट र डमरुको आवाजलाई एकरूपता प्रदान गर्न प्रयत्नशील रहन्छन् । घण्ट र डमरुको सङ्गीतमय ध्वनि श्रवण गराइसकेपछि शङ्खघोष गरेर उनी पूजालाई समापन गर्छन् । आरतीका रूपमा बलेको दियो-बत्ती भगवान्लाई अर्पण गर्दै आँखामा स्पर्श गर्छन् र सो दियो-बत्ती म

उभिएको ठाउँमा ल्याई मलाई पनि ज्योतिको दर्शन गराउँछन् । म त्यस ज्योतिलाई भगवान्मा अर्पण गर्दै दुवै हातले आँखामा स्पर्श गरेर भगवान्प्रति सद्भाव चढाउँछु ।

त्यही ढोकाको छेउमा उभिएर उनी सोध्छन् – ***चकना ! तिमी के भन्न आयौ ?***

उनी ढोकाबाट बाहिर निस्कँदैनन् । कुनै दर्शनार्थी आए भने उनी पुजारी र म दर्शनार्थी हुने हुँदा त्यहीँ बसेर कुरा सुरु गर्छन् । म उनलाई भुइचाका बारेमा बताउँछु । उनी अनपढ भएको र साधारण खेतीपाती गर्ने व्यक्ति भएको कुरा पनि स्पष्ट गर्छु । उनी मेरो कुरा विस्तृत रूपमा सुनेपछि कुनै कुराको जवाफ दिन उत्साहित देखिँदैनन् । कुरा सुनेर बरु उनी भित्रभित्रै आन्दोलित भएको कुरा उनको आँखाले व्यक्त गरेको म पढ्न सक्छु । उनी आफ्नै पूर्वनिर्णय र कार्यले बुनेको जन्जालमा फसे र मलाई पनि फसाए । सायद यही पश्चात्तापको भुमरीमा डुबुल्की मार्न व्यस्त भएका कारण उनले कुनै कुराको थालनी गर्न नसकेका हुन् कि भन्ने मलाई लाग्न थाल्यो । उनी कुनै कुरा बोलेर राहत दिन सक्छन् मलाई । मेरो भविष्यको बाटो प्रशस्त गर्न छुट्कारा दिन सक्छन् मलाई । म यतिखेर बाँधिएकी छु उनको सम्झनामा, जेलिएकी छु उनको व्यवहारमा र फसेकी छु उनको कर्तव्यजालमा ।

***मैले निर्णय गर्नुपर्ने अवस्था आइसक्यो । मेरो उमेर र विगतलाई म ढाँट्न सक्तिनँ । सक्तिनँ जीवनभर झुन्डिएर घण्टको लङ्गुरजस्तो भएर बाँच्न पनि । भन, म के गरूँ ?*** – म अलि कडा स्वरका साथ प्रस्तुत हुँदै उनको कुम समाउन पुग्छु । उनी मेरो अनुहारलाई हेर्दै र नियाल्दै केही निहुरिएर बसेका छन् । मेरो अवस्थासँग पूर्ण जानकार भए पनि उनले मलाई अर्काकी भएको देख्न नचाहेका हुँदा उनी केही बोल्न सकिरहेका छैनन् भन्ने कुरा पनि मैले बुझेकी छु । तर म उनको अन्तिम वचन नलिई अर्कोलाई वचन दिन पनि सक्तिनँ । यो मेरो बाध्यतालाई उनले बुझ्न सक्नुपर्ने हो ।

उनको कुममा रहेको मेरो दाहिने हातको पञ्जालाई फिँजाएर बलपूर्वक अँठ्याउँदै फेरि उनलाई म बोल्न आग्रह गर्छु – ***बोल न शिवजुजु ! म के गरूँ ?***

मैले ढोकाबाहिरबाट हात बढाएर उनको कुममा समाउन पुगेकी हुँ । लामो समयसम्म उनको कुमलाई हातको पञ्जाभित्र म राख्न सक्तिनथेँ । त्यसैले उनलाई बाहिर आउन आग्रह गरेँ । तब उनी ढोकाको सँघारमा आएर मसँग नजिकिए । यतिखेर मेरा आँखामा आँसु भरिइसकेको छ । उनको सकारात्मक वा नकारात्मक वाक्यको प्रतीक्षामा आँखाभरि भएर रहेको आँसु उनको वाक्य फुट्नेबित्तिकै झर्न तयार भइसकेको छ । उनले मेरो आँखामा हेरेपछि उनको आँखामा पनि त्यसै गरी आँसु भरिन थाल्यो । अब मलाई बलपूर्वक वा ठूलो स्वरले उनका सामु कुनै प्रश्न राख्न मन लागेन । म पनि



उनीजस्तै लाटिएर उनका शरीरका प्रत्येक भागलाई नियाल्दै रहेँ । उनले पनि त्यसै गरे ।

***चकना ! तिमी मलाई माफ गर !***

यति भन्न पनि नपाउँदै उनका दुवै आँखाबाट आँसुका धारा बग्न थाले । लामो समयदेखि रोकिएर रहेको मेरो आँसु पनि मेरा गाला र चिउँडो भिजाउँदै बर्सन थाले । आँसुको भलले आँखा छोपिएका हुँदा मैले उनलाई राम्ररी देख्न छाडेँ । झन् मलाई आत्तेस लाग्यो उनलाई पो केही हुने हो कि भन्ने । मेरो हातले उनको गाला स्पर्श गर्न पुग्यो भने उनको हातका औँला मेरो आँखाका आँसु पुछ्न सलबलाउन थाले ।

मधुर तथा रुन्चे स्वरमा उनले भने – ***दुःख नमान, जीवन यस्तै हो ! बिर्सन गाह्रो हुने रहेछ । मनलाई बाँधेर मलाई बिर्सने कोसिस गर र म पनि त्यसै गर्ने प्रयत्न गर्छु ।***

म अब केही बोल्न सक्ने स्थितिमा छैन । अविरल मेरो आँसु बहिरहेको छ । उनलाई अँगालोमा हालेर रुन मन लागे पनि यतिखेर म उनको शरीरलाई छुन मलाई मेरै मनले रोकेको छ । त्यस्तै, उनले पनि मलाई अँगालोमा गाँज्ने हिम्मत गरेका छैनन् । दुवै आमने-सामने उभिएर आ-आफ्नो दर्दलाई सधैँका लागि राहत दिन भित्रैदेखि प्रयत्नशील हुँदै पश्चात्तापको प्रदर्शन गरिरहेका छौँ ।

***चकना ! तिमी स्वतन्त्र छ्यौ आफ्नो जीवनको बाटो तय गर्न ।*** – उनी मन्द बोलीमा मलाई बन्धनमुक्त गर्ने वाक्य बोल्छन् । म त्यो वाक्य सुनेर खुसी हुन सक्तिनँ । एक्कासि मलाई हिक्का छुट्छ । आँसुजस्तै स्वासबाट निस्कने यो हिक्काले भित्रको व्यथालाई शान्त गर्छ । दुखेको मनले उत्पादन गरेको हावा र पानी दुवै आँसु र हिक्काको साथमा निस्कन थालेपछि मन शान्त, शीतल र हल्का हुन्छ । त्यसैले यसलाई म छुट्न दिन्छु । यसको अवधि लम्बिँदै गएपछि म लामो सास फेर्छु र आफूलाई सम्हाल्न खोज्छु ।

उनी सम्हालिँदै प्रायश्चित्त बोल्छन् – ***चकना ! म अपराधी हुँ । मलाई माफ गर ।***

यसभन्दा बढी मैले सुन्नु छैन । मन्दिरमा रहेका शिवलाई मनमनै प्रणाम गर्छु र शिवजुजुको अनुहार र शरीरलाई समेत नहेरी फरक्क फर्केर मन्दिरपरिसरबाट बाहिरिन्छु । उनले पनि मलाई केही भन्ने हिम्मत गरेनन् र मैले पनि फर्केर हेरिनँ । म आफ्नो गन्तव्यतर्फ लागेँ ।

जतिजति पाइला बढ्दै जान्छ, उतिउति नै केही क्षणअघिका घटना छायामा पर्दै जान थालेका छन् । मैले आफ्नो जीवनलाई नयाँ ढङ्गले प्रस्तुत गर्नुछ, आफ्नै जातीय व्यवहारमा घुलमिल हुनुछ, आफ्नै संस्कृति अपनाएर रमाउनुछ र आफ्नै समुदायको हित र उत्थानका लागि समर्पित रहनुछ । यस्तै सोचका लहरहरू मस्तिष्कमा लहरिन थाले । केही आनन्दको अनुभूति भित्रैबाट

टुसाउन थालेजस्तो लाग्यो । सम्झँदै जाँदा मन र शरीर दुवै रोमाञ्चित हुन थाले ।

घर पुग्ने समयमा भुइचासँग भेट भयो । उनी कुनै सामान लिन जाँदै गरेको प्रतीत भयो मलाई । किनभने उनी हत्तारिएर लम्कँदै थिए । उनले मलाई देख्नेबित्तिकै मेरो नजिकै आएर भनिहाले – *चकना ! तिमी कहाँ गएकी हौ भनेर आमाले खोज्दैछिन् तिमीलाई ।*

हो, भुइचा ठीक भन्दैछन् । आज कामको दिनमा एक घन्टाभन्दा बढी अलमलिएँ । आमाले मलाई तरिमाकहाँ पठाएकी थिइन् । तरिमा गएको घन्टौं भइसक्यो, तर म गायब । 'कुनै बहाना गर्नुपर्ला', मनमा यस्तो उब्जियो ।

भुइचा टक्क उभिएका छन् मेरा सामु एउटा विशाल पहाड उभिएजस्तो, ज्यापूजातिको धरोहर उभिएजस्तो । उनी मभन्दा अग्ला छन् । वजन पनि करिब मेरो दोब्बर होला । मांसपिण्डले कसिएका पाखुरा र कम्मरबाट उठ्तै गएको चौडा छातीले उनको व्यक्तित्वलाई जलप प्रदान गरेको छ । गोरो र हँसिलो चेहराले उनलाई रङ्गमञ्चको नायकका रूपमा उभ्याएको छ । हेर्दाहेर्दै म उनलाई वैभवयुक्त सम्पन्न व्यक्ति देख्छु, सुन्दर रूपयुक्त अनुपम पुरुष देख्छु र पुरुषार्थले भरिपूर्ण सिङ्गो एउटा समाजनायक देख्छु । तर उनको सरलता र सहकर्मी प्रकृतिलाई हेर्ने हो भने उनी एक सरल सहयोगी मात्र देखिन्छन्, जसलाई हाम्रो बोलचालको भाषामा सेवक भनिन्छ ।

उनको भनाइमा म कुनै जवाफ दिन्नँ र दिनुपर्ने आवश्यकता पनि देख्तिनँ । तर त्यसो भनेर उनलाई पन्छाएर वा छलेर अघि बढ्न पनि सक्तिनँ । उनी मेरो रूपलाई र म उनको शारीरिक बनोटलाई हेरिरहेछौँ, हेरेर थाकेका छैनौँ । मैले सूक्ष्म तरिकाले उनको शरीरको गठनलाई हेरेँ, छाला र शरीरको बनोटलाई हेरेँ, उनको सिङ्गो शरीर र अनुहारमा रहेका एक-एक अङ्गलाई हेरेँ र त्यस अङ्गबाट सम्प्रेषित हुने तेजको मुस्लोलाई आफूभित्र प्रवेश गराई अनुभव गरेँ । साँच्चिकै तेजोमय पुरुष पाएँ उनलाई । कति क्रियाशील, कति होनहार र कति शक्तिवान् उनी । मलाई लाग्छ, उनीभित्र प्रवेश गर्नु नै पर्दैन, उनको बाहिरी शरीरको गठबन्धन, हँसिलो चेहरा र क्रियाशीलतालाई मात्र हेरे पुग्छ । म मेरो मनोभावलाई कुनै पनि हिसाबमा व्यक्त गर्नुपर्ने देख्तिनँ । अन्तरहृदयमा उनको व्यक्तित्वको उच्च मूल्याङ्कन गर्न नै म व्यस्त रहन्छु ।

म कतै अलमलिएकी छु अन्तैतिर आफ्नै बारेमा हेर्दै, बुझ्दै र अनुभव गर्दै । आफैँसँग हराएर म कसैसँग भविष्यको सपना साँच्न व्यस्त छु । भुइचालाई हेर्ने हिजोसम्मको दृष्टिकोणमा एकाएक फरक आएकोमा आफैँलाई अचम्म लागेको छ । म उनलाई बिस्तारै सोध्छु – *तिमी कहाँ जान लागेका ?*

*बाजेलाई भरे रथारोहण गराउन खट लिन जान लागेको हुँ । सानो खटलाई ससाना पाङ्ग्रा हालेर रथ बनाइएको छ । त्यही रथरूपी खट लिएर आउँछु ।*



*हुन्छ, चाँडै आऊ ।* – उनी कतै नअलमलिऊन् भन्ने विचार आयो मनमा ।

उनी आफ्नो काममा गए र म घरतर्फ लागेँ । घरमा मान्छेको चाप बढिसकेको रहेछ । सबैले मलाई खोजेको जानकारी पाएँ । किनभने म घरको मूल ढोकामा पुग्नेबित्तिकै 'चकना आइन्' भन्ने आवाज सुनेँ । किसीसँग ढोकामा नै भेट भयो । उनले भने – *जोगमाया तिम्रो कोठामा बसेकी छन् ।*

जोगमाया मेरी सहेली हुन् । उनलाई मेरो बारेका प्रायः सबै कुरा थाहा छ । कोठामा एक्लै रहिछन् । जानेबित्तिकै उनलाई शिवजुजुकहाँ गएर आएको कुरा बताएँ । तरिमाको घरबाट सोझै उता जानुपरेको कारण बताएँ । उनले सुनिन् र बुझिन् पनि । उनले मलाई यति नै भनिन् – *ठीक छ चकना तिमीले आज गरेको तोडफोड । अब तिमी उसबाट धर्मफराक भयौ र ऊ पनि तिमीबाट । तिमीहरूबीचको प्रेमको गहिराइ यसैबाट बुझियो । तिम्रो भविष्यको निर्णय तिम्रै हातमा छ ।*

जोगमायाको आशय मैले पहिले नै बुझेकी थिएँ । परजातिको मान्छेबाट मार खाएकी जोगमाया जहिले पनि स्वजातिको वकालत गर्थिन् र जोड दिएर भन्थिन् – वैवाहिक सम्बन्ध स्वजातिमै हुँदा जीवन कल्याणकारी हुन्छ । त्यो कुरो मैले धेरै पछि आएर मात्र बुझ्न सकेँ । युवा अवस्थामा कसैले पनि यति गम्भीरतापूर्वक सोच्न सक्तैन र सोच्तैनन् पनि । वैवाहिक जीवनका लागि युवा अवस्थामा लिएको निर्णयले प्रायः 'असफल' नतिजा दिएको छ हाम्रो समाजमा । परिपक्व र अपरिपक्व युवा अवस्थाले पनि निर्णयमा फरक पार्छ भन्ने कुरा आफैँले भोगेकी छु, अन्य साथीहरूको पनि देखेकी छु ।

जोगमायाले जङ्गो-कार्यक्रमका बारेमा जानकारी लिन सोधिन् – *आज के-के हुन्छ ?*

*आज बाजे भाजुलालको पहिलो जङ्गो हो । यसलाई भीमरथारोहण पनि भनिन्छ । भीमरथारोहणको अर्थ हो कालको काँधमा चढ्नु अर्थात् काललाई जित्नु । मुख्य रूपमा आज बाजेको कल्याण र चिरायुका लागि नवग्रहको पूजा हुन्छ । त्यो पूजा सकिएपछि बाजेलाई नवग्रह र यज्ञको प्रसादले अभिषेक गर्दै रथमा राखेर सबै परिवारका सदस्यले रथ तानी रथयात्रा गराइन्छ र बोकेर छुमागणेशको मन्दिरमा लगी दर्शन गराउने कार्य हुन्छ । साँझ परिसकेपछि चन्द्रमाको दर्शन पनि गराइन्छ । यो मुख्य रूपमा चन्द्रदर्शन-समारोह पनि हो ।*

*भोज त भोलि होइन ?*

*हो । आज मासु चलाउन नमिल्ने भएकाले भोलि भोज गर्न लागिएको हो । आज नवग्रहपूजा भएको हुँदा सबै शाकाहारी खाना मात्र चलाउनुपर्छ । बाजेलाई दिने सगुनका रूपमा आज केरा र फलफूल दिनुपर्छ, माछा र अन्डा दिन मिल्दैन ।*

*त्यो त मलाई पनि थाहा छ । तर कसैकसैले नवग्रहपूजा सकेर साँझ चन्द्रमाको दर्शन गराएपछि माछामासुको भोज पनि खाने गरेका छन् ।*

*हो, कसै-कसैले गर्ने गरेको मलाई पनि थाहा छ । तर गर्नु हुन्न भन्ने कुरा नगर्नु नै वेश हुन्छ । होइन त जोगमाया ?*

मामाघरबाट मामा-माइजू र भाइ-बहिनी आइपुगे । उनीहरूलाई आमाको कोठामा लगेर राखें । बाजेका साला अर्थात् मेरा बाका मामा बखुनारााँलाई मेरै कोठामा बस्न अनुरोध गरें । बिस्तारै इष्टमित्रहरू आउने क्रम जारी छ । उनीहरूलाई मान्छेअनुसारको समूहमा राख्ने र समारोहमा सम्मिलित गराउने काममा जोगमाया पनि लागेकी छन् ।

भुइचाले तल खट ल्याइसकेको खबर आयो । भुइचाको प्रवेशले माथि बुइँगलसम्म खबर जारी गरिसकेछ । माथिबाट तरिमाले भुइचालाई माथि पठाउन तल खबर पठाइन् । तरिमाको पनि दाहिने हात भएका छन् भुइचा अहिले । भुइचा माथि गएर तरिमासँग कामको जिम्मा लिएर तल झर्दै थिए, मैले उनलाई सोधेँ – *भुइ ! अब तिमी कता जान लागेका छौ ?*

*पूजा गर्ने बेला भयो रे ! अब पुरेतलाई बोलाउन जान्छु । तरिमाले अर्को काम पनि भनेकी छिन् – उनको घरमा गएर आशामरुलाई बोलाएर ल्याउने ।*

उनी यति भनेर सरसर्ती तल झरे । म आफ्नो कोठामा पसेँ मामाबाजे बखुनारााँसँग भलाकुसारी गर्ने विचारले । मैले कुरा निकाल्न नपाउँदै उनले सोधिहाले – *चकना ! तिम्रो बिहे कहिले हो ?*

उनको कुरा सुनेर म छाँगोबाट खसेजस्ती भएँ । कतै उनले भुइचाकै कुरा गर्न खोजेका त होइनन् ? ममा जिज्ञासा उठ्यो र केही लाज पनि लाग्यो । मैले तुरुन्तै केही बोल्ने आँट गरिनँ । कोसँग विवाह गर्नुपर्ने भनेर सोध्ने हिम्मत पनि गरिनँ । उनले आफ्नो प्रश्नको जवाफ माग्न फेरि भने – *खै मेरो कुराको जवाफ ?*

बिस्तारै उनलाई भनेँ – *त्यस्तो कुरो अहिले केही छैन ।*

*किन छैन ? मैले सुनेको छु भुइचासँग तिम्रो विवाह हुँदैछ रे, त्यो पनि यही माघ महिनामा । किन मलाई तिमीले बताउन नचाहेकी ? सुनेर त मलाई खुसी नै लाग्यो । तिमीहरूको जोडी राम्रै छ ।*

म लाजले भुतुक्कै भएँ । कोठाबाट हिँड्न पनि कुनै बहाना पाइनँ । बस्ता कुरा गर्ने चाहना छैन । कुरा यसरी फैलिएकोमा नराम्रो लाग्यो । मेरो कुनै निर्णय नै भएको छैन । विवाह माघमा नै हुने भनेर कसले निर्णय गऱ्यो ? माघको मध्य हुन लागिसक्यो । भोलि भोज छ । कसरी माघमा विवाह हुन्छ ? सम्झेर म बिलखबन्दमा पर्छु । सायद यो कुरो बाजेले भनेको हुनुपर्छ । बाजे र भुइचाको मेलबाट नै यस कुरोले फैलिने मौका पाएको हो ।

आजको घटनालाई विचार गरेँ । आफूलाई हेरेँ । विगतलाई सम्झेँ । भुइचाको व्यक्तित्व र सहयोगी भावनाको मूल्याङ्कन गरेँ । आज आफैँभित्र आएको परिवर्तनलाई निरीक्षण गरेँ । मैले यो मौकालाई गुमाउनु हुँदैन भन्नेमा



दृढ भएँ । तर म मामाबाजेलाई आफ्नो मनको कुरा अक्षरशः बताउन सकिरहेकी छैन । मैले उनका अगाडि लाजले भरिएको अनुहारले सकी-नसकी एक मुस्कान व्यक्त गरेँ र बाहिर जान खोजेँ ।

*चकना ! पख । मैले बुझेँ । कुरो सत्य रहेछ । सुन, भुइचा हाम्रो टोलको समाजसेवी हो । जसलाई जे पर्दा पनि भुइचा नभई हुँदैन । टोलका धेरै परिवारमा ऊ प्रिय छ । मर्दापर्दा उसको उपस्थिति अनिवार्य भइसकेको छ । ऊ हाम्रो टोलको नायक हो । उसलाई धेरै केटीले चाहेका छन्, तर उसले तिमीलाई चाहेको रहेछ । राम्रो भयो । तिम्रो भविष्य राम्रो हुन्छ ।*

सुनेर दङ्ग परेँ । मेरो मनभित्रको अनुमानले साकार रूप पायो । जति सोचेकी थिएँ, त्यसभन्दा बढी पाएँ । मेरो नजरमा भुइचाको व्यक्तित्वले विकसित रूप लिँदै गयो । मेरो चाहनामा एउटा अनुपम इँट थपियो र हृदयमा उनको पुरुषत्वको बीजारोपण भयो । मनै रमायो रहरहरूसँग, दिल उठ्यो उनका लहरहरूसँगै ।

कोठाको ढोकामा भुइचाको उपस्थितिले फेरि कोठामा अर्को रौनक थपियो । मामाबाजेले भुइचालाई कोठाभित्र प्रवेश गर्न अनुरोध गरे, तर उनी कोठामा प्रवेश गरेनन् र उनले काम नसकिएको र फुर्सद भएपछि कोठामा आएर कुरा गर्ने प्रतिज्ञा गरे । सायद उनले म कोठामा भएकीले असजिलो मानेका हुन सक्छन् । किनभने भुइचा र मेरा बीचमा विवाह हुने कुरा भएकै छैन । न उनले मसँग 'तिमीलाई लान्छु' भनेका छन्, न मैले उनीसँग 'तिमीसँग जान्छु' भनेकी छु । तर घरभित्र र बाहिरका परिवारमा भने 'भुइचा र चकना विवाह गर्दैछन्' भन्ने हल्ला फिँजिएको रहेछ । हुनुभन्दा अगाडि यसरी हल्ला चलाउन नहुने थियो । त्यस्तो हल्ला चलाउने काम भुइचाकै तर्फबाट भएको भन्ने पनि म सोझै अनुमान गर्न सक्छु । तर केही छैन । अब म पनि लगभग तयार भइसकेकी छु । विवाहको स्वीकृति मन, वचन र कर्मले दिनुपर्ने हुन्छ । त्यसमध्ये मनैबाट मैले स्वीकृति प्रदान गरिसकेकी छु । त्यसैले विवाहका बारेमा फैलिएको हल्लाले मलाई यतिखेर कुनै नराम्रो असर पारेको छैन ।

तल बाजे र पुरोहित दुवैको उपस्थितिमा नवग्रहको पूजाको कार्यक्रम सञ्चालन हुन थाल्यो । त्यो पूजा सकिनेबित्तिकै रथारोहणको कार्यक्रम सुरु हुन्छ । भुइचाले बाजा पनि तयार गरेको खबर पाएँ । दुई जोडी धिमेबाजा तयार गरेका रहेछन् । त्यसमध्ये एउटाचाहिँ भुइचा आफैँले बजाउनेछन् र उनले नै सुर र बोललाई नियन्त्रण गर्नेछन् । भुइचा त्यो परम्परागत बाजा बजाउन सिपालु छन् । आज बाजा बजाउने समूहमा उनका चेलाहरूलाई सम्मिलित गराएका छन् भन्ने सुनेकी छु । आज बाजाले विशेष रौनक प्रदान गर्छ भन्नेमा म विश्वस्त छु । किनभने तरिमाले मलाई सङ्केत दिइसकिन् – तल बाजा बजेपछि म अनिवार्य रूपमा तल नै बस्नुपर्छ ।

पूजाको कार्यक्रम सकिएपछि बाजेलाई सिँगार गर्ने काम सुरु हुन्छ । उनलाई नयाँ दौरा, सुरुवाल, इस्टकोट लगाएर बाहृ हातको पटुका कम्मरमा विशेष किसिमबाट बेरिइन्छ र कालो टोपी पहिराइन्छ । त्यस टोपीमाथि सेतो नैनसुतको कपडाले फेटा बाँधिन्छ । बाजे भाजुलाललाई सजाएपछि कानमा सुनको मुद्रा र हातमा आँठ पनि पहिराइन्छ । यसरी सजिएपछि बाजे भाजुलाल स्वयंमा देवताजस्ता देखिन्छन् । उनलाई विधिवत रथारोहण गराएपछि बाजा बज्न सुरु हुन्छ ।

सबै घरबाहिर उपस्थित भएर बाजेलाई छुमागणेशसम्म लाने तरखरमा छन् । भुइचा मच्ची-मच्ची धिमेबाजा बजाइरहेका छन् । अन्य बाजाहरू भुइचाको बोललाई छोप्तै आकाश नै गुन्जायमान हुने गरी सङ्गीतमय ध्वनि उच्च स्वरमा निकाल्न प्रयत्नशील छन् । आ-आफ्ना तालमा झुम्दै, नाच्तै र बजाउँदै सबै छुमागणेशतर्फ लागिरहेका छन् । हामी घर-परिवारका सदस्य र अन्य इष्टमित्रहरू पनि बाजेको सानो रथलाई तान्दै बिस्तारै बाजाको तालमा अगाडि बढिरहेका छौँ । सङ्गीतको ध्वनिले वातावरण नै उल्लासमय बनाएको छ ।

छुमागणेशलाई दर्शन गराई पहिलेकै चालमा बाजेलाई घर भित्र्याउन घरतर्फ लान थाल्यौँ । सबै खुसी छन् । धेरै मान्छेहरू बारम्बार बाजेको अनुहार हेर्न र बाजेलाई दर्शन गर्न कुनै न कुनै बहानामा बाजेका नजिक पुग्न व्यस्त छन् । बाजे पनि हरेकलाई नमस्कार गर्न र मुस्कुराएर खुसी बाँड्न पछि परेका छैनन् । त्यसै त भाजुलालबा, त्यसमा पनि उनको जङ्को । टोलभरिका युवा-युवती र वृद्ध-वृद्धा सबैले उनलाई अभिवादन गर्दै शुभकामना दिने काम रोकिएको छैन । धेरै बेरसम्म घरबाहिर कार्यक्रम चलिरह्यो र बाजा बज्ने कामले पनि निरन्तरता पाइरह्यो ।

कोठामा बसेर बाजेले सबैलाई टीको लगाइदिए । सबैले बाजेको हातबाट टीको लगाएर आशीर्वाद थापे । सतहत्तर वर्ष सात महिना र सात दिन अर्थात् अठहत्तर वर्षमा हिँडेका बाजे देवतासमानका हुन् । बाजेलाई आज सगुनका रूपमा अन्डा, माछा र रक्सी दिइएको छैन । सबैले सगुनका रूपमा फलफूल र अन्य उपहार चढाएका छन् । ज्यापू भएर पनि ज्यापूसमुदायको संस्कृतिलाई थाती राखी आज खानपिनका लागि सात्विक सामग्री प्रचलनमा आएको छ । हाम्रो समुदायमा शाकाहारी भोज प्रायः चल्दैन, तर धर्म-संस्कृतिले अङ्गिकार गरेपछि त्यसलाई बहिस्कार गर्न पनि मिल्दैन ।

साँझ पऱ्यो । चन्द्रमा देखिनेबित्तिकै बाजेलाई चन्द्रमाको दर्शन गराउनुपर्ने भएकाले हाम्रै घरको छेउमा रहेको खुला ठाउँमा बाजेलाई भुइचाले बोकेर लगे । सबैजसो मान्छे त्यसैतर्फ लागे । म कोठैमा छु । मलाई पनि कौसीमा गएर चन्द्रमा हेर्ने रहर जागरण भयो मनमा । बुइँगल र कौसी मात्र होइन, यतिखेर पूरा घरका कोठाहरू खाली छन् । सबै बाजेको चन्द्रदर्शनमा



सम्मिलित भएका छन् घरबाहिरको खुला प्राङ्गणमा । मलाई किन हो किन घरबाहिर समूहमा जान मन लागेन । दिनभरि समूहमा नै सरिक थिएँ । त्यसैले पनि एकान्तको खोजीमा घरैमा बसेँ । तरिमा बुइँगलको भान्छाकोठाबाट तल झरिन् र आमा पनि सँगसँगै चन्द्रदर्शनमा सम्मिलित हुन घरबाहिर गइन् ।

म कौसीमा उक्लिएँ । घरको तलका कोठाहरूको बत्तीको प्रकाश यहाँ पुग्न सक्तैन । अन्धकार छाएको छ, तर निस्पट्ट अँध्यारो छैन । बढ्दो चन्द्रमाको मन्द प्रकाश कौसीको डिलमुनि र माथि छरिए पनि आफ्नै कपडाको रङ्ग छुट्टिने अवस्थाको उज्यालो छैन, तर पनि आवश्यक उज्यालो कौसीभरि छरिएको छ । घरबाहिरको आवाजको ध्वनि शून्य आकाशमा फैलिँदै गज्याङगुजुङ र मन्द ध्वनि झरिरहेको छ म बसेको कौसीमा । त्यसै गरी नगरको प्रकाश आकाशमा फैलिई स-साना टुक्रे बादलमा ठोकिएर झरेको मन्द उज्यालोले कौसीलाई प्रकाशमय बनाएको छ । म कौसीको केन्द्रमा पुग्छु र माथि आकाशलाई चारैतर्फ आँखाले भ्याएसम्म हेर्नका लागि नजर घुमाउँछु । स-साना बादलका टुक्राले आकाशलाई छेक्न खोजे पनि चन्द्रमाको मन्द प्रकाशले आकाशगङ्गालाई निर्मलता प्रदान गरेको मैले टड्कारो देख्न सकेकी छु । चन्द्रमा पनि बढ्दो रूपमा पश्चिमतर्फ देखिएका छन् ।

अनायास मेरो भित्रबाट आवाजविहीन स्वर फुत्कन्छ – आहा ! कति रमाइलो वातावरण ! आनन्दमय समय यो ।

म आफैँलाई हराउँदै आफ्नै परिवेशमा उभिएर चारैतर्फ आँखा घुमाउँदै एक चक्कर घुम्छु आफ्नै धुरीमा । सिधा माथि आकाशमा हेरेर पश्चिमतर्फको चन्द्रमालाई हेर्न पुग्छु । यसै क्षण मन्द गतिमा आएको आवाज ***चकना !*** ले मलाई बिउँझाइदिन्छ । म त्यो आवाज आएको दिशातर्फ मोडिएर हेर्छु । भुइचा मतर्फ लम्कँदै नजिकिँदै गरेको देख्छु । अनायास मेरो बोली फुत्कन्छ – ***भुइ ! तिमी ?***

***हो चकना ! म भुइ ।***

उनका दुवै हात उठेका देखेँ । ती उठेका दुई हातले मलाई कतै अङ्कमाल गर्न लागेका त होइनन् ? किन उठे ती दुई हात ? प्रश्न मनमा उब्जिँदा-नउब्जिँदै मेरो शरीर शिथिल हुन पुग्छ । उनको अँगालोमा बाँधिएर उनैसँग हराउन मन लाग्छ । उनी म भएतर्फ आउँदा-आउँदै रोकिन पुग्छन् । त्यसै बखत दुई पाइला अगाडि बढेर म उनका सामु पुग्छु । यतिखेर उनको र मेरो दूरी एक पाइलाको छ । उनले आधा र मैले आधा पाइला बढाएको खण्डमा हामी आपसमा टाँसिन पुग्छौँ । तर दुवैले एक पाइला बढाउन पनि सकेका छैनौँ, यति सानो दूरीलाई तोड्ने हिम्मत गर्न सकिरहेका छैनौँ ।

***भुइ !***

मेरो स्वर उनीसम्म नपुग्दै उनी मसम्म पुगिसक्छन् । उनका दुवै हात मेरो कुममाथिबाट पिठ्यूँमा साङ्लो पर्न पुगे । हामी दुवैको शरीर चार हातबाट जेलिँदै एकै गाँठोमा परिणत भयो । मैले उनको छातीलाई खिच्तै आफ्नो टाउको उनको छातीमा बिसाएँ । उनले पनि मेरो टाउकोमाथि उनको टाउको राख्तै आफ्नो शरीरको बोझ ममाथि बिसाए । उनको श्वास-प्रश्वास बढे पनि चेतनाशून्य स्थितिमा मेरै शरीरमा भर परेको मैले अनुभव गरेँ । तत्क्षण हाम्रा लागि संसार शून्य भयो र हामी शून्यमा बिलायौँ । केही क्षणपछि उनले भने – ***चकना ! म तिमीलाई माया गर्छु ।***

हामी एक-आपसमा छुट्टिएका छैनौँ । दुवै एकै भएर अँगालोमा गाँजिएका छौँ । मैले पनि प्रत्युत्तरमा जवाफ दिएँ – ***हो भुइ ! म तिमीलाई स्वीकार्छु मेरो जीवनमा ।***

मेरो प्रतिक्रिया पाउनेबित्तिकै उनी निहुरिएर मेरो अनुहारका सबै अङ्गहरू चुम्न थाल्छन् । मेरो ओठको नजिकै आएको उनको ओठबाट फेरि बोलीको मधुरता सुनिन्छ – ***प्राण ! तिमी मेरी प्राण हौ, मेरो जीवन हौ ।***

भुइचाबाट मैले चाहेको भन्दा बढी माया पाएँ । उनको मप्रतिको समर्पणले म आफैँ हराउँदै उनीसँग विलय हुन खोजेँ । उनले मलाई अगाडिबाटै दुवै हातले जुरुक्क उचाले, मेरो छाती उनको अनुहारको तहमा पुऱ्याएर मेरो स्तनमा उनको अनुहारका प्रत्येक भागलाई एक-एक गरी रगड्दै मलाई कौसीको चारैतर्फ घुमाउन सुरु गरे । यतिखेर म उनीमा र उनी ममा लय भएका छौँ । अब हामी दुई नभएर एकाकार हुन पुगेका छौँ । पूर्ण रूपमा उनको अँगालोमा म गाँजिए पनि उनको कदभन्दा मेरो कद उँचो भएको र मेरो हेराइ नै उनको हेराइ हुन पुगेकाले मेरो दृष्टि खुला भएको छ । दुवैको प्रतिनिधित्व गर्दै म खुला आकाशमा हेर्दै र घुम्दै आफू उडेको र विश्वआकाशलाई निरीक्षण गरेको अनुभव गरिरहेकी छु, विश्वब्रह्माण्ड विचरण गरिरहेको अनुभूति गरिरहेकी छु ।

**ॐ शिवम् भूयात् ।**